# गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा लोकविश्वास

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली विषयमा
विद्यावारिधि उपाधिका लागि
प्रस्तुत

शोधप्रबन्ध

शोधार्थी
लीलादेवी शर्मा
विद्यावारिधि दर्ता नं. : १४६/२०७४
त्रि. वि. दर्ता नं. : ६-१-४८-७२७-२००१
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौँ
२०८१

# सिफारिसपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली विषयको विधावारिधि उपाधि हासिल गर्ने प्रयोजनका लागि श्री लीलादेवी शर्माले *गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा लोकविश्वास* शीर्षकको प्रस्तुत शोधप्रबन्ध हाम्रा निर्देशन र सुपरिवेक्षणमा परिश्रमपूर्वक तयार पार्नुभएको हो । उहाँले आन्तरिक मूल्याङ्कनपश्चात् पूर्वप्रस्तुति मौखिक परीक्षा तथा बाह्य मूल्याङ्कनका क्रममा आएका सुझाउअनुसार आवश्यक परिमार्जन गरी यो शोधप्रबन्ध प्रस्तुत गर्नुभएको छ । उहाँको यो शोधकार्य सन्तोषजनक रहेकाले हामी यसको आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायको अनुसन्धान समितिसमक्ष सिफारिस गर्दछौँ ।

शोधप्रबन्ध समिति

................................
प्रा. डा. महादेव अवस्थी
(शोधनिर्देशक)

..................................
सहप्रा. डा. रजनी काफ्ले (ढकाल)
(सहशोधनिर्देशक)

मिति : २०८१।०३।१८

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालयमा विद्यावारिधि उपाधिका लागि प्रस्तुत *गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा लोकविश्वास* शीर्षकको यो शोधप्रबन्ध मैले मेरा शोधनिर्देशक र सहशोधनिर्देशकबाट प्राप्त आवश्यक सल्लाह, सुझाउको पालना गर्दै उहाँहरूको मातहतमा रहेर गरिएको मौलिक कार्य हो । प्रस्तुत शोध पूर्णतः क्षेत्रकार्यमा आधारित छ । यस शोधप्रबन्धमा गण्डकी प्रदेशका निर्धारित स्थानबाट सङ्कलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासको विश्लेषण गरिएको छ । मैले सम्बद्ध क्षेत्रमा नै स्वयम् उपस्थित भएर स्रोतव्यक्तिमार्फत अभिव्यक्त लोककथालाई श्रव्यदृश्य माध्यमबाट सामग्री सङ्कलन गरेकी हुँ । यस शोधप्रबन्धका लागि सङ्कलित सामग्री र तिनको विश्लेषणबाट प्राप्त निष्कर्षलाई मैले कुनै उपाधि तथा अन्य प्रयोजनका लागि अन्यत्र कतै प्रकाशित गरे/गराएकी  छैन । मैले यहाँ प्रस्तुत गरेका यी प्रतिबद्धताका विरुद्ध कुनै प्रमाण भेटिएमा म त्यसप्रति पूर्णतः जिम्मेवार हुनेछु ।

............................

शोधार्थी

लीलादेवी शर्मा

विद्यावारिधि दर्ता नं.- १४६/०७४

मिति : २०८१।०३।१८

# कृतज्ञताज्ञापन

प्रस्तुत *गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा लोकविश्वास* शीर्षकको शोधकार्य त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विद्यावारिधि उपाधिका निमित्त तयार पारिएको हो । मलाई यस विषयमा शोधकार्य गर्न हौसला दिने, क्षेत्रकार्यका लागि आवश्यक सरसल्लाह र सहयोग गर्ने तथा यस शोधप्रबन्धको पूर्वकार्य समीक्षा र क्षेत्रकार्यसम्म शोधनिर्देशकका रूपमा रही आदरणीय गुरु मोतीलाल पराजुलीले आवश्यक मात्रामा निर्देशनको भूमिका पूरा गर्नुभएको कुरा म श्रद्धाकासाथ सम्झन्छु । विश्वभर महामारीका रूपमा फैलिएको कोभिड-१९ का कारण उहाँको असामयिक एवम् दुःखद निधन भएको हुँदा म ज्यादै मर्माहत बनेकी छु । प्रस्तुत शोधप्रबन्धको प्रस्तुतीकरणको यस सन्दर्भमा म उहाँप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

प्रस्तुत शोधप्रबन्धलाई ज्यादै अप्ठ्यारो परिस्थितिबाट यस अवस्थासम्म ल्याइपुऱ्याउन अभिप्रेरित गर्नाका साथै कुशलतापूर्ण र स्नेहका साथ प्राज्ञिक एवम् प्राविधिक मार्गनिर्देशन गर्नुहुने शोधनिर्देशक आदरणीय गुरु प्रा. डा. महादेव अवस्थीप्रति हार्दिक कृतज्ञता अर्पण गर्दछु । प्रस्तुत शोधकार्यका सहशोधनिर्देशक आदरणीय गुरुआमा डा. रजनी काफ्ले (ढकाल) का  अमूल्य सल्लाह,  सुझाउ र आवश्यक मार्गनिर्देशन अविस्मरणीय छन् । यस शोधकार्यलाई पूर्णता प्रदान गर्न उहाँले सहृदयतापूर्वक प्रदान गर्नुभएको हौसला, साथ र सहयोगप्रति म कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधप्रबन्धको मूल्याङ्कनका क्रममा परिमार्जनका लागि अमूल्य सल्लाह, सुझाउ तथा उत्प्रेरणा दिनुहुने आन्तरिक मूल्याङ्कनकर्ता प्रा. डा. खगेन्द्रप्रसाद लुइटेल र सहप्रा. डा. दुर्गाबहादुर घर्ती, पूर्व मौखिक परीक्षाका शोधविज्ञ प्रा. डा. कृष्णप्रसाद न्यौपाने, शोधप्रबन्धको बाह्य मूल्याङ्कनकर्ता प्रा. डा. जीवेन्द्र देव गिरी तथा प्रा. डा. कपिलदेव लामिछानेप्रति म सदैव नतमस्तक छु । अनुसन्धानका क्रममा मलाई प्राज्ञिक सल्लाहसुझाउ दिई निरन्तर अनुसन्धानमा लागिरहन उत्प्रेरित गर्नुहुने त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालयका डिन प्रा. डा. कुशुम शाक्य, सहायक डिन प्रा. डा. दुवीनन्द ढकाल तथा सहायक डिन सहप्रा. डा. गोविन्दप्रसाद शर्माप्रति म विशेष कृतज्ञ छु ।

लोकसंस्कृति तथा लोकसाहित्यका क्षेत्रमा शोध गर्ने मेरो चाहनालाई बुझी सैद्धान्तिक, वैचारिक र व्यावहारिक सरसल्लाह प्रदान गर्दै सदैव शोधकार्यप्रति प्रवृत्त हुन उत्प्रेरित गर्नुहुने आदरणीय गुरुहरू प्रा. डा. दयाराम श्रेष्ठ, प्रा. डा. देवीप्रसाद गौतम, प्रा. डा. कृष्णप्रसाद घिमिरे, प्रा. डा. रमेश भट्टराई, प्रा. डा. नारायणप्रसाद गड्तौला, सहप्रा. डा. नेत्रमणि सुवेदी साथै अङ्ग्रेजी केन्द्रीय विभाग कीर्तिपुरका उपप्रा. डा. तारालाल श्रेष्ठ र उपप्रा. महेश पौडेलप्रति म हार्दिक आभार व्यक्त गर्दछु ।

लोकसंस्कृतिका विषयमा मलाई अमूल्य सल्लाहसुझाउ प्रदान गर्नुहुने डा. जगमान गुरुङ र मेरो प्राज्ञिक उन्नयनका लागि हरपल हौसला प्रदान गर्नुहुने अमेरिका स्थित युनिर्भसल सोसाइटी अफ हिन्दुइज्मका अध्यक्ष राजन जेडप्रति म कृतज्ञ छु । मलाई यस कार्यमा निरन्तर लागिरहन विशेष सहयोग गर्नुहुने शुभयुग विद्यालयका निर्देशक शम्भुराज शर्मा, प्राचार्य इन्दिरा घिमिरे तथा सामग्री सङ्कलन गर्ने क्रममा महत्त्वपूर्ण सहयोग गर्नुहुने उपेन्द्र सुवेदी र बद्रीप्रसाद ढकालप्रति हार्दिक आभार प्रकट गर्दछु । म

लोककथा सङ्कलनका लागि सम्बद्ध क्षेत्रमा जाँदा कथा सुनाएर सहयोग गर्नुहुने सम्पूर्ण आमाबुबा, दाजुभाइ तथा दिदीबहिनी सबैप्रति कृतज्ञ रही हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

प्रस्तुत शोधप्रबन्धका लागि गण्डकी प्रदेशका विभिन्न क्षेत्रमा गएर आधुनिक उपकरणहरूको प्रयोग गरी श्रव्यदृश्य माध्यमबाट लोककथाको सङ्कलन गरिएको छ । यो जटिल कार्य मलाई विश्वविद्यालय अनुदान आयोगले उपलब्ध गराएको विद्वत्वृत्तिका कारण मात्र सम्भव भएको छ । आयोगबाट प्राप्त विद्वत्वृत्तिले मलाई उच्च मनोबलका साथ निरन्तर अध्ययन, अनुसन्धानमा लागि रहन विशेष उत्प्रेरणा प्राप्त भएको कुरा अविस्मरणीय छ । मलाई विद्यावारिधि अनुसन्धानका निम्ति विद्वत्वृत्ति उपलब्ध गराउने विश्वविद्यालय अनुदान आयोगप्रति म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

प्रस्तुत शोधकार्यका लागि आवश्यक प्रशासनिक सहयोग उपलब्ध गराई अमूल्य सहयोग गर्ने त्रि.वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालय र नेपाली केन्द्रीय विभागप्रति म हार्दिक आभार प्रकट गर्दछु । यस शोधप्रबन्धका लागि द्वितीय स्रोतका सामग्री सङ्कलनका क्रममा आवश्यक शोधप्रबन्ध, पुस्तक र पत्रपत्रिकाहरू उपलब्ध गराएर सहयोग गर्ने त्रि. वि. केन्द्रीय पुस्तकालय, त्रि.वि. नेपाली केन्द्रीय विभाग पुस्तकालय, नेपाल प्रज्ञा-प्रतिष्ठान पुस्तकालय, पुरातत्त्व विभाग पुस्तकालय, अमेरिकन पुस्तकालय काठमाडौँ, नेपाल-भारत पुस्तकालय काठमाडौँ र साझा प्रकाशनका कर्मचारीहरूले गर्नुभएको अमूल्य सहयोगप्रति म विशेष आभार व्यक्त गर्दछु ।

अन्तमा प्रस्तुत शोधप्रबन्धको आवश्यक मूल्याङ्कनका लागि त्रि. वि. मानविकी तथा सामाजिक शास्त्र सङ्काय, डिनको कार्यालयसमक्ष पेस गर्दछु ।

........................

शोधार्थी

लीलादेवी शर्मा

मिति : २०८१।०३।१८

# शोधसार

प्रस्तुत शोधकार्य गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासको विश्लेषणमा केन्द्रित रहेको छ । गण्डकी प्रदेश कास्की, गोरखा, तनहुँ, नवलपुर, पर्वत, मनाङ, म्याग्दी, मुस्ताङ, लमजुङ, बागलुङ र स्याङ्जा जिल्लाहरूलाई समेटेर बनाइएको राजनीतिक र प्रशासनिक भूगोल हो । यस प्रदेशमा प्रचलित लोककथाको लोकतात्त्विक, तुलनात्मक, संरचनावादी र सन्दर्भवादी पद्धति आदिका आधारमा खास उद्देश्यका लागि अध्ययन गरिए तापनि ती लोककथामा अभिव्यक्त लोकविश्वासको अध्ययनकार्य भएको छैन । यही रिक्ततालाई दृष्टिगत गरी प्रस्तुत शोधकार्यमा गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा प्रयुक्त लोकविश्वासलाई शोधसमस्याको रूपमा लिइएको छ । ती लोककथामा अभिव्यक्त लोकविश्वासका विषयवस्तुगत प्रकार, अभिव्यक्तिगत प्रक्रिया र प्रयोजनलाई शोध समस्या बनाई यो शोधकार्य गरिएको छ । यसमा गण्डकी प्रदेशका नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका विषयवस्तुगत प्रकारको विश्लेषण गर्ने, लोकविश्वासको अभिव्यक्तिगत प्रक्रियाको समीक्षा गर्ने र लोकविश्वासका प्रयोजनको मूल्याङ्कन गर्ने उद्देश्य रहेका छन् ।

प्रस्तुत शोधकार्यमा प्राथमिक स्रोतका सामग्रीको सङ्कलनका लागि कास्की, गोरखा, तनहुँ, नवलपुर, पर्वत, मुस्ताङ, लमजुङ र स्याङ्जा जिल्लाहरूलाई भौगोलिक सीमाङ्कन तथा लोकविश्वाससम्बन्धी अवधारणालाई सैद्धान्तिक सीमाङ्कनका रूपमा उपयोग गरिएको छ । प्राथमिक स्रोतका सामग्री निर्धारित क्षेत्रमा गई लोककथाका स्रोतव्यक्तिलाई प्रत्यक्ष भेटेर एक सय सैँतिसओटा लोककथाको श्रव्यदृश्य माध्यमबाट तथा स्याङ्जा र पर्वतबाट एक/एकओटा लिखित रूपका लोककथा गरी एक सय उनन्चालिसओटा लोककथा सङ्कलन गरिएको छ । ती लोककथामा अभिव्यक्त लोकविश्वासको सघनता र सबलताका आधारमा चवन्नओटा लोककथाको सोद्देश्य छनोट विधिका आधारमा विश्लेषणका निम्ति चयन गरिएको छ ।

प्रस्तुत गुणात्मक प्रकृतिको शोधमा मुख्यतः पाठविश्लेषण विधिको उपयोग गरिएको छ । यसमा लोकविश्वाससम्बन्धी अवधारणालाई शोध सामग्रीका विश्लेषणको प्रमुख आधार बनाइएको छ । लोकसमुदायले आस्था र श्रद्धाका साथ स्वीकार गरेका भावनात्मक विश्वास र परम्परादेखि अविच्छिन्न रूपमा प्रचलित मानवीय अनुभूतिजन्य व्यवहार नै लोकविश्वास हुन् । लोकविश्वासको उत्पत्ति ज्ञानको कमी, दैवी शक्तिमा विश्वास, भय, आत्मरक्षाको प्रवृत्ति, मिथ्या ज्ञान, अनुमान र दृश्य, आदिम संस्कार, अदृश्य शक्तिप्रति गरिने विश्वासका कारण हुने मान्यता रहेको छ । लोकविश्वासलाई आदि जातिले वैयक्तिक तथा सामूहिक जीवनको आचरण बनाएको हुँदा तिनमा लोकको आस्था रहने मान्यता छ । लोकसमाजमा पृथ्वी र आकाश, मानव, मानव निर्मित वस्तु, पशुपक्षी, वनस्पति, असाधारण जीव र वस्तु, दैवी शक्ति, जादु, टुनामुना, आत्मा र पुनर्जीवन, शकुन र अपशकुन, भाग्य, भविष्यवाणी, सपना, श्राप र आशीर्वाद, निषेध र रोगको निदान तथा औषधीसम्बन्धी लोकविश्वास प्रचलित रहेको धारणा छ । लोकविश्वास आदिम चेतनायुक्त लोकाभिव्यक्ति हुन् । आदिम चेतनामा शुभाशुभ, अतिरञ्जना, धर्म र अनुष्ठान, शक्ति, जड र चेतनमा आत्मतत्त्व तथा तन्त्रमन्त्र जस्ता विषय पर्दछन् । लोककथाका संरचक तत्त्व कथानक, पात्र, परिवेश र अभिप्रायमार्फत लोकविश्वासको अभिव्यक्ति हुन्छ । लोकविश्वासको प्रयोजन धर्म र संस्कारको ज्ञान दिने, नैतिक शिक्षा दिने, मनोविनोद प्रदान गर्ने, लोककल्याणको कामना गर्ने र

मानिसमा सदाचारको विकास गरी सभ्य समाजको निर्माण गर्ने रहेको छ । प्रस्तुत अवधारणाबाट लोककथामा लोकविश्वासको अध्ययन गर्न सकिने आधार स्पष्ट भएको छ ।

गण्डकी प्रदेशमा प्रचलित चवन्नओटा नेपाली लोककथामा चार सय त्रियासीओटा लोकविश्वास व्यक्त भएका छन् । तीमध्ये सबैभन्दा बढी धार्मिक मान्यतामा आधारित दुई सय बाउन्नओटा लोकविश्वास रहेका छन् । यहाँ बहुलोक, देवीदेवता, धार्मिक व्यक्ति, जातीय संस्कारमा विश्वास गरी तीर्थ, व्रत, पूजापाठ गरेमा पुण्य प्राप्ति हुने लोकविश्वास हिन्दु धर्मदर्शनबाट निर्दिष्ट छन् । लामाले असाधारण कार्य गर्ने, काग लामाको अवतार हुने र गुम्बा ज्ञान प्रचारका केन्द्र भएका लोकविश्वासले उक्त क्षेत्रको जनजीवन हिन्दु र बौद्ध धर्मबाट प्रभावित रहेको प्रस्ट हुन्छ । यी लोकविश्वासमा देवीदेवताको शक्तिभन्दा अतृप्त आत्मामा ज्यादा विश्वास गरिएको छ । यहाँ मानिसले भविष्यप्रति चिन्ता गर्दै शुभाशुभ फलको अनुमान गर्ने लोकविश्वास रहेका छन् । यिनमा देवीदेवता, भूतप्रेत, मानिस, जीवजन्तु तथा वस्तुमा असाधारण शक्ति हुने हुँदा अस्वाभाविक कार्य गर्ने लोकविश्वास रहेको छ । जड र मानवेतर प्राणीमा रहेको आत्मतत्त्वले मानिसको कल्याण हुने लोकविश्वास पाइएको छ । दुष्टात्माले जादुको नकारात्मक शक्तिबाट मानिस, जीवजन्तु, वनस्पति र प्रकृतिलाई दुःख दिने तर धामीझाँक्रीले त्यस्तो शक्ति रोक्ने लोकधारणा रहेको छ । प्रस्तुत लोककथामा शुभाशुभसम्बन्धी, अतिरञ्जनामूलक, धार्मिक अनुष्ठानसम्बन्धी, शक्तिनिष्ठ, जड र चेतनमा आत्मतत्त्व तथा तन्त्रमन्त्रनिष्ठ लोकविश्वास कथानक, पात्र र अभिप्राय तत्त्वमार्फत सघन रूपमा र परिवेश तत्त्वबाट न्यून रूपमा व्यक्त भएका छन् । चेतन मनोदशाका कारण व्यक्त लोकविश्वासको उद्देश्य मानिसलाई सामाजिक आचारसंहिता र कर्तव्यको पालना गर्न उत्प्रेरित गर्नु रहेको छ । अवचेतन मनोदशाबाट प्रकट हुने लोकविश्वासले मानिसलाई लोककल्याण विपरीतका कार्य हुनबाट जोगाएका छन् भने अचेतन मनोदशाका कारण अभिव्यक्त लोकविश्वास अस्वाभाविक, अयथार्थ र अतिरञ्जित रहेका छन् । लोकविश्वासको धार्मिक उद्देश्य विभिन्न धार्मिक अनुष्ठानका विधि र प्रक्रियाको ज्ञान दिई जीवजन्तु, पशुपक्षी, वनस्पति आदिको रक्षा गर्दै मानवीय जीवनलाई सार्थक बनाउने रहेको छ । व्यक्तिलाई नैतिकवान्, आत्मनिर्भर र व्यावहारिक बनाएर आदर्श समाजको निर्माण गर्नु प्रस्तुत लोकविश्वासको शैक्षिक उद्देश्य रहेको छ । लोकविश्वासको सामाजिक प्रयोजन नैतिक शिक्षामार्फत असल आचरण विकास गरी व्यक्तिलाई परिवार र समाजप्रति उत्तरदायी बनाउने रहेको छ । परम्परागत संस्कार र जातीय मौलिकपन कायम राख्दै मानिसलाई आध्यात्मिक चेतनामार्फत प्रकृतिप्रति कृतज्ञ बनाई आपसी सद्भाव वृद्धि गर्न अभिप्रेरित गर्नु यी लोकविश्वासको सांस्कारिक प्रयोजन रहेको छ ।

समग्रमा गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा धार्मिक मान्यता, सामाजिक व्यवहार, असाधारण शक्ति, शुभाशुभ, जादु र तन्त्रमन्त्र, निषेध र विश्वब्रह्माण्डसम्बद्ध लोकविश्वासको अभिव्यक्ति पाइएको छ । तीमध्ये धार्मिक मान्यतामा आधारित लोकविश्वास धेरै रहेका छन् । यहाँ देवीदेवताको शक्तिभन्दा अतृप्त आत्माको शक्तिमा विश्वास गरिएका लोकविश्वास बढी छन् । जड र मानवेतर प्राणीमा रहेको आत्माले मानिसको कल्याण भएको छ भने लोककथाका कथानक, पात्र र अभिप्राय तत्त्वमार्फत ज्यादा लोकविश्वासको अभिव्यक्ति पाइएको छ । प्रस्तुत लोकविश्वासको उद्देश्य अतिरञ्जनामार्फत मनोरञ्जन प्रदान गर्नु, परम्परागत चालचलनका बारेमा ज्ञान दिनु, अर्तीउपदेशका माध्यमबाट लोकशिक्षा दिई सदाचारको विकास गर्दै व्यक्तिलाई सामाजिकीकरणमा मदत गरी सभ्य समाजको निर्माण गर्नु रहेको छ । लोककथाका तत्त्वगत बुनोटभित्र विभिन्न लोकविश्वास रहेका र ती ज्ञानप्रद, शिक्षाप्रद र मनोरञ्जनकारी समेत रहेको कुरा यस शोधबाट सिद्ध भएको छ ।

# विषयसूची


पृष्ठ

सिफारिसपत्र क
अनुमोदनपत्र ख
प्रतिबद्धता ग
कृतज्ञताज्ञापन घ
शोधसार च
तालिकासूची ठ

**पहिलो परिच्छेद**

**शोधपरिचय**

१.१ विषयपरिचय १
१.२ समस्याकथन ३
१.३ शोधकार्यको उद्देश्य ३
१.४ पूर्वकार्यको समीक्षा ४
१.५ शोधकार्यको औचित्य र महत्त्व १३
१.६ शोधकार्यको सीमाङ्कन १४
१.७ शोधविधि १५
१.७.१ सामग्री सङ्कलन विधि १५
१.७.२ अवधारणात्मक आधार तथा विश्लेषण ढाँचा १६
१.८ शोधप्रबन्धको रूपरेखा २३

**दोस्रो परिच्छेद**

**गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका विषयवस्तुगत प्रकार**

२.१ विषयप्रवेश २४
२.२ लोकविश्वासका विषयवस्तुगत प्रकारसम्बन्धी अवधारणा २४
२.२.१ धार्मिक मान्यतासम्बन्धी लोकविश्वास २६
२.२.२ सामाजिक व्यवहारसम्बन्धी लोकविश्वास २७
२.२.३ असाधारण शक्तिसम्बन्धी लोकविश्वास २८
२.२.४ शुभाशुभसम्बन्धी लोकविश्वास २९
२.२.५ जादु र तन्त्रमन्त्रसम्बन्धी लोकविश्वास ३०
२.२.६ निषेधसम्बन्धी लोकविश्वास ३१
२.२.७ विश्वब्रह्माण्डसम्बन्धी लोकविश्वास ३२
२.३ गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा धार्मिक मान्यतासम्बन्धी लोकविश्वास ३२
२.३.१ धर्म र अनुष्ठानसम्बन्धी लोकविश्वास ३३
२.३.२ आत्मासम्बन्धी लोकविश्वास ५७
२.३.३ दैवीशक्तिसम्बन्धी लोकविश्वास ७२
२.४ गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा सामाजिक व्यवहारसम्बन्धी लोकविश्वास ७९

२.४.१ नीति, आचरण र शिक्षासम्बन्धी लोकविश्वास ७९
२.४.२ राजा, मन्त्री र कर्मचारीसम्बन्धी लोकविश्वास ८४
२.४.३ परीक्षासम्बन्धी लोकविश्वास ८७
२.४.४ परिवार र नातागोतासम्बन्धी लोकविश्वास ९३
२.५ गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा असाधारण शक्तिसम्बन्धी लोकविश्वास ९६
२.५.१ असाधारण शक्तियुक्त मानवसम्बन्धी लोकविश्वास ९६
२.५.२ असाधारण शक्तियुक्त जीवजन्तुसम्बन्धी लोकविश्वास १००
२.५.३ असाधारण शक्तियुक्त वस्तुसम्बन्धी लोकविश्वास १०२
२.५.४ असाधारण शक्तियुक्त प्रकृति (ठाउँ, मौसम) सम्बन्धी लोकविश्वास १०५
२.६ गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा शुभाशुभसम्बन्धी लोकविश्वास १०७
२.६.१ भाग्यसम्बन्धी लोकविश्वास १०७
२.६.२ भविष्यवाणीसम्बन्धी लोकविश्वास ११०
२.६.३ वरदान र आशीर्वादसम्बन्धी लोकविश्वास ११३
२.६.४ शकुन र अपशकुनसम्बन्धी लोकविश्वास ११५
२.६.५ सुस्वप्न र दु:स्वप्नसम्बन्धी लोकविश्वास ११७
२.६.६ आङ्गिक क्रिया र शारीरिक चिह्नसम्बन्धी लोकविश्वास ११९
२.६.७ श्राप र श्रापमुक्तिसम्बन्धी लोकविश्वास १२०
२.७ गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा जादु र तन्त्रमन्त्रसम्बन्धी लोकविश्वास १२२
२.७.१ जादुको शक्तिसम्बन्धी लोकविश्वास १२२
२.७.२ तन्त्रमन्त्र, योग र सिद्धिसम्बन्धी लोकविश्वास १२३
२.७.३ झारफुक तथा लोकोपचारसम्बन्धी लोकविश्वास १२५
२.७.४ मोहनी (टुनामुना) सम्बन्धी लोकविश्वास १२७
२.७.५ जादुका वस्तुसम्बन्धी लोकविश्वास १२९
२.८ गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा निषेधसम्बन्धी लोकविश्वास १३०
२.८.१ वस्तु र क्रियासम्बन्धी निषेध १३०
२.८.२ धर्म र संस्कारसम्बन्धी निषेध १३५
२.८.३ सामाजिक सम्बन्ध निषेध १३७
२.९ गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा विश्वब्रह्माण्डसम्बन्धी लोकविश्वास १३८
२.९.१ पृथ्वीसम्बन्धी लोकविश्वास १३८
२.९.२ आकाशीय पिण्डसम्बन्धी लोकविश्वास १४१
२.९.३ प्राकृतिक घटनासम्बन्धी लोकविश्वास १४२
२.१० निष्कर्ष १४३

## तेस्रो परिच्छेद

## गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा लोकविश्वासको अभिव्यक्तिगत प्रक्रिया


३.१ विषयप्रवेश १४६
३.२ लोककथाका संरचक तत्त्वसम्बन्धी अवधारणा १४६
३.२.१ कथानक १४७
३.२.२ पात्र १४७
३.२.३ परिवेश १४८
३.२.४ अभिप्राय १४८
३.३ लोकविश्वासको अवधारणागत वर्गीकरण १४९
३.३.१ शुभाशुभसम्बन्धी लोकविश्वास १४९
३.३.२ अतिरञ्जनामूलक लोकविश्वास १५०
३.३.३ धार्मिक अनुष्ठानसम्बन्धी लोकविश्वास १५१
३.३.४ शक्तिनिष्ठ लोकविश्वास १५१
३.३.५ जड र चेतनमा आत्मतत्त्वसम्बन्धी लोकविश्वास १५२
३.३.६ तन्त्रमन्त्रनिष्ठ लोकविश्वास १५४
३.४ शुभाशुभसम्बन्धी लोकविश्वासको अभिव्यक्तिगत प्रक्रिया १५४
३.५ अतिरञ्जनामूलक लोकविश्वासको अभिव्यक्तिगत प्रक्रिया १६४
३.६ धार्मिक अनुष्ठानसम्बन्धी लोकविश्वासको अभिव्यक्तिगत प्रक्रिया १७५
३.७ शक्तिनिष्ठ लोकविश्वासको अभिव्यक्तिगत प्रक्रिया १८२
३.८ जड र चेतनमा आत्मतत्त्वसम्बन्धी लोकविश्वासको अभिव्यक्तिगत प्रक्रिया १८९
३.९ तन्त्रमन्त्रनिष्ठ लोकविश्वासको अभिव्यक्तिगत प्रक्रिया १९६
३.१० निष्कर्ष २००


## चौथो परिच्छेद

## गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासको प्रयोजन


४.१ विषयप्रवेश २०२
४.२ लोकविश्वासको प्रयोजनसम्बन्धी अवधारणा २०२
४.२.१ लोकमानससम्बन्धी अवधारणा २०४
४.२.२ लोकसंस्कृतिको प्रयोजनसम्बन्धी अवधारणा २०८
४.३ लोकमानससम्बद्ध लोकविश्वासको प्रयोजन २१३
४.३.१ चेतन मनसँग सम्बन्धित लोकविश्वास २१३
४.३.२ अवचेतन मनसँग सम्बन्धित लोकविश्वास २१९
४.३.३ अचेतन मनसँग सम्बन्धित लोकविश्वास २२४
४.४ लोकसंस्कृतिसम्बद्ध लोकविश्वासको प्रयोजन २३२
४.४.१ लोकविश्वासको धार्मिक प्रयोजन २३३
४.४.२ लोकविश्वासको शैक्षिक प्रयोजन २४२
४.४.३ लोकविश्वासको सामाजिक प्रयोजन २५०

४.४.४ लोकविश्वासको सांस्कारिक प्रयोजन २५७
४.५ निष्कर्ष २६४

## पाँचौँ परिच्छेद
## सारांश र निष्कर्ष

५.१ सारांश २६७
५.२ निष्कर्ष २७०
**परिशिष्टहरू**
परिशिष्ट (क) : गण्डकी प्रदेशका निर्धारित स्थानबाट सङ्कलित र यस शोधका निम्ति चयन गरिएका लोककथाका पाठहरू २७५
परिशिष्ट (ख) : गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथाका स्रोतव्यक्तिहरूको सूची ३६७
परिशिष्ट (ग) : लोककथा सङ्कलनका लागि निर्धारित अध्ययन क्षेत्रको नक्सा ३७२
**सन्दर्भ सामग्रीसूची** **३७३**

# तालिकासूची


तालिका सङ्ख्या २.१ : धार्मिक व्यक्तित्वसम्बन्धी लोकविश्वासको सूची ३४
तालिका सङ्ख्या २.२ : पाप र पुण्यसम्बन्धी लोकविश्वासको सूची ३९
तालिका सङ्ख्या २.३ : जातीय संस्कार र प्रथासम्बन्धी लोकविश्वासको सूची ४३
तालिका सङ्ख्या २.४ : तीर्थसम्बन्धी लोकविश्वासको सूची ४८
तालिका सङ्ख्या २.५ : यज्ञ, दान, व्रत र पर्वसम्बन्धी लोकविश्वासको सूची ५१
तालिका सङ्ख्या २.६ : धर्मशास्त्रसम्बन्धी लोकविश्वासको सूची ५४
तालिका सङ्ख्या २.७ : बहुलोकसम्बन्धी लोकविश्वासको सूची ५६
तालिका सङ्ख्या २.८ : अतृप्त आत्मासम्बन्धी लोकविश्वासको सूची ५९
तालिका सङ्ख्या २.९ : मानवेतर प्राणीमा जीवात्मासम्बन्धी लोकविश्वासको सूची ६४
तालिका सङ्ख्या २.१० : आत्मा र पुनर्जन्मसम्बन्धी लोकविश्वासको सूची ६८
तालिका सङ्ख्या २.११ : वृक्षवनस्पति र पदार्थमा जीवात्मासम्बन्धी लोकविश्वासको सूची ७१
तालिका सङ्ख्या २.१२ : दैवीशक्तिसम्बन्धी लोकविश्वासको सूची ७३
तालिका सङ्ख्या २.१३ : नीति, आचरण र शिक्षासम्बन्धी लोकविश्वासको सूची ८०
तालिका सङ्ख्या २.१४ : राजा, मन्त्री र कर्मचारीसम्बन्धी लोकविश्वासको सूची ८५
तालिका सङ्ख्या २.१५ : चतुऱ्याइँको परीक्षासम्बन्धी लोकविश्वासको सूची ८८
तालिका सङ्ख्या २.१६ : कुलघरानको परीक्षासम्बन्धी लोकविश्वासको सूची ९०
तालिका सङ्ख्या २.१७ : सामर्थ्य र साहसको परीक्षासम्बन्धी लोकविश्वासको सूची ९२
तालिका सङ्ख्या २.१८ : परिवार र नातागोतासम्बन्धी लोकविश्वासको सूची ९३
तालिका सङ्ख्या २.१९ : असाधारण शक्तियुक्त मानवसम्बन्धी लोकविश्वासको सूची ९७
तालिका सङ्ख्या २.२० : असाधारण शक्तियुक्त जीवजन्तुसम्बन्धी लोकविश्वासको सूची १००
तालिका सङ्ख्या २.२१ : असाधारण शक्तियुक्त वस्तुसम्बन्धी लोकविश्वासको सूची १०२
तालिका सङ्ख्या २.२२ : असाधारण शक्तियुक्त प्रकृतिसम्बन्धी लोकविश्वासको सूची १०५
तालिका सङ्ख्या २.२३ : भाग्यसम्बन्धी लोकविश्वासको सूची १०८
तालिका सङ्ख्या २.२४ : ज्योतिषशास्त्रअनुसार गरिने भविष्यवाणीसम्बन्धी लोकविश्वासको सूची १११
तालिका सङ्ख्या २.२५ : देवीदेवता र सिद्धले बताउने भविष्यवाणीसम्बन्धी लोकविश्वासको सूची ११२
तालिका सङ्ख्या २.२६ : वरदान र आशीर्वादसम्बन्धी लोकविश्वासको सूची ११४
तालिका सङ्ख्या २.२७ : शकुन र अपशकुनसम्बन्धी लोकविश्वासको सूची ११६
तालिका सङ्ख्या २.२८ : सुस्वप्न र दुःस्वप्नसम्बन्धी लोकविश्वासको सूची ११८
तालिका सङ्ख्या २.२९ : आङ्गिक क्रिया र शारीरिक चिह्नसम्बन्धी लोकविश्वासको सूची १२०
तालिका सङ्ख्या २.३० : श्राप र श्रापमुक्तिसम्बन्धी लोकविश्वासको सूची १२१
तालिका सङ्ख्या २.३१ : जादुको शक्तिसम्बन्धी लोकविश्वासको सूची १२२

| | | |
|---|---|---|
| तालिका सङ्ख्या २.३२ : | तन्त्रमन्त्र, योग र सिद्धिसम्बन्धी लोकविश्वासको सूची | १२४ |
| तालिका सङ्ख्या २.३३ : | झारफुक तथा लोकोपचारसम्बन्धी लोकविश्वासको सूची | १२६ |
| तालिका सङ्ख्या २.३४ : | मोहनी (टुनामुना) सम्बन्धी लोकविश्वासको सूची | १२८ |
| तालिका सङ्ख्या २.३५ : | जादुका वस्तुसम्बन्धी ठ लोकविश्वासको सूची | १२९ |
| तालिका सङ्ख्या २.३६ : | बोलाइ निषेधसम्बन्धी लोकविश्वासको सूची | १३१ |
| तालिका सङ्ख्या २.३७ : | खानपान निषेधसम्बन्धी लोकविश्वासको सूची | १३२ |
| तालिका सङ्ख्या २.३८ : | दृष्टि निषेधसम्बन्धी लोकविश्वासको सूची | १३३ |
| तालिका सङ्ख्या २.३९ : | स्पर्श निषेधसम्बन्धी लोकविश्वासको सूची | १३४ |
| तालिका सङ्ख्या २.४० : | धर्म र संस्कारसम्बन्धी निषेध विषयक लोकविश्वासको सूची | १३६ |
| तालिका सङ्ख्या २.४१ : | पृथ्वीसम्बन्धी लोकविश्वासको सूची | १३८ |
| तालिका सङ्ख्या २.४२ : | आकाशीय पिण्डसम्बन्धी लोकविश्वासको सूची | १४१ |
| तालिका सङ्ख्या २.४३ : | प्राकृतिक घटनासम्बन्धी लोकविश्वासको सूची | १४२ |
| तालिका सङ्ख्या ४.१ : | चेतन मनसँग सम्बन्धित लोकविश्वासको सूची | २१४ |
| तालिका सङ्ख्या ४.२ : | अवचेतन मनसँग सम्बन्धित लोकविश्वासको सूची | २१९ |
| तालिका सङ्ख्या ४.३ : | अचेतन मनसँग सम्बन्धित लोकविश्वासको सूची | २२५ |
| तालिका सङ्ख्या ४.४ : | धार्मिक प्रयोजनसम्बद्ध लोकविश्वासको सूची | २३३ |
| तालिका सङ्ख्या ४.५ : | शैक्षिक प्रयोजनसम्बद्ध लोकविश्वासको सूची | २४३ |
| तालिका सङ्ख्या ४.६ : | सामाजिक प्रयोजनसम्बद्ध लोकविश्वासको सूची | २५० |
| तालिका सङ्ख्या ४.७ : | सांस्कारिक प्रयोजनसम्बद्ध लोकविश्वासको सूची | २५८ |

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

प्रस्तुत शोधकार्य गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासको अध्ययनमा केन्द्रित रहेको छ । नेपालको मध्य भागमा अवस्थित गण्डकी प्रदेश नेपालको संविधान २०७२ लागु भएपछि २०७२ असोज ३ गते राज्य पुनः संरचना हुँदा बनेका सात प्रदेशमध्येको एक हो । यो प्रदेश साविकका धौलागिरि अञ्चलका पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङ, गण्डकी अञ्चलका गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ र स्याङ्जा तथा लुम्बिनी अञ्चलको नवलपुर गरी एघारओटा जिल्लालाई समेटेर बनाइएको राजनीतिक र प्रशासनिक भूगोल हो । यस प्रदेशले हिमाली क्षेत्र, पहाडी क्षेत्र र भित्री मधेस गरी तीनओटै धरातलीय स्वरूपलाई समेटेको छ । नेपालका प्रसिद्ध कालीगण्डकी, सेतीगण्डकी र बुढीगण्डकी नदीहरू यसै क्षेत्रमा पर्दछन् । यस प्रदेशमा पहाडी जमिन धेरै भए पनि हिमाल र तराईको संयोजनले हावापानी तथा पारिस्थितिक प्रणालीमा ज्यादै भिन्नता रहेको छ । गण्डकी प्रदेश मिश्रित जातजातिको बसोबास रहेको क्षेत्र हो । यहाँ कामी, क्षत्री, गन्धर्व, गुरुङ, ठकुरी, थकाली, थारु, दमाईं दुरा, नेवार, बराम, बाहुन, बोटे, भोटे, मगर र सार्की आदि जातजाति तथा कुसुन्डा, छन्त्याल र दरै आदि लोपोन्मुख जातिहरूको बसोबास भएका कारण सांस्कृतिक विविधता रहेको छ । गण्डकी प्रदेश लोकगीत, लोककथा, लोककविता, लोकगाथा, उखान, टुक्का, गाउँखाने कथा, लोककला, लोकपहिरन, लोकनृत्य र तन्त्रमन्त्र आदिका दृष्टिले पनि समृद्ध र विविधतामय क्षेत्र हो ।

लोककथा मानवीय सभ्यताको क्रमिक विकास हुँदै जाँदा मौखिक र श्रुतिपरम्परामा सिर्जित लोकसाहित्यको एक महत्त्वपूर्ण विधा हो । लोककथालाई मानिसले आफ्ना अनुभव कल्पनात्मक र रोचक शैलीमा भन्ने र सुन्ने क्रममा हुर्केको आख्यानात्मक गद्य विधा मानिएको छ । लोकसमुदायमा लोककथालाई ‘दन्त्यकथा’, ‘कथाकुथुङ्ग्री’, ‘किस्सा’, ‘बात’, ‘भन्ने कथा’ र ‘सुन्ने कथा’ आदि नामले पनि चिनिन्छ । लोककथा ‘एकादेशमा...’ वा ‘परापूर्वकालमा...’ भन्ने शब्दबाट आरम्भ गरेर ‘भन्नेलाई फूलको माला...’ मा विश्रान्त गरिन्छ । लोककथा भन्नेले श्रोतामा वास्तविक संसारभन्दा भिन्न मनोलोक तयार गदर्छन् । लोककथाले समाज, पौराणिक ग्रन्थ, लोकसंस्कृति र अतिरञ्जनाका माध्यमबाट विषयवस्तुको ग्रहण गर्छन् । ती कथामा देवीदेवता, मानिस, राक्षस, भूतप्रेत, पशुपक्षी, वृक्षवनस्पति, नदीनाला, पहाड र पदार्थहरू पात्रका रूपमा प्रयोग हुन्छन् । लोककथामा मानिसका सुख, दुःख, विरह, वेदना, विचार र समाजमा प्रचलित धर्म, रीतिरिवाज तथा संस्कारको प्रतिबिम्ब हुने हुँदा तिनमा ऐतिहासिक सूचना हुनाका साथै लोकविश्वास अभिव्यक्त भएका हुन्छन् । परम्परागत समाजमा दिनमा लोककथा भन्ने र सुन्ने गरेमा सन्तान अपाङ्ग हुने लोकविश्वासका कारण लोककथा रातमा सुनाउने र सुन्ने चलन रहेको पाइन्छ; तर वर्तमान समाजमा फुर्सदको समयमा बालबालिकालाई शिक्षा दिन, कसैलाई अर्तीउपदेश दिन र मनोरञ्जनका लागि लोककथा भन्ने गरिन्छ । लोककथाले श्रोताको थकाइ मेटेर स्फूर्ति प्रदान गरी नवीन शक्ति सञ्चरण गर्ने र मानिसबिच मेलमिलाप कायम गरी एकता प्रवर्द्धन गर्ने सामर्थ्य राख्दछन् । मानवीय सभ्यता र संस्कृतिको संवहन गर्ने लोककथा मनोरञ्जनको माध्यम मात्र नभएर शिक्षा र चेतनाका

सर्वसुलभ सामग्री हुन् । मानिसलाई अर्तीउपदेश र शिक्षादीक्षा दिन लोककथा ज्यादै उपयोगी मानिएका छन् ।

प्रारम्भमा नेपाली लोककथा प्राचीन पूर्वीय वाङ्मय परम्पराका *वेद, पुराण, उपनिषद्, रामायण, महाभारत* र *बौद्ध जातककथा* आदिबाट प्रभावित रहेको देखिन्छ । त्यसपछि नेपाली लोककथा परम्परामा संस्कृत, हिन्दी, उर्दू, फारसी आदि भाषाबाट अनुवाद गर्ने अनूदित लोकाख्यानपरम्परा देखापर्छ । नेपाली लोककथाको सङ्कलन परम्परामा भने बोधविक्रम अधिकारीको *नेपाली दन्त्यकथा* (१९९६) लाई पहिलो कृति मानिएको छ । नेपाली लोकसंस्कृतिको संरक्षणार्थ नेपाली भाषा प्रकाशनी समितिले विं.सं. १९९९ मा लोककथाको सङ्कलनका लागि विभिन्न गाउँमा आदेशपत्र पठाएर लोककथा सङ्कलन अभियान थालेको पाइन्छ । यस अभियानमा बाटुलेचौरका पण्डित जीवनाथ पराजुलीको पाँचओटा दन्त्यकथा भएका सङ्ग्रहहरू र पश्चिम ३ नं. स्याङ्जाका पण्डित रामनाथ शर्मा खनालको तीनओटा कथा भएका सङ्ग्रहहरू पाइएका छन् । यसरी नेपाली लोककथाको सङ्कलन अभियानका क्रममा गण्डकी क्षेत्रमा प्रचलित लोककथाको पनि सङ्कलन भएकाले यस क्षेत्रमा लोककथाको सङ्कलन परम्परा लामो समयदेखि चलेको प्रस्ट हुन्छ । त्यसपछि नेपाली लोककथा सङ्कलनमा ललितजङ्ग सिजापति, सुवर्ण शमशेर, काजीमान कन्दङ्वा, जुजुराम कुशले, शिवमणि प्रधान, लीलासिंह कर्मा, प्रदीप रिमाल, तुलसी दिवस, विजय चालिसे, करुणाकर वैद्य, मोतीलाल पराजुली र रत्नाकर देवकोटालगायत विभिन्न व्यक्तिले महत्त्वपूर्ण योगदान दिएका छन् । नेपाली लोककथा सङ्कलन तथा प्रकाशन कार्यमा *शारदा, डाँफेचरी, रूपरेखा, रचना, हिमाली, गोरखापत्र* र *हाम्रो संस्कृति* नामक पत्रपत्रिकाको स्थान महत्त्वपूर्ण रहेको छ । नेपाली लोककथाको विश्लेषणात्मक अध्ययनको सुरुवात भने वासुदेव त्रिपाठीले 'लोककथाका मूल्यहरूलाई औँल्याउन खोज्दा' ( *हाम्रो संस्कृति*- २०२६) लेखबाट गरेको पाइन्छ । यसपछि नेपाली लोककथालाई विभिन्न सैद्धान्तिक आधारमा विश्लेषण गरी अध्ययन गरिएको छ । लोककथाका विषयक्षेत्र मानवीय अनुभव, कल्पना, प्रचलित विश्वास तथा लोकरीतिरिवाज नै हुन् । लोककथामा देवीदेवता, चाडपर्व, जात्रा, उत्सव, यज्ञ, व्रत, दान, जादु, टुनामुना, तन्त्रमन्त्र, भूतप्रेत, धामीझाँक्री, शकुन र अपशकुन, पुनर्जन्म, आत्मा, परिवार, नातागोता तथा व्यक्तिका असल र खराब आचरण आदि विषयसँग सम्बद्ध लोकविश्वास अभिव्यक्त हुन्छन् । गण्डकी प्रदेशमा प्रशस्त लोककथा प्रचलनमा रहेका छन् र तिनमा लोकव्यवहारमा प्रचलित लोकविश्वास अभिव्यक्त भएका छन् । यसै क्षेत्रका लोकजीवनमा प्रचलित लोककथामा अभिव्यक्त लोकविश्वास नै प्रस्तुत शोधको मुख्य अध्ययनीय विषय हो ।

लोकविश्वास लोकको आस्था वा निष्ठा हो । यो लोकले अन्तरहृदयदेखि सत्यका रूपमा स्वीकार गरेको सामूहिक विश्वास हो । मानिसले जन्मदेखि मर्ने बेलासम्म अँगाल्दै आएका विभिन्न लोकसंस्कारमा लोकविश्वास रहेको हुन्छ । बालकको नाभिलाई अँगेनाको छेउमा गाड्नु, दसैँमा टीका जमरा लगाएर मान्यजनबाट आशीर्वाद थाप्नु, पूजाआजा सुरु गर्नुपूर्व गणेशको पूजा गर्नु र शुभाशुभमा विश्वास गर्नु आदि लोकविश्वास हुन् । यिनमा लोकसमाजका मूल्यमान्यता,  रीतिरिवाज, चालचलन, धर्म, संस्कार, ऐतिहासिक र सांस्कृतिक पक्ष अन्तर्निहित हुन्छन् र यिनका अध्ययनबाट लोकजीवनको वास्तविकता थाहा पाउन सकिन्छ । लोककथाको विषयक्षेत्र मानवीय अनुभव, कल्पना, समाजमा प्रचलित विश्वास र रीतिरिवाजबाटै निर्मित हुने भएकाले ती लोककथा लोकविश्वासका दृष्टिले विश्लेषणीय हुन्छन् । तसर्थ विषयगत ज्ञान र प्राज्ञिक दृष्टिले पनि यी विषय महत्त्वपूर्ण छन् । पूर्वाध्ययनहरूमा नेपाली लोककथाका विशेषताको अध्ययन

गरिएको पाइए पनि लोकविश्वासका दृष्टिले तिनको शोधमूलक अध्ययनकार्य हुन बाँकी नै रहेको देखिन्छ भने गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासको शोधमूलक अध्ययन पनि भएको पाइँदैन । यसर्थ प्रस्तुत शोधकार्यमा गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासलाई अध्ययनको विषय बनाइएको छ ।

## १.२ समस्याकथन

समाजमा छरिएर रहेका लोककथामा प्राज्ञिक ज्ञानको विषय हुने हुनाले तिनका बारेमा शोधमूलक अध्ययन गर्न सकिने सन्दर्भमा यस शोधमा गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथालाई शोधको विषय बनाएर तिनमा प्रयुक्त लोकविश्वासलाई शोधसमस्याको रूपमा लिइएको छ । यस प्रदेशमा प्रचलित लोककथाको लोकतात्त्विक पद्धति, तुलनात्मक पद्धति, संरचनावादी पद्धति र सन्दर्भवादी पद्धति आदि सैद्धान्तिक आधारमा खास उद्देश्यप्राप्तिका लागि अध्ययन गरिएको पाइए पनि ती लोककथामा अभिव्यक्त लोकविश्वासको अध्ययनकार्य भएको छैन । उक्त क्षेत्रका लोककथाको सङ्कलन गरी तिनमा अभिव्यक्त लोकविश्वासका विषयवस्तुगत प्रकारका साथै तिनको अभिव्यक्तिगत प्रक्रिया र प्रयोजनलाई शोधसमस्या बनाई यो शोधकार्य गरिएको छ । यस शोधसमस्याको समाधानार्थ निम्नलिखित शोधप्रश्नहरू निर्माण गरिएका छन् :

(१) गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका विषयवस्तुगत प्रकार केकस्ता छन् ?

(२) गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा लोकविश्वासको अभिव्यक्ति कसरी गरिएको छ ?

(३) गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासको प्रयोजन के हो ?

## १.३ शोधकार्यको उद्देश्य

गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन गरी ती लोककथाहरूमा अन्तर्निहित लोकविश्वासको विश्लेषणमा केन्द्रित प्रस्तुत शोधकार्यमा समस्याकथनमा औंल्याइएका जिज्ञासाहरूको प्राज्ञिक समाधानका लागि निम्नलिखित उद्देश्यहरू निर्धारण गरिएका छन् :

(१) गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका विषयवस्तुगत प्रकारको विश्लेषण गर्नु,

(२) गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा लोकविश्वासको अभिव्यक्तिगत प्रक्रियाको समीक्षा गर्नु,

(३) गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका प्रयोजनको मूल्याङ्कन गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथाहरूको अध्ययन गर्ने क्रममा लोककथाको विश्लेषण गर्न विभिन्न सैद्धान्तिक आधार र अध्ययन पद्धतिको प्रयोग गरिएको भए पनि लोकविश्वासलाई नै विषय बनाई तिनका बारेमा अध्ययन गरिएको छैन । ती पूर्वकार्यमा गरिएको अध्ययनले गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा लोकविश्वासको अभिव्यक्ति हुने कुरालाई भने कुनै नै कुनै रूपमा औँल्याएका छन् । गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा प्रयुक्त लोकविश्वासको अध्ययन गर्नका लागि लोककथामा अन्तर्निहित लोकविश्वासको मात्र विश्लेषण गरिएका सामग्रीहरू नभएको हुँदा त्यस क्षेत्रका नेपाली लोककथाहरूको अध्ययनार्थ नेपाली जनजीवन, नेपाली लोकसंस्कृति, नेपाली लोककथा र लोकसाहित्यका अन्य विधाहरूको अध्ययन गर्ने क्रममा लोकविश्वाससम्बन्धी विचारविमर्श गरिएका पूर्वकार्यहरूको कालक्रमिक रूपमा समीक्षा गरिएको छ ।

वासुदेव त्रिपाठी (२०२६) को *हाम्रो संस्कृति* नामक पत्रिकामा 'लोककथाका मूल्यहरूलाई औँल्याउन खोज्दा' शीर्षकको लेख प्रस्तुत गरिएको छ । यसमा लोककथा वैज्ञानिक र यथार्थवादी सचेतनाका आधारमा आदिम भए पनि तिनले समाजको परिस्थिति, धारणा र भावना व्यक्त गर्ने बताइएको छ । प्रस्तुत लेखमा लोककथाका मूल्यान्तर पहिल्याउने क्रममा स्वप्नशीलता र कल्पनाशीलतामा अनुरक्त लोककथा आदिम जीवनका विशेष घटना भएकाले तिनका माध्यमबाट लोकजीवनको अध्ययन गर्न सकिने निष्कर्ष प्रस्तुत गरिएको छ । यस लेखमा औँल्याइएका आदिम मानवीय समाजका तिनै मूल्यमान्यता, विधि र व्यवहार नै लोकविश्वास हुन् । यस लेखबाट प्रस्तुत शोधकार्यमा गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा व्यक्त लोकविश्वासको विषयगत प्रकार ठम्याई तिनका प्रयोजनको विश्लेषण गर्न सहयोग पुगेको छ ।

डोरबहादुर विष्ट (२०३०) को *सबै जातको फूलबारी* नामक पुस्तकमा नेपालमा बसोबास गर्ने विभिन्न जातजातिको उत्पत्तिसम्बन्धी रोचक लोककथा र तिनमा अभिव्यक्त लोकविश्वासका बारेमा चर्चा गरिएको छ । यसमा नेवार, बाहुन, क्षत्री, राई, किराँती, लिम्बू, राजपुत, तामाङ, सुनुवार, जिरेल, मगर, गुरुङ, पाँच गाउँले, चेपाङ, धाँगड, थकाली, दनुवार, माझी, दरै, थारू, राजवंशी, धिमाल, बोडो, सतार, मुसलमान र राउटे जातिको परिचय दिँदै ती जातिमा जातजातिको उत्पत्ति र लोकव्यवहारसम्बन्धी विविध लोकविश्वास रहेको उल्लेख गरे पनि लोकविश्वासको वर्गीकृत अध्ययन भने गरिएको छैन । नेपालमा रहेका विभिन्न जातिका लोकविश्वासबारे चर्चा गरिएको यस पूर्वसामग्रीबाट प्रस्तुत शोधकार्यमा लोकविश्वासको विषयगत प्रकार पहिचान गरी तिनको प्रयोजन विश्लेषण गर्न सहयोग पुगेको छ ।

तुलसी दिवस (२०३३/२०७७) को *नेपाली लोककथा : केही अध्ययन* कृतिमा लोककथालाई परम्परागत मौलिकपनको संवहन गर्दै ऐतिहासिक तथा सांस्कृतिक पक्षको सञ्चरण गर्ने सर्वसुलभ र सर्वग्राही सामग्रीका रूपमा चिनाइएको छ । यसमा नेपाली लोककथालाई सांस्कृतिक, ऐतिहासिक, अर्तीउपदेश, पशुपक्षी, मानव स्वभाव र प्रवृत्ति, अतिमानवीय, दैवी, फलफूल, साहस र बहादुरी तथा धार्मिक र विविध लोककथा भनी वर्गीकरण गरिएको छ । ती लोककथाहरूमा मन्दिर, देवीदेवता, चाडपर्व, उत्सव, मेला, ऐतिहासिक व्यक्ति, धार्मिक अनुष्ठान र स्थान विशेषको नामकरण तथा चालचलन आदिसँग सम्बन्धित लोकविश्वास रहने बताइएको छ । यस कृतिमा कुनै स्थान विशेषका ऐतिहासिक र सांस्कृतिक पक्ष, चाडपर्व, रीतिरिवाज, चालचलन तथा सामाजिक र धार्मिक लोकविश्वासका विषयमा जानकारी

दिइएको छ । प्रस्तुत कृतिमा लोकविश्वासका कारण नै सांस्कृतिक सम्पदा र ऐतिहासिक महत्त्वका वस्तुहरू जीवन्त रहने धारणा व्यक्त गरिएको छ । यहाँ टुनामुना, जादु, तन्त्रमन्त्र, परी र अप्सरासम्बन्धी लोकविश्वासको गर्दै जादु तथा तन्त्रमन्त्रमा साधनात्मक ज्ञान हुने हुनाले जादुका साधन चलाउने पात्रमा विशेष प्रकारको अनौठो सामर्थ्य हुने र नेपाली लोककथामा जादुका साधन शत्रुमाथि विजय प्राप्त गर्नका लागि प्रयोग हुने कुरामा जोड दिइएको छ । यसमा नेपाली लोककथाका प्रयुक्त परी पात्रमा आश्चर्य, रोमान्स, जादु र विचित्रताको भाव हुने र त्यो असाधारण सामर्थ्यले मानिसलाई दुःखबाट पार लगाउने धारणा व्यक्त गरिएको छ । यसमा नेपाली लोककथामा रहेका अतिकाल्पनिक, धार्मिक, सांस्कृतिक, जादु र टुनामुनासँग सम्बन्धित लोकविश्वासको चर्चा गरिएको भए पनि लोकविश्वासको विस्तृत अध्ययन भने गरिएको छैन । यस पूर्वसामग्रीबाट प्रस्तुत शोधकार्यमा लोकविश्वासको विषयगत प्रकार ठम्याई लोकविश्वासका प्रयोजनको विश्लेषणमा सहयोग पुगेको छ ।

तुलसी दिवस (२०३५) द्वारा नेपाली *लोक-संस्कृति-संगोष्ठी पुस्तक*मा 'परी तथा अप्सराका नेपाली लोककथाहरू' शीर्षकको लेखमा परी पात्रको परिचय दिँदै परी पात्रमा अलौकिक शक्ति, सौन्दर्य र असाधारण क्षमता रहने बताइएको छ । यसमा परी पात्र देवयोनि र राजा, महाराजाका छोरीहरू गरी दुई किसिमका हुने उल्लेख गरिएको छ । यस लेखमा लोककथामा परी तथा अप्सराहरूलाई आश्चर्यजनक, सहयोगी, जादुमयी, दयालु, मायालु र मानिसलाई जटिल अवस्थाबाट उद्धार गर्ने विचित्र किसिमका पात्रका रूपमा प्रयोग भएको निष्कर्ष निकालिएको छ । यसमा परी पात्रहरू असाधारण स्थानमा बसोबास गर्ने, छिनमै जहाँ पनि जान सक्ने, रूप परिवर्तन गर्ने, स्वर्गलोकदेखि पृथ्वीलोकमा आएर आश्चर्यजनक कार्य गर्ने, जादुका वस्तु दिएर दुःखमा परेका मानिसलाई समस्यादेखि पार लगाउन सक्ने लोकविश्वास रहेको बताइएको छ । यस पूर्वाध्ययनबाट प्रस्तुत शोधकार्यमा असाधारण शक्ति भएका जीव, स्थान, जादुका वस्तु, रूप परिवर्तन र आत्मासम्बन्धी लोकविश्वासको अभिव्यक्तिगत प्रक्रिया तथा प्रयोजन विश्लेषण गर्न मदत पुगेको छ ।

सत्यमोहन जोशी (२०३५) द्वारा नेपाली *लोक-संस्कृति-संगोष्ठी पुस्तक*मा 'केही नेपाली लोक देउताहरूको भूमिका' शीर्षकको लेखमा नेपाली मूर्तिकलामा किराँत कालमा पाशुपत् सम्प्रदायको, लिच्छविकालमा शैव र बौद्ध सम्प्रदायको, बिचमा कुषाणीहरूको सूर्यपूजा पद्धति, आठौँ, नवौँ शताब्दीदेखि यता शैव र बौद्ध धर्मअन्तर्गतका तान्त्रिक सम्प्रदायको प्रभाव र लोकविश्वासको गहिरो छाप रहेको बताइएको छ । यसमा लोकविश्वासका कारण नै मानिसले हिमाली थुम्का, देउराली, भन्ज्याङका चुच्चे ढुङ्गा तथा शालिग्रामलाई पूजा गर्ने र शुभ परिणामको कामना गरी ध्वजापताका बाँध्ने, पैसा, जनै र टीका चढाउने धारणा व्यक्त गरिएको छ । प्रस्तुत लेखमा शास्त्रीय विधिविधानपूर्वक मठ, मन्दिरमा प्रतिस्थापित मूर्तिहरूमा दैवीशक्ति हुने र मानिसमा त्यस्तो शक्तिको प्रभाव दुःख तथा सुखमा रहने बताइएको छ । यहाँ देवीदेवताका सहायक र मर्यादापालकलाई पनि विशेष स्थान दिई मूर्ति स्थापना गरेर पूजा गर्ने लोकविश्वास पाइएको छ । यसमा मानिसले समाजका नीतिनियमको पालना गर्दै देवीदेवताप्रति उच्च सम्मान व्यक्त गर्न मूर्तिपूजा गर्ने लोकविश्वास रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । यस शोधकार्यमा प्रस्तुत पूर्वाध्ययन धार्मिक मान्यतामा आधारित लोकविश्वासको प्रयोजन विश्लेषण गर्न उपयोगी बनेको छ ।

तुलसी दिवस (२०३६) को *धिमाल लोक-धर्म र संस्कृति* पुस्तकमा लोकविश्वास दैनिक जीवन सञ्चालनका क्रममा आर्जित निजी अनुभव र ज्ञानबाट निर्माण हुने हुँदा लोकजीवनमा प्रशस्त लोकविश्वास हुने निष्कर्ष प्रस्तुत गरिएको छ । यसमा धिमाल जातिमा रहेका शुभ तथा कल्याणको निमित्त गरिने कर्मकाण्डी विश्वास, पशुपक्षी, आङ्गिक क्रिया, शारीरिक चिह्न, साइतविसाइत, वस्तुको निर्माण र उपयोग, भविष्य सूचना तथा स्वप्न र निषेध विषयक लोकविश्वासलाई विविध उपशीर्षकमा सोदाहरण वर्गीकरण गरी विश्लेषण गरिएको छ । प्रस्तुत कृतिमा धिमाल जातिमा घरेलु वस्तु तथा कार्य, विविध संस्कार, सामाजिक सम्बन्ध, समय तथा बार, थर विशेषले मान्ने निषेध, आगोपानी, रुखबिरुवा, फलफूल, दुध, दही, व्यक्ति र जातिसम्बद्ध लोकविश्वास रहेको बताइएको छ । यहाँ धिमाल जातिमा स्याल, कुकुर, बिरालो, फ्याउरो, कुखुरा, गाई, भैंसी बाघ, भालु आदि पशुपक्षी र सपना, शारीरिक चिह्न तथा प्रकृति आदिले शुभ र अशुभको सङ्केत गर्ने लोकविश्वास रहेको कुरामा जोड दिइएको छ । जाति विशेषमा केन्द्रित यस पूर्वाध्ययनमा प्रस्तुत शोधकार्यमा लोकविश्वासको अवधारणा निर्माण गरी लोककथामा प्रयुक्त लोकविश्वासका प्रयोजनको विश्लेषणमा उपयोगी बनेको छ ।

जनकलाल शर्मा (२०३९/२०७५) को *हाम्रो समाज : एक अध्ययन* कृतिमा लोककथाको बिस्तारमा स्थानीय संस्कृतिको प्रभाव र नेपाली समाजमा प्रचलित जातीय लोकविश्वासमा आएका परिवर्तनका बारेमा चर्चा गरिएको छ । यसमा धर्म, अभिचार र विज्ञानमा रहेको भिन्नताको विश्लेषण गर्दै नेपाली समाजमा धर्म, देवीदेवता र भूतप्रेतसम्बन्धी लोकविश्वास रहेको बताइएको छ । यहाँ नेपाली समाजमा व्याप्त लोककथामा धर्म, धार्मिक अनुष्ठान, अभिचार र जीववादसम्बन्धी लोकविश्वास तथा ब्राह्मण, क्षत्री, नेवार, तामाङ, शेर्पा, किराँत, लिम्बू र धिमाल आदि जातिमा जातीय संस्कारगत लोकविश्वास रहेको कुरा जोड दिइएको छ । प्रस्तुत कृतिमा नेपाली समाजमा आत्मा अदृश्य र अप्राकृतिक हुने, असल आत्माबाट देवता तथा खराब आत्माबाट दानव, भूतप्रेत तथा राक्षसको उत्पत्ति हुने उल्लेख गरिएको छ । यसमा यज्ञ, दान, व्रत, तन्त्रमन्त्र, प्रार्थनाका माध्यमबाट सदात्माको वन्दना गरी विधिपूर्वक पूजाआजा गरेमा भविष्य राम्रो हुने लोकविश्वास रहेको बताइएको छ । प्रस्तुत पुस्तकमा लोकसमाजमा स्वघोषित धार्मिक व्यक्तिले भूतप्रेतजस्ता दुष्टात्मालाई नियन्त्रणमा लिन सक्ने भनी अभिचारी भावनाको विकास गरेको हुँदा लोकव्यवहार र लोकविश्वासमा बेकम्मा प्रवृत्ति भित्रिएको निष्कर्ष दिइएको छ । नेपाली जनजीवनको अध्ययन गर्ने क्रममा केही नेपाली लोककथा र जातीय लोकविश्वासको विवेचना गरिएको यो पूर्वसामग्री प्रस्तुत शोधकार्यमा लोकविश्वासको प्रयोजन विश्लेषण गर्न उपयोगी बनेको छ ।

मोतीलाल पराजुली (२०५४) को *नेपाली लोककथामा अभिप्रायहरूको अध्ययन* शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा नेपाली लोककथाका सैद्धान्तिक पक्षको विवेचना गर्दै त्यस्ता कथामा आदिम मानसका भावना, परम्परागत वस्तु, चरित्र र विश्वास रहने उल्लेख गरिएको छ । यसमा लोककथामा बारम्बार दोहोरिने घटना, पात्र र परिवेशलाई अभिप्रायका रूपमा चिनाउँदै ती अभिप्रायमा रहेका रोचक घटना, अद्भुत पात्र र असाधारण परिवेशमा लोकविश्वास रहने कुरामा जोड दिइएको छ । यस अनुसन्धान कार्यमा लोककथामा अन्तर्निहित अभिप्राय र लोकविश्वास निकट रहेको निष्कर्ष प्रस्तुत गरिएको छ । यसमा औँल्याइएका अभिप्रायमार्फत लोकविश्वासको अभिव्यक्तिगत प्रक्रियाका बारेमा जानकारी हुन्छ । यो शोधकार्य लोककथामा रहेका अभिप्रायको पहिचान, वर्गीकरण र विश्लेषणमा केन्द्रित भए पनि यसलाई प्रस्तुत शोधकार्यमा लोकविश्वासको अभिव्यक्तिगत प्रक्रियाको विश्लेषण गर्न उपयोगी मानिएको छ ।

हंसपुरे सुवेदी (२०५५) को *नेपाली लोकजीवन : लोकविश्वास* पुस्तकमा परम्परादेखि मान्दै आएका चालचलन, रीतिरिवाज, दृढआस्था एवं पत्यार नै लोकविश्वास भएको बताइएको छ । यसमा प्राचीन वाङ्मय, संस्कृति, संस्कार, चालचलन, रीतिरिवाज, लोकमानसको मानसिक अवस्था र कल्पना आदिलाई लोकविश्वासका स्रोत मानिएको छ । यस कृतिमा लोकजीवनसँग सम्बन्धित पापपुण्य, स्वर्गनर्क, श्राद्धकर्म, कुलायनपूजा, लागोभागो, जोखना, आँखा लाग्ने, टुनामन्तर, मोहनी, धामी पतुर्नु, देवता चढ्नु, बोक्सी, बोक्सेरो, किचकन्नी, भयाम्नी, राक्षस पूजा, लाखे र लाखेनाच, भूतप्रेत, मसान, मुर्कट्टा, जादु र इन्द्रजालसम्बन्धी लोकविश्वासको तथ्यसहित विश्लेषण गरिएको छ । प्रस्तुत कृतिमा लोकविश्वासलाई बृहत् रूपमा वैदिक वाङ्मय र समाजमूलक तथा विषयगत आधारमा धार्मिक, सांस्कृतिक, आभिचारिक, व्यावहारिक तथा अन्धविश्वास वा रूढिगत भनी वर्गीकरण गरिएको छ । यस पुस्तकमा अन्धविश्वासलाई भने परम्परागत नीतिनियम, मूल्यमान्यता, शास्त्रीय विधिविधानको लेखाजोखा नगरी गरिने अव्यावहारिक विश्वास मान्दै ती अन्धविश्वासले लोकधर्मको रूपधारण गरी लोकपद्धति र लोकव्यवहारलाई नै सङ्केत गर्ने भए पनि आधुनिक समयका मानिसले लोकविश्वासलाई समेत अन्धविश्वास नै ठान्ने निष्कर्ष निकालिएको छ । यसमा नेपाली लोकसमाजमा पापपुण्य, स्वर्गनर्क, टुनामन्तर, मोहनी, धामी पतुर्नु, देवता, राक्षस, किचकन्या, भूतप्रेत, मसान, मुर्कट्टा र इन्द्रजालसम्बन्धी लोकविश्वास रहेका र तिनमा लोकसमाजका रीतिरिवाज, चालचलन र संस्कार आदिको प्रतिबिम्ब भएको निचोड प्रस्तुत गरिएको छ । प्रस्तुत पूर्वाध्ययनबाट यस शोधकार्यमा लोकविश्वासको अवधारणा निर्माण, विषयवस्तुगत वर्गीकरण र लोककथामा प्रयुक्त लोकविश्वासका प्रयोजनको विश्लेषणमा मदत पुगेको छ ।

चूडामणि बन्धु (२०५८) को *नेपाली लोकसाहित्य* पुस्तकमा लोकगीत, लोककविता, लोकगाथा र लोकनाटकजस्ता विविध विधाहरूको अध्ययन गर्ने क्रममा लोककथाको सैद्धान्तिक विवेचना गर्दै नेपाली लोककथा सङ्कलन परम्पराका बारेमा जानकारी दिइएको छ । यसमा लोकवार्ताका मुख्य विषयहरू लोकसाहित्य, लोकविश्वास तथा लोकरीति, लोककला र भौतिक संस्कृति रहेको प्रस्ट पारिएको छ । प्रस्तुत कृतिमा लोकविश्वास लोकसाहित्यका जुनसुकै विधामा आउने हुँदा यसको क्षेत्र व्यापक रहेको उल्लेख गरिएको छ । यसमा लोकसमाजमा विश्वब्रह्माण्ड, प्रकृति, पशुपक्षी, रुखपात, दिन, महिना, स्वप्न, शकुन, भूतप्रेत, डाकिनी, बोक्सी, जादु, धामी, झाँक्री, जीवन संस्कार, चाडपर्व, व्रत, उपवास, पूजाविधि आदि लोकविश्वास हुने दृष्टिकोण प्रस्तुत गरिएको छ । यस पुस्तकमा लोकवार्ताको सामाजिक, सांस्कृतिक, राजनीतिक, मनोवैज्ञानिक र शैक्षिक भूमिको चर्चा गर्दै लोकवार्ताका जुनसुकै विधामा पनि लोकविश्वास अनिवार्य रूपमा आउने निष्कर्ष प्रस्तुत गरिएको छ । यसलाई प्रस्तुत शोधकार्यमा लोकविश्वासको विषयवस्तुगत प्रकार र लोकविश्वासका प्रयोजनको विश्लेषण गर्न उपयोग गरिएको छ ।

मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल (२०६३) को *लोकवार्ताविज्ञान र लोकसाहित्य* कृतिमा नेपाली लोकवार्ताका विषयहरूको सैद्धान्तिक विवेचना गर्दै मानवीय जीवनका आदिम भावना अभिव्यक्त गर्ने कथा नै लोककथा भएको बताइएको छ । यस कृतिमा नेपाली लोककथालाई शिल्पविधाका आधारमा घटनाप्रधान, चरित्रप्रधान, परिवेशप्रधान, भावका आधारमा प्रेमकथा, वीरकथा, करुणकथा, भक्तिकथा, हास्यकथा, अद्भुतकथा, रोमाञ्चक कथा उद्देश्यका आधारमा मनोरञ्जनप्रधान र नीतिप्रधान तथा विषयवस्तुका आधारमा पौराणिक, सामाजिक, किंवदन्तीमूलक, अतिप्राकृतिक र पशुपक्षीका लोककथा गरी वर्गीकरण तथा विश्लेषण गरिएको छ । यसमा मनोरञ्जन, शिक्षा वा उपदेश, लोकमङ्गल र यथार्थको

प्रकटीकरणलाई लोकसाहित्यको प्रयोजन मानिएको छ । यो अध्ययन लोकवार्ताको विवेचनामा केन्द्रित भए पनि यसमा विश्लेषित लोककथाको सैद्धान्तिक स्वरूप र लोकसाहित्यको प्रयोजनको आधारलाई प्रस्तुत शोधकार्यमा लोककथामा अभिव्यक्त लोकविश्वासका प्रयोजनको मूल्याङ्कनका लागि प्रयोग गरिएको छ ।

मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी (२०६८) को *नेपाली लोकसाहित्यको रूपरेखा* पुस्तकमा लोककथाको मुख्य उद्देश्य लोकमङ्गलको कामना गर्ने, धार्मिक र नैतिक शिक्षा दिने, सामाजिक चेतना अभिवृद्धि गर्ने र रहस्य, रोमाञ्चक तथा अलौकिक कल्पनाका माध्यमबाट मनोभावना व्यक्त गर्ने रहेको बताइएको छ । यस पुस्तकमा लोककथामा लोकजीवन र लोकव्यवहारका खास गुण नै लोकविश्वासका रूपमा अभिव्यक्त हुने उल्लेख गरिएको छ । यसमा लिखित साहित्य र लोकसाहित्य छुट्याउने प्रमुख आधार नै लोकतत्त्व भएको र लोकतत्त्वअन्तर्गत लोकविश्वास, लोकरीति र लोककला आउने कुरामा जोड दिइएको छ । प्रस्तुत कृतिमा व्यक्त लोककथामा अत्यधिक लोकविश्वास रहने तर यो खोजको विषय भएको निष्कर्षबाट लोककथामा प्रशस्त लोकविश्वास रहने सङ्केत पाइएको छ । प्रस्तुत पूर्वअध्ययनलाई यस शोधकार्यमा लोकविश्वासका विषयवस्तुगत प्रकारसम्बन्धी अवधारण निर्माण र लोककथामा प्रयुक्त लोकविश्वासका प्रयोजनको विश्लेषण गर्न उपयोगी सामग्रीका रूपमा लिइएको छ ।

कपिलदेव लामिछाने (२०७१) द्वारा *भानु मासिक* पत्रिकामा 'भानुभक्तको रामायणमा लोकतत्त्व' शीर्षकको लेखमा *भानुभक्तीय रामायण*मा प्रयुक्त अतिकल्पना, ईश्वर, देवीदेवता, असाधारण शक्ति, जादु, तन्त्रमन्त्र, भूतप्रेत, पिशाच, पुनर्जन्म, धर्मकर्म, यज्ञ, तीर्थ, व्रत र वरदान आदिसँग सम्बन्धित लोकविश्वासको विश्लेषण गरिएको छ । यसमा *भानुभक्तीय रामायण*मा भुर्लोक, भुवर्लोक, स्वर्गलोक, महर्लोक, जनलोक, तपलोक र सत्यलोक, अतल, सुतल, वितल, तलातल, रसातल, महातल र पातालसम्बन्धी लोकविश्वास रहेको बताइएको छ । यहाँ देवीदेवता, स्वर्ग, नर्क, राक्षस र भूतप्रेत आदि मानवीय कल्पना भए यी लोकविश्वासलाई सामूहिक रूपमा स्वीकार गरिएको उल्लेख छ । यसमा लोकविश्वास अभौतिक, अवास्तविक, अलौकिक र अतिकाल्पनिक भए पनि लोकमा पुस्तौँपुस्ता अनुकरणीय हुने बताइएको छ । यस लेखमा *रामायण* लोककाव्यमा अन्तर्निहित लोकविश्वासको विश्लेषण गर्दै लिखित साहित्यमा यसको प्रभाव रहने पुष्टि गरिएको छ । प्रस्तुत पूर्वाध्ययनलाई यस शोधकार्यमा लोकविश्वासको विषयवस्तुगत प्रकारको विश्लेषण तथा लोकविश्वासका प्रयोजनको मूल्याङ्कनका लागि उपयोगी सामग्रीका रूपमा लिइएको छ ।

तुलसीमान श्रेष्ठ (२०७१) द्वारा *भानु मासिक* पत्रिकामा 'भानुभक्तका कृतित्वमा लोकतत्त्वको अभिव्यक्ति' शीर्षकको लेखमा लोकविश्वासलाई परम्परादेखि प्रचलित रूढ तत्त्वका रूपमा परिचय गराइएको छ । यसमा *भानुक्तीय रामायण*मा बहुलोक, ईश्वरीय शक्ति, भूतप्रेत, अतृप्त आत्मा, जातीय संस्कार, शकुन र अपशकुन, सुस्वप्न र दुःस्वप्न, मानवेत्तर प्राणी, जन्म, पुनर्जन्म, यज्ञ, दान, व्रत, नीति तथा शिक्षा र लोकव्यवहारसम्बन्धी लोकविश्वास रहेको बताइएको छ । प्रस्तुत लेखमा *भानुभक्तीय रामायण*मा मारीच मृग, जटायु, सम्पाती गिद्ध, बाली, सुग्रीव र हनुमान् आदि मानवेतर प्राणीमा दैवीशक्ति हुने लोकविश्वासको चर्चा गर्दै मानिसले अदृश्य तथा असाधारण शक्तिमा विश्वास गर्ने उल्लेख गरिएको छ । यहाँ *रामायण*मा दशरथ राजाले पुत्रेष्टि यज्ञ गरेर सन्तान जन्मिनु, होम गर्दागर्दै बिथोलेर लक्ष्मणले इन्द्रजितलाई हराउनु, रावणको होममा हनुमानले बाधा पार्नु, रामले अश्वमेघ यज्ञ गर्नु, हनुमानको पसिना खाएको माछाबाट मकरध्वजको जन्म हुनु, सुगा र सुगिनीको पुर्नजन्म धोबी र धोबिनीका रूपमा हुनु,

ताडका राक्षसीको पुनर्जन्म यक्षिकाका रूपमा हुनु, पत्थर भएकी अहिल्या रामले छुनासाथ स्त्री हुनु आदि यज्ञ, दान, व्रत र जन्मसम्बन्धी लोकविश्वासको विश्लेषण गरिएको छ । यसमा गुरु र शिष्यको सम्बन्ध, कर्मेन्द्रिय र ज्ञानेन्द्रियसम्बन्धी विश्वास तथा ज्ञान र शिक्षासम्बन्धी लोकविश्वासले व्यक्तिलाई परिवार तथा समाजप्रति उत्तरदायी बन्न प्रेरित गर्ने निचोड निकालिएको छ । यस पूर्वाध्ययनलाई प्रस्तुत शोधकार्यमा लोकविश्वासका विषयवस्तुगत प्रकारको विश्लेषण र लोकविश्वासका प्रयोजनको मूल्याङ्कनका लागि उपयोगी सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

मोतीलाल पराजुली (२०७१) को *नेपाली लोककथा : सिद्धान्त र विश्लेषण* पुस्तकमा लोककथालाई मौखिक रूपमा निरन्तर अगाडि बढेको अतिप्राचीन विधाका रूपमा चिनाइएको छ ।  यसमा लोकजीवनका सबै पक्षहरूलाई समेट्न सक्नु लोककथाको विधागत र विषयगत वैशिष्ट्य मान्दै लोकले सामूहिक सत्यका रूपमा स्वीकार गर्ने परम्परागत विश्वास नै लोकविश्वास भएको बताइएको छ । यस कृतिमा लोकविश्वासलाई अतिकल्पना वा स्वैरकल्पना, धर्मअनुष्ठान, जादु, टुनामुना तथा योग, आत्मशीलता र अन्य लोकविश्वास गरी मुख्य पाँच शीर्षक तथा विविध उपशीर्षकमा वर्गीकरण गरेर विश्लेषण गरिएको छ । यसमा भविष्यवाणी, आशीर्वाद, श्राप, वरदान, भाग्य, निषेध, परीक्षा, समाज र व्यवहार तथा पदार्थसम्बन्धी लोकविश्वासको वर्गीकृत सूची दिई लोकविश्वास जाति, धर्म, स्थान र भाषा आदि अनुरूप फरकफरक हुने, लोककथामा अत्यधिक लोकविश्वास पाइने तर त्यो अध्ययनीय विषय भएको निष्कर्ष प्रस्तुत गरिएको छ । यस पूर्वअध्ययनलाई प्रस्तुत शोधकार्यमा लोकविश्वासको अवधारणा निर्माण गरी विषयवस्तुगत प्रकारको विश्लेषण गर्न र लोकविश्वासका प्रयोजनको मूल्याङ्कनमा उपयोग गरिएको छ ।

शारदा ढुङ्गाना (२०७३) को *गण्डकी अञ्चलका लोककथाको लोकतात्त्विक अध्ययन* शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा लोककथामा लोकतत्त्वका रूपमा लोककला, लोकरीतिरिवाज तथा जीवनसंस्कार र प्रथा तथा लोकविश्वास रहने बताइएको छ । यसमा मठमन्दिरका ढोका, टुँडाल, घरका झ्याल आदिमा कुँदिएका वास्तुकला, मूर्ति, गरगहना, भाँडाकुडा र चित्र आदिमा बनाइएका शिल्पकला, लोककविता तथा नाटकजस्ता विधा, छैँटी, न्वारन, विवाह र मृत्यु आदि लोकसंस्कारमा लोकतत्त्वका रूपमा लोकविश्वास रहने कुरा उल्लेख गरिएको छ । यस शोधमा समाज, लोककला, इतिहास तथा पुराण र लोकप्रहसन लोकतत्त्वका स्रोत भएको उल्लेख गर्दै लोककथामा लोकविश्वास अनिवार्य रूपमा रहने कुरामा जोड दिइएको छ । यसमा लोककथाका तŒवहरू कथानक, अभिप्राय, पात्र, परिवेश, द्वन्द्व, कथोपकथन, उद्देश्य, भाषा र शैलीको सम्बन्ध लोकतŒवसँग हुने निष्कर्ष प्रस्तुत गरिएको छ । यो पूर्वअध्ययनलाई प्रस्तुत शोधकार्यमा लोकविश्वासको अभिव्यक्तिगत प्रक्रियाको समीक्षा गर्न उपयोग गरिएको छ ।

द्रोणकुमार पौडेल (२०७४) को *लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ* कृतिमा नेपाली समाजमा प्रचलित लोकविश्वास, तिनले मानवमा पारेको मनोवैज्ञानिक प्रभाव र लोकविश्वासको निर्माण र निरन्तरतामा आएका परिवर्तनका बारेमा विश्लेषण गरिएको छ । यसमा नेपाली समाजमा प्रचलित दुई सय चारओटा लोकविश्वासको सङ्कलन गरी परम्परागत वेशभूषा, गरगहना, लोकवाद्यवादन, हातहतियार र घरेलु सामानहरू आदिको विश्लेषण गर्दै परम्परागत व्यवहारबाट लोकविश्वासको जन्म हुने बताइएको छ । यस कृतिमा लोकरीतिरिवाज र प्रथाहरू, लोकचिकित्सा, लोकपर्व, लोकसंस्कार, लोकदेवता, झारफुक, तन्त्रमन्त्र, धामीझाँक्री, पूजाआजा, श्राद्ध, देवीदेवता, धर्म, अनुष्ठान, जादु, टुनामुना, भविष्यवाणी, श्राप र आशीर्वाद आदिमा लोकविश्वासको अभिव्यक्ति हुने कुरा समेटिएको छ । यहाँ कोही, कसैको विचार वा

विश्वास कालान्तरमा लोकविश्वासमा परिणत हुने हुँदा लोकविश्वासलाई सामूहिक सत्य मान्दै लोकविश्वास परम्परागत मात्र नभएर समाजसापेक्ष निर्माण हुने र परिवर्तित समयसँगै कतिपय लोकविश्वास हराएर जाने निचोड प्रस्तुत गरिएको छ । यस पूर्वाध्ययनलाई प्रस्तुत शोधकार्यमा लोकविश्वासका विषयवस्तुगत प्रकारको विश्लेषण तथा लोकविश्वासका प्रयोजनको मूल्याङ्कनका लागि उपयोग गरिएको छ ।

उत्तरकुमार पराजुली (२०७५) को *लोकविश्वास* नामक कृतिमा विभिन्न घटना, परिघटनाबाट खारिएका विचार र अनुभवहरू समाजमा निश्चित मूल्यमान्यताका साथमा स्थापित हुँदा लोकविश्वासको जन्म हुने उल्लेख गरिएको छ । यसमा लोकविश्वास मानिसको जन्म, स्वास्थ्य, खानपान, शारीरिक आकृति वा चिह्न, विवाह, मृत्यु, पेसा, व्यवसाय तथा रीतिरिवाज आदिका आधारमा निर्माण भई पुस्तौँपुस्ता हस्तान्तरण हुने कुरामा जोड दिइएको छ । यस कृतिमा लोकविश्वासको अध्ययन गर्दै जाँदा मानिस एउटै परिवारबाट छुट्टिएर यत्रतत्र छरिएको आभास हुने भएकाले लोकसमाजमा प्रचलित अदृश्य विश्वास बहुमूल्य प्राचीन सम्पत्ति भएको दृष्टिकोण प्रस्तुत गरिएको छ । यसमा शारीरिक अङ्ग र तिनका क्रियाकलाप, स्वास्थ्य, प्राकृतिक परिवर्तन, सपना, पशुपक्षी, जन्म, विवाह र मृत्युसम्बन्धी लोकविश्वासलाई आधार बनाएर नेपाली, भारतीय, जापानी, चिनियाँ, फिलिपिनी, रसियन तथा युरोपियन देशमा प्रचलित लोकविश्वासमा रहेका समानता र भिन्नताका विषयमा विवेचना गरिएको छ । यसमा संसारका सबै समाजमा लोकविश्वासको संस्कार रहेको दाबी गर्दै नेपाली जनजीवनमा प्रचलित लोकविश्वासको सङ्कलन गरी विश्लेषण गरिएको छ । यो पूर्वाध्ययबाट प्रस्तुत शोधकार्यमा लोकविश्वासको अभिव्यक्तिगत प्रक्रियाको समीक्षा र लोकविश्वासका प्रयोजनको मूल्याङ्कनमा सहयोग पुगेको छ ।

शीतल गिरी (२०७७) को *नेपाली लोकवार्ता* नामक पुस्तकमा 'लोकविश्वासमा टुनामुना र मोहिनी' शीर्षकको लेखमा मानिस जन्मेदेखि मृत्युसम्म टुनामुना र मोहिनीसम्बन्धी लोकविश्वासबाट प्रभावित रहने बताइएको छ । यसमा टुनामुना र मोहिनीमा गोप्य मन्त्रको प्रयोग हुने भएकाले ती मन्त्र निश्चित संस्कृतिभन्दा बाहिरका मानिसलाई भन्न नहुने लोकधारणा रहेको प्रस्ट पारिएको छ । यस लेखमा टुनामुना र मोहिनी सधैँ भ्रमपूर्ण मान्यताहरूमा टिकेको भए पनि यो मानिसको व्यक्तिगत अनुभवमा आधारित हुने र एउटा घटनाले अन्य घटना प्रभावित हुँदै जाने धारणा प्रस्तुत गरिएको छ । यसमा मानिसले अतिमानवीय जगत् वा उसको कतिपय स्थितिको नियन्त्रण गर्ने चाहना गर्दा टुनामुना तथा मोहिनीको विकास भएको र मानिसले अदृश्य शक्तिको नियन्त्रण गर्न नसक्ने ठानी त्यस शक्तिप्रति आत्मसमर्पण गर्दा धर्मको उत्पत्ति भएको बताइएको छ । यस लेखमा टुनामुनाका कारण दैवीशक्ति प्राप्त भई खेतीबाली सप्रने, आकाशको बिजुलीले खेतीबाली विनाश नगर्ने, देवताले पानी पारिदिने र टुनामुना गरेर राखेको अन्न लामो समयसम्म रहने लोकधारणा भएको हुँदा टुनामुना र मोहिनीको विस्तृत विकास कृषिकर्मबाट भएको निष्कर्ष निकालिएको छ । यसमा इच्छाशक्ति र मोहिनीको सम्बन्ध ज्यादै गहिरो हुने भन्दै लोकको मनमा आनन्द र गूढ शक्तिको परिचय गराउन टुनामुना तथा मोहिनी एउटा प्रभावशाली साधन रहेको र यसले मानिसलाई मनोवैज्ञानिक रूपमा दिशानिर्देश गर्ने धारणा व्यक्त गरिएको छ । यस लेखमा नेपाली लोकजीवनमा प्रचलित केटाकेटीलाई कालो टीका लगाइदिनु, घाँटीमा हिङ, लसुन, सरस्यु इत्यादि कालो कपडामा बाँधिदिनु, पसलमा आइतबार वा मङ्गलबार पारेर पाँचओटा खुर्सानी र कागती झुन्याउनु, ग्रामीण समाजमा सुत्केरी रहेको घरको ढोकामा टुनामुना गर्नु, बच्चाको सिरानी तल ओछ्यानमा धारिलो चक्कु वा

फलामको हतियार राख्नु, नयाँ घर बनाइसकेपछि हनुमान्‌को पूजा गर्दा बाँसको टुप्पामा थोत्रिएको कुचो, पुरानो जुत्ता र काम नलाग्ने चाल्नो बाँधेर झुन्याउनु तथा गर्भवती महिला मरेमा चुडैल नहोस् भनेर पैतालामा सुई रोप्ने आदि टुनामुना र मोहिनीसम्बन्धी लोकव्यवहारहरूको विश्लेषण गरिएको छ । नेपाली समाजमा प्रचलित टुनामुना र मोहिनीसम्बन्धी लोकविश्वासबारे मात्र चर्चा गरिएको यस पूर्वाध्ययनबाट प्रस्तुत शोधकार्यमा जादु र तन्त्रमन्त्रसम्बन्धी लोकविश्वासको पहिचान गरी तिनका प्रयोजनको मूल्याङ्कन गर्न सहयोग पुगेको छ ।

भरतकुमार भट्टराई (२०७८) को नेपाली लोकवार्ता पुस्तकमा 'मुनामदनमा लोकतत्त्व' शीर्षकको लेखमा मुनामदन खण्डकाव्यमा प्रयोग भएका नेपाली लोकजीवनमा प्रचलित लोकविश्वासको कवितांशसहित विश्लेषण गरिएको छ । यसमा लोकतत्त्वभित्र लोकलय, लोकविश्वास, लोकव्यवहार, लोकोक्ति, लोकपद्धति, लोकमान्यता, लोकसंस्कृति र लोकसामग्रीहरू पर्ने र लोकविश्वासमा लोकका सामाजिक, सांस्कृतिक मूल्यमान्यता तथा व्यवहारहरू प्रकट हुने बताइएको छ । यस लेखमा मुनामदन खण्डकाव्यमा अभिव्यक्त भएका नेपाललाई स्वर्ग र पार्वतीको माइतीघर मान्ने, कवितालाई देवी मान्ने, चन्द्रमामा कलङ्क हुने, साइतको बेलामा आँसु देखे यात्रामा बाधा उत्पन्न हुने, हाँसेर बिदा गर्नाले इन्द्रको आसन हाँक्न सकिने, धर्मात्मी मानिस स्वर्ग जाने, पापी मानिस स्वर्ग नजाने, मानिसले ईश्वर, देवीदेवता, अप्सरा, परी र नागकन्या आदि दैवीशक्तिमा विश्वास गर्ने, जादु र टुनामुनामार्फत चमत्कारी कार्य हुने, पशुपतिनाथले सबैको रक्षा गर्ने, लाखबत्ती बाल्नाले पुण्य मिल्ने, दुर्गाको कालीस्वरूप भयङ्कर हुने, कुटिल प्रवृत्तिका मानिसले अरूलाई दुःख दिने, सतीको वचन शक्तिशाली हुने, मितेरी लगाउने, भाग्यमा विश्वास गर्ने, सपनामा भैँसीले लघाऱ्यो भने अशुभ हुने, कागले शुभाशुभको सङ्केत गर्ने, आँखा फर्फराएर शुभाशुभ सङ्केत गर्ने, नारीलाई अबला ठान्ने, बुढाबुढीले दिएको आशीर्वाद लाग्ने तथा संसार मिथ्या र जीवन सपना तुल्य हुने आदि लोकविश्वासको विवेचना गरिएको छ । यस पूर्वाध्ययनलाई प्रस्तुत शोधकार्यमा लोकविश्वासका प्रयोजनको विश्लेषण गर्न उपयोगी सामग्रीका रूपमा लिइएको छ ।

षडानन्द पौड्याल (२०७८) को *नेपाली लोकविश्वास* कृतिमा लोकविश्वासको सैद्धान्तिक चर्चा गर्दै नेपाली लोकसमाज र नेपाली साहित्यका कथा, कविता, उपन्यास, नाटक, निबन्ध र लोकगीतजस्ता विधामा प्रयुक्त लोकविश्वासको विश्लेषणात्मक अध्ययन गरिएको छ । यसमा *वेद, पुराण, महाभारत, रामायण* र *बाइबल* आदि धार्मिक ग्रन्थमा शकुनको अर्थमा लोकविश्वासको प्रयोग गरिएकाले शुभाशुभ ज्ञान गराउने विषयलाई लोकविश्वास मानिएको छ । यस कृतिमा समाज विश्वासको भरमा चलायमान हुने भएकाले लोकसमाजमा प्रचलित मान्यता र मानवनिर्मित व्यवहार नै लोकविश्वास भएको परिचय दिँदै लोकविश्वासलाई अज्ञानताका कारणबाट मानिसको मनमा उत्पन्न भई अन्धविश्वासको जगमा हुर्कने मौखिक साहित्य भनी चिनाइएको छ । यसमा मानिसको मनले असल र खराब क्षण ठम्याउन थालेदेखि लोकविश्वास सुरु मान्दै लोकविश्वासको उत्पत्ति आदिम मानवमा रहेको अज्ञानता, भय, आत्मरक्षाको प्रवृत्ति र दैवीशक्तिमा गरिने विश्वासबाट हुने बताइएको छ । यस कृतिमा आदिम मनोभावना बिस्तारै *ज्योतिषशास्त्र, सामुद्रिकशास्त्र,* सपना र आकाशवाणी आदिका माध्यमबाट लोकसमाजमा प्रसारित हुँदै जाँदा लोकविश्वास व्यापक भएको निष्कर्ष प्रस्तुत गरिएको छ । यसमा लोकविश्वासलाई शुभ, अशुभ र निदानात्मक गरी तीन भागमा वर्गीकरण गरेर विश्लेषण गर्न सकिने निचोड निकालिएको छ । यस कृतिमा मानव शरीर, व्यवहार, यात्रा, खाना, शास्त्रीय विधान, मानवेतर प्राणी, सपना, संस्कृति र नेपाली

साहित्यलाई आधार मानेर लोकविश्वासको विश्लेषण गर्दै लिखित साहित्यमा पनि प्रशस्त लोकविश्वास हुने पुष्टि गरिएको छ । प्रस्तुत पूर्वाध्ययन यस शोधकार्यका लागि लोककथामा प्रयुक्त लोकविश्वासका विषयवस्तुगत प्रकारको विश्लेषण, अभिव्यक्तिगत प्रक्रियाको समीक्षा र लोकविश्वासका प्रयोजनको मूल्याङ्कन गर्न उपयोगी रहेको छ ।

गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वाससँग सम्बद्ध भएर गरिएको उपर्युक्त समीक्षाले तिनका बारेमा विभिन्न किसिमका पूर्वाध्ययन भएको प्रस्ट पारेको छ । ती पूर्वाध्ययनमा लोकजीवन, लोकसाहित्यका विविध विषयको सैद्धान्तिक अध्ययन, खण्डकाव्य र लोककथासँग सम्बन्धित रही लोकविश्वासको अध्ययन गर्न सकिने आधार प्रस्तुत भएको छ । कतिपय अध्ययनमा लोकसाहित्यका विविध विषयको विश्लेषण गर्ने क्रममा लोकविश्वासको चर्चा गरिएको छ । तिनमा लोकविश्वासका सन्दर्भमा महत्त्वपूर्ण सूचनाहरू रहेका छन् । ती अध्ययनबाट नेपाली लोककथा र गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वाससम्बन्धी जेजति तथ्यहरू प्राप्त भएका छन्; ती प्रस्तुत शोधका सन्दर्भमा महत्त्वपूर्ण रहेका छन् ।

लोकजीवनमा आधारित अध्ययनहरूमा लोकसमाजमा प्रचलित समग्र लोकविश्वासको अध्ययन गरिएको छ । यिनमा लोकविश्वासको परिचय दिँदै वर्गीकरण र विश्लेषण गरी लोकसमाजमा परम्परादेखि नै विविध लोकविश्वास रहेका र ती जातजाति, ठाउँ, धर्मअनुसार फरक रहेको उल्लेख छ । लोकसाहित्यका विविध विषयको सैद्धान्तिक अध्ययन गरिएका पूर्वाध्ययनहरूमा लोकसाहित्यमा लोकविश्वास अनिवार्य रूपमा आउने बताइएको छ । लोकविश्वास परम्परागत मात्र नभएर समाजसापेक्ष रूपमा यसको निर्माण क्रम चलिरहने तर यो अनुसन्धेय विषय रहेको पूर्वसामग्रीहरूबाट जानकारी हुन्छ । रामायण र मुनामदन खण्डकाव्यमा आधारित अध्ययनमा स्वैरकाल्पनिक र सामाजिक व्यवहारसम्बन्धी लोकविश्वासको विवेचना गरिएको छ । यिनले मौखिक साहित्यमा मात्र नभएर लिखित साहित्यमा समेत विविध प्रकारका लोकविश्वासको अभिव्यक्ति हुने कुरा प्रस्ट पारेका छन् । लोककथामा आधारित पूर्वसामग्रीमा लोककथालाई मौखिक परम्परामा हुर्किएको जीवन्त गद्याख्यान भनी चिनाइएको छ । यी पूर्वाध्ययनहरूमा लोककथामा लोकविश्वास एउटा महत्त्वपूर्ण घटकका रूपमा रहने उल्लेख गर्दै त्यस्ता कथामा अत्यधिक लोकविश्वास हुने सङ्केत गरिएको छ ।

हालसम्म लोकजीवन र लोकसाहित्यका क्षेत्रमा लोकविश्वाससम्बन्धी जेजस्ता कार्य भएका छन्; ती अध्ययनले लोककथामा लोकविश्वासको वस्तुगत अध्ययनका लागि मार्गनिर्देश गरेका छन् । प्रस्तुत शोधकार्यको विषयसम्बद्ध पूर्वकार्यहरूको समीक्षात्मक विश्लेषणबाट नेपाली लोकजीवनमा प्रचलित लोकविश्वासको अध्ययन गरी विश्लेषण गर्ने परम्परा लामो समयदेखि चलिआएको भए पनि लोककथामा मात्र केन्द्रित रहेर तिनमा प्रयुक्त लोकविश्वासको अनुसन्धान भएको पाइँदैन भने गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा प्रयुक्त लोकविश्वासको विश्लेषण कार्य पनि भएको छैन । यी पूर्वाध्ययनमा लोकविश्वासको अवधारणाका आधारमा लोककथाको अध्ययन गर्न सकिने र लोककथामा अत्यधिक लोकविश्वास पाइने सङ्केत मात्र गरिएको छ तर यस अघि गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासको विषयवस्तुगत आधारमा विश्लेषण गरी तिनको अभिव्यक्तिगत प्रक्रिया र लोकविश्वासका प्रयोजनको मूल्याङ्कन गर्ने कार्य भएको पाइँदैन । तसर्थ गण्डकी प्रदेशमा प्रचलित नेपाली

लोककथालाई लोकविश्वाससम्बन्धी अवधारणाका आधारमा विश्लेषण गरी उक्त रिक्ततापूर्ति गर्ने ध्येयका साथ यो शोधकार्य सम्पन्न गरिएको छ ।

## १.५ शोधकार्यको औचित्य र महत्त्व

प्रस्तुत शोधमा गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका विषयवस्तुगत प्रकार, अभिव्यक्तिगत प्रक्रिया र प्रयोजनका बारेमा मौलिक किसिमले वस्तुगत र व्यवस्थित अध्ययन गरिएकाले यसको प्राज्ञिक औचित्य रहेको छ । नेपाली लोककथाको सङ्कलन गरी तिनमा प्रयुक्त लोकतत्त्वको विश्लेषण गर्ने क्रममा लोकविश्वासका सन्दर्भमा हालसम्म जेजति कार्यहरू भएका छन्, ती उपयोगी र प्रशंसनीय छन् तापनि पूर्वाध्ययनहरूमा गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासको शोधमूलक र प्राज्ञिक खोज नगरिएको परिप्रेक्ष्यमा यस प्रकारको रिक्तताको परिपूर्ति प्रस्तुत शोधबाट हुने भएकाले यो शोधकार्य औचित्यपूर्ण छ । लोकवार्ताका विषय र लोकजीवनमा प्रचलित लोकविश्वासको अध्ययन गर्ने क्रममा व्यक्त लोकविश्वाससम्बन्धी अवधारणाको प्रयोग गरी गण्डकी प्रदेशका नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासको धार्मिक मान्यता, सामाजिक व्यवहार, असाधारण शक्ति, शुभाशुभ, जादु र तन्त्रमन्त्र, निषेध र विश्वब्रह्माण्ड गरी विषयवस्तुगत प्रकारको निर्धारण गर्ने, लोककथाका संरचक तत्त्वहरू कथानक, पात्र, परिवेश र अभिप्रायमार्फत शुभाशुभ, अतिरञ्जना, धार्मिक अनुष्ठान, शक्तिनिष्ठ, जड र चेतनमा आत्मतत्त्व तथा तन्त्रमन्त्रनिष्ठ लोकविश्वासको अभिव्यक्तिगत प्रक्रियाको समीक्षा गर्ने र ती लोककथामा अभिव्यक्त लोकविश्वासका लोकमानस तथा लोकसंस्कृतिसम्बद्ध प्रयोजनको मूल्याङ्कन यस शोधमा गरिएको नवीन कार्य हो त्यसैले यसको प्राज्ञिक औचित्य सिद्ध हुन्छ ।

प्रस्तुत शोधकार्यबाट लोककथामा प्रयुक्त लोकविश्वासको अध्ययनका लागि लोकविश्वाससम्बन्धी अवधारणात्मक आधारसमेत निर्माण भएकाले यसलाई महत्त्वपूर्ण प्राप्ति मानिएको छ । प्रस्तुत शोधकार्यमा गण्डकी प्रदेशका नेपाली लोककथाहरूको सङ्कलन गरिएको हुँदा त्यहाँको अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणमा पनि सघाउ पुगेको छ । यस कार्यबाट भावी पुस्तालाई गण्डकी प्रदेशमा के कस्ता लोककथाहरू प्रचलनमा थिए तथा ती लोककथामा के कस्ता लोकविश्वास कसरी र किन अभिव्यक्त भएका थिए भन्ने ज्ञानार्जन हुने देखिन्छ । लोककथामा अभिव्यक्त लोकविश्वासको अनुसन्धानका लागि भावी शोधकर्तालाई प्रामाणिक सामग्री उपलब्ध गराउने भएकाले पनि यो शोधकार्य महत्त्वपूर्ण छ । प्रस्तुत शोध गण्डकी प्रदेशका नेपाली लोककथामा प्रयुक्त लोकविश्वासको खोजी गरी तिनको अभिव्यक्तिगत प्रक्रिया र प्रयोजन विश्लेषण गर्ने पहिलो कार्य भएको हुँदा यसले अन्य अनुसन्धानकर्तालाई यस विषयतिर आकर्षित गर्ने तथा अन्य क्षेत्रका लोककथाको सङ्कलन गरी तिनमा प्रयुक्त लोकविश्वासको अध्ययन गर्न मार्गनिर्देश गर्ने हुँदा प्रस्तुत शोधकार्यको महत्त्व रहेको छ । यसबाट बौद्धिक तथा प्राज्ञिक वर्ग र जोसुकै अध्येतालाई पनि लाभ पुग्ने भएकाले प्रस्तुत शोधकार्य महत्त्वपूर्ण रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधको विषय गण्डकी प्रदेशका नेपाली लोककथामा प्रयुक्त लोकविश्वासको अध्ययन गर्नु रहेको छ । यस शोधका निश्चित भौगोलिक र सैद्धान्तिक सीमाङ्कन रहेका छन् । यस शोधमा आवश्यक सामग्रीको सङ्कलनका लागि गण्डकी प्रदेशका कास्की, स्याङ्जा, पर्वत, गोरखा, लमजुङ, तनहुँ, मुस्ताङ र

नवलपुर जिल्लाहरूलाई भौगोलिक सीमाङ्कनका रूपमा उपयोग गरिएको छ । ती जिल्लाअन्तर्गत खासखास ठाउँबाट सामग्री सङ्कलन गर्ने कार्यमा सीमित भइएको छ । गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा प्रयुक्त लोकविश्वासको अध्ययनका लागि लोकविश्वाससम्बन्धी अवधारणालाई सैद्धान्तिक सीमाङ्कनका रूपमा प्रयोग गरिएको छ । निर्धारित भौगोलिक क्षेत्रबाट सङ्कलित लोककथामा अभिव्यक्त लोकविश्वासलाई विषयवस्तुका आधारमा धार्मिक मान्यता, सामाजिक व्यवहार, असाधारण शक्ति, शुभाशुभ, जादु र तन्त्रमन्त्र, निषेध र विश्वब्रह्माण्ड गरी विश्लेषण गरिएको छ । लोककथामा लोकविश्वासको अभिव्यक्तिगत प्रक्रियाको समीक्षाका लागि लोककथाका तत्त्वहरू कथानक, पात्र, परिवेश र अभिप्रायमार्फत शुभाशुभ, अतिरञ्जना, धार्मिक अनुष्ठान, शक्तिनिष्ठ, जड र चेतनमा आत्मतत्त्व तथा तन्त्रमन्त्रनिष्ठ लोकविश्वासको अभिव्यक्तिगत प्रक्रियाको समीक्षा गरिएको छ । लोककथामा प्रयुक्त लोकविश्वासका प्रयोजनको मूल्याङ्कनका लागि लोकमानससम्बद्ध चेतन, अवचेतन र अचेतन तथा लोकसंस्कृतिसम्बद्ध सांस्कारिक, सामाजिक, धार्मिक र शैक्षिक पक्षलाई मात्र आधार बनाइएको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्न निम्नानुसारको सामग्री सङ्कलन र विश्लेषण विधिको उपयोग गरिएको छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधका निम्ति गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथाहरू नै मुख्य सामग्री हुन् । यस शोधकार्यका लागि क्षेत्रकार्यबाट गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथाहरूको सङ्कलन गरिएको छ । गण्डकी प्रदेशका एघारओटा जिल्लामध्ये कास्की, स्याङ्जा, पर्वत, गोरखा, लमजुङ, तनहुँ, मुस्ताङ र नवलपुर गरी आठओटा जिल्लाका खासखास ठाउँको छनोट गरी त्यहीँबाट लोककथाहरूको सङ्कलन गरिएको छ । गण्डकी प्रदेशका कास्की जिल्लाअन्तर्गत पुरनचौर, शिशुवा र सिक्लेस, स्याङ्जा जिल्लाका पुतलीबजार, अर्जुनचौपारी, फेदीखोला र वालिङ, पर्वत जिल्लाका पाखापानी, लुङ्खु र हटिया, गोरखा जिल्लाका गोरखा दरबार क्षेत्र, खोप्लाङ र घलाङ, लमजुङ जिल्लाका सुयलथोक, भोटेओडार, राउतथोक र दुराडाँडा, तनहुँ जिल्लाका बन्दीपुर, देवघाट र दुम्सी, मुस्ताङ जिल्लाका ठिनी, जोमसोम, मुक्तिनाथ क्षेत्र र कागबेनी तथा नवलपुर जिल्लाका छिपेनी, ढोडेनी र झपर्दीबाट लोककथाको सङ्कलन गरिएको छ । यी स्थानहरूमा लोककथा सुन्ने र सुनाउने परम्परागत चलन प्रचुर मात्रामा विद्यमान रहेकाले क्षेत्रकार्यका लागि यिनलाई छनोट गरिएको हो भने मनाङ, म्याग्दी र बागलुङ तीन जिल्लामा प्रचलित लोककथाहरूको प्रतिनिधित्व पनि उक्त आठओटा जिल्लाका विभिन्न स्थानबाट सङ्कलित लोककथाहरूले नै गर्ने हुँदा ती जिल्लाबाट अलग्गै सामग्री सङ्कलन गरिएको छैन । प्रस्तुत शोधकार्यका लागि निर्धारित क्षेत्रमा गई विभिन्न उमेर समूह तथा जातजातिका महिला र पुरुषहरूलाई प्रत्यक्ष रूपमा भेटेर एक सय सैंतिसओटा लोककथाहरूको श्रव्यदृश्य माध्यमबाट अनि स्याङ्जा र पर्वतबाट एक/एकओटा लिखित रूपका लोककथा गरी एक सय उनन्चालिसओटा लोककथाहरूको सङ्कलन गरिएको छ । यी लोककथाहरूको सूची परिशिष्ट (ख) मा दिइएको छ ।

प्रस्तुत शोधका लागि विश्लेष्य लोककथाको छनोट गर्दा सोद्देश्य नमुना छनोट विधिको प्रयोग गरिएको छ । यस क्रममा समग्र नमुना तहअन्तर्गत नेपाली लोककथा, जनसङ्ख्या नमुना तहअन्तर्गत

गण्डकी प्रदेशमा प्रचलित एक सय उनन्चालिसओटा नेपाली लोककथा पर्दछन् । यस शोधको उद्देश्य प्राप्तिका निमित्त लोकविश्वासम्बद्ध विषयको अभिव्यक्तिगत सघनता र सबलताका आधारमा कास्की जिल्लाबाट छओटा, स्याङ्जा जिल्लाबाट आठओटा, पर्वत जिल्लाबाट छओटा, गोरखा जिल्लाबाट छओटा, लमजुङ जिल्लाबाट छओटा, तनहुँ जिल्लाबाट आठओटा, नवलपुर जिल्लाबाट सातओटा, मुस्ताङ जिल्लाका सातओटा गरी जम्मा चवन्नओटा लोककथालाई विश्लेषणका निम्ति चयन गरिएको छ र ती लोककथा परिशिष्ट (क) मा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यमा लोकविश्वाससम्बद्ध भई लोकजीवन, लोकवार्ताका विविध विषय र लोककथाको सैद्धान्तिक पक्षका बारेमा विश्लेषण गरिएका पुस्तक, पत्रपत्रिका, अनुसन्धानमूलक लेख तथा शोधप्रबन्धबाट द्वितीयक सामग्रीको सङ्कलन गरी आवश्यक ठाउँमा उपयोग गरिएको छ ।

### १.७.२ अवधारणात्मक आधार तथा विश्लेषण ढाँचा

प्रस्तुत गुणात्मक प्रकृतिको शोधमा मुख्यतः पाठविश्लेषण विधिको उपयोग गरी लोकविश्वासमा आधारित लोककथाका पाठहरूको विश्लेषण गरिएको छ । यस क्रममा शोध सामग्री विश्लेषणको अवधारणात्मक आधार र विश्लेषण ढाँचा यसप्रकार रहेका छन् ।

#### १. अवधारणात्मक आधार

लोकसाहित्यिक अध्ययनमा स्थापित रहिआएको लोकविश्वाससम्बन्धी अवधारणा नै प्रस्तुत शोधका सामग्री विश्लेषणको मुख्य आधार हो । लोकविश्वास शब्दको निर्माण 'लोक' र 'विश्वास' शब्दको मेलबाट भएको छ । संस्कृतमा 'लोक्+'घञ्' मिलेर 'लोक' शब्द बन्दछ, जसको अर्थ 'दुनियाँ' वा 'संसार' हुन्छ । यसै धातुबाट निर्मित 'लोकते' वा 'लोकित' शब्दका आधारमा लोकको अर्थ 'देख्ने', 'नजर लगाउने' वा 'प्रत्यक्ष ज्ञान प्राप्त गर्ने' हुन्छ (आप्टे, सन् १९६६, पृ. ८८३- ८८४) । 'लोक' शब्दले कुनै स्थानमा बसोबास गर्ने जनसमुदायलाई बुझाउँछ । समाजमा 'लोक' शब्दलाई 'जन' र 'ठाउँ' गरी मुख्य दुई अर्थमा प्रयोग गरिएको छ । खगेन्द्रप्रसाद लुइटेल (२०६८) का अनुसार जन' ले लोकविश्वास, लोकप्रथा, लोकधर्म, लोककल्याण र लोककलालाई र 'ठाउँ' ले पृथ्वीलोक, स्वर्गलोक, सत्यलोक, मर्त्यलोक र परलोक आदिलाई बुझाएको छ ( पृ. १) । 'लोक' शब्द मानिस र ठाउँलाई बुझाउने अर्थमा प्रयोग भएको छ । 'लोक' शब्द ज्यादै प्राचीन समयदेखि प्रचलनमा रहेको शब्द हो । लोकलाई *ऋग्वेद*मा जन, *अथर्ववेद* र *उपनिषद्*मा 'ठाउँ', *महाभारत*, *गीता* र बौद्ध दर्शनमा 'जन' का रूपमा प्रयोग गरिएको छ (लुइटेल, २०६८, पृ. १-२) । पौराणिक तथा धार्मिक ग्रन्थमा 'लोक' शब्द 'जन' र 'ठाउँ' का रूपमा प्रयोग भएको छ । नेपाली भाषामा 'लोक' भन्नाले सामान्यतः मानिस नै बुझिए पनि विशेष अर्थमा आफ्ना वरिपरि रहेको आफू निरपेक्ष मानिसको समूह लोक हो (पौडेल, २०७४, पृ. १८) । विविध अर्थमा प्रयोग हुने 'लोक' शब्दले स्थान र जनसमुदाय दुवैलाई बुझाउँछ । त्यसै गरी संस्कृत भाषामा 'श्वस्' आधार पदमा 'वि' उपसर्ग र 'घञ्' प्रत्यय लागेर बनेको 'विश्वास' शब्दले 'भरोसा' वा 'निष्ठा' लाई बुझाउँछ (आप्टे, सन् १९६६, पृ. ९५९) । यसबाट कार्य वा परम्परागत मान्यतामा गरिने आस्था वा श्रद्धा नै विश्वास भएको प्रस्ट हुन्छ । कुनै काम, कुरो, व्यक्ति, मत, नीति आदिप्रति हुने सत्यताको धारणा, दृढआस्था, पत्यार र भरोसा नै विश्वास हो (सुवेदी, २०५५, पृ. १९) । तसर्थ पूर्वपद 'लोक' ले जनसमुदाय तथा स्थान र उत्तरपद 'विश्वास' ले लोकसमुदायले दृढतापूर्वक अपनाएको आस्था वा भरोसालाई बुझाएको छन् । त्यसैले लोकजीवनले परम्परादेखि मान्दै आएका मूल्यमान्यता, रीतिरिवाज, चालचलन, संस्कार र व्यवहार नै लोकविश्वास हुन् भन्ने प्रस्ट हुन्छ ।

लोकविश्वासका बारेमा जान्नका लागि विश्वास, आत्मविश्वास र अन्धविश्वासजस्ता शब्द बुझ्नु आवश्यक छ । हंसपुरे सुवेदीले विश्वासलाई प्रस्ट पार्दै भनेका छन्- "मानिसमा जब आफूप्रति अटल विश्वास र दृढ साहस हुन्छ, कामकुराप्रति चाख र चाहना हुन्छ तब नै सफलताको आस्वादन लिन सकिन्छ" (सुवेदी, २०५५, पृ. १९) । विश्वास कुनै वस्तु, घटना वा अवस्थाप्रतिको सत्य धारणा हो । मानिसलाई आफ्नो कार्य योग्यता, सामर्थ्यको सत्यता र उपयुक्तताका सम्बन्धमा हुने दृढनिश्चय वा भरोसा नै आत्मविश्वास हो । मानिसले लोकविश्वासलाई पनि अन्धविश्वासका सापेक्षतामा बुझेका कारण यो पुरानो धारणा वा रूढि हो भन्ने गरिएको छ । परम्परागत रीतिरिवाज वा चालचलनमाथि विचार नराखी अन्धो सुरमा गरिने श्रद्धा वा विश्वास अन्धविश्वास हो (सुवेदी, २०५५, पृ. २३) । हाम्रो मन, मस्तिष्कमा गहिरोसँग बसेका अव्यावहारिक रूढिवादी परम्पराहरू अन्धविश्वास हुन्, यी अन्धविश्वास लोकसमाजमा विद्यमान छन् । पुरानो पुस्ताले सङ्केत र पूर्वसूचनाहरूमा सामूहिक विश्वास गर्दछन् तसर्थ विश्वासको मापनीय आधार परम्परागत अवधारणामा निर्भर हुन्छ (बेनेट, सन्, १९८५, पृ. २३४-२४४) । तसर्थ लोकविश्वास परम्परामा आधारित सामूहिक धारणा हो । अनुभव पुस्तान्तरण हुँदै जाँदा लामो परम्पराबाट लोकविश्वासको निर्माण हुन्छ । द्रोणकुमार पौडेलले लोकविश्वासको निर्माण प्रक्रियालाई प्रस्ट पार्दै भनेका छन्- "विश्वास आदौ कुनै निजी विचार भए तापनि कालान्तरमा सबैले मानेपछि त्यो विचार शनैः शनैः लोकविश्वासमा परिणत हुन सक्ने स्थिति बनेको पनि पाइन्छ" (पौडेल, २०७४, पृ. १२२) । यसबाट कसैको निजी विचारलाई समाजले अनुकरण गरिदिँदा लोकविश्वासको निर्माण हुने प्रस्ट हुन्छ । त्यसैले लोकले परम्परादेखि आदिम संस्कारका रूपमा पत्यार गर्दै आएका धर्म, संस्कार, चिन्तनमनन, रीतिरिवाज, चालचलन र लोकव्यवहार नै लोकविश्वास हुन् ।

लोकविश्वासको अध्ययन परम्परामा अङ्ग्रेजी, भारतीय र नेपाली लोकवार्ताविद्ले स्थापित गरेका विचारहरू महत्त्वपूर्ण छन् । सार्लट सोफिया बर्न (सन् १९१४) का अनुसार परापूर्वकालदेखि अविच्छिन्न रूपमा प्रचलित, मानवका अनुभूतिजन्य अभिव्यक्ति लोकविश्वास हुन् । तिनलाई कुनै वैज्ञानिक तथ्य र प्रमाणित आधारबिना मानिसले बानी र परम्पराका रूपमा अपनाएका हुन्छन् (पृ. १) । मानिसका अनुभूतिजन्य अभिव्यक्ति नै लोकविश्वास हुने धारणा व्यक्त भएको छ । जोन हेनरी हट्टन (सन् १९४२) का अनुसार सङ्क्षिप्त, तथ्यात्मक आधार नहुने र आकस्मिक संयोग नै लोकविश्वास हुन् (पृ. ८२) । लोकविश्वास आकस्मिक संयोगबाट निर्मित हुने धारणा छ । विलियम थम्सका अनुसार लोकवार्तामा रीतिरिवाज, प्रथा, विधिविधान, अन्धविश्वास, लोकगाथा र लोकोक्ति रहन्छन् (डन्डेस, सन् १९६५, पृ. ४) । यसले लोकवार्ताका सम्पूर्ण विषयमा लोकविश्वास रहने कुरा प्रस्ट पारेको छ । जर्ज एम. फोस्टरले लोकवार्तामा लोकविश्वास र अन्धविश्वास समावेश हुने बताएका छन् (लिच, सन् १९६५, पृ. ३९९) । लोकवार्तामा लोकविश्वास मात्र नभएर अन्धविश्वास पनि रहेको हुन्छन् । जोन एल. मिसले प्राचीन प्रख्यात विश्वासहरू, रीतिरिवाज, परम्परा र अशिक्षित ठाउँमा लोकवार्ता बाँच्ने बताएका छन् (लिच, सन् १९६५, पृ. ४०१) । यसबाट लोकविश्वासका स्रोत परम्परागत मूल्यमान्यता र रीतिरिवाज भएको स्पष्ट हुन्छ । स्टिथ थम्सनले लोकवार्तामा लोकविश्वास, उखानटुक्का, लोकसङ्गीत, चलनचल्ती, परम्परागत खेतीपाती, घरेलु अभ्यास र घरका प्रकार रहने विचार व्यक्त गरेका छन् (लिच, सन् १९६५, पृ. ४०३) । यसबाट लोकविश्वास लोकवार्ताको एक मुख्य विषयक्षेत्र रहेको कुरा प्रस्ट हुन्छ । डोन योडर (सन् १९७४) का विचारमा प्रार्थना, आशीर्वाद, टुनामुना, श्राप, दिव्यदृष्टि, सपना, भविष्यवाणी र चमत्कारजस्ता मायावी शक्तिले लोकविश्वासको एकीकृत प्रणालीमा काम गर्दछन् (पृ. २-१५) । यसबाट लोकविश्वासको क्षेत्र

व्यापक रहेको पुष्टि हुन्छ । लिन्डा देघ (सन् २००१) का अनुसार लोकविश्वासको सामाजिक मनोवैज्ञानिक आधार हुने हुँदा यसलाई मानिसले बिनासर्त विश्वास गरेका हुन्छन् (पृ. ६८) । लोकविश्वास सामूहिक मनोविज्ञान हुनाले लोकले बिनासर्त स्विकार्ने मान्यता छ । मुस्ताफा सेभर (सन्, २०११) का विचारमा लोकविश्वास लेखनपूर्वी समयदेखि एक पुस्ताबाट अर्को पुस्तामा सर्दै आएको र कुनै धार्मिक ग्रन्थमा उल्लेख नभएको तर निरन्तर प्रभाव पार्ने मानवीय विश्वास हो (पृ. १) । लोकविश्वास कुनै धार्मिक ग्रन्थमा उल्लेख नभए पनि तिनले लोकलाई प्रभावित पार्दछन् । पाश्चात्य लोकवार्ताविद्हरूका अनुसार परम्परादेखि अविच्छिन्न रूपमा प्रचलित मानवीय अनुभूतिजन्य व्यवहार र विश्वास नै लोकविश्वास हुन् । यिनको वैज्ञानिक तथ्य र कारण नभए पनि लोकले सामूहिक सत्यका रूपमा अनुकरण गरिरहेको हुन्छ ।

भारतीय लोकजीवन र लोकसंस्कृतिको अध्ययनका क्रममा लोकविश्वासको पनि चर्चा गरिएको छ । सत्येन्द्र (सन् १९७१) का अनुसार स्वैरकल्पना, आत्मशीलता, धर्म, अनुष्ठान, जादु र टुनामुनाजस्ता तत्त्वहरू लोकविश्वास हुन् (पृ. ३०-४१) । मानवीय कल्पना र लोकव्यवहारको संयुक्त रूपलाई लोकविश्वास मान्ने धारणा छ । कृष्णदेव उपाध्याय (सन् १९९१) का विचारमा ज्ञानको अभाव, भय, आत्मरक्षाको प्रवृत्ति र दैवीशक्तिको विश्वासका कारण सिर्जित मानवीय अनुभव नै लोकविश्वास हो (पृ. १-३) । लोकविश्वास अज्ञान, डर, त्रास, आत्मरक्षाको प्रवृत्ति र अदृश्य शक्तिमा विश्वास गरेका कारण उत्पत्ति हुने विचार रहेको छ । लोकविश्वास प्राचीन समयदेखि आदि जातिले वैयक्तिक र सामूहिक जीवनको आचरण बनाएको हुँदा ती नीतिनियम परम्पराबाट पोषित र मान्य भएकाले लोकको अनास्था नहुने मान्यता रहेको छ (द्विवेदी, सन् १९९१, पृ. ६३) । यसबाट के कुरा प्रस्ट हुन्छ भने मानिसका वैयक्तिक र सामूहिक आचरण नै लोकविश्वास हुन् । भारतीय अध्येताले ज्ञानको अभाव, भय, आत्मरक्षाको प्रवृत्ति र दैवीशक्तिप्रतिको विश्वासका कारण विकास भई वैयक्तिक र सामूहिक आचरणका रूपमा निरन्तर प्रचलित लोकविश्वासप्रति सबैको आस्था रहने धारणा व्यक्त गरेका छन् ।

नेपाली लोकजीवनमा लोकविश्वासको अध्ययन गर्दै हंसपुरे सुवेदी (२०५५) ले आफ्नो समाजमा परम्परादेखि पत्यार गर्दै र मानिँदै आइएका चालचलन, रीतिरिवाज वा काम कुरो आदिप्रति हुने दृढआस्था एवम् पत्यार लोकविश्वास भएको बताएका छन् (पृ. १९) । चूडामणि बन्धु (२०५८) ले प्राचीन कालदेखि अहिलेसम्म प्रचलनमा रहेका विश्वास र मान्यताहरू लोकविश्वास भएको विचार व्यक्त गरेका छन् (पृ. १५) । यहाँ परम्परागत विश्वास र मान्यता नै लोकविश्वास भएको धारणा छ । लोकसमुदायले मानसिक तहदेखि नै आस्था र श्रद्धाका साथ स्वीकार गरेका भावनात्मक विश्वास लोकविश्वास हुन् (पराजुली, २०७१, पृ. १६५) । लोकले दृढआस्था र श्रद्धापूर्वक लोकविश्वासको अनुकरण गर्दछ । लोकमा प्राचीन कालदेखि प्रचलित रहिआएका संस्कार वा विश्वास नै लोकविश्वास हुन् (पौडेल, २०७४, पृ. ११२) । लोकविश्वास लामो परम्पराबाट निर्माण हुने धारणा रहेको छ । लोकविश्वास अज्ञानताका कारण मनमा उत्पन्न हुने र अन्धविश्वासको जगमा पल्लवित बनेको मौखिक साहित्य मानिन्छ (पौड्याल, २०७८, पृ. ३०) । तसर्थ नेपाली लोकवार्ताको अध्ययनमा प्राचीन समयदेखि समाजमा दृढ रूपमा पत्यार गर्दै आइएका विश्वास, मान्यता, चालचलन, रीतिरिवाज र संस्कार लोकविश्वास भएको धारणा प्रस्तुत गरिएको छ ।

लोकविश्वासको आरम्भका सम्बन्धमा विभिन्न मतहरू रहेका छन् । आदिम मानवले प्रकृतिको शक्तिलाई जादु र टुनाद्वारा नियन्त्रणमा लिने प्रयास असफल भएपछि त्यही शक्तिको पूजाअर्चना गर्दा धर्मको विकास भएको पाइन्छ (फ्रेजर, सन् १८९०, पृ. ११-५०) । मानिसले दैवीशक्तिमा विश्वास गर्दा

लोकविश्वासको उत्पत्ति भएको धारणा छ । युङ्ग (सन् १९६९) का अनुसार सामूहिक अचेतन अनजान परिकल्पना रहेको र यो व्यक्तिगत अनुभवबाट प्राप्त नभएर जन्मसिद्ध आउने धारणा हो (पृ. ३) । तिनै जन्मसिद्ध प्राप्त सामूहिक अचेतनमा रहने धारणालाई लोकविश्वास मानिएको छ । सुमनेरले मिथ्या ज्ञान, अनुमान र दृश्यका कारण लोकविश्वासको विकास भएको मान्छन् (उपाध्याय, सन् १९९१, पृ. ४-५) । यहाँ भ्रमका कारण लोकविश्वास उत्पत्ति हुने धारणा रहेको छ । कृष्णदेव उपाध्याय (सन् १९९१) का विचारमा अज्ञानता, भयको विद्यमानता, आत्मरक्षाको प्रवृत्ति र दैवीशक्तिमा गरिने विश्वासका कारण लोकविश्वासको उत्पत्ति भएको हो (पृ. २) । यसबाट लोकविश्वास उत्पत्ति हुने खास कारण अज्ञान र भय रहेको प्रस्ट हुन्छ । हंसपुरे सुवेदी (२०५५) का मतमा लोकविश्वासको सुरुवात आदिम संस्कार र अदृश्य शक्तिमा विश्वास गर्नाले भएको हो (पृ. २७) । यी मतहरूका आधारमा लोकविश्वासको उत्पत्ति ज्ञानको कमी, दैवीशक्तिमा विश्वास, भय, आत्मरक्षाको प्रवृत्ति, मिथ्या ज्ञान, अनुमान र दृश्य, आदिम संस्कार, अदृश्य शक्तिप्रति गरिने विश्वासका कारण भएको मानिएको छ ।

लोकविश्वासको विकासमा *ज्योतिषशास्त्र, सामुद्रिकशास्त्र, तन्त्रशास्त्र* र *शकुनशास्त्र*लाई कारण मानिएको छ । *ज्योतिषशास्त्र*का आधारमा तारा र ग्रहहरूको स्थिति हेरेर भविष्य बताउने प्रचलन छ ( उपाध्याय, सन् १९९१, पृ. २१) । त्यशरीरका अङ्ग र शारीरिक चिह्नका आधारमा भविष्य बताउने *सामुद्रिकशास्त्र*लाई पनि लोकविश्वास विकासको कारण मानिएको छ (पौड्याल, २०७८, पृ.४५) । लोकविश्वासको विकासको कारण शारीरिक अङ्गको शुभाशुभ अनुमानलाई मानिएको छ । विद्यानाथ भट्ट ( २०६२) का अनुसार *तन्त्रशास्त्र*ले ज्ञानको बिस्तार गर्ने भएकाले सिद्ध तान्त्रिकले तन्त्रविद्यामार्फत मानिसका समस्या समाधान गर्दछन् (पृ. ५०) । *तन्त्रशास्त्र*ले पनि ज्ञानको बिस्तार गर्ने हुँदा यसलाई लोकविश्वास विकासको कारक मानिएको छ । लोकविश्वासको उत्पत्ति र विकासमा *शकुनशास्त्र*को भूमिका महत्त्वपूर्ण भएको विचार छ । यसले मानिस, पशुपक्षी, विभिन्न वस्तु र पदार्थ, आकाशीय पिण्ड, प्राकृतिक घटनाद्वारा शुभाशुभ भविष्यको सङ्केत गर्दछ (उपाध्याय, सन् १९९१, पृ. २३) । *शकुनशास्त्र*ले मानिस, पशुपक्षी, वस्तु, आकाशीय पिण्ड र प्राकृतिक घटना, सपना, भविष्यवाणी, आकाशवाणी र आशीर्वादमार्फत शुभाशुभ फल बताउने भएकाले लोकविश्वासको विकासमा *ज्योतिशास्त्र, सामुद्रिकशास्त्र* र *तन्त्रशास्त्र*भन्दा *शकुनशास्त्र* बढी लोकप्रिय रहेको धारणा छ ।

लोकविश्वासले लोकमानस, आदिम संस्कार र लोकसमाजका वैशिष्ट्यलाई संवहन गर्दछ । लोकविश्वासको वर्गीकरण कार्य जटिल भए पनि विद्वान्हरूले लोकवार्ताका विषयको अध्ययन गर्ने क्रममा लोकविश्वासको वर्गीकृत अध्ययन गरेका छन् । सार्लट सोफिया बर्न (सन् १९१४) ले लोकविश्वासलाई पृथ्वी र आकाश, वनस्पति, पशु, मानव, मानवनिर्मित वस्तु, आत्मा र पुनर्जीवन, दैवीशक्ति, शकुन, अपशकुन र भविष्यवाणी, जादु तथा टुनामुना र रोग तथा निदान गरी वर्गीकरण गरेकी छन् (पृ. ४) । कृष्णदेव उपाध्याय (सन् २००९) ले आकाशीय पिण्ड, पृथ्वी, पशुपक्षी, वनस्पति, मानव शरीर, सामान्य वस्तु, शकुन र अपशकुन तथा रोग र औषधी गरी लोकविश्वासको वर्गीकरण गरेका छन् (पृ. ४३) । उपाध्यायले गरेको लोकविश्वासको वर्गीकरण बर्नको निकट देखिएको छ । तुलसी दिवस (२०३६) ले धिमाल जातिमा प्रचलित लोकविश्वासको अध्ययनका क्रममा लोकविश्वासलाई शुभ तथा कल्याणको निमित्त गरिने कर्मकाण्डी विश्वास, पशुपक्षी, आङ्गिक क्रिया, शारीरिक चिह्न, साइत र बिसाइत, वस्तुको निर्माण र उपयोग, भविष्य सूचना तथा स्वप्न र निषेध गरी वर्गीकरण गरेका छन् (पृ. २२०-२४०) ।

यसबाट लोकविश्वासको अध्ययन विविध आधारमा गर्न सकिने कुरा स्पष्ट भएको छ । हंसपुरे सुवेदी (२०५५) ले लोकविश्वासलाई स्रोतका आधारमा वैदिक वाङ्मयमूलक र समाजमूलक तथा विषयगत आधारमा धार्मिक, सांस्कृतिक, आभिचारिक, व्यावहारिक तथा अन्धविश्वास र रूढि लोकविश्वास भनी वर्गीकरण गरेका छन् (पृ. २६-२८) । यसबाट लोकविश्वासको गहन र बृहत् रूपमा अध्ययन गर्न सकिने आधार स्पष्ट हुन्छ । चूडामणि बन्धु (२०५८) ले लोकविश्वासलाई लोकप्रचलित विश्वास, जनविश्वास तथा लोकरीति र लोकव्यवहार भनी वर्गीकरण गरेका छन् (पृ. १५-१६) । लोकविश्वास विश्वास, जनविश्वास र लोकव्यवहारमा आधारित रहने धारणा व्यक्त भएको छ । गोविन्द आचार्य (२०६२) ले प्रकृति एवं प्राकृतिक गतिविधि, पशुपक्षी र वनस्पति, मानव शरीर, शकुन र अपशकुन, सृष्टि, धर्म, भाग्यवाद, बहुलोक, पाप र धर्म तथा धार्मिक कर्मको फल भनी लोकविश्वासको वर्गीकरण गरेका छन् (पृ. १०७-१३१) । आचार्यले लोकविश्वासको व्यापक आयामलाई समेट्ने गरी वर्गीकरण गरेका छन् । मोतीलाल पराजुली (२०७१) ले लोकविश्वासलाई अतिकल्पना वा स्वैरकल्पना, धर्म र अनुष्ठान, जादु, टुनामुना तथा योग, आत्मशीलता र अन्य गरी पाँच भागमा वर्गीकरण गरेका छन् (पृ. १६५) । उनको वर्गीकरणमा दैवीशक्तिसम्बन्धी लोकविश्वास दोहोरिने जोखिम रहेको छ । कपिलदेव लामिछाने (२०७७) ले लोकविश्वासलाई लोकधारणा, लोकप्रचलन र लोकआस्था गरी तीन भागमा वर्गीकरण गरेका छन् (पृ. ४३) । षडानन्द पौड्याल (२०७८) ले लोकविश्वासलाई उद्देश्यका आधारमा शुभ, अशुभ र निदान गरी वर्गीकरण गरेका छन् (पृ. ५२) । लामिछाने र पौड्यालको वर्गीकरण भने संक्षिप्त रहेको छ । लोकविश्वासको वर्गीकरणका सम्बन्धमा मतभेद रहे पनि धेरै विद्वान्हरूले पृथ्वी र आकाश, मानव, मानव निर्मित वस्तु, पशुपक्षी, वनस्पति, असाधारण जीव र वस्तु, दैविक शक्ति, जादु, टुनामुना, आत्मा र पुनर्जीवन, शकुन र अपशकुन, भाग्य, भविष्यवाणी, सपना, श्राप र आशीर्वाद, निषेध र रोगको निदान तथा औषधीसम्बन्धी लोकविश्वास रहेको धारणा व्यक्त गरेका छन् ।

लोकसमाजमा प्रचलित लोकविश्वास आदिम चेतनायुक्त लोकाभिव्यक्ति हुन् । आदिम चेतनामा शुभाशुभ, अतिरञ्जना, धार्मिक अनुष्ठान, शक्ति, जड र चेतनमा आत्मा तथा तन्त्रमन्त्र जस्ता विषयहरू पर्छन् । लोकविश्वास श्रुतिपरम्पराबाट निरन्तर फैलिई समाजमा व्यावहारिक प्रयोगमा आएको विषय हो । सत्येन्द्र (सन् १९७१) का अनुसार लोकविश्वास हरेक मानिसमा जन्मेदेखि गाँसिएर आउँछन् र जीवनभरि नै रहन्छन् (पृ. ४७) । लोकविश्वासले व्यक्तिलाई सामाजिकीकरणमा मदत गर्दछ । लोकविश्वास निश्चित जाति र समुदायका मौलिक सिर्जना हुन् । ती लोकविश्वास समाजसापेक्ष परिमार्जित र परिष्कृत भने बन्दै जान्छन् (सुवेदी, २०५५, पृ. ३१) । त्यसैले गतिशील हुनु र व्यावहारिक प्रयोगमा आउनु लोकविश्वासका विशेषता हुन् । लोककथा लोकवार्ताको एक महत्त्वपूर्ण विषय भएको हुँदा तिनमा कथानक, पात्र, परिवेश र अभिप्रायजस्ता तत्त्वमार्फत आदिम चेतनायुक्त लोकचिन्तन लोकविश्वासका रूपमा व्यक्त हुन्छन् ।

समाजमा मौखिक वा लिखित साहित्यको सिर्जना खास प्रयोजनका लागि हुन्छ । विलियम बास्कमका अनुसार लोकवार्ताको मुख्य प्रयोजन लोकपरम्परालाई बलियो बनाउने, शिक्षा प्रदान गर्ने र समाजलाई नियन्त्रण गर्नु हो (बन्धु, २०५८, पृ. १७) । खास उद्देश्यमार्फत लोकवार्ताले लोकपरम्परालाई जीवित राख्दै मानिसलाई नैतिक शिक्षा दिई असल समाजको निर्माण गर्ने सहयोग गर्दछ । यिनै आधारमा लोकविश्वासको प्रयोजन लोकमानस र लोकसंस्कृतिको अभिव्यक्तिलाई मानिएको छ । यिनको खास उद्देश्य धर्म र संस्कारको ज्ञान दिने, नैतिक शिक्षा दिने, मनोविनोद प्रदान गर्ने, लोककल्याणको कामना गर्ने र

मानिसमा सदाचारको विकास गरी सभ्य समाजको निर्माण गर्ने रहेको छ । प्रस्तुत अवधारणाबाट लोककथामा लोकविश्वासको अध्ययन गर्न सकिने आधार स्पष्ट भएको छ ।

**२. विश्लेषण ढाँचा**

प्रस्तुत शोधकार्यमा सामग्री विश्लेषण गुणात्मक पद्धतिका आधारमा गरिएको छ । यसमा लोककथाका पाठहरूको विश्लेषण गरी तिनमा अभिव्यक्त लोकविश्वासको निर्क्योल गरिएको छ । यस शोधमा पाठविश्लेषण विधिको उपयोग गरी निष्कर्षमा पुगिएको छ । सामग्री विश्लेषणका लागि सार्लट सोफिया बर्न, कृष्णदेव उपाध्याय, सत्येन्द्र, तुलसी दिवस, हंसपुरे सुवेदी चूडामणि बन्धु र मोतीलाल पराजुलीले प्रस्तुत गरेका लोकविश्वाससम्बन्धी मत फ्रेजरको जादु, टुनामुनासम्बन्धी मत र फ्रायड तथा युङ्गले व्यक्त गरेका मनोविश्लेषणात्मक सिद्धान्तका आधारमा निर्मित लोकविश्वाससम्बन्धी अवधारणाको संश्लेषण गरी विश्लेषण ढाँचा तयार गरिएको छ । गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा लोकविश्वास विषयक यस शोधमा उठाइएका शोधप्रश्नसँग सम्बद्ध अवधारणा र तिनका सूचकहरू यसप्रकार रहेका छन् :

प्रस्तुत शोधकार्यको शोधप्रश्न (१) सँगसम्बद्ध जिज्ञासाको समाधानका लागि लोकविश्वासको विषयवस्तुगत अवधारणालाई आधार बनाइएको छ । गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका प्रकारगत सूचकहरू १. धार्मिक मान्यता (१) दैवीशक्तिमा विश्वास, (२) लोकहित र लोकाचार विपरीतका कार्य, (३) वंश र परम्पराका रीतिरिवाज, (४) धार्मिक अनुष्ठान, धर्मशास्त्र, बहुलोक र आत्मा तथा (५) धार्मिक व्यक्तित्व (देवदूत, योगी, जोगी, सन्तमहन्त, लामा, धामीझाँक्री) सम्बन्धी लोकविश्वास, २. सामाजिक व्यवहार (१) अर्तीउपदेश, (२) राजा, मन्त्री र कर्मचारी, (३) चतुऱ्याइँ, साहस, कुलघरान र विवाहका लागि परीक्षा, (४) परिवार र नातागोतासम्बन्धी लोकविश्वास, ३. असाधारण शक्ति (१) असाधारण चरित्र, अद्भुत क्षमता र शारीरिक संरचना, (२) असाधारण ठाउँ र प्रकृतिसम्बन्धी लोकविश्वास, ४. शुभाशुभ (१) शकुन र अपशकुन, (२) सुस्वप्न र दुःस्वप्न, (३) वरदान र आशीर्वाद, (४) श्राप र श्रापमुक्ति, (५) आङ्गिक क्रिया र शारीरिक चिह्न, (६) भाग्य र भविष्यवाणीसम्बन्धी लोकविश्वास, ५. जादु र तन्त्रमन्त्र (१) जादुको शक्ति र शक्तिको परीक्षण, (२) तान्त्रिक अनुष्ठान, (३) तपस्या, साधना, योग र सिद्धि, (४) टुनामुना, आखत र जडीबुटी, (५) तन्त्रमन्त्रमार्फत मानिस, जीवजन्तु र प्रकृतिमा अधीन, (६) रूपान्तरण (मानिस-मानिस, पशु-मानिस, मानिस-वस्तु, वस्तु-मानिस) सम्बन्धी लोकविश्वास, ६. निषेध (१) वस्तु र क्रिया निषेध (खानपान, बोलाइ, स्पर्श र यौन निषेध), (२) धर्म र संस्कारगत नीतिनियमबाट हुने निषेध, (३) नातासम्बन्धमा कुराकानी र व्यवहार निषेधसम्बन्धी लोकविश्वास, ७. विश्वब्रह्माण्ड (१) पृथ्वीसम्बन्धी (खोलानाला, वनजङ्गल, ढुङ्गा, माटो), (२) आकाशीय पिण्ड (ग्रह, सूर्य, चन्द्र) र (३) प्राकृतिक घटना (हावाहुरी, चट्याङ, बाढी, घनावृष्टि) सम्बन्धी लोकविश्वास रहेका छन् । गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका विषयवस्तुगत प्रकारको विश्लेषण गर्नुपूर्व यिनको सैद्धान्तिक परिचय दिँदै तिनलाई विविध शीर्षक र उपशीर्षकमा वर्गीकरण गरेर विश्लेषण गरिएको छ ।

प्रस्तुत शोधकार्यको शोधप्रश्न (२) सँगसम्बद्ध जिज्ञासाको समाधानका लागि लोककथाका संरचक तत्त्व (कथानक, पात्र, परिवेश र अभिप्राय) सम्बन्धी अवधारणा तथा लोकविश्वासको अवधारणात्मक वर्गीकरणलाई मुख्य आधार बनाइएको छ । गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका अवधारणात्मक सूचकहरू १. शुभाशुभसम्बन्धी शकुन र अपशकुन, भाग्य र अभाग्य, सुस्वप्न र दुःस्वप्न, वरदान र आशीर्वाद, शारीरिक चिह्न र भविष्यवाणीका आधारमा गरिने शुभ या अशुभ परिणामको अनुमान, २. अतिरञ्जनामूलक अस्वाभाविक र अतिकाल्पनिक घटनाक्रम, अलौकिक तथा चमत्कारी वस्तु, कार्य र घटना, देवीदेवता, मानव, पशुपक्षी, वृक्षवनस्पति र वस्तुमा हुने अतिरञ्जित शक्ति, ३. धार्मिक अनुष्ठानसम्बन्धी दैवीशक्तिको आराधना, स्नान, ध्यान, पाठपूजा, तीर्थ, व्रत, दान, यज्ञ, तथा पाप र पुण्यसम्बन्धी, ४.शक्तिनिष्ठ लोकविश्वासअन्तर्गत देवीदेवताको अद्भुत शक्ति, मानिस, जीवजन्तु र वस्तुमा असाधारण शक्ति तथा अतृप्तआत्मा (भूत, प्रेत, राक्षस) मा शक्ति, ५. जड र चेतनमा आत्मतत्त्वसम्बन्धी चेतनमा आत्मतत्त्व, जड वस्तुमा आत्मतत्त्व, पशुपक्षी, वृक्षवनस्पति र पदार्थका मानिसका जस्तै कार्यसम्बद्ध लोकविश्वास ६. तन्त्रमन्त्रनिष्ठ लोकविश्वासमा जादुको शक्ति, देवीदेवताको पूजापाठ र तान्त्रिक अनुष्ठान, तन्त्रमन्त्रबाट सिद्धि प्राप्त, टुनामुना तथा झारफुक र जडीबुटीबाट उपचारसम्बन्धी लोकविश्वास रहेका छन् । ती लोकविश्वासको अभिव्यक्तिगत प्रक्रियाको समीक्षा गर्नुपूर्व लोककथाका संरचक तत्त्वहरूको चिनारी र लोकविश्वासको अवधारणात्मक वर्गीकरण प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधकार्यको शोधप्रश्न (३) सँगसम्बद्ध गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा लोकविश्वासको अभिव्यक्ति किन भन्ने जिज्ञासाको समाधानका लागि लोकविश्वासको प्रयोजनसम्बन्धी अवधारणालाई मुख्य आधार बनाइएको छ । गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका प्रयोजनसम्बन्धी अवधारणात्मक सूचकहरू १. लोकमानससम्बद्ध अवधारणा (१) चेतनमनसँग सम्बन्धित अर्तीउपदेशबाट आचरणमा सुधार, सामाजिक नीतिनियम, संस्कार र मूल्यमान्यताबाट प्रभावित, विवेकपूर्ण, समाज केन्द्रित तथा धैर्य र परिपक्व, स्वअनुशासित, आत्मालोचना र कर्तव्यको पालना, (२) अवचेतन मनसँग सम्बन्धित लोककल्याण विपरीतका कार्य हुनबाट रोक, सामाजिक मेलमिलाप, समाजअनुकूल व्यवहार, समस्यासँग जुध्ने सामर्थ्य, वचनप्रति प्रतिबद्ध, भावनात्मक रूपमा परिपक्व तथा सेवाभावबाट सुखानुभूति प्राप्त, (३) अचेतन मनसँग सम्बन्धित अतिकल्पना र अस्वाभाविक क्रियाकलाप, भय, स्वार्थ र समस्याको स्वतः समाधान, दैवीशक्ति, तन्त्रमन्त्र, आत्मा, भूतप्रेत, राक्षस, पचभैया, टुनामुना र पितृमा विश्वास, सपना, भाग्य, भविष्यवाणी, वरदान, आशीर्वाद, श्राप र श्रापमुक्ति तथा शारीरिक चिह्नमार्फत शुभाशुभ परिणामको अनुमान तथा इच्छापूर्तिको तीव्र चाहना, २. लोकसंस्कृतिसम्बद्ध अवधारणा (१) धार्मिक प्रयोजनअन्तर्गत पाप र पुण्यको डर देखाएर सदाचारको विकास, धार्मिक अनुष्ठान (यज्ञ, तीर्थ, व्रत, दान), दैवीशक्तिको आराधना, देवकार्य र पितृकार्य तथा सेवाभाव, धार्मिक व्यक्तित्वमा विश्वास, जातीय संस्कार र प्रथामा विश्वास, धर्मशास्त्र, तीर्थस्थल र अवतारसम्बन्धी लोकविश्वास, (२) शैक्षिक प्रयोजनअन्तर्गत अर्तीउपदेशमूलक शिक्षा (अल्छी, लोभ, घमन्ड), धार्मिक शिक्षा ( दैवीशक्तिको श्रद्धा, सदाचार) र समाज व्यवहारमूलक शिक्षा (असल चरित्र, इमान्दार) सम्बद्ध लोकविश्वास, (३) सामाजिक प्रयोजनअन्तर्गत सामाजिक आचरणको पालना, पारिवारिक र सामाजिक उत्तरदायित्व बहन, सामाजिक मेलमिलाप तथा परिवार र नातागोतासम्बद्ध लोकविश्वास तथा (४) सांस्कारिक प्रयोजनअन्तर्गत संस्कारगत धारणा, विधि र प्रक्रियासम्बन्धी ज्ञान, छैटी, विवाह, मितेरी साइनो, टीका ग्रहण, अन्त्येष्टि र कुलपूजन संस्कारसम्बन्धी तथा दाइजो, बलि र सतीप्रथासम्बन्धी लोकविश्वासका प्रयोजनको मूल्याङ्कन गरिएको छ । गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका प्रयोजनको मूल्याङ्कन गर्नुपूर्व लोकमासनसम्बद्ध चेतन, अवचेतन र अचेतन तथा लोकसंस्कृतिसम्बद्ध धार्मिक, शैक्षिक, सामाजिक र सांस्कारिक प्रयोजनको अवधारणात्मक परिचय दिइएको छ ।

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधप्रबन्धको संरचनालाई सुव्यवस्थित गर्नका लागि यसलाई पाँचओटा परिच्छेदमा सङ्गठित गरिएको छ । यस शोधप्रबन्धको परिच्छेद विभाजनको मूल स्वरूप निम्नानुसार रहेको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका विषयवस्तुगत प्रकार |
| तेस्रो परिच्छेद | : | गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा लोकविश्वासको अभिव्यक्तिगत प्रक्रिया |
| चौथो परिच्छेद | : | गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका प्रयोजन |
| पाँचौँ परिच्छेद | : | सारांश तथा निष्कर्ष |

**परिशिष्टहरू**

| | | |
|---|---|---|
| परिशिष्ट (क) | : | गण्डकी प्रदेशका निर्धारित स्थानबाट सङ्कलित र यस शोधका निम्ति चयन गरिएका लोककथाका पाठहरू |
| परिशिष्ट (ख) | : | गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथाका स्रोतव्यक्तिहरूको सूची |
| परिशिष्ट (ग) | : | लोककथा सङ्कलनका लागि निर्धारित अध्ययन क्षेत्रको नक्सा |

**सन्दर्भ सामग्रीसूची**

## दोस्रो परिच्छेद

# गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका विषयवस्तुगत प्रकार

### २.१ विषयप्रवेश

प्रस्तुत परिच्छेद गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासको विश्लेषणमा केन्द्रित रहेको छ । लोककथा मानवीय सभ्यतासँगै निरन्तर गतिशील लोकसाहित्यको एउटा महत्त्वपूर्ण विधा हो । मानिसले आफ्ना अनुभव रोचक र कलात्मक शैलीमा भन्ने र सुनाउने क्रममा लोककथाको विकास र विस्तार भएको हुँदा यसमा लोकमानसका अनुभव, लोकव्यवहार, मूल्यमान्यता, रीतिरिवाज, धर्म, संस्कार र चालचलन आदि लोकविश्वासका रूपमा अभिव्यक्त भएका हुन्छन् । लोकसमाजमा तिनै मूल्यमान्यता र व्यवहार पुस्तौँपुस्ता हस्तान्तरण भई सामूहिक सत्यका रूपमा प्रचलित छन् । नेपाली लोककथामा धर्म, संस्कृति, संस्कार, ऐतिहासिक पक्ष, अर्तीउपदेश, मानवीय स्वभाव, पशुपक्षी, वनस्पति र पदार्थ, दैवी या अलौकिक शक्ति, जादु, तन्त्रमन्त्र र अतिमानवीय आदि विषयवस्तुको प्रयोग हुने भएकाले तिनमा लोकविश्वासको अभिव्यक्ति हुन्छ । यस अध्ययनमा गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासको विश्लेषण गर्नुपूर्व विषयवस्तुगत दृष्टिले गरिने तिनको प्रकारगत वर्गीकरणसम्बन्धी दृष्टिकोण प्रस्तुत गरी गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा व्यक्त लोकविश्वास धार्मिक मान्यता, सामाजिक व्यवहार, असाधारण शक्ति, शुभाशुभ, जादु र तन्त्रमन्त्र, निषेध र विश्वब्रह्माण्ड गरी मुख्य सात पक्षसँग सम्बद्ध भएकाले तिनैलाई विश्लेषणको आधार बनाइएको  छ ।

### २.२ लोकविश्वासका विषयवस्तुगत प्रकारसम्बन्धी अवधारणा

लोकविश्वास लोकवार्ताका लोककविता, लोकगीत, लोकगाथा, लोकनाटक, लोककथा, उखान, टुक्काजस्ता विविध विधामा रहने एक विषयवस्तुगत घटक हो । यसले लोकमानस, आदिम संस्कार र लोकसमाजका वैशिष्ट्यलाई संवहन गर्दछ । समाजमा रहेका धेरै लोकविश्वासको वर्गीकरण गरी अध्ययन गर्ने कार्य जटिल भए पनि विद्वान्हरूले विभिन्न कालखण्डमा लोकवार्ताका स्रोत र विषयक्षेत्रको अनुसन्धान गर्ने क्रममा लोकविश्वासको वर्ग विभाजन गरी अध्ययन गरेका छन् । प्रस्तुत शोधका निम्ति तिनको वर्गीकृत अवस्थाका बारेमा विद्वान्हरूका मतको सर्वेक्षण गरी वर्गीकरणका आधारहरू प्रस्तुत गरिएको छ ।

लोकविश्वासको वर्गीकरण गर्ने क्रममा सार्लट सोफिया बर्न (सन् १९१४) ले लोकविश्वासलाई (क) पृथ्वी र आकाश, (ख) वनस्पतिजगत्, (ग) पशुजगत्, (घ) मानवजगत्, (ङ) मानवनिर्मित वस्तु, (च) आत्मा र पुनर्जीवन, (छ) दैवीशक्ति, (ज) शकुन, अपशकुन र भविष्यवाणी, (झ) जादु तथा टुनामुना तथा (ञ) रोग र निदान भनी वर्गीकरण गरेकी छन् (पृ. ४) । यसमा  लोकविश्वासको बृहत् आयामलाई समेटेर गरी वर्गीकरण गरिएको छ । कृष्णदेव उपाध्याय (सन् २००९) बाट लोकविश्वासलाई (क) आकाशीय पिण्ड, (ख) पृथ्वी, (ग) पशुपक्षी, (घ) वनस्पति जगत्, (ङ) मानव शरीर, (च) सामान्य वस्तु, (छ) शकुन र अपशकुन एवम् (ज) रोग, बिमार तथा औषधीसम्बन्धी वर्गीकृत अध्ययन गरेका छन् (पृ. ४३) । उपाध्यायले लोकविश्वासको व्यापक विषय क्षेत्रलाई समेटेका छन् । तुलसी दिवसले धिमाल जातिको लोकजीवनको अध्ययन गर्ने क्रममा लोकविश्वासको निम्नानुसार वर्गीकरण गर्न सकिने बताएका छन् :

(क) शुभ तथा कल्याणको निमित्त गरिने कर्मकाण्डी विश्वासअन्तर्गत समृद्धि, सफलता र शुभलाभ तथा संरक्षणसम्बन्धी, (ख) पशुपक्षी विषयक विश्वासअन्तर्गत पशु र पक्षीसम्बन्धी, (ग) आङ्गिक क्रिया विषयक विश्वास, (घ) शारीरिक चिह्न विषयक, (ङ) साइतबिसाइत विषयक, (च) वस्तुको निर्माण र उपयोग विषयक, (छ) भविष्य सूचना विषयक, (ज) स्वप्न विषयक विश्वासअन्तर्गत आगोपानी, रुखबिरुवा, फलफूल, पशुपक्षी, दुध, दही तथा माछा, मासुसँग सम्बन्धित स्वप्न विश्वास र व्यक्ति तथा जातिसम्बन्धी स्वप्न विषयक लोकविश्वास, (झ) निषेध विषयक विश्वासअन्तर्गत (अ) घरेलु वस्तु तथा कार्यसम्बन्धी निषेधहरू, खाद्यवस्तु, पेय वस्तु, लवाइ, बसाइ, आगो तथा प्रयोगमा आउने साधनसित सम्बन्धित, व्यवसाय तथा विशेष काम र अन्य, (आ) विविध संस्कारसम्बन्धी निषेधहरू, (इ) सामाजिक निषेधहरू, (उ) समय र बारसम्बन्धी निषेधहरू, (ऊ) थर विशेषले मान्ने निषेधहरू र (ए) विविध निषेधहरू रहेका छन् । (दिवस, २०३६, पृ. २२०-२४०)

तुलसी दिवसद्वारा लोकविश्वास र यसको व्यापक सन्दर्भलाई समेटेर लोकविश्वासको वर्गीकरण गर्न सकिने आधार प्रस्तुत गरिएको छ ।

हंसपुरे सुवेदी (२०५५) ले लोकविश्वासलाई स्रोतका आधारमा वैदिक वाङ्मयमूलक र समाजमूलक तथा विषयगत आधारमा (क) धार्मिक, (ख) सांस्कृतिक, (ग) आभिचारिक, (घ) व्यावहारिक तथा (ङ) अन्धविश्वास र रूढि लोकविश्वास गरी पाँच वर्गमा विभाजन गरेका छन् (पृ. २६-२८) । सुवेदीद्वारा नेपाली जनजीवनमा प्रचलित लोकविश्वासको सूक्ष्म र बृहत् आयाममा वर्गीकरण गरी अध्ययन गर्न सकिने विचार व्यक्त गरिएको छ ।

चूडामणि बन्धुले लोकविश्वासलाई लोकवार्ताको एउटा मुख्य प्रकारका रूपमा चिनाउँदै निम्नानुसार वर्गीकरण गरेका छन् :

(क) लोकप्रचलित विश्वासअन्तर्गत विश्वब्रह्माण्ड, प्रकृति, पशुपक्षी, रुखपात, दिन, महिना, स्वप्न, शकुन र अपशकुन, (ख) जनविश्वासअन्तर्गत भूत, प्रेत, डाकिनी, बोक्सी, जादु, धामी, झाँक्री र तीसँग सम्बन्धित लोकव्यवहार, (ग) लोकरीति र लोकव्यवहारअन्तर्गत जीवनका संस्कारहरू, चाडपर्व, व्रत, उपवास र पूजाविधि, सम्मान र अभिवादनका विधिहरू तथा धर्म, विश्वास र मान्यताहरू लोकविश्वास हुन् । (बन्धु, २०५८, पृ. १५-१६)

चूडामणि बन्धुबाट लोकविश्वासलाई लोकप्रचलन, जनविश्वास र लोकव्यवहार गरी मुख्य तीन वर्गमा विभाजित गरिएको छ ।

गोविन्द आचार्य (२०६२) ले लोकविश्वासलाई (क) प्रकृति एवं प्राकृतिक गतिविधि, (ख) पशुपक्षी र वनस्पतिसम्बन्धी पशु, पक्षी र वनस्पति, (ग) मानव शरीर, (घ) शकुन र अपशकुन, (ङ) सृष्टि तथा (च) धर्मसम्बन्धी भाग्यवाद, बहुलोक, पाप र धर्म, धार्मिक कर्मको फल प्राप्तिसम्बन्धी गरी छ प्रकारमा वर्गीकरण गरेका छन् (पृ. १०७-१३१) । उनले लोकजीवनमा प्रचलित लोकविश्वासको बहृत् आयामलाई समेटेर अध्ययन गर्न सकिने धारणा प्रस्तुत गरेका छन् । मोतीलाल पराजुली (२०७१) ले लोकविश्वासलाई (क) अतिकल्पना वा स्वैरकल्पना, (ख) धर्म र अनुष्ठान, (ग) जादु, टुनामुना तथा योग, (घ) आत्मशीलता प्रतिका विश्वास र (ङ) अन्य लोकविश्वास गरी पाँच भागमा वर्गीकरण गरेका छन् (२०७१, पृ. १६५) । पराजुलीले लोकविश्वासको व्यापक आयामलाई समेट्ने गरी वर्गीकरण गरेका छन् । कपिलदेव लामिछाने (२०७७) ले लोकविश्वासलाई लोकधारणा, लोकप्रचलन र लोकआस्था गरी तीन

भागमा वर्गीकरण गरेका छन् (पृ. ४३) । यो वर्गीकरण संक्षिप्त रहेको छ । षडानन्द पौड्याल (२०७८) ले लोकविश्वासलाई उद्देश्यका आधारमा शुभ, अशुभ र निदान गरी वर्गीकरण गरेका छन् (पृ. ५२) । लोकविश्वासको उद्देश्यका आधारमा मात्र गरिएको यस प्रकारको वर्गीकरणले लोकविश्वासको व्यापक सन्दर्भलाई समेट्न सक्ने देखिँदैन ।

लोकविश्वासको वर्गीकरणसम्बन्धमा सार्लट सोफिया बर्न, कृष्णदेव उपाध्याय, तुलसी दिवस, चूडामणि बन्धु, गोविन्द आचार्य र मोतीलाल पराजुलीको वर्गीकरणमा धेरै समानता देखिन्छ । हंसपुरे सुवेदीले लोकविश्वासलाई स्रोत र विषयका आधारमा वर्गीकरण गरेका छन् । कपिलदेव लामिछानेले लोकधारणा, लोकप्रचलन र लोकआस्था तथा षडानन्द पौड्यालले शुभ, अशुभ र निदानात्मक गरी लोकविश्वासको वर्गीकरण गरेका छन् । लोकविश्वासको वर्गीकरणका सन्दर्भमा मतभेद रहे पनि धेरैले पृथ्वी र आकाश, मानवजगत्, मानव निर्मित वस्तु, पशुपक्षी, वनस्पतिजगत्, असाधारण जीव र वस्तु, दैविक शक्ति, जादु, टुनामुना, आत्मा र पुनर्जीवन, शकुन र अपशकुन, भाग्य, भविष्यवाणी, सपना, श्राप र आशीर्वाद, निषेध र रोगको निदान तथा औषधीसम्बन्धी लोकविश्वास रहेको धारणा व्यक्त गरेका छन् । माथि उल्लिखित लोकविश्वासको विषयगत वर्गीकरणलाई मुख्य आधार बनाई यस परिच्छेदमा गण्डकी प्रदेशमा प्रचलित लोककथामा अभिव्यक्त लोकविश्वासलाई धार्मिक मान्यता, सामाजिक व्यवहार, असाधारण शक्ति, शुभाशुभ, जादु र तन्त्रमन्त्र, निषेध र विश्वब्रह्माण्ड गरी सात भागमा वर्गीकरण गरेर विश्लेषण गरिएको छ ।

### २.२.१ धार्मिक मान्यतासम्बन्धी लोकविश्वास

कुनै वस्तुमा हुने स्वभाविक गुण वा सहज वृत्तिलाई धर्म भनिन्छ । यसले व्यक्ति, जाति र सम्प्रदायका कर्तव्य वा शास्त्रनिहित आचरणलाई बुझाउँछ (आप्टे, सन् १९६६, पृ. ४८९) । तसर्थ आफ्नो कर्तव्य पूरा गर्नु र सदाचारमा बस्नु धर्म हो । हंसपुरे सुवेदी (२०५५) का अनुसार लोकमा परम्परादेखि चलेको लोकमर्यादा र आचारविचारलाई हानि नपुऱ्याउने असल वा हितकारी कर्म नै धर्म वा पुण्य हो (पृ. ३५) । लोकले परम्परागत चलनको अनुसरण र लोककल्याणका कार्य गर्दा धर्म भई पुण्य प्राप्त हुने कुरामा विश्वास गर्छ । धर्म प्राप्तिका लागि मानिसले जप, तप, यज्ञ, तीर्थ, व्रत, दान र पूजापाठ आदि गर्छन् । धार्मिक मानिसले आचरण, व्यवहार र धर्मशास्त्र तथा ईश्वरमाथिको आस्थालाई धर्म मानेका छन् ( सापकोटा, २०७२, पृ. ४२) । लोककथामा देवीदेवता, धर्मकर्म, धार्मिक व्यक्ति र धार्मिक कृत्यसम्बन्धी लोकविश्वास अभिव्यक्त हुन्छन् । लोककथामा अभिव्यक्त हुने दैवीशक्ति, धार्मिक व्यक्तित्व, पाप र पुण्य, धर्मशास्त्र, जातीय संस्कार र प्रथा, तीर्थ, पुनर्जन्म तथा आत्मासम्बन्धी लोकविश्वास धार्मिक मान्यतामा आधारित छन् (पराजुली, २०७१,
पृ. १६९) । यी मान्यतामा धर्मका कारण पुण्य प्राप्त हुने धारणा व्यक्त भएको छ । धार्मिक अनुष्ठानमार्फत दैवीशक्तिको प्रार्थना र पूजापाठ गर्नाले अलौकिक शक्तिको कृपा प्राप्त हुने विश्वास छ (बर्न, सन् १९१४, पृ. ९९) । धार्मिक अनुष्ठान गर्नाले देवीदेवताबाट अलौकिक शक्ति प्राप्त हुने लोकधारणा रहेको छ ।

लोककथामा आत्मा र पुनर्जन्मसम्बन्धी लोकविश्वास पनि अभिव्यक्त भएका हुन्छन् । आत्मा प्राणीलाई जीवित र सक्रिय तुल्याइरहने चेतनतत्त्व हो र यस जगत्को निर्माण त्यही चैतन्यबाट भएको मानिन्छ (पाण्डेय, सन् १९७८, पृ. २६७) । आत्मा अजर, अमर र सबै वस्तुको साक्षी हो भन्ने वाद

आत्मावाद हो । सोमप्रसाद खतिवडा (२०७४) का अनुसार आत्मावादले सबैतिर व्याप्त भएको विषय भोग गर्ने वस्तुका रूपमा आत्मालाई स्विकार्छ (पृ. ७२) । यहाँ आत्मालाई ब्रह्माण्डका सबै वस्तुमा रहेको सर्वव्यापी तत्त्व भनिएको छ । मानिसले जीवित र मृत शरीर देखेर आत्मासम्बन्धी धारणा निर्माण गरेको पाइन्छ । यस्ता आत्मा पूर्वज, भूतप्रेत, पिशाच, राक्षस, रुखपात, पशुपक्षी र ढुङ्गामाटो जेसुकैमा रहने भएकाले असल आत्माबाट देवता र खराब आत्माबाट भूतको विचार उत्पन्न भएको मानिन्छ (शर्मा, २०७५, पृ. १४४) । लोकमा असल आत्मालाई देवता र खराब आत्मालाई राक्षस मान्ने धारणा छ । गौरीशङ्कर वशिष्ठ (२०६६) का अनुसार हिन्दु धर्ममा देहको अन्त्य भए पनि आत्मा अजर रहने विश्वास छ

(पृ. १११) । हिन्दु धर्ममा आत्मालाई अविनाशी तत्त्व मानिएको छ । मानिस मरेपछि पितृ हुने र उचित संस्कार नपाएमा आत्मा भड्कने लोकविश्वास भएको हुँदा पितृको तृप्तिका लागि श्राद्धकर्म गर्ने चलन पाइन्छ (पन्थी, २०७३, पृ. २३९) । लोककथामा आत्मा अजरअमर रहने धारणा लोकविश्वासका रूपमा आएको हुन्छ । लोककथामा वृक्षवनस्पति, हावापानी, ढुङ्गोमाटो र पदार्थमा मानिसले जस्तै बोल्न, हिँड्न, काम गर्न, विचार र विवेक गर्न सक्ने लोकविश्वास रहेको छ  (पराजुली २०७१, पृ. १९३) । लोकले यस ब्रह्माण्डका सबै पदार्थमा आत्मतत्त्व रहने विश्वास गरेको हुन्छ । यहाँ गण्डकी प्रदेशका नेपाली लोककथामा व्यक्त धार्मिक मान्यतामा आधारित धर्म र अनुष्ठान, आत्मा र दैवीशक्तिसम्बन्धी लोकविश्वासको अध्ययन गरिएको छ ।

### २.२.२ सामाजिक व्यवहारसम्बन्धी लोकविश्वास

समान उद्देश्य भएका निश्चित भूगोलमा बसोबास गर्ने उस्तै रहनसहन हुने मानिसहरूको समूह समाज हो । समाजका मूल्यमान्यताबाट निर्दिष्ट क्रियाकलाप नै सामाजिक व्यवहार हुन् । राम र मुकेश आहूजा (सन् २००८) का अनुसार मानिसले समाजबाट व्यक्तिगत सुरक्षा, मार्गदर्शन र नियन्त्रण प्राप्त गर्छ (पृ. ८६) । समाजले नै व्यक्तिको सुरक्षा र मार्गदर्शन गर्ने हुँदा व्यक्तिको जीवन निर्माणमा समाजको महत्त्वपूर्ण भूमिका हुन्छ । मानिसले समाजमा प्रचलित मूल्यमान्यता र व्यवहारको अनुसरण गर्ने हुँदा समाज मानवीय जीवन निर्माणको आधार हो । मानव समाजमा सामाजिक चेतना लोकविश्वासको जगमा विस्तार हुने हुँदा लोकमा लोकविश्वासमा आधारित समाज र जीवनको प्रतिबिम्ब प्रकट हुन्छ (पौड्याल, २०७८, पृ. ४०) । लोकविश्वासमा समाजको ऐतिहासिक र सामाजिक पक्ष प्रतिबिम्बित हुन्छ । विश्वासका आधारहरू लोक परिस्थिति, परम्परा र प्रसङ्ग आदि जीवन व्यवहारअनुरूप देखापर्ने र ती समाजअनुसार परिवर्तनशील भएको पाइन्छ (सुवेदी, २०५५, पृ. २६) । लोकविश्वासको स्रोत समाज हो र यो समाजसापेक्ष परिवर्तनशील  हुन्छ ।

समाजमा सामाजिक व्यवहारमा आधारित प्रशस्त लोकविश्वास प्रचलनमा रहेका छन् । मोतीलाल पराजुली (२०७७) का अनुसार राजा, मन्त्री, कर्मचारी, ठुला व्यक्तिहरू, परिवार र नातागोता, दम्पती, जातजाति र नीति, आचरण तथा शिक्षासम्बन्धी लोकविश्वास सामाजिक व्यवहारमा आधारित छन् (पृ. १७२) । लोकले विभिन्न नातासम्बन्धमा रहेर दैनिक क्रियाकलाप सम्पन्न गर्छ भने ती व्यवहार सामाजिक चेतनाअनुरूप निर्देशित हुने हुँदा व्यक्तिमा लोकविश्वासको प्रभाव रहेको हुन्छ ।

मानिसले सामाजिक क्रियाकलाप सम्पन्न गर्दा विभिन्न किसिमका परीक्षाहरूको सामना गर्छन् । कुनै व्यक्तिसँग पारिवारिक र व्यावसायिक सम्बन्ध स्थापित गर्दा परीक्षामार्फत उक्त व्यक्तिको बुद्धिविवेक, धैर्य, चलाखी, मुर्ख्याइँ र साहसजस्ता स्वभाव जानेर मात्र सम्बन्ध विस्तार गर्ने लोकधारणा छ । लोकसमाजमा धर्म र अधर्म, कुलघरान तथा व्यक्तिको परिचय, विवाहका लागि, चतुऱ्याइँ, सामर्थ्य र साहस र अन्य परीक्षा लिने लोकविश्वास रहेको छ (पराजुली, २०७१, पृ. १७१) । यी सामाजिक व्यवहारमा आधारित परीक्षाहरू पनि लोकविश्वासका स्रोत हुन् । गण्डकी प्रदेशका नेपाली लोककथामा सामाजिक व्यवहारमा आधारित नीति, आचरण र शिक्षा, राजा, मन्त्री र कर्मचारी, परीक्षा तथा परिवार र नातागोतासम्बन्धी लोकविश्वासको अध्ययन गरिएको छ ।

### २.२.३ असाधारण शक्तिसम्बन्धी लोकविश्वास

विशिष्ट किसिमको क्षमता, साहस वा अद्‌भुत सामर्थ्य नै असाधारण शक्ति हो । लोककथाको कथानकमा असाधारण घटना अद्‌भुत पात्रमार्फत असामान्य परिवेशमा घटित हुन्छन् । यस्ता कथामा देवीदेवता, मानिस, जीवजन्तु, विभिन्न वस्तु, वनस्पति र प्रकृतिमा असाधारण शक्तिको चित्रण गरिएको हुन्छ । असाधारण क्षमतायुक्त पात्रहरू अतिकल्पनाका माध्यमबाट सिर्जना हुन्छन् । लोककथामा चित्रण गरिने तन्त्रशक्तिद्वारा सूर्य र चन्द्रमालाई खिच्ने, देवतालाई बन्धनमा राख्ने, राक्षसलाई आफ्नो वशमा पार्ने, धेरै टाढा देख्ने र हिँड्ने तथा स्वादका आधारमा वस्तु पत्ता लगाउने मानिस अद्‌भुत पराक्रमयुक्त अतिमानव हुन् (पराजुली, २०७१, पृ. १७५) । लोककथामा असाधारण क्षमतायुक्त मानवीय पात्रहरूको प्रयोग भएको हुन्छ । संसारमा थलचर, जलचर र नभचर आदि जीवधारीका सम्बन्धमा प्रशस्त लोकविश्वास प्रचलित रहेका छन् (उपाध्याय, सन् १९९१, पृ. ६७) । यसबाट लोकजीवनमा जीवसम्बन्धी विविध लोकविश्वास प्रचलनमा रहेको पाइन्छ । तुलसी दिवस (२०७७) का अनुसार नेपाली लोककथाहरूमा पशुपक्षी पात्रहरूले मान्छेको भाषा बोलेर एकअर्कालाई मान्छेको व्यवहार गर्दछन् (पृ. ३२) । ती असाधारण क्षमतायुक्त जीवजन्तुमा रहेको विशेष शक्ति मानवीय हितमा प्रयोग भएको हुन्छ ।

लोककथामा विभिन्न वस्तुमा विशेष शक्ति रहने कल्पना गरिएको छ । वस्तुमा रहने जादुमयी शक्तिका कारण मानिसले गर्न नसकेका अद्‌भुत कार्यहरू सजिलै सम्पन्न भएको पाइन्छ (पराजुली, २०७१, पृ. १७८) । विविध वस्तुमा रहेको अद्‌भुत शक्तिले नायक वा नायिकालाई अप्ठ्यारो परिस्थितिमा सहयोग गरी सफल बनाउँछन् । लोककथामा वृक्षवनस्पतिमा असाधारण क्षमता रहने कल्पना गरिएको छ । धेरैजसो लोककथामा अन्यायमा परेका र विश्वासघातको सिकार भएका पात्रहरूको सहयोगका लागि रुखबिरुवा तथा फलफूल पात्रहरू आउँछन् भने कतै उनीहरू परिवर्तित योनि वा रूप लिएर आएका हुन्छन् (दिवस, २०७७, पृ. ४१) । रुखबिरुवा र फलफूलले मानिसलाई अप्ठ्यारोमा सहयोग गर्ने र रूप परिर्वतन गर्ने कार्य उनीहरूमा रहने असाधारण शक्तिका कारण सम्भव भएको हो । मानिसले प्रकृति विज्ञानविपरीत प्रकृतिको असाधारण शक्तिको अतिकल्पना गरेको छ । लोकले पृथ्वीभन्दा बाहिर अकल्पनीय ठाउँहरू छन् भन्ने विश्वास गरेकाले चौध लोकसम्बन्धी मान्यता स्थापित भएको छ (पराजुली, २०७१, पृ. १७५) । लोककथामा विश्वब्रह्माण्डका विभिन्न स्थान र प्रकृतिमा विशेष शक्ति रहने कल्पना गरिएको छ । लोककथामा देवीदेवता, मानिस, जीवजन्तु, वृक्षवनस्पति, विभिन्न वस्तु र प्रकृतिमा असाधारण शक्तिसम्बन्धी लोकविश्वास रहेका छन् । गण्डकी प्रदेशका नेपाली लोककथामा मानव, जीवजन्तु, वस्तु र प्रकृतिको असाधारण शक्तिसम्बन्धी लोकविश्वासको अध्ययन गरिएको छ ।

### २.२.४ शुभाशुभसम्बन्धी लोकविश्वास

शुभाशुभ भन्नाले शुभ या अशुभ भन्ने हो । शुभद्वारा मङ्गलकारी, पवित्र र समृद्धशाली तथा अशुभद्वारा अमङ्गलकारी, अपवित्र र दुर्भाग्यलाई बुझाइएको हुन्छ । लोकले कुनै प्राकृतिक अवस्था, व्यक्ति, जीवजन्तु वा तिनका क्रियाकलाप र सपना आदिलाई शुभ या अशुभ मान्दै आएको छ (भट्टराई, २०७९, पृ. ७०९) । लोकले प्रकृति, व्यक्ति, जीवजन्तु र वस्तुका अवस्था तथा क्रियाकलापबाट शुभाशुभको अनुमान गर्ने लोकधारणा छ । प्राचीन समयमा शुभाशुभ फलको विवेचना गर्ने शास्त्रलाई *शकुनशास्त्र* भनिएकाले त्यस समयमा लोकविश्वासलाई नै शकुन भनिएको छ । *अमरकोश*मा 'शकुन्ति पक्षी शकुनी शकुन्तः शकुना-द्विजा' भनिएको हुनाले प्राचीन समयमा पक्षीलाई शुभाशुभको सङ्केत गर्ने प्राणी मानिएको छ ( पौड्याल, २०७७, पृ. १७) । यसबाट प्राचीन समयमा लोकविश्वासलाई *शकुनशास्त्र* र पक्षीलाई शुभाशुभको सङ्केतक मानिएको प्रस्ट हुन्छ । लोकव्यवहारमा भने अन्य प्राणीहरू, तिनका क्रियाकलाप र शारीरिक संरचनाका आधारमा समेत शुभाशुभको अनुमान गरिएको छ ।

लोकसमाजमा शकुन र अपशकुन, स्वप्न र दुःस्वप्न, वरदान, आशीर्वाद, श्राप र श्रापमुक्ति, भाग्य र अभाग्य, भविष्य, भविष्यवाणी, शारीरिक अङ्ग र तिनका क्रियाकलापका आधारमा शुभाशुभ लोकविश्वासको अनुमान गर्ने चलन छ । लोकविश्वासका शुभ र अशुभ सङ्केतहरू *धर्मशास्त्र, ज्योतिषशास्त्र, शकुनशास्त्र* आदिसँग सम्बन्धित हुन्छन् (सुवेदी, २०५५, पृ. २९) । शकुन, सुस्वप्न, वरदान र आशीर्वादले शुभ परिणाम बताउने तथा अपशकुन, दुःस्वप्न, श्राप र अभाग्यले अशुभ परिणाम, शारीरिक अङ्ग तथा चिह्न र भविष्यवाणीले शुभाशुभ दुवै परिणाम बताउने लोकधारणा छ । हंसपुरे सुवेदी (२०५५) का अनुसार आकस्मिक रूपमा घट्ने घटनालाई शुभाशुभको सङ्केत मानिन्छ (पृ. २८) । मानिसले शुभ सङ्केत देखिएमा कार्य सिद्धि हुने र अशुभ सङ्केत देखिएमा कार्यमा विघ्नबाधा आइपर्ने विश्वास गर्छन् । अशुभ सङ्केत देखिएमा दोष निवारणका लागि जप, तप, तीर्थ, व्रत, पूजा र प्रार्थना गर्ने चलन छ । यहाँ गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा भाग्य, भविष्यवाणी, वरदान र आशीर्वाद, शकुन र अपशकुन, सुस्वप्न र दुःस्वप्न, आङ्गिक क्रिया र शारीरिक चिह्न, श्राप र श्रापमुक्तिसम्बन्धी शुभाशुभ लोकविश्वासको अध्ययन गरिएको छ ।

### २.२.५ जादु र तन्त्रमन्त्रसम्बन्धी लोकविश्वास

सामान्यतः असम्भव मानिएका आश्चर्यजनक कुरालाई गुप्त तरिकाले सम्भवजस्तो देखाउने कार्य नै जादु हो भने यस्तो कर्म गर्ने व्यक्तिलाई जादुगर भनिन्छ । लोकसमाजमा जादु र तन्त्रमन्त्रको प्रयोग प्राचीन समयदेखि भएको छ । जादुलाई वैदिक साहित्यमा 'यातु' विद्या अथवा मन्त्रद्वारा जादु गर्ने क्रिया भनिएको छ । जादु रोगको निदान गर्ने पवित्र अभिचार र शत्रु, विद्रोह तथा अभिशापको मन्त्र प्राप्त गर्ने अङ्गिरस मानिएकोले *अथर्ववेद* अथर्वागिरसका नामले प्रसिद्ध रहेको छ (उपाध्याय, सन् २००९, पृ. २१९) । वैदिक साहित्यमा *अथर्ववेद*लाई नै जादुको भण्डार मानिएको छ । मन्त्रको साधनामार्फत जादुगरले जादुगरी गर्दछन् ।

पश्चिममा धर्मभन्दा पहिला जादु विकसित भएको हो भन्ने धारणा छ । फ्रेजर (सन् १८९०) का मतमा आदिम मनुष्यले जादुटुनाद्वारा प्रकृतिको नियन्त्रण गर्ने असफल प्रयत्नपछि त्यस शक्तिको प्रार्थना गरेकाले धर्मको उत्पत्ति भएको हो (पृ. ११-५०) । जादुलाई धर्मको प्रारम्भिक अवस्था मानिएको छ । फ्रेजर

(सन् १८९०) ले होमियोप्याथिक (अनुकरणात्मक) जादु समानताको सिद्धान्त र कन्टजियस (सङ्क्रामक) जादु संसर्गको सिद्धान्तबाट प्रेरित हुने बताएका छन् (पृ. २०-२२) । समान कारणले समान कार्य उत्पन्न हुने र एकपटक सम्पर्कमा आएको वस्तु सदैव सम्पर्कमा रहने जादुका मान्यता रहेका छन् । आदिम मानवले जादुटुनाको प्रयोग मारण, मोहन, उच्चाटनका लागि गरेको भए पनि आजभोलि सामान्य कार्यमा समेत जादुको प्रयोग गरिन्छ (उपाध्याय, सन् २००९, पृ. २१९) । यसबाट आजभोलि लोकसमाजमा जादुको व्यापक उपयोग गरिएको स्पष्ट हुन्छ ।

लोकसाहित्यमा जादु र तन्त्रमन्त्रसम्बन्धी लोकविश्वास अभिव्यक्त हुन्छन् । नेपाली लोकसाहित्यमा जादुको शक्ति, तन्त्रमन्त्र, योग र सिद्धि, जादुका वस्तु, जादुका वस्तुका कारण रूपान्तरण, बन्धन र मुक्ति, मोहनी, वशीकरण, मारण, टुनामुना, झारफुक र इन्द्रजालसम्बन्धी लोकविश्वास रहेका छन् (पराजुली, २०७१, पृ. १६९) । जादुगरले योगसाधनाका माध्यमबाट अलौकिक शक्ति प्राप्त गर्ने र त्यसको प्रयोगबाट चमत्कारी कार्य गर्ने लोकधारणा छ । धुव्र भट्टराई (२०७९) का अनुसार साधनाबाट सिद्धि प्राप्त गरेपछि तन्त्रमार्फत मारण, मोहन, उच्चाटन, वशीकरण, स्तम्भन र जृम्भणजस्ता कार्य गर्न सकिने लोकविश्वास छ (पृ. ३२०) । सिद्ध साधकले जादुशक्तिको प्रयोग गरी मानिस, वस्तु, जीवजन्तु र प्रकृतिलाई आफ्नो अधीनमा राखेर चमत्कृत कार्य गर्ने लोकविश्वास रहेको छ । लोकसमाजमा जादुमय शक्ति साधकमा मात्र नभएर विभिन्न वस्तुमा समेत रहने धारणा छ । जादुका वस्तुमा अतिरिक्त शक्ति हुने हुनाले जादुगरले ती वस्तुको प्रयोग गरेर अद्भुत कार्य गर्ने, एउटा वस्तुलाई अर्को वस्तुमा रूपान्तरण गर्ने, व्यक्ति वा वस्तुलाई बन्धनमा पार्ने र बन्धन मुक्त गर्ने लोकविश्वास पाइन्छ (पराजुली, २०७१, पृ. १७८-१७९) । जादुगरले शक्तिसम्पन्न जादुका वस्तुमार्फत चमत्कारी कार्य गर्ने लोकधारणा रहेको छ । तन्त्रसाधनामा सिद्धि प्राप्त व्यक्तिले कुनै व्यक्ति वा वस्तुलाई मोहनी (टुनामुना) गर्न सक्ने लोकविश्वास छ । लोकमा अरूलाई वशमा पार्ने र आफूप्रति आकर्षित गर्ने विशेष प्रकारको विद्यालाई मोहिनी विद्या भनिएको छ । यो पद्धति टुना, मन्त्रअन्तर्गतको तान्त्रिक विद्या हो (सुवेदी, २०५५, पृ. ८२) । तन्त्रमन्त्रको प्रयोग गरेर अरूलाई आफ्नो अधीनमा राख्न सकिने परम्परागत धारणा रहेको छ । कसैलाई मोहनी लगाई कुनै व्यक्ति वा वस्तु हात पार्नु, एकअर्का व्यक्तिको आकर्षण घटाउनु, कुनै रोग वा भूतप्रेत, मसान, वायुले नसताओस् भन्नका लागि टुनामुना गर्ने प्रचलन छ (भट्टराई, २०७९, पृ. २९०) । टुनामुनाबाट रोगव्याधिको प्रकोप कम गर्ने र उपचार गरिने लोकधारणा रहेको छ । तन्त्रमन्त्र र झारफुकका माध्यमबाट रोगव्याधि निको हुने अथवा बोक्सी, भूतप्रेत आदिको कुदृष्टि परेमा त्यसको निवारण गर्न सकिने लोकविश्वास छ (पराजुली, २०७१, पृ. १८०) । लोकमा परम्परादेखि नै तन्त्रमन्त्र र झारफुकका माध्यमबाट उपचार गर्ने परम्परा प्रचलित रहेको छ । गण्डकी प्रदेशका लोककथामा व्यक्त जादु र तन्त्रमन्त्रसम्बन्धी लोकविश्वासलाई जादुको शक्ति, तन्त्रमन्त्र, योग र सिद्धि, झारफुक तथा लोकोपचार, मोहनी र जादुका वस्तुजस्ता उपशीर्षकमा विभाजन गरेर अध्ययन गरिएको छ ।

### २.२.६ निषेधसम्बन्धी लोकविश्वास

निषेधले रोक लगाउने वा प्रतिबन्ध गर्ने कार्यलाई बुझाउँछ । निषेधको अर्थ प्रतिषेध गर्ने, टाढा राख्ने वा हटाउने हो (आप्टे, सन् १९६६, पृ. ५४३) । समाजका आआफ्ना मूल्यमान्यता, रीतिरिवाज, रहनसहन तथा चालचलन हुन्छन् । समाजद्वारा स्थापित विधि वा पद्धतिमा कुनै विघ्नबाधा आउन नदिन निषेधको व्यवस्था गरिएको हुन्छ (पराजुली, २०७१, पृ. ४६४) । निषेधले सामाजिक मूल्यमान्यता विपरीत

काम गर्न दिँदैन । तुलसी दिवस (२०३६) का अनुसार निषेधहरू धर्म र अनुष्ठानसँग बढी सम्बन्धित भए पनि तिनले व्यक्तिको सामाजिक तथा वैयक्तिक जीवनलाई समेत प्रभावित गर्छन् (पृ. २३३) । निषेधले व्यक्तिको मनोविज्ञानमा प्रभाव पार्दछन् ।

लोकजीवनमा निषेधसम्बन्धी विविध लोकविश्वास प्रचलित छन् । निषेध विषयक लोकविश्वास दैनिक क्रियाकलाप, संस्कार र सामाजिक सम्बन्धका आधारमा निर्माण हुन्छन् । मोतीलाल पराजुली (२०७१) का अनुसार निषेधका मूल विषयहरू धर्म, संस्कार, पराप्रकृति, यौन, खानपान, दृष्टि, बोलाइ र स्पर्श निषेध हुन् (पृ. २०५) । धर्म र संस्कारगत निषेध धार्मिक मूल्यमान्यता, अनुष्ठान र धर्मशास्त्रमा आधारित छन् । लोकसमाजमा धार्मिक अनुष्ठान तथा दैनिक जीवनमा धर्म र संस्कारगत निषेधको पालना गरिएको हुन्छ । धार्मिक निषेध भङ्ग गर्नुलाई पापकर्म मानिने लोकविश्वास छ । वस्तु र क्रियासम्बन्धी निषेधले दैनिक जीवनमा प्रयोगमा हुने वस्तु तथा क्रियाकलापसम्बन्धी निषेधलाई बुझाउँछन् । तुलसी दिवस (२०३६) का अनुसार घरेलु वस्तु तथा क्रियासम्बन्धी निषेधमा खाद्यवस्तु, पेय पदार्थ, लवाइ, बसाइ, आगो, साधन, व्यवसाय तथा कामसम्बन्धी निषेधहरू पर्दछन् (पृ. २३४) । लोकले निश्चित स्थानमा निश्चित वस्तु प्रयोग गर्न, खान, हेर्न, बोल्न, स्पर्श गर्न, हिँड्न आदि निषेध गरेको छ ।

नेपाली लोकजीवनमा दृष्टि निषेधसम्बन्धी लोकविश्वास पनि प्रचलित छन् । डाइनी, बोक्सी, दुष्टात्मा, लोभी र पापीका नजरमा विकृतिपूर्ण दोष सल्बलाइरहने हुँदा सुन्दर वस्तु, केटाकेटी, पशुपक्षी र खानामा दृष्टिदोषको कुप्रभाव पर्ने लोकविश्वास छ (सुवेदी, २०५५, पृ. ७७) । तसर्थ नेपाली समाजमा अरूलाई देखाएर खान नहुने लोकधारणा छ । नेपाली लोकजीवनमा यौन निषेधसम्बन्धी लोकविश्वास पनि प्रचलनमा छन् । आफ्नो गोत्र र कुलभित्र, पूजा, व्रतका समयमा, रजोवती नारीलाई स्पर्श गर्न, भाइबहिनीमा विवाह गर्न, जेठाजुले बुहारीलाई छुन र निर्वाङ्ग स्त्रीलाई हेर्न गरिएका निषेधहरू यौन निषेध हुन् (पराजुली, २०७१, पृ. ४६५) । यौन निषेधले यौनका कारण घरपरिवार, सामाजिक सम्बन्ध र सामाजिक संरचनामा देखिने विकृति तथा विसङ्गतिलाई रोक्ने प्रयास गर्छ । सामाजिक सम्बन्ध विषयक निषेधले नाताकुटुम्बबिच गर्न नहुने व्यवहार, कुराकानी र क्रियाकलापलाई औँल्याएका छन् (दिवस, २०३६, पृ. २३९) । यस प्रकारका निषेधले सामाजिक सम्बन्धलाई पवित्र राख्ने लोकधारणा रहेको छ । समाजमा निषेध भङ्ग गर्नेलाई विभिन्न किसिमका आपत्ति आइलाग्ने र मृत्युसमेत हुने लोकविश्वास छ । निषेध व्यक्तिको दृष्टिकोण र मनोविज्ञानसँग जोडिएको हुन्छ । गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा व्यक्त निषेधसम्बन्धी लोकविश्वासलाई वस्तु र क्रिया, धर्म र संस्कार तथा सामाजिक सम्बन्धसम्बन्धी शीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ ।

### २.२.७ विश्वब्रह्माण्डसम्बन्धी लोकविश्वास

विश्वब्रह्माण्डमा पृथ्वी, आकाश, अन्तरिक्ष, सूर्य, चन्द्रमा, ताराहरू, ग्रह, नक्षत्र आदि पर्छन् । *अथर्ववेद*को 'पृथ्वी सूक्त' मा पृथ्वीलाई माता या संसार र मनुष्यलाई पुत्र वा सन्तान भनिएको छ (उपाध्याय, सन् २००९, पृ. ६१) । मानिसले पृथ्वीमा रहेका नदी, वनजङ्गल, ढुङ्गो, माटो, हिमाल, पहाड र वनस्पति आदिसम्बन्धी विविध लोकविश्वास निर्माण गरेका छन् । आदिम मानवले आकाशमा जोडसँग चम्केको बिजुलीको रङ, वर्षाको तरिका, इन्द्र धनुष, वायुको गति आदिका आधारमा शुभ या अशुभ हुने अनुमान गरेका छन् (उपाध्याय, सन् २००९, पृ. ५६-६०) । लोकले पृथ्वी, आकाशीय पिण्ड र प्रकृतिमा

घट्ने विविध घटनाका आधारमा शुभाशुभ हुने अनुमान गरेर लोकविश्वासको निर्माण गरेको छ । गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा व्यक्त विश्वब्रह्माण्डसम्बन्धी लोकविश्वासलाई पृथ्वी, आकाशीय पिण्ड र प्राकृतिक घटनाजस्ता शीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ ।

## २.३ गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा धार्मिक मान्यतासम्बन्धी लोकविश्वास

कुनै वस्तुमा रहने स्वभाव, गुण, वृत्ति, नियम, धारणा र आचरण नै धर्म हो । कुनै वस्तु वा प्राणीमा रहेको वास्तविक प्रकृतिलाई जनाउँछ । लोकसमाजमा धर्म मानवीय आस्था भएको हुँदा यसले सधैँ सत्कर्मको अपेक्षा राख्छ । त्यसैले लोककल्याणकारी कार्य गर्नु र अरूको उपकार गर्नु धर्म हो । कणाद ऋषिले बताएअनुसार धर्म यस लोकको उन्नति र परलोकको सुखसाधन हो (स्वामी प्रपन्नाचार्य, २०५०, पृ. ६०) । धर्मले वर्तमानमा मात्र नभएर भविष्यमा समेत सुखसमृद्धि दिने धारणा व्यक्त गरिएको छ । धर्मले यस लोक र परलोकलाई जोड्ने विश्वास गरेर मानिसले देवताको निकट भई पुण्य प्राप्त गरी स्वर्ग जाने आसले यज्ञ, दान, तीर्थ, व्रत र पूजापाठ आदि धार्मिक अनुष्ठानमार्फत दैवीशक्तिको पूजा गर्छन् । आदिम कालदेखि दैवीशक्तिको पूजा, उपासना, भक्ति, प्रार्थना गर्ने धार्मिक मान्यतामा आधारित प्रशस्त लोकविश्वास छन् (पराजुली, २०७१, पृ. १६९) । देवीदेवतामा विश्वास गर्नु, स्वर्ग र नर्कलाई मान्नु, धार्मिक अनुष्ठान गर्नु, धार्मिक व्यक्ति सन्त, योगी, जोगी, धामी, झाँक्रीलाई मान्नु, पाप र पुण्यमा विश्वास गर्नु, तीर्थ, व्रत गर्नु तथा आत्मा र पुनर्जन्ममा विश्वास गर्ने क्रियाकलापहरू धार्मिक मान्यताका कारण नै भएका हुन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित नेपाली लोककथामा रहेका धर्म र अनुष्ठान, अतृप्त आत्मा तथा दैवीशक्तिसम्बन्धी लोकविश्वासको क्रमशः विश्लेषण गरिएको छ ।

### २.३.१ धर्म र अनुष्ठानसम्बन्धी लोकविश्वास

कुनै धर्मले व्यक्ति वा वस्तुमा अन्तर्निहित गुण, स्वभाव र आचरणलाई बुझाउँछ । यसलाई व्यक्तिले गर्नुपर्ने विधि, व्यवहार, नियम र कर्तव्य मानिएको छ । हिन्दु *धर्मशास्त्र*मा धर्ममा राजधर्म, वर्णधर्म, स्त्रीधर्म, कुलधर्म, आश्रमधर्म र गृहस्थधर्मको उल्लेख गरी धर्मलाई दायित्व र कर्तव्यका रूपमा लिने गरिएको छ (खतिवडा, २०७४, पृ. ५७६) । मानिसले आफ्ना कर्तव्य पूरा गर्नुलाई धर्म मानिएको छ । धर्मलाई प्रस्ट पार्दै विष्णु प्रभातले भनेका छन्- "धर्मको तात्पर्य लौकिक गुण, स्वभाव, व्यवहार र सर्वकल्याणको कामना भएर पनि रहेको छ, फगत अलौकिक विश्वासको आस्था मात्र धर्म होइन । मनका असल भावना पनि धर्म मानिन्छन् किनकि ती परोपकारमा समर्पित हुन्छन्" (प्रभात, २०७४, पृ. २२७) । धर्मको प्रयोजन असल आचरणको विकास गरी लोककल्याणकारी कार्यमा मदत गर्ने हो । लोकसमाजले देवीदेवताको पाठपूजा, कर्मकाण्ड र पुण्य प्राप्ति लागि गरिने कार्यलाई धर्म मान्दै आएको छ ।

आफूले चिताएको निश्चित फल प्राप्त गर्नका लागि नियमपूर्वक शास्त्र निर्देशित धार्मिक कृत्य गर्नुलाई अनुष्ठान भनिन्छ । मानिसहरू यसलाई ईश्वर र स्वर्ग प्राप्तिका लागि गरिने पुण्य कर्म मान्दछन् । मानिसले आफ्नो वंश, सम्प्रदाय र भूगोलअनुसार हिन्दु, बौद्ध, इसाई, इस्लाम, ताओ र शिख आदि धार्मिक सम्प्रदायका मूल्यमान्यतालाई धर्म मानेर तिनले गर्ने धार्मिक अनुष्ठानमा आस्था राखेका छन् । शास्त्रीय नीतिनियमका आधारमा मात्र नभई जातीय परम्पराका आधारमा समेत समाजमा लोकधर्मको विकास भएको छ । केही शास्त्रीय नियमहरू र केही आफ्नै जातीय कुलपरम्पराका नियमहरू मिसाएर लोकधर्मको निर्माण गरिन्छ (पराजुली, २०७१ पृ. १८२) । समुदायका क्रियाकलाप तथा मूल्यमान्यताका आधारमा

लोकधर्मको निर्माण हुन्छ । लोकसमाजमा तीर्थ, व्रत, दान, पूजापाठ, यज्ञ गर्ने, पाटीपौवा, मठमन्दिर, चौतारो, बाटोघाटो र पँधेरो निर्माण गर्ने, देवीदेवताको थान बनाउने र दुःखीलाई सहयोग गर्नाले पुण्य सञ्चित भई मृत्युपश्चात् स्वर्गलोक प्राप्त हुने तथा पुनर्जन्म भई दुःख भोगिरहन नपर्ने लोकविश्वास छन् । तसर्थ धर्म र धार्मिक अनुष्ठान लोकविश्वासका स्रोत हुन् । गण्डकी प्रदेशबाट सङ्कलित नेपाली लोककथामा धर्म र अनुष्ठानसम्बन्धी धार्मिक व्यक्तित्व, पाप र पुण्य, जातीय संस्कार र प्रथा, यज्ञ, दान, व्रत र पर्व, धर्मशास्त्र तथा बहुलोकसम्बन्धी लोकविश्वास रहेकाले तिनको क्रमशः विश्लेषण गरिएको छ ।

### २.३.१.१ धार्मिक व्यक्तित्वसम्बन्धी लोकविश्वास

धर्ममा आस्था राख्ने र मानिसलाई धार्मिक क्रियाकलापमा सहभागी हुनका लागि ईश्वरको महत्त्व बुझाउने व्यक्तिलाई धार्मिक व्यक्तित्व भनिन्छ । देवदूत, पुजारी, पण्डित, योगी, सन्तमहन्त, भावी, लामा, धामीझाँक्री आदिलाई  धार्मिक व्यक्तित्व मानिएको छ (पराजुली, २०७१, पृ. १८४) । पुजारी, पण्डित, योगी, धामीझाँक्री आदिले मानिसलाई दैविक शक्तिको उपादेयता बुझाउने र धार्मिक अनुष्ठानहरूमा सहयोगीको रूपमा कार्य गर्ने लोकधारणा छ । धार्मिक व्यक्तिलाई चिनाउँदै लीलाप्रसाद सापकोटाले भनेका छन्- “धार्मिक व्यक्तित्वहरू सात्विक भोजन, सदाचार, कर्तव्यपरायण, निष्ठापूर्वक उपासनामा रही आत्मज्ञान तथा ब्रह्मज्ञान प्राप्तिलाई धर्म मान्दछन्” (सापकोटा, २०७२, पृ. ४२) । समाजमा धार्मिक व्यक्तिहरूलाई आदरपूर्वक व्यवहार गरिएको हुन्छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित धार्मिक व्यक्तित्वसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा अभिव्यक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.१ : धार्मिक व्यक्तित्वसम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | ऋषिपञ्चमी | अठासी हजार ऋषिले एउटै यज्ञ गर्ने |
| २ | कुछब तेरङा | लामाले गुम्बामा बसेर ज्ञान सिक्ने, लामाले देख्दै नदेखेको स्थानको वर्णन गर्ने, लामाले देवताको सेवा गर्ने र लामाले गुरुले भनेको मान्ने |
| ३ | गोरखनाथ | गोरखनाथले नागहरूलाई खिचेर राख्ने र गोरखनाथ मत्स्येन्द्रनाथका शिष्य भएको |
| ४ | दाहिने बङ्गारो | जोगीमा दैवीशक्ति हुने, जोगीलाई भिक्षादानमा उसले मागेको चिज दिनुपर्ने, जोगीले दिएको श्राप लाग्ने र जोगीमा अन्तर्दृष्टि हुने |
| ५ | धर्म र पाप | मृत्युपश्चात् यमदूतले कर्मको फल जाँच गरी धर्मात्मालाई स्वर्ग र पापीलाई नरक पठाउने |
| ६ | पुण्यशिला | साधुलाई देवताको रूप मानिने, साधुले शिवको ध्यान गर्ने, साधु बसेका ठाउँमा भगवान्को बास हुने, साधुका कुरामा भक्तले विश्वास गर्ने र साधुले मन्दिरबाट आफ्नो जीवनवृत्ति चलाउने |
| ७ | बालन | पूर्वी दिशाका कश्यप ऋषिले लोकको भलो गर्ने, राजा, महाराजाले ऋषिमुनिको उच्च आदर गर्ने, ऋषिले सात्विक भोजन गरी साधना गर्ने र नारदले जतातत्तै खबर पुऱ्याउने |
| ८ | मान्छे नमर्ने घर हुँदैन ! | महात्माले मानिसको मन बुझाउन सक्ने |
| ९ | राजकुमार दिक्पाल | जोगीले सन्तानहीन महिलासँग भिक्षा नलिने, जोगीले दिएको बुटी खाँदा सन्तान प्राप्त हुने, जोगीले राजकुमारको परीक्षा लिने, |

| | | |
|---|---|---|
| | | जोगीले दिएको श्राप लाग्ने र जोगीले मानिसको बलि दिने |
| १० | लामाको खप्पर | लामाले आफ्नो मृत्युपछिको अवस्था थाहा पाउने र लामाले मरेपछि विभिन्न वस्तु र जीवमा अवतार लिने |
| ११ | लामाको शक्ति | लामाले मन्त्रबलले सबै देख्न सक्ने, लामाले मन्त्रको प्रयोग गरेर मान्छे र जीव बोलाउने, लामाले मन्त्रबाट जादुगर्नीलाई हराउने र लामाले मानिसबाट भूतको भाग दिलाइदिने |
| १२ | संसार | योगी अन्तर्यामी र ज्ञानवान् हुने, योगीले सजिलै बुटी पचाउन सक्ने र योगीले बुटीमार्फत रोगीको उपचार गर्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा ऋषि, लामा, गोरखनाथ, मत्स्येन्द्रनाथ, जोगी, यमदूत, साधु, कश्यप ऋषि, नारद, महात्मा र योगीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'ऋषिपञ्चमी' लोककथामा अठासी हजार ऋषिसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत शौनकादिका अठासी हजार ऋषिले ठुलो यज्ञ गर्ने र त्यसमा सुतजीले ऋषिहरूलाई ऋषिपञ्चमीको व्रतसम्बन्धी रहस्य बताउने घटनाक्रमको संयोजन गरिएको छ । सात्त्विक र साधनारत जीवन व्यतीत गर्ने व्यक्तिलाई ऋषि मानिएको छ । ज्ञानद्वारा मन्त्र या संसारको चरम सीमालाई देख्ने, वेदका ऋचा साक्षात्कार गर्ने र लोभ, मोह, मद तथा घमन्ड नभएका व्यक्ति नै ऋषि हुन् (खतिवडा, २०७४, पृ. १३६) । ऋषिलाई ज्ञानद्वारा संसार बुझ्न सक्ने व्यक्ति मानिएको छ । भक्तिभावनामा आबद्ध भई निश्चित फल प्राप्तिका निम्ति गरिने पूजा, प्रार्थना, अग्निष्टोम र बलिकर्मलाई यज्ञ भनिन्छ (प्रभात, २०७४, पृ. ३६९) । पूजा, प्रार्थना, हवन र बलि दिई देवीदेवतालाई खुसी तुल्याउने कर्म नै यज्ञ हो । यसमा व्यक्त लोकविश्वासमा ऋषिहरूले यज्ञ तथा पूजापाठ गरी मानिसलाई जीवन र जगत्का बारेमा बुझाउने हुँदा उनीहरूलाई धार्मिक व्यक्तित्व मानिएको छ ।

'कुछब तेरङा' लोककथामा लामासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । लामा बौद्ध धर्मअनुसार धार्मिक कर्मकाण्ड गराउने व्यक्ति हुन् । लामा तान्त्रिक मार्ग अनुसरण गर्ने झाँक्री साधकका रूपमा शेर्पा, गुरुङ, मगर र थारु जातिमा समेत रहेका छन्, त्यसैले लामालाई भिक्षुको रूप मानिएको छ (प्रभात, २०७४, पृ. ३९२) । भिक्षुको रूपमा रहने र तन्त्रको ज्ञान हुने हुँदा लामाले धार्मिक कर्मकाण्ड गराउने लोकधारणा छ । यसको कथानकअन्तर्गत पाल्साङ लामा अध्ययनका लागि तिब्बत जानु, उनले त्यहाँ गुम्बामा भाषा, व्याकरण, बौद्ध दर्शनसम्बन्धी ज्ञान हासिल गर्नु, फर्कने बेलामा गुरुले कुछब तेरङा देउता दिनु, हात्तीको टाउको आकारको डाँडामा लगेर राख्न भन्नु र पाल्साङले गुरुको आज्ञा पालना गर्ने कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । यहाँ लामामा असाधारण दैवीशक्ति भएको हुँदा देख्दै नदेखेको ठाउँका बारेमा बताउने लोकधारणा छ ।

'गोरखनाथ' लोककथामा गोरखनाथ र मत्स्येन्द्रनाथसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसमा गोरखनाथले नागको साधना गर्नु, काठमाडौँमा पानीको हाहाकार मच्चिनु, गोरखनाथको ध्यान भङ्ग गर्न कामाख्याबाट मत्स्येन्द्रनाथलाई बोलाउनु र उपत्यकामा पानी पर्ने कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । गोरखनाथ प्राचीन समयका प्रसिद्ध सिद्धयोगी र नाथ सम्प्रदायका चौरासी सिद्धमध्ये एक हुन् । मत्स्येन्द्रनाथ सिद्ध हठयोगी र गोरखनाथका गुरु हुन् । नाथ परम्पराको परिचय दिँदै वासुदेव नाथले भनेका छन्- "नाथ सम्प्रदायमा शरीरमा भस्मलेप गर्ने, कानचिर्ने, कुण्डल लगाउने, रुद्राक्षको माला लगाउने,

जटाधारण गर्ने र शिवलाई मान्ने परम्परा छ । भगवान् शिवबाट सुरु भएको नाथ सम्प्रदायमा मत्स्येन्द्रनाथ र गोरखनाथलाई शक्ति र सिद्धिका रूपमा लिइन्छ" (नाथ, २०७४) । कथानकअनुसार गुरुलाई देख्नासाथ गोरखनाथ उठ्दा नागहरू फुत्किएर पानी पर्छ । यसमा व्यक्त लोकविश्वासमा मत्स्येन्द्रनाथ र गोरखनाथमा अद्भुत शक्ति रहेको र प्राचीन कालदेखि नै शिष्यले आफ्ना गुरुलाई आदरसम्मान गर्ने शिष्टाचार रहेको स्पष्ट हुन्छ ।

'दाहिने बङ्गारो' लोककथामा जोगीसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । जोगीले स्वेच्छाले सांसारिक विषयभोगलाई परित्याग गर्दछन् । यिनीहरूले योग, ध्यान, तपस्या र देवीदेवताको भक्तिभावनाबाट दैवीशक्ति प्राप्त गर्ने हुँदा भिक्षामा जोगीलाई मागेको वस्तु नदिए श्राप दिने र उनीहरूले दिएको श्राप लाग्ने लोकविश्वास छ । जोगीमा अन्तर्दृष्टि हुने लोकविश्वासका कारण लोकले जोगीसँग आफ्नो भविष्य बारे हेराउने, झारफुक गर्ने र रोगव्याधि निको पार्ने विश्वास छ (खतिवडा, २०७४, पृ. ४३५) । लोकले जोगीसँग झारफुक गर्दा र जडिबुटी सेवन गर्नाले रोग निको हुने विश्वास गर्छ ।

'धर्म र पाप' लोककथामा यमदूतसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यमदूतलाई यमराजको सन्देश आदानप्रदान गर्ने काल्पनिक पात्र मानिएको छ । यमदूतले प्राणीहरूको आयु सकिएपछि अन्य लोकबाट यमलोकमा लैजान्छन् भन्ने विश्वास गरिन्छ (पराजुली, २०७१, पृ. १८४) । यमराजलाई मृत्युका देवता मान्ने लोकप्रचलन छ । यसको कथानकमा यमदूतले महिला र पुरुषको मृत्युपश्चात् उनीहरूको कर्मका आधारमा स्वर्ग तथा नरकमा लगेको घटनाक्रम छ । यसमा व्यक्त लोकविश्वासबाट यमदूतले धर्मात्मीलाई स्वर्ग र पापीलाई नरकमा पठाउने भएकाले कुकृत्यबाट टाढा रहनुपर्ने सन्देशको सम्प्रेषण भएको छ ।

'पुण्यशिला' लोककथामा साधुसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत महिलाले आफूले लगाएर बाँकी रहेको सिन्दूर ढुङ्गामा पुछ्नु, शिलामा मानिसले फूलपाती चढाउनु, त्यस ठाउँमा साधुले तपस्या गरी पुण्यशिला देवीको स्थापना गर्नु र त्यसैबाट साधुले जीवनवृत्ति चलाउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । लोकले धार्मिक व्यक्तिका रूपमा विश्वास गर्ने साधु विषयाशक्तिबाट टाढा रही परमार्थ चिन्तनमा जीवन बिताउने व्यक्ति हुन् । राजबली पाण्डेय (सन् १९७८) का अनुसार धार्मिक कार्य सम्पादन गर्ने, अरूको कार्य पनि सिद्ध गर्ने, सत्य र न्यायपरायण तथा विश्वासपात्र नै साधु हुन् (पृ. ६६९) । साधुले आध्यात्मिक चिन्तन गर्दै लोककल्याण गर्ने लोकविश्वास रहेको छ ।

'बालन' लोककथामा कश्यप ऋषि र नादरसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । ब्रह्माका पुत्र महर्षि कश्यप सप्तर्षिमध्ये एक हुन् । उनलाई सम्पूर्ण जीवको उत्पत्तिकर्ता, गोत्र प्रवर्तक एवं गोत्रहीनहरूका संरक्षक मानिएको छ (प्रभात, २०७४, पृ. ९८) । पुर्खा स्मृतिका लागि बालन सुरु गर्नुपूर्व ऋषिको प्रार्थना गर्ने चलन रहेको छ । लोकमा सात्त्विक भोजन गरी शुद्ध आचरणमा बस्ने र लोककल्याण गर्ने हुँदा ऋषिहरूलाई राजा, महाराजाहरूले बडो सम्मान गर्ने गरेको लोकविश्वास छ । *श्रीमद्भागवत्, नारद पुराण, महाभारत* र *रामायण* आदि ग्रन्थमा नारदको देवर्षिका रूपमा महत्त्वपूर्ण भूमिका छ । मानस पुत्र नारद एक वैदिक द्रष्टा, यज्ञवेत्ता, त्रिकालदर्शी तथा वेद र वेदाङ्गमा पारङ्गत र विष्णुको तेस्रो अवतार थिए (शर्मा, सन् २०१३, पृ. ४८६) । नारदलाई सम्पूर्ण लोकको हित चाहने, देवीदेवता र मानिसका बिच सम्बन्ध स्थापित गर्ने तथा सन्देशबाहक देवर्षि मानिएको छ । यसको कथानकमा कंसले देवकीको आठौँ गर्भ आफ्ना

लागि खतरा भएको बताएपछि नारदले ढुक्क नहुन आग्रह गरेका छन् । पौराणिक कथा र लोककथामा नारदको उपस्थितिले गोप्य रहस्य खुलेका दृष्टान्त छन् । यी लोकविश्वासबाट लोकले ऋषिमुनिलाई आदरसत्कार गर्ने प्रस्ट हुन्छ ।

'मान्छे नमर्ने घर हुँदैन !' लोककथामा महात्मासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत लोग्नेको देहावसानपछि स्वास्नी भावविह्ल हुनु, उनलाई कसैले सम्झाउन नसक्नु, तिनलाई महात्माले गाउँ डुलेर मान्छे नमरेका घरको खरानी ल्याउन भन्नु र त्यस्तो घर नभेटिएपछि उनले चित्त बुझाउनु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । महात्मा उत्तम विचार भएका साधुसन्त र महापुरुष हुन् । *दर्शनशास्त्र*मा सर्वातिशयी, ऐकान्तिक तथा विश्वात्मालाई महात्मा भनिएको छ (पाण्डेय, सन् १९७८, पृ. ५०२) । महात्माले सबैको प्राणीको भलो चाहाने हुँदा मानिसको भावना बुझ्ने विश्वास रहेको छ । महात्माले लोककल्याणका लागि कार्य गर्ने भएकाले यिनलाई धार्मिक व्यक्तित्व मान्ने लोकविश्वास छ ।

'राजकुमार दिक्पाल' लोककथामा जोगीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत जोगीले सन्तानहीन रानीबाट भिक्षा नलिनु, उसले रानीलाई सन्तान प्राप्ति हुने बुटी दिनु, रानी गर्भवती भई राजकुमार दिक्पाल जन्मनु, जोगीले राजकुमारलाई नरबलिका लागि लैजानु आदि घटनाक्रमको संयोजन गरिएको छ । जोगीहरू व्यवहार र विषयमा नअल्झी धर्म वा पुण्य कार्यमा लागेका साधु वा सन्न्यासी व्यक्ति हुन् । जोगीको चमत्कारी कार्यको परिचय दिँदै सोमप्रसाद खतिवडाले भनेका छन्- "जोगीहरूलाई सामान्य जनमानसमा चमत्कारी, औषधी लिएर हिँड्ने विशेष शक्ति भएका तथा जादुगरका रूपमा लिने गरिन्छ । तिनीहरूलाई मायावी शक्ति भएका, डरलाग्दा र अनौठा लुगा लगाएर हिँड्ने व्यक्ति पनि मानिन्छ" (खतिवडा, २०७४, पृ. ४३५) । जोगीले चमत्कारी कार्य गर्ने, जडिबुटीबाट उपचार गर्ने, अनौठो पहिरनमा हिँड्ने विश्वास गरिएको छ । लोकसमाजमा जोगीसँग झारफुक गर्नाले र जोगीले दिएको बुटी सेवन गर्दा रोग निको हुने तथा जोगीले नरबलि दिने लोकविश्वास रहेका छन् । जोगीले दिएको श्राप लाग्ने लोकविश्वास भएकाले मानिस जोगीसँग सर्तक पनि रहन्छन् ।

'लामाको खप्पर' लोककथामा लामासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकमा लामाको पुनर्जन्म खप्परका रूपमा हुने घटना रहेको छ । बौद्ध धर्मअनुसार धार्मिक कर्मकाण्ड गराउने व्यक्तिलाई लामा भनिन्छ । तामाङ, शेर्पा, गुरुङ र मगर आदि जातिमा लामाले धार्मिक कर्मकाण्ड गराउने परम्परा छ । लीलाप्रसाद सापकोटा (२०७२) का अनुसार बुद्ध धर्ममा जीवनलाई पूर्वकाल र भावीकालको प्रक्रिया मानिएको छ (पृ. ७८) । बौद्धमतमा मानिसको जीवनलाई पूर्वजन्म र पुनर्जन्मसँग जोडिएको हुँदा पुर्नजन्म हुने विश्वास गरिएको छ । यस लोककथामा व्यक्त लोकविश्वासमा लामामा असाधारण शक्ति हुने र त्यो शक्ति धर्म गुरुका रूपमा लोकहितका लागि प्रयोग गरिने लोकधारणा भएकोले लामालाई धार्मिक व्यक्तित्व मानिएको छ ।

'लामाको शक्ति' लोककथामा लामासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत जादुगर्नीले गाउँलेलाई दुःख दिनु, गाउँमा मानिस बौलाउनु, गाईवस्तु मर्नु, पहिरो जाने जस्ता घटना घट्नु, गाउँको कचहरीले लामा बसाल्ने निधो गर्नु, लामाले गाउँको समस्या जादुगर्नी बुढी भएको बताउनु र लामाले मन्त्रबलबाट समस्याको समाधान खोज्नु आदि घटनाक्रमको संयोजन गरिएको छ

। जादुगर्नीले शक्तिको प्रयोग गरी गाउँलेलाई दुःख दिएको भन्दै लामाले तन्त्रमन्त्रबाट गाउँको समस्या समाधान गर्छ । बौद्ध धर्ममा लामालाई बुद्धको अवतार मान्दै सम्पूर्ण आध्यात्मिक र लौकिक कार्य यिनैको जिम्मामा हुने वर्णन पाइन्छ (खतिवडा, २०७४, पृ. १०६०) । यस लोककथामा लामाले तन्त्र शक्तिको प्रयोग गरेर मानिस र जीवलाई उडाउन सक्ने अतिकाल्पनिक लोकविश्वास व्यक्त भएको छ । प्राचीन समयदेखि लामा धार्मिक व्यक्तिका रूपमा रहेर मानिसको उपचार गर्ने भएकाले लामालाई शक्तिशाली धार्मिक व्यक्ति मानिएको छ ।

'संसार' लोककथामा योगीसम्बन्धी लोकविश्वास प्राप्त भएका छन् । यस लोककथामा युवक योगी आश्रममा बसेर अध्ययन गर्नु, योगीले युवकलाई संसार चिनाउन घरमा पठाउनु, युवक धेरै दिन पद्मासनमा बस्नु, कुनै पनि उपचारले युवकलाई बिउँझाउन नसक्नु, योगीले बुटी सजिलै पचाउनु र योगीले बुटीबाट रोगीको उपचार गर्नु जस्ता कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । योगी योगसाधना गर्ने, शास्त्रीय ज्ञानबाट जीवन र जगत्का बारेमा समदृष्टि राखी मोक्षका लागि आध्यात्मिक मार्गमा हिँड्ने ज्ञानवान् व्यक्ति हुन् । प्रमोद ढकाल (२०७६) का अनुसार आत्मासाक्षात्कार गरेको एउटा योगीको आत्मा अन्ततः परमात्मामा नै एकाकार हुन्छ (पृ. २७८) । योगीले योग, ध्यान र तपस्याका माध्यमबाट अन्तर्दृष्टि प्राप्त गर्ने र उनीहरूमा ईश्वरीय शक्ति हुने लोकको बुझाइ छ । योगीले लालचबिना नै झारफुक र औषधोपचार गर्ने लोकविश्वास भएकाले योगीलाई धार्मिक व्यक्तित्व मानिएको हो ।

माथिको तालिकामा समाविष्ट लोकविश्वास तीन किसिमका धार्मिक व्यक्तित्व आधारित छन् । पहिलो नारद, ऋषिमुनि र गोरखनाथसँग सम्बन्धित लोकविश्वास रहेका छन् । यी धार्मिक व्यक्तिले योग, ध्यान र तपस्याबाट प्राप्त ज्ञानलाई मानवीय कल्याणका लागि समर्पण गर्ने लोकधारणा छ । दोस्रो योगी, जोगी, महात्मा र साधुसन्तसँग सम्बन्धित लोकविश्वास प्राप्त भएका छन् । यिनले कसैको कुभलो नगर्ने लोकधारणा भए पनि रिसाएको अवस्थामा जोगीले मानिसलाई दुःख दिने र जोगीले दिने श्रापसँग मानिस डराउने लोकविश्वास रहेको छ । तेस्रोमा लामामा दैवीशक्ति हुने लोकविश्वास रहेको छ । यी धार्मिक व्यक्तिहरूले तन्त्रमन्त्र र धार्मिक अनुष्ठानमार्फत देवता र मानिसका बिचमा रहेर सम्बन्ध गाँस्ने लोकविश्वास रहेका छन् । यी लोकविश्वासमा धार्मिक व्यक्तिहरूले आध्यात्मिक ज्ञान दिने, धार्मिक अनुष्ठान गराउने र दुःखमा मानिसलाई सहयोग गर्ने सन्देश सम्प्रेषित छ ।

### २.३.१.२ पाप र पुण्यसम्बन्धी लोकविश्वास

पाप र पुण्य धार्मिक मान्यतासँग जोडिएका लोकधारणा हुन् । पाप त्यस्तो आचरण हो जसले मानिसको चारित्रिक वा नैतिक पतन हुन्छ । कुलाचार, दुश्चरित्र र अनैतिक कृत्यहरू नै पापकर्म हुन् । पापको परिचय दिँदै विष्णु प्रभातले भनेका छन्- "धर्मका आधारमा भने त्यसले अस्वीकृत गरेका सबै कर्म पाप हुन् । अरूप्रति अन्याय गर्नु, पीडा दिनु, हिंसात्मक वृत्ति अँगाल्नु पाप हो । गर्न नहुने भनिएका काम पाप मानिन्छन् या ती अर्धम हुन् (प्रभात, २०७४, पृ. २६९) । अरूलाई पीडा दिनु, हिंसात्मक कृत्य गर्नु र लोकहित विपरीतका कार्य नै पापकर्म हुन् । त्यसै गरी धर्म गर्नाले पुण्य प्राप्त हुने लोकविश्वास छ । धर्मको परिचय दिँदै हंसपुरे सुवेदीले भनेका छन्- "लोकमा परम्परादेखि चलेको लोकमर्यादा र आचारविचारलाई हानि नपुऱ्याउने लोकविश्वासमा असल र हितकारी भनी मानिएको कर्म वा विधान नै धर्म हो, पुण्य हो" (सुवेदी, २०५५, पृ. ३५) । धर्मले मानिसको चरित्र, अनुशासन तथा नैतिक पक्षलाई बलियो बनाउने भएको

हुँदा यो लोकहितकारी हुन्छ । धर्मले प्राणी, वस्तु र समग्रमा जगत्लाई फाइदा गर्ने र पापले विनाश निम्त्याउने लोकविश्वास रहेको छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित पाप र पुण्यसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.२ : पाप र पुण्यसम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अल्छी | तिल लगाएको ठाउँमा कुल्चदा पाप हुने, राजालाई ढाँट्दा पाप लाग्ने |
| २ | ऋषिपञ्चमी | ब्रह्महत्या पाप मानिने, ऋषिपञ्चमीको व्रत गर्नाले पापबाट छुटकारा पाइने, सात वर्षसम्म लगातार ऋषिपञ्चमीको पूजा गर्ने महिला पापबाट मुक्त हुने र ऋषिपञ्चमीको पूजा गर्दा हलोले जोतेको अन्न खाए पाप लाग्ने |
| ३ | काफ्ले पाठो | काफ्ले पाठाको रौँ भए पनि घरमा राख्दा पुण्य मिल्ने |
| ४ | गँगटो | वाचा तोडे पाप लाग्ने, पाप गरे दुःख भोग्नुपर्ने |
| ५ | दाहिने बङ्गारो | जोगीलाई भिक्षादानमा मागेकै चिज नदिए पाप लाग्ने |
| ६ | धर्म र पाप | पिपलको रुख काट्दा पाप लाग्ने, अरूलाई पापकर्मबाट रोक्दा पुण्य मिल्ने र गौहत्या पाप मानिने |
| ७ | पुण्यशिला | मन्दिरमा दान गर्नाले पुण्य प्राप्त हुने |
| ८ | बदला | कुशले जिब्रो पुछ्दा पाप हट्ने, गङ्गामा नुहाएमा पाप कटनी हुने |
| ९ | मसानघाट | पापीका मलामी कम र धर्मात्मीका मलामी बढी हुने |
| १० | मुक्तिक्षेत्र | मुक्तिक्षेत्रका कुनै एक धारामा नुहाउन छुटे पाप लाग्ने |
| ११ | सेवा नै धर्म | गाईको रक्षा गर्नाले पुण्य प्राप्त हुने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा तिल, पिपल, कुश, राजा, ब्रह्म, ऋषिपञ्चमी, काफ्ले पाठो, दान, मुक्तिक्षेत्र, गाई, पापी र धर्मात्मी तथा गङ्गासँग सम्बन्धित पाप र पुण्यमा आधारित लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'अल्छी' लोककथामा तिल र राजासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । हिन्दुहरूले धार्मिक अनुष्ठानमा अनिवार्य मानेका पूजा सामग्रीमध्ये तिल एक हो । गौरीशंकर वशिष्ठ (२०६६) का अनुसार तिल दान गर्नाले मन, वचन र शरीरले गरेका तीन पाप नाश हुन्छन् (पृ. ९०) । तिल यज्ञादि कर्ममा चढाइने वस्तु भएको हुँदा तिलबारीमा कुल्चदा पाप लाग्ने लोकविश्वास छ । त्यसै गरी राजा प्रजाका कल्याणकर्ता मानिने हुँदा उनलाई ढाँट्नु पापकर्म हो । हिन्दु धर्म र परम्परामा राजा विष्णुको अवतार तथा राज्य र धर्मको रक्षक हुन् (खतिवडा, २०७४, पृ. १०१८) । राजालाई विष्णुको अवतार मानिने हुँदा उनलाई ढाँट्नु पापकर्म मानिएको छ । यी लोकविश्वासमा देवकार्यमा चढाइने वस्तु पवित्र राख्नुपर्ने र राजालाई देशको अभिभावक मानिने हुँदा ढाँट्न नहुने सन्देशको सम्प्रेषण गरिएको छ ।

'ऋषिपञ्चमी' लोककथामा ब्रह्महत्या र ऋषिपञ्चमीको व्रतसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत इन्द्रलाई ब्रह्महत्याको दोष लाग्नु, उक्त दोषको चार भागमध्ये एक भाग स्त्री रजमा फ्याँक्नु, ब्रह्महत्याको दोष निवारण गर्न स्त्रीले ऋषिपञ्चमीको व्रत बस्नु आदि घटनाक्रमको

संयोजन गरिएको छ । इन्द्रले ब्राह्मणको वीर्यबाट जन्मेको वृत्रासुर राक्षसलाई मारेपछि उनलाई ब्रह्महत्याको दोष लाग्छ (वशिष्ठ, २०६६, पृ. ६२) । हिन्दु धर्मअनुसार ब्राह्मणको हत्या गर्नु महापाप हो । *चाणक्य नीति*मा आगो, गुरु, ब्राह्मण, गाई, कन्याकेटी, बुढो र बालकलाई खुट्टाले समेत छुन नहुने बताइएको छ (मित्तल, सन् १९९९, पृ. ६५ । ब्राह्मणलाई विशेष सम्मान गर्नुपर्ने लोकमान्यता छ । त्यसै गरी रजस्वला भईसकेका हिन्दु नारीहरूले त्यस समयमा गरेका पापबाट मुक्त हुन ऋषिपञ्चमीको व्रत बस्ने लोकधारणा छ । यस व्रतका कारण महिलाहरूले आफू सौभाग्यवती हुने र रजस्वलाका समयमा भएका स्पर्शजन्य दोष हट्ने विश्वास गर्छन् (जोशी, २०३९, पृ. १०५) । ऋषिपञ्चमीमा सप्तर्षिको आस्थापूर्वक पूजा, आराधना गर्दा स्पर्शजन्य दोष हट्ने विश्वास छ । ऋषिपञ्चमीको व्रतमा हलोले जोतेको अन्न खान नहुने लोकविश्वास पनि रहेको छ । राजा जनकले यज्ञ गरी सुनको हलोले जमिन जोत्दा सीता भेटिएकाले ऋषिपञ्चमीको पूजामा हलोले जोतेर उब्जाएको अन्न खानु हुँदैन भन्ने मान्यता छ ( पराजुली, २०७५, पृ. ८७) । लगातार सात वर्षसम्म ऋषिपञ्चमीको व्रत गर्नाले महिलाहरू पापबाट मुक्त हुने लोकधारणा छ । यी लोकविश्वासमा यज्ञ, व्रत आदिले मानिसमा असल आचरणको विकास गरी मनोविकारको अन्त्य गर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

'काफ्ले पाठो' लोककथामा काफ्ले पाठोसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत रानीलाई पुत्र शोक पर्नु, राजाले उनलाई हसाउन काफ्लेलाई लडाउने जुक्ति सोच्नु, बडादसैँको नवमीका दिन काफ्ले पाठो काट्नु, काटेको पाठालाई मन्दिर परिक्रमा गराएर चौरमा फ्याँक्नु र काफ्ले थरका मानिसले आपसमा लडेर पाठाको रौँ भए पनि घरमा लैजाने कोसिस गर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । नेपाली समाजमा देवीदेवतालाई अपर्ण गरेका वस्तु प्रसाद मानिने र प्रसादको उपेक्षा गर्न नहुने लोकमान्यता रहेको छ । मानिसहरूले भगवान्लाई अपर्ण गरेको प्रसादलाई अपहेलना गरेको खण्डमा जीवनमा अनेक दुःख, कष्ट झेल्नुपर्ने मान्यताका कारण नैवेद्य नाम दिइएको वस्तुलाई सहर्ष स्वीकार गर्दछन् (पौड्याल, २०७८, पृ. ३४१) । प्रसाद देवीदेवतालाई श्रद्धा र भक्तिपूर्वक चढाइने वस्तु भएकाले यसको अपमान गर्न नहुने लोकधारणा रहेको छ । 'काफ्ले पाठो' लोककथामा काफ्ले पाठो कालिकामाईलाई चढाइएको हुँदा त्यसको मासुलाई प्रसाद मानिएको छ । यसरी लोकमा देवीको प्रसाद घरमा राख्दा पुण्य प्राप्त हुने लोकविश्वास छ ।

'गँगटो' लोककथामा वाचा र पापसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअनुसार राजाले कान्छी राजकुमारी गँगटोलाई दिने वाचा गर्नु, गँगटोले राजालाई वाचा तोडे पाप लाग्ने बताउनु, राजाले पाप लाग्ने डरले राजकुमारीको विवाह गँगटोसँग गरिदिनु र दिदीले बहिनीलाई साँघुबाट घचेटेर मारेका कारण दुःख पाउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । वाचा गम्भीर आशयलाई जनाउने प्रतिबद्धता, सङ्कल्प वा प्रतिज्ञा हो । मानिसले देवीदेवता र धर्मका नाममा प्रतिज्ञा गर्ने हुँदा वाचा तोडे पाप लाग्ने लोकधारणा छ । यी लोकविश्वासमा खराब कृत्य पापकर्म भएकाले यस्ता कर्म गर्ने मानिसले दुःख भोग्नुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

'दाहिने बङ्गारो' लोककथामा भिक्षादानसम्बन्धी लोकविश्वास व्यक्त गरिएको छ । यसको कथानकमा जोगीले दिएको श्राप लाग्ने डरका कारण मानिसले जोगीलाई भिक्षादानमा मागेकै चिज दिने घटना रहेको छ । जीवनमा काम, क्रोध, लोभ, मोह त्यागेर सन्न्यास ग्रहण गरेका मानिस जोगी हुन् । जोगीले जीविकोपार्जनका लागि माग्ने विषयवस्तुलाई भिक्षा भनिन्छ (खतिवडा, २०७४, पृ. ८३६) । जोगीले

भिक्षाका लागि निश्चित नियम पालना गर्छन् । ज्योतिलाल बन (२०७३) का अनुसार दशनामी सन्न्यासीले नियमका रूपमा सातभन्दा बढी घरमा भिक्षा (मधुकरी) माग्दैनन् (पृ. १४४) । भिक्षार्थीले निश्चित भिक्षाटनबाट प्राप्त खानेकुरा मात्र खाने सङ्कल्प गर्ने हुँदा उनीहरूलाई भिक्षामा मागेको कुरा दिनुपर्ने लोकविश्वास रहेको छ ।

'धर्म र पाप' लोककथामा पाप, पुण्य र गौहत्यासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत धर्मात्मीले पिपल काट्नेलाई रोक्न नसक्नु, उनले पापकर्म रोक्न नसक्दा मृत्युपछि तक्षक नाग बन्नु, पिपल काट्दा पाप हुनु, पापकर्म रोकेर महिलाले पुण्य प्राप्त गर्नु र गौहत्या पापकर्म मानिनु आदि घटनाक्रमको संयोजन गरिएको छ । लोकमा धार्मिक स्थल वरपर पिपलको रुख रोप्ने, चौतारी बनाउने, जल चढाउने, वर र पिपलको विवाह गरिदिने तथा देवकार्य र पितृकार्यमा पिपलको प्रयोग गर्ने चलन छ । पिपललाई सनातनी धर्ममा विष्णुको रूप र बौद्ध धर्ममा बोधीवृक्षका रूपमा पूजा गरिन्छ ( प्रभात, २०७४, पृ. २७४) । हिन्दु धर्ममा विष्णु र बौद्ध धर्ममा बोधीवृक्षका रूपमा पिपलको उच्च महिमा रहेको छ । पिपलमा देवताको बास हुने र पिपलको वृक्ष वा यसका हाँगाबिँगा काट्दा देवतालाई कष्ट हुने लोकविश्वास रहेको छ (उपाध्याय, सन् २००९, पृ. ७१) । पिपल काट्दा पाप लाग्ने लोकविश्वासले मानिसलाई सत्कर्ममा लाग्न उत्प्रेरित गरेको छ । यस लोककथामा गौहत्या पापकर्म मानिने लोकविश्वास पनि प्राप्त भएको छ । हिन्दु सनातनी धर्ममा गाईको दुध, घिउ गहुँत, दही र महको मिश्रणबाट धार्मिक कार्यमा देह शुद्धिका लागि पञ्चगव्य बनाइन्छ (प्रभात, २०७४, पृ. २५६) । मानिसले आफ्नो दैनिक जीवन र धार्मिक कार्यमा गाईबाट उत्पादित विभिन्न वस्तुको प्रयोग गर्छन् । *गरुड पुराण*मा गौहत्या गर्ने पापी वैतरणी नदीमा पर्ने बताइएको छ (वशिष्ठ, २०६६, पृ. ४२) । मानिसको जीवनमा गाईको उच्च महत्त्व रहेकोले गौहत्या गर्नु पाप मानिएको छ ।

'पुण्यशिला' लोककथामा दानसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । दान भन्नाले आफ्नो हकमा रहेको धनमाल अर्काको अधीनमा दिने काम हो । पुण्य प्राप्तिका उद्देश्यले गरिब र ब्राह्मणलाई द्रव्य, भोजन र सम्पत्ति निःशुल्क रूपमा दिनुलाई दान भनिन्छ तर दान लिने र दिने व्यक्तिको उद्देश्य पवित्र छैन भने त्यो पुण्यदायक हुँदैन (खतिवडा, २०७४, पृ. ५२७) । धार्मिक र सामाजिक भावनाले आफ्नो धनमाल लोकको हितमा अर्पण गरिने वस्तु नै दान हो । यस लोकविश्वासमा मन्दिरमा दान दिँदा समुदायको हित हुने भएको हुँदा मन्दिरमा दान गर्नुलाई पुण्य मानिएको छ ।

'बदला' लोककथामा कुश र गङ्गामा आधारित पापसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यस लोककथामा युवकले वृद्धवृद्धालाई कुकुरको मासु खुवाउनु, पाप कटनी गर्न वृद्धवृद्धाले कुशले जिब्रो पुछ्नु र वृद्ध पाप मुक्त हुन गङ्गामा स्नान गर्न जानु जस्ता कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । धर्ममा आस्था राख्ने मानिसहरूले धार्मिक अनुष्ठानमा जौ, तिल, कुशलाई अनिवार्य प्रयोग गर्छन् । कुशलाई पूजाआजा, विवाह, व्रतबन्ध आदि धार्मिक कार्यमा अनिवार्य मानिएको छ । दान दिने समयमा दाहिने हातमा कुश र जल लिइन्छ भने पिण्डदानका समयमा कुश बिछ्याएर प्रेतात्माको शान्तिको कामना गरिन्छ । कुशमा भूतप्रेत भगाउने शक्ति रहने विश्वास छ (उपाध्याय, सन् २००९, पृ. ८२) । कुशलाई धार्मिक कृत्यमा प्रयोग गरिने र दुस्तत्त्व भगाउने पवित्र वनस्पति मानिएको छ । लोकसमाजमा कुशले जिब्रो पुछ्दा पाप हटेर जाने लोकविश्वास छ । त्यसै गरी गङ्गालाई पवित्र नदी मानिएको छ । गङ्गामा स्नान गर्नाले

सयौँ पाप नाश भएर जान्छन् (पाण्डेय, सन् १९७८, पृ. २२०) । गङ्गामा मानिस वा वस्तुलाई पवित्र गर्ने शक्ति हुने हुँदा त्यहाँ स्नान गर्नाले पाप हटेर जाने लोकविश्वास रहेको छ ।

'मसानघाट' लोककथामा पापी र धर्मात्मी मानिससम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । खराब कर्म गर्ने, अरूलाई पीडा दिने र धर्मकर्म नगर्ने मानिस पापी हुन् । विष्णु प्रभात (२०७४) का अनुसार समाजद्वारा स्वीकृत सोच, सदाचार र व्यवहारभन्दा पृथक् कर्मलाई पाप मानिएको छ (पृ. २६१) । पापकर्म लोकहित विपरीत हुने धारणा रहेको छ । अरूको भलो हुने काम गर्ने, सबैलाई सहयोग गर्ने र धर्मकर्म गर्ने मानिस धर्मात्मा हुन् । कुनै पदार्थमा रहने आन्तरिक वृत्ति धर्मको कमीले उक्त पदार्थको क्षय हुन्छ (पाण्डेय, सन् १९७८, पृ. ३३९) । धर्मबिना कुनै पनि पदार्थ अस्तित्वमा नरहने धारणा छ । पापी मानिसले आफू जीवित छँदासम्म अरूलाई दुःख दिने भएकोले उसका मलामी कम हुने र धर्मात्मा मानिसले लोककल्याणका काम गर्ने हुँदा मरेपछि मलामी बढी हुने लोकविश्वास छ । यी लोकविश्वासमा मानिस सर्वहितमा लाग्नुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

'मुक्तिक्षेत्र' लोककथामा मुक्तिक्षेत्र र पापसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । मुस्ताङमा रहेको थाक खोलाको किनारमा २१,१४२ फिटको उचाइमा मुक्तिनारायणको मन्दिर अवस्थित छ (छोटा, २०७०, पृ. १५८) । हिन्दु र बौद्धमार्गीहरू मोक्ष प्राप्त हुने विश्वासले मुक्तिक्षेत्रको तीर्थयात्रामा जान्छन् । यस ठाउँमा रहेका एक सय आठ जलाधारामा स्नान गर्नाले मरेपछि मुक्ति हुने विश्वास गरिन्छ (पौड्याल, २०७८, पृ. ३५६) । मुक्तिनाथमा रहेका एक सय आठ धारामा सक्नेले तीन पटक र नसक्नेले एक पटक भए पनि नुहाउनाले पापबाट मुक्त भइने लोकविश्वास छ । कुनै एक धारामा नुहाउन छुटे पाप हुने लोकधारणका कारण मन्दिर अगाडिका कुण्डमा पनि नुहाउने चलन छ ।

'सेवा नै धर्म' लोककथामा गाई र पुण्यसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । गाईको दुध, दही, मही, घिउ, गोबर र गहुँतसमेत प्रयोग गरिने भएकाले गौसेवालाई धर्म मानिएको छ । हिन्दु धर्ममा गाईलाई गौमाता मानेर तिहारमा लक्ष्मीको रूपमा पूजाआजा गर्न चलन छ (भट्टराई, २०७९, पृ. ३३४) । यस लोककथामा दिलीप राजाले गौसेवा गरेका कारण यक्षरूपी सिंहबाट जोगिएका छन् भने उनको ऐश्वर्य बढेको छ । गाईबाट मानिसले धेरै फाइदा लिन सक्ने हुँदा गाईको सेवा गर्नाले पुण्य प्राप्त हुने लोकविश्वास छ ।

माथिको तालिकामा समाविष्ट पाप र पुण्यसम्बन्धी लोकवश्वासमा पापी मानिसले दुःख भोग्नुपर्ने तर धर्मात्मीले सुख प्राप्त गर्ने निचोड रहेको छ । अरूलाई दुःख दिने, पिपल काट्ने, वचन पूरा नगर्ने, पूजापाठ नगर्ने मानिस पापी कहलिने र त्यस्ता मानिस अकालमा मर्नुपर्ने तथा ती मानिसका मलामी कम हुने लोकविश्वास अभिव्यक्त भएका छन् । गाईको सेवा गर्दा धर्म मिल्ने विश्वास भएको हुँदा आस्थापूर्वक गाईको पूजा गर्ने चलन छ । मानिसले गङ्गास्नान, तीर्थ, व्रत र पूजापाठ गरेर मानसिक शान्ति प्राप्त गर्दछन् । यी लोकविश्वासमा पापकर्मले प्राणीको अहित हुने हुँदा पुण्य प्राप्त गर्ने कर्ममा लाग्नुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

### २.३.१.३ जातीय संस्कार र प्रथासम्बन्धी लोकविश्वास

मानिस वंश, परम्परा, धर्म, गुण आदिका आधारमा जाति वा वर्गमा विभाजित छ । ती जातजातिले आफ्नो वंश र परम्पराअनुसार अनुसरण गर्ने संस्कारलाई जातीय संस्कार भनिन्छ । कुनै पनि विषयवस्तु,

व्यक्ति या घटनालाई शुद्ध एवं परिष्कृत गरी प्रस्तुत गर्ने कार्य नै संस्कार हो (प्रभात, २०७४, पृ. ४६१) । संस्कारले शुद्ध पार्ने, परिष्कार वा सुधार गर्ने कार्यलाई बुझाउँछ । हिन्दु धर्ममा गर्भाधान, पुंसवन, सीमन्तोनयन, जातकर्म, नामकर्म, निष्क्रमण, अन्नप्राशन, चूडाकर्म, कर्णवेध, विद्यारम्भ, उपनयन, वेदारम्भ, केशान्त, समावर्तन, विवाह र अन्त्येष्टि संस्कार प्रचलनमा रहेका छन् (पन्थी, २०७३, पृ. २४) । हाल जन्म, विवाह र अन्येष्टि संस्कारलाई ज्यादा महत्त्व दिने चलन बढेको छ । बुद्धमार्गीमा भने कायिक, वाचिक र मानसिक संस्कार गर्ने चलन छ (प्रभात, २०७४, पृ. ४६१) । धर्म र जातिअनुसार संस्कार पनि भिन्न रहेका छन् । प्राचीन समयदेखि निरन्तर चल्दै आएका रीतिरिवाज र संस्कार नै प्रथा हुन् । लोकप्रचलन, लोकपरम्परा, लोकव्यवहार परम्परित रीतिरिवाज, चालचलन र परिपाटीलाई लोकप्रथा भनिन्छ (लुइटेल, २०६८, पृ. २३) । लोकप्रथा पितापुर्खाका पालादेखि निरन्तर प्रचलित चालचलन वा परम्परा हो । गण्डकी प्रदेशको समाज बहुलजातीय भएको हुँदा बहुपत्नी, बलि, दाइजो र छुवाछुत आदि प्रथाहरू प्रचलनमा छन् भने लोककथामा सती प्रथासम्बन्धी लोकविश्वास रहेका छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित जातीय संस्कार र प्रथासम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.३ : जातीय संस्कार र प्रथासम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अल्छी | जोगीको अन्त्येष्टिमा गर्दा नौ मुरी, नौ पाथी, नौ माना कि नौ मुठी नुन चाहिने |
| २ | एक चिलिम तमाखु | गोरु मरेपछि अन्तिम संस्कार गर्नुपर्ने |
| ३ | ज्ञान | निश्चित दिनमा सुत्केरी चोख्याउनुपर्ने |
| ४ | टीका | गुरुङ जातिले सेतो टीका लगाउने |
| ५ | दु:ख र सुख | छोराले आमालाई ढोग्नुपर्ने |
| ६ | बदला | मान्छे मरेपछि गङ्गामा लैजानुपर्ने, मृतकको मोक्षका लागि किरिया गर्नुपर्ने, किरियापुत्रीले कपाल मुण्डन गर्नुपर्ने |
| ७ | बालन | बिहे गर्दा चिना (जन्मपत्र) मिलाउनुपर्ने र विवाह उचित लगनमा मात्र हुने |
| ८ | भाग्य | छोरीलाई विवाहमा दाइजो दिनुपर्ने |
| ९ | भावी | छैटीका दिन भावीले भाग्य लेख्ने, छोरीको पाँचौं दिनमा र छोराको छैटौं दिनमा छैटी संस्कार गर्ने |
| १० | मसानघाट | मृतकको शरीरको अस्थिपञ्जर मात्र भए पनि अन्तिम संस्कार गर्नुपर्ने |
| ११ | मान्छे नमर्ने घर हुँदैन ! | सती जाने स्त्री पतिको सत्मा बसेको मानिने |
| १२ | राजकुमार दिक्पाल | कालिकालाई नरबलि दिनुपर्ने |
| १३ | सराद | मरेका मानिसको श्राद्ध गर्नुपर्ने, श्राद्ध नगरेमा पितृ भोका भई सन्तानलाई सराप्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा जन्म, छैटी, विवाह, शिष्टाचार र अन्त्येष्टि संस्कार एवम् दाइजो तथा बलिप्रथासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'अल्छी' लोककथामा अन्तिम संस्कारसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । जोगी वा सन्न्यासीहरूको अन्त्येष्टि गर्दा खाडलमा पञ्चरत्न र पञ्चगव्य सेचन गरेर मृत शरीरलाई गेरु कपडा, रुद्राक्षमाला र विगुत लगाइन्छ । उक्त शरीरलाई खाडलभित्र पद्मासनमा बसालेर शिर र कुममा मट्टी दिई नौ मुरी, नौ माना, नौ मुठी नसके जति सकिन्छ त्यति नुनले शरीरलाई छोपिन्छ (बन, २०७३, पृ. १५५-१५६) । जोगीको अन्त्येष्टिमा नुन अनिवार्य मानिने लोकविश्वास छ ।

'एक चिलिम तमाखु' लोककथामा गोरुको अन्त्येष्टि संस्कारसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । हिन्दु संस्कारमा गाईलाई आमा समान मानेर पूजा गरिने हुँदा गाईगोरु मरेपछि अन्त्येष्टि संस्कार गर्ने चलन छ । यस लोककथामा छोराले मरेको गोरुको नियमपूर्वक अन्तिम संस्कार गरेको छ । मानिस मरेपछि उसको आत्मा अन्य जीवजनावर र वस्तुमा जाने धार्मिक मान्यता रहेको छ (वशिष्ठ, २०६६, पृ. ५०-५१) । मानिस मरेपछि उसको आत्मा अन्य जीवजन्तुमा प्रवेश गर्ने लोकधारणा भएको हुँदा गोरुको अन्त्येष्टि गर्ने लोकप्रचलन छ । यस लोकविश्वासमा मानिसको जीविकाका लागि सहायक जीवजनावर र प्रकृतिको पूजा गरी तिनीहरूको संरक्षण गर्नुपर्ने सन्देशको सम्प्रेषण भएको छ ।

'ज्ञान' लोककथामा जन्मसंस्कारअन्तर्गत सूतकसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । नेपाली समाजमा बच्चा जन्मेपछि सूतक लाग्ने लोकविश्वास छ । सूतकको समयमा गृहस्थले स्नानबाहेक नित्य देवपूजा गर्नु हुँदैन (सिग्देल, २०७०, पृ. २६१) । सूतक चोख्याउने समय जातिअनुसार फरक हुन्छ । ब्राह्मण, क्षत्री समुदायमा एघार दिनमा न्वारन गरेपछि सूतक चोखिन्छ भने मेचे जातिमा सालनाल काटेको दिनमा नै सूतक चोख्याउने चलन छ (मेचे, २०७०, पृ. २६८) । राजवंशी समुदायमा सुत्केरी र बच्चाको अवस्था हेरेर जन्मदेखि तीन, पाँच, नौ दिनमा सूतक चोख्याउने गरिन्छ (राजवंशी, २०७०, पृ. २९१) । सूतक र नामकरण गर्ने समयका बारेमा लक्ष्मीकान्त पन्थीले भनेका छन्- "खेर जाने बालबालिका दश रात्रिभित्रै मर्छन् भन्ने मान्यता रहेको हुँदा दश रात्रि कटाएर सूतक सिद्धिएपछि बालबालिकाको नामाकरण गरिन्छ" (पन्थी, २०७३, पृ. ४४) । आमाको स्वास्थ्य सामान्य बन्दै गएपछि निश्चित दिनमा शास्त्रीय र जातीय मान्यताअनुसार सूतक चोख्याउने लोकविश्वास छ ।

'टीका' लोककथामा सेतो टीकासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । भगवान्को प्रसाद स्वरूप निधारमा लगाइने अबिर, चन्दन र अक्षता आदिलाई टीका भनिन्छ । नेपाली समाजमा जातिअनुसार रातो र सेतो टीका लगाउने चलन छ । गुरुङ, मगर, राई, लिम्बू, तामाङ आदि जनजातिहरूले सेतो टीका प्रयोग गर्छन् । सेतो टीका प्राचीन समयदेखि प्रचलनमा रहेको स्पष्ट पार्दै जगमान गुरुङले भनेका छन्- "प्राचीन समयमा अहिलेको जस्तो रङ नपाइने भएकोले सबैले सेतो टीका नै लगाउँथे" (गुरुङ, सन् २०१८) । प्राचीन समयदेखि नै मानिसले सेतो टीकाको प्रयोग गरेको पाइन्छ । यस लोककथामा बिच बाटोमा भेटिएका सम्धीहरूले हिउँको टीका लगाएका छन् । यो लोकविश्वासबाट गुरुङ जातिमा सम्धी साइनोलाई सम्मान गरिने र सेतो टीका लगाउने जातीय संस्कार रहेको स्पष्ट हुन्छ ।

'दुःख र सुख' लोककथामा शिष्टाचारसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । पूर्वीय संस्कारमा आमालाई देवतासमान मानेर ढोग गर्ने परम्परा छ । शास्त्रमा आमाको स्थान सबैभन्दा अग्र रहेको स्पष्ट पार्दै प्रमोद ढकालले भनेका छन्- "आमा, बा, गुरु र अतिथिलाई त्यही क्रममा देवता मान्दै *तैत्तरीय उपनिषद्*को "मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव र अतिथि देवो भव" भन्ने मन्त्रले आमा, बा, गुरु र पाहुनालाई देवताको रूपमा पूजा, आदर र सत्कार गर्नुपर्ने बताएको छ" (ढकाल, २०७६, पृ. १६८) । पूजनीय व्यक्तिहरूमा पनि आमा अग्रभागमा राखेर श्रद्धा गर्ने लोकप्रचलन रहेको छ । यसमा सन्तानले आमालाई सधैँ आदर र सम्मान गर्नुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

'बदला' लोककथामा अन्तिम संस्कारसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । हिन्दुहरूले मानिस मरेपछि उसलाई नदी वा गङ्गामा लगेर अन्त्येष्टि गर्दछन् । गङ्गाको नाम जप्ने मानिस वैकुण्ठ जाने भएकाले तिनले फेरि पृथ्वीलोकमा जन्म लिइरहनु पर्दैन (वशिष्ठ, २०६६, पृ. १०९) । समाजमा गङ्गाको नाम जप्दा, दर्शन र स्नान गर्दा समेत पापबाट मुक्त भइने लोकधारणा रहेको हुँदा मृतकको दाहसंस्कार गङ्गा किनारमा गर्ने चलन छ । मृत मानिसको आत्मा आफन्तसँग वियोग भई भड्किरहने विश्वाससहित मृत्युको दिनदेखि मृतकका नाममा कपाल मुण्डन गरेर छुट्टै बसी गर्ने श्रद्धाभाव नै किरिया कर्म हो । फणिनारायण सिग्देल (२०७०) का अनुसार हिन्दु धर्ममा किरिया बस्ने, सपिण्डीहरू र आशौच लाग्नेले मैथुन गर्न नहुने तथा नुनपान र सुखभोग त्याग्नुपर्ने मान्यता छ (पृ. १९२) । किरिया बस्ने र सपिण्डीहरूले सुखभोग त्यागेर मृतकको आत्माका लागि सुखको कामना गर्नाले त्यस आत्माले मोक्ष प्राप्त गरी स्वर्गको भोग गर्ने लोकविश्वास रहेको छ ।

'बालन' लोककथामा विवाह संस्कारसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसमा देवकी र वसुदेवको विवाह जन्मपत्र मिलाएर शुभ समयमा गरिएका घटनाक्रम छन् । विवाह धार्मिक विधिद्वारा स्त्री र पुरुषको मिलन गरिने संस्कार हो । समाजमा स्त्री र पुरुषको जन्मकुन्डली मिलाएर ग्रहादि दोष नहुने गरी विवाह गर्ने चलन छ । विवाह योग्य स्त्री र पुरुषको अष्टकूट (वर्ण, वश्य, तारा, योनि, ग्रहमैत्री, गण, भकूट र नाडी) ले उनीहरूको जीवनमा मेलमिलाप गराउन प्रभावकारी भूमिका खेल्ने ज्योतिषीय धारणा छ (पन्थी, २०७४, पृ. १६०-१६२) । यस ब्रह्माण्डमा रहेका ग्रह र राशिको प्रभाव मानिसको जीवनमा पर्ने मान्यताका कारण तिनको दोष नलाग्ने गरी शुभमुहूर्तमा विवाह गर्नुपर्ने लोकविश्वास रहेको छ । विवाहितको जीवनमा कुनै खटपट नआओस् भनेर चिना मिलाउने र शुभसमय हेर्नुपर्ने लोकमान्यता छ ।

'भाग्य' लोककथा दाइजो र सती प्रथासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत सत्तलसिंह राजाले छोरीलाई दाइजो दिनु, दाइजो धेरै भएका कारण जन्तीले बोक्न नसक्नु र राजकुमारीले आफू सती नारी भए या नभएको परीक्षण गर्दा हात्ती र घोडा उत्पत्ति हुनु आदि घटनाक्रमको संयोजन गरिएको छ । दाइजो विवाहका समयमा बेहुलीतर्फबाट बेहुलाका परिवारलाई दिने घरेलु सामान र गरहना आदि हुन् (सिहं, २०७३, ?) । छोरीलाई विवाह गरी पठाउँदा सुन, चाँदी, हिराका गरगहना र अन्य घरेलु सामान दिने चलन छ । समाजमा दाइजो धेरै दिने मान्छे कुलघरानको मानिने, दाइजो धेरै ल्याउने बुहारी लच्छिनकी हुने, दाइजोले छोरीचेलीको संस्कार र माइतीको इज्जत प्रतिष्ठा बढाउने लोकविश्वास रहेका छन् ।

'भावी' लोककथामा छैटी संस्कारसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । छैटीको दिन भावीले निधारमा भाग्य लेख्ने र सो बच्चा जीवनभर त्यही भाग्यमा चल्नुपर्ने लोकमान्यता भएको हुँदा छैटी उत्सव गर्ने परम्परा छ । छैटी संस्कार जातजातिअनुसार फरकफरक तरिकाले गर्ने चलन छ । ब्राह्मणहरूले छ दिनमा, हिन्दु संस्कारको प्रभाव परेका मगरहरूले जेठो छोराको मात्र छ दिनमा छैटी गर्छन् (बुढामगर, २०७०, पृ. २३५) । दराई जातिका मानिसले छ दिनमा नै छैटी गर्छन् (कैनी, २०७०, पृ. १६९) । हिन्दु संस्कार र यसको प्रभाव परेका जातिमा छ दिनमा छैटी उत्सव गर्ने चलन छ । छैटी संस्कारमा छोरा र छोरीबिच भिन्नता रहेको प्रस्ट पार्दै प्रभादेवी कैनीले बताएकी छिन्- "नवजात शिशु छोरा भएको खण्डमा यसलाई बढ्ता महत्त्व दिइन्छ भने छोरी भएमा छैटी जगाउन आवश्यक ठानिँदैन । छोरीको भाग्य आफ्नोअनुसार निर्धारण नहुने भन्ने मान्यता दराई समाजमा देखिन्छ" (कैनी, २०७०, पृ. १६९) । छोरालाई बढी महत्त्व दिने समाजमा छोरा र छोरीको छैटी जन्मेको फरक दिनमा गर्ने चलन छ । छैटीको दिन भावीले भाग्य लेख्न विश्वास भएको हुँदा बालबालिकाको सिरानमा कापीकिताब राखिदिन्छन् । तसर्थ बच्चाको उज्ज्वल भविष्यको कामना गरी छैटी गर्ने लोकविश्वास रहेको छ ।

'मसानघाट' लोककथामा अन्त्येष्टि संस्कारसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । लोकसमाजमा मरेको मानिसको अन्तिम संस्कार नगरेमा आत्मा भड्कने विश्वासका कारण अन्त्येष्टि गर्ने चलन छ । प्रेतकर्म नगरेमा प्रेतले पिशाच भएर दुःख पाउने, पहिले भोगेका वस्तु र विषयप्रतिको वासना नछुट्ने, घरका सन्तानलाई दुःख दिने तथा यमलोकमा पुगेर विभिन्न किसिमका यातना पाउने लोकविश्वास भएकाले प्रेतकर्म गर्नुपर्छ (पन्थी, २०७३, पृ. २३७) । मानिसको मृत्युपश्चात् उचित संस्कार नपाएका प्रेत बनेर घरपरिवारलाई दुःख दिने मान्यताका कारण मृतकको अन्तिम संस्कार गर्ने चलन छ ।

'मान्छे नमर्ने घर हुँदैन !' लोककथामा सती प्रथासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । आफ्ना पतिबाहेक परपुरुषको कामना नगर्ने, पतिव्रता वा पतिको शवसँगै सहमरण गर्ने स्त्रीलाई सती भनिन्छ । श्रीमान्को मृत्युपछि उसको चितामा बसेर विधवा पत्नीले ज्यान त्याग गर्ने परम्परा सतीप्रथा हो तर वैदिक कालमा यो प्रथा प्रचलनमा भएको पाइँदैन (शर्मा, सन् २०१३, पृ. ९३२) । सती लोकधारणामा आधारित प्रथा भएको हुँदा सबै नारी सती नगएको कुरालाई रामचन्द्र गौतमले स्पष्ट पार्दै भनेका छन्- "नारीहरूलाई सती जानुपर्छ भनेर कुनै शास्त्रका कुनै वचनले पनि बाध्य गराएको छैन र थिएन पनि । शास्त्रले बाध्य नगराएको हुँदा सबै नारी सती जाँदैनथे" (गौतम, २०७१, पृ. १४५) । शास्त्रले नारीहरूलाई सती जान बाध्य नबनाए पनि लोकप्रचलनका कारण उनीहरू सती गएका जनश्रुति छन् । सती नारी मृत पतिको देहसँगै जिउँदै जलेर मर्ने भएकोले तिनमा असाधारण शक्ति हुने लोकविश्वास छ ।

'राजकुमार दिक्पाल' लोककथामा नरबलिसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत जोगीले राजकुमारलाई बलिका लागि कुटीमा लगेको घटनाक्रम आएको छ । आफ्नो मनोकाङ्क्षा पूरा होस् भनी देवीदेवतालाई भोग्य वस्तु र पशुपन्छी बलिदिने कार्य बलिप्रथा हो । नेपाली समाजमा नरबलिको समेत प्रयोग भएको कुरा लोककथामा पाइन्छ तर हाल नरबलि कानुन निषेधित छ । काठमाडौँमा रहेको नरदेवी मन्दिरमा मानिसको बलि दिइने भएकाले त्यसका आधारमा नरदेवी भनिएको हो (भट्टराई, २०६७, पृ. १४८) । बारा जिल्लाको बरियापुरस्थित गढीमाई मन्दिरमा नरबलि स्वरूप थारुहरूले औँलाको रगत चढाएको पाइन्छ (पौडेल, २०७४,
पृ. २७०) । नेपाली समाजमा प्राचीन समयमा नरबलि प्रचलित रहेको प्रस्ट हुन्छ । यस लोककथामा

कालिकामाई शक्तिशाली देवी भएको हुँदा उनलाई खुसी पार्न जोगीले नरबलि चढाउने लोकविश्वास व्यक्त भएको छ ।

'सराद' लोककथामा श्राद्धसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । पितृ वा पुर्खालाई श्रद्धापूर्वक अन्नजल दिने कर्मलाई श्राद्ध भनिन्छ । मानिसलाई बाँचुञ्जेल भोक, तिर्खा, थकाइ लागे जस्तै प्रेतलाई पनि भोक, तिर्खा लाग्ने भएको हुँदा सन्तानले दिएको अन्नजल प्राप्त गर्छन् भन्ने लोकविश्वास छ । श्रद्धापूर्वक पितृलाई निमन्त्रणा गरी अन्नजल दिँदा पितृ अदृश्य रूपमा आई भोजन गर्ने र श्राद्ध गर्नेलाई सबै प्रकारका सुख दिने लोकमान्यता छ (सिग्देल, २०७०, पृ. २२३) । सन्तानले श्राद्ध नगरिदिँदा प्रेतात्मा भोक, प्यासले तड्पिनुपर्ने भएकोले श्राप दिन्छन् भन्ने लोकविश्वास रहेको छ । यी लोकविश्वासमा मानिसले आफ्ना मान्यजनप्रति श्रद्धाभाव राखी कर्तव्यपरायण हुनुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

माथिको तालिकामा जन्म, छैटी, विवाह, शिष्टाचार, अन्त्येष्टि संस्कार तथा दाइजो र बलिप्रथासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ मृत्युसंस्कारमा आधारित लोकविश्वास बढी छन् । प्रेतात्मालाई स्वर्ग तार्नुपर्ने लोकमान्यता भएको हुँदा अन्त्येष्टि गर्ने चलन रहेको छ । लोकसमाजमा मानिसको मात्र नभएर पशुप्राणीको समेत अन्त्येष्टि गर्ने प्रचलन पाइएको छ । मृतकको सम्झना गरी श्रद्धापूर्वक पितृकार्य गर्नाले मृतकको आत्माले मोक्ष प्राप्त गर्ने लोकधारणा छ । लोककथामा सती प्रथासम्बन्धी लोकविश्वास भए पनि हाल यो प्रथा चलनमा रहेको छैन । समाजमा देवीदेवताले दुःखबाट मुक्ति दिने विश्वाससहित बलिका माध्यमबाट देवता खुसी पार्ने लोकविश्वास छ तर नरबलि अहिले चलनमा छैन । यी लोकविश्वासमा मानिस नैतिकवान् भई घरपरिवार तथा समाजप्रति उत्तरदायी बन्नुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

### २.३.१.४ तीर्थसम्बन्धी लोकविश्वास

तीर्थ भक्तजनहरू स्नान, ध्यान, जप, दर्शन, पूजापाठ गर्न जाने नदी, कुण्ड, मन्दिर र पवित्र स्थलहरू हुन् । सोमप्रसाद खतिवडा (२०७४) का अनुसार देवता, महापुरुष र पतिव्रता स्त्री जन्मिएका, उनीहरूले क्रीडा गरेका र उनीहरूको मृत्यु भएका स्थान, नदी, कुण्ड, गुफा आदि तीर्थका रूपमा प्रसिद्ध छन् (पृ. ४८९) । यस्ता पवित्र स्थलमा गई दर्शन, स्नान, देवकार्य र पितृकार्य गर्दा मोक्ष प्राप्त हुने तथा सिद्धि मिल्ने लोकविश्वास छ । तीर्थस्थलमा धार्मिक उद्देश्य लिएर जाने कामलाई तीर्थयात्रा भनिन्छ । मानिसले अध्ययन, गृहस्थी र सामाजिक कर्मबाट विश्राम लिएपछि तीर्थाटन गर्दा पवित्र भइने जनविश्वास छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित तीर्थसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.४ : तीर्थसम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | कुछब तेरङा | गुम्बालाई पवित्र स्थान मानिने, गुम्बामा देवताको बास हुने र गुम्बामा लामासम्बन्धी ज्ञान सिक्ने |
| २ | गोरखनाथ | कामरुकामाख्यामा मत्स्येन्द्रनाथ रहने |
| ३ | धर्म र पाप | गङ्गालाई पवित्र तीर्थस्थल मानिने र गङ्गामा नागको बास हुने |
| ४ | पुण्यशिला | साधुसन्तले धार्मिक पीठको स्थापना गर्ने र तीर्थस्थलमा |

| | | |
|---|---|---|
| | | भगवान्को बास हुने |
| ५ | बदला | गङ्गाको जल पवित्र हुने र गङ्गालाई गुरु भेटी चढाउनुपर्ने |
| ६ | मुक्तिक्षेत्र | मुक्तिक्षेत्र पापमोचन गर्ने तीर्थस्थल भएको |
| ७ | लामाको खप्पर | गुम्बा बौद्ध धर्मको ज्ञान केन्द्र भएको र गुम्बालाई पवित्र धार्मिक स्थल मानिने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा गुम्बा, मुक्तिक्षेत्र र कामरुकामाख्या मन्दिर, गङ्गा र पीठजस्ता तीर्थस्थलसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'कुछब तेरङा' लोककथामा गुम्बासम्बन्धी लोकविश्वास रहेका छन् । बौद्ध धर्मावलम्बीहरू लामासम्बन्धी ज्ञान सिक्न र बौद्ध धर्म दर्शनका बारेमा बुझ्न गुम्बामा जाने हुँदा त्यसलाई पवित्र धार्मिक स्थल  मानिएको छ । बौद्ध भिक्षुहरू बस्ने ठाउँ, बौद्ध धर्मावलम्बीहरूको पवित्र स्थान, शिक्षालय र साधना केन्द्र नै गुम्बा हो (प्रभात, २०७४, पृ. १३३) । गुम्बा धार्मिक क्रियाकलापको केन्द्र मात्र नभएर बौद्ध धर्मावलम्बीको शिक्षा आर्जन गर्ने र साधना गर्ने पवित्र तीर्थस्थल मानिएको छ । 'कुछब तेरङा' लोककथाअनुसार कुछब तेरङा गुम्बामा कुछब तेरङा देवता भएकोले यसलाई बौद्ध धर्मावलम्बीहरूले आस्थाको केन्द्र मादन्छन् ।

'गोरखनाथ' लोककथामा कामाख्यसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसमा गोरखनाथले नागको साधन गर्नु, नाग वशमा परेकाले पानी नपर्नु, काठमाडौँ उपत्यकामा पानीको हाहाकार हुनु र मत्स्येन्द्रनाथलाई कामाख्याबाट ल्याइनु, गुरुलाई देखेर गोरखनाथ उठ्दा नागहरू फुत्किएर पानी पर्नु जस्ता कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । सत्यमोहन जोशी (२०३९) का अनुसार राजा नरेन्द्रदेवले तन्त्रविद् बन्धुदत्त आचार्य र भरिया रथचक्रको सहयोगमा कामाख्या पीठबाट मत्स्येन्द्रनाथ ल्याउँदा गोरखनाथ उठेकाले नागहरू आआफ्नो स्थानमा गएर वृष्टि भएको किंवदन्ती छ (पृ. ८३) । कामाख्या भारतको नीलाचल पर्वतस्थित भगवतीको महामुद्रा (योनिकुण्ड) रहेको प्रसिद्ध धार्मिक तीर्थस्थल हो । नीलाचल पर्वतमा खसेर पत्थर भएको सतीदेवीको योनिमण्डलमा कामाख्या देवी नित्य रूपमा अवस्थित रहेकाले यस शिलाको स्पर्श गर्दा अमरत्व प्राप्त हुने विश्वास छ भने कामाख्यालाई तान्त्रिक क्रियाको केन्द्र मानिएको छ (शर्मा, सन् २०१६, पृ. ३-५२) । नेपालमा चैत्र शुक्ल पूर्णिमाका दिन मच्छिन्द्रनाथ (मत्स्येन्द्रनाथ) को रथयात्रा गरिन्छ । त्यसैले भारतको नीलाचलमा रहेको कामाख्यालाई नेपालका हिन्दुहरूले उत्कृष्ट तीर्थस्थल  मान्दछन् ।

'धर्म र पाप' लोककथामा गङ्गा र नागसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । पानीका स्रोतमध्ये गङ्गा पवित्र नदी हो । गङ्गामा नागको बसोबास हुने लोकधारणा छ । नाग सर्प जातिमा पर्ने घस्रने प्राणी हो । विश्वका सबैजसो प्राचीन सभ्यताहरूमा नाग र मानिसको सम्बन्ध पाइन्छ । ती सभ्यताहरूमा नागको सम्बन्ध मानिसको स्वास्थ्य, सन्तानोत्पादन र समृद्धिसँग जोडिने विश्वास छ (खत्री, २०७७, पृ. १६८) । लोकमा प्राचीन समयदेखि नै नागसम्बन्धी लोकविश्वास पाइएको छ । नागपूजा ब्राह्मण, क्षत्री, मगर, गुरुङ, नेवार तथा तामाङ जातिमा ङ्याम्बु पूजाका रूपमा प्रचलित रहेको छ । नागलाई पानीका देवता पनि भनिन्छ (प्रभात, २०७४, पृ. २३७) । नागलाई पानीका देवता मानिएको हुँदा श्रावण पञ्चमीको दिनलाई नागपञ्चमीको रूपमा मान्ने चलन छ । नाग गङ्गामा बस्ने लोकविश्वासमा

कारण नदीनाला पोखरी आदिमा फोहोर गर्न नहुने लोकधारणा रहेको छ । यसबाट पानीका स्रोत र जलचर प्राणीको संरक्षणमा मदत पुगेको छ ।

'पुण्यशिला' लोककथामा पीठ र तीर्थस्थलसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । समाजमा साधुसन्तले धार्मिक पीठको स्थापना गर्नुपर्ने लोकमान्यता रहेको छ । पीठ त्यस्तो तीर्थस्थल हो जहाँ देवीको पूजा र तप गर्नाले मोक्ष प्राप्ति हुने विश्वास गरिएको छ (खतिवडा, २०७४, पृ. ६९३) । 'पुण्यशिला' लोककथाअनुसार साधुले पुण्यशिला देवीको पीठ स्थापना गरेर जीविका निर्वाह गरेका छन् । नेपाली समाजमा मठमन्दिर, गुम्बा, पिपल, चौतारी, नदीनाला, कुण्ड, हिमाल र पहाड आदि स्थलमा देवीदेवताको बास हुने लोकविश्वास भएको हुँदा यस्ता ठाउँलाई तीर्थस्थल मानेर पूजाआजा गर्ने परम्परा छ ।

'बदला' लोककथामा गङ्गासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसमा वृद्ध पाप कटनीका लागि गङ्गामा स्नान गर्न जानु र बाठो भाइले बुढीका नाककान काटेर गङ्गालाई भेटी चढाउने कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । हिन्दु धर्मसँग गङ्गाको पवित्रतालाई जोड्दै वीणा पौड्यालले भनेकी छिन्- "हिन्दु धर्मावलम्बीहरूको सम्पूर्ण धार्मिक कर्मकाण्ड चोखो पानी नभईकन सम्पन्न नै हुँदैन । पानीका विभिन्न स्रोतहरूमध्ये नदीलाई उत्तम स्रोत मानिन्छ । नदीहरूमध्ये पनि गङ्गालाई सबैभन्दा पवित्र भन्दै पूजा-सम्मान गरिन्छ" (पौड्याल, २०६७,
पृ. १३) । धार्मिक क्रियाकलापमा गङ्गाजललाई पवित्र मान्ने चलन छ । *गरुड पुराण*अनुसार गङ्गाजीको दर्शन, स्पर्शन र नाम जप्दा पनि पवित्र भइन्छ (वशिष्ठ, २०६६, पृ. १०९) । पुण्य प्राप्तिका लागि भक्तजनले गङ्गालाई फूलपाती, द्रव्य, जौ, तिल र कुश आदि चढाउँछन् । गङ्गास्नान गर्नाले पापबाट मुक्त भइने लोकविश्वास रहेको हुँदा गङ्गाको पानीलाई पवित्र जल र गङ्गालाई पवित्र तीर्थस्थल मानिएको हो ।

'मुक्तिक्षेत्र' लोककथामा मुक्तिक्षेत्रसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यस क्षेत्रमा तले शैलीमा निर्माण गरिएको र मुक्तिनारायणको मूर्ति भएको प्रसिद्ध मुक्तिनाथको मन्दिर छ । मन्दिरको पूर्वपट्टि एक सय आठ धाराहरू र मन्दिरको अग्रभागमा दुई कुण्ड रहेका छन् । ती धारा र कुण्डमा नुहाउनाले पापबाट मुक्त भइने लोकविश्वास छ । *स्कन्दपुराण*मा मुक्तिक्षेत्रमा गई भक्तिपूर्वक डुबुल्की लगाई प्राणत्याग गर्दा सात जन्मदेखिको पाप नाश हुने र ज्येष्ठशुक्ल दशहराका दिन मुक्तिक्षेत्रका कुण्ड तथा बगेका पवित्र छहरामा स्नान गर्नाले कोटी जन्मदेखिका सबै पाप नाश भई मुक्त भइने उल्लेख छ (क्षेत्री, २०४४, पृ. ७९-८०) । मुक्तिक्षेत्रका धारा र कुण्डमा नुहाउनाले पापबाट मुक्त हुने लोकविश्वास रहेको हुँदा मुक्तिक्षेत्रलाई पापमोचन गर्ने तीर्थस्थल मानिएको छ ।

'लामाको खप्पर' लोककथामा गुम्बासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । बौद्ध धर्ममा भिक्षुभिक्षुणी बस्न, बौद्ध दर्शनसम्बन्धी शिक्षा दिन, ध्यान र तपस्या गर्न गुम्बाहरू निर्माण गरिएका हुन्छन् । सोमप्रसाद खतिवडा (२०७४) का अनुसार बौद्ध धर्ममा गाउँको, राज्यको र गुम्बाको प्रमुख लामा हुने गर्दछन् र लामाहरू गुम्बामा नै बस्छन् (पृ. ३०३) । यसरी बौद्ध धर्मावलम्बीहरू गुम्बालाई भिक्षु बस्ने ठाउँ, ध्यान केन्द्र र धार्मिक शिक्षालयका रूपमा लिन्छन् । गुम्बामा बस्ने लामाहरूले त्यसको संरक्षण गर्ने र त्यहाँ बौद्ध धर्मसम्बन्धी शिक्षा दिने लोकधारणा रहेको छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा तीर्थस्थललाई दैवीशक्तिको केन्द्र मानिएको छ। लामा गुरुहरू गुम्बामा बस्छन् भने साधुसन्त मन्दिर र पीठहरूमा बस्दछन्। लामा र साधुसन्तलाई पीठका संस्थापक तथा संरक्षक मानिएको छ। त्यसै गरी पानी जीव र वनस्पतिका लागि प्राणदायक तत्त्व भएकोले गङ्गालाई मानिसले देवीको रूप मानेर पूजा गर्ने लोकविश्वास छ। यी लोकविश्वासमा तीर्थस्थलले पर्यावरणको संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्ने र त्यस्ता स्थलमा पुग्दा मानिसले आत्मसन्तुष्टि प्राप्त गर्ने सन्देशको सम्प्रेषण गरिएको छ।

### २.३.१.५ यज्ञ, दान, व्रत र पर्वसम्बन्धी लोकविश्वास

यज्ञ देवताहरूको प्रसन्नताका लागि वैदिक विधिपूर्वक गरिने जप, पूजापाठ, हवन आदि कार्य हो। पुण्य प्राप्तिका लागि दान, धर्म र लोकोपकारको उद्देश्यले गरिने कर्मलाई यज्ञ भनिन्छ। पृथ्वीमा भएका वस्तुहरू देवतालाई अर्पण गर्ने कार्यलाई पनि यज्ञ भनिएको छ (खतिवडा, २०७४, पृ. ९८३)। मानिसहरूले आफूसँग भएका वस्तु अर्पण गरेर शास्त्रीय विधिविधानअनुसार यज्ञ गर्दछन्। त्यसै गरी आफ्नो हक वा अधीनमा रहेका अन्न, गाई, वस्तु, भूमि, रुपियाँ, वस्त्र, सुन, चाँदी आदि अरूलाई दिने कार्य दान हो। मानिसले प्राप्त गरेका वस्तु प्रकृति वा ईश्वरकै अनुग्रह हो भनेर तिनको आराधना, उपासना गरी देवतालाई चढाउने संस्कार नै दान हो। दान गर्नाले सुख र सन्तुष्ट प्राप्त गरी निरोगी हुने विश्वास छ (ढकाल, २०८०, पृ. १६३)। दान गर्दा मानिसले आत्मसन्तुष्टि प्राप्त गर्दछन्। दान दिँदा आफ्नो स्वामित्वमा रहेका वस्तु अरूको स्वामित्वमा अपर्ण गरिन्छ। दान खुलमखुला वा गुप्त रूपमा दिने चलन छ। शास्त्र निर्देशित विधिविधानका आधारमा शारीरिक र मानसिक शुद्धिका लागि धार्मिक उद्देश्यले देवीदेवताको आराधना गरिने कृत्य व्रत हो। व्रतालुहरूले फलफूल, दुध र पानी आदि खाएर गरिने व्रत फलाहार हो भने निराहार व्रतमा केही खाँदैनन्। त्यसै गरी धार्मिक, सांस्कृतिक वा सामाजिक दृष्टिले महत्त्वपूर्ण समय, उत्सव र विशेष घटना घटेको दिनलाई पर्व भनिन्छ। चाडपर्वहरू हाम्रो धार्मिक जनजीवन र मौलिक संस्कृतिका प्रतीक हुन् (पौडेल, २०७४, पृ. १७३)। चाडपर्वहरूले समुदाय र जातजातिको परिचय बोकेका हुन्छन्। यहाँ गण्डकी प्रदेशबाट सङ्कलित यज्ञ, दान, व्रत र पर्वसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २. ५ : यज्ञ, दान, व्रत र पर्वसम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अकलामाई | विधिपूर्वक देवीको पूजा गर्नुपर्ने |
| २ | ऋषिपञ्चमी | अठासी हजार ऋषिले एउटै यज्ञ गर्ने र ऋषिपञ्चमीको व्रत गर्नाले पाप नाश हुने |
| ३ | गोरखनाथ | गोरखनाथले नागलाई वशमा राखेर तपस्या गर्ने |
| ४ | दाहिने बङ्गारो | जोगीलाई भिक्षादान दिनुपर्ने |
| ५ | पुण्यशिला | देवताको थानमा फूलपाती चढाउनुपर्ने र मन्दिरमा भेटी चढाउनुपर्ने |
| ६ | बुद्धत्व | श्रद्धाले तुच्छ वस्तुमा पनि भगवान् मिल्ने |
| ७ | बुद्धिमान बा | पितृकार्यमा दानदक्षिणा दिनुपर्ने |

| | | |
|---|---|---|
| ८ | राजकुमार दिक्पाल | जोगीले नरबलिसहित कालिकामाईको पूजा गर्ने |
| ९ | वृत्रासुर राक्षस | वृत्रासुर राक्षसले महादेवको तपस्या गर्ने र विधि पुऱ्याएर कर्म गर्नेले शुभफल प्राप्त हुने |
| १० | सराद | मृतकको मोक्षका लागि श्राद्ध गर्नुपर्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा व्रत, तपस्या, पूजापाठ, भिक्षादान, दानदक्षिणा र श्राद्धसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'अकलामाई' लोककथामा देवीको पूजासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकमा विधिपूर्वक देवीको पूजा गरेपछि काटेको रुख भुईमा खसेको घटना छ । हिन्दु परम्परामा सरस्वती, लक्ष्मी, पार्वती, दुर्गा, काली, भैरवी, नदी, गङ्गा र समुद्रलाई देवीका रूप मान्ने चलन छ (ढकाल, २०७६, पृ. १६६) । समाजमा देवीका विभिन्न रूप हुने र देवी शक्तिशाली हुने लोकधारणा रहेको छ । पूजाले पत्र, पुष्प, फल र जलद्वारा देवीदेवताको अर्चना गर्ने विधिलाई बुझाउँछ (पाण्डेय, सन् १९७८, पृ. ४१२) । देवीदेवताको पूजा गर्दा जपिने मन्त्र, यज्ञादि कार्य र चढाइने वस्तु शास्त्रनिर्देशित हुन्छन् । यस लोकविश्वासबाट विधि र नियममा बसेर गरिएका कर्मको परिणाम सुखद हुने सन्देशको सम्प्रेषण गरिएको छ ।

'ऋषिपञ्चमी' लोककथामा यज्ञ र ऋषिपञ्चमीको व्रतसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत शौनकादिका अठासी हजार ऋषिले ठुलो यज्ञ गर्नु, सुतजीले ऋषिपञ्चमी व्रतकथा बताउनु, वृत्रासुर राक्षस मारेकोले भगवान् विष्णुलाई ब्रह्महत्याको दोष लाग्नु, रजस्वलालाई ब्रह्महत्याको दोष मानिनु र स्त्रीले ब्रह्महत्याको दोष निवारणका लागि ऋषिपञ्चमीको व्रत बस्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । हिन्दु धर्मअनुसार भाद्र शुक्ल पञ्चमीका दिन रजस्वला भइसकेका स्त्रीहरूले रजोदर्शनका समयमा गरेका स्पर्शजन्य दोष हटुन् भन्ने कामना गर्दै सप्तर्षिको पूजा गर्छन् । ऋषिपञ्चमी व्रतको महिमाका विषयमा सत्यमोहन जोशीले भनेका छन्- "धर्मपरायण नेपाली महिलाहरूका लागि ऋषिपञ्चमी व्रतोत्सवभन्दा ठुलो अर्को व्रतोत्सव छैन भन्ने कथन पाइन्छ" (जोशी, २०३९, पृ. १०५) । ऋषिपञ्चमी व्रतलाई हिन्दु नारीहरूको महान् व्रत मानिएको छ । यसमा व्यक्त लोकविश्वासमा व्रत र यज्ञले मानिसमा दृढसङ्कल्पको बढोत्तरी भई परिवार र समाजमा आपसी मेलमिलाप बढ्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

'गोरखनाथ' लोककथामा तपस्यासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत गोरखनाथले नौ नागको साधन गर्दा पानी नपरेर काठमाडौँ उपत्यकामा हाहाकार मच्चिएको घटनाक्रम छ । राजबली पाण्डेय (सन् १९७८) का अनुसार तपस्या एक प्रकारको आत्मशोधन प्रक्रिया हो (पृ. २९५) । तपस्यालाई इच्छापूर्ति वा मानसिक शुद्धिका लागि एकचित्त भई नियमपूर्वक गरिने कठिन साधना मानिएको छ । गोरखनाथको नाग साधनाको सन्दर्भलाई प्रस्ट पार्दै सत्यमोहन जोशीले भनेका छन्- "गोरखनाथ नौ नाथ साधना गरेर बाह्र वर्ष तपस्या गर्दा, पानी नपरी हाहाकार हुन्छ । पछि मस्त्येन्द्रनाथलाई भेट्न भनी गोरखनाथ उठ्न लाग्दा, नागहरू सबै स्वतन्त्र हुन्छन् र पानी पर्छ । यसैले नागलाई वर्षाको प्रतीक पनि मानिन्छ" (जोशी, २०३९, पृ. ९३) । यसरी गोरखनाथले नागलाई आफ्नो अधीनमा राखेर तपस्या गरेको किंवदन्ती छ । यो लोकविश्वासबाट तपस्वीहरूमा असाधारण शक्ति हुने लोकधारणा रहेको प्रस्ट हुन्छ ।

'दाहिने बङ्गारो' लोककथामा भिक्षादानसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । भिक्षा भिक्षार्थीलाई दिइने अन्न, फलफूल र पैसा आदि हो । भिक्षादान गर्नुलाई पुण्यसँग जोडेर हेरिएको छ । भिखारीलाई भिक्षादान गर्नु गृहस्थको कर्तव्य हो (खतिवडा, २०७४, पृ. ८३६) । साधुसन्तले भिक्षाटनबाटै आफ्नो जीविका चलाउने हुँदा गृहस्थले भिक्षार्थीलाई भिक्षा दिनु कर्तव्य मानिएको छ । भिक्षा स्वेच्छाले दिने भए पनि यस लोककथामा जोगीले आफूले मागेको चिज नदिए श्राप दिने धम्की दिएको छ । समाजमा जोगीले दिएको श्राप लाग्ने लोकविश्वास रहेको छ ।

'पुण्यशिला' लोककथामा पूजा र भेटीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यस लोककथामा शिवभक्त साधुले पुण्यशिला पीठको स्थापना गर्ने र भक्तजनले फूलपाती तथा भेटी चढाउने कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । भेटी देवीदेवता वा पूज्य व्यक्तिलाई आदरपूर्वक चढाइने वस्तु हो । साधुसन्तले गृहस्थ जीवन त्यागिसकेको हुँदा भेटी र भिक्षाबाट नै उनीहरूको जीवन सञ्चालन हुन्छ । समाजमा साधुसन्त देवीदेवताका सेवक भएकाले उनीहरू भोको नरहँदा पुण्य लाभ हुने लोकविश्वास छ ।

'बुद्धत्व' लोककथामा पूजासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसमा आमाले सिङलाई बडो श्रद्धापूर्वक पूजाआजा गर्ने र त्यस सिङमा चमक आउने कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । श्रद्धा कुनै विषयवस्तुप्रति उत्पन्न हुने आदरपूर्ण भावना हो । आस्था अर्थात् कुनै पनि वस्तु, विचार वा व्यक्तिप्रतिको अतार्किक भावनात्मक विश्वास नै श्रद्धा हो (प्रभात, २०७४, पृ. ४५२) । व्यक्तिको मनमा हुने अतार्किक सद्भावलाई नै श्रद्धा मानिएको छ । यस लोकविश्वासमा आस्थापूर्वक गरिएको सामान्य कामले पनि विशेष फल दिने सन्देशको सम्प्रेषण गरिएको छ ।

'बुद्धिमान बा' लोककथामा दानदक्षिणासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकमा पितृकार्य सकिएपछि दानदक्षिणा गरेको घटना रहेको छ । प्रत्येक धार्मिक अथवा माङ्गलिक कृत्य पछाडि पुरोहित, ऋत्विज अथवा ब्रह्माण्डलाई दक्षिणा दिइन्छ । दक्षिणाबिना शुभकार्य सफल नहुने र शुभ परिणाम नमिल्ने विश्वास गरिन्छ (पाण्डेय, सन् १९७८, पृ. ३१०) । हिन्दु संस्कारमा हरेक देवकार्य र पितृकार्य सकिएपछि ब्राह्मण, छोरीचेली, भान्जाभान्जी आदिलाई दानदक्षिणा दिने चलन छ । तसर्थ दान दिने कार्यलाई पुण्यकर्म मानिएको छ ।

'राजकुमार दिक्पाल' लोककथामा कालिकामाईको पूजासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यस लोककथाअनुसार जोगीले आफ्नो भाकलबमोजिम कालिकामाईलाई नरबलि दिएर विशेष पूजा गर्छ । काली शक्तिशाली देवी हुन् । कालीको उपासना गर्ने तान्त्रिक, योगी र सन्न्यासीहरूले काटिएको गिँडलाई अहङ्कारको उच्छेदन र आत्मिक शान्तिको पुनर्स्थापनाको प्रतीकका रूपमा लिन्छन् (ढकाल, २०७६, पृ. ३३७) । काली जस्तै शक्तिशाली बन्न विकृतिलाई काटेर निमिट्यान्न पारेमा मात्र वास्तविक साधना र शुद्ध गुणको वृद्धि हुने मान्यता कालीका साधकहरूको रहेको छ । प्राचीन समयमा नरबलि प्रतीकात्मक भएको तर पछि धार्मिक विकृतिका कारण नरबलि दिइएको भन्दै राजबली पाण्डेयले भनेका छन्- "नरबलिलाई परमात्मा अहङ्कार समर्पणको प्रतीकमा रूपमा लिइन्छ । धार्मिक दुरुह र विकृतिसँगै आफ्नो आत्मसंयमको बदला दोस्रोबाट पुण्यफल प्राप्त गर्ने र आफ्नो अहङ्कारको दमनको बदला मनुष्य र पशुको बलि दिइएको पाइन्छ" (पाण्डेय, सन् १९८७, पृ. ८३६) । लोककथामा नरबलि दिने लोकविश्वास रहे पनि हाल नरबलिलाई कानुन निषेधित मानिएको छ ।

'वृत्रासुर राक्षस' लोककथामा तपस्यासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकमा वृत्रासुर राक्षसले विधिपूर्वक महादेवको तपस्या गर्ने र महादेव खुसी भएर वरदान दिने घटनाक्रमको संयोजन गरिएको छ । धर्मशास्त्र वा प्रामाणिक ग्रन्थहरूमा बताइएको शास्त्रीय नियमलाई विधि भनिन्छ । यस लोककथामा वृत्रासुर राक्षसले विधिपूर्वक गरेको तपस्याबाट खुसी भई महादेवले उसलाई वरदान दिएका छन् । यी लोकविश्वासमा निष्ठा र नियमपूर्वक कठोर साधना गर्नाले जुनसुकै कार्यमा पनि सफल भइने सन्देशको सम्प्रेषण गरिएको छ ।

'सराद' लोककथामा श्राद्धसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । मानिस मरेको तिथिअनुसार मृतक आफन्तको सम्झनामा श्राद्ध गर्ने चलन छ । हिन्दु धर्मशास्त्रीय विधानअनुसार पितृहरूलाई लक्ष्य गरी ब्राह्मणहरूलाई दिइने दानधर्मको कार्य नै श्राद्ध हो (सुवेदी, २०५५, पृ. ४७) । श्राद्धमा सन्तानले सद्भावपूर्वक पुर्खालाई सम्झने र अदृश्य रूपमा आशीर्वाद ग्रहण गरेको विश्वास गर्दछन् ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा मानिसले देवीदेवतालाई खुसी पार्नका लागि धार्मिक अनुष्ठान र विधिविधानादि कर्म गर्ने लोकधारणा रहेको प्रस्ट हुन्छ । मानिसले दैवीशक्तिमा विश्वास गर्ने भएका कारण देवीदेवताको विशेष तरिकाले पूजा गर्ने, व्रत बस्ने, भाकल गर्ने र भेटी चढाउने कार्यमा विश्वास गरेका छन् । भाकल गरी भेटी चढाउँदा मानिसको आत्मविश्वासमा बढोत्तरी भई कार्य सफल हुने गर्दछ भने दीन, दुःखीलाई दान दिनाले उनीहरूले बाँच्नका लागि सहयोग प्राप्त गर्दछन् । उल्लिखित लोकविश्वासमा आस्थापूर्वक गरिएका कामले मानिसको जीवन सार्थक हुने सन्देशको सम्प्रेषण गरिएको छ ।

### २.३.१.६ धर्मशास्त्रसम्बन्धी लोकविश्वास

धर्मशास्त्र धार्मिक सम्प्रदायका महात्माहरूबाट सिर्जित शास्त्रीय विधिविधानले भरिएका ज्ञानविज्ञानका भण्डार *वेद, पुराण, त्रिपिटक, कुरान* र *बाइबल* आदि ग्रन्थहरू हुन् । स्वामी प्रपन्नाचार्य (२०५०) का अनुसार *वेद, पुराण*मा विश्वभाषा, विश्वसाहित्य, विश्वविज्ञान र विश्वको भौगोलिक ज्ञान रहेको हुँदा यस्ता ग्रन्थ समस्त ज्ञानविज्ञानको सूत्रात्मक झलक हुन् (पृ. २) । धर्मशास्त्रहरूलाई ज्ञानविज्ञानको भण्डार मान्ने धारणा छ । यिनमा सृष्टि र सृष्टिदेखि भएका घटनाको सविस्तार वर्णन साथै प्राचीन ऋषि, राजवंश, देवीदेवता र तीर्थ आदिका बारेमा वर्णन गरिएको हुन्छ । धुव्रप्रसाद भट्टराई (२०७९) का अनुसार मानिसलाई धार्मिक मूल्य र मान्यताको बोध गराई आदर्श समाज निर्माणका लागि मार्ग निर्देशन गर्ने शास्त्र नै धर्मशास्त्र हुन् (पृ. ३८५) । धर्मशास्त्रले विभिन्न नीति र नियममार्फत मानिसमा सदाचारको विकास गर्दछन् । धार्मिक ग्रन्थ धर्मअनुसार भिन्नभिन्न रहेका छन् । हिन्दु धर्ममा वेद, वेदाङ्ग, नीतिशास्त्र, मनुस्मृति, याज्ञवल्क्यस्मृति आदि धार्मिक ग्रन्थहरू छन् । त्यसै गरी *त्रिपिटक* बौद्ध धर्म, नियम र दर्शनसम्बन्धी महत्त्वपूर्ण ग्रन्थ हो । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित धर्मशास्त्रसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.६ : धर्मशास्त्रसम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | ऋषिपञ्चमी | वृत्रासुर राक्षस ब्राह्मणको वीर्यबाट जन्मेको र इन्द्रलाई ब्रह्महत्याको दोष लागेको |
| २ | बालन | कंसले खराब काम गर्ने |
| ३ | मुक्तिक्षेत्र | मुक्तिनाथको दर्शन गर्नाले पापबाट मुक्त भइने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा *स्कन्दपुराण, महाभारत, हिमवत्खण्डपुराण,* व्रतकथा र बौद्धधर्ममा आधारित लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'ऋषिपञ्चमी' लोककथामा वृत्रासुर राक्षस ब्राह्मणको वीर्यबाट जन्मनु, इन्द्रले वृत्रासुर राक्षसको हत्या गर्नु र इन्द्रलाई ब्रह्महत्याको दोष लाग्नु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । असुर गुरु विश्वरूपले यज्ञमा असुरहरूलाई भाग लगाएपछि इन्द्रले विश्वरूपको बध गरेका कारण त्वष्टा ऋषिले इन्द्रको बध गर्न सक्ने छोरो जन्मियोस् भनी पुत्रेष्टि यज्ञ गरेकाले वृत्रासुरको जन्म भएको पाइन्छ (सङ्क्षिप्त स्कन्दपुराण, सन् २०७७, पृ. ३३-३४) । ऋषिपुत्र वृत्रासुर बध गरेको हुँदा इन्द्रलाई ब्रह्महत्याको दोष लागेको छ । यसरी प्राचीन समयमा देवता र दानवबिच द्वन्द्व भइरहने लोकविश्वास छ भने ब्रह्महत्याको दोष लाग्ने लोकविश्वासले हत्या गर्नु महापाप मानिने लोकपरम्परालाई बुझाएको छ ।

'बालन' लोककथामा कंसले खराब काम गर्ने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत कंस बहिनी देवकीको विवाहपछि बाटोसम्म पुऱ्याउन जानु, देवकीको आठौँ गर्भ कंसको काल हुने आकाशवाणी हुनु, कंसले देवकी र वसुदेवलाई जेलमा राख्नु, कंसले देवकीका सन्तान मार्न चाहानु र अन्तिममा कृष्णसँगको युद्धमा कंसको मृत्यु हुनु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । कंसको परिचय दिँदै लीलाधर शर्माले भनेका छन्- "मथुराका राजा उग्रसेनको पुत्र कंस बडो शूरवीर र शास्त्रमा पारङ्गत थियो । मगधराज जरासन्धले मथुराको राजा बन्ने सर्तमा आफ्ना दुवै छोरी कंसलाई दिएको हुँदा कंसले पिता उग्रसेनलाई जेलमा राखेर आफू मथुराको राजा बनेको थियो" (शर्मा, सन् २०१३, पृ. १६९) । यसबाट कंसमा खराब प्रवृत्ति रहेको प्रस्ट हुन्छ । तसर्थ लोकसमाजमा अरूको अहित गर्ने मानिसलाई कंस जस्तो भन्ने लोकधारणा छ ।

'मुक्तिक्षेत्र' लोककथामा मुक्तिनाथसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । मुस्ताङ जिल्लाको कागबेनीदेखि उत्तरतर्फ मुक्तिक्षेत्रमा मुक्तिनारायण भगवान्को मूर्ति छ । *हिमवत्खण्डपुराण*का अनुसार ब्रह्माजीले तपस्या गर्दा विष्णु जल रूपले र शिव अग्नि रूपले आएर हवि ग्रहण र *गण्डकीमाहात्म्य*मा ब्रह्माजी भगवान् विष्णुका नजिक अलौकिक ज्वाला भएर बसेकाले यस क्षेत्रको विशेष महत्त्व रहेको छ ( गुरुङ, २०६१, पृ. ५८) । मुक्तिक्षेत्र ब्रह्माजीले तपस्या गरेको, विष्णुको अलौकिक रूप भएको र शिवको प्रचण्ड शक्ति रहेको तीर्थस्थल हो । मुक्तिनारायण देवतालाई हिन्दुधर्मावलम्बीले भगवान् विष्णु र बौद्धधर्मावलम्बीले आर्यावलोकितेश्वरका रूपमा मान्छन् । तसर्थ मुक्तिक्षेत्रलाई धार्मिक समन्वयको केन्द्र भनिएको छ । जगमान गुरुङले मुक्तिक्षेत्रको दर्शन गर्नाले पापबाट छुटकारा मिल्ने कुरा प्रस्ट पार्दै भनेका छन्- "हिमवत्खण्डपुराणमा ज्येष्ठशुक्ल दशमीका दिन मुक्तिक्षेत्रमा स्नान गर्नाले कोटिजन्मका पापबाट मुक्त भइने र माघे सङ्क्रान्तिमा स्नान गर्नाले पापबाट मुक्त भई परम पद पाइने तथा नरकमा बास गरेको

आत्माले पनि श्राद्धद्वारा मुक्ति पाउने उल्लेख छ" (गुरुङ, २०६१, पृ. ६५) । मुक्तिक्षेत्र शास्त्रमा वर्णित पवित्र स्थान भएको हुँदा यस क्षेत्रको दर्शन गर्नाले पापबाट मुक्त भइने लोकविश्वास छ ।

माथिको तालिकामा समाविष्ट *स्कन्दपुराण, महाभारत, हिमवत्खण्डपुराण,* व्रतकथा र बौद्धधर्मसँग सम्बन्धित लोकविश्वासमा भगवान् इन्द्रले पनि सजाय भोग्नु परेकाले हत्याहिंसालाई महापाप मानिने लोकधारणा व्यक्त भएको छ । यहाँ खराब कर्म गर्ने कंस र वृत्रासुर राक्षस जस्ता दुष्टात्मादेखि मानिस सचेत हुनुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

### २.३.१.७ बहुलोकसम्बन्धी लोकविश्वास

बहुलोक भन्नाले धेरैओटा लोक भन्ने बुझिन्छ । यस मान्यताले यो ब्रह्माण्ड पृथ्वीसहित विभिन्न लोक मिलेर बनेको मान्दछ । लोकजीवनमा बहुलोकसम्बन्धी धारणा भने *पुराण*बाट भित्रिएको हो (पराजुली, २०७१, पृ. १७३) । पौराणिक कथाहरूमा देवता, पितृ, दानव, अप्सरा र नाग आदि स्वर्गलोक, पितृलोक, नर्कलोक, यमलोक, देवलोक, ब्रह्मलोक, विष्णुलोक, वैकुण्ठलोक, मर्त्यलोक, आकाशलोक, चन्द्रलोक, सूर्यलोक, नागलोक तथा परीलोकमा बसोबास गर्ने वर्णन छ । पृथ्वीमाथि भुवर्लोक, स्वर्गलोक, महर्लोक, जनलोक, सत्यलोक र पृथ्वी तल पाताल, रसातल, महातल, तलातल, सुतल, वितल र अतल रहेका छन् ( बृहत् स्वस्थानी व्रतकथा, २०५८, पृ. ८) । पृथ्वीमाथि रहेको पितृलोकमा देवताका रूपमा पितृ रहने विश्वास छ । सत्यलोकमा ब्रह्मा, विष्णु र महेश्वर रहने भएकाले यसलाई ब्रह्मलोक भनिन्छ (सापकोटा, २०७२, पृ. ५८) । बहुलोकसम्बन्धी धारणालाई स्पष्ट पार्दै मोतीलाल पराजुलीले भनेका छन्-

> धर्म र योगका माध्यमबाट सिद्धि प्राप्त गरेका प्राणीहरू स्वर्गलोकभन्दा माथि रहने, पितृहरू पितृलोकमा रहने, अप्सरा आदि देवयोनिहरू भुवर्लोक (अन्तरिक्ष) मा रहने, मानिस र अन्य प्राणीहरू पृथ्वीलोकमा रहने तथा राक्षस, नाग, दैत्य, असुर आदि आसुरी प्रवृत्ति भएका प्राणीहरू पाताललोकदेखि अतललोकसम्म रहने विश्वास गरिएको छ । (पराजुली, २०७१, पृ. १७३-१७४)

पृथ्वी माथिका लोकहरूमा सात्त्विक प्रकृतिका र उन्नत स्वभाव भएका पुण्यात्माको बास रहने लोकविश्वास छ । धर्मकर्म गर्ने, अरूको भलो चिताउने, लोभ र पाप नगर्ने मानिस मरेपछि पृथ्वी माथिका लोकमा रहने तथा पाप गर्ने, अरूलाई दुःख दिने, खराब प्रवृत्तिका मानिसको मृत्युपश्चात् तल्ला लोकहरूमा पुनर्जन्म हुने लोकधारणा छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित बहुलोकसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.७ : बहुलोकसम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | धर्म र पाप | देवता र अप्सराहरू स्वर्गलोकमा बस्ने, धर्मात्मी मानिस मृत्युपछि स्वर्ग र पापी मानिस नरकलोकमा जाने |
| २ | मसानघाट | अधर्मी मानिस मरेपछि नरक जाने |
| ३ | वृत्रासुर राक्षस | विष्णु भगवान् वैकुण्ठलोकमा बस्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा रहेका नेपाली लोककथामा स्वर्ग, नरक र वैकुण्ठलोकसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'धर्म र पाप' लोककथामा देवताहरू स्वर्गमा बस्ने र पापी मानिस नरक जाने लोकविश्वास रहेका छन् । काल्पनिक स्वर्गलाई सुखको अलौकिक लोक मानिएको छ । स्वर्गको परिचय दिँदै हंसपुरे सुवेदीले भनेका छन्- "स्वर्ग हजारौँ योजन क्षेत्रफलमा फैलिएको, मनमोहक, सम्पूर्ण भोग्यवस्तुले सुसज्जित, ज्यादै दह्रा र बलिया निर्माण वस्तुहरू भएको, विभिन्न ध्वजापताकाले झकिझकाउ, वन, उपवन र उद्यानले भरिभराउ ब्रह्मा, विष्णु, महेश्वरलगायत अन्य देवीदेवता, स्वर्गदूत, यमराज आदि आत्मा रहने सुखको ठाउँ हो" (सुवेदी, २०५५, पृ. ४०-४१) । स्वर्गलाई मनमोहक र सम्पूर्ण सुविधाले युक्त लोक मानिएको छ । धर्मात्मी मानिसहरू मृत्युपछि सुख प्राप्त गर्न स्वर्गलोक जाने र दुराचारीहरू मरेपछि सजाय भोगका लागि नरक जाने लोकविश्वास छ । यसमा व्यक्त स्वर्ग, नरक र वैकुण्ठलोकसम्बन्धी लोकविश्वासले मानिसलाई सधैँ असल कर्म गर्न उत्प्रेरित गरेका छन् ।

'मसानघाट' लोककथामा नरकसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत गरिबले सबैलाई सहयोग गर्नु, ऊ मरेपछि मलामी धेरै हुनु, दाहसंस्कारमा कुनै समस्या नआउनु, धनी मानिसले कसैलाई सहयोग नगर्नु र मरेपछि उसको लासलाई गिद्धले लुछ्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । नरक ठुलो क्षेत्रमा फैलिएको, कुनै मनमोहक गाउँ, सहर, पहाड, ज्वालामुखी, रुखको छहारी नभएको, हाड, रगत र पिप बग्ने नदी भएको ज्यादै भयानक लोक हो (वशिष्ठ, २०६६, पृ. १५-१७) । नरकमा जाने मानिसले ज्यादै दुःख, दर्द र पीडा भोग्नुपर्ने लोकविश्वास रहेको छ । यस लोकविश्वासमा खराब कर्म गर्नु हुँदैन भन्ने सन्देश रहेको छ ।

'वृत्रासुर राक्षस' लोककथामा वैकुण्ठलोकसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत वृत्रासुर राक्षसबाट आजित भएका महादेव पातालद्वारमा गई बस्नु, उक्त कुरा वैकुण्ठलोकमा रहेका विष्णुले थाहा पाउनु र विष्णुले मोहिनी रूपधारण गरी वृत्रासुरको वध गर्नु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । *पुराण*का अनुसार वैकुण्ठलाई विष्णुको निवासस्थान र सर्वश्रेष्ठ धाम मानिएको छ । यस लोकको स्थिति सत्यलोकभन्दा पनि उच्च रहेको छ । यहाँ मोक्ष प्राप्त व्यक्ति मात्र जानेछन् र ती कहिल्यै बुढो हुन या मर्न पर्दैन (शर्मा, सन् २०१३, पृ. ८६७) । विष्णुको वासस्थान वैकुण्ठलाई सर्वश्रेष्ठ लोक मानिएको हुँदा त्यहाँ मोक्ष प्राप्त व्यक्ति मात्र जाने लोकविश्वास छ । यस लोकविश्वासमा विष्णु भगवान् पृथ्वीदेखि सबैभन्दा माथि रहेको वैकुण्ठलोकमा बस्ने लोकधारणा रहेको छ ।

माथिको तालिकामा समाविष्ट स्वर्ग, नरक र वैकुण्ठलोकसम्बन्धी लोकविश्वासमा असल कर्मले स्वर्ग प्राप्ति हुने र खराब कर्मले नरकको बास हुने, नरकमा अनेक दुःख भोग गर्नुपर्ने शिक्षा दिएर मानिसले घर, परिवार र समाजमा असल आचरणको अवलम्बन गरी लोककल्याण हुने सत्कर्म गर्नुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

### २.३.२ आत्मासम्बन्धी लोकविश्वास

आत्मा शब्दको अर्थ गतिशील हुनु हो । यसको निश्चित आकारप्रकार नहुने भएको हुँदा यसलाई मनको पर्यायवाची मानेर मन, चित्त र हृदय भनिन्छ । आचार्य शङ्करले *लिङ्गपुराण*मा आत्मालाई व्याप्त हुने, ग्रहण गर्ने, सम्पूर्ण विषयको भोग गर्ने र सदैव सत्ता बनी रहने तत्त्व भनेका छन् (पाण्डेय, सन् १९७८, पृ. ७६) । आत्मालाई सबैतिर व्याप्त, सम्पूर्ण विषयको भोग गर्ने, प्राणीलाई सक्रिय बनाउने शक्ति

मानिएको छ । स्वामी प्रपन्नाचार्य (२०५०) का अनुसार सनातन धर्मले आत्मालाई अजरअमर मानेकाले शरीरको अन्त्यपछि आत्मा अन्य जीव तथा वस्तुमा सरेर त्यसको पुनर्जन्म हुने पुनर्जन्मवादको मूलघर आर्यावर्त हो (पृ. ८१) । पुनर्जन्मवादको मुख्य केन्द्र आर्य सभ्यतालाई मानिएको छ । जनकलाल शर्मा (२०७५) का मतमा आत्मा भूतप्रेत, पिशाच, राक्षस रूपमा पनि हुने र रुखपात, पशुपन्छी, ढुङ्गोमाटो जेसुकैमा पनि बस्न सक्छ
(पृ. १४४) । पृथ्वीका हरेक पदार्थमा आत्मा हुने सर्वात्मावादी धारणा रहेको छ । पूर्वीय र पश्चिमी धर्ममिथकहरूमा कल्याणकारी, चेतनायुक्त र अदृश्य शक्तिलाई आत्मा, परमात्मा, ईश्वर र दुष्ट प्रकृतिका शक्तिहरूलाई भूतप्रेत र शैतान भनिएको छ (खरेल, २०७६, पृ. १९) । आत्मा अदृश्ययुक्त चेतनतत्त्व भएकाले यसबाट अन्तःकरणको ज्ञान हुने धारणा छ । सनातन धर्ममा मात्रै नभएर बौद्ध जातककथामा पनि बुद्धका विभिन्न जन्महरू उल्लेख भएको हुँदा आत्माको निरन्तरता हुने धारणा रहेको छ ।

भूतप्रेत, पिशाच, मसान, किचकन्या, हिममान्छे आदिलाई अतृप्त आत्मा मान्ने लोकधारणा छ । कुनै दुर्घटनामा परेर वा अकालमा मृत्यु भई विधिविधानादि नपाएर मुक्त हुन नसकेका सूक्ष्म शरीरधारी जीव किचकन्या, भूतप्रेत, पिशाच, डुलुवा र मसान आदिलाई अतृप्त आत्मा भनिन्छ (पराजुली, २०७१, पृ. १८३) । लोकसमाजमा अतृप्त आत्माले रूप परिवर्तन गर्ने, अदृश्य हुने, मानिसलाई दुःख दिने र तर्साउने गर्छन् भन्ने लोकविश्वास छ । मानव शरीरलाई छोडेर आत्माले फेरि जन्म लिनुपर्ने लोकविश्वासका कारण मानिसले धर्मकर्म गर्ने, ईश्वरमा विश्वास गर्ने र अर्को जन्ममा सुखभोग गर्ने अभिलाषा राख्दछन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित नेपाली लोककथामा भएका अतृप्त आत्मा, मानवेतर प्राणीमा जीवात्मा, आत्मा र पुनर्जन्म तथा वृक्षवनस्पति र पदार्थमा जीवात्मासम्बन्धी लोकविश्वासको क्रमशः विश्लेषण गरिएको छ ।

### २.३.२.१ अतृप्त आत्मासम्बन्धी लोकविश्वास

अतृप्त आत्मा कुनै दुर्घटना वा केही कारणवश अकालमा नै मरेका र विधिपूर्वक मृत्यु संस्कार नपाएका मानिसको आत्मा हो । अतृप्त आत्मालाई परिभाषित गर्दै हंसपुरे सुवेदीले भनेका छन्- "....यसलाई अकाल परी मरेको र विधिविधानादि कर्म नपाएको क्षुद्र वा सूक्ष्मखालको मृत मानवका जीवात्माको सूक्ष्म छाया वा हावा आदि भनिन्छ" (सुवेदी, २०५५, पृ. ६२) । जीवात्मामा भूत, प्रेत, पिशाच, राक्षस, किचकन्या, मुर्कट्टा, मसान, मरेडाइनी, भयाम्नी, वायु र डुलुवा आदि पर्छन् (सुवेदी, २०५५, पृ. ६२-७३) । यी अनिष्टकारी तत्त्व वनजङ्गल, ओडार, खोलाखोल्सा, निर्जन ठाउँ र पाखापखेरा आदिमा बस्ने विश्वास गरिएको छ । यी जीवहरूले मानिस र प्राणीलाई दुःख दिने चर्चा गर्दै मोतीलाल पराजुलीले भनेका छन्- "यिनीहरू सूक्ष्म शरीर भएका हुन्छन्, अदृश्य हुन्छन् अनि विभिन्न प्राणी वा वस्तुको स्वरूप लिएर तर्साउने, रोगव्याधि निकालिदिने, कामहरूमा विघ्नबाधा पार्ने गर्दछन् भन्ने विश्वास गरिन्छ" (पराजुली, २०७१, पृ. १८४) । अदृश्य पात्रहरूले विभिन्न वस्तु र प्राणीको भेषधारण गरेर मानिस तथा पशुपन्छीलाई दुःख दिने लोकधारणा छ । यस्ता जीव अदृश्य हुने, उड्ने, असाधारण कार्य गर्ने र सजिलै रूप परिवर्तन गर्न सक्ने लोकविश्वास छ । लोकसमाजमा राक्षस, भूतप्रेत, किचकन्या, हिममान्छे र पचभैया आदिले मानिस, जनावर तथा बालिनालीमा असर गर्ने लोकधारणा रहेको छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित अतृप्त आत्मासम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका सङ्ख्या २.८ : अतृप्त आत्मासम्बन्धी लोकविश्वासको सूची

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | ऋषिपञ्चमी | वृत्रासुर राक्षस ब्राह्मणको वीर्यबाट जन्मने र वृत्रासुर मारेको हुँदा इन्द्रलाई ब्रह्महत्याको दोष लाग्ने |
| २ | किचकन्या | मुर्कट्टाले मानिसलाई डराउन दिने, किचकन्या बहुत सुन्दरी हुने, किचकन्याले शृङ्गार गरी आकर्षक लुगा लगाएर हिँड्ने, किचकन्याको कपाल अस्वाभाविक लामो हुने, किचकन्याको शरीरको पछिल्लो भाग खोक्रो हुने, किचकन्या रुखको ठुटो, परालको टौवा र घरका खम्बामा बस्ने, किचकन्या छिनमा अदृश्य हुने, किचकन्याले मानिससँग हेलमेल गर्ने, मान्छे किचकन्याको सम्मुख परे उत्तिखेरै मर्ने र किचकन्याले रूप परिवर्तन गरिरहने |
| ३ | गँगटो | राक्षसको राजा हुने, राक्षसले भेडाको सिङ लगाउने र राक्षस समुद्रमा बस्ने |
| ४ | ढपाडी खोला | खोला किनारमा ख्याक (भूत) ले तर्साउने र खोला किनारमा दिनको ठिक बाह्र बजे प्रेतात्मा रुने |
| ५ | नायक साहेब | नायक साहेबको आत्मा भड्किने, नायक साहेब वायु बनेर मानिसलाई दुःख दिने, नायक साहेब व्यक्तिको शरीरमा चढ्ने, नायक लाग्दा शरीरमा पोले जस्ता घाउखटिरा आउने, नायकलाई सङ्कल्प गरी पूजा गर्दा बिरामी निको हुने र नायक साहेबमा दैवीशक्ति हुने |
| ६ | पचभैया | पचभैयाले मानिसलाई तर्साउने, पचभैयाका दूत हुने, पचभैया सेतो घोडामा सेतै धोती लगाएर सिट्ठी फुक्दै हिँड्ने, पचभैयाले मानिसलाई वरदान दिने र पचभैयाको सम्मुख पर्दा मानिस मर्ने |
| ७ | बालन | कृष्णलाई मार्न पुतना राक्षसी र अक्कासुर राक्षस जाने |
| ८ | भूत | भूतले मानिससँग कुरा गर्ने, भूतको मानिसको जस्तै परिवार हुने, भुतिनीले मानिसलाई काममा लगाउने, भुतिनीले बच्चा पाउने, भूतले मानिसलाई चाहेको ठाउँमा लैजाने, भूतले मानिसले जे माग्यो त्यही दिने, भूतसँग बहुमूल्य सम्पत्ति हुने, भूतको शक्तिले मानिस पानीमा नभिज्ने र भूत पहरोभित्र अलौकिक स्थानमा बस्ने |
| ९ | भुते बिरौटो | भूतले मानिसलाई गुरु मान्ने, भूतले डाँडो सम्याएर खेत बनाउने, भुते बिरौटामा रोपाईं गर्नुपूर्व पूजा गर्नुपर्ने, खोला किनारमा भूतको बास हुने, भुतेनीको आवाज अस्वाभाविक ठुलो हुने, भूतको अगाडि गुरुबाहेक अरू मानिस जान नहुने, भूतले पाना पल्टाउने बित्तिकै आफूहरू उपस्थित हुने अद्भुत किताब दिने र भूतले दिएका सामान घरमा राख्दा अनिष्ट हुने |
| १० | राक्षस भूत | राक्षसले रातमा आगो बाल्ने, राक्षसले बाघको गोरु, खजुराको जुवा र सर्पलाई हलो बनाएर जोत्ने, राक्षसले मान्छे खाने र राक्षस |

| | | |
|---|---|---|
| | | मानिससँग पराजित हुने |
| ११ | वृत्रासुर राक्षस | वृत्रासुर राक्षसले महादेवको तपस्या गर्नु, वृत्रासुरले विधिपूर्वक तपस्या गरेको हुँदा महादेवले वरदान दिनु, राक्षसले उक्त वरदानको परीक्षण महादेवमाथि गर्न खोज्नु र विष्णुले वृत्रासुरको बध गर्ने |
| १२ | हिममान्छे | हिममान्छे मानिसहरूको बस्तीमा डुल्ने, हिममान्छेले मानिसलाई डराउन दिने र हिममान्छे आगोसँग डराउने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा राक्षस, राक्षसी, मुर्कट्टा, किचकन्या, भूत, नायक साहेब, पचभैया र हिममान्छेसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'ऋषिपञ्चमी' लोककथामा वृत्रासुर राक्षससम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । इन्द्रले गुरु बृहस्पतिबिना केही समय राज्य सञ्चालन गर्छन् । यज्ञबाट देवता, दानव र मनुष्यलाई तृप्त गर्न सक्ने पुरोहित विश्वरूपले इन्द्रको आँखा छली दैत्यहरूलाई यज्ञको भाग दिएको हुँदा इन्द्रले विश्वरूपको बध गर्छन् (सङ्क्षिप्त स्कन्दपुराण, २०७७, पृ. २८) । विश्वरूपको हत्या भएपछि त्वष्टा ऋषिले इन्द्रको बध गर्न सक्ने पुत्र प्राप्तिका लागि ब्रह्माको तपस्या गर्दा वृत्रासुर जस्तो अद्भुत दैत्य प्रकट हुन्छ (सङ्क्षिप्त स्कन्दपुराण, २०७७, पृ. ३३-३४) । याज्ञिक व्यक्ति विश्वरूपलाई इन्द्रले बध गरेको हुँदा उनलाई ब्रह्महत्याको दोष लागेको छ । यस लोककथामा इन्द्रले वृत्रासुरको बध गरेकोले उनलाई ब्रह्महत्याको दोष लागेको छ । यी लोकविश्वासमा असुर भए पनि अग्निहोत्रीलाई मार्नु पाप हो भन्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

'किचकन्या' लोककथामा मुर्कट्टो र किचकन्यासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । मुर्कट्टो टाउको काटिएर शरीरको धड मात्रै भएको प्रेतलाई भनिन्छ । *रामायण*मा कबन्ध राक्षस मुर्कट्टा मानिएको छ भने छिन्नमस्तालाई यसै प्रकृतिकी देवी मानिएको छ (पराजुली, २०७१, पृ. १८४) । मुर्कट्टालाई अतृप्तिका कारण मानवीय बस्तीमा घुमिरहने प्रेतात्मा मानिएको छ । त्यस्तै रजस्वला भएका समयमा र सुत्केरी हुन नसकेका महिला मरेमा किचकन्या बन्छन् भन्ने लोकविश्वास छ । किचकन्याको परिचय दिँदै हंसपुरे सुवेदीले भनेका छन्- "सुत्केरी हुन नसकेर प्रसव पीडाले मरेका महिलाहरू, गुफा बस्ता (नेवार संस्कृति) अचानक परलोक भएका किशोरीहरू र अगति परेका, राम्रो उद्धार हुन नसकेका केटी वा प्रौढा स्वास्नीमान्छे किचकन्नी हुन पुग्छन् भन्ने लोककहावत छ, विश्वास छ" ( सुवेदी, २०५५, पृ. १३१-१३२) । लोकसमाजमा अकालमा मरेका र उचित अन्त्येष्टि कर्म नपाएका यौवना स्त्रीहरू किचकन्या बन्छन् भन्ने लोकविश्वास छ । यिनीहरूको अस्वाभाविक लामो कपाल, कलकलाउँदो बैंस, खोक्रो पिठ्युँ तथा अस्वाभाविक हाउभाउ हुने कल्पना गरिएको छ । किचकन्या सम्भोगका भोका हुने हुँदा प्रेतयोनिबाट मानव रूप लिएर तन्नेरीसँग उठबस गरी क्षणिक तृप्ति लिने र प्रतिकूल अवस्थामा अदृश्य हुने विश्वास छ (सुवेदी, २०५५, पृ. ३२) । किचकन्याले मानिससँग हेलमेल गर्ने र प्रतिकूल अवस्थामा अदृश्य हुने लोकविश्वास रहेको छ । यी लोकविश्वासमा प्रेतात्मा मुर्कट्टो र किचकन्या अस्वाभाविक शारीरिक संरचनाका हुने, अदृश्य हुने, मानिसलाई दुःख दिने र गाउँ, बस्ती डुलिरहने हुँदा यिनलाई अतृप्त आत्मा मानिएको छ ।

'गँगटो' लोककथामा राक्षससम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसमा राक्षसको राजाले भेडाको सिङ लगाउनु, निर्जन समुद्रमा बसेर मानिसलाई अदृश्य पार्नु तथा मास, चामल र खरानीले पूजा

गर्दा राक्षस पराजित हुने कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । पौराणिक कथा र लोककथाहरूमा राक्षसलाई भयङ्कर, काँचो मासु र अन्न खाने नरभक्षी मानिएको छ (उपाध्याय, सन् २००९, पृ. २०७) । तर नरबलि खाने भगवतीलाई भने राक्षस वा राक्षसी नमान्ने अनौठो संस्कृति रहेको छ (सुवेदी, २०५५, पृ. १५४) । मानिसले घरपरिवार, वस्तुभाउ र खेतीबालीमा असर नपरोस् भनी राक्षसको पूजा गर्दछन् । लुतो, खटिरा आदिबाट बच्न साउने सङ्क्रान्तिमा कण्डारक राक्षसको पूजा गर्नु, कार्तिकको कृष्ण चतुर्दशीका दिन गरिने नरके पूजामा यमराजका अनुचरका रूपमा राक्षसको पूजा गर्ने लोकसंस्कृतिले नेपाली समाजमा परम्परादेखि नै राक्षससम्बन्धी लोकविश्वास रहेको पाइन्छ (सुवेदी, २०५५, पृ. १५४) । नेपाली समाजले परम्परादेखि नै राक्षससम्बन्धी धारणा निर्माण गरेको छ । यी लोकविश्वासमा राक्षसले मानिसलाई दुःख दिने, निर्जन स्थानमा बस्ने र मानिसले विधिपूर्वक उसको भाग दिएपछि छोड्ने लोकधारणा रहेको छ ।

'ढपाडी खोला' लोककथामा भूतप्रेतसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । लोकप्रचलनमा भूतप्रेत, पिशाच आदिलाई दुष्टात्मा मानिएको छ । कृष्णदेव उपाध्याय (सन् २००९) का अनुसार मृत व्यक्तिले अन्तिम संस्कार नपाएसम्म उसको आत्मा यततत्र भड्किरहन्छ (पृ. २०३) । अकालमा मरेका र अन्तिम संस्कार प्राप्त नगरेका आत्मा निकृष्ट प्रेतयोनिमा पुग्ने र अशान्त भई यत्रतत्र भड्किरहने लोकविश्वास छ । यसरी भड्केको आत्मालाई भूतप्रेत मान्ने लोकधारणा छ । हिन्दु संस्कारअनुसार स्थूल शरीर नाश भएपछि सूक्ष्म शरीरगत जीव प्रेतयोनिमा प्रवेश गर्ने तर संस्कारोपरान्त कर्मअनुसार मुक्त हुने विश्वास गरिन्छ (सुवेदी, २०५५, पृ. १७२) । उचित विधि र शास्त्रीय संस्कारले प्रेतात्मालाई मुक्त गर्न सकिने लोकविश्वास छ । यस लोककथामा आइमाई र केटाकेटीहरू अकालमा मर्नु परेको र उचित विधिविधान प्राप्त नगरेका कारणले प्रेत भई तर्साउने लोकविश्वास रहेको छ ।

नायक साहेब' लोककथामा नायक साहेबसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसमा पैँयुका राजा नायक साहेबले बहादुर शाहसँग लड्न नसकी बारुद खानामा आगो लगाएर आत्महत्या गरेको कथावस्तु छ । यसैकारण उनको आत्मा अगति परेर यत्रतत्र भड्किरहेको लोकविश्वास छ । धार्मिक धारणाअनुसार मृतात्माले मोक्ष प्राप्त गर्न नसकेर पृथ्वीमा भौँतारिएर रहेको अवस्था नै अगति पर्नु हो ( प्रभात, २०७४, पृ. ९) । हाल पर्वत र आसपासका जिल्लामा अगति परेर मरेका कारण नायक साहेबको आत्मा वायु बनेको लोकविश्वास छ । यी ठाउँमा शरीरमा फोका, घाउखटिरा आएमा 'नाय' अर्थात् 'नायक' लागे भन्ने चलन छ । यस्ता दुष्तत्त्वले धार्मिक कृत्य नगर्ने र कमजोर आत्मबल भएका व्यक्तिलाई दुःख दिन्छन् भन्ने लोकविश्वास छ । पर्वत जिल्लाका विभिन्न ठाउँमा कसैको शरीरमा घाउखटिरा र आगोले पोलेका जस्ता फोका आएमा 'नाय' वा 'नायक' लागेकोले आखत हेरेर नायकको पूजा गरे निको हुने लोकविश्वास रहेको छ । यी लोकविश्वासमा बारुदखानामा जलेर मरेको हुँदा नायक साहेबको आत्मा अगति परेर अरूलाई दुःख दिने तर आखत हेरेर पूजा गरिदिनाले बिरामी निको हुने हुँदा उनमा दैवीशक्ति रहेको लोकधारणा पाइएको छ ।

'पचभैया' लोककथामा पचभैयासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकमा पचभैयाले वृद्धलाई वरदान दिएको घटनाक्रम छ । पचभैयाले एकसाथ हिँड्ने पाँचभाइ भूतहरूलाई बुझाउँछ । यिनीहरू मानवीय बस्तीमा डुल्ने, तर्साउने, दुःख दिने र वरदानसमेत दिने गर्दछन् । कुनै भूतको रूप पुरै सेतो र कुनै भूत कालो हुने हुनाले यिनले अत्यधिक भयको सञ्चार गर्दछन् (उपाध्याय,

सन् २००९, पृ. २०४) । भूतको शारीरिक संरचना अस्वाभाविक हुने लोकधारणा रहेको छ । यी लोकविश्वासमा भूतहरू डरलाग्दा हुने भए पनि देवयोनि मानिने हुँदा यिनले खुसी भएको अवस्थामा दिने वरदानको शुभफल मिल्ने लोकधारणा रहेको छ ।

'बालन' लोककथामा पुतना राक्षसी र अक्कासुर राक्षससम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसका कंसले बालक कृष्ण गोकुल पुगिसकेको आकाशवाणी सुनेपछि त्यहाँका केटाकेटीलाई मार्न पुतना र अक्कासुर राक्षसलाई पठाएको छ । कंसकी दासी मानिएकी राक्षसी पुतनाले कृष्णलाई मार्न स्तनमा विष राखेर दुध पियाउने क्रममा आफैँ मारिन्छे (प्रभात, २०७४, पृ. २७८) । कृष्णको शक्ति र चलाखीले पुतना राक्षसी पराजित भएकी छ । अक्कासुर राक्षसले कृष्ण मार्ने योजनामा कंसलाई सहयोग गरेको छ । यी लोकविश्वासले राक्षसमा खराब चरित्र हुने र त्यसले मानवीय हित विपरीतका कार्य गर्ने बुझाउँछन् ।

'भूत' लोककथामा भूतसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । हाम्रा धार्मिक ग्रन्थमा भूतलाई शिवको गण र शक्तिशाली दुष्तत्त्व मानिएको छ (सुवेदी, २०५५, पृ. १७०) । भूतमा दैवीशक्ति हुने भए पनि तिनले रिसाएको बेलामा प्राणीलाई दुःख दिने लोकविश्वास छ । तुलसी दिवसले भूत र मानिसको सम्बन्धलाई व्याख्या गर्दै भनेका छन्- "मानिस र भूतबिच केवल लडाइँ, झगडा र शत्रुतामात्र होइन, मित्रता पनि स्थापना भएको पाइन्छ" (दिवस, २०७७, पृ. ३७) । मानिसले भूतसँग शत्रुता मात्र होइन सहकार्य गरेका दृष्टान्त लोककथामा छन् । यी लोकविश्वासबाट भूतले मानिसलाई दुःख मात्र नदिएर खुसी हुँदा उपहार र वरदान दिने लोकधारणा रहेको स्पष्ट हुन्छ ।

'भुते बिरौटो' लोककथामा भूतसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसमा गुरुले पानी मन्ततेर दिँदा भुतेनी सुत्केरी हुनु, भूत गुरुदेखि प्रसन्न हुनु, गुरुले खोल्ने बित्तिकै आफूहरू उपस्थिति हुने पुस्तक दिनु, भूतले गुरुको आज्ञा मानेर भुते बिरौटो खेत बनाउनु, भूतले गुरुकी बुहारी खाइदिनु, भुते बिरौटामा खेती गर्नुपूर्व पूजा गर्नु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । मानिसले भूत पन्छाउनका लागि शिवको प्रार्थना गरी मन्त्र जप गर्छन् (दास, २०७६, पृ. ६१) । भूतलाई शिवको गण मानिएकाले यिनीहरूमा असाधारण शक्ति हुने लोकविश्वास छ । यी लोकविश्वासमा भूतलाई मानिसको सहयोगी र नरभक्षी दुवै चरित्रमा प्रस्तुत गरिएको छ । भूत मानवीय अतिकल्पना भए पनि भूतको डर देखाएर एक्लै निर्जन स्थानमा जान निषेध गर्नुले मानिसलाई दुर्घटनाबाट बचाउन मदत पुगेको छ ।

'राक्षसभूत' लोककथामा राक्षससम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसमा रातको समयमा राक्षसले आगो बाल्नु, राक्षसले बाघको गोरु, खजुराको जुवा र सर्पको हलो बनाई जोत्नु, राक्षसले केटीलाई खाने कोसिस गर्नु र राक्षसलाई केटीका दाइहरूले मार्नु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । राक्षसको कल्पना अद्भुत जीवका रूपमा गरिएको छ । धेरै नेपाली लोककथामा राक्षस मानिससँग हारेको चर्चा गर्दै तुलसी दिवसले भनेका छन्- "ती भयावह डरलाग्दा पात्रहरू साना बालबालिकाहरूको चलाखी र बठ्याइँको सिकार भई आफ्नो जीवन गुमाउँछन्" (दिवस, २०७७, पृ. ३७) । राक्षस भयङ्कर, चमत्कारी र मांसभक्षी हुने भए पनि मानिसको जुक्तिले पराजित देखिएका छन् । यी लोकविश्वासमा असाधारण शक्तियुक्त राक्षस मानिससँग पराजित भएको छ ।

'वृत्रासुर राक्षस' लोककथामा वृत्रासुर राक्षससम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत वृत्रासुर राक्षसले विधिपूर्वक महादेवको तपस्या गर्नु, महादेव प्रसन्न भई जसको टाउकोमा

हात राख्यो उही भस्म हुने वरदान दिनु, वृत्रासुरले वरदानको परीक्षण महादेवमाथि नै गर्ने कोसिस गर्नु र विष्णुले त्यसको बध गर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । यहाँ वृत्रासुरले वरदातालाई दुःख दिएको र विष्णुले छलकपटपूर्ण तरिकाले उसको बध गरेको हुँदा त्यसलाई अतृप्त आत्मा मानिएको छ । यी लोकविश्वासमा विधि र नियमपूर्वक कार्य गर्दा सफल भइने सन्देशको सम्प्रेषण गरिएको छ ।

'हिममान्छे' लोककथामा हिममान्छेसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । हिममान्छे हिमाली भेगमा पाइने अतृप्त आत्मा हो । यस लोककथाको कथानकअनुसार हिममान्छेले आगो तापिरहेको ठाउँमा पछाडिबाट हात पसारेर घिउ माग्छ । मानिसहरूले हिममान्छेलाई चिनेपछि अगुल्टाले हानेर धपाउँछन् । यो आगोसँग डराउँछ भन्ने लोकविश्वास भएकोले हिमाली भेगमा गोठमा बस्दा आगो बाल्ने चलन रहेको छ ।

माथिको तालिकामा भूत, प्रेत, राक्षस, राक्षसी, किचकन्या, हिममान्छे, पचभैया, मुर्कट्टा र नायक साहेबसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । भूतले आफ्नो स्वार्थका लागि मानिसलाई सहयोग गरेको छ भने प्रेत आफू जीवित छँदाका जीव र वस्तुको सम्पर्कमा जान रुचाउँछ । राक्षसले नरमांस खाने लोकविश्वास भए पनि यो मानिसबाट पराजित भएको छ । किचकन्या मानिसको वरपर रमाउने, स्त्रीका रूपमा हिँड्ने तर किचकन्याको अगाडि परे मानिस मर्ने लोकविश्वास छ । पचभैया मृत पुरुषको आत्मा हो भने हिमाली क्षेत्रमा हिममान्छेसँग सम्बन्धित लोकविश्वास छन् । किचकन्या, पचभैया, हिममान्छे र नायक साहेब जस्ता अतृप्त आत्माले मानिस तथा वस्तुभाउमाथि आभिचारिक कर्म गर्ने लोकविश्वास छ । मानिसले आफन्त र छरछिमेकी असमयमै मर्दा हुने पीडा भुल्नका लागि अतृप्त आत्माको परिकल्पना गरेका छन् । यी लोकविश्वासमा मानिसले भूत, प्रेत र राक्षस आदि पात्रको अतिकल्पनाबाट मनोरञ्जन लिने, एक्लै निर्जन स्थानमा जानुपर्ने अवस्थामा सचेत हुने र आफूलाई निडर बनाई राख्ने कोसिस गरेको पाइएको छ ।

### २.३.२.२ मानवेतर प्राणीमा जीवात्मासम्बन्धी लोकविश्वास

जीवात्माले जड र चेतन पदार्थ दुवैमा आत्मा हुने मान्यता राख्दछ । मानवेतर प्राणीहरू मानिस जस्तै बोल्ने, अनुभव गर्ने, विभिन्न संवेग हुने र मानिसले जस्तै मानसिक तथा शारीरिक क्रिया गर्न सक्छन् भन्ने लोकविश्वास छ । नेपाली लोककथामा पशुपक्षीहरू एकअर्कालाई मान्छेको भाषा बोलेर मान्छेको व्यवहार गर्दछन् (दिवस, २०७७, पृ. ३२) । लोककथामा आउने काग, कुखुरो, गाई, घोडा, चिल, छेपारो, परेवा, बाघ, बोको, भँगेरो, मृग, लाटोकोसेरो, सर्प, स्याल र हात्ती आदि मानवेतर पात्रहरूमा दैवीशक्ति रहने विश्वास गरिएको छ । लोकले मानवेतर प्राणीसम्बन्धी लोकविश्वास निर्माण गरेको सन्दर्भलाई प्रस्ट पार्दै षडानन्द पौड्यालले भनेका छन्- "मानिससित सहकार्य गर्ने अवसर र मानवका क्रियाकलापमा हानि गर्ने दुवै अवस्थामा मानिसले विश्वासको आधार तयार गरेको पाइन्छ" (पौड्याल, २०७८, पृ. ११९) । लोककथामा आउने मानवेतर प्राणीले मानिसलाई सहयोग र कहीँकतै हानि पुऱ्याएका हुन्छन् । लोकसमाजले ती पशुप्राणीहरूको शारीरिक अवस्था, रङ, स्वभाव, चेष्टा र क्रियाकलापका आधारमा शुभाशुभ लोकविश्वास निर्माण गर्दछन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित मानवेतर प्राणीमा जीवात्मासम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.९ : मानवेतर प्राणीमा जीवात्मासम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | कालजित | घोडाले राजकुमारलाई पेटभित्र राख्ने र घोडाले राजकुमारको बचाउका लागि अर्कै देशमा शरण लिने |
| २ | गँगटो | गँगटो मानिस झैँ बोल्ने, गँगटोले जमिनभित्र बसेर हलो जोत्ने, गँगटोले जमिनभित्रबाट गोरु धपाउने, गँगटोले राजदरबारका धारा सुकाइदिने, गँगटोले जुक्ति लगाएर राजकुमारीसँग बिहे गर्ने र गँगटोले मानिसले झैँ मुरली बजाउने |
| ३ | ज्ञानी बाघ | बाघले आफू साधु भएको बताउने र बाघ मानिसझैँ बोल्ने |
| ४ | दाजु र बहिनी | भँगेराले धान कुटिदिने |
| ५ | दाहिने बङ्गारो | बिरालाले जोगीको कुरा बुझ्ने, कुकुर र बिरालाले सल्लाह गर्ने, बिरालामा स्मरणशक्ति हुने, बिरालाले घरमा सहकाल ल्याउने, कुकुरले सुँघेर जोगीको कुटी पत्ता लगाउने, बिरालामा अन्तर्दृष्टि हुने तथा मुसाले बिरालो र कुकुरले भनेको मान्ने |
| ६ | बुधलागर कुँवर | परेवा (चेहरा) मानिस जस्तै बोल्ने, परेवाले आकाशमा धरहरा बनाउने र परेवाले मानिसले सिकाएको कुरा सिक्ने |
| ७ | भाग्य | भँगेराले मानिसको आलापविलाप बुझ्ने तथा सय मुरी कोदो र सय मुरी तोरी छुट्याउने |
| ८ | लामाको शक्ति | बिरालाले लामासँग कुरा गर्ने, बिरालो मानिसले जे भन्यो त्यही मान्ने र बिरालाले जादुगर्नी बुढीलाई सहयोग गर्ने |
| ९ | सिकारी र बाघ | बाघले मानिससँग मित लगाउने, बाघको परिवार हुने, बाघले पाहुनाको सम्मान गर्ने र बाघ मानिसजस्तै बोल्ने |
| १० | स्यालको बिहे | स्यालले विवाह गर्ने, स्यालको विवाहमा पानी पर्ने र स्यालको कहिल्यै घर नहुने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा घोडा, गँगटो, कुकुर, बिरालो, स्याल, बाघ, भँगेरो तथा परेवामा जीवात्मा हुने लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'कालजित' लोककथामा घोडासम्बन्धी लोकविश्वास रहेका छन् । यसको कथानकअन्तर्गत पोखरीभित्र रहेका अप्सराहरूले राजकुमार ठुलो हुँदै गएपछि घोडालाई दिनु, घोडाले राजकुमारलाई पेटभित्र राख्नु, राजकुमार बढ्दै गएपछि घोडाले घाँसपानी खान छोड्नु, दरबारबाट घोडालाई लखेटिदिनु र घोडाले अर्कै देशको दरबारमा पुगेर शरण माग्नु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । समाजमा घोडालाई शुभ तथा पवित्र जनावर मानिएको छ । प्राचीन कालमा समुद्र मन्थनबाट प्राप्त चार रत्नमध्ये 'उच्चैः श्रवा' नामक घोडा एक हो । त्यस समयमा श्यामकर्ण घोडा यज्ञका लागि अत्यन्त उपयोगी मानिन्थ्यो । त्यसै गरी दक्षिण भारतमा घोडाको फिँज भएको ठाउँमा दुष्टात्माको प्रवेश नहुने विश्वास रहेको छ (उपाध्याय, सन् २००९, पृ. ९८) । प्राचीन समयदेखि घोडालाई शुभकारक पशु मानिएको छ । यस लोकविश्वासमा घोडाले राजकुमार र आफ्नो रक्षाका लागि अन्यत्र शरण मागेको हुँदा त्यसमा आत्मा रहने लोकधारणा व्यक्त भएको छ ।

'गँगटो' लोककथामा गँगटोसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यस लोककथामा गँगटो मानिसका घरमा बस्नु, खेतमा खाजा लगिदिनु, हलो र जुवा बोकेर खेतमा जानु, जमिनभित्र बसेर खेत जोत्नु, राजकुमारीसँग बिहे गर्ने सङ्कल्प गर्नु, राजाले गँगटोलाई छोरी दिन नमानेपछि दरबारका सबै

धारामा पानी सुकाइदिनु र विवाहपछि गँगटो रातिमा मान्छे बनेर मुरली बजाउनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । उल्लिखित कार्यका आधारमा गँगटोमा जीवात्मा हुने लोकविश्वास रहेको प्रस्ट हुन्छ ।

'ज्ञानी बाघ' लोककथामा बाघसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअनुसार सिकारीले बाघको सिकार गर्न लाग्दा बाघले आफू साधु भएको बताउँछ । नेपाली समाजमा बाघलाई शिव र लक्ष्मीसँग जोडेर हेर्ने चलन छ । भगवान् शिवले धारण गरेको हुनाले बाघको छाला पवित्र हुने र तान्त्रिक विधिबाट उपचार गर्दा बाघको हड्डीले भूतप्रेत, पिशाच र बोक्सी जस्ता अपशकुन जनाउने तत्त्वलाई भगाउन सकिने लोकविश्वास छ (पौड्याल, २०७८,
पृ. ११९-१५५) । दैवीशक्तिसँग जोडेर बाघलाई पवित्र जनावर मानिएको छ । यस लोकविश्वासमा बाघले आफू साधु भएको बताएकाले त्यसमा जीवात्मा हुने लोकधारणा रहेको स्पष्ट हुन्छ ।

'दाजु र बहिनी' लोककथामा भँगेरासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकमा केटीले एक्लै धान कुट्न नसक्नु, आलापविलाप गर्नु, भँगेराले उसको आलापविलाप बुझ्नु र भँगेराले चामलको एउटा गेडो पनि कम नहुने नगरी धान कुटिदिनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । नेपाली लोककथामा भँगेरोलाई बुद्धिमान पक्षीका रूपमा प्रस्तुत गरिएको छ (दिवस, २०७७, पृ. ३२) । 'दाजु र बहिनी' लोककथामा भँगेराले विवेकपूर्वक केटीलाई सघाएका छन् । यसरी भँगेराले मानिसलाई सहयोग गरेको घटनाबाट भँगेरामा जीवात्मा रहने लोकविश्वास भएको पुष्टि हुन्छ ।

'दाहिने बङ्गारो' लोककथामा कुकुर, बिरालो र मुसासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत बिरालाले घरको सह गएको थाहा पाउनु, त्यसले कुकुरसँग भन्नु, कुकर र बिरालो दाहिने बङ्गारो खोज्दै जोगीको कुटीमा जानु, उनीहरूले मुसालाई पहाड खनेर खोलाको बाटो बदल्न लगाउनु र परिश्रमपूर्वक घरको सह फर्काउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । नेपाली समाजमा बिरालाले बाटो काटेको र कालो बिरालो राम्रो मानिँदैन । बिरालोलाई निकट भविष्यमा आउने प्राकृतिक दुर्घटनाका बारेमा थाहा हुने लोकधारणा पाइन्छ (पराजुली, २०७५, पृ. १८१) । बिरालाले भविष्यमा आउने दुर्घटनाको सङ्केत गर्ने भएको हुँदा साइतका समयमा बिरालो देख्नु हुँदैन भन्ने लोकमान्यता छ । लोकसमाजमा कुकुर र मुसालाई देवताको वाहन मानिएको छ । कुकुरलाई भैरव र मुसालाई गणेशको वाहन मानेर भैरवको मन्दिरमा कुकुर र गणेशको मूर्तिसँग मुसाको आकृति बनाउने चलन छ (उपाध्याय, सन् २००९, पृ. ९४-१०१) । कुकुर र मुसा देवताको रक्षक भएकाले यिनलाई शुभ प्राणी मानिएको छ । 'दाहिने बङ्गारो' लोककथामा कुकुर, बिरालो र मुसाले दरिद्र बनेको घरलाई पुनः सम्पन्नशाली बनाउन सहकार्य गरी विवेकपूर्ण तरिकाले काम गरेको हुँदा यिनमा जीवात्मा रहने लोकधारणा रहेको छ ।

'बुधलागर कुँवर' लोककथामा परेवासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यस कथानकअनुसार बुधलागरले खुट्टामा धागो बाँधी आकाशमा उडाएको परेवाले त्यहाँ धरहरा निर्माण गर्छ । परेवालाई नेपाली समाजमा शान्तिको प्रतीक मान्ने चलन छ । नेपाली समाजमा परेवाले पखेटा फटफटाउँदा त्यसको हावा मानिसको पुरै शरीरमा पऱ्यो भने शरीर शुद्ध हुने लोकविश्वास छ (पौड्याल, २०७८, पृ. १६१) । 'बुधलागर कुँवर' लोककथामा परेवाले मानिसले दिएको निर्देशनको पालना गरेको हुँदा यसमा जीवात्मा हुने लोकधारणा रहेको प्रस्ट हुन्छ ।

'भाग्य' लोककथामा भँगेरासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअनुसार राजकुमार सत्तलसिंह राजाकी छोरी बिहे गर्न हिँड्नु, राजकुमारले भँगेरालाई डढेँलोबाट बचाउनु, राजाले राजकुमारलाई सय मुरी कोदो र सय मुरी तोरी छुट्याउन भन्नु र राजकुमारले भँगेराको सहायताबाट सय मुरी कोदो र सय मुरी तोरी छुट्याउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । भँगेरो मानिसको आसपासमा रहने, घर-आँगनमा पोखिएका र छरिएका अन्नहरू खाने र पर्यावरणलाई स्वच्छ बनाउने पक्षी हो । भँगेरामा तीक्ष्ण श्रवण शक्ति हुने विश्वास छ (पराजुली, २०७५, पृ. ९८) । भँगेरालाई मानिस र वातावरणका लागि हितकारी पक्षी मानिएको छ । यस लोकविश्वासमा भँगेराले मानिसको आपत् बुझेर विवेकपूर्ण तरिकाले सहयोग गरेको हुँदा त्यसमा जीवात्मा हुने लोकधारणा रहेको छ ।

'लामाको शक्ति' लोककथामा बिरालोसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । बिरालो घरपालुवा जनावर भए पनि यसलाई दुष्टात्माले प्रयोग गर्ने लोकविश्वास छ । कालो बिरालालाई युरोपमा बोक्सीका रूपमा र इजिप्टमा देवीका रूपमा लिइन्छ (पराजुली, २०७५, पृ. ५८) । नेपाली समाजमा कालो बिरालो राम्रो मानिँदैन भने बिरालाले बाटो काटेको अशुभ मान्ने लोकविश्वास छ । यस लोकविश्वासमा बिरालाले जादुगर्नीले भनेको मान्ने र लामासँग कुराकानी गरेको हुँदा बिरालामा जीवात्मा रहने लोकधारणा रहेको छ ।

'सिकारी र बाघ' लोकककथामा बाघसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसमा बाघ र सिकारीले मित लगाउनु, बाघ सिकारीको घरमा जाँदा उसकी श्रीमतीले अपमान गर्नु, सिकारी बाघको घर जाँदा उचित सम्मान गर्नु, साँचो मित्रता कहिल्यै नटुट्नु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । बाघ हिंस्रक जनावर भए पनि धार्मिक मान्यताअनुसार दुर्गाभवानीको वाहनका रूपमा चिनिँदै आएको छ । बाघका हड्डी, पन्जा र जुँगामा जादुको शक्ति हुने हुँदा यसले भूतप्रेतको प्रभाव नष्ट गर्ने विश्वास छ (उपाध्याय, सन् २००९, पृ. ९७) । समाज बाघलाई शक्तिशाली जनावर मानिएको छ । यस लोककथामा बाघले मानिससँग मित लगाएको र मानिसलाई साँचो मित्रताका विषयमा सिकाएको हुँदा त्यसमा जीवात्मा हुने लोकविश्वास रहेको प्रस्ट हुन्छ ।

'स्यालको बिहे' लोककथामा स्यालसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । नेपाली लोककथाका आउने स्याल पात्रको विशेषता उल्लेख गर्दै तुलसी दिवसले भनेका छन्- "स्याल धूर्त र अत्यन्त चलाख जनावर हो तर नेपाली लोककथामा स्यालले प्रायशः आपद्विपद्मा परेको मान्छेको पक्ष लिएर सहयोग तथा न्याय गरेको पाइन्छ" (२०७७, पृ. ३२) । नेपाली लोककथामा स्याललाई मानिसको सहयोगी जनावर मानिएको छ । यस लोककथामा स्यालले मानिसले झैँ बिहे गरेको छ । स्यालको जस्तो स्वभाव भएको मानिसको व्यवहार छलकपटपूर्ण र धूर्त हुने हुँदा त्यस्ता मानिसको कहिल्यै भर नहुने लोकधारणा रहेको छ । स्यालले मानिसले झैँ बिहे गर्ने घटनाबाट स्यालमा जीवात्मा हुने लोकविश्वास रहेको स्पष्ट हुन्छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा घोडा, कुकुर, बिरालो, स्याल, बाघ, भँगेरो तथा परेवासम्बन्धी लोकधारणा व्यक्त भएका छन् । यी जनावर र पक्षीमा मानिसले जस्तै कुराकानी गर्न सक्ने, विवेकपूर्ण निर्णय लिने र आपत्विपत्मा मानिसलाई सहयोग गर्ने सच्चरित्र पाइएको छ । स्याल ज्यादै चलाख प्राणी भए पनि दुःख पाउने प्राणी रहेको लोकको बुझाइ छ । यी लोकविश्वासमा पृथ्वीको

पारिस्थितिक प्रणालीका लागि सबै जीवजनावरको स्थान महत्त्वपूर्ण हुने र जीवजन्तु मानिसका सहायक भएको हुँदा बिनाकारण पशुप्राणीलाई दु:ख दिन नहुने सन्देशको सम्प्रेषण गरिएको छ ।

### २.३.२.३ आत्मा र पुनर्जन्मसम्बन्धी लोकविश्वास

आत्मा शरीरमा रहँदा त्यसलाई जीवित र सक्रिय तुल्याउने र नरहेमा निष्क्रिय वा मुर्दा समान बनाउने अभौतिक शक्ति हो । आत्मा स्वयंसिद्ध हुने कुरालाई प्रस्ट पार्दै प्रमोद ढकालले भनेका छन्- "आफू अरूभन्दा पृथक् हुने, आफूलाई अरूभन्दा पृथक् देख्ने तथा आफूलाई सग्लो, पूर्ण वा एक राखिराख्ने, म को धारक, पूर्णताको धारक वा एकत्वको धारक गुणलाई आत्मा भनिन्छ" (ढकाल, २०७६, पृ. ११४) । आत्माले व्यक्तिलाई अरूभन्दा फरक र बेग्लै अस्तित्व प्रदान गर्दछ । *साङ्ख्यशास्त्र*मा आत्मालाई प्रकृतिभन्दा भिन्न एक अतीन्द्रिय पदार्थ भनिएको छ (शर्मा, सन् २०१३, पृ. ९५) । यहाँ आत्मालाई अदृश्य र अतीन्द्रिय तत्त्व भनिएको छ । बौद्ध जातककथाहरू र इसाई धर्ममा पिता, पुत्र र पवित्र आत्मा त्रिदेव मानेर आत्माको अस्तित्व स्विकारिएको छ (सापकोटा, २०७२, पृ. ७९) । विभिन्न धार्मिक मान्यतामा आत्मा अभौतिक शक्ति रहेको धारणा छ । हंसपुरे सुवेदी (२०५५) का अनुसार मानिसको बाह्य स्थूल शरीरसँगै रहेको सूक्ष्म शरीर मानिस निदाएको बेला सपना देख्ने, बरबराउने, झस्किने, कराउने गर्छ र त्यसको भित्री तहमा जीवात्मा वा आत्माको बास हुन्छ (पृ. १६८) । आत्मतत्त्व पृथ्वीका सबै वस्तु तथा प्राणीमा रहने र त्यसले पुनर्जन्म लिने लोकधारणा रहेको छ ।

मारिसकेको प्राणीले फेरि जन्म लिने, एकपल्ट नाश भएर पुन: उत्पत्ति हुनुलाई पुनर्जन्म भनिन्छ । प्राणीले आफ्नो कर्मको फलअनुसार पुनर्जन्म लिने जनविश्वास छ । पुनर्जीवन भन्नाले मृत प्राणीलाई कुनै उपायद्वारा फेरि जीवन दिनु हो । बौद्ध धर्ममा धार्मिक भावना र अनुष्ठान नगर्ने मानिस जन्ममरणको चक्करमा परिरहने मान्यता छ (सापकोटा, २०७२, पृ. ७९) । यसले शरीरको अन्त्य भए पनि आत्माको अन्त्य नहुने कुरालाई बुझाउँछ । *गरुड पुराण*मा चौरासी लाख योनिमा जीवात्माले जन्म लिने विश्वास छ ( वशिष्ठ, २०६६, पृ. ५०-५१) । पुनर्जन्मसम्बन्धी धारणाले आत्मालाई विशेष ऊर्जा मान्दछ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित आत्मा र पुनर्जन्मसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २. १० : आत्मा र पुनर्जन्मसम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | आत्मा | मानिसले आफ्नो आत्मा बुझाउनुपर्ने |
| २ | एक चिलिम तमाखु | पैँचो लिएको तिर्न नसक्दा अर्को जन्ममा जनावर भएर जन्मनुपर्ने |
| ३ | कुछब तेरङा | काग लामाको अवतार भएको |
| ४ | गँगटो | पूर्वजन्ममा पाप गरेका कारण सन्तान नहुने र मरेका मान्छे पुन: जीवित भएर रातको बाह्र बजे सन्तान भेट्न आउने |
| ५ | माछा | आमा र छोराको पुनर्जन्म माछाका रूपमा हुने |
| ६ | मुक्तिक्षेत्र | मुक्तिक्षेत्रका रुखलाई माँसीता आसिताको अवतार मानिने |
| ७ | राजकुमार दिक्पाल | जोगीको रगत छर्किदिँदा मृतक पुनर्जीवित हुने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा आत्मा, पूर्वजन्म, पुर्नजन्म र अवतारसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'आत्मा' लोककथामा मानिसको आत्मासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार केरा व्यापारीले आत्मा बुझाउन नसक्दा आत्माले उसको देहलाई छोडेर गएको छ । पूर्वीय अध्यात्मवादीहरूले आत्मालाई मानिसमा रहेको उच्च तहको अदृश्य चेतना भनेका छन् । आत्मा मृत्युपश्चात् एउटा अज्ञात अवस्थामा प्रवेश गर्ने र केही कालपछि पुनः प्रकट हुने विश्वास छ (खरेल, २०७६, पृ. २०) । आत्मालाई मानिसको शरीरमा हुने देख्न, छुन नमिल्ने तर अनुभूति गर्न मिल्ने अतीन्द्रिय तत्त्व मानिएको छ । यस लोकविश्वासमा आत्मसन्तुष्टि हुँदा मानिस खुसी हुने सन्देशको सम्प्रेषण गरिएको छ ।

एक चिलिम तमाखु' लोककथामा मानिसको जनावरका रूपमा पुनर्जन्म हुने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत बुबाले छोरासँग तमाखु पैँचो मागेर खानु, पैँचो नतिर्दै बुबाको निधन हुनु र पैँचो नतिरेको हुँदा बुबा अर्को जन्ममा गोरु भएर जन्मिनु आदि घटनाक्रमको संयोजन गरिएको छ । पैँचो निश्चित समयमा फिर्ता गर्ने सर्त राखेर ल्याएको धनमाल र अन्न आदि हो । *गरुड पुराण*मा ऋण लिएको नतिर्ने, नासो राखेको पचाइदिने र विश्वासघात गर्ने व्यक्तिहरू मृत्युपश्चात् सजाय भोग्दै यममार्गमा जाने उल्लेख छ (वशिष्ठ, २०६६, पृ. ४२-४३) । पैँचो बेलैमा फिर्ता नगर्ने मानिसले यस जन्ममा मात्र नभएर अर्को जन्ममा समेत दुःख पाउने लोकधारणा छ । यस लोकविश्वासमा अरूको परिश्रम सित्तैमा खान नहुने शिक्षा रहेको छ ।

'कुछब तेरङा' लोककथामा लामाको अवतारसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार कागलाई लामाको अवतार मानिएको छ र कुछब तेरङा देउतालाई कागले छाडेको स्थानमा नै प्रतिस्थापित गरिएको छ । मानिस वा अन्य प्राणीले जन्म लिने वा शरीर धारण गर्ने प्रक्रियालाई अवतार भनिन्छ । अवतारलाई प्रस्ट पार्दै राजबली पाण्डेयले भनेका छन्- "अवतारको कारण ईश्वरको इच्छा हो, भगवान्ले दुष्टको विनाश र साधुको रक्षाका लागि अवतार लिने कुरा भागवद्गीतामा उल्लेख छ" (पाण्डेय, सन् १९७८, पृ. ५४) । अवतारलाई सत्यको रक्षा गर्ने ईश्वरीय इच्छा मानिएको छ । बुद्ध धर्मका मुख्य तीन सम्प्रदाय महायान, बज्रयान र हीनयानले मानिसभित्र अलौकिक र अदृश्य चेतना छ र कर्मका कारण यसको पुनर्जन्म हुन्छ भन्नेमा एकमत राख्छन् (खरेल, २०७६, पृ. ३६) । मानिसले अदृश्य आत्माका कारण पुनर्जन्म लिनुपर्ने मान्यता बौद्ध धर्ममा रहेको छ ।

'गँगटो' लोककथामा पूर्वजन्म र पुनर्जीवनसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत पूर्वजन्ममा पापकर्म गरेका कारण बुढाबुढीका सन्तान नहुनु, तिनले गँगटोलाई छोरो मानेर पाल्नु, गँगटोले राजकुमारीसँग बिहे गर्नु, गँगटाकी श्रीमतीलाई दिदीले पुलबाट धकेलेर मारिदिनु र गँगटाकी मरिसकेकी श्रीमती रातको बाह्र बजे सन्तान भेट्न आउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । वैदिक धारणाअनुसार अरूको प्रगतिमा अवरोध गर्ने, रिसाहा, लोभी, अहङ्कारी र कामवासनामा लिप्त हुने तथा बौद्धमतअनुसार चोर्नु, ढाँट्नु र हिंसा गर्नुलाई पाप भनिएको छ (प्रभात, २०७४, पृ. २६९) । अरूको कुभलो चाहने, रिस गर्ने, ढाँट्ने, चोर्ने र हिंसा गर्ने तथा कामवासनामा लिप्त कर्मलाई पाप भनिएको छ । मानिसको देह मरेर गए पनि उसको आत्मा नमर्ने, आत्माले आफू जीवित छँदाका जीव, प्राणी र वस्तुको संसर्ग खोज्ने हुँदा उक्त आत्मा विभिन्न रूपधारण गरेर आउने लोकविश्वास छ (पन्थी,

२०७४, पृ. २३९) । यसमा व्यक्त लोकविश्वासमा मानिसको पुनर्जन्म हुने हुँदा खराब कर्म गर्न नहुने सन्देश रहेको छ ।

'माछा' लोककथामा आमा र छोराको पुनर्जन्मसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत आमा र छोरो मात्र भएको निर्जन गाउँमा आमा गर्भवती हुनु, योगीले यस घटनालाई महापाप मान्नु, आमाछोराको कहिल्यै भेट नहोस् भनी पूर्व र पश्चिम पठाइदिनु,, डुल्दै जाँदा आमाछोरा फेरि भेटिनु र उक्त भेटलाई पाप सम्झेर नदीमा हाम फाली मर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । लीलाधर शर्माले पुनर्जन्मको व्याख्या गर्दै भनेका छन्- "जीवले मोक्ष प्राप्त नगर्दासम्म आफ्नो वर्तमान जीवन र कर्मको फलअनुसार विभिन्न चौरासी लाख योनिमा जन्म र मरणको चक्रमा घुमिरहन्छन्" (सन् २०१३, पृ. ५३९) । पूर्वजन्ममा गरेको शुभाशुभ फलका आधारमा आत्माले पुनर्जन्म पाउने हुँदा पापकर्म गर्नु हुँदैन भन्ने लोकधारणा छ । *गरुड पुराण*मा मत्स्य, कूर्म, वराह, नृसिंह, वामन, परशुराम, श्रीराम, कृष्ण, बौद्ध, कल्की भगवान्का नाम भएको बताइएको छ (वशिष्ठ, २०६६, पृ. ८५) । माछालाई भगवान्को स्वरूप मानिने हुँदा माछा खान नहुने लोकविश्वास रहेको छ ।

'मुक्तिक्षेत्र' लोककथामा अवतारसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । मुक्तिक्षेत्र अग्ला र नाङ्गा डाँडाहरूले घेरिएको छ भने मन्दिरको वरपर पिपलका रुखहरू छन् । ती रुखहरू भारतीय पण्डितहरूले छोडेका लट्ठीबाट उम्रेको जनविश्वास छ (गुरुङ, २०६१, पृ. ६१) । ती पण्डितहरूमा असाधारण शक्ति भएका कारण तिनीहरू लट्ठी जमिनमा गाडेर त्यसैमा पसेको र उनीहरूको पुर्नजन्म रुखका रूपमा भएको किंवदन्ती छ । यसले आत्माको जन्म वृक्षवनस्पतिका रूपमा हुने लोकधारणालाई स्पष्ट पारेको छ ।

'राजकुमार दिक्पाल' लोककथामा पुनर्जीवनसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत जोगीले राजकुमारलाई बलि दिन कुटीमा लैजानु, भित्तामा रहेका टाउकाले जोगीलाई मार्ने उपाय बताइदिनु र टाउकाहरूले जोगीको रगत छर्कदा आफूहरू पुनर्जीवित हुने रहस्य बताएको घटनाक्रमको संयोजन गरिएको छ । कुनै वस्तुमा रहेको विशेष शक्तिले मरेकालाई जीवित तुल्याउने कल्पना अतिकल्पना हो । यसमा जतिसुकै शक्ति सम्पन्न भए पनि पापकर्म गर्ने मानिसको नाश हुने, उसलाई जुक्तिले हराउन सकिने र सत्यको सधैँ जित हुने सन्देशको सम्प्रेषण गरिएको छ ।

माथिको तालिकामा समाविष्ट आत्मा र पुनर्जन्मसम्बन्धी लोकविश्वासमा असल कर्म गर्ने मानिस मृत्युपश्चात् समेत पूज्य हुने र खराब कर्म गर्नेले अर्को जन्ममा पनि दुःखभोग गर्नुपर्ने लोकधारणा व्यक्त भएको छ । यहाँ पापकर्म गर्नाले निःसन्तान हुनुपर्ने, शरीर मरे पनि आत्माले जीवित छँदाको सानिध्य खोज्ने, मरेका मानिसलाई कुनै अद्भुत वस्तुका माध्यमबाट पुनर्जीवित गराउने र असल कर्म गर्ने व्यक्तिको पशुपक्षी, सरीसृप र वृक्षवनस्पति जुनसुकै स्वरूपमा पुनर्जन्म भए पनि पुज्य हुने लोकमान्यता रहेको छ । यी लोकविश्वासमा खराब कर्म गर्ने मानिसले अर्को जन्ममा जनावर भई जन्मेर दुःखभोग गर्नुपर्ने डर देखाएर मानिसका गलत क्रियाकलाप रोक्ने प्रयत्न भएको छ ।

### २.३.२.४ वृक्षवनस्पति र पदार्थमा जीवात्मासम्बन्धी लोकविश्वास

वृक्षवनस्पति र पदार्थहरू मानिस झैँ बोल्न, अनुभव र क्रियाकलाप गर्न सक्छन् भन्ने धारणा नै वृक्षवनस्पति र पदार्थमा जीवात्मा हुनु हो । यसलाई अङ्ग्रेजी भाषामा 'एनिमिजम' भनिन्छ । एनिमिजम डाँडा, नदी, चट्टान, रुख र ढुङ्गा आदिमा आत्मा हुन्छ भन्ने धारणा हो

(गिलमोर, सन् १९१५, पृ. १३) । लोकसमाजमा वनस्पति र पदार्थमा जीवात्मा हुन्छ भन्ने लोकविश्वास भएको हुँदा रुखलाई देवता मान्ने, वरपिपल र समीको पूजा गर्ने, तुलसी, वर, र पिपलको बिहे गर्ने र मानिसले बेलसँग बिहे गर्ने चलन छ । कतिपय वनस्पतिमा दैविक शक्ति भएकाले यिनको प्रयोगबाट मानिसको अभीष्ट पूरा हुने लोकविश्वास पाइन्छ (पराजुली, २०७१, पृ. १९३) । लोकसमाजमा वृक्षवनस्पतिमा दैवीशक्ति हुने लोकधारणा रहेको छ । मानव जातिमा पवित्र रुखहरू, रुख देवताहरू, रुखपूजा र मान्छे रुखमा परिणत भएका मिथकहरू रहेका छन् (बर्न, सन् १९१४, पृ. ३१) । पवित्र रुख र रुख देवतासम्बन्धी मिथकहरूले वनस्पतिमा आत्मा हुने लोकविश्वास भएको कुरालाई पुष्टि गर्छन् । लोककथामा वृक्षवनस्पति तथा ढुङ्गा र माटो आदि पदार्थमा आत्मतत्त्व रहेको कल्पना गरिएको छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित वृक्षवनस्पति र पदार्थमा जीवात्मासम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.११ : वृक्षवनस्पति र पदार्थमा जीवात्मासम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | एक चिलिम तमाखु | मरेको गोरुको टाउको मानिस झैँ बोल्ने र त्यसले मानिसलाई अर्तीउपदेश दिने |
| २ | डुङ्गा | डुङ्गाले मानिसको भाषा र निर्देशन बुझ्ने |
| ३ | लामाको शक्ति | पिपल सास फेर्दै उठ्ने र खप्परले मानिसलाई रोक्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा मरिसकेको गोरु र मानिसको खप्पर, डुङ्गा र पिपलमा जीवात्मा हुने लोकविश्वास रहेका छन् । 'एक चिलिम तमाखु' लोककथामा मरेको गोरुको टाउकोसम्बद्ध लोकविश्वास व्यक्त भएका छन् । यसमा छोराले मरेको गोरुको खप्परलाई कान्लामा राख्नु, रातिमा चोर धान चोर्न जानु र उक्त खप्परले चोर्न नहुने अर्ती दिनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । यहाँ उक्त टाउकोमा आत्मा रहेकाले उसले पूर्वजन्मको स्मरण गरी मानिसलाई खराब कर्म नगर्न आग्रह गरेको छ । यी लोकविश्वासमा मरेको गोरुको टाउकाले मानिसले जस्तै अर्तीउपदेश दिएको हुँदा त्यसमा जीवात्मा रहने लोकधारणा व्यक्त भएको छ ।

'डुङ्गा' लोककथामा डुङ्गासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसमा युवाहरूले डाँडामा डुङ्गा तयार गर्नु, नदीमा लैजान नसक्नु, उनीहरूले वृद्धको सहयोग लिनु र वृद्धले निर्देशन दिएपछि डुङ्गा डाँडैडाँडा नदीमा जानु जस्ता कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । ती वृद्धले डुङ्गालाई नदीमा जान निर्देशन गरेपछि डुङ्गा नदीमा पुग्छ । यसबाट डुङ्गामा मानिसको भाषा र निर्देशन बुझ्न सक्ने आत्मा हुन्छ भन्ने लोकविश्वास रहेको स्पष्ट हुन्छ ।

'लामाको शक्ति' लोककथामा पिपल र मानिसको खप्परसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसमा खप्परले जादुगर्नीको आदेश मान्नु, मरेको मानिसको खप्परले मानिसलाई नै निर्देशन गर्नु, जादुगर्नी बुढीले जादुद्वारा पिपलको रुखलाई सुताउनु र पिपलको रुख सास फेर्दै उठ्नु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । लोकसमाजमा विशेष विद्या हुने मानिसले आफ्नो शक्तिका कारण

वस्तुलाई सुत्ने र उठ्ने बनाउने लोकविश्वास छ । बोक्सेरो विद्या सिक्दा मन्त्रको प्रयोग कुनै रुखमा गर्ने र त्यसको प्रभावले रुख झम्रक्कै मऱ्यो र मरेको केही दिनपछि जगाउन सकियो भने त्यो विद्या पक्का भएको मान्ने लोकविश्वास छ (पराजुली, २०७५, पृ. १७४) । मानिसले आफ्नो शक्तिको परीक्षण रुखमा समेत गर्ने विश्वास रहेको छ । खप्परले भाग्दै गरेको मानिसलाई रोकेको छ । यी लोकविश्वासबाट वृक्षवनस्पति र पदार्थमा आत्मा हुने लोकधारणा रहेको प्रस्ट हुन्छ ।

माथिको तालिकामा समाविष्ट मरिसकेको गोरु र मानिसको खप्पर, डुङ्गा तथा पिपलले मानिस झैँ कार्य गर्ने, मानिसको भाषा र निर्देशन बुझ्ने, मानिसलाई आपद्विपद्बाट जोगाउने तथा अर्तीउपदेश दिने हुँदा वृक्षवनस्पति र पदार्थमा आत्मा रहने लोकविश्वास भएको स्पष्ट हुन्छ ।

### २.३.३ दैवीशक्तिसम्बन्धी लोकविश्वास

देवीदेवताको शक्ति नै दैवीशक्ति हो । लोकले ब्रह्मा, विष्णु, महेश्वर, राम, कृष्ण, काली, भद्रकाली, सरस्वती, लक्ष्मी र भैरवी आदिलाई दैवीशक्तियुक्त देवीदेवता मान्दछ । लोकसमाजमा ईश्वर, देवीदेवता, पितृ र कुलदेवतामा दिव्यशक्ति रहने विश्वास गरिन्छ (पराजुली, २०७१, पृ. १८२) । देवीदेवतामा विश्वास गरी पूजा, यज्ञ, दान, तीर्थ, व्रत गर्ने, देवस्थलहरूको निर्माण र संरक्षण गर्ने लोकप्रचलन छ । *मैत्रायणी उपनिषद्*मा बह्मा, विष्णु र शिवलाई त्रिमूर्तिका रूपमा वर्णन गर्दै यी तिन देवलाई निराकार सत्ताको सर्वश्रेष्ठ देवता भनिएको छ (पाण्डेय, सन् १९७८, पृ. ३०६) । ब्रह्मा, विष्णु र शिवलाई सर्वश्रेष्ठ देवता मान्ने लोकधारणा रहेको छ । देवीदेवता पृथ्वीमाथि भूर्लोक, भुवर्लोक, स्वर्गलोक, महर्लोक, जनलोक, तपोलोक र सत्यलोकमा बस्ने मान्यता छ (आप्टे, सन् १९६६, पृ. ८८४) । पृथ्वीमाथिका लोकमा बह्मा, विष्णु, पितृ, शिव आदि देवीदेवताको बसोबास रहेको कल्पना गरिएको छ । पृथ्वीलोकमा पनि देवीदेवताको बसोबास हुने लोकविश्वास रहेको छ । मस्टो, वायु, कुलायन, सिमे, भुमे, देवीदेउराली जस्ता देवीदेवताको वैदिक वा शास्त्रीय मान्यता नभए पनि लोकको आस्था र निष्ठा रहेको छ (पौडेल, २०७४, पृ. १८४) । लोकमा शास्त्रमा वर्णित देवता र लोकले मान्दै आएका स्थानीय देवीदेवता रहने धारणा रहेको छ ।

अप्सरा, नाग, गन्धर्व, यक्ष, किन्नर आदि देवयोनिमा पर्ने कल्पित पात्रहरू हुन् । देवयोनि देवताका जातिभित्र रहेका प्राणीविशेष हुन् । *अमरकोश*मा विद्याधर, अप्सरा, यक्ष, रक्ष, गन्धर्व, किन्नर, पिशाच, गुह्यक, सिद्ध र भूतलाई देवयोनि भनिएको छ (गौतम, २०७७, पृ. २०) । यी पात्रलाई देवताको अगलबगलमा रहने तर देवता जस्तै शक्तिशाली र सामर्थ्यवान् नहुने पात्रका रूपमा लिइएको छ । *ऋग्वेद*मा यक्षलाई नपुंसक लिङ्गी, जादु शक्तिले सम्पन्न र मानिस र जीवजन्तुको भलो गर्ने राक्षस भनिएको छ (पाण्डेय, १९७८, पृ. ५३०) । राक्षस भए पनि यक्षले प्राणीको हित गर्ने हुँदा देवतुल्य मान्ने लोकपरम्परा छ । देवयोनिका बारेमा चर्चा गर्दै हंसपुरे सुवेदीले भनेका छन्- "देवताको आसपास रहने, देव, दानव सम्मानमा देवतालाई सघाउने, देवताको आजापूजा अवशेष भागप्रति आशामुखी बन्ने आदि कारणले गर्दा नै यिनीहरूलाई देवयोनि मानिएको बुझिन्छ" (सुवेदी, २०५५, पृ. १५४) । लोकमा देवताका सहायक देवयोनिलाई देवतासँगै भाग दिने चलन छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित दैवीशक्तिसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.१२ : दैवीशक्तिसम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अकलामाई | रुखमा देवीको बसोबास हुने र देवीको शक्तिका कारण काटेका रुख भुइँमा नगिर्ने |
| २ | कालजित | पोखरीमा अप्सरा बस्ने, अप्सराले पोखरीभित्र राजकुमारलाई पाल्ने र राजकुमार ठुलो भएपछि घोडालाई दिने |
| ३ | कुछब तेरङा | कुछब तेरङा पाँच देवताको संयुक्त रूप भएको, कुछब तेरङा देवतालाई गुम्बाबाट निकाल्ने क्रममा मानिसका पाइला नचल्ने र देवतालाई स्थानान्तरण गराउने व्यक्तिको शरीरमा नराम्रा घटना घट्ने |
| ४ | गरिब | देवदूतले मानिसलाई मर्नबाट जोगाउने र उनले मानिस धनी हुने उपाय बताइदिने |
| ५ | गोरखनाथ | नागहरू खुसी हुँदा पानी पर्ने र नागहरू बेखुसी भए पानी नपर्ने |
| ६ | दाजु र बहिनी | नागले दुःख पर्दा मानिसलाई सहयोग गर्ने, नाग दाउराको भारीमा डोरी बनेर बसिदिने, नाग दाउराको भारी बिसाएपछि आफैँ फुकेर जाने, नागले बाँधिएको भारी हलुका हुने र खाना जति पटक छ भाग लगाए पनि आफैँ सातै भाग हुने |
| ७ | धर्म र पाप | मृत्युपछि मानिस नाग बन्ने, कामधेनु गाईलाई मारेकाले नागलाई गौहत्याको दोष लाग्ने र मृत्युपश्चात् स्वर्ग जाने मानिसले अप्सरालाई रिझाउनुपर्ने |
| ८ | पचभैया | लक्ष्मीको बास भएको ठाउँ धनधान्यले सम्पन्न हुने |
| ९ | पुण्यशिला | मानिसले पुण्यशिला देवीको पूजापाठ गर्ने र साधुसन्तले शक्ति पीठको स्थापना गर्नुपर्ने |
| १० | फागुपूर्णिमा | गौतमबुद्धले मानवजातिको हितका लागि दरबार त्याग गरेको |
| ११ | बालन | बालन सुरु गर्नुपूर्व देवताको प्रार्थना गर्नुपर्ने, ईश्वरीय शक्तिका कारण देवकीको सातौँ गर्भ रोहिणीको गर्भमा जाने, कृष्णले रूप परिवर्तन गर्ने, कृष्णको शक्तिले मथुरा जेलका झ्यालढोका आफैँ खुल्ने र बन्द हुने, बालक कृष्णमा असाधारण शक्ति हुने, कृष्णको मुखभित्र प्रकृति, सृष्टि र संहार देखिने |
| १२ | मुक्तिक्षेत्र | माँसीता आसीताले मुक्तिक्षेत्रमा तपस्या गरेको, माँसीता आसीता जमिनमा लट्ठी गाढेर त्यसैमा पसेको, मुक्तिनाथ जुम्लाका राजाको कुलदेवता भएको र देवतालाई स्थानान्तरण गर्दा अनिष्ट हुने |
| १३ | वृत्रासुर राक्षस | महादेव देवादिदेव हुने, महादेवले आफ्नै टाउको विस्फोट गराएर भाग्ने, विष्णु भगवान्ले मोहिनी रूप धारणा गर्ने र वृत्रासुर बध गर्ने जिम्मा विष्णु भगवान्को हुने |
| १४ | सराद | मानिस मरेपछि पितृदेव हुने, श्राद्ध नगरेमा पितृ भोका हुने र पितृले घरपरिवारको भलो गर्ने, पितृले परिवारलाई सधैँ उन्नतिको बाटो देखाइदिने |
| १५ | सेवा नै धर्म | यक्षले सिंह र देवीको स्वरूप धारण गर्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा देवीदेवता, देवयोनि, देवदूत, नागदेवता, कुलदेवता, पितृ र यक्षसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ ‘अकलामाई’ लोककथामा देवीको शक्तिसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । सङ्कट या दुःख हटाउने देवीलाई अकलादेवी भनिन्छ । गण्डकी प्रदेशमा

तनहुँ जिल्लाको आँबुखैरेनी, स्याङ्जाको सिर्सेकोट र कास्कीको लामाचौरमा अकलादेवीका मन्दिर र थानहरू छन् । अकलादेवीलाई अकालबाट जोगाउने देवीका रूपमा पश्चिम पहाडका मानिसहरूले पूजाआजा गर्दछन् (खतिवडा, २०७४, पृ. ७) । यहाँ अकलादेवीलाई नै अकलामाई भनिएको छ भने अकलामाईमा विशेष दैवीशक्ति रहने लोकविश्वास छ । लमजुङमा राउतथोक गाउँदेखि माथिको जङ्गलका बिचमा अकलामाईको थान छ । यस क्षेत्रमा अकलामाईले मानिसलाई दुःख र आपत्‌बाट बचाउने लोकविश्वास रहेको छ । यस्ता लोकविश्वासका कारण यस क्षेत्रमा वनजङ्गलको संरक्षण गर्न पनि मदत पुगेको छ ।

'कालजित' लोककथामा अप्सरासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । नेपाली समाजमा अप्सरा र परीहरूका लोककथा प्रचलित छन् । तुलसी दिवसले अप्सराहरूको चरित्र चित्रण गर्दै भनेका छन्- "अप्सराहरू पृथ्वीमाथि स्वर्ग लोकमा रहने लोकविश्वास भए पनि तिनीहरू कर्तव्यमा चुकेर, श्रापका कारणले मानव भएर निश्चित समयका लागि पृथ्वीलोकमा रहने कुरा लोककथामा पाइन्छ" (दिवस, २०७७, पृ. ३९) । अप्सराहरूले पृथ्वीलोकमा मानिससँगै सुखदुःख साटेर मानिसलाई सहयोग गर्ने लोकविश्वास छ । 'कालजित' लोककथामा पोखरीमा बस्ने अप्सरालाई राजाले रानी बनाउनु, तिनले चन्द्र र सूर्य भएको राजकुमार जन्माउनु, अरू रानीले राजकुमारलाई पोखरीमा फालिदिनु, राजकुमारलाई अप्सराहरूले पोखरीभित्र हुर्काउनु र ठुलो भएपछि घोडालाई लगेर दिनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । उल्लिखित लोकविश्वासबाट अप्सराले मानिसलाई सहयोग गर्छन् भन्ने लोकधारणा रहेको स्पष्ट हुन्छ ।

'कुछब तेरङा' लोककथामा कुछब तेरङा देवतासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । मुस्ताङको ठिनीमा अवस्थित कुछब तेरङा गुम्बामा कुछब तेरङा देवता रहेका छन् । कुछब तेरङा देवताको परिचय दिँदै सावित्री गुरुङ र अन्यले भनेका छन्- "कुछबको अर्थ शरीरको सट्टामा राखिएको चिनो र तेरङाको अर्थ ज्यादै बहुमूल्य हो । कुछब तेरङा पाँचओटा बहुमूल्य वस्तुहरू हुन्, जसमा गुरु रिन्पोछेको मूर्ति, गुरु धोर्जे ढोलोए, देवी खन्डो हेशे छोध्यूल, गुरु रिन्पोछेको आधा कपडा र गुरु रिन्पोछेको दोचा रहेका छन्" (गुरुङ र अन्य, २०६८, पृ. ४५) । कुछब तेरङालाई पाँच देवीदेवताको संयुक्त रूप मानिएको छ । यस लोककथामा पाल्साङ लामा तिब्बतबाट फर्कने क्रममा उनलाई गुरुले 'कुछब तेरङा' देवता दिएर पठाउनु, पाल्साङले कुछब तेरङा गुम्बामा ल्याएर स्थापना गर्नु, तिब्बतबाट आएका अध्ययनार्थीले देवता लैजाने अडान राख्नु, कुछब तेरङा देवतालाई गुम्बाबाट निकाल्न खोज्दा पाइला नचल्नु, ज्यान गल्नु र नराम्रो सपना देख्नु, गुम्बादेखि केही पर लगिसकेका देवतालाई पुनः गुम्बामा नै ल्याएर छाडिदिनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । यसमा व्यक्त लोकविश्वासमा मानिसले दैवीशक्तिको श्रद्धापूर्वक विश्वास गर्ने र खराब कर्म गर्न डराउने हुँदा त्यस क्षेत्रका गुम्बा र मूर्तिको संरक्षणमा सहयोग पुगेको छ ।

'गरिब' लोककथामा देवदूतसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । देवदूतलाई स्वर्गमा बसोबास गर्ने देवताले दिने सन्देश ओहोरदोहोर गर्ने सन्देशवाहक मानिएको छ (आप्टे, सन् १९६६, पृ. ४७३) । यस लोककथामा गरिब मर्न भनी जङ्गल जानु, देवदूत आएर उसलाई धनी बन्ने उपाय बताउनु, गरिबले बिरामी मानिस मर्ने र नमर्ने भविष्यवाणी गर्नु, गरिब पछि धनी हुनु, समय सकिएपछि यमराज गरिबलाई लिन आउनु, उक्त व्यक्ति कालले नभेट्ने ठाउँमा जानु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको

छ । काल्पनिक पात्र देवदूतले मानिसलाई समस्या पर्दा सहयोग गर्ने अतिकाल्पनिक लोकविश्वासबाट मानिसले क्षणिक आत्मसन्तुष्टि प्राप्त गर्ने स्पष्ट हुन्छ ।

'गोरखनाथ' लोककथामा नागसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । नाग पानीका देवता वा वर्षाका प्रतीक हुन् (जोशी, २०३९, पृ. ९३) । मानिसले नाग खुसी भए पानी पर्ने र खेतीपाती गर्ने समय सुरु हुने भन्दै नागपूजा गर्छन् । नेपालमा वैदिक हिन्दुहरूले प्रत्येक वर्ष श्रावणशुक्ल पञ्चमीलाई नागपञ्चमी रूपमा मनाउँछन् । अहिले अन्य जातिका मानिसले पनि नागपूजा गरेको पाइन्छ । नाग वा सर्पको पूजाबाट वर्षाको समयमा यस प्राणीको टोकाइबाट जोगिने र मानिसको पूजाबाट प्रसन्न नागले खेतबारीका विषाक्त किराहरूलाई खाने विश्वास रहेको छ (खत्री, २०७७, पृ. १७०) । मानिसले आफ्नो र खेतीपातीको रक्षाका लागि नागको पूजा गर्ने लोकमान्यता छ । नागपूजाको दिन घरको मूलढोका र नागका थानहरूमा नागको फोटो टाँसेर पूजा गर्ने चलन छ । यसको कथानकअन्तर्गत गोरखनाथले नागलाई वशमा राखेर साधना गर्नु, काठमाडौँ उपत्यकामा पानीको हाहाकार हुनु, कामाख्याबाट मत्स्येद्रनाथलाई ल्याउनु र गोरखनाथ गुरुको सम्मानमा उठ्दा नागहरू फुत्किएर पानी पर्नु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । नागलाई पानीका देवता मान्ने लोकविश्वासका कारण नागप्रति सम्मानभाव प्रकट भई त्यस क्षेत्रमा पानीका स्रोतको संरक्षणमा मदत पुगेको छ ।

'दाजु र बहिनी' लोककथामा नागले मानिसलाई सहयोग गर्ने लोकविश्वास व्यक्त भएका छन् । श्रावण शुक्ल पञ्चमीको दिन नागका थानहरूमा दुध, फलफूल, धूपबत्तीले पूजा गरी घरको मूलप्रवेशद्वारमा गाईको गोबरले नागको फोटो टाँसेर नागपूजन गर्ने परम्परा पाइन्छ (खतिवडा, २०७४, पृ. ६१३) । नागपूजा गर्दा घरमा चट्याङ, सर्प र हावाहुरीको डर नहुने र नागले मानिसको रेखदेख गर्ने लोकविश्वास छ । यस लोककथामा नाग नाम्लो र डोरी बनिदिएर केटीलाई सहयोग गरेका छन् । यसको कथानकअन्तर्गत दाजुहरू परदेशबाट फर्कदा रुखको फेंदमा बास बस्नु, उनीहरूले खाना पकाई भाग लगाउनु, जतिपटक छ भाग लगाए पनि सातै भाग हुनु र माथि हेर्दा बहिनी बसेको थाहा हुनु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । दाजुहरूले खानेकुरा छ भाग लगाउँदा पनि दैवीशक्तिका कारण आफैँ सात भाग बन्छ । यो अतिकाल्पनिक लोकविश्वासबाट मानिसले दैवीशक्तिप्रति गहिरो आस्था राख्ने स्पष्ट हुन्छ ।

'धर्म र पाप' लोककथामा नाग र अप्सरासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । *गरुड पुराण*अनुसार मानिस मरेपछि कर्मअनुसार कीटपतङ्ग, पशुपक्षी, पर्वत, तृण, फलफूल, वृक्ष र पर्वत आदि चौरासी लाख योनिमा जन्म हुन्छ (वशिष्ठ, २०६६, पृ. ५०-५१) । मानिसको पुनर्जन्म कीटपतङ्ग, पशुपक्षी र अन्य वस्तुका रूपमा हुने लोकविश्वास छ । यसको कथानकअन्तर्गत धर्मात्मी मानिस नुवाइधुवाइ नगरी बोलेका कारण मरेपछि तक्षक नाग बन्नु, तक्षक नाग समुद्रमा बस्नु र नागले कामधेनु गाईलाई डसेका कारण गौहत्याको दोष लाग्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । कामधेनु मानिसका इच्छा पूरा गर्ने काल्पनिक गाई हो । ब्रह्माबाट अमरत्व प्राप्त कामधेनु मानिसको इच्छा पूरा गर्ने वस्तु हो, जसलाई हिन्दु पुराणमा गाईका रूपमा लिने गरिएको छ (खतिवडा, २०७४, पृ. १९३) । कामधेनु गाई अतिकाल्पनिक लोकविश्वास हो । कामधेनुको पौराणिक सन्दर्भलाई प्रस्ट पार्दै टी.आर. पाठकले भनेका छन्- "समुद्र मन्थनका बेलामा देवता र दैत्यले प्राप्त गरेका बहुमूल्य रत्न, चन्द्रमा, शङ्ख र अप्सराजस्तै कामधेनु गाई पनि एक हो, जसलाई सुरभि भनिन्छ" (पाठक, २०७५) । अलौकिक शक्ति सम्पन्न कामधेनुको दर्शन गर्नाले

सम्पूर्ण देवताहरूबाट प्राप्त हुने फल पाइने लोकविश्वास छ । यस लोककथामा व्यक्त लोकविश्वासबाट गाईको संरक्षण गर्नुपर्ने र खराब कर्म गरेमा देवताले समेत सजाय भोग्नुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ । यस लोककथामा अप्सरासम्बन्धी लोकविश्वास पनि व्यक्त भएका छन् । अप्सरालाई स्वर्गनिवासी र देवयोनिमा पर्ने स्वर्गकी नर्तकी मानिएको छ (दिवस, २०३३, पृ. ३) । 'धर्म र पाप' लोककथाअनुसार स्वर्ग जाने मानिसले अप्सरालाई खुसी पार्नुपर्ने लोकविश्वास छ । यस लोकविश्वासमा जुनसुकै स्थानमा भए पनि मानिसहरू एकअर्काको आदर र सम्मान गरेर बस्नुपर्ने सन्देशको सम्प्रेषण भएको छ ।

'पचभैया' लोककथामा पचभैयासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत पचभैया सेतो लुगा लगाएर सेतै घोडामा हिँड्नु, एक जना वृद्धले पचभैया चढेको घोडाको पुच्छर समातेर बन्दीपुर बजारमा रोक्नु र पचभैयाले वृद्धलाई वरदान दिनु आदि घटनाक्रमको संयोजन गरिएको छ । तनहुँ जिल्लाको बन्दीपुर प्राकृतिक, सांस्कृतिक, धार्मिक र पर्यटकीय क्षेत्रका रूपमा प्रख्यात छ । यो व्यापारिक नाका भएकाले यहाँ आर्थिक क्रियाकलाप भैरहने हुँदा यसलाई पचभैयाको वरदान प्राप्त लक्ष्मीले बास गरेको स्थान मानिने लोकविश्वास रहेको छ ।

'पुण्यशिला' लोककथामा पुण्यशिला र पीठसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत एक जना महिलाले आफूले लगाएको सिन्दूर शिलामा पुछ्नु, मानिसले त्यस शिलालाई देवीको रूप मानेर फूलपाती चढाउनु र शिवभक्त साधकले पुण्यशिला देवीको पीठ स्थापना गर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । देवीको शक्तिको आराधना गरी मोक्ष प्राप्त गर्ने तीर्थस्थल पीठ हो । पीठको परिचय दिँदै विष्णु प्रभातले भनेका छन्- "तपसिद्धि प्राप्त हुने ठाउँका रूपमा लिइने तीर्थस्थल एवं देवीको पूजास्थललाई पीठ या शक्तिपीठ भन्ने गरिन्छ" (प्रभात, २०७४, पृ. २७३) । शक्ति पीठमा जप, तप, ध्यान, स्नान र पूजापाठ गर्नाले मुक्ति प्राप्त हुने लोकविश्वास छ । साधुसन्तले कुनै शक्तिपीठको स्थापना गर्ने वा भइरहेको पीठको संरक्षण गर्ने लोकप्रचलन रहेको छ ।

'फागुपूर्णिमा' लोककथामा गौतमबुद्धसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । मायादेवी र शुद्धोधनका छोरा गौतमबुद्धको बाल्यकालीन नाम सिद्धार्थ गौतम हो । उनी जन्मेको सात दिनमा मायादेवीको मृत्यु भएकाले सिद्धार्थ गौतम कान्छी आमा प्रजापतिको काखमा हुर्किए । लोककृष्ण भट्टराईले बुद्धत्वका विषयमा स्पष्ट पार्दै भनेका छन्- "जब उनी दरबार बाहिर घुम्न निस्किए तब उनले बिरामी, बुढाबुढी, बालक र रोगी मानिस देखेपछि उनको मनमा वैराग्य उत्पन्न भयो र उनान्तिस वर्षको उमेरमा दरबार त्याग गरी ज्ञानको खोजीमा निस्केर पैँतिस वर्षको उमेरमा बुद्धत्व प्राप्त गरे" (भट्टराई, २०७३, पृ. ७३) । यसरी बुद्धले सारा प्राणी र जगत्का लागि दरबारको सुखसयल त्यागेर बुद्धत्व प्राप्त गरेको लोकमान्यता छ । बुद्धले लामो समय साधना गरेर प्राप्त गरेको ज्ञानले विश्वकल्याण गर्ने लोकविश्वास रहेको छ ।

'बालन' लोककथामा देवता, दैवीशक्ति र कृष्णको असाधारण शक्तिसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत देवकीको आठौँ गर्भ कंसको काल हुने आकाशवाणी हुनु, कंसले देवकी र वसुदेवलाई जेलमा राख्नु, दैवीशक्तिका कारण देवकीको सातौँ गर्भ रोहिणीको गर्भमा गई बलरामको जन्म हुनु, वासुदेवले कृष्णलाई गोकुल निवासी नन्दबाबाका घरमा लगेर कृष्ण र योगमायालाई साट्नु, वसुदेव गोकुल जाँदा जेलका झ्यालढोका आफैँ खुल्नु, नदी सुकेर सानो हुनु, शेषनागले कृष्णको

रक्षा गर्नु, कृष्णले अनेक रूप परिवर्तन गरी यशोदा मैयाँलाई दिक्क पार्नु, यशोदाले कृष्णको मुखभित्र सृष्टि र संहारका घटना देख्नु, कृष्णले राक्षस र कंसको बध गर्नु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । कृष्णको जन्म भाद्र कृष्ण अष्टमीका दिन देवकी र वसुदेवका आठौँ सन्तान रूपमा कंसको जेलमा भएको हो । यस लोककथाअनुसार बालन सुरु गर्नुपूर्व सबै दिशाका देवताको प्रार्थना गर्ने लोकप्रचलन रहेको छ । कुनै कार्य गर्नुपूर्व त्यसबाट शुभफल प्राप्त होस् भनी देवीदेवताको प्रार्थना गर्दा कार्यसिद्धि हुने लोकविश्वास छ । कृष्णलाई गीताका दार्शनिक व्यक्तित्व, कंसजस्ता खराबको नाश गर्ने तथा पाण्डवहरूका मित्र मानेर भक्तिपूर्वक श्रद्धा गरिएको छ (प्रभात, २०७४, पृ. ११०) । कृष्णप्रति लोकआस्था रहेको हुँदा भाद्र कृष्णअष्टमीलाई कृष्णजन्माष्टमीका रूपमा मनाउने चलन छ । यस लोककथामा व्यक्त लोकविश्वासबाट मानिसले दैवीशक्ति र देवताका अस्वाभाविक क्रियाकलापको कल्पना गरी त्यसको आस्थापूर्वक पूजाआजा गर्ने प्रस्ट हुन्छ ।

'मुक्तिक्षेत्र' लोककथामा माँसीता आसीता (सिद्ध पण्डित), देवता र कुलदेवतासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकमा माँसीताहरू मुक्तिनाथ मन्दिरमा आई तपस्या गर्नु, माँसीता आसीता लट्ठीभित्र पस्नु, जुम्लाको राजघरानाबाट कुलदेवताको मूर्ति हराउनु, उक्त मूर्ति खोज्दै आउँदा मुक्तिनाथ मन्दिरमा फेला पर्नु, त्यस मूर्तिलाई फिर्ता लैजाने क्रममा ठुलो असिना, पानी पर्नु र मूर्ति बोक्न नसक्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । यस क्षेत्रमा भएका बोटबिरुवा परापूर्व कालमा तपस्या गर्न मुक्तिनाथ आएका सप्तऋषिहरूले टेकिल्याएका लट्ठी गाडेका र रुखका रूपमा पलाएको किंवदन्ती छ ( क्षेत्री, २०४४, पृ. ७३) । मुक्तिक्षेत्रका रुखमा दैवीशक्ति रहेको लोकधारणा छ । मुक्तिनाथ मन्दिरभित्र प्रतिस्थापित मुक्तिनारायणको मूर्तिको सम्बन्ध जुम्लासँग रहेको छ । मुक्तिनाथलाई जुम्लामा रहेको लामाविष्णु परम्पराको विकसित रूप मानिएको छ (गुरुङ, २०६७, पृ. ४२) । यसबाट मुक्तिक्षेत्रमा रहेका मुक्तिनारायण देवताको सम्बन्ध जुम्लासँग रहेको प्रस्ट हुन्छ । मुक्तिनाथमा रहेको मूर्तिलाई स्थानान्तरण गराउँदा अनिष्टकारी घटना घटेको लोकविश्वासका कारण उक्त मूर्ति त्यस क्षेत्रका मन्दिरहरूको संरक्षणमा सहयोग पुगेको प्रस्ट हुन्छ ।

'वृत्रासुर राक्षस' लोककथामा महादेव र विष्णुसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत वृत्रासुर राक्षसको तपस्याबाट महादेव खुसी हुनु, महादेवले वृत्रासुरलाई जसको टाउकामा हात राख्यो त्यही भस्म हुने वरदान दिनु, वृत्रासुरले वरदानको परीक्षण महादेवमाथि नै गर्न खोज्नु, वृत्रासुरसँग डराएका महादेव खोलानाला, पहाड, जङ्गल र गुफामा लुक्दै र भाग्दै हिँड्नु, वृत्रासुरले महादेवलाई पछ्याउनु, महादेवले आफ्नै टाउको विस्फोट गराएर पातालद्वारमा गई बस्नु र विष्णुले मोहिनी रूपधारण गरी वृत्रासुरको वध गर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । हिन्दु धर्ममा महादेवलाई देवादिदेव भनिएको छ । महादेवका चारित्रिक विशेषताको वर्णन गर्दै विष्णु प्रभातले भनेका छन्- "नरमुण्ड र सर्पको माला लगाउने, शरीरमा पूरै खरानी घस्ने र वामाङ्गी रूपमा पार्वतीलाई लिने विशेषताका कारण शिवलाई किरातार्जुन र नीलकण्ठ पनि भनिएको छ" (प्रभात, २०७४, पृ. ४४७) । हिन्दु धर्ममा महादेवलाई देवताका पनि देवता मान्ने लोकमान्यता छ । त्यसै गरी नारायण, हरि आदि नामले चिनिने विष्णु हिन्दु र बौद्धमार्गीका आस्थाका देवता हुन् । यसमा व्यक्त लोकविश्वासबाट मानिसले देवता र उनको असाधारण शक्तिमा विश्वास गर्ने स्पष्ट हुन्छ ।

'सराद' लोककथामा पितृसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । पितृ दिवङ्गत भइसकेका आफ्ना पूवर्जहरू हुन् । पितृलाई खुसी पार्न श्राद्धकर्म गर्ने चलन छ । मानिसको मृत्यु भएको दिनको सम्झना स्वरूप गरिने स्मरणीय कार्य वा धार्मिक अनुष्ठान नै श्राद्ध हो । श्राद्ध चन्द्रमानअनुसार अर्थात् कृष्णपक्ष र शुक्लपक्षका आधारमा सिदादान, पिण्डदान र ब्राह्मण भोजनसहित गर्ने चलन छ । श्राद्ध नगरेमा पितृ भोका भई श्राप दिने र अनिष्ट हुने लोकमान्यता रहिआएको छ । हारीत स्मृतिमा श्राद्ध नगर्ने मानिसको घरमा वीर सन्तान नजन्मिने, मानिसहरू रोगले पीडित हुने र अल्पायुमा मर्ने समस्या उत्पन्न हुने कुरा उल्लेख गरिएको छ (जोशी, २०६८, पृ. १८९) । समाजमा श्राद्ध नगर्ने मानिसको घरमा उन्नति र प्रगतिको मार्ग रोकिने धारणा छ । पितृ तृप्त भएमा आफन्तको कल्याणका लागि आशीर्वाद दिने लोकविश्वास रहेको छ । यस लोककथामा व्यक्त पितृसम्बन्धी लोकविश्वासमा पूर्वजका अनुभव सधैँ मार्गदर्शक हुने हुनाले जीवित सन्तानले आफ्ना पूर्वजहरूको स्मरण गर्दै संस्कारलाई निरन्तरता दिनुपर्ने सन्देशको सम्प्रेषण भएको छ ।

'सेवा नै धर्म' लोककथामा यक्षसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत यक्षले सिंहको रूप धारण गरेर सुत्केरी गाईलाई झम्टनु, राजाले गाईलाई नभई आफूलाई भक्षण गर्न आग्रह गर्नु र यक्षले देवीको रूपधारण गरेर राजालाई वरदान दिने घटनाक्रमको संयोजन गरिएको छ । महाभारतमा युधिष्ठिरले यक्षका सबै प्रश्नको उत्तर दिएर आफ्ना भाइहरूलाई बचाएकाले त्यसदेखि नै लोकसमाजमा जटिल प्रश्नलाई यक्ष प्रश्न भनिएको छ (प्रभात, २०७४, पृ. ३६९) । यक्षले धर्म, संस्कार र आचरणसम्बन्धी परीक्षा लिने लोकविश्वास छ । यसरी यक्ष जातिमा रूप परिवर्तन गर्न सक्ने, वरदान दिने र प्राणीको रक्षण तथा भक्षण दुवै गर्न सक्ने सामर्थ्य रहने लोकविश्वास रहेको छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा मानिसले जीवनको सञ्चालन कुनै अदृश्य शक्तिबाट भएको कल्पना गर्दै त्यो शक्ति देवीदेवतामा रहेको अतिकल्पना गरेका छन् । यहाँ दैवीशक्तिमा आधारित महादेव, विष्णु, देवी, पितृ, यमराज, कृष्ण, गौतमबुद्ध, अप्सरा, नाग, यक्ष र देवदूतसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यी लोकविश्वासबाट देवीदेवताले अनेक रूप धारण गर्ने, देवताका अगाडि असम्भव कार्य केही नहुने, देवताले खराब कर्म नगर्ने र मानिसका रक्षक देवता नै हुन् भन्ने लोकधारणा रहेको प्रस्ट हुन्छ । मानिस मरेपछि उचित संस्कार पाएमा पितृ देवता हुने, यमराजका दूतहरूले खराब कर्म गर्नेलाई दुःख दिने र स्वर्गको बाटो रोकिदिने, अप्सरा, नाग, यक्ष आदिले मानवीय हितका लागि काम गर्ने लोकविश्वासबाट खराब कर्म गर्न नहुने सन्देश व्यक्त भएको छ । समाजका लागि विशेष त्याग गरी देवत्व प्राप्त गरेका कृष्ण र गौतमबुद्ध जस्ता पात्रप्रति मानिसको आस्था छ । दैवीशक्तिमा आधारित लोकविश्वासबाट लोकसमाजमा कुनै अदृश्य शक्तिमा आस्था रहेको प्रस्ट हुन्छ । यी लोकविश्वासमा मानिसले देवीदेवताका शक्तिपीठ स्थापना र संरक्षण गर्ने, पूजाअर्चना गरी आत्मिक सन्तुष्टि प्राप्त गर्ने, जीवनमा सकारात्मक ऊर्जा प्राप्त गर्ने र सांस्कृतिक सम्पदाको संरक्षणमा सहयोग पुग्ने सन्देश सम्प्रेषित भएको छ ।

## २.४ गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा सामाजिक व्यवहारसम्बन्धी लोकविश्वास

निश्चित भूगोलभित्र बसोबास गर्ने समान उद्देश्य भएका, रहनसहन र व्यवस्था मिल्ने मानिसहरूको समूह नै समाज हो । मानिसले समाजमा नीतिनियम, मूल्यमान्यता, चालचलन, संस्कार, धर्म र संस्कृतिको निर्माण गर्छन् । प्रत्येक समाजमा त्यहाँका सदस्यबाट निर्मित आफ्नै विशेषता हुन्छन् र ती नयाँ पुस्ताले मौखिक रूपमा सिक्दै तथा सुधार गर्दै जान्छन् (आहूजा र आहुजा, सन् २००८, पृ. ८७) । समाजमा नयाँनयाँ पुस्ता आउँदै र जाँदै गर्दा उनीहरूका इच्छा तथा आवश्यकताबमोजिम मूल्यमान्यताहरू परिवर्तन हुँदै जान्छन् । मानिसको व्यक्तित्व विकासमा समाजको भूमिका रहन्छ भने सामाजिक संरचनाको निर्माण व्यक्तिबाट हुने गर्छ । लोककथामा आउने राजा, मन्त्री, परिवार, नातागोता, जातजाति, दम्पती, नीति, आचरण र शिक्षा आदि सामाजिक पक्ष हुन् । नेपाली लोककथामा सामाजिक व्यवहारमा आधारित नीति, आचरण र शिक्षा, राजा, मन्त्री र कर्मचारी, परीक्षा तथा परिवार र नातागोतासम्बन्धी लोकविश्वास रहेकाले तिनको क्रमशः विश्लेषण गरिएको छ ।

### २.४.१ नीति, आचरण र शिक्षासम्बन्धी लोकविश्वास

नीति विभिन्न जाति, वर्ण, धर्म, सम्प्रदायहरूका प्रवर्तकबाट लोकव्यवहारको सञ्चालनका लागि निर्धारित नियम हुन् । मानिसहरूले आमाबुबा, गुरु तथा अग्रजहरूबाट नीतिनियमहरू सिक्छन् । आचरण मानिसमा हुने राम्रा र नराम्रा दुवै किसिमका बानीबेहोरा हुन् । मानिसमा आचरणको विकास धर्म, संस्कृति, व्यक्तिगत विश्वास, सामाजिक मूल्यमान्यता र घरपरिवारले दिने संस्कार र शिक्षाबाट निर्माण हुन्छ । शिक्षा व्यक्तिलाई योग्य, चरित्रवान् कर्तव्यनिष्ठ, उत्तरदायी बनाउन ज्ञान र विवेक प्रदान गर्ने स्रोत हो । यसले व्यक्तिलाई कर्तव्य र अधिकारको बोध गराई जवाफदेही बनाउँछ । शिक्षाले मानिसमा अन्तर्चिन्तनको विकास गरी समाजमा सकारात्मक र जिम्मेवारीपूर्ण भूमिकामा बस्न मदत गर्छ । अर्तीउपदेशयुक्त कथाहरू र उखानहरूमा नीति, आचरण र शिक्षासम्बन्धी लोकविश्वास रहेका हुन्छन् ( पराजुली, २०७१, पृ. २०९) । लोककथा र उखानहरूमा अर्तीउपदेशका माध्यमबाट नैतिक शिक्षा दिई सदाचारको विकास गर्ने उद्देश्य रहेको हुन्छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित नीति, आचरण र शिक्षासम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा अभिव्यक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.१३ : नीति, आचरण र शिक्षासम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अल्छी | बुबाको अर्तीउपदेश हितकारी हुने, बान्नामा खुट्टा झारेर बस्न नहुने, सिनो देखेर घिनाउन नहुने, अर्काकी छोरी देखेर मन कल्पाउन नहुने, स्वास्नीलाई विश्वास दिन नहुने र पँधेरामा गोपनीयता खोल्न नहुने |
| २ | आत्मा | लोभ गर्न नहुने |
| ३ | एक चिलिम तमाखु | चोरेर खान नहुने |
| ४ | काफ्ले पाठो | शोकले मानिस हाँस्न नसक्ने |
| ५ | कालजित | घाँसपानी नखाने घोडालाई घरमा राख्न नहुने र बढेका छोरी भएका घरमा केटा मानिसलाई शरण दिन नहुने |
| ६ | खछ्र्यो झोङ दरबार | मानिस आफ्नो वचनमा प्रतिबद्ध हुनुपर्ने |
| ७ | गँगटो | अरूलाई हेला गर्दा दुःख पाइने |
| ८ | गोरखनाथ | गुरुको सम्मानबिना आसनग्रहण गर्न नहुने |
| ९ | ज्ञान | अल्पज्ञानले हानि गर्ने |
| १० | डुङ्गा | बुढापाकाको उपदेश मान्नुपर्ने |
| ११ | दुःख र सुख | छोराछोरीले बाआमाको वचन मान्नुपर्ने र आत्मज्ञान हुनेले अरूलाई दुःख नदिने |
| १२ | धर्म र पाप | जीवनमा जे आइलाग्छ, त्यही गर्नुपर्ने |
| १३ | मसानघाट | धनी र गरिब सबैको मसानघाट एउटै हुने |
| १४ | मौका | मौका छोप्न सक्ने मानिस सफल हुने |
| १५ | विचार महान् | बाआमाले भनेको नटेर्ने सन्तानलाई घरमा राख्न नहुने |
| १६ | वृत्रासुर राक्षस | आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने |
| १७ | संसार | विद्यार्जन गर्न गुरुकुल जानुपर्ने |
| १८ | सिकारी र बाघ | वचनको घाउ कहिल्यै निको नहुने, बोल्दा परिस्थितिको विचार गरेर बोल्नुपर्ने, पशुको भर पर्न नहुने, असल मित्रता सधैँ रहिरहने र निम्ताको अपमान गर्न नहुने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा अर्तीउपदेश, मानवीय प्रवृत्ति र जिम्मेवारी तथा नैतिक शिक्षासम्बद्ध लोकविश्वास व्यक्त भएका छन् । 'अल्छी' लोककथामा अर्तीउपदेशसम्बन्धी लोकविश्वास प्राप्त भएका छन् । अल्छीलाई बुबाले बन्दामा खुट्टा झारेर नबस्न र मितबाले सिनो देखेर नघिनाउन दिएको अर्तीले जीवनमा ठुलो परिवर्तन आएको छ । बान्नामा खुट्टा झारेर बस्दा उसलाई सर्पले डसेर दुःख पाएको छ भने सिनो देखेर नघिनाउँदा प्रशस्त सम्पत्ति कमाएको छ । यी लोकविश्वासबाट अनुभव प्राप्त व्यक्तिका अर्तीउपदेश मान्दा जीवनमा फाइदा हुने शिक्षा मिल्छ । अल्छीकी श्रीमतीको कुरौटे आचरणका कारण लोग्नेले राजाको मयूर चोरेर ल्याएको कुरा गाउँभरि फैलिन्छ र अल्छीलाई राजाका सिपाहीले

समातेर लैजान्छन् । यस लोकविश्वासमा गोप्य राख्नुपर्ने कुरा नजिकको मानिसलाई पनि भन्न नहुने र सार्वजनिक ठाउँमा गरेका कुरा छिटो फैलने हुँदा संयमित भएर बोल्नुपर्ने शिक्षा रहेको छ ।

'आत्मा' लोककथामा लोभसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत केरा व्यापारीले लोभ गर्दा उसैलाई हानि भएको छ । मानिसले लोभ गर्दा अनावश्यक धनसम्पत्ति सङ्ग्रह गर्ने, दुःख पाउने, अशान्त हुने र यसै कारणले सामाजिक विकृति तथा विसङ्गति बढेर जान्छन् । यस लोकविश्वासमा लोभले हानि हुने हुँदा लोभ गर्न नहुने शिक्षा रहेको छ ।

'एक चिलिम तमाखु' लोककथामा चोर्न नहुने लोकविश्वास व्यक्त भएको छ । चोर्नु भनेको अर्काको परिश्रम सित्तैमा लिनु हो । अरूले दिनरात परिश्रम गरेर कमाएको धनसम्पत्ति चोर्नाले परिश्रम गर्ने व्यक्तिलाई पीडा हुन्छ । यस लोकविश्वासमा चोर्ने काम खराब कर्म भएकाले चोरेर खान नहुने शिक्षा रहेको छ ।

'काफ्ले पाठो' लोककथामा शोकसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत पुत्रशोकमा परेकी रानी वर्ष दिनसम्म पनि हाँस्न नसक्नु, राजाले बलिया काफ्लेलाई लडाएर रानीलाई हँसाउने उपाय निकाल्नु, बडादसैँको अवसरमा काफ्ले पाठो काटेर कालिकामाईलाई चढाउनु, उक्त पाठो चउरमा फ्याँक्नु, काफ्ले थरका मानिस एकआपसमा लडेर पाठाको रौँ भए पनि घरमा लैजानु आदि घटनाक्रमको संयोजन गरिएको छ । शोक एक जटिल प्रकारको भावनात्मक प्रक्रिया र व्यक्तिगत अनुभव हो; यसले मानिसलाई मानसिक र शारीरिक रूपमा हानि पुऱ्याउँछ । शोकमा परेको मानिसमा चिन्ता, भय, उदास र क्रोधजस्ता नकारात्मक संवेगहरू हुने हुँदा यसले व्यक्तिगत, पारिवारिक र सामाजिक समस्याहरू निम्त्याउँछ । यस लोककथामा व्यक्त लोकविश्वासमा शोकले मानिस खुसी रहन नसक्ने भएकाले त्यसको बेलैमा समाधान खोज्नुपर्ने सन्देश रहेको छ ।

'कालजित' लोककथामा घोडा र उमेरदार युवायुवतीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । घाँसपानी नखाने घोडाले मानिसलाई कुनै प्रकारको श्रममा सहयोग नगर्ने हुँदा काम दिन नसक्ने जीवलाई घरमा राख्न नहुने लोकमान्यता छ । त्यसै गरी बढेकी छोरी भएका घर केटा मान्छेलाई शरण दिँदा केटाकेटी आकर्षित भई कुनै दुर्घटना हुने भएकाले बढेका छोरी भएका घरमा केटा मानिसलाई शरण दिन नहुने लोकप्रचलन रहेको छ ।

'खछ्र्यो झोङ दरबार' लोककथामा वचनमा प्रतिबद्ध हुनुपर्ने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार खछ्र्यो झोङ दरबार एक जना योगी र गाउँलेहरूको मौखिक सहमतिमा बनेको छ । मुस्ताङी राजा अम पालले ल्होमान्थाङदेखि उत्तरपट्टि समुद्री सतहदेखि ३२५८ मिटर अग्लो डाँडामा बनाएको खछ्र्यो झोङ दरबार (किल्ला) लाई सर्वबुद्धडाकिनी वा आकाशयोगिनीको भुवन मानेर 'खच्योए जोङ' नामाकरण गरिएको छ (गुरुङ, २०६७, पृ. ३२६) । नेपालको उत्तरी भेगमा रहेको यो दरबार सामरिक दृष्टिले महत्त्वपूर्ण छ । यो लोकविश्वासले खछ्र्यो झोङ दरबार वृद्धको सपनाअनुसार भेटिएका भिक्षु र गाउँलेको मौखिक सहमतिमा बनेकोले मानिस वचनप्रति प्रतिबद्ध हुनुपर्ने सन्देश दिएको छ ।

'गँगटो' लोककथामा अरूलाई घृणा गर्न नहुने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार अन्य दिदीबहिनीले कान्छी बहिनीलाई गँगटो जस्तो अपाङ्ग लोग्ने परेको भन्दै खुबै हेला

गर्छन् । अन्त्यमा बहिनी सम्पन्नशाली हुन्छे र अरू दिदीबहिनीले उसैको आस गर्नुपर्छ । यो लोकविश्वासमा अरूलाई हेला गर्ने व्यक्तिको कहिल्यै भलो नहुने सन्देश रहेको छ ।

'गोरखनाथ' लोककथामा गुरुको उचित सम्मान गर्नुपर्ने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार गुरु मत्स्येन्द्रनाथको उपस्थितिका कारणले गोरखनाथ उठ्दा उनले वशमा राखेका नागहरू फुत्किएर पानी परेको छ । समाजमा ज्ञान दिने गुरुलाई देवतुल्य मान्ने परम्परा छ । गुरुकुल परम्परामा शिक्षा दिने र धार्मिक मान्यताअनुसार मन्त्र दिने व्यक्तिलाई गुरु मानिएको छ । नाथ र सन्त सम्प्रदायमा गुरुको निकै ठुलो महत्त्व रहेको छ (खतिवडा, २०७४, पृ. ३०३) । यसबाट नाथ सम्प्रदायका प्राचीन समयदेखि नै गुरुशिष्य परम्परा रहेको प्रस्ट हुन्छ । यो लोकविश्वासमा शिष्यले गुरुको सम्मान गर्नुपर्ने सन्देश सम्प्रेषण गरिएको छ ।

'ज्ञान' लोककथामा अल्पज्ञानसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत छोरो मूल ग्रहमा जन्मिएको हुँदा बुबाले घर छोडेर हिँड्नु, छोरो ठुलो भएपछि ज्योतिषविद्या पढ्नु, छोरो बुबाको खोजीमा परदेश लाग्नु, त्यसले हुरीबतास चलिरहेको समयमा रुखमुनि एउटा बटुवालाई भेट्नु, बटुवाले रुखमा चट्याङ पर्ने भन्दै अन्यत्र जान आग्रह गर्नु, केटाले रुखको एउटा हाँगामा मात्र चट्याङ पर्ने भनी त्यही बस्ने अडान लिनु र केही समयपछि त्यस रुखको एउटा हाँगामा मात्र चट्याङ पर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । यसमा व्यक्त लोकविश्वासले ज्ञानको गहिराइ नभए त्यसले मानिसलाई हानि गर्ने हुँदा कुनै पनि विषयमा गहिरो अध्ययन गर्नुपर्ने सन्देश दिएको छ ।

'डुङ्गा' लोककथामा उपदेशसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत युवाहरूले डुङ्गा बनाउने काठ नपाउनु, बुढाले हुगी काठ देखाइदिनु, युवाले डुङ्गा तयार गरी त्यसको परिचालन गर्न तरिका बुझाउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । यसरी बुढापाका मानिसले अनुभवका आधारमा शिक्षा दिने हुँदा त्यसले व्यक्तिलाई सही मार्गनिर्देशन गर्ने भएकोले बुढापाकाको उपदेश मान्नुपर्ने लोकमान्यता रहेको छ ।

'दुःख र सुख' लोककथामा वचन र आत्मज्ञानसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत धन कमाउन गएको लोग्ने घरमा नफर्किनु, आमाले छोरालाई बुबाको खोजी गर्न अह्राउनु, छोरो बुबालाई खोज्न हिँड्नु, पैसा नभएकाले केटो होटलबाट निकालिनु, त्यस कोठामा एक जना धनाढ्य व्यक्ति बस्नु, भोलिपल्ट धनी मानिस उसको बुबा भएको रहस्य खुल्नु र बुबाले छोरासँग माफी माग्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । यसमा व्यक्त लोकविश्वासमा आत्मज्ञान हुने व्यक्तिमा समानुभूति गर्ने क्षमता हुने हुँदा अरूलाई दुःख दिँदैनन् भन्ने सन्देश रहेको छ ।

'धर्म र पाप' लोककथामा चुनौतीसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार आफ्नो अगाडि जे आयो त्यही गर्नाले दुष्ट महिलाले पनि स्वर्ग प्राप्ति गरेको घटना छ । यो लोकविश्वासमा जीवनमा आइपरेका चुनौतीको डटेर सामना गर्नु नै उत्तम हुने सन्देश रहेको छ ।

'मसानघाट' लोककथामा घमन्ड गर्न नहुने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत गरिब मानिसले सबैलाई सहयोग गर्नु, धनी मानिसले कसैलाई पनि सहयोग नगर्नु, गरिब मरेपछि उसका धेरै मलामी हुनु र धनीका मलामी नभएका कारण लास गिद्धले लुछ्नु जस्ता घटनाक्रमको

संयोजन गरिएको छ । यो लोकविश्वासमा जतिसुकै धनसम्पत्ति भए पनि मानिस मरेर एउटै मसानघाट जाने हुँदा घमन्ड गर्न नहुने सन्देश रहेको छ ।

'मौका' लोककथामा अवसरसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत तीन दाजुभाइले अंशबन्डा गर्नु, जेठो र माइलाको प्रगति हुँदै जानु, कान्छाको आर्थिक अवस्था झन् खस्कनु, भाइले दाइहरूसँग आफूलाई कमसल जमिन दिएको गुनासो गर्नु, दाजुहरूले अंश साटिदिनु, त्यति गर्दा पनि भाइको प्रगति नहुनु, भाइले खेतमा भावीलाई पक्रनु, भावीले उसको भाग्य विदेशमा भएको बताइदिनु र ऊ विदेश गएर प्रशस्त सम्पत्ति कमाउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । प्रस्तुत लोकविश्वासमा मानिसको जीवनमा मौका पटकपटक नआउने हुँदा त्यसलाई खेर फाल्न नहुने शिक्षा रहेको छ ।

'विचार महान्' लोककथामा उपदेशसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत राजा, मन्त्री र महाजनका छोरा बुबाले भनेको नमानेर घरबाट निकालिनु, तीमध्ये पहिलोले खानाको विचार पाउनु, दोस्रोले केटीको विचार पाउनु र तेस्रोले बिस्ताराको विचार पाउनु तथा विचार गर्ने विशेष क्षमता भएकै कारण तिनीहरूको जीवन परिवर्तन हुनु आदि घटनाक्रमको संयोजन गरिएको छ । उपदेश कसैलाई असल मार्गमा लगाउन धर्म, नीति र ज्ञानका कुरा सिकाउन दिइने शिक्षा हो । यसलाई मन्त्रहरूको शिक्षण र दीक्षाको पर्याय मानिएको छ । हिन्दु संस्कृतिमा उपदेशमार्फत समाज सुधारका लागि आचरण र चरित्र निर्माणमा जोड दिने परम्परा पाइन्छ (पाण्डेय, सन् १९७८, पृ. ११४) । प्राचीन समयदेखि उपदेशमार्फत व्यक्तिको सदाचारमा जोड दिने परम्परा रहेको छ । प्रस्तुत लोकविश्वासमा बुबाआमा वा संरक्षकले भनेको मान्नुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

'वृत्रासुर राक्षस' लोककथामा जिम्मेवारीसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत महादेवले वृत्रासुर राक्षसलाई जसको टाउकामा हात राख्यो त्यही भस्म हुने वरदान दिनु, त्यसले वरदानको परीक्षण महादेवमाथि गर्न खोज्नु, त्यसलाई छल्न महादेव जताततै भाग्नु, वृत्रासुरले महादेवलाई भेटाइहाल्नु, महादेव आफ्नै टाउको विस्फोट गराएर पातलद्वारमा गई बस्नु र विष्णुले थाहा पाएर मोहिनी रूप धारण गरी वृत्रासुरको बध गर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । वृत्रासुरले विधि पुऱ्याएर काम गरेकाले महादेवले वरदान दिएको र वृत्रासुर जस्तो कुकर्मीको हातमा वरदान परेकाले विष्णुले उसको बध गरेका घटनाक्रमबाट मानिसले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने लोकविश्वास रहेको प्रस्ट हुन्छ ।

'संसार' लोककथामा विद्यार्जनसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । घरपरिवारसँग बस्दा शिक्षाआर्जनमा बाधा पुग्ने, विभिन्न घरायसी झमेलामा फस्नुपर्ने र गुरुहरूको सङ्गत कम हुने भएकाले शिक्षाआर्जनका लागि गुरुकुलमा रहनुपर्ने लोकविश्वास रहेको छ । प्राचीन समयमा मानिसको व्यक्तित्व विकास र चरित्र निर्माणका लागि गुरुकुलमा विद्यार्जन गर्ने परम्परा थियो । गुरुकुल गुरुको कुटी या आश्रम हो, जहाँ गुरुले शिष्यलाई क्षमताअनुसारको निःशुल्क शिक्षा दिने गर्दथे (खतिवडा, २०७४, पृ. ३०४) । गुरुकुलमा शिष्यको अवश्यकता र क्षमताका आधारमा शिक्षा दिने परम्परा रहेको पाइन्छ । प्राचीन नेपाली समाजमा यथेष्ट शिक्षालय नभएका कारण विद्यार्जन गर्न गुरुकुल वा परदेश जानुपर्ने लोकविश्वास प्रचलनमा रहेको पाइएको छ ।

'सिकारी र बाघ' लोककथामा वचन, मित्रता र निम्तासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत सिकारीकी श्रीमतीले बाघलाई दुर्वचन बोल्नु, बाघले भने सिकारीको सम्मान गर्नु, बाघले आफ्नो अपमान सम्झनु, बाघले सिकारीलाई बन्चराले टाउकामा हान्न लगाउनु र बाहिरी घाउ निको भए पनि वचनको घाउ निको नहुनु आदि घटनाक्रमको संयोजन गरिएको छ । मानिसले दुर्वचन सम्झिरहने हुँदा परिस्थितिको विचार गरेर बोल्नुपर्ने, असल साथीले सुख र दुःखमा साथ दिने भएकोले ती व्यक्तिसँगको मित्रता कहिल्यै नटुट्ने लोकविश्वासले मानिसलाई वचन र व्यवहारमा प्रतिबद्ध हुन सिकाएका छन् । सम्मानपूर्वक गरेको निम्ताको अपमान गर्न नहुने लोकविश्वासले मानिसलाई सामाजिकीकरणमा मदत पुगेको छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वास अर्तीउपदेश, मानिसका स्वभाव, कर्तव्य र जिम्मेवारीमा केन्द्रित छन् । बुबाआमा, मितबा र आफूभन्दा ठुला मानिसले दिएका अर्तीउपदेश मान्नुपर्ने लोकविश्वासबाट अभिभावकले कहिल्यै कुभलो चिताउँदैनन् भन्ने ज्ञान प्राप्त हुन्छ । व्यक्तिगत कर्तव्य र जिम्मेवारीमा आधारित लोभ गर्न, झुटो बोल्न, अरूको कुरा काट्न, अरूलाई घृणा गर्न र सानालाई हेप्न नहुने लोकविश्वासबाट व्यक्तिको असल आचरणले नै सभ्य समाजको निर्माण हुने लोकधारणा रहेको प्रस्ट हुन्छ । यी लोकविश्वासमा अल्पविद्या भयङ्कर हुने भएकाले गुरुकुलमा गएर उचित विद्या सिक्नुपर्ने तथा सधैँ वचनमा प्रतिबद्ध हुनुपर्ने र पशु मित्र नै भए पनि उसमा विवेक नभएकाले सधैँ सचेत रहनुपर्ने सन्देश रहेका छन् । यी लोकविश्वासको मुख्य उद्देश्य व्यक्तिलाई असल आचरणमार्फत नैतिकवान् बनाई सभ्य समाजको निर्माण गर्नु रहेको छ ।

### २.४.२ राजा, मन्त्री र कर्मचारीसम्बन्धी लोकविश्वास

लोककथामा राजा, मन्त्री, राजदूत, उच्च पदस्थ कर्मचारीहरूको चित्रण गरिएको हुन्छ । राजतन्त्रात्मक मुलुकमा वंशपरम्पराअनुसार उत्तराधिकारी प्राप्त हुने र शासन सञ्चालन गर्ने प्रमुख व्यक्तिलाई राजा भनिएको छ । राज्य र धर्मको रक्षकका रूपमा राजालाई विष्णुको अवतार मान्ने परम्परा छ (खतिवडा, २०७४, पृ. १०१८) । यसबाट राजामा दैवी अंश हुने धारणा रहेको प्रस्ट हुन्छ । लोककथामा राजालाई शक्तिशाली, न्यायप्रेमी, प्रजापालक र धर्मअनुसार चल्ने व्यक्तिका रूपमा चित्रण गरिएको हुन्छ । नेपाली लोककथामा राजालाई धर्मपालक र राज्यको सर्वेसर्वा व्यक्ति मान्ने लोकविश्वास प्रचलित छन् । राजालाई सहयोग गर्ने सहायक व्यक्ति मन्त्री हुन् । राजाले आफ्नो अनुकूल र राज्यको अवस्था हेरेर मन्त्रीको नियुक्ति गर्ने हुँदा मन्त्रीले राजाको हुकुम शिरोधार्य गर्नुपर्ने लोकविश्वास छ । प्राचीन समयमा मन्त्री वीरबल जस्तो चतुर, तर्कशील र आज्ञापालक हुने र तिनको स्थान गौरवमय भएको लोकधारणा छ । लोककथामा मन्त्रीसँगै अन्य उच्चपदस्थ कर्मचारी राजदूत, न्यायाधीश, हाकिम आदिका गुण र अवगुणसम्बन्धी लोकविश्वास रहेका छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित राजा, मन्त्री र कर्मचारीसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.१४ : राजा, मन्त्री र कर्मचारीसम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अल्छी | कर्मचारीले राजाको हुकुम मान्नुपर्ने, महङ्गो सामान राजाले मात्र किन्न सक्ने र राजकुमारीले सूर्य र मर्दको मुख नहेर्ने |
| २ | कालजित | राजाले पोखरीमा भेटिएकी अप्सरालाई रानी बनाउने, सौतेनी रानीहरूले जाल रच्ने तथा सूर्य र चन्द्रमा भएको राजकुमार उत्तम मानिने |
| ३ | डुङ्गा | राजाको अनुमतिबिना नयाँ काम गर्न नहुने र राजाले राम्रो काम गर्नेलाई इनाम दिने |
| ४ | बुधलागर कुँवर | राजाले न्याय दिने र राजाले प्रजाको चलाखीको परीक्षा गर्ने |
| ५ | मुक्तिक्षेत्र | रानीको जाहेरीमा राजाले मन्दिर र रानीकुवा बनाउने |
| ६ | राजकुमार दिक्पाल | राजकुमार निडर हुनुपर्ने |
| ७ | विचार महान् | राजकुमार चलाख हुनुपर्ने |
| ८ | विलासी राजा | राजा विलासी हुँदा राष्ट्रिय सङ्कट आउने |
| ९ | सेवा नै धर्म | राजा धर्मपालक र दयालु हुने, राजाले गौसेवा गर्ने र राजा प्राणीको रक्षक हुने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा समाविष्ट नेपाली लोककथामा राजा, रानी, राजकुमार, राजकुमारी र कर्मचारीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । 'अल्छी' लोककथामा राजा, राजकुमारी र कर्मचारीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकमा राजाको हुकुमअनुसार मितले अल्छीलाई फाँसी दिन तयार हुनु, अल्छीले जोगीको टाउकामा हिरा प्राप्त गर्नु, त्यो बेच्न पसलमा जानु, व्यापारीले महङ्गो सामान राजाले मात्र किन्न सक्ने बताउनु, अल्छी हिरा बेच्न दरबारमा जानु, सूर्य र मर्दको मुख नहेर्ने वाचा गरेकी राजकुमारीले अल्छीलाई देख्नु र उसैसँग बिहे गर्न जिद्दी गर्नु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । कर्मचारीले राजाको हुकुम नमानिदिँदा शासन सञ्चालनमा बाधा पुग्ने भएकाले राजाज्ञा मान्नुपर्ने लोकविश्वास छ । राज्यको सम्पूर्ण सम्पत्तिको रक्षक राजा हुने हुँदा राजाले महङ्गो सामान किन्ने लोकधारणा रहेको छ । त्यसै गरी सूर्य र मर्दको मुख नहेर्ने वाचा गरेकी राजकुमारीले झ्यालको चरबाट देखेको अल्छीसँग बिहे गर्छिन् । यस लोकविश्वासले राजकुमारीहरूले राजदरबारको नीतिनियम पालना गर्नुपर्ने कुरालाई प्रस्ट पारेको छ । यी लोकविश्वासमा कर्मचारीले राजाज्ञा मान्नुपर्ने र राजा ऐश्वर्यशाली हुने लोकधारणा रहेको स्पष्ट हुन्छ ।

'कालजित' लोककथामा रानी र राजकुमारसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत राजाले पोखरीमा भेटिएकी अप्सरालाई कान्छी रानी बनाउनु, तिनले सूर्य र चन्द्र भएको राजकुमार जन्माउनु, यो कुरा अन्य छओटी रानीहरूलाई मन नपर्नु र तिनीहरूले राजकुमारलाई पोखरीमा फालिदिनु आदि घटनाक्रमको संयोजन गरिएको छ । यस कथामा आएका सूर्य र चन्द्रले राजकुमारको शरीरमा हुने विशेष शारीरिक चिह्नलाई बुझाएका छन् । लोकजीवनमा शारीरिक चिह्नलाई शुभाशुभ मान्ने प्रचलन छ (पराजुली, २०७१, पृ. २१०) । राजकुमारको शरीरमा सूर्य र चन्द्रमा हुने लोकविश्वासले

राजकुमार पराक्रमी, चतुर, शक्तिशाली र धैर्यवान् हुने कुरा सङ्केत गरेको छ । यी लोकविश्वासबाट राजाले रूपसुन्दरी कन्यालाई रानी बनाउने, सौतेनी सम्बन्धमा ईर्ष्या हुने र राजकुमार सर्वगुणसम्पन्न हुनुपर्ने लोकमान्यता रहेको प्रस्ट हुन्छ ।

'डुङ्गा' लोककथामा राजासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । राजाको अनुमति नलिई नयाँ काम गर्दा राज्यभित्र के काम, किन भइरहेको छ भन्ने कुरा जानकारी नहुने हुँदा परम्परागत राजतन्त्रात्मक शासन व्यवस्थामा कुनै काम गर्नुपूर्व अनुमति लिनुपर्ने चलन पाइएको छ । यस लोककथामा राजाले अप्ठ्यारो स्थानबाट डुङ्गा बनाएर ल्याउने व्यक्तिलाई जमिन इनाम दिएका छन् । यी लोकविश्वासबाट लोककल्याणका काम गर्ने व्यक्तिलाई राजाले इनाम दिने लोकधारणा रहेको प्रस्ट हुन्छ ।

'बुधलागर कुँवर' लोककथामा राजासम्बन्धी लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत लोग्नेस्वास्नीबिच बच्चाका विषयमा झगडा भएपछि न्याय खोज्न दरबारमा पुग्नु, राजाले न्याय दिनु र राजाले बुधलागरको बुद्धिको परीक्षा लिनु आदि घटनाक्रमको संयोजन गरिएको छ । यसमा न्याय राजाले लोग्नेस्वास्नीको झगडा अन्त्य गरेका छन् । राजाले बुधलागर कुँवरलाई आकाशमा धरहरा बनाउन, घैँटोभित्र फर्सी फलाउन, खरानीको डोरी बाट्न र बेलोग्ने जेलभित्र बच्चा जन्माउन लगाएर उसको बुद्धिको परीक्षा लिएका छन् । यी लोकविश्वासमा राजालाई चलाख, दयालु, कृपालु र न्यायप्रेमी व्यक्तिका रूपमा प्रस्तुत गरिएको छ ।

'मुक्तिक्षेत्र' लोककथामा रानीसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । प्राचीन समयदेखि राजाहरूले रानीको मनोकामना पूरा गर्न विविध भौतिक संरचना निर्माण गरेका रोचक जनश्रुतिहरू छन् । रणबहादुर शाहकी रानी सुवर्णप्रभाले मुक्तिनाथ जाने तीर्थयात्रीको सुविधाको लागि कागबेनीबाट पूर्वमा पर्ने झारकोट गाउँमाथि रानीपौवा बनाउन लगाएको पाइन्छ (गुरुङ, २०६१, पृ. ६०) । लोकसमाजमा प्राचीन समयमा राजाले आफ्नी रानीको मनोकामना पूरा गर्न दरबार, मन्दिर, पाटीपौवा, कुवा र धारा बनाउँदै आएको लोकविश्वास छ ।

'राजकुमार दिक्पाल' लोककथामा राजकुमारसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत सात वर्ष पुगेपछि जोगीले राजकुमार दिक्पाललाई लैजानु, घना जङ्गलमा पुगेपछि राजकुमार सक्कली हो कि नक्कली भनेर जाँच गर्नु, नक्कली राजकुमारले बाघ, भालु आदिले दुःख नदिने लामो बाटो रोज्नु, जोगीले नक्कली राजकुमारलाई फिर्ता गरी सक्कली राजकुमार लैजानु र सक्कली राजकुमारले बाघ, भालु भए पनि छोटो बाटो रोज्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । यी घटनाक्रमका आधारमा यस लोकविश्वासले राजकुमार राज्यको उत्तराधिकारी भएकोले निडर, साहसी र बुद्धिमान हुनुपर्ने लोकधारणालाई प्रस्ट पारेको छ ।

'विचार महान्' लोककथामा राजकुमार चलाख हुनुपर्ने लोकविश्वास व्यक्त भएको छ । दरबारबाट राजाले निकालिदिएका राजकुमारहरूले गन्ध पत्ता लगाउने, खातैखातको ओछ्यानमा भएको एउटा रौँसमेत थाहा पाउने र देख्दै नदेखेको मानिसले खाएको कुरा पत्ता लगाउने विशेष क्षमताका कारण राज्य प्राप्त गरेका छन् । यी लोकविश्वासमा राजकुमारमा विशेष क्षमता हुने भएको हुँदा तिनले आश्चर्य लाग्दा कार्य गर्ने लोकधारणा व्यक्त भएको छ ।

'विलासी राजा' लोककथामा राजासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत राजाले राजकाजमा ध्यान नदिई शृङ्गार मात्र गरेर बस्नु, राजाका कारण जनता आजित हुनु, जुलाहाहरूले अयोग्यले मात्र देख्ने धातु जडित लुगा बुन्ने दाबी गर्नु, त्यस्तो बहुमूल्य कपडा बुन्न राजाले राज्यको सारा ढुकुटी खर्च गर्नु र जुलाहाले राजालाई नाङ्गै सहर घुमाउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । यसमा व्यक्त लोकविश्वासमा राज्यप्रमुख विलासी भई दिँदा राष्ट्रले ठुलो क्षति बोहोर्नुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

'सेवा नै धर्म' लोककथामा राजासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत राजाले बिहान उठेर केही नखाई गौसेवा गर्नु, जङ्गलमा सुत्केरी गाई चराउन गएका बेला सिंहले गाईलाई आक्रमण गर्नु र राजाले बरु आफूलाई खान तर गाईलाई केही नगर्न आग्रह गर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । यसमा व्यक्त लोकविश्वासबाट राजा धर्मपालक, दयालु र पशुप्राणीको सेवक हुने लोकधारणा रहेको स्पष्ट हुन्छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासले राजाप्रति जनतामा रहेको उच्च सम्मान भाव व्यक्त गरेका छन् । राजा राज्यशक्तिको प्रमुख मानिने भएकाले राजालाई ढाँट्नु अपराध मानिएको छ । यी लोकविश्वासमा राजकुमारलाई राज्यको उत्तराधिकारी, निडर, साहसी र चलाख देखाइएको छ भने राजकुमारी दरबारभित्र बसेर पनि स्वतन्त्रताका लागि लडिरहेका छन् । रानीहरूमा सौतासौताबिच रिस र डाह भएको नकारात्मक र जनताको सेवा गर्ने दुवै प्रवृत्ति पाइएको छ । यी लोकविश्वासबाट परम्परागत समाजमा राजा, राजपरिवार, मन्त्री र कर्मचारीप्रति जनताको उच्च आस्था रहेको स्पष्ट हुन्छ ।

### २.४.३ परीक्षासम्बन्धी लोकविश्वास

परीक्षा खुबी, शक्ति र सामर्थ्य पत्ता लगाउन गरिने क्रियाकलाप हो । परीक्षणमार्फत कुनै वस्तु र व्यक्तिको गुण तथा दोष छुट्याइन्छ । प्राचीन समयदेखि नै मानिसको स्वभाव, बुद्धि, चतुऱ्याइँ, सामर्थ्य, कुलघरान र धर्म आदिको परीक्षा गरी त्यसमा सफल ठानिएका व्यक्तिसँग उचित व्यवहार गर्ने लोकविश्वास रहेको छ (पराजुली, २०७१, पृ. २०५) । इमानदारी, विद्वता, कुलघरान, सती, वरवधू, प्रेम, विवाह, चरित्र, मित्रता, भय, होसियारी र धर्म जस्ता विविध विषयमा व्यक्तिको परीक्षा लिने लोकधारणा रहेको छ । लोककथामा मानवीय सहायताका वस्तु र अन्य प्राणीहरूको पनि परीक्षा लिइएका घटना छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित नेपाली लोककथामा चतुऱ्याइँको परीक्षा, कुलघरानको परीक्षा, सामर्थ्य र साहसको परीक्षा र विवाहका लागि परीक्षासम्बन्धी लोकविश्वास भएकाले तिनको क्रमशः विश्लेषण गरिएको छ ।

#### २.४.३.१ चतुऱ्याइँको परीक्षा

चतुऱ्याइँको अर्थ चतुर अर्थात् बाठो हुनु हो । लोककथामा बठ्याइँका कारण विभिन्न काम सहज रूपमा सम्पन्न भएका घटना छन् । चलाखीका कथाहरूमा केवल चलाखी, ठगवृत्ति, चातुर्य, धुर्त्याइँमात्र नभएर हास्यव्यङ्ग्य पनि सम्मिश्रित हुन्छन् (दिवस, २०७७, पृ. ३३) । चतुऱ्याइँले सकारात्मक र नकारात्मक दुवै कार्यलाई बुझाएको हुन्छ । आफ्नो वा लोकको कल्याणका लागि चतुरो भई गर्ने कार्य सकारात्मक चतुऱ्याइँ हो भने धुर्त्याइँ, धोकेबाजी र ठगी नकारात्मक चतुऱ्याइँ हुन् । नेपाली लोककथामा आउने मानव वा मानवेतर पात्रहरूमा चलाखीपन रहेको छ । समाजमा त्यस्ता पात्रको चलाखीपन

जाँच्नका लागि चतुऱ्याइँको परीक्षा लिइने लोकविश्वास छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित चतुऱ्याइँको परीक्षासम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा अभिव्यक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.१५ : चतुऱ्याइँको परीक्षासम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | गँगटो | गँगटोले चलाखीपूर्वक राजालाई वाचाबन्धनमा पार्ने |
| २ | बदला | उपकथा लगाउने, दालभात खाने र नाककान गर्ने तथा एक मुरी तिल एक दिनमा छर्नुपर्ने भनी पाहुनाको परीक्षा लिने |
| ३ | बुधलागर कुँवर | आकाशमा धरहरा बनाउनु, घैँटोभित्र फर्सी फलाउनु, खरानीको डोरी बाट्नु र बेलोग्ने जेलमा बच्चा जन्माउन लगाएर राजाले बुधलागर कुँवरको चलाखीको परीक्षा लिने |
| ४ | राजकुमार दिक्पाल | राजकुमारले टाउकाहरूसँग सोधेर रहस्य पत्ता लगाउने र राजकुमारले ढोग्न नजानेको भनी चलाखी अपनाउने |
| ५ | संसार | योगीले युवकलाई संसार चिनाउन उसका परिवारका सदस्यको परीक्षा लिने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा गँगटो, वृद्ध, राजा, राजकुमार र योगीले गरेका चतुऱ्याइँसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'गँगटो' लोककथामा गँगटाको चलाखीसम्बन्धी लोकविश्वास रहेको छ । यसको कथानकअन्तर्गत जन्ती लिएर दरबार पुगेको गँगटोलाई राजाले छोरी दिन इन्कार गर्नु, गँगटोले दरबारका सबै धारा सुकाइदिनु, बिहे भोज रोकिनु, राजाले गँगटोलाई छोरी दिने कबुल गर्नु र गँगटोले राजकुमारीसँग बिहे गर्नु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । गँगटाको चलाखीका कारणले उसले राजकुमारी पत्नी पाएको छ । यस लोकविश्वासमा धैर्य र चलाखीपूर्वक कार्य गर्नाले अप्ठ्यारो परिस्थिति पनि आफ्नो अनुकूल बन्न सक्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

'बदला' लोककथामा बुढीले पाहुनाको परीक्षा लिएका लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत बुढीले बास बस्न आउने सोझो दाजुको नाककान काट्नु, यो सुनेर भाइलाई रिस उठ्नु, भाइले वृद्धासँग बदला लिने दाउ खोज्नु, भाइ बुढीको घरमा जानु, भाइले एक मुरी तिल एकै ठाउँमा गाडेर चलाखी अपनाउनु र उपकथा लगाउँछु भनेर बुढीको नाककान काट्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । परम्परागत समाजमा मानिस एक ठाउँदेखि अर्को ठाउँमा जाँदा अरूको घरमा बास बस्नुपर्ने र त्यहाँ चरित्र तथा आनीबानीसम्बन्धी परीक्षा दिनुपर्ने लोकविश्वास रहेको छ । यी लोकविश्वासले अन्यत्र बास बस्दा चलाखी अपनाउनुपर्ने शिक्षा दिएका छन् ।

'बुधलागर कुँवर' लोककथामा राजाले बुधलागर कुँवरको चलाखीको परीक्षा लिएका लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत बुधलागरले परेवाको सहायताबाट आकाशमा धरहरा बनाउनु, घैँटोभित्र फर्सी फलाउनु, खरानीको डोरी बाट्नु, राजाले बुधलागरलाई जेलभित्र बेलोग्ने बच्चा जन्माउन लगाउनु र बुधलागरले मालिनको भेष गरेर राजासँग लसपस गरी दुईओटा सन्तान जन्माउनु आदि

घटनाक्रमको संयोजन गरिएको छ । यी घटनाले लोककथालाई कौतूहलपूर्ण बनाउँदै मनोरञ्जन प्रदान गरेका छन् । प्रस्तुत लोकविश्वासबाट चलाख मानिसले विषम परिस्थितिको सामना गर्न सक्ने शिक्षा प्राप्त हुन्छ ।

'राजकुमार दिक्पाल' लोककथामा राजकुमारले चलाखी अपनाएका लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत राजकुमार दिक्पाल जोगी नभएको मौका पारेर उसको पूजा कोठामा छिर्नु, राजकुमारलाई देखेर भित्तामा झुन्ड्याइएका मृत टाउकाहरू हाँस्नु, मृत टाउकाले राजकुमारलाई ज्यान जोगाउने उपाय बताइदिनु, जोगीले राजकुमारलाई कालिका माईलाई ढोग्न लगाउनु, राजकुमारले पहिला आफूलाई सिकाउन भन्नु र जोगीले ढोग्न लाग्दा राजकुमारले जोगीको हत्या गर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । राजकुमारको साहस र चलाखीले उनको मृत्यु टरेको छ । यी लोकविश्वासले प्रतिकूल परिस्थितिमा चलाखीपूर्वक काम लिनुपर्ने शिक्षा दिएका छन् ।

'संसार' लोककथामा योगीले लिने परीक्षासम्बन्धी लोकविश्वास भएको छ । यसको कथानकअन्तर्गत युवकले योगीसँग आफूलाई दीक्षा दिन आग्रह गर्नु, जोगीले युवकलाई घर पठाउनु, युवक घरमा गएर पद्मासनमा बस्नु, धेरै दिनसम्म युवक मरे जिउँदो थाहा नहुँदा घरमा रुवाबासी चल्नु, योगीले परिवारका सदस्यले बुटी खाएमा युवक बाँच्ने घोषणा गर्नु, युवकका परिवारले बुटी नखानु, जोगीले युवकलाई उठ्न आग्रह गर्नु र योगीले युवकलाई संसारमा कोही आफ्नो नभएको बुझाउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । यस लोकविश्वासमा संसारमा कुनै कुरा सत्य नहुने र परिवारका सदस्यहरू पनि आफ्ना नहुने सन्देश रहेको छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा गँगटोले राजाको, बुढीले पाहुनाको, राजाले बुधलागर कुँवरको, योगीले युवकको परिवारको परीक्षा लिएका तथा राजकुमारले चलाखी अपनाएका लोकविश्वास व्यक्त भएका छन् । लोककथामा आउने मानव र मानवेतर पात्रले विशेष चलाखीले आफूलाई अप्ठ्यारो परिस्थितिबाट जोगाउने लोकविश्वास रहेको छ । यहाँ मानिस र पशुले उपयुक्त समयमा गरेको चलाखीका कारण राजालाई जितेका छन् । राजकुमारले चलाखीका कारण मृत्युलाई जितेको छ । यी लोकविश्वासमा चलाख मानिस कहींकतै हार्न नपर्ने भएकोले चलाखीपूर्वक कार्य गर्नुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

### २.४.३.२ कुलघरानको परीक्षा

कुलघरानले असल चालचलन र संस्कार भएको श्रेष्ठ घरलाई बुझाउँछ । कुलघरान 'कुल' र 'घरान' दुई शब्दको मेलबाट निर्मित शब्द हो । 'कुल' भन्नाले पिता, पुर्खादेखिको एउटै थर र गोत्रसम्बन्ध र जातिबन्धुहरूको समूहलाई बुझिन्छ । 'घरान' शब्दको अर्थ घरको मर्यादा, संस्कार हो । कुलघरानाको संस्कारलाई प्रस्ट पार्दै विष्णु प्रभातले भनेका छन्- "कुल वंशपरम्परा पितृ नायकसँग जोडिन्छ र त्यसको अभिव्यक्ति गोत्रको रूपमा रहन्छ । एउटा कुल घरान र गोत्रका बन्धुबान्धव भए पनि देश काल र परिस्थितिले उनीहरूलाई छुट्याएको हुन्छ । परन्तु उनीहरूको धार्मिक आस्था, कुलाचार, विद्या या व्यवसायका परम्पराहरू प्रायः समान हुन्छन्" (प्रभात, २०७४, पृ. १०८) । समाजमा पुर्खादेखिको संस्कार अन्य पिँढीमा सर्दै जाने भएकाले असल व्यक्ति कुलको दीप र खराब व्यक्ति कुलको कलङ्क बन्ने लोकधारणा रहेका छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित कुलघरानको परीक्षासम्बन्धी लोकविश्वास भएका

नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.१६ : कुलघरानको परीक्षासम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अल्छी | लोग्नेले स्वास्नीको विश्वासको परीक्षा लिने |
| २ | बुद्धिमान बा | बुबाले छोराबुहारीको परीक्षा लिने |
| ३ | संसार | युवकले संसार चिन्न परिवारका सदस्यको परीक्षा लिने |
| ४ | सेवा नै धर्म | यक्षले राजाको धैर्यको परीक्षा लिने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा स्वास्नीको परीक्षा, छोराबुहारीको परीक्षा, परिवारका सदस्यको परीक्षा र राजाको धैर्यको परीक्षासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'अल्छी' लोककथामा स्वास्नीको परीक्षासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत अल्छीले राजाको मयूर चोरेर ल्याई माथिल्लो तलामा थुन्नु, श्रीमतीलाई अरूसँग कुरा नगर्न आग्रह गर्नु, कुखुरो काटेर मासु खानु, श्रीमतीले पँधेर्नीसँग राजाको मयूर खाएको बताउनु र लोग्ने पक्राउ पर्ने घटनाक्रमको संयोजन गरिएको छ । यस लोकविश्वासमा गोप्य राख्नुपर्ने कुरा आफ्नो नजिकको मानिसलाई पनि भन्न नहुने सन्देश रहेको छ ।

'बुद्धिमान बा' लोककथामा बुबाले छोराबुहारीको परीक्षा लिने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत बुबाले बाकसभित्र ढुङ्गा राखेर बाकसलाई सिरानीमा राख्नु, छोराबुहारीले बुढासँग प्रशस्त धनसम्पत्ति रहेको ठानी खुब स्याहारसुसार गर्नु, बुढाको निधनपछि बाकस खोल्दा ढुङ्गा भेट्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । यस लोकविश्वासमा धनसम्पत्ति भन्दा मानवीय व्यवहार ठुलो हुने भएकोले सन्तानलाई उचित संस्कार दिनुपर्ने शिक्षा रहेको छ ।

'संसार' लोककथामा परिवारका सदस्यहरूको परीक्षासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत पद्मासनमा बसेको युवक धेरै दिनसम्म नउठ्नु, परिवारमा रुवाबासी चल्नु, डाक्टर तथा वैद्यलाई देखाउँदा युवक उठ्ने कुनै उपाय नचल्नु, योगी आउनु, योगीले परिवारका सदस्यले बुटी खाएमा बुटी खाने मानिस मर्ने तर युवक बाँच्ने बताउनु, बुबा, आमा र श्रीमती कोही पनि बुटी खान तयार नहुनु, योगीले आफैँले बुटी खाएर युवकलाई उठाउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । यी घटनाक्रमबाट परिवारले पनि अवस्था हेरेर स्नेह गर्ने हुँदा संसारमा कोही आफ्नो नहुने कुरा स्पष्ट हुन्छ । यस लोकविश्वासमा संसारमा कुनै कुरा सत्य नभएको हुँदा लोभलालच गर्ने प्रवृत्ति छाड्नुपर्ने शिक्षा रहेको छ ।

'सेवा नै धर्म' लोककथामा धैर्यको परीक्षासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत राजा दिलीपले गौसेवा गर्नु, यक्षले सिंहको रूप धारण गरेर सुत्केरी गाईलाई आक्रमण गर्नु, राजाले सुत्केरी गाईलाई नखाई आफूलाई खान आग्रह गर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । यस लोकविश्वासमा प्राणीको सेवा गर्ने र अरूको ज्यान बचाउने कर्म महान् हुने सन्देशको सम्प्रेषण गरिएको छ ।

माथिको तालिकामा श्रीमान्ले श्रीमतीको, बुबाले छोराबुहारीको, युवकले परिवारका सदस्यको र यक्षले राजाको परीक्षा लिएका लोकविश्वास छन् । यहाँ तुलनात्मक रूपमा चतुऱ्याइँमा आधारित लोकविश्वास धेरै छन् । यी लोकविश्वासमा व्यक्तिको परीक्षा नै समस्या परेका बेला हुने भएकोले चलाखी र धैर्यपूर्वक काम गर्नुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

### २.४.३.३ सामर्थ्य र साहसको परीक्षा

सामर्थ्यको वास्तविक अर्थ क्षमतावान्, बलियो वा शक्तिशाली हो भने साहस कठिन वा अप्ठ्यारा कार्य गर्ने क्षमता हो । लोककथामा आउने शक्तिमान् पात्रले आफ्नो शक्ति र बलको प्रयोग गरी अकल्पनीय कार्य गर्दछन् । साहस तथा बहादुरीका लोककथामा नायक, नायिकाले चतुऱ्याइँपूर्वक अनेक असम्भव र कठिन कार्य गरेर साहस र शौर्य प्रदर्शन गरेका हुन्छन् । नेपाली लोककथामा सस्तो रोमान्स नभएर शौर्यपूर्ण साहस र हिम्मत प्रकट भएको पाइन्छ (दिवस, २०७७, पृ. ४२) । लोककथामा प्रयुक्त मानिस र मानवेतर पात्रहरूले असम्भव मानिएका भयङ्कर र डरलाग्दा कामहरू साहसपूर्वक गरी सामर्थ्य र साहसको परिचय दिइएका छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित सामर्थ्य र साहसको परीक्षासम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा अभिव्यक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.१७ : सामर्थ्य र साहसको परीक्षासम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | राक्षसभूत | राक्षसले खुर्सानी बालेर केटीको साहसको परीक्षा लिने |
| २ | राजकुमार दिक्पाल | जोगीले राजकुमारको साहसको परीक्षा लिएको |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा केटी र राजकुमारलाई साहसको परीक्षा लिएका लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'राक्षसभूत' लोककथामा राक्षसले केटीको साहसको परीक्षा लिएको लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत राक्षस आउने डरले केटी घरभित्र लुक्नु, राक्षसले ढोका बाहिरबाट केटीलाई बोलाउनु, राक्षसले ढोकामा खुर्सानी बाल्नु, केटीले गुहार माग्नु र उसका दाजुहरू आएर राक्षसलाई मार्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । राक्षसको मुखमा पुगेकी केटीले साहसपूर्वक दाजुहरूलाई बोलाएर बाँच्न सफल भएकी छ । यसमा राक्षसमा अदम्य साहस भए पनि तिनीहरू मानवीय विवेकका अगाडि पराजित हुन्छन् भन्ने लोकविश्वास रहेको छ ।

'राजकुमार दिक्पाल' लोककथामा जोगीले राजकुमारको परीक्षा लिएको लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत जोगी राजकुमारलाई लिएर जङ्गलको बाटो जाने, त्यसले दोबाटोमा पुगेर बाघभालु लाग्ने छोटो बाटो जाने कि लामो भनी सोध्ने र सक्कली राजकुमारले बाघभालु लागे पनि छोटो बाटो नै जान चाहने घटनाक्रमको संयोजन गरिएको छ । यसमा अप्ठ्यारो समयमा व्यक्तिको साहसको परीक्षा हुने लोकविश्वास रहेको छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा राक्षसले केटीको र जोगीले राजकुमारको साहसको परीक्षा लिइएका लोकविश्वास व्यक्त भएका छन् । यी लोकविश्वासमा परिस्थितिअनुसार जुक्ति लगाएर कार्य गर्नुपर्ने, साहसी मानिसले जस्तोसुकै अवस्थालाई आफ्नो पक्षमा पार्ने र स्थिति विचार गरेर क्षमताको सदुपयोग गर्नुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

### २.४.३.४ विवाहका निम्ति परीक्षा

विवाह उमेर पुगेका स्त्री, पुरुषका बिच पतिपत्नीको सम्बन्ध कायम गर्ने संस्कार हो । यसले नारी र पुरुषलाई एक सूत्रमा बाँधी तिनीहरूका बिचको सम्बन्धलाई सुदृढ बनाउँदै मानिसलाई व्यक्तिगत जीवनबाट सामाजिक जीवनमा प्रवेश गराउँछ (भट्टराई, २०७९, पृ. ७०१) । विवाहपछि युवायुवती सामाजिक जीवनमा प्रेवश गर्ने भएकाले तिनले विभिन्न किसिमका परीक्षा दिनुपर्ने परम्परित विश्वास छ । *रामायण*मा उल्लेख भएअनुसार रामचन्द्रले सीतासँग विवाह गर्नका लागि शिवधनु उचालेर परीक्षा दिएका थिए । नेपाली लोककथामा व्यक्तिको सहनशील स्वभाव, धैर्य, मेहनत, चलाखी, रिस र प्रेभभाव बुझ्नका लागि परीक्षा लिएका घटना छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित 'भाग्य' नेपाली लोककथामा विवाहका निम्ति परीक्षासम्बन्धी लोकविश्वास भएकाले विश्लेषणका लागि छनोट गरिएको छ ।

'भाग्य' लोककथामा सय मुरी कोदो र सय मुरी तोरी छुट्याउनेलाई छोरी दिने लोकविश्वास प्राप्त भएको छ । यसको कथानकअन्तर्गत सत्तलसिंह राजाले सय मुरी कोदो र सय मुरी तोरी छुट्याउनेलाई राजकुमारी विवाह गरिदिने घोषणा गर्नु, अर्को देशका राजकुमारले भँगेरी चरीको सहायता

लिएर सय मुरी कोदो र सय मुरी तोरी छुट्याउनु, सत्तलसिंहकी छोरीसँग विवाह गर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । यस लोकविश्वासमा राजाले राजकुमारको धैर्यको परीक्षा लिएका छन् । बिहे गर्ने उमेरका युवायुवती जिम्मेवारी बहन गर्न सक्ने, असल आचरणको र जस्तोसुकै परिस्थितिको सामना गर्न सक्नुपर्ने भएकाले विवाहका लागि परीक्षा लिने लोकविश्वास प्रचलनमा रहेको छ ।

### २.४.४ परिवार र नातागोतासम्बन्धी लोकविश्वास

व्यावहारिक, नैतिकवान्, संयमित, कर्मशील र कर्तव्यपरायण पतिपत्नीबाटै असल परिवार बन्छ । पतिपत्नी भनेको एकआपसमा निजी कमजोरी हटाउँदै प्रेमभाव बाँडेर सुखी र खुसी समाजको निर्माण गर्ने विशिष्ट सम्बन्ध हो (खप्तडबाबा, २०६९, पृ. १४) । स्त्री र पुरुषले आफ्ना निजी कमजोरी हटाएर एकअर्काका पूरक भएर बाँच्नुलाई नै दाम्पत्यसम्बन्ध भनिन्छ । व्यक्तिबाट परिवार, परिवारबाट समाज र समाजबाट राज्यको निर्माण हुने हुँदा दम्पतीलाई समाजको आधार मान्ने चलन छ । नेपाली समाजमा छोराछोरी, बुहारी, आमाबाबु र अन्य नातागोताको कर्तव्य परम्परागत रूपमा नै तोकिएकाले परिवार प्रथा मजबुत रहेको छ (खतिवडा, २०७४, पृ. ६१७) । व्यक्तिले निश्चित नातासम्बन्धमा रहेर प्रेम, सद्भाव, संस्कार र कर्तव्य सिक्दछ ।

एउटै कुलमा जन्मिएका वा विवाह सम्बन्धले आपसमा जोडिएको गोत्र वा कुटुम्ब सम्बन्ध नै नातासम्बन्ध हो । आफन्त दुःख र सुख जस्तोसुकै अवस्थामा सहयोगी हुने लोकविश्वास छ । नेपाली समाजमा पारिवारिक निर्णय लिँदा घरमुलीले अन्य सदस्यसँग छलफल गर्ने भएकाले नातासम्बन्धको पाटो प्रजातान्त्रिक रहेको छ (खतिवडा, २०७४, पृ. ६१७) । परिवारमा घरमुलीको भूमिका सदस्यहरूको संरक्षकका रूपमा हुन्छ । नेपाली समाजमा पुण्यकर्म, यज्ञ, विवाह र व्रतबन्ध जस्ता धार्मिक कृत्यमा आफन्तलाई बोलाउने चलन छ । लोककथामा आफन्त सकारात्मक र नकारात्मक दुवै चरित्रमा प्रस्तुत भएका छन् । यी कथामा कुनै परिवार कलह, रिस, डाहा, ईर्ष्याले तहसनहस भएका र कति परिवार प्रेम, मिलन, सद्भाव तथा आदरले उदाहरणीय बनेका प्रसङ्ग छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित परिवार र नातागोतासम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा अभिव्यक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.१८ : परिवार र नातागोतासम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अल्छी | मित साइनो परिवार सरहको हुने |
| २ | गँगटो | सुत्केरी छोरीले माइतीको मानो खानुपर्ने र बिहे भैसकेका दिदीबहिनीबिच ईर्ष्या हुने |
| ३ | ज्ञान | घरको आर्थिक चाँजोपाँजो बुबाले मिलाउनुपर्ने |
| ४ | दाजु र बहिनी | छोरीलाई घरयासी काम सिकाउनुपर्ने |
| ५ | दुःख र सुख | छोराले बुबाको खोजीनिती गर्नुपर्ने |
| ६ | बुद्धिमान बा | वृद्ध अवस्थामा आफ्नै छोराछोरीले हेला गर्ने र बाआमाको स्याहार गर्दा सम्पत्ति पाइने आस गर्ने |
| ७ | मौका | छोराहरू पैतृक सम्पत्तिको हकदार हुने र अंशबन्डा गर्दा |

| | | |
|---|---|---|
| | | सिधासादालाई कमसल वस्तु तथा ठाउँ दिने |
| ८ | सासू र बुहारी | सासू र बुहारीबिच बेमेल हुने र लोग्ने नभएकी स्त्री परिवारमा हेला हुने |
| ९ | सिकारी बाघ | मितबाको सम्मान गर्नुपर्ने र महिलाले घरव्यवहार सम्हाल्नुपर्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएको नेपाली लोककथामा बुबाआमा, दिदीबहिनी, छोराछोरी, सासूबुहारी तथा मितसम्बन्धी लोकविश्वास आएका छन् । 'अल्छी' लोककथामा मितसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसमा अल्छीले बुबाबाट अर्ती प्राप्त गर्नु, ऊ बुबाको निधनपछि मितबासँग  अर्ती माग्न जाने र मितबाले दिएको अर्तीका कारण उसको जीवनमा परिवर्तन आउने कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । लोकसमाजमा मित साइनोलाई परिवारसरह जिम्मेवारयुक्त साइनो मानिन्छ । धार्मिक मान्यतामा विश्वास गर्ने मानिसले उपयुक्त मण्डपमा गणेश, दीप र कलशको स्थापना गरी अष्टचिरञ्जीवी र नवग्रहको पूजा गरेर मित वा मितिनी लगाउने चलन छ (न्यौपाने, २०७३) । मितेरी साइनोलाई परिवारको सदस्य नै मानेर पारिवारिक शुभकार्य र अन्य सामाजिक क्रियाकलापमा सामेल गरिएको हुन्छ ।

'गँगटो' लोककथामा छोरी र दिदीबहिनीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअनुसार सुत्केरी बहिनी लिन गएकी दिदीले उसलाई पुलबाट धकेलेर मारिदिएकी छ । सुत्केरी छोरीलाई उचित स्याहारसुसार र पौष्टिक खानाको जरुरत पर्ने भएको हुँदा माइतीको मानो खानुपर्ने लोकविश्वास प्रचलनमा रहेको छ भने दिदीबहिनीमा हुने ईर्ष्याले मानवीय प्रवृत्तिलाई बुझाएको छ ।

'ज्ञान' लोककथामा बुबासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत घरमा श्रीमती सुत्केरी हुनु, सुत्केरीलाई खुवाउने अन्न नहुनु, नवजात शिशु, आमालाई छोडेर लोग्ने धन कमाउन परदेश जानु आदि घटनाक्रमको संयोजन गरिएको छ । नेपाली समाज हिन्दु धर्म दर्शनमा आधारित भएको हुँदा हिन्दु धारणामा परिवारको मुली बुबा हुने भएकोले उसले परिवारको सुरक्षा र पालनपोषण गर्ने जिम्मा लिनुपर्दछ (खतिवडा, २०७४, पृ. ६१७) । परम्परागत समाजमा पुरुषले परिवारको आर्थिक लेनदेन मिलाउने चलन रहेको प्रस्ट हुन्छ ।

'दाजु र बहिनी' लोककथामा छोरीसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । परम्परागत समाजमा छोरीले लेखपढ नगरी कामकाज गरेर घर धान्ने चलन भएको हुँदा छोरीलाई घरायसी काम सिकाउनुपर्ने लोकधारणा छ । परम्परागत समाजमा छोरी बिहे गरेर अर्काको घरमा जाने भएकोले राम्रोसँग काम गर्न नजाने घरबार बिग्रने चिन्ताले छोरीलाई घरायसी काम सिकाउनुपर्ने लोकविश्वास प्रचलनमा रहेको देखिन्छ ।

'दुःख र सुख' लोककथामा छोरोसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार सम्पत्ति कमाउन परदेसिएको बुबा धेरै वर्षसम्म घर नआएको हुँदा छोरो बुबालाई खोज्न गएको छ । यो लोकविश्वासले सन्तान आमाबाबुका सहारा हुन् भन्ने लोकमान्यतालाई स्पष्ट पारेको छ ।

'बुद्धिमान बा' लोककथामा छोराबुहारीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत छोराबुहारीले वृद्ध बुबालाई हेला गर्नु, बुबाले छोराबुहारीको मन आफूतिर लोभ्याउन बाकसभरि ढुङ्गा राखी कसैलाई छुन नदिनु, त्यो देखेर छोराबुहारीले वृद्धसँग प्रशस्त सम्पत्ति रहेको ठान्नु,

उनीहरूले वृद्धको रामो स्याहारसुसार गर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । नेपाली समाजमा जीवित बाआमाले छोराहरूको अंशबन्डा हुँदा केही सम्पत्ति आफ्नो नाममा राख्ने चलन छ । वृद्ध अवस्थामा आफूलाई भरणपोषण गर्ने सन्तति वा अरू कोहीलाई त्यो सम्पत्ति दिइन्छ । कतिपय सन्ततिले त्यही सम्पत्तिको लोभले भए पनि वृद्धवृद्धाको स्याहरसुसार गर्छन् । यी लोकविश्वासमा मानिसमा मानवीयपन हराएर लोभी र स्वार्थीपन बढेको पाइएको छ ।

'मौका' लोककथामा पैतृक सम्पत्तिसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । लोकसमाजमा निर्धो र सिधासादालाई अन्यायमा पारेर टाँठाबाठाले आफ्नो स्वार्थका लागि जे पनि गर्ने गरेको यी लोकविश्वासबाट स्पष्ट हुन्छ । यी लोकविश्वासले नेपाली समाजमा रहेको वर्गीय विभेदको अवस्थालाई बुझाएका छन् ।

'सासू र बुहारी' लोककथामा लोग्ने, स्वास्नी तथा सासू र बुहारीसम्बन्धी लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत लोग्ने मरेकी स्त्रीलाई हेला गर्ने तथा सासू र बुहारीको दिनदिनै झगडा हुने घटनाक्रमको संयोजन गरिएको छ । परम्परागत नेपाली समाजमा महिलाहरू घरायसी कामकाजमा मात्र व्यस्त रहने भएकाले सासू र बुहारीबिच द्वन्द्व भएका घटना लोककथामा छन् । लोग्ने नभएकी स्त्रीलाई घरपरिवार र समाजले हेला गर्ने लोकविश्वासबाट समाजमा लैङ्गिक विभेदको अवस्था रहेको स्पष्ट हुन्छ ।

'सिकारी र बाघ' लोककथामा मित र महिलासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत बाघ र सिकारीले मित लगाउने, एकअर्कालाई आआफ्ना घरमा निमन्त्रणा गर्ने, बाघको घरमा मितको भव्य स्वागत गर्ने र सिकारीको घरमा बाघलाई अपमान गर्ने घटनाक्रमको संयोजन गरिएको छ । समाजमा मितलाई परिवारका सदस्यसरह ठाउँ दिने चलन भएको हुँदा उचित सम्मान गर्नुपर्ने लोकधारणा छ । महिलाले घरको बन्दोबस्त मिलाउनुपर्ने लोकविश्वासबाट परम्परागत नेपाली समाजमा महिलाले घरायसी कामकाज गर्नुपर्ने लोकधारणा रहेको स्पष्ट हुन्छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा बाआमा, छोराछोरी, सासूबुहारी, दिदीबहिनी तथा मितसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यी लोकविश्वासमा घरायसी जिम्मेवारी लिनुपर्ने हुँदा छोरीलाई घरेलु सिप सिकाउनुपर्ने, सुत्केरी अवस्थामा उचित रेखदेख गर्नुपर्ने लोकधारणा व्यक्त भएका छन् । त्यसै गरी छोरालाई पैतृक सम्पतिको हकदार मान्ने र घरको आर्थिक अवस्था पुरुषले मिलाउनुपर्ने लोकविश्वास रहेका छन् । समाजमा मित साइनो गाँसेर टाढाको मानिसलाई आफ्नो बनाउने परम्परागत चलन रहेको छ । परम्परागत समाजमा सन्तानले सम्पत्तिको लोभले भए पनि वृद्धवृद्धाको स्याहारसुसार गर्ने र सासूबुहारी मिल्न नसक्ने परिवार तथा नातागोतासम्बन्धी लोकविश्वास रहेका छन् । यी लोकविश्वासमा मानिसले आफ्नो परिवारप्रतिको कर्तव्य पूरा गरी एकअर्कालाई आपद्‌विपद्‌मा सहयोग गर्दा पारिवारिक संरचना मजबुत भई सभ्य समाजको निर्माण हुने सन्देशको सम्प्रेषण गरिएको छ ।

## २.५ गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा असाधारण शक्तिसम्बन्धी लोकविश्वास

साधारणभन्दा विशिष्ट किसिमको अनौठो वा विलक्षण शक्ति नै असाधारण शक्ति हो । मानवले प्राचीनकालदेखि नै सपना र कल्पनाका माध्यमद्वारा अद्वितीय लोकहरू, देवीदेवता, असाधारण शक्तियुक्त मानव, वस्तु वा पदार्थ आदिको कल्पना गरेको छ (पराजुली, २०७१, पृ. १६८) । लोककथा असाधारण एवम्

अद्‌भुत घटनाको शृङ्खलाबाट निर्मित हुने भएकाले यी कथाहरूमा असाधारण शक्तियुक्त लोकविश्वास रहेका हुन्छन् । लोककथाको घटना शृङ्खला, पात्र र परिवेश नै असामान्य किसिमको हुन्छ । सामान्यतः असाधारण चरित्र, खुबी, शारीरिक बनोट, चतुऱ्याइँ र विशेष शक्ति भएका असामान्य चरित्रहरू लोककथाका पात्रका रूपमा रहन्छन्
(पराजुली, २०७१, पृ. ४२) । यी पात्रहरूले बुद्धि, बल र कार्यक्षमताका कारण विचित्र किसिममा विस्मयकारी कार्यहरू गरेका हुन्छन् । लोककथाका घटना असाधारण परिवेशमा घटित हुने हुँदा असाधारण शक्तियुक्त लोकविश्वासको निर्माण भएको हुन्छ । नेपाली लोककथामा असाधारण शक्तियुक्त देवीदेवता, मानव, जीवजन्तु, पशुपक्षी, विभिन्न वस्तुहरू, ठाउँ र मौसम आदिमा असाधारण शक्ति रहने कल्पना गरिएको छ । अतिमानवीय, साहस र बहादुरी तथा पशुपक्षीका लोककथामा असाधारण शक्तिको बढी प्रयोग भएको छ । गण्डकी प्रदेशबाट सङ्कलित नेपाली लोककथामा असाधारण शक्तियुक्त मानव, जीवजन्तु, वस्तु र प्रकृतिसम्बन्धी लोकविश्वास रहेकाले यहाँ तिनको क्रमशः विश्लेषण गरिएको छ ।

### २.५.१ असाधारण शक्तियुक्त मानवसम्बन्धी लोकविश्वास

लोककथामा अद्‌भुत वा अनौठो क्षमता भएका मानवीय पात्रको प्रयोग गरिएको हुन्छ । समाजमा अद्‌भुत कार्यहरू सम्पन्न गरेर लोकलाई प्रभाव पार्ने अतीन्द्रिय शक्ति भएका मानवलाई लोककथामा पराक्रमी नायकका रूपमा चित्रण गरिएको छ (पराजुली, २०७१, पृ. १७५) । अतिकाल्पनिक मानवीय पात्रले लोककथालाई रोचक र जिज्ञासामय बनाउँछन् । लोककथामा पराक्रमयुक्त मानवको अतिकल्पना गरेर डर, त्रास, भय आदि संवेगलाई न्यूनीकरण गर्दै श्रोतामा उत्साह सिर्जना गरिएको हुन्छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित असाधारण शक्तियुक्त मानवसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.१९ : असाधारण शक्तियुक्त मानवसम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अल्छी | जोगी टाउकामा हिरा फल्ने |
| २ | डुङ्गा | वृद्धले कल्पना गरेर डाँडैडाँडा डुङ्गा हिँडाइदिने |
| ३ | पचभैया | वृद्धले घोडाको पुच्छर समात्ने |
| ४ | बदला | वृद्धाले पाहुनाको नाककान काट्ने |
| ५ | बुधलागर कुँवर | बुधलागर कुँवरले आकाशमा धरहरा बनाउने, घैँटोभित्र फर्सी फलाउने, खरानीको डोरी बाट्ने र जेलभित्र बेलोग्ने बच्चा जन्माउने |
| ६ | भाग्य | मानिसले पिसाबको नदी बगाउने, पिसाबले नै जङ्गलको आगो निभाउने, राजकुमारले मनले चिताएर भँगेरा बोलाउने र राजकुमारीले मनले चिताएको कुरा प्राप्त गर्ने |
| ७ | भुते बिरौटो | पण्डितले भूतसँग सहकार्य गर्ने |
| ८ | मौका | युवकले भावीलाई पक्रने |
| ९ | राजकुमार दिक्पाल | राजारानीले नक्कली राजकुमार बनाउने र राजकुमारले मरेका व्यक्तिलाई ब्युँताउने |
| १० | विचार महान् | राजकुमारले भात खाएर धान मुर्दाघाटको पानी लगाएर फलाएको थाहा पाउने, राजकुमारले खातैखातको बिस्तारामा भएको एउटा रौँसमेत पत्ता लगाउने,<br><br>राजकुमारले केटीलाई छोएर उसकी मामाघरकी हजुरआमाले बाखाको दुध खाएको थाहा पाउने |
| ११ | सिकारी र बाघ | सिकारीले बाघसँग मित लगाउने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा जोगी, वृद्ध, वृद्धा, बुधलागर कुँवर, राजकुमार, राजकुमारी, पण्डित, युवक, राजारानी र सिकारीमा असाधारण क्षमता हुने लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'अल्छी' नेपाली लोककथामा टाउकामा हिरा फल्ने जोगीसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार जोगीमा असाधारण शक्ति भएका कारण टाउकामा हिराका डल्ला फलेका छन् । यसबाट लोकले मानिसमा अनौठो क्षमता हुने अतिकल्पना गरेको प्रस्ट हुन्छ ।

'डुङ्गा' लोककथामा मनले कल्पना गरेर डाँडैडाँडा डुङ्गा हिँडाइदिने मानिससम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसमा युवकहरूले डुङ्गा बनाउने काठ नचिन्नु, वृद्धले डुङ्गा बनाउन सिकाउनु र ती वृद्धले मनले कल्पेर डुङ्गालाई नदीसम्म पुऱ्याउनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । यी घटनाक्रमका आधारमा ती वृद्धमा असाधारण शक्ति रहेको पाइएको छ । यस लोकविश्वासमा असाधारण क्षमता भएका मानिसले चिताएको पुग्ने अतिकल्पना गरिएको छ ।

'पचभैया' नेपाली लोककथामा साहसी वृद्धसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार एक जना साहसी वृद्धले पचभैयाको घोडालाई पुच्छरमा समातेर रोकेका छन् । यसरी घोडाको पुच्छर समातेर रोक्न सक्ने साहसिला वृद्धलाई पचभैयाले "बन्दीपुरमा लक्ष्मीको बास होस्" भनी वरदान दिएको छ । यस लोकविश्वासमा मानिसले साहसपूर्वक चुनौतीको सामना गर्न सकेमा सफल हुने सन्देशको सम्प्रेषण गरिएको छ ।

'बदला' नेपाली लोककथामा अनौठो स्वभावकी वृद्धासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार एउटी वृद्धाले उपकथा लाइदेऊ, दालभात खाइदेऊ र नाककान गर भनी पाहुनाको परीक्षा गर्छे । उसले 'नाककान गर्छु' भनेकाले बुढीले नाककान काटेकी छे । यसमा परम्परागत नेपाली समाजमा अरूको घरमा बास बस्दा विभिन्न किसिमका परीक्षा दिनुपर्ने अवस्थाको प्रतिबिम्ब छ । यस लोकविश्वासमा अरूको घरमा बस्दा परिस्थितिप्रति चनाखो बन्नुपर्ने सन्देश रहेको छ ।

'बुधलागर कुँवर' नेपाली लोककथामा साहसी बुधलागर कुँवरसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअनुसार न्याय राजाले बुधलागरको बुद्धिको परीक्षा लिन आकाशमा धरहरा बनाउने, घैँटोभित्र फर्सी फलाउने, खरानीको डोरी बाट्ने र जेलभित्र बेलोग्ने बच्चा जन्माउने काम दिएका छन् । बुधलागरले बुद्धिमतापूर्ण तरिकाले यी कार्यहरू सम्पन्न गरेको छ । यस लोकविश्वासबाट मानिसमा अस्वाभाविक शक्ति हुने लोकधारणा रहेको स्पष्ट हुन्छ ।

'भाग्य' नेपाली लोककथामा अनौठो शारीरिक क्षमता भएको मानिस र राजकुमार, राजकुमारीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसमा राजकुमार सत्तलसिंह राजाकी छोरीसँग बिहे गर्न जाने, बाटोमा पिसाबको खोलो बगाउने मानिस भेटिने, त्यस मानिसले पिसाब गरेर जङ्गलको डढेलो निभाउने, भँगेराले राजकुमारलाई सय मुरी कोदो र सय मुरी तोरी छुट्याउन सहयोग गर्ने र राजकुमारीले चिताएका वस्तु उत्पत्ति हुने कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । यी घटनाक्रममा मानिस, राजकुमार, राजकुमारीमा असाधारण क्षमता भएको उल्लेख छ । माथिका लोकविश्वासमा राजकुमार, राजकुमारी र साधारण मानिसमा समेत असामान्य क्षमता भएका कारण अस्वाभाविक रूपमा कार्य सम्पन्न भएको अतिकल्पना छ ।

'भुते बिरौटो' नेपाली लोककथामा मानिसले भूतसँग सहकार्य गर्ने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार पण्डित कालु अर्यालले भूतसँग सहकार्य गरेका छन् । उनमा भुतेनीको उपचार गर्ने, भूतलाई खेत सम्याउन लगाउने र भूतको भेला गर्ने असामान्य शक्ति छ । यो लोकविश्वासबाट मानिसमा आफूलाई हानि गर्ने दुस्तत्त्वलाई समेत रोक्ने क्षमता रहेको स्पष्ट हुन्छ । यसरी लोकसमाजले मानिस कुनै पनि शक्तिसामु नझुक्ने मानवीय क्षमताको अतिकल्पना गरेको छ ।

'मौका' नेपाली लोककथामा साहसी युवकसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । कथानकअनुसार कान्छो भाइको कुनै प्रगति नभएपछि उसले भावीलाई पक्रन्छ । भावीले उसको भाग्य विदेशमा भएको बताइदिएपछि विदेशमा गएर प्रशस्त धनसम्पत्ति कमाएको छ । भावी मानिस जन्मेको छैटौँ दिन विधाताले कर्मरेखा लेख्न पठाएका दूत भएको लोकधारणा छ (पराजुली, २०७१, पृ. २०४) । मानिसले भावीले भाग्य लेख्ने ठानेर आफ्नो उन्नतिको जस या दुगर्तिको अपजस भाग्यलाई दिने गर्दछन् । यो लोकविश्वासमा मानिस सफल हुनका लागि विभिन्न किसिमका अवसरको खोजी गर्नुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

'राजकुमार दिक्पाल' नेपाली लोककथामा राजारानी र राजकुमारसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसमा जोगीले राजारानीलाई सन्तान हुने बुटी खान दिनु, राजकुमार दिक्पालको जन्म हुनु, सात वर्षको भएपछि राजकुमार लिन जोगी आउनु, राजारानीले नक्कली राजकुमार बनाएर दिनु, जोगीले नक्कली राजकुमार चिन्नु र सक्कली राजकुमार मागेर लैजानु, राजकुमारले जोगीको हत्या गरी आफू पनि बाँच्नु, अरूलाई पुनर्जीवित गराउनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । प्रस्तुत घटनाक्रममा राजारानी र राजकुमार दुवैमा विलक्षण शक्ति हुने अतिकल्पना गरिएको छ । यी लोकविश्वासबाट लोकले राजारानी र राजकुमारमा विशिष्ट शक्ति हुने कल्पना गरेको स्पष्ट हुन्छ ।

'विचार महान्' नेपाली लोककथामा असाधारण क्षमतावान् राजकुमारसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसमा राजकुमारले भात खाएर मुर्दाघाटको पानी लगाएर धान फलाएको गन्ध थाहा पाउनु, खातैखातको ओछ्यानमा भएको रौँ पत्ता लगाउनु र केटीलाई छोएर उसकी मामाघरकी हजुरआमाले बाख्राको दुध खाएको थाहा पाउनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । यहाँ तीन राजकुमारमा रहेको असाधारण अन्तर्चिन्तनका कारण उनीहरूले चमत्कारी कार्य गरेका छन् । यी लोकविश्वासबाट राजकुमार विशेष क्षमतायुक्त र चलाख हुने लोकमान्यता रहेको स्पष्ट हुन्छ ।

'सिकारी र बाघ' नेपाली लोककथामा सिकारीसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार डहरको साँघुरो गल्लीमा भेटिएपछि सिकारीले बाघसँग मित्रता गाँसेको छ । सिकारीले बाघलाई आफ्नो घरमा बोलाएर स्वागत सत्कार गर्छ र आफू पनि बाघको घरमा जान्छ । हिंस्रक बाघसँग मित्रता गाँसिएको अतिकाल्पनिक लोकविश्वासले आफ्नो कार्यलाई सफल बनाउनका लागि मित्रतापूर्ण व्यवहार गरेर अगाडि बढ्नुपर्ने सन्देश दिएको छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा मानवीय असाधारण शक्तिको अतिकल्पना गरिएको छ । असाधारण क्षमता भएको जोगी, कल्पनाशक्ति भएको र साहसी वृद्ध, चलाख बुधलागर कुँवर, अनौठो शारीरिक शक्ति भएको मानिस, मनले चिताएको पूरा गर्ने राजकुमार र राजकुमारी, भूतसँग नडराउने पण्डित, भावीलाई पक्रने युवक, नक्कली मानिस बनाउने राजारानी, रहस्य बताउने राजकुमारहरू र बाघसँग मितत्रा गाँस्ने सिकारीसम्बन्धी लोकविश्वास रहेका छन् । तुलनात्मक रूपमा यी लोकविश्वासमा राजकुमार र राजकुमारीमा ज्यादा असाधारण शक्ति हुने लोकधारणा पाइएको छ । यस प्रकारका लोकविश्वासले मानिसलाई मनोरञ्जन प्रदान गर्दै चुनौतीको सामना गर्न सिकाएका छन् ।

### २.५.२ असाधारण शक्तियुक्त जीवजन्तुसम्बन्धी लोकविश्वास

असाधारण शक्ति भन्नाले सामान्यभन्दा विशेष शक्ति भन्ने बुझिन्छ । लोककथामा विचित्र शारीरिक संरचना, अनौठो शक्ति र असाधारण कार्य गर्न सक्ने क्षमता भएका विलक्षण शक्तियुक्त पात्रको कल्पना गरिएको छ । यी कथामा आउने चरा, सर्प, कुकुर, बिरालो, बाँदर, मृग, बाघ, हात्ती, स्याल र खरायो आदि शक्तिसम्पन्न जीवहरूले नायक तथा नायिकालाई दुःखको समयमा सहयोग गर्छन् । लोककथामा अद्भुत शारीरिक संरचना, शक्ति, बुद्धि भएका जीवहरूलाई पात्र बनाइएको हुन्छ (पराजुली, २०७१, पृ. १७६) । लोककथामा असाधारण जीवको अस्वाभाविक संरचना र शक्तिको वर्णन गरिएको छ । असाधारण पात्रकै कारण लोककथामा नाटकीयपन र अद्भुत दृश्यहरूको सिर्जना हुन्छ । नेपाली

लोककथामा जीवजन्तुमा भएको असाधारण शक्ति मानवीय हितमा प्रयोग हुने लोकविश्वास छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित असाधारण शक्तियुक्त जीवजन्तुसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.२० : असाधारण शक्तियुक्त जीवजन्तुसम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | कालजित | घोडाले राजकुमारलाई पेटभित्र हुर्काउने |
| २ | गँगटो | गँगटोले जाँतो आफैँ चलाउने, गँगटोले हलो जोत्ने र राजदरबारका धारा सबै सुकाइदिने |
| ३ | ज्ञानी बाघ | बाघमा असाधारण शक्ति हुने |
| ४ | दाजु र बहिनी | सर्प दाउराको भारीमा बन्धन बनिदिने र भँगेराले धान कुटेर चामल बनाइदिने |
| ५ | दाहिने बङ्गारो | बिरालाले घरको अवस्था थाहा पाउने, कुकुले सुँघेर जोगीको कुटी पत्ता लगाउने र मुसाले पहाड भत्काएर खोलाको बाटो बदल्ने |
| ६ | बुधलागर कुँवर | परेवाले आकाशमा धरहरा बनाउने |
| ७ | भाग्य | भँगेराले सय मुरी कोदो र सय मुरी तोरी छुट्याउने |
| ८ | लामाको शक्ति | बिरालाले मानिसले कुरा मान्ने |
| ९ | सिकारी र बाघ | बाघलाई बन्चराले टाउकामा हान्दा पनि खुसी हुने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा घोडा, बाघ, सर्प, गँगटो, कुकुर, बिरालो, मुसा, परेवा र भँगेरामा असाधारण शक्ति रहने लोकविश्वास व्यक्त भएका छन् । यहाँ ‘कालजित’ लोककथामा घोडामा असाधारण शक्ति हुने लोकविश्वास व्यक्त भएको छ । यसमा घोडाले राजकुमारलाई आफ्नो पेटभित्र हुर्काउनु, राजकुमार बढ्दै जाँदा घाँसपानी खान छाड्नु, दरबारबाट घोडालाई लखेट्नु र घोडाले अर्कै देशका राजाको दरबारमा शरण लिनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । समाजमा घोडालाई शुभ तथा पवित्र पशु मान्ने लोकधारणा छ । पश्चिम भारतमा घोडादेवको पूजा गर्छन् भने नेपालमा भोटियाहरूले दशहराको अवसरमा माटोको घोडा बनाएर पूजा गर्ने चलन छ (उपाध्याय, सन् २००९, पृ. ९९) । घोडालाई शुभ र पवित्र जनावर मान्ने लोकधारणा रहेको छ । यस लोकविश्वासमा घोडामा भएको अद्‌भुत क्षमताका कारण राजकुमारको ज्यान जोगिएको छ ।

‘गँगटो’ लोककथामा गँगटामा असाधारण क्षमता हुने लोकविश्वास व्यक्त भएका छन् । यसमा गँगटाले जाँतो चलाउनु, गँगटो जमिनमा बसेर हलो जोत्नु र गँगटाले राजदरबारका सबै धारा सुकाइदिनु जस्ता कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । यी घटनाक्रममा गँगटामा असाधारण क्षमता रहेको उल्लेख छ । यसमा व्यक्त लोकविश्वासमा गँगटोमा असामान्य शक्ति भएका कारण अद्‌भुत कार्य गर्न सकेको लोकधारणा रहेको छ ।

‘ज्ञानी बाघ’ लोककथामा बाघमा असाधारण शक्ति हुने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत बाघले आफू साधु भएको बताउनु, उसले शरीर फुलाएर पर्वत जत्रो बनाउनु र मानिसले

बाघको अबिर जात्रा गर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । लोकसमाजमा बाघका पञ्जा र हड्डीमा जादुको शक्ति हुने र त्यस शक्तिले भूतप्रेतको दूषित प्रभाव नष्ट हुने मानिएको छ (उपाध्याय, सन् २००९, पृ. ९७) । 'ज्ञानी बाघ' लोककथामा बाघले विवेकपूर्ण तरिकाले कार्य गरेको हुँदा उसको ज्यान जोगिएको छ भने मानिसले बाघको अबिर जात्रा गरेका छन् ।

'दाजु र बहिनी' लोककथामा सर्प र भँगेरासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यस लोककथामा सर्पमा केटीको आलापविलाप बुझ्न सक्ने तथा दाउराको बारीमा डोरी र नाम्लो बनिदिने असाधारण क्षमता रहेको छ भने भँगेराले धान कुटेर चामल बनाइदिएका छन् । यी लोकविश्वासमा सर्प र भँगेरामा रहेको आश्चर्यजनक शक्तिका कारण मानिसलाई सहयोग पुगेको छ ।

'दाहिने बङ्गारो' नेपाली लोककथामा बिरालो, कुकुर र मुसासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअनुसार बिरालेमा असाधारण क्षमता रहेका कारण त्यसले घरको बिग्रदो अवस्थाका बारेमा पत्ता लगाएको छ । कुकुर सुँघेरै दाहिने बङ्गारो लैजाने जोगीको कुटीमा पुगेको छ । उक्त बङ्गारो लिएर फर्कदा नदीले बगाएपछि मुसाले पहाड नै भत्काएर नदीको बाटो बदलेका छन् । यी लोकविश्वासमा बिरालो, कुकुर र मुसामा रहेको विशिष्ट क्षमताका कारण मानिसलाई सहयोग पुगेको छ ।

'बुधलागर कुँवर' लोककथामा परेवासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार परेवामा आकाशमा धरहरा बनाउन सक्ने असाधारण क्षमता रहेको छ । न्याय राजाले बुधलागरलाई चुनौती दिएको समयमा परेवाको असामान्य शक्तिका कारण बुधलागरले राजालाई जित्न सफल भएको छ । यसबाट परेवामा रहेको असाधारण शक्ति मानिसको हितमा प्रयोग हुने लोकविश्वास रहेको स्पष्ट हुन्छ ।

'भाग्य' नेपाली लोककथामा भँगेरासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । भँगेराले राजकुमारले चिताउने बित्तिकै सय मुरी कोदो र सय मुरी तोरी छुट्याइदिएका छन् । यो लोकविश्वासले भँगेरामा मानिससँग सहकार्य गर्न सक्ने तथा सय मुरी कोदो र सय मुरी तोरी छुट्याएर आपत्मा सहयोग गर्ने असाधारण शक्ति रहने लोकधारणालाई प्रस्ट पारेको छ ।

'लामाको शक्ति' नेपाली लोककथामा बिरालोसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार जादुगर्नी बुढीले बिरालालाई आफ्नो सहायक बनाएकी छ । बिरालाले बुढीले अह्राएका कार्य गोप्य ढङ्गले गरेको छ भने पछि त्यही बिरालो लामासँग सत्य बोलेको छ । यस लोककथामा बिरालोका कारण जादुगर्नी बुढीको पराजय भएको छ । यो लोकविश्वासले जीवमा भएको असाधारण शक्तिका कारण मानिसलाई खतरा ठानिएको दुष्टात्माको समेत हार हुने लोकधारणा रहेको प्रस्ट हुन्छ ।

'सिकारी र बाघ' लोककथामा बाघसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार बाघले आफ्ना मितलाई बन्चराले थाप्लामा हान्न लगाउँछ । केही दिनपछि जङ्गलमा भेट्दा बन्चराले हानेको घाउ निको भएको तर मितिनीले लगाएका वचनको घाउ निको नभएको भन्दै बोल्दा परिस्थितिको विचार गर्नुपर्ने कुरा सिकाएको छ । यसरी बाघमा सिकारीले बन्चराले हान्दा समेत खुसी हुन सक्ने असामान्य शक्ति रहेको छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा घोडा, गँगटो, परेवा, भँगेरो, बाघ, बिरालो, कुकुर र मुसामा असाधारण शक्ति रहेका लोकविश्वास व्यक्त भएका छन् । यी पशुपक्षीहरू मानिसका सहयोगी भएर प्रस्तुत भएका छन् । यी असाधारण क्षमतावान् पशुपक्षीमा मानिसलाई दुःखमा सघाउने र समस्याबाट पार लगाउने सकारात्मक चरित्र देखिएको छ । यी लोकविश्वासबाट जनावर मानिसको जीवनका अभिन्न सारथि रहेको प्रस्ट हुन्छ ।

### २.५.३ असाधारण शक्तियुक्त वस्तुसम्बन्धी लोकविश्वास

लोककथामा असाधारण शक्ति भएका वस्तुको कल्पना गरिएको हुन्छ । नेपाली समाजमा यस्ता वस्तुको सहायताले मानिस र अन्य प्राणीले विशेष लाभ लिएका लोककथाहरू प्रचलित छन् । असाधारण र विशिष्ट किसिमका वस्तुले मानिसलाई दुःख र आपत्विपत्बाट सजिलै पार लगाएका रहस्य लोककथामा छन् । नेपाली लोककथामा भविष्य देखाउने पिँजरा, जति सामान राखे पनि अटाउने डोको, मनचिन्ते झोली, मरेको मानिसलाई बचाउने औषधी र उड्ने खाट जस्ता असाधारण वस्तुको प्रयोग भएको छ (पराजुली, २०७१, पृ. १७६-१७९) । असाधारण क्षमता भएका वस्तुको प्रयोगले नायकनायिकाले आपत्विपत्बाट छुटकारा प्राप्त गरेका छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित असाधारण शक्तियुक्त वस्तुसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.२१ : असाधारण शक्तियुक्त वस्तुसम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अकलामाई | रुख काट्दा पनि भुइँमा नगिर्ने |
| २ | एक चिलिम तमाखु | खप्पर बोल्ने |
| ३ | गँगटो | जाँतो आफैँ चल्ने, गोपीबाँसको मुरलीले रूप परिवर्तन गराउने, मास, खरानी बेसार र घन्टीले राक्षसलाई भगाउने, रुद्राक्ष र भिन्जा (रिट्ठो) ले राक्षसबाट मानिसलाई बचाउने |
| ४ | डुङ्गा | डुङ्गा मानिसको कल्पनाअनुसार चल्ने |
| ५ | दाजु र बहिनी | नङमा भात लुकाउने मिल्ने |
| ६ | दाहिने बङ्गारो | बाँसको पातमा घरको लच्छिन बस्ने |
| ७ | बालन | झ्यालढोका आफैँ खुल्ने |
| ८ | भाग्य | डोको वर्ष दिन बुन्दा पनि एकफेरो पूरा नहुने र डोकामा पर्वत जति सामान अटाउने |
| ९ | भुते बिरौटो | किताब पल्टाउने बित्तिकै भूतको उपस्थिति हुने |
| १० | राजकुमार दिक्पाल | मरेका टाउकाले राजकुमारलाई जुक्ति दिने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा रुख, खप्पर, जाँतो, गोपीबाँसको मुरली, बाँसको पात, खरानी, बेसार, घन्टी, रुद्राक्ष, रिठ्ठो, डुङ्गा, नङ, किताब र मरेका टाउकामा असाधारण क्षमता हुने लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'अकलामाई' लोककथामा असाधारण शक्तियुक्त रुखसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार काटेको रुख भुइँमा नगिरेका कारण अकलामाईको

पूजा गरेपछि त्यो रुख भुइँमा खसेको छ । त्यस रुखमा असाधारण दैवीशक्ति भएकोले भुइँमा नगिरेको लोकविश्वास छ । यहाँ दुःखको निवारण गर्ने अकलामाईको पूजा गरेपछि रुख भुइँमा गिरेको लोकधारणा रहेको छ ।

'एक चिलिम तमाखु' लोककथामा खप्परसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसमा बुबाले छोरासँग एक चिलिम तमाखु पैँचो लिने, त्यो नतिर्दै बुबाको मृत्यु हुने, बुबा पैँचो नतिरेका कारण अर्को जन्ममा गोरु भएर जन्मने, छोराले त्यो गोरुलाई जोत्ने, गोरु जोत्दा जोत्दै मरेपछि कान्लामा राखिदिने, रातिमा चोर धान चोर्न जाने र खप्परले चोरेर खान नहुने सिकाएको कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । त्यस खप्परमा रहेको असाधारण शक्तिका कारण चोरले ज्ञान पाएका छन् भने धान चोरी हुनबाट जोगिएको छ ।

'गँगटो' लोककथामा जाँतो, गोपीबाँसको मुरली, मास, खरानी, बेसार, घन्टी, रुद्राक्ष र भिन्जा ( रिट्ठो) सम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसमा गँगटो पसेपछि जाँतो आफैँ चल्नु, गोपीबाँसको मुरलीले हिर्काउँदा गँगटो मान्छे बन्नु, मास, खरानी, बेसारले हान्दा राक्षस भाग्नु, रुद्राक्ष, रिठ्ठाले मानिसलाई बचाउनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । यी घरेलु वस्तुहरूमध्ये मास र बेसार औषधीय गुण भएका खाद्यपदार्थ हुन् । पवित्र वनस्पति रुद्राक्ष धार्मिक अनुष्ठानमा प्रयोग हुन्छ । रिट्ठो वनजङ्गल, बारीका कान्ला आदि ठाउँमा पाइने वनस्पति हो । यसको फलको बोक्रा लुगा धुने काममा प्रयोग हुन्छ । यी लोकविश्वासमा मानिसले उपयोग गर्दै आएका वनस्पतिमा असाधारण शक्ति भएको र त्यो शक्ति मानिसको हितका लागि प्रयोग हुने लोकधारणा व्यक्त भएको छ ।

'डुङ्गा' लोककथामा डुङ्गासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार डुङ्गामा मानिसको निर्देशन बुझेर डाँडैडाँडा चल्ने असामान्य शक्ति रहेको छ । वृद्धको कल्पनाअनुसार चल्ने शक्ति भएको डुङ्गाका कारण ती वृद्धले राजाबाट इनाम पाएका छन् । यसबाट डुङ्गामा असाधारण शक्ति हुने कल्पना गरिएको स्पष्ट हुन्छ ।

'दाजु र बहिनी' लोककथामा असाधारण शक्तियुक्त नङसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार दाजुहरू धन कमाउन परदेश लागेपछि नन्दलाई भाउजूहरूले हेला गर्छन् तर कान्छी भाउजूले भने नङमा लुकाएर भात खान दिन्छिन् । त्यस नङमा भातसमेत लुकाउन सक्ने विशेष शक्ति रहेको छ । यो लोकविश्वासबाट वस्तुमा भएको असाधारण शक्तिले मानिसलाई फाइदा पुग्ने लोकधारणा रहेको स्पष्ट हुन्छ ।

'दाहिने बङ्गारो' लोककथामा बाँसको पातसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार घरको लच्छिन बाँसको पातमा रहेको छ । जब जोगीले पात मागेर लैजान्छ तब त्यस घरमा दरिद्रपन सुरु हुन्छ । त्यो बाँसको पातमा घरको लच्छिन धान्ने अनौठो शक्ति रहेको लोकविश्वास छ । हिन्दु धर्ममा बाँसको प्रयोग अन्त्येष्टि कर्ममा समेत हुन्छ । यो लोकविश्वासबाट बाँस मानिसको दैनिक जीवनमा घाँस, दाउरा, घर, कटेरो, बार आदिमा प्रयोग हुने बहुउपयोगी वनस्पति भएकाले यसलाई लच्छिन मान्ने लोकधारणा रहेको स्पष्ट हुन्छ ।

'बालन' नेपाली लोककथामा झ्यालढोकासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार वसुदेवले कृष्णलाई कंसको दरबारबाट बाहिर लैजाने क्रममा झ्यालढोका आफैँ खुलेका

छन् । ती झ्यालढोकामा आफैँ खुल्ने असाधारण शक्ति रहेको लोकविश्वास छ । यी वस्तुमा भएको अनौठो शक्तिका कारण मानिसले ज्यादै अप्ठ्यारो परिस्थितिलाई पनि सरल रूपमा आफ्नो पक्षमा पार्न सफल भएका छन् ।

'भाग्य' नेपाली लोककथामा डोकोसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसमा सत्तलसिंह राजाकी छोरी बिहे गर्न हिँडेको राजकुमारको भेट डोकेसँग हुनु, डोको वर्ष दिन बुन्दा पनि एउटा फेरो नसकिनु, डोकामा पहाड जति सामान अटाउनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । राजाले राजकुमारीलाई दिएको प्रशस्त गर्दुवा त्यो डोकामा अटाएको छ । डोकामा भएको विशेष शक्तिका कारण राजकुमार र राजकुमारीले समस्याबाट पार पाएका छन् ।

'भुते बिरौटो' लोककथामा किताबसम्बन्धी लोकविश्वास प्राप्त भएको छ । यसमा कालु अर्यालले भुतिनीलाई पानी मन्तरेर खान दिनु, भुतिनी सजिलै सुत्केरी हुनु, भूत खुसी भएर कालु अर्याललाई किताब दिनु, उक्त किताब पल्टाउने बित्तिकै भूतको उपस्थित हुनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । त्यस पुस्तकमा रहेको असाधारण क्षमताका कारण कालु अर्यालले भूतलाई भुते बिरौटो खेत बनाउन लगाएका छन् । यो लोकविश्वासबाट मानिसले विभिन्न वस्तुमा रहेको शक्ति प्रयोग गरेर आफ्नो दैनिक जीवनलाई सजिलो बनाउने लोकधारणा रहेको स्पष्ट हुन्छ ।

'राजकुमार दिक्पाल' लोककथामा मरेका टाउकासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसमा जोगीले राजकुमार दिक्पाललाई कुटीमा लैजानु, त्यसले कालिकामाईलाई राजकुमारको बलि दिन तयार हुनु, राजकुमार जोगी नभएको मौका पारेर पूजाकोठामा जानु, भित्तामा झुन्ड्याई राखेका मृत टाउकाले राजकुमारलाई बाँच्ने उपाय बताउनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । तिनै मृत टाउकामा रहेको ज्ञान र असाधारण क्षमताका कारण राजकुमार दिक्पालको ज्यान जोगिएको छ । यो लोकविश्वासमा मरेका खप्परमा असाधारण क्षमता हुने लोकधारणा व्यक्त भएको छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा रुख, बाँस, झ्यालढोका, मास, खरानी, बेसार, रुद्राक्ष, रिट्ठा, डुङ्गा, पुस्तक, जाँतो, नङ, खप्पर र टाउकामा आसाधारण शक्ति रहने लोकधारणा पाइएको छ । यी वस्तुमा निहित असाधारण शक्ति मानवीय हितमा प्रयोग भएको छ । असाधारण शक्तियुक्त वस्तुसम्बन्धी लोकविश्वासले लोककथा अपत्यारिला लागे पनि तिनले कथालाई कौतुलहपूर्ण र रोमाञ्चक बनाएका छन् । यी वस्तु मानिसलाई मानसिक रूपमा सन्तुष्टि दिँदै सत्यको जितका लागि सहायक बनेका छन् । उल्लिखित लोकविश्वासबाट संयोगवश भए पनि सत्यको जित हुने लोकधारणा रहेको स्पष्ट हुन्छ ।

### २.५.४ असाधारण शक्तियुक्त प्रकृति (ठाउँ, मौसम) सम्बन्धी लोकविश्वास

लोककथालाई रोचक र विश्वसनीय बनाउन अलौकिक परिवेशको कल्पना गरिएको हुन्छ । बहुलोकसम्बन्धी कल्पना परालौकिक कल्पना हो तर पृथ्वीमा भएका स्थानहरूका बारेमा पनि अतिकल्पना गरिएको छ । लोककथामा नागराजको राज्य, पाताल यात्रा, इन्द्रिय परिवर्तन गर्ने पोखरी, रत्नहरूको पहाड, पापी मानिस जान नसक्ने ठाउँ आदि अतिकाल्पनिक ठाउँहरूका बारेमा वर्णन पाइन्छ (पराजुली, २०७१, पृ. १७५) । लोककथामा अतिकाल्पनिक स्थानसम्बन्धी लोकविश्वास व्यक्त भएका हुन्छन् । त्यसै गरी लोकमानसले प्रकृतिमा हुने अनौठा प्रक्रिया दैवीशक्तिका कारण भएको मान्दछ । लामो समय खडेरी पर्‍यो भने इन्द्रको पूजा गर्ने, ठुलो असिना र चट्याङ परे आँगनमा ओदान उत्तानो बनाएर राख्ने र बन्चरो फाल्ने

चलन छ । अधिक वृष्टि र अनावृष्टिलाई अशुभ मानिएको छ (उपाध्याय, सन् २००९, पृ. ५८) । मानिसले सूर्य, अग्नि, तेज, वायु, आकाश, नदीनाला र रुख आदिमा अलौकिक शक्ति रहने विश्वास गरी तिनको भक्तिभावना र श्रद्धापूर्वक पूजाआजा गर्छन् । अतिमानवीय लोककथा, व्रतकथा, पौराणिक कथा, जादु तथा टुनामुनामा आधारित लोककथामा असाधारण स्थान र प्रकृतिसम्बन्धी लोकविश्वास अभिव्यक्त भएका हुन्छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित असाधारण शक्तियुक्त प्रकृति (ठाउँ, मौसम) सम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.२२ : असाधारण शक्तियुक्त प्रकृतिसम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | गोरखनाथ | धेरै वर्षसम्म पानी नपर्ने |
| २ | ढपाडी खोला | दिनको बाह्र बजे घनावृष्टि हुने |
| ३ | पचभैया | पचभैयालाई झ्यालबाट हेर्ने मान्छे बिजुली चम्कँदा मर्ने |
| ४ | भूत | पहरो सुनैसुनले बन्ने |
| ५ | वृत्रासुर राक्षस | नाग तन्द्राङतुङ्द्रुङ भएको स्थानमा बस्ने तथा धाराको पानी जाडोमा तातो र गर्मीमा चिसो हुने |
| ६ | सराद | जमिनमा सुनका थैला र पैसा भेटिने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा अनावृष्टि, घनावृष्टि, चट्याङ, पहरो, पानी र जमिनमा असाधारण क्षमता रहेका लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'गोरखनाथ' नेपाली लोककथामा वर्षासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत गोरखनाथले नाग साधना गरेपछि काठमाडौं उपत्यकामा धेरै वर्षसम्म पानी नपरेर हाहाकार मच्चिएको घटना रहेको छ । यसरी वर्षौं वर्ष पानी नपर्नुलाई असाधारण प्राकृतिक अवस्था मान्ने धारणा छ । अनावृष्टिलाई अमङ्गल तथा दुर्भिक्षको लक्षण मानिएको छ (उपाध्याय, सन् २००९, पृ. ५८) । माथिको लोकविश्वासमा साधनाका कारण प्राकृतिक अवस्थासमेत परिवर्तन हुने लोकधारणा रहेको स्पष्ट हुन्छ ।

'ढपाडी खोला' नेपाली लोककथामा घनावृष्टिसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार दिनको ठिक बाह्र बजे घनावृष्टि हुँदा ढपाडी खोलामा बाढी आउँछ र नुवाइधुवाइ गरिरहेका आइमाई र केटाकेटीलाई बगाउँछ । दिनको बाह्र बजे असामयिक रूपमा घनावृष्टि हुनु मौसमको असामान्य अवस्था हो । यो लोकविश्वासले नदीमा जाँदा जुनसुकै समयमा पनि बाढीपहिरो आउन सक्ने भएकाले सचेत हुनुपर्ने सन्देश दिएको छ ।

'पचभैया' नेपाली लोककथामा चट्याङसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । लोकविश्वासअनुसार पचभैया भन्नाले एकसाथ हिँड्ने पाँचओटा भूतको समुदाय हो । *पुराण*हरूमा शिवजी भूतप्रेत, पिशाच, ब्रह्मराक्षस, बेताल, आयुधान, शालिनी र प्रमथजस्ता भूतगणका साथमा बस्ने उल्लेख छ (खतिवडा, २०७४, पृ. ८४७) । भूत शिवका साथमा रहने हुँदा यिनले दिएको आशीर्वाद, वरदान र श्रापको शुभाशुभ फल प्राप्त हुने लोकधारणा छ । पचभैयामा विशेष दैवीशक्ति हुने भएकोले यसलाई झ्यालबाट चियाउने मानिस चट्याङ लागेर मर्ने लोकविश्वास रहेको छ ।

'भूत' नेपाली लोककथामा पहरोसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसमा भुतिनीले मानिसलाई काम अह्राउने, मानिसले भुतिनीलाई मदत गर्ने, भूतले मानिसालाई सुनैसुनले बनेको पहरोमा लैजाने र त्यसले मानिसलाई सुन उपहार दिने कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । भूत नरभक्षी भए पनि निडर मानिससँग भने भूत डराएर भाग्दछ या आफूसँग भएका बहुमूल्य वस्तु मान्छेलाई दिन्छ (दिवस, २०७७, पृ. ३७) । यसबाट भूतले खुसी भएको अवस्थामा मानिसलाई बहुमूल्य वस्तुहरू दिएर सहयोग गर्छन् भन्ने लोकधारणा रहेको स्पष्ट हुन्छ ।

वृत्रासुर राक्षस' नेपाली लोककथामा तन्द्राङतुङ्द्रुङ परेको ठाउँ र पानीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकमा नाग तन्द्राङतुङ्द्रुङ भएको स्थानमा बस्ने उल्लेख छ । लोकसमाजमा सर्पलाई नागका रूपमा पूजाआजा गर्ने प्रचलन ज्यादै पुरानो छ । हिन्दुहरूले सर्पलाई विषालु या शत्रुका रूपमा र मित्रका रूपमा नाग भनेर पूजाआजा गर्दछन् (खतिवडा, २०७४, पृ. ६१२) । मानिसले सर्पलाई मित्र र शत्रु दुवै मान्ने लोकविश्वास रहेको छ । त्यसै गरी महादेवले पानी पिएको हुँदा त्यस धारामा दैवीशक्ति भएका कारण धाराको पानी जाडोमा तातो र गर्मीमा चिसो हुने लोकधारणा रहेको छ ।

'सराद' नेपाली लोककथामा जमिनको असाधारण शक्तिसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसमा पितृले सपनामा बताएअनुसार छोराबुहारीले जमिनभित्र सुनका थैला र पैसा भेटेर सम्पन्नशाली भएका छन् । यस लोकविश्वासबाट असाधारण स्थानका कारण मानिसले अस्वाभाविक लाभ प्राप्त गर्ने अतिकल्पना रहेको प्रस्ट हुन्छ ।

माथि तालिकामा असाधारण शक्तियुक्त प्रकृति (ठाउँ, मौसम) सम्बन्धी लोकविश्वासमा व्यक्त भएका छन् । यी अनौठा प्रकृतिक ठाउँ र घटनाबाट मानिसलाई सहयोग पुगेको देखाइएको छ । यस्ता लोकविश्वासले लोककथालाई आश्चर्यजनक, रोचक र अपत्यारिला बनाएका छन् । यसरी असाधारण प्रकृतिको कल्पना गरी त्यस शक्तिको पूजा गर्ने कार्यलाई प्राकृतिक वस्तुको संरक्षण गर्ने आदिमकालीन उपाय मानिएको छ ।

## २.६ गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा शुभाशुभसम्बन्धी लोकविश्वास

मानिसले आफ्नो भविष्यका बारेमा चिन्ता गरी विभिन्न किसिमका अनुमान गर्ने हुनाले शुभाशुभमा विश्वास गर्छन् । लोककथामा शकुन र अपशकुन, सुस्वप्न र दुःस्वप्न, वरदान र आशीर्वाद, श्राप र श्रापमुक्ति, आङ्गिक क्रिया र शारीरिक चिह्न तथा भाग्य र भविष्यवाणीबाट शुभाशुभ फलको अनुमान गरिएको हुन्छ । लोककथामा प्राप्त शकुन, सुस्वप्न, वरदान र आशीर्वाद, श्रापमुक्ति र भाग्यमार्फत असल लक्षणको अनुमान गरिएको हुन्छ भने अपशकुन, दुःस्वप्न र श्रापबाट खराब लक्षणको अनुमान गरिएको हुन्छ । शारीरिक चिह्न, भाग्य र भविष्यवाणीबाट असल र खराब दुवै लक्षण प्राप्त हुने लोकविश्वास रहेको छ ।

कुनै कार्यको सुरुवातमा शकुन लक्षण देखिएका कार्यप्रति उत्प्रेरित भई काम सजिलै सम्पन्न हुने लोकप्रचलन छ भने अपशकुनले खराब लक्षण देखाउने हुँदा सचेत रहनुपर्ने लोकविश्वास छ । त्यस्तै मानिसले सपनामा देख्ने सङ्केतलाई शुभाशुभ लक्षणका रूपमा लिन्छन् । सुस्वप्नले मानिसको भविष्य सुखद रहने तर दुःस्वप्नबाट विघ्नबाधा आइपर्ने अनुमान गरिएको छ । त्यसै गरी अरूबाट प्राप्त हुने वरदान र आशीर्वादले भविष्यको शुभ सङ्केत गर्ने धारणा छ । वरदानमा शक्ति हुने भएकाले कुकर्मीलाई

वरदान दिन नहुने लोकमान्यता छ । श्रापले मानसिक असर पर्ने भएकाले अशुभ फल दिने लोकधारणा छ । श्रापमा परेर दुःख भोगिरहेका व्यक्ति र वस्तुलाई श्रापमुक्त गर्ने र त्यसपछि शुभफल प्राप्त हुने उपाय पनि समाजमा प्रचलित छन् । त्यसै गरी भाग्य आउने समयको चिन्तन हो भने भाग्यको घोषणा भविष्यवाणी हो । यिनले भविष्यमा हुने राम्रा र नराम्रा परिणामतर्फ सङ्केत गर्छन् । त्यस्तै मानिसले शरीरका विभिन्न अङ्ग र तिनका क्रियाकलापका आधारमा शुभ र अशुभ परिणामको अनुमान गर्दछन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित नेपाली लोककथामा शकुन र अपशकुन, सुस्वप्न र दुःस्वप्न, वरदान र आशीर्वाद, श्राप र श्रापमुक्ति, आङ्गिक क्रिया र शारीरिक चिह्न, भाग्य र भविष्यवाणीसम्बन्धी लोकविश्वास भएकाले तिनको क्रमैसित विश्लेषण गरिएको छ ।

### २.६.१ भाग्यसम्बन्धी लोकविश्वास

भाग्य पूर्वजन्ममा गरेका कार्यका आधारमा जीवात्माले भोग्नुपर्ने कर्मको फल हो । हिन्दु संस्कारअनुसार बालक जन्मेको छैटौँ दिनमा विधाताले भाग्य लेख्ने लोकविश्वास छ । छैटीका दिन भावीले भाग्य कोर्ने भन्दै रामप्रसाद जोशीले भनेका छन्- “भावीले जन्मेको छैटौँ दिनमा नै जातकको भाग्यरेखा कोर्ने भएकाले कापीकलम पनि त्यहाँ राखी यो संस्कार धुमधामसित मनाउनु नै उपयुक्त देखिन्छ” (जोशी, २०६८, पृ. ७२) । बालक जन्मेको छैटौँ दिन विधाताले भाग्य लेखिदिने विश्वासका साथ छैटी गरिएको हुन्छ । मानिसले अघिल्ला जन्ममा गरेका शुभ कर्मको फल शुभ नै हुने र अशुभ कर्मको फल नराम्रो हुने विश्वास भाग्यवादले गर्दछ । भाग्यवादी धारणा धर्म र संस्कृति नभएर लौकिक प्रथा हो (कोइराला, २०५६, पृ. १९६) । भाग्यले कर्म बलियो भई जीवनभर सुख पाउने र अभाग्यले कर्म खराब भई दुःख पाइने लोकधारणा रहेको छ । भाग्य बलियो हुनेको सबै काम सजिलै बन्ने, जीवनमा सुख पाउने र भाग्य कमजोर हुनेहरूले अपजस बेहोर्नुपर्ने लोकमान्यता छ । मानिसले जीवनमा विद्या, धनदौलत र ऐसआराम प्राप्त गरे भाग्यमानी र गरिब, दुःखी, दरिद्र भएमा भाग्यहीन भएको मान्दछन् । भाग्यहीनहरूको भाग्यमा धनसम्पत्ति र सुख नलेखिने लोकधारणा रहेको छ । तसर्थ मानिसको जीवनमा भाग्य र अभाग्यको चक्र चलिरहने लोकमान्यता छ ।

भाग्यसँग भावी र कर्म शब्द पनि जोडिएर आउँछन् । भावीलाई भविष्यमा हुने घटनाको संयोजन कर्ता मानिएको छ । लोकले भावीलाई महान् ईश्वर मान्दछ र बच्चा जन्मेको छ दिनमा भावीले निधारमा भाग्य लेखिदिने विश्वास गर्छ । भावीले लेखेको कुरा कुनै शक्ति र सामर्थ्यले परिवर्तन गर्न नसक्ने लोकविश्वास छ । प्रारब्धको कर्मबाट प्राप्त फललाई कर्मफल भनिन्छ । अघिल्ला जन्ममा सबैको भलो चिताएर निःस्वार्थ सेवा गर्नेहरूको भाग्य सधैँ बलियो हुने लोकविश्वास छ । खराब कर्म गर्ने, अरूलाई दुःख दिने, शास्त्र निषेधित कार्य पापकर्म हो । कुल, परम्परा र धर्म विपरीतका कार्य गर्नेले तिनको नकारात्मक परिणाम भोग्नुपर्ने लोकविश्वास छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित भाग्यसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.२३ : भाग्यसम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अल्छी | अर्तीउपदेश मान्नाले भाग्य परिवर्तन हुने |
| २ | गँगटो | गँगटाको लच्छिनले बुढाबुढीको भाग्यमा सप्रने |
| ३ | दाहिने बङ्गारो | लच्छिनले भाग्य चम्कने र अलच्छिनले भाग्य नाश हुने |
| ४ | भाग्य | भाग्यले साथ दिए सबै थोक सजिलै प्राप्त हुने |
| ५ | भावी | भावीले मानिसको भाग्य लेखिदिने र भावीले लेखेको कुरो टार्न नसकिने |
| ६ | मौका | भावी अदृश्य हुने, भावीले भाग्यको ढोका नै बन्द गरिदिने, भाग्य नहुनेले सम्पत्ति कमाउन नसक्ने र भाग्यमा लेखेको कुरा पत्तो पाउन सके फलिफाप हुने |
| ७ | विलासी राजा | विलासिताले भाग्य नासिने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा रहेका नेपाली लोककथामा भाग्य, भाग्यपरिवर्तन र भावीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । 'अल्छी' लोककथामा अर्तीउपदेशले भाग्य परिवर्तन हुने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत अल्छीले बुबाको निधनपछि मितबाबाट अर्तीउपदेश लिनु, मितबासँग अर्ती लिँदा उसको सबै जायजेथा सकिनु, सम्पत्ति केही नभएपछि ऊ भौतारिएर हिँड्नु, जोगीको लास फाल्ने मान्छे नभेटिनु, अल्छीले लास फाल्ने वचन दिनु, त्यसले जोगीका टाउकामा हिराका डल्ला भेट्नु, हिरा बेच्न दरबार पुग्नु, राजकुमारीले मन पराउनु, उनीसँग अल्छीको बिहे हुनु आदि घटनाक्रमको संयोजन गरिएको छ । अल्छीले अर्तीउपदेश मानेको हुँदा राजकुमारीसँग बिहे गरेर दरबारमा बस्न पाएको छ । यस लोकविश्वासमा मान्यजनले दिएका अर्तीउपदेश हितकारी हुने भएकाले तिनलाई भाग्योदयको सूचक मानिएको छ ।

'गँगटो' लोककथामा लच्छिनले भाग्य परिर्वतन हुने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत गरिब बुढाबुढीका घरमा गँगटो आउनु र बुढाबुढीको भाग्य बलियो हुने घटनाक्रमको संयोजन गरिएको छ । गँगटो लगनशील र लच्छिनको भएकोले ऊ राजकुमारीसँग बिहे गर्न सफल भएको छ । तसर्थ अन्य व्यक्ति र वस्तुमा भएको लच्छिनले समेत भाग्यमा परिवर्तन आउने लोकधारणा रहेको छ । यसबाट सत्सङ्गतका कारण मानिसले असल कर्म गर्ने भएकाले जीवनमा सकारात्मक परिवर्तन आउने शिक्षा प्राप्त हुन्छ ।

'दाहिने बङ्गारो' लोककथामा लच्छिन र अलच्छिनसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत घरको लच्छिन बाँसको पातमा हुनु, लच्छिनले त्यस घरमा प्रशस्त धनसम्पत्ति, नोकरचाकर र वस्तुभाउ हुनु, भिक्षाटनमा आएको जोगीले पात मागेर लैजानु, घरमा दरिद्रपन सुरु हुनु, मानिसलगायत वस्तुभाउ भोकै पर्नु, नोकरचाकरले घर छोडेर जानु आदि घटनाक्रमको संयोजन गरिएको छ । तसर्थ लच्छिनले सबै कुरा प्राप्त हुने र अलच्छिनले मानिसको भाग्य नासिने लोकविश्वास रहेको छ ।

'भाग्य' लोककथामा भाग्यसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत राजकुमारलाई सत्तलसिंह राजाकी छोरी विवाह गर्न जानु, जन्ती लिएर जाँदा पिसाबको खोलो बगाउने मानिस भेटिनु, त्यसले पिसाब गरेर जङ्गलको आगो निभाउनु, धेरै सामान अट्ने डोको बुन्ने डोके भेटिनु, भँगेराले सय मुरी कोदो र सय मुरी तोरी छुट्याइदिनु, राजकुमारीले चिताउने बित्तिकै हात्ती, घोडा उत्पत्ति हुनु आदि घटनाक्रमको संयोजन गरिएको छ । यी घटनामा भाग्यमा भए जसरी पनि प्राप्ति हुने लोकविश्वास रहेको छ । यसले मानिसलाई आत्मविश्वासी बनाएको छ ।

'भावी' लोककथामा भावीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत राजकुमार जन्मेको छैटौँ दिनमा राजाले भावीको बाटो कुरेर बस्नु, राजाले भावीसमक्ष राजकुमारको भाग्यका बारेमा जिज्ञासा राख्नु, भावीले सोह्र वर्षको हुँदा रुखमा झुन्डिएर राजकुमारको मृत्यु हुने बताउनु, राजाले बर्सेनी बगैँचा फाँड्न लगाउनु, राजा राजकाजमा व्यस्त हुनु, एउटा त्यान्द्रो बढेर रुख हुनु, सोह्र वर्ष पुग्दा दरबारको बगैँचाको रुखमा झुन्डिएर राजकुमारको मृत्यु हुनु आदि घटनाक्रमको संयोजन गरिएको छ । मानिस जन्मेको छैटौँ दिनमा ब्रह्माले आफ्ना दूत भावीलाई पठाएर भाग्य लेख्न लगाउने र उक्त जीव जीवनभर त्यही कर्मरेखाअनुसार चल्नुपर्ने लोकधारणा छ (पराजुली, २०७१, पृ. २०४) । भाग्यवाद र कर्मवादको घनिष्ठ सम्बन्ध रहेको छ । यस जन्ममा असल कर्म गर्दागर्दै पनि मानिस दुःखी हुने र खराब कर्म गर्दा पनि सुखी हुन्छन् किनकि मानिसको भाग्य पूर्वजन्मको कर्ममा आधारित हुन्छ (शर्मा, सन् २०१३, पृ. ६३७) । माथि उल्लिखित लोकविश्वासबाट आदिम मानिसले अचानक हुने वियोग, मृत्यु र त्यसबाट उत्पन्न हुने असह्य पीडालाई सहन र आफैँलाई सान्त्वना दिनका लागि भावीसम्बन्धी लोकधारणा बनाएको स्पष्ट हुन्छ ।

'मौका' लोककथामा भावी र भाग्यसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत दाजुभाइले अंशबन्डा गर्नु, जेठो र माइलाको प्रगति हुनु, कान्छाको आर्थिक अवस्था झन् खस्कनु, भाइले आफूलाई कमसल जमिन दिएको गुनासो गर्नु, दाजुहरूले अंश साटिदिनु, अझै पनि भाइको प्रगति नहुनु, भाइले भावीलाई पक्रनु, भावीले उसको भाग्य विदेशमा भएको बताइदिनु, ऊ विदेश गएर प्रशस्त सम्पत्ति कमाउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । माथिको लोकविश्वासमा भाग्य घरीघरी नआउने, भाग्य बदल्न मानिसले विभिन्न उपायको खोजी गर्नुपर्ने र अवसर छोड्न नहुने सन्देश रहेको छ ।

'विलासी राजा' लोककथामा विलासिताले भाग्य नासिने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत राजा शृङ्गारपटार गरेर दरबारभित्र नै बस्नु, जुलाहाहरूले राजासमक्ष अयोग्यले मात्र देख्ने हिरा जडित लुगा बनाउने प्रस्ताव लैजानु, राजा खुसी हुनु, राज्यको सम्पूर्ण सम्पत्ति खर्च गर्नु, जुलाहाले अयोग्यले मात्र देख्ने भन्दै राजालाई नाङ्गै सहर घुमाउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । यस लोकविश्वासबाट भोगविलासले व्यक्ति निष्क्रिय भई आर्थिक वैभव प्राप्त गर्न नसकेर भाग्य नासिने कुरा प्रस्ट हुन्छ ।

माथिको तालिकामा अर्तीउपदेशले भाग्यपरिर्वतन हुने, भावीले लेखेको भाग्य कसैले पनि टार्न नसक्ने, भाग्यले साथ दिएमा सबै कुरा सजिलै प्राप्त हुने र अधिक विलासिताले भाग्य नाश हुने लोकविश्वास व्यक्त भएका छन् । यिनमा मानिस जन्मेको छ दिनमा भावीले निधारमा भाग्य लेखिदिने र उक्त कुरा जीवनमा जसरी पनि पूरा हुने लोकधारणा व्यक्त भएको छ । यी लोकविश्वासमा मानिसले दुःख,

सुख, वियोग र पीडामा कार्यसफलताको जस र अपजस भाग्यलाई दिएर मानसिक तृप्ति लिने सन्देशको सम्प्रेषण गरिएको छ ।

### २.६.२ भविष्यवाणीसम्बन्धी लोकविश्वास

भविष्यवाणी आउने समयका बारेमा गरिने पूर्वघोषित वाणी हो । मानिसलाई पछि आउने समयका बारेमा चिन्ता र चासो भएकोले संसारभर भविष्यवाणीको चिन्तन रहेको छ (दिवस, २०३६, पृ. २२५) । मानिसमा आफ्नो भविष्य केकस्तो हुने र भविष्यमा दुःख वा सुख पाइने भन्ने चिन्तन भएकाले भविष्यवाणी गर्ने चलन छ । देवीदेवता, ज्योतिष, धामीझाँक्री, धार्मिक व्यक्तिहरूले गरेको भविष्यवाणी पूरा हुने लोकधारणा रहेको छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित नेपाली लोककथामा व्यक्त देवीदेवता तथा सिद्ध र ज्योतिषशास्त्रले बताउने भविष्यवाणीसम्बन्धी लोकविश्वास भएकाले तिनको क्रमशः विश्लेषण गरिएको छ ।

### २.६.२.१ ज्योतिषशास्त्रअनुसार गरिने भविष्यवाणीसम्बन्धी लोकविश्वास

*ज्योतिषशास्त्र* सौर्यमण्डलमा रहेका सूर्य, ग्रह, नक्षत्र आदिको पृथ्वीका चेतन र जडवस्तुमा केकस्तो प्रभाव रहन्छ भनी अध्ययन गर्ने शास्त्र हो । यसले ग्रह, नक्षत्र आदिको गति, स्थिति वा तिनका अनुसार हुने शुभाशुभ फलको विवेचना गर्दछ । *ज्योतिषशास्त्र*को मूल स्रोत *वेद* हो भने *वेद*का छ अङ्ग शिक्षा, कल्प, व्याकरण, छन्द, निरुक्त र *ज्योतिषशास्त्र* हुन् (खतिवडा, २०७४, पृ. ४२४) । *ज्योतिषशास्त्र*मा नौ ग्रह, बाह्र राशि, सत्ताइस नक्षत्र र सोह्र तिथिका गणितीय अध्ययनबाट भविष्यको फल बताइने भएको हुँदा यसलाई धर्म र विज्ञान दुवै मानिएको छ
(ढुङ्गाना, २०७३, पृ. ५६) । *ज्योतिषशास्त्र*लाई भविष्यको परिणाम बताउने कला भनिन्छ । *ज्योतिषशास्त्र*अनुसार जन्मकुन्डली, साइतबिसाइत, वास्तुदोष, भाग्य, भविष्य, शुभ र अशुभ, प्राकृतिक घटना, पूर्वजन्म र पुनर्जन्मसम्बन्धी शुभाशुभफलका बारेमा भविष्यवाणी गरिएको हुन्छ । कतिपय समुदायमा बच्चाको जन्म समयमा ग्रह, नक्षत्र आदिको स्थिति हेरेर जन्मकुन्डली बनाउने चलन छ । व्यक्तिले आफ्नो जन्मकुन्डली, हात र निधार आदि ज्योतिषीलाई देखाएर भविष्यका बारेमा जिज्ञासा राख्छन् । देवकार्य, पितृकार्य र शुभकार्यका लागि उपयुक्त साइत हेर्न र विभिन्न संस्कार सम्पन्न गर्न पनि ज्योतिष देखाउने चलन छ । नेपालीहरूको झुकाव भने भविष्यवाणी गराउने तथा ग्रहदशा हेर्ने, हेराउने र ग्रहशान्ति गराउनेमा रहेको देखिन्छ (खतिवडा, २०७४, पृ. ४२४) । ज्योतिषीले गर्ने भविष्यवाणीका आधारमा व्यक्ति उत्साहित, सजग र सचेत भई काम गर्ने लोकविश्वास छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित *ज्योतिषशास्त्र*अनुसार गरिने भविष्यवाणीसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.२४ : ज्योतिषशास्त्रअनुसार गरिने भविष्यवाणीसम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | ज्ञान | मान्छे जन्मेपछि ज्योतिष राखेर ग्रह, नक्षत्र हेर्नुपर्ने, बच्चा जन्मेपछि जन्म साइतअनुसार भविष्य निर्धारण हुने, मूल परेर जन्मेको मानिसले अरूलाई हानि पुऱ्याउने भविष्यवाणी गर्ने र ज्योतिषले प्राकृतिक घटनाका बारे भविष्यवाणी गर्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा 'ज्ञान' लोककथामा *ज्योतिषशास्त्र*अनुसार गरिने भविष्यवाणीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत बच्चा मूल परेर जन्मनु, मूल परेको बच्चाले बुबालाई हानि पुऱ्याउने विश्वासका कारण बुबा घर छोडेर हिँड्नु, छोरो ठुलो भएपछि *ज्योतिषशास्त्र* पढ्नु, छोरो आफ्नो पितालाई खोज्दै हिँड्नु, बुबा र छोराको भेट रुखको फेदमा हुनु तर परिचय नखुल्नु, बुबाले रुखमा चट्याङ पर्ने भएको हुँदा अन्यत्र जान आग्रह गर्नु, छोराले रुखको निश्चित हाँगामा मात्र चट्याङ पर्ने ठोकुवा गर्नु, छोराले भनेअनुसार नै रुखको हाँगामा मात्र चट्याङ पर्नु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । हिन्दु संस्कारबमोजिम बच्चा जन्मेको दश रात्रि गएपछि बच्चाको जन्मलग्न, जन्म नक्षत्र, जन्ममासको ख्याल गरी देवीदेवता र कुलदेवताको उपासना गर्दै वैदिक विधिपूर्वक नाम राखिन्छ ( पन्थी, २०७३, पृ. ४५) । ज्योतिषले बच्चाको जन्मसमयका ग्रह, नक्षत्र आदिको स्थिति ख्याल गरी भविष्यवाणी गर्दछन् । *ज्योतिषशास्त्र*अनुसार सत्ताइस नक्षत्रमा उन्नाइसौँ नक्षत्रलाई मूल मानिएको छ । मूल नक्षत्रमा ये, यो, भ, भी चार पाउमध्ये पहिलो पाउमा जन्मनेले पिताको, दोस्रो पाउमा जन्मनेले आमाको र तेस्रो पाउमा जन्मनेले धनको नाश गर्ने तथा चौथो पाउमा जन्मनेको मूल शान्तिमात्र गरे हुने ज्योतिषशास्त्रीय मान्यता छ (सापकोटा, २०४१, पृ. ३९-५६) । *ज्योतिषशास्त्र*अनुसार भविष्यका बारेमा अनुमान गर्ने लोकधारणा रहेको छ । 'ज्ञान' लोककथामा *ज्योतिषशास्त्र*अनुसार मानिसको मात्र नभएर प्राकृतिक घटनाका बारेमा पनि भविष्यवाणी गर्न सकिने लोकविश्वास रहेको छ ।

माथिको तालिकामा मानिसको जन्म समयमा ग्रह, नक्षत्र आदिको अवस्थाका कारण प्रभाव पर्ने, त्यसले भविष्यको शुभ र अशुभ फल बताउने र ज्योतिषले प्राकृतिक घटनाका सन्दर्भमा समेत भविष्यवाणी गर्ने लोकविश्वास रहेका छन् । प्रस्तुत लोकविश्वासबाट मानिसलाई आफ्नो भविष्यको चिन्ता र चासो हुने भएकाले ज्योतिषले गर्ने भविष्यवाणी र *ज्योतिषशास्त्र*मा गहिरो विश्वास रहेको प्रस्ट हुन्छ ।

### २.६.२.२ देवीदेवता र सिद्धले बताउने भविष्यवाणीसम्बन्धी लोकविश्वास

मानिसहरूले एउटा अदृश्य शक्तिले सृष्टि सञ्चालन गरेको ठानेर देवीदेवताको पूजा, आराधना गर्ने र देवस्थलको निर्माण गर्ने गर्छन् । ईश्वर, देवीदेवता, पितृ, कुलदेवताहरूमा दिव्यशक्ति हुने र तिनीहरू पृथ्वीभन्दा माथिल्ला लोकमा बसोबास गर्छन् भन्ने लोकधारणा छ । तिनले संसारको सृष्टि गरेकाले मानिसलाई दुःख, आपत्विपद्मा वरदान र आशीर्वाद दिन्छन् भन्ने लोकविश्वास रहेको छ । यिनीहरूले मानिसको भाग्यमा प्रभाव पार्ने लोकविश्वास रहेको प्रस्ट पार्दै मोतीलाल पराजुलीले भनेका छन्- "मानिसको भाग्य निर्धारण गर्ने, जीवन सञ्चालन गर्ने र अभ्युदय वा विनाशको रूपरेखा सञ्चालन गर्ने कार्यमा यिनीहरूको ठुलो प्रभाव रहन्छ भन्ने धार्मिक विश्वास रहेको छ" (पराजुली, २०७१, पृ. १८२) । मानिसको भविष्यमा देवीदेवताको प्रभाव रहने लोकमान्यता छ । यिनले सपना र भविष्यवाणीका माध्यमबाट मानिसको भविष्यका बारेमा सङ्केत गर्ने विश्वास लोकमा प्रचलित छ । तसर्थ सिद्ध, साधक, साधुसन्त, जोगी र योगी आदिले गरेको भविष्यवाणी पूरा हुने लोकधारणा छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित देवीदेवता र सिद्धले बताउने भविष्यवाणीसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.२५ : देवीदेवता र सिद्धले बताउने भविष्यवाणीसम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अकलामाई | देवीले सपनामा आएर आफ्नो मन्दिर बनाई पूजाआजा गरे सबैको भलो हुने भविष्यवाणी गर्ने |
| २ | बालन | कंसबाट जोगाउन कृष्णलाई गोकुल पुऱ्याउनुपर्ने र योगमायाले कंस मार्ने कृष्ण गोकुल पुगिसकेको भविष्यवाणी गर्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा रहेका नेपाली लोककथामा देवीदेवता र योगमायाले गरेका भविष्यवाणीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'अकलामाई' लोककथामा देवीले गरेको भविष्यवाणीसम्बन्धी लोकविश्वास रहेको छ । यसको कथानकअन्तर्गत काटेको रुख भुइँमा नझर्ने, सपनामा देवी आफू त्यस रुखमा बसेको बताउने र देवीले विधिपूर्वक पूजा गरिदिन आग्रह गर्ने घटनाक्रमको संयोजन गरिएको छ । यो लोकविश्वासबाट देवीदेवताले भविष्यवाणी गर्ने लोकमान्यता रहेको प्रस्ट हुन्छ । यी लोकविश्वासका कारण मानिसले जथाभावी रुख नकाट्ने भएकाले त्यस क्षेत्रको वनजङ्गलको संरक्षण गर्न मदत पुगेको हुन्छ ।

'बालन' लोककथामा आकाशवाणी गरिएका लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत कंसले देवकीको आठौँ गर्भ आफ्नो काल हुने आकाशवाणी सुन्नु, देवकी र वसुदेवलाई जेलमा राख्नु, आठौँ गर्भमा कृष्ण जन्मेकाले उनलाई गोकुल पुऱ्याउनुपर्ने आकाशवाणी हुनु, वसुदेवले कृष्णलाई गोकुलमा छाडेर योगमायालाई लिएर आउनु, कंसले योगमायालाई मार्न लाग्नु र उनी कंसको हातबाट फुत्किएर आकाशमा उडी कृष्ण गोकुल पुगिसकेको आकाशवाणी गर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । आकाशवाणी आकाशबाट बोलिने आवाज हो । हिन्दु धर्ममा आकाशगामी देवताहरूले अदृश्य रूपमा आकाशबाट दिने उपदेश तथा आदेशलाई आकाशवाणी भनिन्छ (खतिवडा, २०७४, पृ. ६९) । लोकसमाज आकाशबाट आउने देववाणी पूरा हुने लोकविश्वास छ । यस लोककथामा आकाशवाणीका कारण देवकी र वसुदेव जेलमा बस्नु परेको, कृष्णलाई जोगाउन गोकुल पुऱ्याउनु परेको अनि कंस र कृष्णको युद्ध भई कंस मारिएको छ । यी लोकविश्वासबाट आकाशवाणी देववाणी भएकाले पूरा हुने लोकमान्यता रहेको प्रस्ट हुन्छ ।

माथिको तालिकामा देवीदेवताले गरेका भविष्यवाणी पूरा हुने लोकविश्वास व्यक्त भएका छन् । यी लोकविश्वासबाट देवीदेवताले अन्याय र अत्याचार हटाई शान्तिकायम गर्न भविष्यवाणी गर्ने लोकधारणा रहेको स्पष्ट हुन्छ । मानिसले देवीदेवतामा विश्वास गर्ने भएकाले भविष्यवाणीलाई देवीदेवताको निर्देशनका रूपमा लिने लोकविश्वास रहेको छ ।

### २.६.३ वरदान र आशीर्वादसम्बन्धी लोकविश्वास

वरदान कार्यसिद्धि वा सफल जीवनका लागि देवीदेवता, ऋषि, गुरु, बुबाआमा, मान्यजन र आफूभन्दा ठुला व्यक्तिले गर्ने मङ्गलकामना हो । वरदान शब्द 'वर' र 'दान' दुई शब्दको मेलबाट बनेको छ । यहाँ 'वर' शब्दको अर्थ देवता, गुरुजन आदिसँग मागिने र उनीहरू प्रसन्न भएर दिने फल वा मनोरथसिद्धिको आशिष हो भने 'दान' को अर्थ दिनु हुन्छ । तसर्थ कोही व्यक्तिको प्रगति वा भलो चिताएर

दिइने शुभकामना नै वरदान हो । वरदाताले विद्या, धन, पुत्रपुत्री, पद, प्रतिष्ठा र मानसम्मान जस्ता इच्छाएका कुरा प्राप्त गर्ने वरदान दिन्छन् । वरदान एक किसिमको आध्यात्मिक विश्वास हो (पराजुली, २०७१, पृ. २०२) । वरदान पाउने मान्छे, सत्कर्म गर्ने, आरोग्य, शक्तिशाली, सामर्थ्यवान् र असाधारण कार्य गर्न सक्षम हुने लोकविश्वास छ । त्यसै गरी आशीर्वाद मान्यजनबाट आफूभन्दा कम उमेरका व्यक्तिको भलो चिताएर दिइने शुभवचन हो । देवीदेवताले भक्तलाई, गुरुले शिष्यलाई, बुबाआमाले सन्तानलाई, ऋषि, तपस्वी र सन्तले सामान्य व्यक्तिलाई आशीर्वाद दिने परम्परा पौराणिक कालदेखि नै प्रचलनमा छ । शुभकार्यको थालनी गर्दा भलो चाहने, श्रद्धावान्, मान्यजन, बुबाआमा र गुरुले आशीर्वाद दिने चलन छ । लोकसमाजमा देवीदेवताको पीठमा गई पूजाअर्चना र प्रार्थना गरी धार्मिक अनुष्ठानका माध्यमबाट पनि आशीर्वाद लिने गरिएको छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित वरदान र आशीर्वादसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.२६ : वरदान र आशीर्वादसम्बन्धी लोकविश्वासको सूची**

| **क.सं.** | **लोककथा** | **लोकविश्वास** |
|---|---|---|
| १ | गोरखनाथ | गोरखनाथको वरदानका प्रभावले पृथ्वीनारायण शाह सफल हुने |
| २ | पचभैया | पचभैयाले दिएको वरदानको शुभफल मिल्ने |
| ३ | मुक्तिक्षेत्र | माँसीता आसिताले मुक्तिनाथको दर्शन गर्नेले चिताएको पुग्ने र मुक्तिक्षेत्रको पानीमा नुहाउनाले पाप पखालिने आशीर्वाद दिने |
| ४ | वृत्रासुर राक्षस | महादेवले वरदान दिने र कुकर्मीलाई वरदान दिन नहुने |
| ५ | सेवा नै धर्म | यक्षले दिएको वरदानको शुभफल मिल्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा रहेका नेपाली लोककथामा गोरखनाथ, पचभैया, महादेव र यक्षले वरदान तथा माँसीता आसिताले आशीर्वाद दिएका लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'गोरखनाथ' लोककथामा गोरखनाथले पृथ्वीनारायण शाहलाई वरदान दिएको लोकविश्वास व्यक्त भएको छ । यसको कथाअन्तर्गत गोरखनाथले नागको साधना गर्नु, नाग बन्धनमा परेकाले पानी नपर्नु, मत्स्येन्द्रनाथलाई बोलाएर गोरखनाथलाई उठ्न बाध्य पार्नु, गोरखनाथ उपत्यकामा नबसी गोरखा पुग्नु, गोरखनाथको वरदानका प्रभावले पृथ्वीनारायण शाहले उपत्यका विजय गर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । राजा नरेन्द्रदेवले गोरखनाथले नौ नागको साधना गरेको थाहा पाएपछि कामाख्या पीठबाट मच्छिन्द्रनाथलाई बोलाएकाले गुरुलाई देखेर गोरखनाथ उठ्दा तपस्या भङ्ग भएको जनश्रुति छ (जोशी, २०३९, पृ. ८३) । आफूलाई उठाएकाले गोरखनाथ गोरखा पुगेर पृथ्वीनारायण शाहलाई वरदान दिए भन्ने लोकविश्वास छ । यो लोकविश्वासबाट सिद्ध, साधकले दिने वरदानले शुभफल मिल्ने लोकधारणा रहेको स्पष्ट हुन्छ ।

'पचभैया' लोककथामा पचभैयाले वरदान दिने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत एक वृद्धले पचभैया चढेको घोडाको पुच्छर समात्नु, पचभैया खुसी भएर वरदान दिनु, वरदानका प्रभावले बन्दीपुर सम्पन्न हुनु आदि घटनाक्रमको संयोजन गरिएको छ । पचभैयाको वरदान

पाएकाले बन्दीपुर व्यापारिक केन्द्र बन्न सकेको जनविश्वास छ । पचभैयामा दैविक शक्ति भएका कारण यसले दिएको वरदानको शुभफल मिल्ने लोकधारणा छ ।

'मुक्तिक्षेत्र' लोकथामा माँसीता आसिताले आशीर्वाद दिएका लोकविश्वास व्यक्त भएका छन् । यसको कथाअन्तर्गत माँसीता आसिता कैलास पर्वतबाट पानी लिएर मुक्तिनाथ आउनु, तिनीहरूले मुक्तिक्षेत्रमा जलको स्थापना गर्नु र मुक्तिक्षेत्रको दर्शन र स्नान गर्नाले चिताएको पूरा भई पापबाट मुक्त हुन आशीर्वाद दिनु आदि घटनाक्रमको संयोजन गरिएको छ । सिद्ध, साधकले दिइएका आशीर्वादले शुभ परिणाम दिने लोकविश्वास रहेको छ ।

'वृत्रासुर राक्षस' लोककथामा महादेवले वरदान दिने तर कुकर्मीलाई वरदान दिन नहुने लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत वृत्रासुर राक्षसले विधिपूर्वक महादेवको तपस्या गर्नु, महादेव प्रसन्न भई जसको टाउकाका हात राख्यो त्यही भस्म हुने वरदान दिनु, त्यसले उक्त वरदानको परीक्षण महादेवमाथि नै गर्न तम्सनु, महादेव भागेर पातालद्वारमा गई बस्नु र विष्णुले मोहिनी रूप लिई वृत्रासुरलाई भस्म गर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । हिन्दु धर्ममा तेत्तिस कोटी देवतामध्ये त्रिदेव ब्रह्मा, विष्णु र महादेवलाई मुख्य देवता मानिएको छ (सापकोटा, २०७२, पृ. ५५) । महादेवलाई मुख्य देवता मानिएको हुँदा उनले दिएको वरदान लाग्ने लोकविश्वास छ । यो लोकविश्वासबाट महादेवले दिएको वरदानको शुभ हुने र कुकर्मीलाई वरदान दिन नहुने शिक्षा प्राप्त हुन्छ ।

'सेवा नै धर्म' लोककथामा यक्षले वरदान दिने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत दिलीप राजाले गौसेवा गर्ने, यक्षले सिंहको रूप धारण गरी सुत्केरी गाईलाई आक्रमण गर्ने र दिलीप राजाले गाईको सट्टा आफ्नो भक्षण गर्न अनुरोध गर्ने घटनाक्रमको संयोजन गरिएको छ । विद्याधर, अप्सरा, यक्ष, रक्ष, गन्धर्व, किन्नर, पिशाच, गुह्यक, सिद्ध र भूतलाई देवयोनि मानिएको छ ( गौतम, २०७७, पृ. २०) । यक्षलाई देवजातिमा रहेको प्राणीविशेष मानिएको छ । उत्तर दिशाका दिक्पाल कुवेरगणका देवता यक्ष राक्षस जस्तो मानिए पनि मानिसका विरोधी भने हुँदैनथे (खतिवडा, २०७४, पृ. ९८१) । यक्षलाई राक्षस जस्तो तर मानिसलाई सहयोग गर्ने देवयोनि मानिएको छ । काठमाडौँको नेवार समुदायमा यक्षलाई महादेवले मात्र जन्माएको, हाडले बनेको सन्तान ख्याक र पार्वतीले जन्माएको मासुले मात्र बनेको सन्तान कबो भन्ने गरिन्छ । यी डाँका, राक्षस र चण्डाल हुन्छन् भन्ने विश्वास छ (दीप, २०५२, पृ. १०१) । लोकसमाजमा यक्षसम्बन्धी विभिन्न लोकधारणा छन् । यस लोककथामा यक्षले लिएको परीक्षामा सफल भएका दिलीप राजाले सदासर्वदा अमर रहने वरदान प्राप्त गरेका छन् । नेपाली समाजमा धर्म र अधर्मको कठोर प्रश्नलाई यक्ष प्रश्न भन्ने चलन छ ।

माथिको तालिकामा गोरखनाथ, पचभैया, महादेव र यक्षले वरदान तथा माँसीता आसिताले आशीर्वाद दिएका लोकविश्वास व्यक्त भएका छन् । यिनमा देवीदेवता, सिद्ध, साधक र गुरुले दिने वरदानको शुभफल हुने पाइएको छ । पचभैया र यक्ष देवयोनि मानिने हुँदा यिनले दिने वरदानबाट शुभपरिणाम मिल्ने लोकविश्वास छ । त्यस्तै कुकर्मीलाई वरदान दिँदा गलत ठाउँमा प्रयोग हुने भएकाले खराब व्यक्तिलाई वरदान दिन नहुने लोकविश्वास छ । यी लोकविश्वासमा व्यक्तिको भलो सोचेर दिइने वरदान र आशीर्वादले हौसला प्रदान गर्ने हुँदा शुभफल प्राप्त हुने सन्देशको सम्प्रेषण गरिएको छ ।

### २.६.४ शकुन र अपशकुनसम्बन्धी लोकविश्वास

लोकजीवनमा शकुन र अपशकुनका माध्यमबाट भविष्यको अनुमान वा अड्कल गरी सजग र सचेत रहने चलन छ । शकुन कुनै कामको थालनीमा देखिने शुभ र अपशकुन अशुभ लक्षण हो । शुभ सङ्केतले कार्य सिद्ध हुने, यात्रा मङ्गल हुने, विघ्नबाधा हटेर जाने भविष्यवाणी गर्दछन् भने अशुभ सङ्केतले काममा अप्ठ्यारो आइपर्ने, अमङ्गल हुने, झन्झट बेहोर्नुपर्ने अशुभ परिणामलाई बुझाउँछन् ( पराजुली, २०७१, पृ. १९७) । शकुनले कार्यको शुभ परिणाम बताउँछ भने अपशकुनले दुष्परिणाम भोग्नुपर्ने सङ्केत गर्छ । मानिसले शुभ र अशुभसम्बन्धी सङ्केत वातावरण, धर्म, संस्कृति, रीतिरिवाज र चालचलनका आधारमा निर्माण गरेको हुन्छ । यस्ता सङ्केतहरूले भविष्यमा राम्रो वा नराम्रो परिणामको लक्षण बताउने लोकविश्वास रहेको छ ।

कुनै कामको सुरुवातमा सकारात्मक सङ्केत देखिए मानिस उत्साहित भई कार्य गर्दछन् । यदि अशुभ सङ्केत देखिएमा आइपर्न सक्ने खतराको अनुमान गरी सजग र सचेत रहन्छन् । शकुन र अपशकुनलाई स्पष्ट पार्दै तुलसी दिवसले भनेका छन्- “शकुन विचारबाट व्यक्तिले आफ्नो भाग्य मात्र पत्ता लगाउँदै हुन सक्ने खतराको सङ्केत बुझेर बच्ने र बचाउने पनि गर्दछ” (दिवस, २०३६, पृ. २२६) । मानिसले विभिन्न व्यक्ति, वस्तु र अवस्थाबाट गरिने शुभ र अशुभ सङ्केतको लाक्षणिक भावबोध गरी खतराबाट जोगिने प्रयास गर्छन् । शुभाशुभ सङ्केतको विचार मानिसको बोली, व्यवहार, शारीरिक अवस्था, शारीरिक अङ्गको प्रतिक्रिया, घरपालुवा र जङ्गली जनावर तथा तिनका क्रियापकलाप, वनस्पति, जडवस्तुहरू, सपनामा देखिएका दृश्य र प्रकृति आदिका आधारमा गर्ने चलन छ । कुनै एक जातिले शकुन मानेको सङ्केत अर्को जाति र ठाउँमा अपशकुन हुन पनि सक्छ, जस्तै- ब्राह्मण, क्षत्री समाजमा कुचो ठडाएर राख्नु अशुभ हो भने नेवार समुदायमा कुचो ठडाउनु शुभ हो । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित शकुन र अपशकुनसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.२७ : शकुन र अपशकुनसम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | गँगटो | अरूको लच्छिनले पनि भाग्य सप्रने |
| २ | ज्ञान | मूल परेर जन्मेको बच्चा अपशकुन हुने |
| ३ | दाहिने बङ्गारो | मानिस लच्छिनले सम्पन्नशाली र अलच्छिनले दुःखी हुने |
| ४ | स्यालको बिहे | अलच्छिनीको विवाहमा प्रकृति अँध्यारो हुने र बेहुली अलच्छिनी भए घरमा नराम्रा घटना घट्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा रहेका नेपाली लोककथामा लच्छिनलाई शकुन र अलच्छिनलाई अपशकुन मानिएका लोकविश्वास व्यक्त भएका छन् । यहाँ ‘गँगटो’ लोककथामा लच्छिनसम्बन्धी लोकविश्वास रहेको छ । यसको कथानकअन्तर्गत बुढाबुढीले गँगटालाई छोराका रूपमा पाल्नु, उनीहरू गँगटो आएपछि धनी बन्नु, गँगटाका कारण बुढाबुढीको भाग्य परिवर्तन हुनु आदि घटनाक्रमको संयोजन गरिएको छ । प्रस्तुत

घटनाक्रममा गँगटालाई मानवीकरण गरिएको छ । यसरी अन्य व्यक्तिमा भएको लच्छिनले समेत शुभपरिणाम दिने र भाग्यमा परिवर्तन हुने लोकविश्वास रहेको छ ।

'ज्ञान' लोककथामा मूल परेर जन्मेको बच्चा अपशकुन हुने लोकविश्वास व्यक्त भएको छ । *ज्योतिषशास्त्र*अनुसार मूल ग्रहमा जन्मेको बच्चा अपशकुन हुने र त्यसले बुबाआमा, दाजुभाइ, धनसम्पत्तिमा नोक्सान पुऱ्याउने विश्वास छ । व्यावहारिक रूपमा मूल ग्रहमा जन्मेका व्यक्तिलाई मुल्याहा भनिन्छ (सापकोटा, २०४१, पृ. ५६) । मूल ग्रह शान्तिका लागि विभिन्न किसिमका पूजापाठ, यज्ञ, तीर्थ, व्रत र दान गर्ने लोकपरम्परा छ ।

'दाहिने बङ्गारो' लोककथामा लच्छिनले सम्पन्न र अलच्छिनले विपन्न हुने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत बाँसको पातमा घरको लच्छिन हुनु, भिक्षाटनमा आएको जोगीले उक्त पात माग्नु, पाठोले पात खाइदिनु, जोगीले पाठो काटेर भए पनि पात दिन भन्नु, मासु खाँदा घरमुलीको दाहिने बङ्गारामा पातको त्यान्द्रो अड्कनु, जोगीले त्यही बङ्गारो लैजानु, त्यस दिनदेखि घरमा अलच्छिन सुरु हुनु, कुकुर बिरालोले बङ्गारो फर्काएपछि पुनः घरमा लच्छिन आउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । यसरी लोकसमाजमा लच्छिनले मानिस धनी र अलच्छिनले गरिब हुने लोकविश्वास रहेको छ ।

'स्यालको बिहे' लोककथामा अलच्छिनसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत स्यालको विवाहमा प्रकृति अँध्यारो हुनु, केटी स्याल अलच्छिनकी मानिनु, बेहुली लिन जाँदा प्रकृति धुम्म पर्नु, बेहुलाको घरमा आउँदा उज्यालो हुनु र अलच्छिनीको घरबार नहुनु आदि घटनाक्रमको संयोजन गरिएको छ । यी घटनाक्रममा विवाहमा शकुन र अपशकुनका रूपमा केटी पात्रलाई मात्र हेरिएको छ । यस लोकविश्वासले त्यस क्षेत्रमा रहेको लैङ्गिक असमानताको चित्रण गरेको छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा जीवनमा घट्ने घटना र प्राकृतिक परिवर्तनलाई मानिससँग जोडेर शुभ र अशुभ मानिएको छ । यिनमा लच्छिनले सुखशान्ति दिने हुँदा शकुन र अलच्छिनीले दुःख पाउने भएकाले अपशकुन मानिएको छ । यी लोकविश्वासमा शकुनले शुभफल र अपशकुनले अशुभ फल बताउने लोकधारणा रहेको स्पष्ट हुन्छ ।

### २.६.५ सुस्वप्न र दुःस्वप्नसम्बन्धी लोकविश्वास

मानिस निदाएको समयमा हुने तस्बिर, शब्द र आवाजको अनुभव नै सपना हो । सपना जीवनका विविध घटनासँग सम्बन्धित हुन या नहुन सक्छन् । दिनभरका दृश्य र रातको समयमा सुत्नु अघि सोचेको विषय सपनाका रूपमा देखिने मनोविज्ञहरू बताउँछन् । सपनाको मनोवैज्ञानिक प्रभाव रहने हुनाले मानिसले यसलाई भविष्यको सूचक मान्छन् । मानिसलाई गहिरो रूपमा बुझ्नका लागि सपनाको व्याख्या गर्नुपर्छ (फ्रायड, सन्, १९५५, पृ. XXVII) । मानिसलाई भित्री रूपमा बुझ्नका लागि सपनाको अध्ययन गर्नुपर्ने धारणा रहेको छ । मानिसमा रहेका चेतन, अवचेतन र अचेतन मनोदशामध्ये अवचेतन मनका कुरा सपनामार्फत व्यक्त हुन्छन् (फ्रायड, सन् १९५५, पृ. ६१०) । फ्रायडले अवचेतन मनोदशालाई सपनाको माध्यम मानेका छन् । अचेतन मनोवैज्ञानिक गतिविधिको प्रत्यक्ष अभिव्यक्ति भएको हुनाले सपनाको विश्लेषण वैज्ञानिक रूपमा जायज हुन्छ (युङ्ग, सन् १९३३, पृ. २) । युङ्गले भने अचेतन मनोदशालाई सपनाको स्रोत मानेका छन् । हंसपुरे सुवेदी (२०५५) का अनुसार तुरुन्त फल मिल्ने सपना अन्यार्थ,

सपनामा देवीदेवता आएर भविष्यको सूचना दिन्छन् भने यथार्थ र गहिरो अनुभव र चिन्ताका कारणबाट देखिने सपनालाई अपार्थ हुन् (पृ. ३२) । सपनामा देखिने दृश्यका आधारमा शुभाशुभ फलको अनुमान गरिएको हुन्छ । कतिपय सपना जटिल हुने भएकाले जान्ने, बुझ्ने व्यक्ति, बुढाबुढी, गुरु, पुरोहित, धामीझाँक्री र ज्योतिषी आदिका मदतले अर्थ लगाउने चलन छ ।

बिरामी, मानसिक तनाव, शोकको अवस्था र दिउँसोको समयमा देखेको सपनाको अर्थ नहुने लोकविश्वास छ । सपनाहरू रातको प्रथम प्रहरमा देखिएमा एक वर्षमा, दोस्रो प्रहरमा देखिएमा आठ महिनामा, तेस्रो प्रहरमा देखिएमा दश दिनमा तथा अरुणोदयमा देखिएमा तत्काल फल दिने विश्वास गरिन्छ (पराजुली, २०७१, पृ. १९९) । सपना देखिने समयअनुसार त्यसको फल प्राप्त हुने लोकविश्वास रहेको छ । अशुभ सपना देखेमा आफूभन्दा बढी उमेरका व्यक्तिलाई भन्ने, फेरि निदाउने, देवीदेवताको स्मरण गर्ने, जप, ध्यान, स्नान गर्ने र असहायलाई दान दिँदा समेत अशुभ सपना निष्फल हुने लोकधारणा रहेको छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित सुस्वप्न र दुःस्वप्नसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.२८ : सुस्वप्न र दुःस्वप्नसम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अकलामाई | सपनामा देवीदेवता देख्दा शुभ हुने |
| २ | कुछब तेरङा | देवतालाई स्थानान्तरण गर्ने कार्य नराम्रो भएको सपनामा देख्ने |
| ३ | खछ्यो झोङ दरबार | सपनाका आधारमा राजा चुन्ने |
| ४ | सराद | सपनामा पितृले मुक्तिको मार्ग बताइदिने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा रहेका नेपाली लोककथामा सपनामा देवीदेवता, पितृ देखिनु र सपनाका आधारमा राजा चुन्ने लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'अकलामाई' लोककथामा सपनामा देवीदेवता देखिए शुभ हुने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत रुख काट्दा पनि भुइँमा नखस्नु, देवीले सपनामा आएर रुखमा आफू बसेको बताउनु, सपनामा देवीले आफ्नो पूजा गर्न भन्नु, मानिसले विधिपूर्वक देवीको पूजा गर्नु, उक्त पूजापछि काटेको रुख भुइँमा खस्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । यसरी देवीदेवता सपनामा आएर मानिसलाई अर्तीउपदेश दिनुलाई शुभ सपना मानिएको छ । दुर्गा, भवानी, काली, देवी आदि नामले पुकारिने आद्य शक्ति देवीलाई सपनामा देखियो भने मानिसको मनले चाहेको पूरा हुने विश्वास गरिन्छ (पौड्याल, २०७८, पृ. ३६६) । मानिसले आफ्नो र लोकहितका लागि दैवीशक्तिको पूजा गर्ने भएको हुँदा सपनामा देवीदेवता देखिनुलाई शुभ मान्ने लोकविश्वास रहेको छ ।

'कुछब तेरङा' लोककथामा देवतालाई स्थानान्तरण गर्नु नराम्रो कार्य भनी सपनामा सङ्केत हुने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत लामाहरूले कुछब तेरङा देवतालाई तिब्बत लैजान मुक्तिनाथसम्म पुऱ्याउनु र मुक्तिनाथमा लामाले सपना राम्रो छैन, देवता नलैजानू भनेकाले उनीहरूले त्यसलाई लगेकै स्थानमा छोड्ने घटनाक्रमको संयोजन गरिएको छ । यो लोकविश्वासबाट सपनाले भविष्यको अशुभ सङ्केत पनि गर्छ भन्ने स्पष्ट हुन्छ ।

'खछ्यो भ्होङ दरबार' लोककथामा सपनाका आधारमा राजा छान्ने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत एक जना वृद्धले त्यस बाटो हुँदै तीर्थाटनमा जाने व्यक्तिलाई राजा बनाउँदा उत्तम हुने सपना देख्नु, ती व्यक्ति सोही बाटो भएर तीर्थाटनमा आउनु, गाउँलेहरूले ती व्यक्तिलाई आफ्नो ठाउँको राजा बनिदिन अनुरोध गर्नु र ती व्यक्ति राजा बन्न मन्जुर हुने घटनाक्रमको संयोजन गरिएको छ । यसरी गाउँलेहरूले वयोवृद्धको सपनालाई आधार बनाएर तीर्थाटनमा आएका बौद्ध भिक्षुलाई ल्होमान्थाङको राजा बनाएका छन् । तसर्थ मानिसहरूले सपनामा विश्वास गरी सपनाअनुसार कार्य सम्पन्न गर्ने लोकविश्वास रहेको छ ।

'सराद' लोककथामा सपनामा पितृ देखिने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत पितृ भई सकेका ससुरा सपनामा आउनु, बुहारीलाई रातु गाई ल्याएर पाल्न भन्नु, गाई मरेपछि गाड्दा सुन, चाँदी पाइने बताउनु, सपनाअनुसार बुहारीले रातु गाई ल्याउनु, केही दिनमा गाई मर्नु, त्यसलाई गाड्ने खाल्टो खन्दा सुन, चाँदी र पैसा भेटिनु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । समाजमा पितृले सपनामा आएर जीवनमा सफल हुने बाटो देखाइदिने लोकधारणा रहेको छ । मृतक आफन्त सपनामा आएर मुक्तिको मार्ग बताइदिनुलाई शुभ सपना मान्ने लोकविश्वास छ ।

माथिको तालिकामा सपनाका आधारमा शुभाशुभ फलको अनुमान गरिएका लोकविश्वास व्यक्त भएका छन् । यहाँ देवीदेवता र पितृ सपनामा आएर मानवीय हितका लागि उपदेश दिएका छन् । सपनामा देवीदेवता र पितृ देखिनुलाई शुभ मानिएको छ । मानिसले सपनाका आधारमा देशको राजा छनोट गरेको लोकविश्वास प्राप्त भएको छ । सपना भविष्यसूचक हुने भएकाले यसका सङ्केतको ख्याल गर्न सके सम्भावित दुर्घटना र नोक्सानीबाट जोगिन सकिने कुरा माथिका लोकविश्वासबाट प्रस्ट हुन्छ ।

### २.६.६ आङ्गिक क्रिया र शारीरिक चिह्नसम्बन्धी लोकविश्वास

शरीरका अङ्ग, चिह्न, रेखा र अङ्ग स्फुरणको तरिका हेरेर शुभ, अशुभ, शकुन र अपशकुन आदिको निर्क्योल गर्ने चलन छ । मानिसको शरीरमा शिरदेखि पाउसम्म प्रत्येक अङ्गसम्बन्धी कुनै न कुनै मान्यतासँग सम्बन्धित लोकविश्वास रहेका छन् (उपाध्याय, सन् १९९१, पृ. १४७) । तसर्थ मानिसले शारीरिक अङ्ग र यिनको कार्य हेरेर भाग्यको अनुमान गर्दछन् । विभिन्न जाति, समुदाय र स्थानअनुसार शारीरिक अङ्ग र तिनका कार्यसम्बन्धी शुभाशुभ धारणा पनि फरकफरक हुन्छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित आङ्गिक क्रिया र शारीरिक चिह्नसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.२९ : आङ्गिक क्रिया र शारीरिक चिह्नसम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | गँगटो | कुरूप मानिसलाई छोरी दिन नहुने |
| २ | लामाको शक्ति | कैला आँखा, घुमेका पैताला अलच्छिन हुने र लामो कपाल हुने मानिस दुःखी हुने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा रहेका नेपाली लोककथामा कुरूप अनुहार, कैला आँखा, घुमेका पैताला र लामो कपाल अशुभ हुने लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'गँगटो' लोककथामा कुरूप मानिससम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार गँगटो कुरूप भएको हुँदा राजाले आफ्नी राजकुमारी दिन आनाकानी गरेका छन् । नमिलेको शारीरिक अङ्गलाई अशुभ मानिने भएकाले कुरूपलाई छोरी दिन नहुने लोकविश्वास छ । अमिल्दो शारीरिक संरचनाले परिश्रम गर्न कठिन हुने र त्यस्तो घरमा छोरीले दुःख पाउने हुँदा कुरूपलाई छोरी दिन नहुने लोकविश्वास प्रचलनमा रहेको छ ।

'लामाको शक्ति' लोककथामा कैला आँखा, घुमेका पैताला र लामो कपालसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअनुसार कैला आँखा, घुमेका पैताला र लामो केश भएकी बुढी अलच्छिनी मानिएको छ । नेपाली समाजमा कैला आँखा र रौँ तथा घुमेका पैताला भएका मानिसलाई अशुभ हुने र लामो कपाल हुने मानिस दुःखी हुने लोकधारणा रहेको छ (पराजुली, २०७१, पृ. २११-२१२) । त्यस्ता शारीरिक लक्षण भएका मानिस कुटिल हुने र अरूको कुभलो चिताउने भएकाले ती व्यक्तिसँग बिहेबारी गर्नु हुन्न भन्ने लोकविश्वास छ । यी लोकविश्वासबाट लोकसमाजमा कुरूप मानिसलाई हेला गर्ने मानवीय प्रवृत्ति रहेको स्पष्ट हुन्छ ।

माथिको तालिकामा व्यक्त लोकविश्वासमा अङ्गभङ्ग भएको, अनौठो शरीर, कैला आँखा, घुमेका पैताला र लामो केशलाई अशुभ मानिएको छ । यी लोकविश्वासले समाजमा शारीरिक रूपमा अशक्त, अरूभन्दा फरक र कुरूप मानिसलाई हेयको दृष्टिले हेरिने स्पष्ट पारेका छन् ।

### २.६.७ श्राप र श्रापमुक्तिसम्बन्धी लोकविश्वास

कसैसँग रिसाएर बोलिने अपमानजनक वचन वा अपशब्द, अपकार, अपमान आदिका बदलामा व्यक्तिको कुभलो चिताएर गरिने गाली नै श्राप हो । कसैप्रति रिस उठ्यो, उसका क्रियाकलापले चित्त दुख्यो वा आफूप्रति अन्याय भएको महसुस भयो भने श्राप दिने चलन छ । पौराणिक कथाहरूमा देवीदेवता रिसाएर व्यक्ति, वस्तु र जीवलाई श्राप दिएका उदाहरण छन् । विष्णुले जालन्धर पत्नी वृन्दाको पतिव्रता धर्म नष्ट गरिदिएपछि उनले विष्णुलाई झार, घाँस, कल्पवृक्ष र ढुङ्गो भएस् भनी सराप गरेका कारण विष्णु तुलसी, कुश, पिपल र शालिग्राम भएको पाइन्छ (बृहत् स्वस्थानी व्रतकथा, २०५८, पृ. १७५) । देवीदेवता र ऋषिले दिइएका श्रापले तुरुन्तै कार्य गर्ने लोकविश्वास छ । देवीदेवता र ऋषिहरूले अशान्ति, अन्यायको अन्त्य गर्न पनि श्राप दिएका छन् । देवीदेवता रिसाएमा र देवीदेवता, ऋषि तथा योगी आदिको अनादर गरेमा पनि श्राप पाइने लोकविश्वास छ । श्रापलाई आध्यात्मिक दण्ड मानिएको छ (पराजुली, २०७१, पृ. २०३) । श्रापले मनोवैज्ञानिक असर पार्ने भएकोले मानिस श्रापबाट मुक्त हुन चाहन्छन् । कुनै व्यक्ति र देवताले दिएको दुर्वचनबाट छुटकारा मिल्नु श्रापमुक्ति हो । श्रापबाट मुक्त हुनका लागि

देवीदेवताको पूजाआराधना, स्नान जप, तप, मन्त्रोच्चारण, तीर्थयात्रा र यज्ञ आदि गर्नुपर्ने लोकविश्वास छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित श्राप र श्रापमुक्तिसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.३० : श्राप र श्रापमुक्तिसम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | गँगटो | श्रापले गँगटो भएको मानिस श्रापमुक्त भई पुनः मानिस हुने |
| २ | दाहिने बङ्गारो | जोगीले दिएको श्राप लाग्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा रहेका नेपाली लोककथामा श्रापले जीव रूपान्तरण हुने, श्रापमुक्त हुने र जोगीले दिएको श्राप लाग्ने लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'गँगटो' लोककथामा श्रापका कारण गँगटो हुने र श्रापमुक्त भई मानिस बन्ने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत गँगटाले राजकुमारीसँग बिहे गर्नु, राजकुमारीले लोग्नेलाई दिनमा गँगटो र रातमा मानिसका रूपमा पाउनु, राजकुमारीले लोग्नेलाई पाखुरामा समात्नु, उसले आफू श्रापका कारण गँगटो भएको बताउनु, राजकुमारीले गोपीबाँसको मुरलीले हान्दा गँगटो मान्छे बन्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । नेपाली लोककथामा धर्मकर्म गर्नाले, निश्चित समय व्यतीत भएपछि, पूर्वस्मृतिबाट, टुनामुनाबाट, अभिमन्त्रित पानी वा रगत चढाउनाले, निश्चित व्यक्तिले स्पर्श गर्नाले, देवीदेवताको पूजा गर्नाले, बलि दिनाले श्रापमुक्त हुने प्रसङ्ग रहेका छन् (पराजुली, २०७१, पृ. २०३) । कसैले दिएको श्रापको असर पर्ने तर यसको प्रभाव सधैँभरि नरहने र त्यसबाट मुक्ति मिल्ने लोकधारणा रहेको स्पष्ट हुन्छ । श्रापले मानिसलाई मानसिक पीडा दिने भए पनि श्रापमुक्त भई सामान्य जीवनयापन गर्न सकिने लोकविश्वास रहेको छ ।

'दाहिने बङ्गारो' लोककथामा जोगीले श्राप दिने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत जोगीले बाँसको पातमा घरको लच्छिन देख्नु, उसले भिक्षामा सोही पात माग्नु र नदिए श्राप दिने धम्की दिनु, श्राप लाग्ने डरले पात जोगीलाई दिन राजी हुनु, पाठो फुकेर पात खाइदिनु, जोगीले पाठो काटेर भए पनि पात दिन आग्रह गर्नु, पाठो काटेर खाँदा पातको त्यान्द्रो घरमुलीको दाहिने बङ्गारोमा अल्झनु, जोगीले उक्त बङ्गारो लैजानु, त्यस दिनदेखि उक्त घरमा दरिद्रपन सुरु हुनु आदि घटनाक्रमको संयोजन गरिएको छ । जोगीले श्राप दिने धम्की देखाएर आफूले चाहेको वस्तु प्राप्त गरेको छ । जोगीको श्राप लाग्ने, त्यसले घरपरिवार र व्यक्तिको भविष्य अनिष्टकारी हुने लोकविश्वास भएकोले मानिस श्रापसँग डराउने गर्छन् ।

माथिको तालिकामा श्रापले जीव रूपान्तरण हुने र श्रापसँग मानिस डराएका लोकविश्वास व्यक्त भएका छन् । श्रापमा परेर गँगटो बनेको मानिस पुनः श्रापमुक्त भई मानिस नै बनेको छ । श्रापमुक्त हुने लोकविश्वासले मानिसलाई जीवनप्रति आशा जगाएको छ । जोगीले मानिसलाई आशीर्वाद र वरदान दिने भए पनि रिसाएको बेला श्राप दिने लोकविश्वास छ । जोगी धार्मिक व्यक्ति भएकाले यस्ता व्यक्तिले दुर्वाच्य बोल्दा त्यसले नकारात्मक मनोविज्ञान निर्माण गर्ने भएकाले जोगीले दिएको श्राप लाग्ने विश्वास गरिएको हो । यी लोकविश्वासमा अरूलाई चिढाउने, दुःख दिने र अहित हुने कार्य गर्नु हुँदैन भन्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

## २.७ गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा जादु र तन्त्रमन्त्रसम्बन्धी लोकविश्वास

लोकमा मानिसले अभ्यास र साधनाका माध्यमद्वारा सिद्धि प्राप्त गरी आश्चर्य लाग्दा र अनौठा कार्य गर्छन् भन्ने विश्वास प्रचलित छ । साधक र साधिकाहरूले जादु र टुनामुना गरेर असम्भव ठानिएका कुरालाई सम्भव जस्तो तुल्याउने, मन्त्रबल तथा साधनाबाट रहस्यमूलक काम गरी परिस्थितिलाई आफ्नो अनुकूल बनाउँछन् भन्ने लोकमान्यता छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित नेपाली लोककथामा जादुशक्ति, तन्त्रमन्त्र, योग र सिद्धि, जादुका वस्तु, मोहनी (टुनामुना) र झारफुक तथा लोकोपचारसम्बन्धी लोकविश्वास रहेकाले तिनको क्रमशः विश्लेषण गरिएको छ ।

### २.७.१ जादुको शक्तिसम्बन्धी लोकविश्वास

जादु असम्भव र आश्चर्यजनक कुरालाई गोप्य तरिकाले सम्भव जस्तो देखाउने कला हो । जादुगरले तन्त्रमन्त्रमार्फत आश्चर्यजनक कार्य गर्छन् भन्ने मान्यता छ । *अथर्ववेद*मा जादुलाई 'यातुविद्या' भनिएको छ । जादु सकारात्मक र नकारात्मक दुई किसिमको हुन्छ । सकारात्मक जादुमा साधकले आफ्नो कल्याणको कामना गर्दछ भने नकारात्मक जादुमा शत्रुको विद्रोहप्रति अभिशापपूर्ण मन्त्रको प्रयोग हुन्छ ( उपाध्याय, सन् २००९, पृ. २१७-२१९) । प्राचीनकालदेखि जादुविद्या असल र खराब कार्यका लागि प्रयोग हुँदै आएको छ । प्राचीन समयमा तन्त्रमन्त्रद्वारा आश्चर्य लाग्दा कार्यहरू भए पनि हिजोआज जादुलाई पेसा मान्छन् । शक्तिशाली जादुगरले आत्मा वा शक्तिलाई पनि आफ्नो अधीनमा राख्न सक्छ (बर्न, सन् १९१४, पृ. १३४) । जादुगरले जादुशक्तिमार्फत आत्मा र सम्पूर्ण शक्तिलाई आफ्नो वशमा राख्न सक्ने विश्वास रहेको छ । प्रेतात्मा आदिलाई रिझाउने, मन्साउने विधिविधान एवम् तान्त्रिक अनुष्ठान नै जादु हो (प्रभात, २०७४, पृ. १७३) । जादु शक्तिले प्रेतात्मालाई समेत आफ्नो अधीनमा राख्न सकिने धारणा रहेको छ । तसर्थ जादुको शक्ति प्रयोग गरेर दृश्य र अदृश्य शक्तिलाई आफ्नो वशमा राखी चमत्कृत कार्य गर्ने अतिकल्पना लोककथामा छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित जादुको शक्तिसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.३१ : जादुको शक्तिसम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | लामाको शक्ति | जादुगर्नी बुढीले मानिसलाई मानसिक रूपमा विक्षिप्त बनाउने, गाईवस्तु मारिदिने, घर भत्काइदिने, पहिरो निम्त्याउने, मानिस उत्पत्ति गर्न सक्ने, मान्छेलाई बिरालो बनाउने, पिपलको रुखलाई सुत्ने र उठ्ने बनाउने र खप्परलाई बोल्न लगाउने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा जादुगर्नी बुढीमा जादुशक्ति हुने लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'लामाको शक्ति' लोककथामा जादुको शक्तिसम्बन्धी लोकविश्वास प्राप्त भएका छन् । यसमा गाउँलेसँग रिस उठेपछि जादुगर्नी बुढीले मानिसलाई विक्षिप्त पार्ने, गाईवस्तु मार्नु, घर भत्काइदिनु, गाउँमा पहिरो निम्त्याउनु, मानिसलाई बिरालो बनाउनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । यस लोककथामा जादुगर्नी बुढीले नकारात्मक जादुको प्रयोग गरी गाउँलेहरूसँग बदला लिएकी छ ।

यसरी जादुको शक्ति प्रयोग गरेर प्राकृतिक घटना, मानिस, पशुप्राणी, वृक्षवनस्पति र पदार्थलाई आफ्नो वशमा राख्न सक्छन् भन्ने आदिम चिन्तन रहेको छ ।

माथिको तालिकामा समाविष्ट जादुको शक्तिसँग सम्बन्धित लोकविश्वासमा जादुगर्नीले मन्त्र शक्तिको साधना गरी जादुशक्ति आर्जन गर्ने र त्यसको प्रयोगले असम्भव मानिएका कार्य गर्ने लोकधारणा रहेको स्पष्ट हुन्छ । प्रस्तुत लोकविश्वासले जादुको ज्ञान प्राप्त व्यक्तिले अद्‌भुत शक्तिको प्रयोग गरी आफ्नो फाइदाका लागि कार्य गर्ने, रिस उठेको मानिसलाई हानि पुऱ्याउने हुँदा व्यक्तिको आनीबानी र स्वभाव विचार गरेर मात्र व्यवहार गर्नुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

## २.७.२ तन्त्रमन्त्र, योग र सिद्धिसम्बन्धी लोकविश्वास

तन्त्रमन्त्र रोग निराकरणका प्राचीन विधि मानिएका छन् । तन्त्र देवीदेवताको उपासना गर्ने पूरानो विद्या हो । लोकव्यवहारमा तन्त्रबाट देवीदेवताको पूजा, आराधना गरी रहस्मय र चमत्कृत शक्ति प्राप्त हुने विश्वास छ । उनीहरूबाट असाधारण शक्ति प्राप्त गर्नका लागि जपिने शब्द वा वाक्य नै मन्त्र हुन् । *वेद*का ऋचालाई मन्त्र मानेर देवीदेवताको उपासना गर्दा मन्त्रोच्चारण  गरिन्छ । मन्त्रको कार्यलाई स्पष्ट पार्दै शीतल गिरीले भनेका छन्- "मन्त्रको सोझो सम्बन्ध वर्णसँग छ र वर्णबाट बनेको शब्द हाम्रो मनको गहिराइसम्म पुगेर हामीलाई कहिले एकान्तमा र कहिले मौन क्षेत्रमा पुऱ्याउँछ भने कहिले नयाँ ऊर्जा एवं नयाँ सोच दिने गर्दछ" (गिरी, २०७३, पृ. ४-१२) । मन्त्रले मनको गहिराइसम्म पुगेर हौसला प्रदान गर्ने विश्वास गरिएको छ । तान्त्रिक साधनामा मन्त्र अनिवार्य मानिएको छ । व्यक्ति, परिवार वा समाजमा रहेका मानसिक एवम् शारीरिक रोग अर्थात् अशान्तिलाई हटाउन सस्वर एवम् साउतीको रूपमा भनिने वा फलाकिने मन्त्र हुन् भने मन्त्रको प्रयोगका क्रममा गरिने व्यावहारिक विधि तन्त्र हुन् (न्यौपाने, २०७५, पृ. ८२) ।  तन्त्रमन्त्रको संयुक्त अभ्यासबाट रोगको उपचार गर्ने लोकपरम्परा रहेको छ ।

योगको अर्थ जोड्नु वा मिलाउनु भन्ने हुन्छ । योग चित्तलाई ईश्वरमा लीन गराउने साधना हो । स्वामी चन्द्रेश (२०७४) का अनुसार मनलाई नियममा राख्ने अनुशासन र पद्धति नै योग हो (पृ. ३) । मनुष्य काम, क्रोध, लोभ, मोह, रिस र ईर्ष्याका कारण सधैँ चिन्तामा रहने हुँदा मनको चञ्चल वृत्तिलाई रोक्ने काम योगले गर्छ । उद्धवप्रसाद भट्टराईले योगलाई परिभाषित गर्दै भनेका छन्- "मन र इन्द्रियहरूलाई सांसारिक विषयदेखि हटाई परमार्थ विषयतर्फ पूर्णरूपेणमा उन्मुख गराउने साधनको नाम योग हो" ( भट्टराई, २०७५, पृ. ५३-५७) । योगले मनमा रहेको अशान्तिलाई समाप्त गरी शान्त बनाई शुद्ध वृत्तिको स्थापना गर्छ । त्यसै गरी योग र तपस्याबाट प्राप्त अलौकिक शक्तिलाई सिद्धि भनिन्छ । समाजमा तन्त्रमन्त्र, योग, साधना र सिद्धिका माध्यमबाट जादुशक्ति प्रदर्शन गर्ने लोकविश्वास छ । लोककथामा तन्त्रमन्त्र र जादुको प्रयोग गरेर असम्भवलाई सम्भव बनाइएका अनौठा, रोचक घटना, पात्र र परिवेश छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित तन्त्रमन्त्र, योग र सिद्धिसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.३२ : तन्त्रमन्त्र, योग र सिद्धिसम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | गोरखनाथ | गोरखनाथले तपस्या बलबाट नागलाई आफ्नो अधीनमा राख्ने र गोरखनाथको ध्यान भङ्ग भई नागहरू फुत्कदा पानी पर्ने |

| | | |
|---|---|---|
| २ | फागुपूर्णिमा | बुद्धले तपस्या र साधनाका माध्यमबाट बुद्धत्व प्राप्त गर्ने |
| ३ | लामाको शक्ति | लामाले तन्त्र शक्तिका कारण सुँघेरै समस्या पत्ता लगाउने, तान्त्रिक शक्तिको प्रयोग गरी मानिस र जनावरलाई वशमा राख्ने |
| ४ | संसार | पद्मासनमा बसेको मान्छे धेरै दिनसम्म मरे जिउँदो थाहा नहुने र योगासनबाट आत्मिक शान्ति मिल्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा तपस्या, ध्यान, साधना, तान्त्रिक शक्ति र पद्मासनसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'गोरखनाथ' लोककथामा तपस्यासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसमा गोरखनाथ तपस्यामा लीन भई नागहरूलाई आफ्नो अधीनमा राखेको हुँदा उपत्यकामा पानी नपरेर हाहाकार मच्चिन्छ । यसरी गोरखनाथमा नागलाई वशमा राख्न सक्ने विशेष शक्ति प्राप्त भएको घटनाबाट तपस्या र साधनाका कारण शक्ति प्राप्त हुने लोकधारणा रहेको प्रस्ट हुन्छ ।

'फागुपूर्णिमा' लोककथामा तपस्या र साधनासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । लामो समयसम्म कष्ट सही लक्ष्यप्राप्तिका लागि नियमपूर्वक देवीदेवताको ध्यान, पूजापाठ गरी निष्ठामा बस्ने कार्य नै साधना हो । दरबार त्याग गरेका गौतम बुद्धले धेरै वर्षसम्म कठिन तपस्या गरी बुद्धत्व प्राप्त गरेको अनुश्रुति छ । यो लोकविश्वासमा मानिसलाई साधनाले लक्ष्यप्रति एकाग्र हुन प्रेरित गर्ने भएकोले त्यसबाट विशेष ज्ञान प्राप्त गर्न सकिने शिक्षा रहेको छ ।

'लामाको शक्ति' लोककथामा तान्त्रिक शक्तिसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यस लोककथामा लामाले आफ्नो तान्त्रिक शक्तिको प्रयोग गरी जादुगर्नी महिला, जादुको शक्ति भएको बिरालो र अन्य मानिसलाई आफ्नो अधीनमा राखेको छ । जादुगर्नी महिलाको दुष्कर्मलाई लामाले तन्त्रमन्त्रको प्रयोग गरी रोकेको छ । समाजमा लामाले त्यस्ता दुष्तत्त्वलाई तन्त्रबलमार्फत निस्तेज पार्न सक्छन् भन्ने लोकविश्वास रहेको छ । माथिका लोकविश्वासमा लामाले तन्त्रशक्तिको प्रयोग गरी देवीदेवता, भूतप्रेत र मानिसका बिचमा रहेर मध्यस्थकर्ता भई काम गर्ने लोकधारणा रहेको प्रस्ट हुन्छ ।

'संसार' लोककथामा पद्मासनसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसमा पद्मासनमा बसेको युवक तीन, चार दिनसम्म नउठ्नु, ऊ मरे, जिउँदो केही थाहा नहुनु, परिवारले डाक्टरलाई देखाउँदा कुनै उपचार नहुन, त्यस समयमा एउटा योगी आउनु, योगीले परिवारका मानिसले बुटी खाए युवक बाँच्ने आश्वासन दिनु, बुटीका माध्यमबाट युवकलाई बिउँझाउनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । पद्मासन दुवै पैताला तिघ्रामाथि पर्ने गरी पलेँटी मारेर बस्दा खुट्टाका कुर्कच्चाहरू नाभितिर टाँसिएका र घुँडाले जमिनलाई छुने एकप्रकारको आसन हो । पद्मासनले मानिसलाई शान्ति दिने भन्दै धर्म महारसले भनेका छन्- "पद्मासनले शारीरिक र मानसिक स्थिरताबाट शान्ति प्राप्त गर्न सकिन्छ । श्वास धीम हुन्छ, रक्तचाप घट्छ, खुट्टाहरूमा रक्तप्रवाह मन्द भइदिन्छ, आमाशयलाई रक्त आपूर्ति हुनाले जठराग्नि तीव्र हुन्छ र भोक बढ्छ । सर्व रोगव्याधि विनाश हुन्छ । मन शान्त बन्दछ" (धर्म महारस, २०६५, पृ. २६४) । पद्मासनमा बस्दा शारीरिक शक्ति बढ्ने, मानसिक शान्ति प्राप्त हुने र मनको

चुलबुल्याइँ रोकिने लोकविश्वास छ । यसमा व्यक्त लोकविश्वासले पद्मासनमा बसेका मानिस धेरै समय ध्यानमा बस्न सक्ने कुरालाई पुष्टि गर्छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा योग, ध्यान र तपस्याबाट सिद्धि प्राप्त गरी मानिस, पशुप्राणी र प्रकृतिलाई वशमा राख्न सकिने लोकधारणा व्यक्त भएको छ । यस्तो साधनाबाट जादुकर्म गरी चमत्कारी कार्य गर्न सकिने लोकविश्वास छ । यी लोकविश्वासमा योग, ध्यान र तपस्याबाट सिद्धि प्राप्त हुने र आत्मज्ञान पाइने सन्देशको सम्प्रेषण गरिएको छ ।  रहेको छ ।

### २.७.३ झारफुक तथा लोकोपचारसम्बन्धी लोकविश्वास

झारफुक मन्त्रको प्रयोग गरी खरानी, पानी, कुचो आदि साधनले बिरामीको शरीर स्पर्श गर्दै उपचार गर्ने परम्परागत पद्धति हो । लोकसमाजमा नाडी विचार गर्ने, आखत हेर्ने र लागोभागो खुट्याइ फुकफाक गर्ने परम्परालाई झारफुक भनिन्छ । यसमा विभिन्न प्रकारका तन्त्रमन्त्रको प्रयोग गरी बिरामी मानिस, गाईवस्तु, बोटबिरुवा र माटो आदिको उपचार गरिन्छ । लोकसमाजले प्राचीन कालदेखि खेतबारी, भिरपाखा र वनजङ्गल आदि ठाउँमा पाइने बोटबिरुवालाई औषधोपचार लागि प्रयोग गर्दै आएको छ । नेपाली समाजमा प्राचीन कालदेखि नै झार, रुखपात, लहरा, जलचर, स्थलचर तथा उभयचर जीवजन्तुको हड्डी, छाला तथा शरीरका विभिन्न अङ्गप्रत्यङ्ग र तिनको विष्ठासमेत घरेलु औषधीका रूपमा प्रयोग गर्ने परम्परा छ (पौडेल, २०७४, पृ. ११७) । यी औषधीसम्बन्धी ज्ञान बुढापाका, गुरु, पुरोहित, धामीझाँक्री र महिलाहरूलाई हुने हुँदा उनीहरूले नै औषधोपचार गर्दछन् । समाजमा रहेको जडिबुटीको ज्ञानलाई स्पष्ट पार्दै द्रोणकुमार पौडेलले भनेका छन्- “धामी, झाँक्री, बिजुवा र गुभाजुहरूका अतिरिक्त लोकसमाजमा महिलाहरूमा जडिबुटीको अत्यधिक ज्ञान रहेको पाइन्छ” (पौडेल, २०७४, पृ.  ११६) । यसरी बुढापाका, धामीझाँक्री र महिलामा लोकऔषधीका बारेमा विशेष ज्ञान रहने धारणा छ । लोकले जीवजन्तुका विभिन्न अङ्गप्रत्यङ्ग र वनस्पतिका जरा, बोक्रा, पात, फल, लहरा आदिलाई लोकोपचारमा प्रयोग गर्दै आएको छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित झारफुक तथा लोकोपचारसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.३३ : झारफुक तथा लोकोपचारसम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | नायक साहेब | पुरोहित, धामीझाँक्रीले नायक लागे वा नलागेको आखत हेरेर छुट्याउने |
| २ | भुते बिरौटो | मन्तरेको पानी खाँदा सजिलै बच्चा जन्मने |
| ३ | राजकुमार दिक्पाल | जोगीले दिएको बुटी खाँदा राजकुमार दिक्पालको जन्म हुने |
| ४ | संसार | बुटीले मरेको मानिसलाई बिउँताउन सक्ने र योगीले बुटी सजिलै पचाउने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा पुरोहित, धामीझाँक्री, योगी, आखत र बुटीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ ‘नायक साहेब’ नेपाली लोककथामा आखतसम्बन्धी लोकविश्वास

व्यक्त भएको छ । यसमा पैंयुकोटका राजा नायक साहेबले बारुदखानामा आगो लगाई जलेर मर्नु, मानिसको शरीरमा पोलेका जस्ता घाउखटिरा आएमा नायक लागेको ठान्नु, नायक लागे वा नलागेको आखत हेरेर थाहा पाउनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । बिरामी व्यक्तिलाई नायक लागे या नलागेको धामीझाँक्री र अन्य झारफुके व्यक्तिले आखत हेरेर निर्क्योल गर्छन् । आखत हेरकोर गर्ने परम्परागत विधि हो । लोकसमाजमा अनुभवले खारिएका लामा-धाँमी, झाक्री वा अन्य झारफुकेहरूले आखत हेर्न गर्छन् । यिनीहरूले बिरामी अगाडि भएको अवस्थामा आफैं आखत छुवाएर वा अर्काले छुवाएको आखत हेरेर पनि जे देखियो त्यो भन्ने र निर्देशन दिई उपचार गर्दछन् (न्यौपाने, २०७५, पृ. ८७) । लोकव्यवहारमा परम्परादेखि नै आखत हेरेर उपचार गर्ने चलन रहेको छ । आखत हेर्दा काँसको थालीमा एक मुठी अक्षता राखेर त्यसलाई केही माथि फ्याँक्दा तल झरेका अक्षता कति जोडिएका छन् वा कति अलग छन् भन्ने आधारमा केको दोष हो भन्ने पत्ता लगाइन्छ (भट्टराई, २०७९, पृ. २९) । आखत हेर्दा नायक लागेको पक्का भएमा नायकलाई जौ, कुश, तिल, चामल राखेर पानी पार्ने र परेवा दिएर पूजा गर्ने चलन रहेको छ ।

'भुते बिरौटो' लोककथामा मन्तरेको पानीसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार कालु अर्यालले भुतेनीलाई पानी मन्तरेर दिएपछि त्यसले सजिलै बच्चा जन्माएकी छ । लोकव्यवहारमा लामा, धामीझाँक्री, पुरोहित, पण्डित र ज्योतिष आदिले तन्त्रमन्त्र र झारफुकका माध्यमबाट रोगीको उपचार गर्ने प्रचलन रहेको छ । लोकोपचारमा संलग्न व्यक्तिहरूले आफ्नो पद्धतिअनुसार गाईको चोखो घिउ, अमिलो, तुलसी पत्र खरानी, अन्य वस्तु वा जडीबुटी प्रयोग गर्दछन् ( खत्री, २०७५, पृ. ३९४) । लोकोपचारका विज्ञ व्यक्तिले गाउँघरमा पाइने वस्तुहरूको प्रयोग गरेर नै रोगीको उपचार गर्ने लोकधारणा रहेको छ । 'भुते बिरौटो' लोककथामा मन्त्रको प्रभावले भुतेनीले बच्चा जन्माएकी छ । यसरी तन्त्रमन्त्रको प्रभाव मानिसमा मात्र नभएर अन्य काल्पनिक जीवमा समेत पर्ने लोकधारणा रहेको छ ।

'राजकुमार दिक्पाल' लोककथामा बुटीसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसमा जोगीले सन्तानहीन रानीले दिएको भिक्षा नलिनु, त्यसले रानीलाई सन्तान हुने बुटी दिनु र बुटीका कारण राजकुमार दिक्पालको जन्म हुनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । बुटी औषधीका रूपमा प्रयोग गरिने वनस्पतिजन्य पदार्थ हो । बुटीको निर्माण गर्दा तन्त्रमन्त्रको पनि प्रयोग गरिएको हुन्छ । धामी दधिराम पाठकका अनुसार एक्लेवीर, महावीर, कस्तुरी, विन्द, जटामसी, भूतकेश, नौ सागरको फिँज, कछुवा र बाँदरको हड्डीजस्ता सामग्रीहरूबाट बुटी बनाइन्छ । विशेष गरी श्रीप्राप्ति, रोग पीडा निवारण र शत्रु नलागुन् भन्ने उद्देश्यले बुटी बाँध्ने चलन छ (सापकोटा, २०७९, पृ. १३७) । लोकले प्राचीन समयदेखि नै विभिन्न बुटीलाई औषधीका रूपमा प्रयोग गर्दै आएको छ । आयुर्वेद विज्ञानलाई यसैको विकसित रूप मानिन्छ । यस लोकविश्वासमा फुकफाक गरी जडिबुटी सेवन गर्नाले निःसन्तानले सन्तान प्राप्त गर्ने लोकधारणा रहेको छ ।

'संसार' लोककथामा बुटीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यस कथामा बुटी खाएपछि मरिन्छ भन्ने डरले युवकका आमाबुबा र श्रीमती बुटी खान तयार हुँदैनन् । त्यसपछि योगीले बुटी आफैं खान्छ । योगीमा तान्त्रिक शक्ति हुने हुँदा बुटी पचाउन सक्ने क्षमता हुने विश्वास छ । बुटीमा विशेष शक्ति

हुने भएकाले सिद्धि प्राप्त व्यक्तिले बुटीबाट सजिलै कार्य सम्पन्न गर्न सक्ने लोकविश्वास रहेको छ । यी लोकविश्वासमा झारफुक र मन्त्रले रोग निको हुने लोकधारणा रहेको स्पष्ट हुन्छ ।

माथिको तालिकामा योगी, जोगी र पुरोहित आदिले तन्त्रमन्त्र र झारफुकका माध्यमबाट उपचार गर्ने लोकविश्वास व्यक्त भएका छन् । यी लोकविश्वासमा झारफुकको प्रभाव मानिसमा मात्र नभएर अन्य प्राणीमा समेत पर्ने लोकधारणा छ । गाउँघरका करेसाबारी, खेतबारी, भिरपाखा र वनजङ्गलमा पाइने जडिबुटीले विभिन्न रोग निको हुने हुँदा तिनलाई औषधीका रूपमा प्रयोग गर्ने चलन छ । यी लोकविश्वासबाट योगी, जोगी, धामीझाँक्री, झारफुक र जडिबुटीप्रति मानिसको गहिरो आस्था रहेको स्पष्ट हुन्छ ।

## २.७.४ मोहनी (टुनामुना) सम्बन्धी लोकविश्वास

मोहनी विविध तान्त्रिक साधनाद्वारा अरूलाई मोहित पारी आफ्नो वशमा राख्ने विद्या हो । मोहनी विद्याको परिभाषा दिँदै हंसपुरे सुवेदीले भनेका छन्- “लोकमा अरूलाई वशमा पार्ने, आफूप्रति आकर्षित गर्ने विशेष प्रकारको विद्यालाई ‘मोहिनी’ भनिएको छ र यस मन्त्रको प्रयोग गर्नुलाई मोहिनी लगाउनु भन्ने चलन छ” (सुवेदी, २०५५, पृ. ८२) । तन्त्रमन्त्रको प्रयोग गरेर अरूलाई आफूतिर आकर्षित गर्नु नै मोहिनी लगाउनु हो । मोहनी तन्त्रमन्त्र र जादुसँग बढी नजिक रहेको छ । मोहनी लगाउने कार्यलाई सम्मोहन गर्ने पनि भनिन्छ । सम्मोहन शुद्ध मन र वचनले ईश्वरीय शक्तिको साधना गरी प्राप्त गर्ने कठिनसाध्य विद्या हो र यो अध्यात्मवादसँग नजिक रहेको छ (अमोघसिद्धि, २०६४, पृ. ४४) । सम्मोहनबाट ईश्वरीय शक्ति प्राप्त भई अरूलाई मोहित पारेर आफ्नो वशमा राख्न सकिने धारणा रहेको छ । लोकसमाजमा मोहनीसँगै ‘टुनामुना’ शब्दको पनि प्रयोग हुन्छ । लोकव्यवहारमा मोहिनी तथा टुनामुनालाई क्षुद्रविद्या र अभिचारका रूपमा लिइएको छ (सुवेदी, २०५५, पृ. ८३) । मोहिनी (टुनामुना) लाई अभिचार मानिए पनि सिद्धि प्राप्त तान्त्रिकहरूले यसको प्रयोगबाट विभिन्न किसिममा रोग निको पार्ने लोकविश्वास रहेको छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित मोहनी (टुनामुना) सम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा अभिव्यक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.३४ : मोहनी (टुनामुना) सम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | लामाको शक्ति | जादुगर्नी बुढीले तन्त्रशक्तिको प्रयोग गरेर मानिस, पशुप्राणी, वनस्पति र पदार्थलाई टुनामुना गर्न सक्ने, त्यसले टुनामुना गरेर मानिसलाई बिरालोमा रूपान्तरण गर्ने, जादुगर्नीले लुगाफाटो, कपाल र नङमा टुनामुना गर्ने, टुनामुना गरिएका सामग्री बिरालोमार्फत मझेरीमा गाडिदिने तथा लामाले कालो मास, खरानी र चामललाई फुकफाक गरी टुनामुना फर्काउने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएको नेपाली लोककथामा जादुगर्नीले टुनामुना गर्ने र लामाले टुनामुना फर्काउने लोकविश्वास व्यक्त भएका छन् । यसमा जादुगर्नी बुढीले मन्त्रशक्तिबाट टुनामुना गरेर मानिसलाई बिरालोमा रूपान्तरण गर्नु, उसले मानिसका लुगाफाटो, कपाल र नङमा टुनामुना गर्नु, बुढीको सहायक

बिरालोले ती वस्तुलाई लगेर मझेरीमा राखिदिनु, मानिसहरू विक्षिप्त बन्नु, लामाले कालो मास, खरानी र चामललाई विशेष मन्त्रले फुकेर बिरालो, मानिस र जादुगर्नीलाई टुनामुक्त गराउनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । यहाँ जादुगर्नीले टुनामुना शक्तिको प्रयोग गरेर मानिसलाई विक्षिप्त बनाएकी छ भने लामाले तन्त्रबलमार्फत बिरालो, मानिस र जादुगर्नी बुढीलाई टुनामुना मुक्त गराएको छ । यी लोकविश्वासमा टुनामुना सकारात्मक र नकारात्मक दुवै कार्यमा प्रयोग भएको छ । लामाले तान्त्रिक प्रक्रियाबाट टुनामुनाको शक्तिलाई नष्ट गर्ने आशावादी दृष्टिकोण लोकसमाजमा छ । कपाल, नङ र लुगाका टुक्रामा टुनामुना हुने लोकविश्वासले यी वस्तु जथाभावी फाल्न नहुने लोकधारणा रहेको छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा जादुशक्ति भएका मानिसले मानिस, जनावर, वस्तु र प्रकृतिलाई टुनामुना गरेर आफ्नो अधीनमा राख्ने लोकधारणा रहेको छ । यहाँ टुनामुना सकारात्मक र नकारात्मक दुवै अवस्थामा प्रयोग भएको छ । दुष्टात्माले टुनामुनाको प्रयोग गरेर मानिस, पशुप्राणी, वनस्पति र पदार्थलाई दुःख दिएका छन् भने लामाले त्यही शक्तिको प्रयोग गरी टुनाशक्तिको असर परेका मानिस, पशुप्राणी, वनस्पति, वस्तु र प्रकृतिलाई मुक्त गराएको छ । यसरी लोकसमाजमा जादु, टुनामुनासम्बन्धी गहिरो प्रभाव रहेको र तिनलाई सामूहिक सत्यका रूपमा स्विकारिएको छ ।

### २.७.५ जादुका वस्तुसम्बन्धी लोकविश्वास

लोककथामा जादुगरले विशेष शक्तियुक्त वस्तुहरूको प्रयोग गरी चमत्कारी ढङ्गले परिस्थितिलाई आफ्नो वशमा पार्ने घटना हुन्छन् । नेपाली लोककथामा खिरपाक ताउली, लट्ठी, कसौडी, औँठी, उड्ने खाट, मुरली, गोपीबाँस, चामल, खरानी र कालो मास आदिको प्रयोग गरिएको छ । सार्लट सोफिया बर्न ( सन् १९१४) का अनुसार जादुगरले व्यक्तिको नाम, छाया, पुतला र चित्रलाई समेत वास्तविक अंशको रूपमा व्यवहार गर्दछन् (पृ. १४१) । जादुका वस्तुमार्फत जादुगरले चमत्कारी कार्य गर्ने लोकविश्वास छ । लोककथामा आउने यस्ता साधनले मानिसलाई समस्याबाट उम्काएका छन् । जादुका वस्तुमा असाधारण शक्ति हुने कुरालाई प्रस्ट पार्दै मोतीलाल पराजुलीले भनेका छन्- “जादु वा जादुका वस्तुद्वारा प्राकृतिक तत्त्वमाथि विजय प्राप्त गरेका वा असाधारण शक्ति प्रदर्शन गरेका कार्यहरू नेपाली लोककथामा छन्” ( पराजुली, २०७१, पृ. ४७८) । नेपाली लोककथामा जादुका वस्तुद्वारा मानिस, पशुप्राणी र प्रकृतिलाई वशमा पारेका आश्चर्यमूलक घटना छन् । लोककथामा जादुका वस्तु, तन्त्रमन्त्र, साधना र सिद्धिका कारण वस्तु र मानिस एकअर्कामा रूपान्तरण भएका घटना पाइएका छन् । कुनै वस्तु एक रूपबाट अर्को रूपमा र एक अवस्थाबाट अर्को अवस्थामा पुग्नु नै रूपान्तरण हो । लोककथामा मानिस-मानिसमा, मानिस-पशुमा, पशु-मानिसमा, मानिस-वस्तुमा तथा वस्तु विविध रूपमा रूपान्तरण भएका रोचक घटना रहेका छन् (पराजुली, २०७१, पृ. १७८) । जादुका वस्तुका कारण प्राणी तथा वस्तुहरू एकआपसमा रूपान्तरण हुने लोकधारणा रहेको छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित जादुका वस्तुसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.३५ : जादुका वस्तुसम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | गँगटो | गोपीबाँसको मुरलीले हान्दा गँगटो मानिस बन्ने |
| २ | लामाको शक्ति | जादुगर्नी बुढीले कपाल भुइँमा छुवाउँदा मानिस उत्पत्ति हुने, लामाले कालो मास, खरानी र चामल मन्तरेर फाल्दा जादुगर्नी बुढी कालो छायामा रूपान्तरण हुने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा गोपीबाँसको मुरली, कपाल, मास, खरानी र चामलसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'गँगटो' लोककथामा गोपीबाँसको मुरलीसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार राजकुमारीले आफ्नो लोग्नेलाई गोपीबाँसले हान्दा ऊ मानिसमा रूपान्तरण भएको छ । गोपीबाँस बाँसुरी तथा मुरली बनाउन प्रयोग गरिने सानो र पातलो किसिमको बाँस हो । यहाँ गँगटाकी श्रीमतीले तन्त्रमन्त्रमा सिद्धि प्राप्त नगरे पनि गोपीबाँसमा भएको विशेष शक्ति भने प्रयोग गरेकी छ । त्यही गोपीबाँसको विशेष शक्तिका कारण गँगटो मानिसमा रूपान्तरण भएको छ । यस लोकविश्वासमा वस्तुमा रहेको विशेष शक्तिले व्यक्ति र वस्तु रूपान्तरण हुने लोकधारणालाई प्रस्ट पारेको छ ।

'लामाको शक्ति' लोककथामा कपाल, मास, खरानी र चामलसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसमा जादुगर्नी बुढीले कपाल भुइँमा छुवाउँदा मानिस उत्पत्ति हुनु र लामाले कालो मास, खरानी र चामल मन्तरेर फाल्दा जादुगर्नी बुढी कालो छायामा रूपान्तरण हुनु आदि घटनाक्रमको संयोजन गरिएको छ । बुढीको कपालमा भुइँलाई छुँदा मान्छे निस्कने विशेष शक्ति रहेको छ । लामाले कालो मास, खरानी र चामललाई विशेष मन्त्रले फुकेर फाल्दा जादुगर्नी बुढी छायामा रूपान्तरण भएकी छ । यी लोकविश्वासले जादुमय शक्ति प्राप्त व्यक्तिमा विभिन्न वस्तुको प्रयोग गरेर अद्भुत र असम्भव कार्य गर्ने तथा प्राणी र वस्तुलाई रूपान्तरण गर्ने शक्ति रहेको प्रस्ट हुन्छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा गोपीबाँस, कालो मास, खरानी, चामल र कपाललाई जादुगर्नीले प्रयोग गर्ने लोकधारणा व्यक्त भएको छ । यी वस्तुहरू गाउँघरमा सजिलै प्राप्त गर्न सकिन्छ । यी लोकविश्वासबाट जादु, तन्त्रसाधनामा सिद्धि प्राप्त नगर्ने सामान्य मानिसले पनि विशेष परिस्थितिमा शक्तिशाली जादुका साधन चलाउन सक्ने लोकविश्वास रहेको स्पष्ट हुन्छ । लोककथामा आउने जादुका वस्तुसम्बन्धी अतिकाल्पनिक लोकविश्वासले मानिसलाई मनोरञ्जन, साहस र हौसला प्रदान गर्नाका साथै लोककथालाई कौतूहलपूर्ण बनाएका हुन्छन् ।

## २.८ गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा निषेधसम्बन्धी लोकविश्वास

निषेधको अर्थ बन्देज वा प्रतिबन्ध हो । कुनै समुदाय र समाजका मूल्यमान्यता र संस्कारले गर्न नहुने भनेर तोकिएका नीतिनियम र मूल्यमान्यता नै निषेध हुन् । निषेध घर, परिवार, समाज, धर्मकर्म, धार्मिक अनुष्ठान जहाँ पनि आचरणका रूपमा पालना गर्नुपर्ने हुन्छ । यस्ता निषेधंहरू आमाबुबा, गुरु, धर्मशास्त्र, संस्कार र संस्कृतिबाट निर्देशित हुन्छन् । निषेधको मुख्य उद्देश्य सामाजिक सुव्यवस्था कायम गरी नैतिकवान् र चरित्रवान् व्यक्तित्व निर्माण गर्नु हो । यदि कसैले निषेधको पालना नगरेमा व्यक्ति,

परिवार र समाजले अनिष्ट भोग्नुपर्ने, शारीरिक र मानसिक पीडा बेहोर्नुपर्ने लोकविश्वास रहेका छन् (दिवस, २०३६, पृ. २३३) । निषेधित कार्य दण्डनीय हुने हुँदा त्यस्ता कर्म गर्ने व्यक्तिले सामाजिक बहिष्कारसमेत भोग्नुपर्छ । निषेधले मानिसलाई मनोवैज्ञानिक तहबाट सत्कर्म गर्न प्रेरित गर्छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित नेपाली लोककथामा वस्तु र क्रिया (खानपान, दृष्टि, बोलाइ, स्पर्श, हिँडाइ र यौन), धर्म र संस्कार तथा सामाजिक सम्बन्ध निषेध विषयक लोकविश्वास भएकाले तिनीहरूको क्रमशः विश्लेषण गरिएको छ ।

### २.८.१ वस्तु र क्रियासम्बन्धी निषेध

लोकसमाजमा मानिसले प्रयोग गर्ने विभिन्न वस्तु र मानवीय क्रियाकलापमा निषेध गरिएका लोकविश्वास प्रचलनमा रहेका छन्, तिनले व्यक्तिको सामाजिक र वैयक्तिक जीवनमा प्रभाव पारेका हुन्छन् । समाजमा मानिसले दैनिक जीवनमा प्रयोग गर्ने खाद्यवस्तु, घरायसी साधन, खेतीपाती र व्यावसायिक कार्यमा प्रयोग हुने औजार तथा मानिसको लवाइ, खवाइ, बोलाइ, हेराइ तथा स्पर्श आदि विविध वस्तु र क्रियामा आधारित निषेधसँग सम्बन्धित लोकविश्वास प्रचलित छन् । गण्डकी प्रदेशबाट सङ्कलित नेपाली लोककथामा खानपान, दृष्टि, बोलाइ, स्पर्श र यौन निषेधसँग सम्बन्धित लोकविश्वास भएकाले तिनको क्रमशः विशेषण गरिएको छ ।

#### २.८.१.१ बोलाइ निषेध

लोकसमाजमा बोलीमा संयम अपनाई अरूलाई हानि नपुग्ने गरी बोल्नुपर्ने संस्कार रहेको छ । आफूले प्रतिक्रिया दिनुपर्ने विषयमा मात्र बोल्नाले व्यक्ति र समाज दुवैलाई फाइदा हुन्छ । नेपाली समाजमा निश्चित समयमा निश्चित व्यक्तिसँग बोल्न निषेध गरिएको छ (पराजुली, २०७१, पृ. ४६५) । समाजमा निश्चित समयमा निश्चित व्यक्तिसँग बोल्नु हुँदैन भन्ने लोकधारणा छ । लोककथामा मौन व्रतमा बोल्न निषेध, पूजा र प्रार्थनामा बोल्न निषेध, अनुपयोगी काममा बोल्न निषेध र गोप्य कुरा भन्न निषेधसम्बन्धी लोकविश्वास रहेका छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित बोलाइ निषेधसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.३६ : बोलाइ निषेधसम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अल्छी | राजालाई ढाँट्न निषेध, श्रीमतीलाई गोप्य कुरा खोल्न निषेध र सार्वजनिक ठाउँमा गोप्य कुरा खोल्न निषेध गरिएको |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा रहेको लोककथामा राजालाई ढाँट्न, श्रीमती र सार्वजनिक ठाउँमा गोप्य कुरा खोल्न निषेध गरिएका लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत मितबाले अल्छीलाई राजा ढाँट्न नहुने अर्ती दिनु, अल्छीले राजाको मयूर चोरेर ल्याउनु, श्रीमतीलाई कसैलाई नभन्न आग्रह गर्नु, कुखुरो काटेर मासु खानु, श्रीमतीले पँधेर्नीसँग राजाको मयूर खाएको बताउनु, लोग्ने पक्राउ पर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । राजतन्त्रात्मक मुलुकमा राजालाई राष्ट्रको सर्वोच्च व्यक्ति मान्ने

प्रचलन छ । पौराणिक कालदेखि नै धार्मिक, सांस्कृतिक सवालमा राजाले धर्मगुरु, साधुसन्तसँग परार्मश गरी अन्तिम निर्णय गर्ने र त्यो सबैलाई मान्य हुने तथा हिन्दु धर्ममा देव र पितृकार्यमा राजालाई देवतासरह भाग लगाउने प्रचलन छ (भट्टराई, २०७५) । यसरी राजालाई देवतुल्य मान्ने लोकधारणा भएको हुँदा उनलाई ढाँट्नु ठुलो अपराध मानिएको छ । मानिसले गोप्य राख्नुपर्ने कुरा नजिकका व्यक्ति र सार्वजनिक ठाउँमा भन्नाले रहस्य खुल्ने र त्यसले व्यक्तिलाई हानि गर्ने लोकविश्वास रहेको छ ।

माथिको तालिकामा राजालाई ढाँट्न र गोप्य कुरा खोल्न निषेध गरिएका लोकविश्वास रहेका छन् । राजामा ईश्वरीय शक्ति हुने विश्वास गरिएकाले राजा ढाँट्नु, भगवान् ढाँट्नुसरह मानिएको छ । यी लोकविश्वासमा आफ्ना गोप्य कुरा नजिकका व्यक्ति वा सार्वजनिक ठाउँमा अरूलाई खोल्दा अपमानित भइने हुँदा रहस्य खोल्न निषेध गरिएको छ ।

### २.८.१.२ खानपान निषेध

समाजमा जातीय समुदाय, धर्म, संस्कृति र संस्कारअनुसार खानपानको व्यवस्था गरिएको छ । कतिपय खानपान जातीय परम्पराअनुसार निषिद्ध छन् । निषेधित खानेकुरा कहाँ, कहिले, कसरी खानु हुँदैन र खाएमा त्यसले कस्तो असर पार्छ भन्ने लोकधारणा रहेको छ । निषिद्ध खानेकुरा खाँदा त्यसको असर र प्रभाव निषेध भङ्ग गर्ने व्यक्तिमा मात्र सीमित नभई सन्तान, दरसन्तान र पुनर्जन्ममा समेत पर्ने सङ्केत पाइन्छ (दिवस, २०३९, पृ. २३४) । निषेधित खानेकुरा खाँदा त्यसले व्यक्ति, परिवार र समाजलाई असर गर्ने तथा देवता रिसाउने लोकमान्यता छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित खानपान निषेधसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.३७ : खानपान निषेधसम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | बदला | ज्वाइँलाई ससुरालीमा ढिँडो खान निषेध गरिएको |
| २ | माछा | माछा खान निषेध गरिएको |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा रहेका लोककथामा ढिँडो र माछा खान निषेध गरिएका लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'बदला' लोककथामा ढिँडो खान निषेध गरिएको लोकविश्वास रहेको छ । हाम्रो समाजमा ज्वाइँ ज्यादै सम्मानित नाता मानिएको छ । ससुरालीमा ज्वाइँलाई गर्ने व्यवहारले छोरीको घर हुने र नहुने लोकविश्वास रहेकाले ज्वाइँलाई ज्यादा सम्मान गरिएको हुन्छ । परम्परादेखि ढिँडोलाई ज्यादै तुच्छ खाना मानिएको हुँदा सम्मानित व्यक्तिलाई त्यस्तो खानेकुरा दिनु हुँदैन भन्ने लोकविश्वास रहेको छ ।

'माछा' लोककथामा माछा खान निषेध गरिएको लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत माछालाई आमा र छोराको रूप मानेर माछा खान नहुने लोकविश्वास रहेको छ । *गरुङ*

*पुराण*मा माछालाई विष्णुको रूप भनिएको छ (वशिष्ठ, २०६६, पृ. ८५) । माछालाई विष्णुको अवतार मानिने हुँदा माछा खान नहुने लोकविश्वास रहेको छ ।

माथिको तालिकामा सम्मानित व्यक्तिलाई तुच्छ खाना दिन नहुने र खोलानालामा आधारित भएर जीविकोपार्जन गर्ने कतिपय समुदायमा माछा खान निषेध गरिएका लोकविश्वास व्यक्त भएका छन् । यी लोकविश्वासमा खानेकुरा शरीरसँग मात्र नभएर जीवनशैली, सामाजिक प्रतिष्ठा र संस्कारसँग जोडिने हुँदा विचार गरेर खानुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

### २.८.१.३ दृष्टि निषेध

दृष्टिको अर्थ नजर वा हेराइ हो । कुनै वस्तुको अवलोकन र उद्देश्यपूर्ण विचार वा रायलाई पनि दृष्टि भनिन्छ । लोकधारणाअनुसार दृष्टिले आँखा लाग्नुलाई बुझाउँछ । मानिसले मनैदेखि इच्छा राखी कुनै वस्तु हेऱ्यो भने त्यसको प्रभाव पर्ने लोकमान्यता छ । व्यक्तिको नजरमा प्रभाव पार्न सक्ने शक्ति रहेको कुरालाई प्रस्ट पार्दै हंसपुरे सुवेदीले भनेका छन्-

> मनोवैज्ञानिकहरू विश्लेषण गर्छन् दृष्टिदोष विशिष्ट अवस्थामा विशिष्ट अर्थात् दृष्टिदोषी व्यक्तिहरूको दृष्टिमा मात्र पाइने विशेष तत्त्व होइन, दृष्टिद्वारा असर गर्ने वा प्रभावित पार्ने हरेक व्यक्तिको नजरमा हुन्छ, तर त्यसको प्रभावकारिता कम विशेष मात्र हो, अनि सत् असत् मात्रको फरक हो । ( सुवेदी, २०५५, पृ. ७८)

मनोविश्लेषकको मतअनुसार सबैको दृष्टिमा प्रभाव पार्न सक्ने शक्ति हुन्छ । कुदृष्टिको भावना उत्पत्ति हुनुको कारण भने अपूर्ण इच्छा, लालच, द्वेष, डाह गर्ने प्रवृत्ति वा ईर्ष्याको भावनालाई मानिएको छ (उपाध्याय, सन् १९९१, पृ. ३६४-३६६) । सत् विचार राख्ने र शुभ चाहनेको दृष्टि प्रभावले असर नगर्ने र खराब विचार राख्नेको दृष्टिदोष लाग्ने लोकधारणा रहेको  छ । खराब दृष्टिदोषको प्रभाव मान्छेमा मात्र नभएर गाईवस्तु, बालीनाली, बोटबिरुवा, फलफूलमा समेत पर्ने लोकमान्यता छ । कृष्णदेव उपाध्याय (सन् १९९१) का विचारमा दृष्टिदोष निवारणका लागि बच्चालाई गाजल लगाइदिने, दुईओटा नाम राख्ने, छोरालाई छोरी जस्तो र छोरीलाई छोरा जस्तो पहिरन लगाइदिने तथा विकलाङ्ग शरीरमा दृष्टिदोष लाग्दैन भन्ने लोकविश्वास रहेको छ  (पृ. ३६५-३६६) । समाजमा दृष्टिदोषका प्रभाव कम गर्ने उपायहरू पनि प्रचलित छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित दृष्टि निषेधसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.३८ : दृष्टि निषेधसम्बन्धी लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अल्छी | राजकुमारीले सूर्य र मर्दको मुख हेर्न निषेध गरिएको |
| २ | ज्ञान | मूल परेर जन्मेको बच्चालाई हेर्न निषेध गरिएको |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा रहेका नेपाली लोककथामा राजकुमारीले सामान्य मानिसलाई र मूल परेको बच्चालाई हेर्न निषेध गरिएका लोकविश्वास व्यक्त भएका छन् । यहाँ अल्छी' लोककथामा राजकुमारीलाई गरिएको निषेधसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत राजकुमारीले सूर्य र

मर्दको मुख नहेर्नु, हिरा लिएर गएको अल्छीको मुख देख्नु, राजकुमारीले उसैसँग बिहे गर्ने जिद्दी गर्नु, राजाले राजकुमारीको बिहे अल्छीसँग गराइदिनु आदि घटनाक्रमको संयोजन गरिएको छ । सामान्य मानिसले राजकुमारीलाई दरबारिया सुखसुविधा दिन नसक्ने भएकाले र दरबारको सुरक्षाका लागि पनि यस प्रकारका लोकविश्वास प्रचलनमा रहेका छन् ।

'ज्ञान' लोककथामा मूल परेको बच्चालाई हेर्न निषेध गरिएको लोकविश्वास व्यक्त भएको छ । समाजमा मूल ग्रहमा जन्मने केटाकेटीले जन्म समयका आधारमा बुबाआमा, दाजुभाइ र धनसम्पत्ति आदिमा हानि पुऱ्याउने भएकाले त्यस्ता बच्चालाई निश्चित समयसम्म हेर्न नहुने लोकविश्वास रहेको छ । सत्ताइस नक्षत्रमध्ये मूल नक्षत्रमा ये, यो, भ, भी चार पाउ हुन्छन् । यस नक्षत्रको मूल गुण बन्धन, रोकावट, अनेक व्यवधान र स्तम्भित रहेका छन् । अभुक्त मूलमा जन्मेका बच्चाले कुलको मूलै नाश गर्ने ज्योतिषशास्त्रीय मान्यता रहेको छ (सापकोटा, २०४१, पृ. ५६) । मूल नक्षत्रमा जन्मने मानिस व्यवहारतः भाग्योन्नतिको शिखरमा पुग्न नसक्ने, विभिन्न किसिमका बाधा व्यवधान आउने र आफन्त तथा कुल नाश गर्ने लोकधारणा छ । लोकव्यवहारमा यस नक्षत्रमा जन्मने मानिसलाई मुल्याहा भनिन्छ । यस कथामा मूल ग्रहमा जन्मेको छोरालाई हेर्न नहुने लोकविश्वासका कारण बुबाले घर छोडेर हिँडेको छ । यसबाट लोकसमाजमा *ज्योतिषशास्त्र*मा गहिरो विश्वास रहेको स्पष्ट हुन्छ ।

माथिको तालिकामा राजकुमारी सुन्दरी हुने हुँदा कुनै प्रकारका प्रेमाकर्षणपूर्ण घटना नहून् भन्नका लागि राजकुमारीले सूर्य र मर्दको मुख हेर्न नहुने तथा मूल नक्षत्रमा जन्मने सन्तान अनिष्ट हुने हुँदा तिनलाई हेर्न निषेध गरिएका लोकविश्वास व्यक्त भएका छन् । यी लोकविश्वासबाट निषेधित ठाउँमा हेर्न नहुने सन्देशको सम्प्रेषण गरिएको छ ।

### २.८.१.४ स्पर्श निषेध

कुनै वस्तु वा प्राणी विशेषलाई छुँदा हुने ज्ञान स्पर्श हो । मानिसले छालाबाट चिसो, तातो, साह्रो र कमलो आदि अनुभव गर्छ । छालाले संस्पर्शीको स्पर्शजन्य अनुभव लिन र स्पर्शका कारण शरीरले विशेष प्रकारको अनुभूति गर्न सक्छ । लोकसमाजमा स्पर्श निषेधसम्बन्धी विविध लोकविश्वास छन् । नेपाली समाजमा जेठाजुले बुहारीलाई छुन, ज्वाइँले दिदीसासूलाई छुन, रुखबिरुवालाई छुन, फूल टिप्न वा छुन आदि निषेधहरू रहेका छन् (पराजुली, २०७१, पृ. ४७०) । यसरी लोकसमाजमा विशेष अवस्थामा व्यक्ति र वस्तुलाई छुन निषेध गरिएको छ । स्पर्श निषेधका कारण सामाजिक विकृति र विसङ्गतिबाट बच्न सकिने, बलात्कार जस्ता जघन्य अपराध कम हुने र सरुवा रोगबाट बच्न सकिन्छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित स्पर्श निषेधसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा अभिव्यक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.३९ : स्पर्श निषेधसम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | ज्ञान | मूल परेर जन्मेको सन्तानलाई छुन निषेध गरिएको |
| २ | बालन | सुत्केरी स्त्रीलाई छुन निषेध गरिएको |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा मूल परेर जन्मेको सन्तान र सुत्केरी स्त्रीलाई छुन निषेध गरिएका लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'ज्ञान' लोककथामा मूल परेको सन्तानलाई छुन निषेध गरिएको लोकविश्वास व्यक्त भएको छ । *ज्योतिषशास्त्र*अनुरूप मूल ग्रहमा जन्मेका मानिसले बुबाआमा, घरपरिवार र धनसम्पत्तिलाई हानि पुऱ्याउने मान्यता छ (सापकोटा, २०४१, पृ. ५६) । तसर्थ मूल परेको सन्तानलाई छुन नहुने लोकविश्वास रहेको छ । यसबाट मानिसले *ज्योतिषशास्त्र*मा ज्यादा विश्वास गरेको स्पष्ट हुन्छ ।

'बालन' लोककथामा सुत्केरीलाई छुन निषेध गरिएको लोकविश्वास व्यक्त भएको छ । बच्चा जन्माउँदा महिलाको धेरै शक्ति खर्च हुने, शरीर शिथिल हुने भएकाले उनलाई आरामको जरुरत पर्छ । सुत्केरी अवस्थामा महिलामा रक्तस्राव हुने हुँदा सरसफाइका दृष्टिले पनि सुत्केरीलाई छुन नहुने लोकविश्वास रहेको छ । सुत्केरी महिला बच्चा जन्मेको केही समयसम्म फेरि शारीरिक तथा यौन क्रियाकलापमा सहभागी हुन नसक्ने भएकाले महिला र पुरुष बिचको दुरी कायम राख्न पनि यस प्रकारको सामाजिक नियम लोकविश्वासका रूपमा प्रचलित रहेको छ ।

माथिको तालिकामा मूल परेर जन्मेको सन्तानलाई छुन निषेध र सुत्केरीलाई छुन निषेध गरिएका लोकविश्वास समाविष्ट छन् । *ज्योतिषशास्त्र*अनुसार मूल परेका सन्तानलाई छुँदा आफूलाई हानि हुने लोकविश्वास भएकाले छुन निषेध गरिएको छ । त्यस्तै सुत्केरी महिलाको शरीर कमजोर हुने र रक्तस्रावका कारण अन्यलाई सङ्क्रमण हुन सक्ने भएकाले छुन निषेध गरिएको छ । लोकधारणाअनुसार सुत्केरी भएदेखि महिलाको शरीर तन्दुरुस्त नभइन्जेलसम्म महिला र पुरुषको संसर्ग नहोस् भन्नका लागि यस प्रकारको लोकविश्वास प्रचलनमा रहेको हो । कतिपय अवस्थामा स्पर्शले मानिसलाई हानि पुऱ्याउने भएकाले स्पर्श निषेधसम्बन्धी लोकविश्वास प्रचलनमा छन् ।

### २.८.१.५ यौन निषेध

नर र नारीका बिच हुने मैथुन सम्बन्ध नै यौन क्रिया हो । सृष्टिलाई निरन्तरता दिन सन्तानोत्पादनका लागि यौन क्रिया अनिवार्य मानिएको छ । समाजले सामाजिक मूल्यमान्यता र व्यवहारभित्र रहेर गरिने यौनिक क्रियाकलापलाई स्वीकृति दिएको छ र यौनक्रिया कुन समय, कस्तो सम्बन्धमा गर्नु हुँदैन भनेर निषेधको व्यवस्था पनि गरेको छ । नेपाली लोककथामा गोत्र र कुलभित्र, व्रतका समयमा तथा भाइ र बहिनीमा विवाह निषेध गरिएको छ (पराजुली, २०७१, पृ. ४६७) । नेपाली लोककथामा यौन निषेधसम्बन्धी लोकधारण व्यक्त भएको छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित 'माछा' लोककथामा यौन निषेधसम्बन्धी लोकविश्वास भएकोले यसलाई विश्लेषणका लागि छनोट गरिएको छ ।

'माछा' लोककथामा आमाछोराबिच यौनसम्बन्ध निषेधसम्बन्धी लोकविश्वास प्राप्त भएको छ । यसको कथानकअन्तर्गत एउटा निर्जन गाउँमा आमाछोरा मात्र बस्नु, गाउँ घुम्दै गएको योगीले आमा गर्भवती भएको देख्नु, योगीले त्यसलाई महापाप ठान्नु, आमाछोरा कहिल्यै भेट नहोऊन् भनेर पूर्व र पश्चिम पठाउनु, घुम्दै जाँदा फेरि आमाछोराको भेट हुनु र दुवै नदीमा हामफाली मर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । लोकसमाजमा आमाछोरा अर्थात् हाडनाताभित्रको सम्भोगलाई पाप मानिएको छ । यसले पारिवारिक र सामाजिक संरचनामा अवरोध पुऱ्याउने भएकोले हाडनाताबिच यौन सम्बन्ध राख्न नहुने लोकविश्वास छ ।

### २.८.२ धर्म र संस्कारसम्बन्धी निषेध

धर्म र संस्कारले गरेका निषेध नै धर्म र संस्कारगत निषेध हुन् । धर्मले कर्तव्य, जाति, सम्प्रदायमा प्रचलित आचारको पालनालाई बुझाउँछ (आप्टे, सन् १९६६, पृ. ४८९) । ती आचारहरू धार्मिक शास्त्रनिहित हुन्छन् । सात्त्विक आहार, सदाचार, कर्तव्य, कर्म, निष्ठायुक्त उपासनामा रही आत्मज्ञान तथा ब्रह्मज्ञान प्राप्त गरेर आफ्नो आराध्यप्रति समर्पण भाव राख्नु नै धर्म हो (सापकोटा, २०७२, पृ. ४२) । देवीदेवतामा आस्था राख्ने मानिसले स्नान, ध्यान, जप, तप, पूजापाठ, तीर्थ, व्रत, यज्ञ आदि धार्मिक अनुष्ठान गरी आत्मसन्तुष्टि प्राप्त गर्दछन् । धार्मिक शास्त्रद्वारा निषेधित वस्तु र क्रियाकलापलाई लोकविश्वासका सन्दर्भमा धर्मसम्बन्धी निषेध भनिएको छ ।

संस्कारले अवगुण, दोष वा कमजोरी हटाई सुधार गर्ने कार्यलाई बुझाउँछ । समाजद्वारा निर्दिष्ट संस्कारको पालना गर्नु र आफूलाई पूर्ण गर्नु नै संस्कार हो । व्यक्तिमा प्राकृतिक बानी र आचरणजस्तै बनेका बानी र आचरण नै संस्कार हुन्, संस्कारले नै सुसंस्कृत समाजको निर्माण गर्दछ (ढकाल, २०७६, पृ. ५३) । संस्कारले मानिसमा अनुशासन र सदाचार विकास गर्ने हुँदा सभ्य समाज निर्माणमा सहयोग पुग्दछ । मानिसले विविध संस्कारद्वारा आफू तथा आफ्ना वरपरका जड र चेतन वस्तुलाई शुद्ध गर्ने कार्य गर्दछ । यस्ता कार्य गर्दा केके गर्नु हुँदैन भन्ने नियम शास्त्र र सामाजिक मान्यताअनुरूप निर्धारण गरिएका छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित धर्म र संस्कारसम्बन्धी निषेध विषयक लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.४० : धर्म र संस्कारसम्बन्धी निषेध विषयक लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | ऋषिपञ्चमी | ऋषिपञ्चमी व्रतको दिन हलोले जोतेको अन्न खान नहुने |
| २ | धर्म र पाप | धर्मात्मा बिहान नुवाइधुवाइ नगरेसम्म बोल्न नहुने |
| ३ | बदला | कपाल नखौरिएसम्म किरिया बस्न नहुने |
| ४ | राजकुमार दिक्पाल | नुवाइधुवाइ नगरी पूजा गर्न नहुने, पूजाको समयबाहेक पूजाकोठामा जान नहुने र भगवान्लाई बासी फूल चढाउन नहुने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा समाविष्ट लोककथामा धर्म र संस्कारगत निषेधसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'ऋषिपञ्चमी' लोककथामा व्रतमा खान निषेध गरिएको लोकविश्वास व्यक्त भएको छ ।

ऋषिपञ्चमीको व्रत रजोदर्शन भइसकेका हिन्दु नारीहरूले बस्छन् । यस व्रतोत्सवका प्रभावले महिलाहरू सौभाग्य सम्पन्न हुनाका साथै रजस्वलाका समयमा अज्ञानपूर्वक हुने स्पर्शादि दोषबाट मुक्त हुन्छन् भन्ने लोकधारणा छ (जोशी, २०३९, पृ. १०५) । रजस्वला भइसकेका महिलाहरू सौभाग्य प्राप्ति र स्पर्शजन्य दोषबाट मुक्त हुन ऋषिपञ्चमीको पूजा गर्ने चलन छ । ऋषिपञ्चमी व्रतकथामा रजस्वला नबारेका कारण श्रीमती कुकुर्नी र श्रीमान् गोरु भई जन्मेका तथा श्रीमान्ले ज्यादै दुःख पाएकाले गोरुले दुःख पाएर उब्जेको अन्न नखानु भन्ने लोकधारणा रहेको छ (पराजुली, २०७५, पृ. ८७) । लोकमा व्रतकथाको ज्यादा प्रभाव रहेकाले ऋषिपञ्चमीका दिन हलो जोतेर फलेको अन्न खान नहुने लोकविश्वास छ ।

'राजकुमार दिक्पाल' लोककथामा पूजामा गरिने निषेधसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । धार्मिक मान्यताअनुसार पूजापाठ गर्दा नुवाइधुवाइ गरी, शुद्ध, चोखो भएर, धोएका शुद्ध कपडा लगाएर पूजा गर्नुपर्ने लोकधारणा छ । भगवान्लाई बासी फूल चढाउन नहुने र पूजाको समयबाहेक घरीघरी पूजा कोठामा जान निषेध गरिएको छ । पूजा शुभकार्यका लागि शुद्ध मनले गरिने सङ्कल्प भएकाले यस्ता लोकविश्वास प्रचलनमा छन् ।

'बदला' लोककथामा किरिया बस्न निषेध गरिएको लोकविश्वास व्यक्त भएको छ । मानिस मरेको समयमा मृतकको नाममा सपिण्डी अर्थात् दाजुभाइ र आफन्त दुःखमा हुने भएकाले कपाल खौरन्छन् ( वशिष्ठ, २०६६, पृ. १३६) । पीडामा परेका मानिसलाई सान्त्वना दिनका लागि कपाल खौरेर दुःख बाँड्ने लोकप्रचलन रहेको छ । पितृलाई पिण्डदान गर्ने समयमा पिण्डमा कपाल परेमा महापाप हुने लोकमान्यता भएकाले कपाल खौरने लोकविश्वास छ । दुःखको समयमा आफन्तलाई साथ र सान्त्वना दिनका लागि विभिन्न कार्यमा निषेध गर्ने चलन रहेको छ ।

'धर्म र पाप' लोककथामा नुवाइधुवाइ नगरेसम्म बोल्न निषेध गरिएको लोकविश्वास व्यक्त भएको छ । लोकसमाजमा बिहान उठेर नुवाइधुवाइ नगरी बोलेमा पाप लाग्ने लोकविश्वास छ । स्नानपछि गर्मी र चिसो सहन सक्ने, स्मरणधारण शक्ति बढ्ने, शान्ति प्राप्त हुने र क्रियाशील भइने हुँदा स्नान गर्नु स्वास्थ्यका लागि उत्तम मानिएको छ (धर्म महारस, २०६५, पृ. २५३) । स्नानले शरीर शुद्ध भएपछि मन शान्त हुनुका साथै सकारात्मक विचारको प्रवाह हुन्छ । सोमबार औंसी तिथि परेका दिनमा बिहान उठेर नबोली नुहाएको खण्डमा नारी चरित्रले वैधव्य जीवन व्यतीत गर्नु नपर्ने विश्वास गरिन्छ (पौड्याल, २०७८, पृ. ३५९) । नबोली स्नान गर्नाले विधवा जीवन बिताउन नपर्ने लोकविश्वास रहेको छ । नबोली स्नान गरेमा सकारात्मक मनस्थितिको विकास भई दुर्वाच्य नआउने हुँदा स्नान नगरी बोल्न निषेध गरिएको लोकविश्वास प्रचिलत छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा धार्मिक अनुष्ठान गरिने यज्ञस्थलहरू पवित्र मानिने हुँदा तन, मन र वचनमा पवित्रा धारण नगरी यी स्थानमा पस्न नहुने लोकविश्वास रहेको छ । पूजाआजा शुद्ध मनको सङ्कल्प भएको हुँदा यस्तो अवस्थामा पवित्र धारण गर्नुपर्ने लोकप्रचलन पाइएको छ । कुनै व्यक्तिको अवसानमा किरिया कर्म गरिने हुँदा आफन्तलाई पीडामा साथ दिन कपाल खौरने लोकविश्वास रहेको छ । स्नानले स्मरणधारण शक्ति बढाउने र शरीरलाई ऊर्जाशील बनाउने हुँदा नुहाइधुवाइ नगरी बोल्न निषेध गरिएको छ । यी लोकविश्वासमा अनुशासनमा बस्न, आफ्नो कर्तव्य पूरा गरी सकारात्मक व्यवहार गर्न र खराब कर्मबाट जोगिनुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

### २.८.३ सामाजिक सम्बन्ध निषेध

सामाजिक सम्बन्धले समाजमा हुने व्यक्ति वा समूहको अन्तर्क्रियालाई बुझाउँछ । सामाजिक सम्बन्ध सामाजिक मूल्यमान्यता, धर्म, संस्कृति आदिबाट निर्मित हुन्छ । यसभित्र व्यक्ति, परिवार, समुदाय, समाज र राष्ट्र आदि सामाजिक संरचना रहेका हुन्छन् । साना सामाजिक संस्थाले व्यक्ति र समुदायको पहिचान कायम राख्न ठुला सामाजिक संस्थालाई आकार प्रदान गर्दछन् । मानिस सामाजिक सम्बन्ध कायम गर्न बुबाआमा, छोराछोरी, छोराबुहारी, छोरीज्वाइँ र दिदीभिनाजु आदि नातासम्बन्धमा रहन्छन् । समाजिक सम्बन्ध निषेधले कतिपय सम्बन्धमा नहुनपर्ने व्यवहार, कुराकानी र क्रियाकलापलाई बुझाउँछ (दिवस, २०३६, पृ. २३९) । समाजमा कतिपय नातासम्बन्धबिच कुराकानी, व्यवहार र क्रियाकलाप निषेध गरिएका लोकविश्वास प्रचलनमा छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित 'बदला' नेपाली लोककथामा सामाजिक सम्बन्ध निषेधसम्बन्धी लोकविश्वास भएको हुँदा यसलाई विश्लेषणका लागि छनोट गरिएको छ ।

'बदला' नेपाली लोककथामा सासू सुतेका ठाउँमा ज्वाइँलाई जान निषेध गरिएको लोकविश्वास प्राप्त भएको छ । यसको कथानकअन्तर्गत ससुराली गएको ज्वाइँलाई रातको समयमा भोक लाग्नु, बाठो भाइले भनेअनुसार अँध्यारोमा भण्डारबाट चिउरा झिक्नु, पटुकाको फेर समात्दै जाँदा सासू सुतेको खाटमा पुग्नु, सासूले हल्ला गरेका कारण उसको बेइज्जत हुनु आदि घटनाक्रमको संयोजन गरिएको छ । यो लोकविश्वासमा नाता, कुटुम्बमा मान्यजनको स्थान उच्च र विशेष हुने भएकाले सधैँ सर्तक भएर व्यवहार गर्नुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

## २.९ गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा विश्वब्रह्माण्डसम्बन्धी लोकविश्वास

पृथ्वी, आकाश, अन्तरिक्ष, ग्रह र उपग्रहजस्ता भौतिक संसारको संयुक्त रूपलाई ब्रह्माण्ड भनिन्छ । प्राचीन समयदेखि मानिसले ब्रह्माण्डको सृष्टिका विषयमा विभिन्न परिकल्पना गरेका छन् । लोकसमाजमा बहुलोकसम्बन्धी धारणा रहेको छ । वैज्ञानिकहरूले भने बुध, शुक्र, मङ्गल, शनि, अरुण, वरुण तथा यमलगायत सौर्यमण्डलमा थुप्रै ग्रहहरू रहेको पत्ता लगाएका छन् । आजको मानवले सूर्यलाई अन्य ग्रह तथा उपग्रहले परिक्रममा गरेकोले यो विश्वब्रह्माण्ड सञ्चालित रहेको मान्दछ । तर परम्परादेखि मानिसले विश्वब्रह्माण्डका बारेमा विविध विश्वास निर्माण गरेको छ भन्दै कृष्णदेव उपाध्यायले भनेका छन्- "आदिम मानवले भने आफू बसेको पृथ्वी, यसमा रहेका खोलानाला, पहाड, बादल, आकाशमा देखिने सूर्य, चन्द्रमा र अन्य तारामण्डलका बारेमा विभिन्न किसिमका लोकविश्वास निर्माण गरेको छ" (उपाध्याय, सन् २००९, पृ. ४८) । यिनै लोकविश्वासका कारण आदिम मानवले सूर्य, हावाहुरी, आँधीबेहरी, बतास, आगोपानी, वर्षा, पहिरो र चट्याङ, पृथ्वी तथा अन्तरिक्ष र प्राकृतिक घटनालाई देवताका रूपमा पूजा गरेको छ । यहाँ गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा पृथ्वी, आकाश र प्राकृतिक घटनासम्बन्धी लोकविश्वास रहेको हुँदा तिनको क्रमशः विश्लेषण गरिएको छ ।

### २.९.१ पृथ्वीसम्बन्धी लोकविश्वास

मानिसले पृथ्वीमा बाँच्ने आधार प्राप्त गरेको हुँदा पृथ्वीसँग उसको घनिष्ठता रहेको छ । *अथर्ववेद*मा पृथ्वीलाई आमा र मानिसलाई उनका सन्तान मानिएको छ (उपाध्याय, सन् २००९, पृ. ६१) । मानिसले आदरपूर्वक पृथ्वी र प्राकृतिक सम्पदाहरूको पूजाआजा गरेका हुन्छन् । यसरी पृथ्वीमा रहेका नदीनाला, पहाड, हिमाल, वनजङ्गल, ढुङ्गा, माटो आदिलाई आदरपूर्वक पूजा गर्ने हुँदा प्राकृतिक

सम्पदासँग जोडिएका विभिन्न लोकविश्वास रहेका छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित पृथ्वीसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.४१ : पृथ्वीसम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १. | कालजित | अप्सरा पोखरीमा बस्ने |
| २ | कुछब तेरङ | तिब्बती लामाले ठिनीमा हात्तीको टाउको जस्तो पहाड भएको बताउने |
| ३ | ढपाडी खोला | दहभित्र गाग्राको आकार हुने |
| ४ | धर्म र पाप | नाग गङ्गामा बस्ने |
| ५ | बदला | गङ्गामा नुहाउँदा धर्म हुने |
| ६ | भूत | पहरोभित्र सुनैसुनले बनेको ठाउँ हुने |
| ७ | वृत्रासुर राक्षस | कैलास पर्वत स्वर्गसमान हुने<br>जमिनमा गर्मीमा चिसो तथा जाडोमा तातो पानी आउने धारा हुने |
| ८ | सराद | जमिनमा पैसा र सुन भेटिने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा पोखरी, पहाड, दह, गङ्गा, पहरो, कैलास पर्वत र जमिनसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'कालजित' लोककथामा अप्सरासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । हिन्दु *धर्मशास्त्र*अनुसार अप्सराहरू अलौकिक सौन्दर्ययुक्त स्वर्गका नृत्याङ्गाना हुन् ( खतिवडा, २०७४, पृ. २९) । यस लोककथामा अप्सराहरूले राजकुमारलाई पोखरीभित्रै हुर्काउने र ठुलो भएपछि घोडालाई लगेर दिने कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । अप्सरा पात्र मानिसको रक्षा गर्ने तथा दु:ख र कष्टको क्षणमा सहारा दिने देवी हुन् (दिवस, २०७७, पृ. ३९) । अप्सरालाई मानिसको दु:ख र आपत्को समयमा सहयोग गर्ने देवी मानिएको छ । पोखरीमा अप्सराहरूको बास हुने लोकविश्वासका कारण पूजाआजा गर्ने चलन छ । यस्तो लोकविश्वासका कारण त्यस क्षेत्रमा पानीका स्रोतको संरक्षण र पोखरीको सरसफाइमा मदत पुगेको छ ।

'कुछब तेरङा' लोककथामा हात्तीको टाउको आकारको पहाडसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यो अनौठो पहाड मुस्ताङको ठिनीमा रहेको छ । ठिनी प्राचीन शेरिब राज्यको राजधानी हो (गुरुङ, २०६८, पृ. २३) । यसको शिरमा ढुम्बा ताल अवस्थित छ र त्यस तालभन्दा माथि सुन्दर डाँडामा कुछब तेरङा गुम्बा रहेको छ । यहाँ यस ताल र उक्त पहाडलाई पवित्र स्थान मान्ने परम्परा रहेको छ ।

'ढपाडी खोला' लोककथामा दहभित्र गाग्राको आकार रहेको लोकविश्वास व्यक्त भएको छ । यसको कथानकमा मगर र नेवार व्यापारीले पानीको गाग्रो भएको खोला देख्नु र त्यस खोलाको नाम 'ढपाडी खोला' राख्ने सम्झौता गर्ने कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । मगर भाषामा 'डी' वा 'दि' ले पानी, खोला र नदी भन्ने अर्थ बुझाउँछ (गुरुङ, २०६८, पृ. २) । यहाँ 'ढप' को अर्थ माटोको गाग्रो भएको हुँदा ढपाडीले माटाको गाग्रो भएको खोलालाई

बुझाएको छ । यस लोकविश्वासबाट बन्दीपुरमा व्यापारका लागि आवतजावत गर्ने मगर र नेवारबिच जातीय समन्वय रहेको प्रस्ट हुन्छ ।

'धर्म र पाप' लोककथामा गङ्गामा नाग बस्ने लोकविश्वास व्यक्त भएको छ । नाग घस्रेर हिँड्ने तथा पानी र जमिन दुवै ठाउँमा बाँच्ने सरीसृप जीव हो । नेपालीहरूले प्रत्येक वर्ष श्रावण शुक्लपञ्चमीको दिन नागपञ्चमी पर्व मनाउँछन् । पौराणिक कथाहरूमा शेषनागलाई भगवान् विष्णुको आसन मानिएको र श्रीकृष्णले कालिया नागलाई यमुना नदीबाट निकालेपछि नागपूजाको पद्धति चलेको पाइन्छ (जोशी, २०३९, पृ. ९४) । नागलाई पानीका देवता मानिने हुँदा पोखरी, दह, खोलानाला र नदीलाई नागको निवासस्थान मान्ने लोकधारणा छ । यस लोककथामा तक्षक नागले पानीबाट निस्केर गौहत्या गरेको घटना आएको छ । नाग पानीमा बस्ने लोकविश्वासले गर्दा मानिस पानीका स्रोतमा फोहोर गर्न डराउँछन् ।

'बदला' लोककथामा गङ्गामा नुहाउँदा धर्म हुने लोकविश्वास व्यक्त भएको छ । पवित्र जलाशय गङ्गा पितृमुक्तिको प्रतीक वा भारतवर्षको प्रख्यात नदी हो । यो हिमालयबाट निस्की अलकनन्दा, ब्रह्मपुत्र, यमुना, घाघरा, कर्णाली, गण्डकी र कोसीमा मिसिँदै बङ्गालको खाडीमा पुगी समुद्रमा मिल्दछ (प्रभात, २०७४, पृ. १२५) । हिन्दु संस्कारअनुसार मानिसले देवकार्य, पितृकार्य र अन्त्येष्टि संस्कारसमेत गङ्गा तटमा गर्ने भएकाले गङ्गामा नुहाउँदा पवित्र भइने लोकविश्वास छ । गङ्गाको आसपासमा नबस्ने तथा तीर्थाटनमा जान नसक्ने व्यक्ति पनि गङ्गाजलले सिञ्चन गर्दा पवित्र हुने लोकधारणा रहेको छ ।

'भूत' लोककथामा पहरोभित्र सुनैसुनले बनेको ठाउँ हुने लोकविश्वास छ । पृथ्वीमा सुन, चाँदी, फलाम, तामा, पित्तल, प्लाटिनम र युरेनियम जस्ता धातुहरू रहेका छन् । नेपाली समाजमा 'सुनलाई सुखको गहना, दुःखको खजना' भन्ने चलन छ । मानिसहरू आयस्रोत राम्रो हुँदा सुनको सङ्ग्रह गर्ने र दुःख परेको समयमा त्यसलाई बेचेर जीविका चलाउँछन् । यस लोकविश्वासबाट पृथ्वीमा विभिन्न किसिमका धातुले निर्मित आकर्षक र असाधारण ठाउँहरू भएको अनुमान गर्न सकिन्छ ।

'वृत्रासुर राक्षस' लोककककथामा कैलास पर्वत र जमिनमा गर्मीमा चिसो तथा जाडोमा तातो पानी आउने धारासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । कैलास पर्वत चीनको तिब्बत प्रान्तमा रहेको छ, जुन नेपालका हुम्ला र दार्चुला जिल्लाका क्रमशः यारी र टिङ्कर भन्ज्याङको उत्तरपट्टिको हिमशृङ्खला हो । कैलास पर्वत नेपालको खस राज्यअन्तर्गत उत्तरपश्चिममा रहे पनि तिब्बतको नियन्त्रणपछि चीनको स्वशासित क्षेत्रमा परेको छ र यसलाई हिन्दु तथा बौद्ध धर्मावलम्बीहरूले पवित्र स्थान मान्छन् (प्रभात, २०७४, पृ. १११) । कैलास पर्वत हिमशृङ्खलाले सुन्दर देखिने र जोकोहीलाई पुग्न कठिन पर्ने हुँदा यसलाई स्वर्गसँग तुलना गरिएको छ । 'वृत्रासुर राक्षस' लोककककथामा व्यक्त गर्मीमा चिसो तथा जाडोमा तातो पानी आउने लोकविश्वासले प्रकृतिको विविधतालाई सङ्केत गरेको छ । यस लोककथामा भने दैविक शक्तिका कारण पानी गर्मीमा चिसो र जाडोमा तातो भएको उल्लेख छ । गण्डकी प्रदेशमा पानीमा जलदेवता हुने विश्वासका कारण पानीका स्रोत वरपर फोहोर गरे पाप लाग्ने लोकविश्वास रहेको छ ।

'सराद' लोककथामा जमिनमा पैसा र सुन भेटिने लोकविश्वास व्यक्त भएको छ । यसमा पितृ भइसकेका ससुराले बुहारीलाई सपना रातु गाई पाल्न लगाउने, बुहारीले रातु गाई ल्याएर पाल्ने र रातु गाई मरेपछि गाड्ने खाडल खन्दा पैसा र सुन भेट्ने तथा उनीहरूको जीवन आनन्दपूर्वक बित्ने कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । धर्ती नै सुन, चाँदी, हिरा र मोती आदि बहुमूल्य

धातुहरूको प्रथम स्रोत हो । मानिसका लागि आवश्यक अन्नपानी र अन्य वस्तुहरू जमिनबाटै प्राप्त हुने हुँदा यस लोककथामा जमिनमा पैसा र सुन भेटिने लोकविश्वास व्यक्त भएको छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा गङ्गा, नदी, पहाड र कैलास पर्वतलाई पवित्र धार्मिक स्थल मानिएको छ । आदिम मानवमा रहेको नदी र पहाडलाई देवता मानेर पूजा गर्ने चलनका कारण त्यहाँको पर्यावरणको संरक्षणमा समेत सहयोग पुगेको छ । यी लोकविश्वासबाट जीवन सञ्चालनका लागि अन्नपानी र धातुहरू पृथ्वीबाट प्राप्त हुने भएकाले यसलाई जीवनको प्रमुख आधार मानेर संरक्षण गर्नुपर्ने सन्देशको सम्प्रेषण भएको छ ।

### २.९.२ आकाशीय पिण्डसम्बन्धी लोकविश्वास

आकाशमा देखिने सूर्य, चन्द्रमा, ताराहरू, ग्रह, क्षुद्र ग्रह र उल्का आदि आकाशीय पिण्ड हुन् । आदिम मानवले धर्तीबाट झलमल चम्केका ताराहरू, सूर्यको किरण र चन्द्रमाको चाँदनीलाई हेरेर लोकविश्वासको निर्माण गरेको छ (उपाध्याय, सन् २००९, पृ. ४८) । आदिम मानवले चरा जस्तै आकाशमा उड्ने, आकाशमा देवता बस्ने तथा आकाश देवता रिसाए गड्याङगुडुङ हुने लोकविश्वास निर्माण गरेको छ । तसर्थ लोककथामा आकाशीय पिण्डसम्बन्धी लोकविश्वास रहेका छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित आकाशीय पिण्डसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.४२ : आकाशीय पिण्डसम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | बालन | आकाशलाई देवता मान्ने, आकाश देवताको घर मानिने |
| २ | कालजित | निधारमा सूर्य र चन्द्र भएको राजकुमार राम्रो मानिने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा आकाश, सूर्य र चन्द्रसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'बालन' लोककथामा आकाशलाई देवता मानिने र आकाश देवताको घर भएको लोकविश्वास व्यक्त भएका छन् । यस ब्रह्माण्डमा रहेको अनन्त खाली स्थान नै आकाश हो । वैदिक साहित्यमा आकाशमार्गमा हिँड्ने आगोपानी र हावाले चल्ने विमान 'भूतवाह', सूर्यको तापबाट चल्ने 'सूर्यकान्तमणि' र चन्द्रमाको शीतलताबाट चल्ने 'चन्द्रकान्तमणि' नामक विमानहरूको कल्पना *मन्त्रसर्वस्व* र *अंशुबोधनी* ग्रन्थमा भएको छ (स्वामी प्रपन्नाचार्य, २०५०, पृ. २७९-२८०) । वैदिक साहित्यमा आकाशमार्गमा विमान हिँड्ने कल्पना गरिएको छ । आकाशको उचाइ र अनन्तता बुझ्न नसकेको आदिम मानवले आकाशमा चम्कने सूर्य, चन्द्रमा तथा ताराहरूलाई देवताका रूपमा पूजा गर्दछ । आदिम मानवले आकाश र त्यसको अनन्तता बुझ्न नसकेको हुँदा देवताका रूपमा पूजा गर्ने र देवताको घर मान्ने लोकधारणा रहेको छ ।

'कालजित' लोककथामा निधारमा सूर्य र चन्द्रमा भएको राजकुमार राम्रो मानिने लोकविश्वास व्यक्त भएका छन् । यस लोककथामा छओटी रानीबाट राजाका सन्तान नहुनु, राजाले अप्सरालाई कान्छी रानी बनाउनु, तिनले सूर्य र चन्द्रमा भएको राजकुमार जन्माउनु, छओटी रानीहरूले राजकुमारलाई

पोखरीमा फालिदिनु, राजालाई राजकुमार भनेर ढिकीको मुसल दिनु, पोखरीमा भएका अप्सराहरूले राजकुमारलाई हुर्काउनु र ठुलो भएपछि घोडालाई लगेर दिनु, सूर्य र चन्द्रमा भएका कारण अन्तिममा राजकुमारको भेट राजारानीसँग हुनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । लोकसमाजमा खोटी अर्थात् शरीरमा कुनै चिह्न लिएर जन्मेको बच्चालाई भाग्यमानी मान्ने लोकविश्वास छ । सूर्यको प्रकाशले सम्पूर्ण जीवहरूको जीवन सञ्चालन हुने हुँदा सूर्यलाई भगवान् मानिएको छ (उपाध्याय, सन् २००९, पृ. ४८) । वैदिक साहित्यमा सूर्यको किरणबाट हृदयरोगको उपचार गर्ने हुँदा यसलाई औषधी मानिन्छ (स्वामी प्रपन्नाचार्य, २०५०, पृ. २४२) । सूर्यको तापबाट जीवन सञ्चालनमा सहयोग हुने र चन्द्रमाले मानिसको स्वभावमा शीतलता प्रदान गर्ने भएको हुँदा राजकुमार सूर्य र चन्द्रमा अर्थात् तेज अनि शीतल दुवै स्वभावको हुनुपर्ने लोकधारणा रहेको छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा सूर्य, चन्द्रमा र आकाशलाई देवता मानेर पूजा गर्ने लोकप्रचलन रहेको स्पष्ट हुन्छ । आदिम मानवले आकाशीय पिण्डलाई छुन नसकेको हुँदा आकाशमा झिलिमिली चम्कने ताराहरूलाई देवताको रूपमा पूजा गर्ने तथा सूर्य र चन्द्रलाई भाग्योदयका प्रतीक मान्ने लोकविश्वास रहेको छ ।

### २.९.३ प्राकृतिक घटनासम्बन्धी लोकविश्वास

प्रकृतिमा स्वाभाविक रूपमा घट्ने घटना प्राकृतिक घटना हुन् । कृष्णदेव उपाध्याय (सन्, २००९) ले प्राकृतिक घटनालाई 'आकाशीय फेनामेना' भनेका छन् (पृ. ५६-६०) । आकाशीय फेनामेनाअन्तर्गत प्रकृतिमा घट्ने घटनासम्बन्धी लोकविश्वासको अध्ययन गरिएको छ । यसअन्तर्गत आकाशमा जोडसँग बिजुली चम्कनु, कालो बादल मडारिनु, हावाहुरी चल्नु, आँधीबेहेरी हुनु, झरीबादल लाग्नु, घामपानी पर्नु, प्रकृति धुम्म हुनु, बाढीपहिरो जानु र इन्द्रेनी पर्नु आदि प्राकृतिक घटनासम्बन्धी लोकविश्वास रहेका छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित प्राकृतिक घटनासम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या २.४३ : प्राकृतिक घटनासम्बन्धी लोकविश्वासको सूची**

| क.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | ढपाडी खोला | दिनको बाह्र बजे घनावृष्टि हुने |
| २ | स्यालको बिहे | अलच्छिनीको बिहेमा प्रकृति अँध्यारो हुने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा प्रकृतिको परिवर्तनसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'ढपाडी खोला' लोककथामा दिनको बाह्र बजे घनावृष्टि हुने लोकविश्वास व्यक्त भएको छ । घनावृष्टि हुँदा खोलानालामा बाढी आउने र पहिरोका कारण गाउँबस्ती डुबानमा पर्न सक्छन् । यस लोककथामा दिनको बाह्र बजे घनावृष्टि हुने र बाढी आएको ढपाडी खोलाले किनारमा लुगा धुने आइमाई र केटाकेटी बगाउने कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । पृथ्वीमा अत्यधिक वृष्टिका कारण विभिन्न पैदावार नष्ट हुने भएकाले यसलाई अमङ्गल तथा दुर्भिक्षको लक्षण मानिएको छ (उपाध्याय, सन्, २००९, पृ. ५८) । लोकसमाजले मुसलधारे पानी पर्नुलाई अशुभ सङ्केत मान्दछ ।

'स्यालको बिहे' लोककथामा अलच्छिनीको बिहेमा प्रकृति अँध्यारो हुने लोकविश्वास व्यक्त भएको छ । यस लोककथामा एक जना मानिसको बिहेमा प्रकृति धुम्म पर्नु र अन्त्यमा उसको घरबार पनि असफल हुने कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । यदि दिनमा वर्षा हुँदा हुँदै सूर्यको किरण पनि छ भने स्यालको विवाह भएको मानिन्छ भने स्याल रोएको अलच्छिन हुने लोकधारणा भएको हुँदा स्याललाई अशुभको प्रतीक मानिएको छ (उपाध्याय, सन्, २००९, पृ. ९३) । समाजमा स्यालको बिहेमा घामपानी हुने लोकोक्ति छ । 'स्यालको बिहे' लोककथामा अरूलाई दुःख दिने, खराब लक्षण भएको मानिसको तुलना स्यालसँग गर्दै त्यस्ता मानिसको बिहेमा प्रकृति अँध्यारो हुने लोकविश्वास व्यक्त भएको छ । यस लोकविश्वासमा कार्य सफल हुँदाको जस र कार्य असफल हुँदाको अपजस लच्छिन र अलच्छिनलाई मान्ने मानवीय मनोविज्ञानलाई देखाइएको छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा प्रकृतिमा हुने मौसम परिर्वतनसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । समाजमा अचानक ठुलो पानी पर्नु र प्रकृति धुम्म हुनुलाई अशुभ सङ्केत मानिएको छ । यी लोकविश्वासमा प्रकृतिमा घनावृष्टि हुने र धुम्म पर्ने लक्षण देखेपछि मानिस सावधान हुनुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

## २.१० निष्कर्ष

गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा पर्याप्त मात्रामा लोकविश्वास व्यक्त भएका छन् । ती लोकविश्वासलाई धार्मिक मान्यता, सामाजिक व्यवहार, असाधारण शक्ति, शुभाशुभ, जादु र तन्त्रमन्त्र, निषेध तथा विश्वबह्माण्ड गरी मुख्य सात शीर्षक र विविध उपशीर्षक तथा उप-उपशीर्षकमा वर्गीकरण गरिएको छ । क्षेत्रकार्यबाट सङ्कलित र प्रस्तुत शोधकार्यका लागि निर्धारित चवन्नओटा नेपाली लोककथामा चार सय त्रियासीओटा लोकविश्वास प्राप्त भएका छन् । धार्मिक मान्यता मूल शीर्षकअन्तर्गत दुई सय बाउन्नओटा लोकविश्वास व्यक्त भएका छन् । तीमध्ये धर्म र अनुष्ठानमा आधारित धार्मिक व्यक्तित्वसम्बन्धी छत्तिसओटा, पाप र पुण्यसम्बन्धी उन्नाइसओटा, जातीय संस्कार र प्रथासम्बन्धी अठारओटा, तीर्थसम्बन्धी तेह्रओटा, यज्ञ, दान, व्रत र पर्वसम्बन्धी बाह्रओटा, धर्मशास्त्र र बहुलोकसम्बन्धी समान चार/चारओटा लोकविश्वास प्राप्त भएका छन् । आत्माअन्तर्गत अतृप्त आत्मासम्बन्धी सन्ताउन्नओटा, मानवेतर प्राणीमा जीवात्मासम्बन्धी तेत्तिसओटा, आत्मा र पुनर्जन्मसम्बन्धी आठओटा र वृक्षवनस्पति र पदार्थमा जीवात्मासम्बन्धी पाँचओटा लोकविश्वास तथा दैवीशक्तिसम्बन्धी त्रिचालिसओटा लोकविश्वास व्यक्त भएका छन् । सामाजिक व्यवहार मूल शीर्षकअन्तर्गत सतहत्तरओटा लोकविश्वास प्राप्त भएका छन् । तीमध्ये नीति, आचरण र शिक्षासम्बन्धी उनन्तिसओटा, राजा, मन्त्री र कर्मचारीसम्बन्धी सत्रओटा, परीक्षाअन्तर्गत चतुऱ्याइँको परीक्षासम्बन्धी दशओटा, कुलघरानको परीक्षासम्बन्धी चारओटा, सामर्थ्य र साहसको परीक्षासम्बन्धी दुईओटा, विवाहका लागि परीक्षासम्बन्धी एउटा तथा परिवार र नातागोतासम्बन्धी चौधओटा लोकविश्वास प्राप्त भएका छन् । असाधारण शक्ति मूल शीर्षकअन्तर्गत पचपन्नओटा लोकविश्वास प्राप्त भएका छन् । तीमध्ये असाधारण शक्तियुक्त मानवसम्बन्धी बिसओटा, असाधारण शक्तियुक्त जीवजन्तुसम्बन्धी चौधओटा, आसाधारण शक्तियुक्त वस्तुसम्बन्धी चौधओटा तथा आसाधारण शक्तियुक्त प्रकृतिसम्बन्धी सातओटा लोकविश्वास प्राप्त भएका छन् ।

शुभाशुभ मूल शीर्षकअन्तर्गत चालिसओटा लोकविश्वास व्यक्त भएका छन् । तीमध्ये भाग्यसम्बन्धी बाह्रओटा, भविष्यवाणीअन्तर्गत ज्योतिषशास्त्रअनुसार गरिने भविष्यवाणीसम्बन्धी चारओटा तथा देवीदेवता

र सिद्धले बताउने भविष्यवाणीसम्बन्धी तीनओटा, वरदान र आशीर्वादसम्बन्धी सातओटा, शकुन र अपशकुनसम्बन्धी पाँचओटा, सुस्वप्न र दुःस्वप्नसम्बन्धी चारओटा, आङ्गिक क्रिया र शारीरिक चिह्नसम्बन्धी तीनओटा तथा श्राप र श्रापमुक्तिसम्बन्धी दुईओटा लोकविश्वास प्राप्त भएका छन् । जादु र तन्त्रमन्त्र मूल शीर्षकअन्तर्गत अट्ठाइसओटा लोकविश्वास पाइएको छ । तीमध्ये जादुको शक्तिसम्बन्धी आठओटा, तन्त्रमन्त्र, योग र सिद्धिसम्बन्धी सातओटा, झारफुक तथा लोकोपचारसम्बन्धी पाँचओटा, मोहनी (टुनामुना) सम्बन्धी पाँचओटा तथा जादुका वस्तुसम्बन्धी तीनओटा लोकविश्वास व्यक्त भएका छन् । निषेध मूल शीर्षकअन्तर्गत सात्रओटा लोकविश्वास प्राप्त भएका छन् । तीमध्ये वस्तु र क्रिया निषेधअन्तर्गत बोलाइ निषेधसम्बन्धी तीनओटा, खानपान, दृष्टि र स्पर्श निषेधसम्बन्धी समान दुई/दुईओटा र यौन निषेधसम्बन्धी एउटा, धर्म र संस्कार निषेधसम्बन्धी छओटा र सामाजिक सम्बन्ध निषेधसम्बन्धी एउटा लोकविश्वास व्यक्त भएका छन् । विश्वब्रह्माण्ड मूल शीर्षकअन्तर्गत चौधओटा लोकविश्वास प्राप्त भएका छन् । तीमध्ये पृथ्वीसम्बन्धी नौओटा, आकाशीय पिण्डसम्बन्धी तीनओटा, प्राकृतिक घटनासम्बन्धी दुईओटा लोकविश्वास पाइएका छन् ।

गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा सबैभन्दा बढी धार्मिक मान्यतामा आधारित दुई सय बाउन्नओटा लोकविश्वास व्यक्त भएका छन् । यसबाट उक्त क्षेत्रका मानिसको सोचाइ र क्रियाकलाप धार्मिक प्रकृतिको रहेको स्पष्ट हुन्छ । यी लोकविश्वासबाट त्यहाँको लोकसमुदायमा देवीदेवताको शक्तिप्रति ज्यादा विश्वास रहेको पाइएको छ । यिनमा देवीदेवताको शक्तिभन्दा भूतप्रेत, किचकन्या र पचभैयाजस्ता अतृप्त आत्मासम्बन्धी सन्ताउन्नओटा र सबैभन्दा कम बहुलोक र धर्मशास्त्रसम्बन्धी चार/चारओटा लोकविश्वास व्यक्त भएका छन् । धार्मिक मान्यतापछि सामाजिक व्यवहारसँग सम्बन्धित सतहत्तरओटा लोकविश्वास व्यक्त भएका छन् । यसअन्तर्गत सबैभन्दा बढी नीति, आचरण र शिक्षामा आधारित उन्नतिसओटा र कम विवाहका लागि परीक्षासम्बन्धी एउटा लोकविश्वास व्यक्त भएका छन् । नीति, आचरण र शिक्षाले असल चरित्र निर्माण गरी नैतिकवान् बनाउने भएको हुँदा यससम्बन्धी धेरै लोकविश्वास प्रचलनमा रहेको पाइएको छ । सामाजिक व्यवहारसम्बन्धी लोकविश्वासपछि असाधारण शक्तियुक्त पचपन्नओटा लोकविश्वास व्यक्त भएका छन् । यसमा सबैभन्दा बढी मानिसको असाधारण शक्तिसम्बन्धी बिसओटा लोकविश्वास रहेका छन् । यी लोकविश्वासमा मानिसले बुद्धि र विवेकको प्रयोग गरी सजिलै विजय हासिल गर्ने सन्देश रहेको छ । असाधारण शक्तियुक्त लोकविश्वासपछि शुभाशुभमा आधारित चालिसओटा लोकविश्वास पाइएका छन् । यसमा सबैभन्दा बढी भाग्यसम्बन्धी बाह्रओटा लोकविश्वास रहेका छन् । यी लोकविश्वासबाट यस क्षेत्रका मानिसहरूले भाग्यमा ज्यादा विश्वास गर्ने स्पष्ट हुन्छ । शुभाशुभपछि जादु र तन्त्रमन्त्रसम्बन्धी अट्ठाइसओटा लोकविश्वास व्यक्त भएका छन् । यसबाट जादुले आफ्नो चमत्कारी शक्तिको प्रयोग गरेर विभिन्न किसिमका आश्चर्यजनक कार्य गरेको र त्यस्ता कार्यप्रति लोकको विश्वास रहेको प्रस्ट हुन्छ । जादु र तन्त्रमन्त्रपछि निषेधसम्बन्धी सत्रओटा लोकविश्वास प्राप्त भएका छन् । निषेधअन्तर्गत वस्तु र क्रिया निषेधसम्बन्धी ज्यादा लोकविश्वास रहेका छन् । निषेधपछि विश्वब्रह्माण्डसम्बन्धी चौधओटा लोकविश्वास व्यक्त भएका छन् । तुलनात्मक रूपमा निषेध र विश्वब्रह्माण्डसम्बन्धी लोकविश्वास कम रहेका छन् । प्रस्तुत अध्ययनबाट लोककथामा सघन रूपमा लोकविश्वासको अभिव्यक्ति हुने कुरा प्रमाणित भएको छ ।

# तेस्रो परिच्छेद

# गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा लोकविश्वासको अभिव्यक्तिगत प्रक्रिया

## ३.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा लोककथामा लोकविश्वासको अभिव्यक्ति कसरी हुन्छ भन्ने जिज्ञासाको समाधान खोजिएको छ । लोककथामा लोकविश्वासको प्रकटीकरण लोककथाका विधातत्त्वहरू मार्फत हुने हुँदा लोकविश्वासको अभिव्यक्तिगत प्रक्रियाको विश्लेषण गर्नुपूर्व लोककथाका तत्त्वहरूको र चिन्तनगत आधारमा लोकविश्वासका प्रकारहरूको अवधारणा प्रस्तुत गरिएको छ । लोककथामा लोकविश्वासको अभिव्यक्तिगत प्रक्रियाको अध्ययनका लागि कथानक, पात्र, परिवेश र अभिप्राय जस्ता तत्त्वलाई आधार बनाइएको छ । यी लोककथाका विधातत्त्वहरूमा शुभाशुभसम्बन्धी, अतिरञ्जनामूलक, धार्मिक अनुष्ठानसम्बन्धी, शक्तिनिष्ठ, जड र चेतनमा आत्मतत्त्वसम्बन्धी तथा तन्त्रमन्त्रनिष्ठ लोकविश्वासको अभिव्यक्तिगत प्रक्रियाको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## ३.२ लोककथाका संरचक तत्त्वसम्बन्धी अवधारणा

लोककथाको निर्माण गर्ने र यसलाई अस्तित्व प्रदान गर्ने मूल कारण नै लोककथाका संरचक तत्त्वहरू हुन् । लोककथाका तत्त्वहरूलाई अवयव, संरचक, घटक र उपकरण पनि भनिन्छ । लोककथा यिनै तत्त्वहरूको समुचित संयोजन र व्यवस्थापनबाट निर्मित हुन्छन् । यिनीहरूको आवश्यक संयोजनबिना लोककथा निर्माण नहुने हुँदा यी तत्त्वहरूलाई अनिवार्य तत्त्व मानिएको छ । लोककथाका अनिवार्य तत्त्वहरू कुन हुन् भन्ने विषयमा भने लोकसाहित्यका अध्येताहरू बिच मतैक्य हुन सकेको छैन । लोकमानस, कथारूप, पात्र, अभिप्राय, सामान्य घटना, संघटना, कथामानक, उपयोग दृष्टि, अलङ्करण र वातावरण लोककथाका संरचक तत्त्वहरू हुन् (सत्येन्द्र, सन् १९७१, पृ. १७०) । हरद्वारीलाल शर्मा (सन् १९९०) का अनुसार कथारूप, पात्र वा चरित्र, घटना विकास क्रम, शिखर बिन्दु र पूर्ति तथा परिणति लोककथाका अवयवहरू हुन् (पृ. ५३०-५३४) । श्रीराम शर्मा (सन्, १९९२) ले कथावस्तु, पात्र, कथोपकथन, वातावरण, शैली र उद्देश्य लोककथाका तत्त्व भएको बताएका छन् (पृ. १११) । भारतीय विद्वानहरूले कथारूप, पात्र, घटना, अभिप्राय, वातावरण, शैली र उद्देश्य लोककथामा तत्त्वहरू भएको धारणा व्यक्त गरेका छन् ।

नेपाली लोककथाहरूको अध्ययनका क्रममा मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी (२०६८) ले कथानक, अभिप्राय, पात्र, परिवेश, कथोपकथन, द्वन्द्व, उद्देश्य, भाषा र शैलीलाई लोककथाका संरचक तत्त्व मानेका छन् (पृ. ८१) । मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल (२०६३) का अनुसार कथानक, चरित्र, परिवेश, उद्देश्य, भाषा र शैली लोककथाका तत्त्वहरू हुन् भने लोककथामा दृष्टिबिन्दु, संवाद र अभिप्राय आदि ऐच्छिक तत्त्वका रूपमा आउँछन् (पृ. ३७५- ३७७) । मोतीलाल पराजुली (२०७१) ले लोककथा आख्यानात्मक विधा भएकाले आख्यानका संरचक तत्त्वहरू कथानक, पात्र, परिवेश, कथोपकथन, द्वन्द्व, उद्देश्य, भाषा र शैली लोककथाका तत्त्व भएको र लोककथामा अभिप्राय लोकतत्त्वका रूपमा रहने बताएका छन् (पृ. ४०) । कपिलदेव लामिछाने (२०७७) ले लोककथाको निर्माणमा आख्यान, कथानक, चरित्र, परिवेश, विचार र अभिप्रायलाई लोककथाका संरचक तत्त्व भनी चिनाएका छन् (पृ. १११) । नेपाली

लोकवार्ताविद्हरूले कथानक, पात्र, परिवेश, कथोपकथन, द्वन्द्व, उद्देश्य, भाषा र शैली तथा अभिप्राय लोककथा संरचक तत्त्वहरू भएको मत व्यक्त गरेका छन् । भारतीय र नेपाली लोकवार्ताविद्का मतहरूको अध्ययन गर्दा लोककथामा लोकविश्वासको अभिव्यक्तिका लागि कथानक, पात्र, परिवेश र अभिप्रायजस्ता तत्त्वहरूको भूमिका रहने ठम्याइएकाले प्रस्तुत अध्ययनमा यिनै तत्त्वहरूको उपयोग गरिएको छ र विश्लेषण गर्नुपूर्व यी तत्त्वहरूको चर्चा गरिएको छ ।

### ३.२.१ कथानक

कथानक भनेको कथामा घट्ने घटनाको शृङ्खलाबद्ध ढाँचा हो । यसमा घटनालाई योजनाअनुसार नै कार्यकारण सम्बन्धमा बाँधिएको हुन्छ । यो लोककथालाई गतिशील बनाउने प्रमुख र अनिवार्य तत्त्व हो । लोककथामा कथानकको सर्वोपरि महत्त्व रहेको हुन्छ भने आधुनिक कथामा चरित्रलाई बढी महत्त्व दिइएको छ (शर्मा र लुइटेल, २०६३, पृ. ३७५) । लोककथामा सिङ्गो जीवनजगत्लाई विषय बनाउन पनि सकिन्छ । यसको विषयवस्तु इतिहास, पुराण, समाज र मानवीय कल्पना हुने भएकाले लोककथामा असाधारण, अद्भुत, रोमाञ्चक र कौतुहलपूर्ण घटनाको विन्यास गरिएको हुन्छ (पराजुली, २०७१, पृ. ४०) । लोककथामा लोकजीवनका सुख, दुःख, वीरता, रहस्य, रोमाञ्च तथा अलौकिक सन्दर्भहरू विषय बन्छन् । यसमा सामाजिक यथार्थलाई पनि अतिरञ्जित गरिएको हुन्छ । लोककथाको कथानकमा घटनाको कालक्रमिक संयोजन हुन्छ । यस्ता कथाहरू सामान्य घटनाबाट जिज्ञासा उत्पन्न गर्दै अलौकिक, असाधारण, अद्भुत शृङ्खलाको उत्कर्षबाट संयोग वा वियोगमा पुगेर टुङ्गिन्छन् । लोककथाको कथानक भिन्नभिन्न तरिकामा संयोजित हुन्छ । कुनैकुनै लोककथामा एउटा कथा भन्दै जाँदा अर्को उपकथा जोडिन आउँछ, यस्तो कथालाई गर्भकथा भनिन्छ (पराजुली, २०७१, पृ. ४१) । उपकथा जोडिएका लोककथा केही लामा हुन्छन् । लोककथाको कथानक छोटो, छरितो, प्रभावकारी हुनाका साथै रोचक र मार्मिक हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३७५) । लोककथाको संरचक घटकमा रूपमा कथानक अनिवार्य तत्त्व हो ।

### ३.२.२ पात्र

आख्यानमा घटना, कार्य र विचारको संवहन गर्ने माध्यम पात्र हुन् । पात्रलाई चरित्र पनि भनिन्छ । यिनै पात्रहरूको सोचाइ र कार्य कथानकमा आएको हुन्छ । लोककथामा पात्रहरू घटना घटित गराउने माध्यम भएकाले कथानक र पात्रहरूका बिच घनिष्ठ सम्बन्ध रहेको हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३७५) । लोककथाको कथानकका घटनाक्रममा पात्रको कार्यव्यापार रहेको हुन्छ । लोककथामा मानवीय र मानवेतर पात्रहरूको व्यवस्था गरिएको हुन्छ । यी कथामा नारी वा पुरुष, प्रमुख वा सहायक, गतिशील वा गतिहीन, वर्गगत वा व्यक्तिगत पात्रहरू रहेका हुन्छन् (शर्मा र लुइटेल, २०६३, पृ. ३७६) । लोककथामा जुनसुकै पात्रहरू भए पनि घटनाले पात्रको चरित्रचित्रण गर्छ भने पात्रले घटना शृङ्खलालाई गतिशील बनाउँदै उद्देश्यतर्फ लैजान्छ । शारदा ढुङ्गाना (२०७३) का अनुसार लोककथामा आउने पात्र सामान्यतः असाधारण चरित्र, विशेष खुबी, अद्भुत शारीरिक संरचना, अधिक शक्तिसम्पन्न, चतुर र असामान्य हुन्छन् (पृ. १२६) । नेपाली लोककथामा देवीदेवता, भूतप्रेत, राक्षस, किचकन्या, उड्ने खाट, खिरपाक ताउली, सुन बड्कौली बाखो, अप्सरा, पसिना आउने ढुङ्गा र बोल्ने रुख आदि पात्रहरूको प्रयोग भएको छ । लोककथामा मानवेतर र जड पात्रलाई पनि मानवीकरण गरिएको हुन्छ । यसरी पात्र वा चरित्रलाई महत्त्व दिइएका लोककथाहरू चरित्रप्रधान कथा हुन् ।

### ३.२.३ परिवेश

आख्यानमा घटना घटित हुने स्थान, समय र वातावरणलाई परिवेश भनिन्छ । कथानकमा आउने घटना कुनै निश्चित समय र स्थानमा घट्छन् । घटना र त्यससँग उत्पन्न हुने समस्यालाई सहयोग गर्न सामाजिक, सांस्कृतिक, आर्थिक र जैविक विविध परिवेश कथामा हुन्छ, त्यसलाई वातावरण भनिन्छ । लोककथाको परिवेश व्यापक रहेको हुन्छ । लोककथामा स्थान र समय विशेषको रीतिस्थिति, आचरण, व्यवहार, रहनसहन, विश्वास, मान्यता, प्राकृतिक पृष्ठभूमि, भौगोलिक अवस्थिति, जीवन र सोचाइ परिवेशभित्र आउँछन् (शर्मा र लुइटेल, २०६३, पृ. ३७६) । लोककथामा आउने स्थान, समय, रीतिस्थिति, मूल्यमान्यता र प्राकृतिक परिवेश हुन् । लोककथामा लौकिक र अलौकिक परिवेशको चित्रण गरिएको हुन्छ । मोतीलाल पराजुली (२०७१) का अनुसार पृथ्वीभित्रको वातारणमा घटित हुने घटना लौकिक र पृथ्वीभन्दा बाहिरका पृथ्क लोकहरूमा घटित हुने घटना अलौकिक परिवेशमा घट्छन् (पृ. ४९) । लोककथामा काल्पनिक र यथार्थ दुवै परिवेशको प्रयोग हुन्छन् । लोककथामा कथयिताले काल्पनिक घटना र पात्रलाई पनि परिवेशका माध्यमबाट स्वभाविक र वास्तविक जस्तो बनाइरहेको हुन्छ । यदि लोककथामा कथानक र पात्रका तुलनामा परिवेशलाई ज्यादा महत्त्व दिइएको छ भने शिल्पका दृष्टिले ती लोककथा परिवेशप्रधान कथा हुन् ।

### ३.२.४ अभिप्राय

लोककथामा बारम्बार दोहोरिने रूढतत्त्वलाई अभिप्राय भनिन्छ । अभिप्राय अद्भुत घटना, अलौकिक शक्ति सम्पन्न चरित्र र निर्माण तन्तुका रूपमा आएको हुन्छ । स्टिथ थम्प्सन (सन् १९४६) का अनुसार असाधारण एवम् अपूर्व गुण भएको परम्परागत कथामा स्थिर रूपले रहने कथानक निर्माणको लघुत्तम तत्त्व नै अभिप्राय हो (पृ. ७-१०) । लोककथामा आउने विशिष्ट वा असामान्य घटना, चरित्र, कार्य तथा विश्वासहरू अभिप्राय हुन् (पराजुली, २०७१, पृ. ४१) ।  अभिप्रायलाई लोककथामा आउने रूढ तत्त्व मानिएको छ । अभिप्राय आदिम मानस तथा सामूहिक अवचेतनबाट सिर्जित लोकसमुदायको परम्परित विश्वासका रूपमा प्रयोग हुन्छन् (पराजुली, २०५४, पृ. २०) । अभिप्रायले गर्दा नै लिखित आख्यान र लोकाख्यानमा भिन्नता रहेको छ । मोतीलाल पराजुली (२०७१) का अनुसार घटनासँग सम्बन्धित अभिप्राय घटनागत, पात्रसँग सम्बन्धित अभिप्राय चरित्रगत र विश्वासमा आधारित अभिप्राय चिन्तनगत अभिप्राय हुन्
(पृ. ४१) । अभिप्रायको प्रभाव कथानकभरि नै रहेको हुन्छ ।

## ३.३ लोकविश्वासको अवधारणागत वर्गीकरण

लोकविश्वास लोकमानसको भावाभिव्यक्ति हो । यसमा विभिन्न किसिमका मूल्यमान्यता र लोकआस्था अभिव्यक्त हुन्छन् । लोकविश्वास लोकको चिन्तन भएको प्रस्ट पार्दै खगेन्द्र लुइटेलले भनेका छन्- “लोकधारणा, लोकप्रचलन तथा लोकआस्थासँग सम्बद्ध विषयलाई लोकविश्वास भनिन्छ” (लुइटेल, २०६८, पृ. २२) । लोकविश्वास लोकको सोचविचार, चिन्तनमनन, धारणा र आस्थाका कारण निर्मित हुने हुनाले यसमा लोकको सामूहिक चिन्तन हुन्छ । लोकविश्वास परम्परागत मूल्यमान्यतामा आधारित हुन्छ । लोकसमाजमा ईश्वर, पूजापाठ, धुपधुवार, स्नान, तीर्थ, व्रत, भाग्य र अभाग्य, स्वर्ग, नरक, पुनर्जन्म, नदी, वृक्षवनस्पतिको पूजा, अभिशाप तथा वरदान, शकुन र अपशकुन, भूतप्रेत, बोक्सी, धामीझाँक्री र

टुनामुनासम्बन्धी लोकविश्वास प्रचलित छन्, तिनलाई लोकसमाजले निष्ठापूर्वक अपनाएको छ (सुवेदी, २०५५, पृ. २५) । लोकविश्वास लोकमा सामूहिक सत्यका रूपमा प्रचलित रहेको छ ।

लोकमा प्रचलित लोकविश्वासलाई पृथ्वी र आकाश, वनस्पति जगत्, पशु जगत्, मानव जगत्, मानव निर्मित वस्तु, आत्मा र पुनर्जीवन, दैवीशक्ति, शकुन र अपशकुन र भविष्यवाणी, जादु, टुनामुना तथा रोग र निदानजस्ता आधारमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ (बर्न, सन् १९१४, पृ. ४) । लोकविश्वासमा लोकको सामूहिक चिन्तन प्रकट हुन्छ । लोकमानसको अध्ययन गर्ने क्रममा प्राकल्पना, आत्मशीलता, टोना विचारण र आनुष्ठानिक चिन्तन व्यक्त भएका छन् (सत्येन्द्र, सन् १९७१, पृ. ४१) । लोकविश्वासमा यथार्थ र कल्पनामा भेद नदेख्ने, जड र चेतन आत्मायुक्त हुने, अनुष्ठानमार्फत अभीष्ट पूरा हुने तथा विश्वासका आधारमा चमत्कारी कार्य गर्न सकिने लोकमनको अभिव्यक्ति भएको हुन्छ । चूडामणि बन्धु (२०५८) का अनुसार लोकमनका चिन्तनहरू स्वैरकल्पना, सर्वात्मावादी, टुनावादी र आनुष्ठानिक हुन्छन् (पृ. ४५) । लोकविश्वास यिनै चिन्तनको प्रतिफल भएका कारण लोकसमाजमा देवीदेवता, मानिस, जीवजन्तु, वस्तुमा असाधारण शक्ति, तन्त्रमन्त्र, तीर्थ, व्रत, दान, धर्म, यज्ञ, जीवात्मा, भाग्य र अभाग्य, शुभ र अशुभ, भूतप्रेत, राक्षस, किचकन्या, श्राप, आशीर्वाद, वरदान आदिमा विश्वास गरिएका लोकविश्वास प्रचलित छन् ।

गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासमा व्यक्त अवधारणाका आधारमा लोकविश्वासलाई शुभाशुभसम्बन्धी, अतिरञ्जनामूलक धार्मिक अनुष्ठानमूलक, शक्तिनिष्ठ, जड र चेतनमा आत्मा तत्त्वसम्बद्ध र तन्त्रमन्त्रनिष्ठ विश्वास गरी छ प्रकारमा वर्गीकरण गरेर ती लोकविश्वास लोककथाका कथानक, पात्र, परिवेश र अभिप्रायजस्ता तत्त्वका माध्यमबाट कसरी अभिव्यक्त भएका छन् भनी विश्लेषण गर्नुपूर्व शुभाशुभसम्बन्धी, अतिरञ्जनामूलक धार्मिक अनुष्ठानमूलक, शक्तिनिष्ठ, जड र चेतनमा आत्मा तत्त्वसम्बद्ध र तन्त्रमन्त्रनिष्ठ गरी छ प्रकारका लोकविश्वास बारे प्रस्ट पारिएको छ ।

### ३.३.१ शुभाशुभसम्बन्धी लोकविश्वास

शुभाशुभले शुभ र अशुभ लक्षणलाई बुझाउँछ । मानिसले आफ्नो भविष्यका बारेमा चिन्ता गरेर राम्रो या नराम्रो अनुमान गर्ने हुनाले शुभाशुभमा विश्वास गर्ने प्रचलन रहेको छ । प्राचीन कालमा लोकविश्वासलाई *शकुनशास्त्र*बाट प्रतिपादित 'शकुन' नामले चिनिन्थ्यो र 'शकुन' ले 'पक्षी' लाई बुझाउँछ । मानिसले पक्षीको गति, स्वर र चेष्टा आदिद्वारा शुभाशुभको अनुमान गरेको पाइन्छ (उपाध्याय, सन् १९९१, पृ. १२) । प्राचीन कालदेखि नै शुभाशुभ फल बुझाउने 'शकुन' शब्दका नामबाट लोकविश्वास समाजमा प्रचलित रहेको छ । शुभको सङ्केत गर्ने लक्षणलाई शकुन र अशुभको सङ्केत गर्ने लक्षणलाई अपशकुन भनिन्छ । धुव्रप्रसाद भट्टराई (२०७९) का अनुसार समाजले प्राकृतिक अवस्था, व्यक्ति, जीवजन्तु, तिनका क्रियाकलाप एवम् सपना आदिलाई शुभ या अशुभका रूपमा मान्दै आएको छ (पृ. ७०९) । मानिसले आफूलगायत वरपरका वस्तु र प्रकृतिबाट लोकविश्वासको निर्माण गर्दछ । हंसपुरे सुवेदी (२०५५) का विचारमा जीवनयात्राका क्रममा देखापर्ने आकस्मिक सङ्केत शकुन हुन्, जो शुभाशुभ घटनाको द्योतक हुन पुगेका छन् (पृ. २८) । शुभाशुभमा ठाउँ, परम्परा, मानिसको अवधारणा तथा *हिन्दुधर्मशास्त्र, ज्योतिषशास्त्र, शकुनशास्त्र* र तन्त्र आदिको गहिरो प्रभाव हुन्छ (सुवेदी, २०५५, पृ. २९) । शुभाशुभ सङ्केतहरू स्थान, मूल्यमान्यता र लोकानुभवमा आधारित हुन्छन् । मोतीलाल पराजुली (२०७१) ले कुनै

शुभकार्यको थालनी गर्दा, शुभ साइत गर्दा वा विशेष काम गर्दा कार्यको प्रारम्भमा लक्षण विचार गर्ने लोकप्रचलन रहेके बताएका छन् (पृ. १९६) । तसर्थ लोकले कामको सुरुवात गर्दा शुभाशुभ लक्षणको अनुमान गरी कार्य गर्दछ ।

### ३.३.२ अतिरञ्जनामूलक लोकविश्वास

अतिरञ्जनाको अर्थ कल्पनाप्रधान हुनु हो । यसलाई उडन्ते, अतिरञ्जक, अतिकल्पना काल्पनिकता र स्वैरकल्पना पनि भनिएको छ । कुनै घटना, पात्र आदिको वर्णन उडन्ते वा तिलस्मी किसिमले बढाइचढाइ गरिने वर्णनलाई अतिरञ्जना भनिन्छ । लोकसाहित्यमा बहुलोकहरूको सिर्जना गर्नु, असम्भव कार्यलाई सम्भव देखाउनु, दिव्यशक्तिको कल्पना गर्नु, सबै प्राणी र पदार्थमा चेतनतत्त्वको कल्पना गर्नु र अतिरञ्जित संसारभित्र मानिसलाई विचरण गराउनु काल्पनिक विशेषताहरू हुन् (पराजुली र गिरी, २०६८, पृ. १७९) । विभिन्न शक्तिको कल्पना गरी चमत्कारी कार्य देखाउनु नै कल्पनाशीलता हो । मोतीलाल पराजुली र जीवेन्द्र देव गिरी (२०६८) का अनुसार लोककथामा परी तथा अप्सरा, नाग, नागकन्या, बोक्सी, जादु, टुनामुना, भूत, प्रेत, राक्षस, असाधारण पशुपक्षी, सरिसृप र वृक्षवनस्पतिलाई पात्र बनाइएका अतिरञ्जित विषयहरू हुन्छन् (पृ. १९०) । लोककथामा मानवीय तथा मानवेतर पात्रको अतिरञ्जना गरिएको हुन्छ । यस्ता कथामा रहस्य, रोमाञ्चक, भूत, प्रेत, पिशाच, दानव र परीसम्बन्धी वर्णन अलौकिक हुने भएकाले यी अतिरञ्जित विषयलाई श्रोताले चाखपूर्वक सुन्ने गर्दछन् (उपाध्याय, सन् १९५७, पृ. १३४) । यी अतिरञ्जित पात्रहरूमा लोकविश्वास रहेको हुन्छ ।

लोकसाहित्यका अन्य विधाभन्दा लोककथामा ज्यादा कल्पनाशीलता हुन्छ । अलौकिक, अद्भुत, रहस्य र रोमाञ्च कथामा बढी काल्पनिकता हुन्छ (शर्मा र लुइटेल, २०६३, पृ. ३७८) । यसरी लोककथामा आउने अलौकिक घटना, अद्भुत पात्र, रहस्य र रोमाञ्चमा लोकविश्वास अभिव्यक्त हुन्छन् । मोतीलाल पराजुली (२०७१) का अनुसार सामान्य घटना, पात्र, कार्यभन्दा असाधारण, अलौकिक तत्त्वले नै लोकविश्वासको निर्माण हुन्छ (पृ. १६८) । लोकविश्वासमा देवीदेवता, ईश्वर, भूत, प्रेत, किचकन्या, बोक्साबोक्सी, मुर्कटा, जीवात्मा, असाधारण व्यक्ति, वस्तु, पदार्थ, ठाउँ र प्रकृतिसम्बन्धी अतिरञ्जित वर्णन गरिएको हुन्छ । विज्ञानसँग आजसम्म मरेको मानिसको आत्मा बोलेको कुनै प्रमाण छैन तर समाजमा मरेको मानिसको आत्मा जिउँदो मानिसमा अवतरण गराएर भूत, वर्तमान र भविष्यका विषयमा जिज्ञासा प्रकट गरिएको हुन्छ (सुवेदी, २०५५, पृ. ९५-१००) । वैज्ञानिक जगत्ले अतिरञ्जित विषयलाई असम्भव ठहऱ्याए पनि समाजले सामूहिक सत्यका रूपमा स्विकार्छ । लोककथामा आउने अतिरञ्जित घटना, पात्र, परिवेश र अभिप्राय लोकको विश्वासका कारण नै समाजमा निरन्तर प्रचलित छन् ।

### ३.३.३ धार्मिक अनुष्ठानसम्बन्धी लोकविश्वास

धर्म मानिसमा रहेको आस्था हो । यसले कर्तव्य, जाति र सम्प्रदाय आदिको प्रचलित आचारलाई जनाउँछ (आप्टे, सन् १९६६, पृ. ४८९) । मानव समुदायको कर्तव्य र आचरणलाई धर्म भनिन्छ । कुनै वस्तुको स्वभाव, वृत्ति, गुण, धारणा, नियम र आचरण तथा कर्तव्यको पालना गर्नु धर्म हो (प्रभात, २०७४, पृ. २२७) । धर्मलाई कुनै पनि व्यक्ति र वस्तुमा रहेको मूल स्वभाव मानिएको छ । लीलाप्रसाद सापकोटा (२०७२) का अनुसार विज्ञानले अनुसन्धान र प्रयोगशालामा, दर्शनले तर्क र बुद्धिमा, धार्मिक मानिसले आचरण, व्यवहार, धर्मशास्त्र र ईश्वरमाथिको आस्थामा धर्मको अर्थ खोजेका हुन्छन् (पृ. ४२) । मानिसमा

धर्मसम्बन्धी बुझाइ भिन्न रहे पनि विषयवस्तुको मूलभाव नै धर्म हो । प्राचीन समयदेखि मानिसले ईश्वर, देवीदेवता, पितृ, अतृप्त आत्मा, यज्ञ, तीर्थ, व्रत, पापपुण्य आदिमा विश्वास गर्नुलाई धर्म मानेका छन् । लोकले पुण्य प्राप्तिका लागि स्नान, पूजा, उपासना, व्रत, यज्ञ आदि धार्मिक अनुष्ठान गर्दछ । मानिसले विभिन्न संस्कार, चाडपर्व, व्रत, उपवास, पूजाविधिहरू लोकरीति र लोकव्यवहारका रूपमा अपनाउँदै आएका छन् (बन्धु, २०५८, पृ. १६) । नेपाली समाजमा देवीदेवताको पूजा, तपस्या, प्रार्थना, देवस्थल निर्माण, यज्ञ, यज्ञादि, तीर्थ, व्रत, दान र श्राद्ध कर्म आदिलाई पुण्य प्राप्त गर्न गरिने धार्मिक कृत्य मानिएको छ । लोकको दृढ आस्थाका कारण लोककथामा धार्मिक अनुष्ठानसम्बन्धी लोकविश्वास अभिव्यक्त भएका छन् ।

### ३.३.४ शक्तिनिष्ठ लोकविश्वास

बल, पराक्रम वा तागत नै शक्ति हो । लोककथामा अनौठा घटनाक्रम, असाधारण शक्ति सम्पन्न पात्रहरू, अद्‌भुत परिवेश र आश्चर्य लाग्दा अभिप्रायमार्फत शक्तिनिष्ठ लोकविश्वास व्यक्त हुन्छन् । यस्ता कथामा देवीदेवता, मानिस, पशुप्राणी, विभिन्न वस्तु, ठाउँ र प्राकृतिक घटनामा असाधारण सामर्थ्य रहने लोकविश्वास रहेका छन् ।

आदिम मानवले ज्ञानको कमी र भयका कारण असाधारण शक्तिमा विश्वास गरेको छ । आदिम युगमा मानिसले प्रकृतिमाथि विजय प्राप्त गर्नका लागि जादु, टुनामुना जस्तो असाधारण शक्तिको कल्पना गरेको तर त्यो शक्तिमार्फत प्रकृतिमाथि विजय प्राप्त गर्न नसकेपछि त्यही शक्तिलाई दैवीशक्तिका रूपमा प्रार्थना गरेको पाइन्छ (फ्रेजर, सन् १८९०, पृ. ११-५०) । आदिम मानवले प्रकृतिमाथि विजय प्राप्त गर्न शक्तिको कल्पना गरेको मान्यता छ । कृष्णदेव उपाध्याय (सन् १९९१) का अनुसार मानिसले आत्मरक्षाका लागि दैवीशक्तिको कल्पना गरी त्यसको पूजा, प्रार्थना गरेको पाइन्छ (पृ. ४) । मानिसले आत्मरक्षा गर्न देवीदेवतासम्बन्धी अलौकिक शक्तिको कल्पना गरेको छ ।

लोककथामा मानिसको असाधारण क्षमताको प्रयोग भएको हुन्छ । समाजमा अद्‌भुत कार्यहरू सम्पन्न गरेर लोकलाई प्रभाव पारेका अतिमानवलाई लोककथाका पराक्रमी नायकका रूपमा चित्रण गरिएको छ । यी पात्रमा सामान्य मानिसको भन्दा अतिरिक्त शक्ति र गुण रहने धारणा छ । लोककथामा प्रयोग हुने मानवेतर पात्रहरूमा विशेष क्षमता, अद्‌भुत शक्ति र आश्चर्यजनक कार्य गर्ने क्षमता हुन्छ । लोककथामा अद्‌भुत शारीरिक संरचना, शक्ति र बुद्धि भएका जीवहरूलाई पात्र बनाइएको हुन्छ (पराजुली, २०७१, पृ. १७५) । नेपाली लोककथामा पशुपक्षीको असाधारण शक्तिको चित्रण गरिएको छ । यस्ता लोककथामा आउने पशुपक्षीहरू मान्छेको भाषा बोलेर मान्छेकै व्यवहार गर्दछन् र यिनले मानिसलाई आपत्‌विपत्‌बाट उपकार गर्दछन् (दिवस, २०३३, पृ. ४३) । लोककथामा पशुप्राणी र विभिन्न वस्तुलाई मानवीकरण गर्दै तिनलाई शक्तिशाली देखाइएको छ ।

लोककथामा अद्‌भुत क्षमता भएका शक्तिशाली वस्तुहरूको पनि प्रयोग भएको हुन्छ । नेपाली लोककथामा जादुमय शक्ति भएका पिँजडा, डोको, औँठी, डोरी, तरबार, सियो, वाण, खाट आदिको प्रयोग भएको छ । मोतीलाल पराजुली (२०७१) का अनुसार असाधारण शक्तिसम्पन्न वस्तुहरूको प्रयोगले नायक, नायिकालाई आपत्‌विपत्‌बाट जोगाउँदै उनीहरूको इच्छापूर्ति गरेका छन् (पृ. १७५) । असाधारण वस्तुका कारण लोककथाका नायकनायिका प्रतिकूल परिपस्थितिमा समेत विजय प्राप्त गर्न सफल हुन्छन् ।

लोककथामा अतिकल्पनाका माध्यमबाट पृथ्वीबाहेक अन्य लोकहरूको समेत कल्पना गरिएको छ । पृथ्वीभित्र नागराजको राज्य, पाताल यात्रा गर्ने अद्भुत गुफा, इन्द्रिय परिवर्तन गर्ने पोखरी, रत्नहरूको पहाड, पापी मानिस जान नसक्ने अद्भुत ठाउँ, स्वर्गको अनुभव हुने बगैंचा आदि स्थलहरूको वर्णन गरिएको छ (पराजुली, २०७१, पृ. १७५) । यस्ता अद्भुत स्थलहरूका कारण लोककथा रोमाञ्चक बनेका छन् । यसरी आदिम मानवले मानिस, पशुपक्षी, वस्तु, ठाउँ र प्राकृतिक घटनामा समेत असाधारण शक्ति रहने र त्यस शक्तिले मानिसलाई सहयोग पुग्ने कल्पना गरेको छ ।

### ३.३.५ जड र चेतनमा आत्मतत्त्वसम्बन्धी लोकविश्वास

आत्मा प्राणीलाई सक्रिय बनाइरहने तत्त्व हो । शरीरमा रहेर त्यसलाई जीवित र क्रियाशील बनाउने र नरहेको अवस्थामा निष्क्रिय वा मुर्दासमान बनाउने अविनाशी, अतीन्द्रिय र अभौतिक शक्तिका रूपमा आत्मालाई लिइन्छ (प्रभात, २०७४, पृ. ४५) । आत्माले जीवलाई सक्रिय र क्रियाशील बनाउने भए पनि यो अभौतिक हुने भएकोले यसलाई अदृश्य मानिएको छ । यसले मानिसलाई आफू हुनुको बोध गराएको हुन्छ । आत्माले स्वयम् व्यक्तिको अस्तित्व स्विकार्ने कुरा प्रस्ट पार्दै प्रमोद ढकालले भनेका छन्- “मानसिक संसारमा जुन अहङ्कारले यो म हुँ, यो मेरो हो, यो अन्यत्री हो भन्ने छुट्याउँछ, स्व र परको अर्थ जान्दछ, आफ्नो-अर्को छुट्याउन स्वार्थको निर्धारण गर्छ, त्यसैलाई आत्मा भनेर चिन्नुपर्छ” (ढकाल, २०७६, पृ. २१) । आत्मामा अरूबाट आफूलाई भिन्न देख्ने वा छुट्याउने चेतना हुन्छ । टेलर (सन् १८७१) का अनुसार जीवात्मा धर्म र दर्शनको पृष्ठभूमि भएको र प्राचीन मानवदेखि आजसम्म कायम रहेको छ (पृ. ३८५) । सपनामा आत्मा शरीर बाहिर गई गरेका कार्यानुभवका आधारमा मानिसले शरीर र आत्मा भिन्न रहेको महसुस गरी मृत्युपछि आत्मा जडजगत्मा जाने कल्पना गरेको छ (शर्मा, २०७५, पृ. १३६) । पृथ्वीका अन्य जडवस्तुमा पनि आत्मा हुन्छ भन्ने लोकविश्वास रहेको छ । गिलमोर (सन् १९१५) का अनुसार निद्रा, सपना र मृत्युका घटना आत्माका स्रोत हुन् (पृ. ३५) । आदिम चेतनामा निद्रा, सपना र मृत्युका आधारमा शरीर र आत्मा फरक रहेको र मानिस मरेपछि उसको आत्मा ढुङ्गा, रुख, बालीनाली, हावापानी र अन्य जीवमा जाने विश्वास छ । मानिसले शरीर र आत्माको अस्तित्व फरक देखेपछि धर्मको स्थापना भएर जड पदार्थको पूजा गर्ने चलन स्थापित भएको पाइन्छ (शर्मा, २०७५, पृ. १३६-१३७) । मानिसले जड पदार्थमा पनि आत्मा रहने विश्वास गर्दै तिनको पूजा गर्दछन् । वैदिक दर्शनमा आत्मालाई सबैभन्दा सानो मबाट सुरु भई समग्र ब्रह्माण्डलाई जोड्ने तत्त्व मानिएको छ (ढकाल, २०७६, पृ. २२-२३) । वैदिक दर्शनमा आत्मा सर्वव्यापी हुने धारणा रहेको छ । बौद्ध दर्शनमा पनि रुखमा आत्मा रहने बताइएको छ (टेलर, १८७१, पृ. ४२९) । यहाँ जड वस्तुमा पनि आत्मतत्त्व हुने धारणा व्यक्त भएको छ ।

नेपाली लोककथामा जड र चेतनमा आत्मतत्त्व रहने लोकविश्वास रहेको छ । आत्मा तत्त्व भएका कारण जड र जीवजन्तु तथा वनस्पतिले समेत मानिसले झैँ विवेकपूर्ण तरिकाले कार्य गर्छन् भन्ने लोकमान्यता छ । आदिम मानवले संसारका सबै प्राणी र वस्तुमा आत्मा रहने हुँदा तिनले मानिसले जस्तै सोच्ने, बोल्ने र अनुभव गर्न सक्छन् भन्ने धारणा राख्दथे (पराजुली, २०७१, पृ. १७०) । आत्मा सबै प्राणीमा व्याप्त रहन्छ भन्ने लोकधारणा प्रचलित छ । कृष्णदेव उपाध्याय (सन् १९९१) का अनुसार मानिसको मृत्युपश्चात् श्राद्धकर्मको विधिवत् समाप्ति नहुने बेलासम्म मृतकको आत्मा प्रेत योनिका रूपमा डुल्छ (पृ. ३१९) । उनले व्यभिचारी, अपराधी र कपटी मानिस मरेपछि उसको आत्मा पिशाच, मसान र राक्षस बन्ने भन्दै आत्माको अस्तित्व स्विकारेका छन् । गरुड पुराणमा मानिस मरेपछि

कीटपतङ्ग, पशुपक्षी, जलचर, माछा, कछुवाजस्ता चौरासीलाख योनिमा जन्म हुने उल्लेख छ (वशिष्ठ, २०६६, पृ. ४२) । प्राणीमा रहेको आत्मा देहको अन्त्यपछि विभिन्न वस्तु, पशुपक्षी र वनस्पतिमा जाने लोकविश्वास छ । अकालमा मरेको तथा उचित मृत्युसंस्कार नपाएको मानिसको आत्मा अतृप्त भई डुल्ने लोकविश्वास पाइन्छ (पराजुली, २०७१, पृ. १८३) । यी मान्यताहरूका आधारमा प्राचीन समयदेखि नै जड र चेतनमा आत्मा रहने लोकधारणा रहेको प्रस्ट हुन्छ ।

लोककथामा शुभ र अशुभ, शकुन र अपशकुन, सुस्वप्न र दुःस्वप्न, फाप र अफाप, लच्छिन र अलच्छिन, वरदान, आशीर्वाद, श्राप र श्रापमुक्ति, आङ्गिक क्रिया र शारीरिक चिह्न, भाग्य र अभाग्य, भविष्यवाणीबाट शुभ र अशुभ फलको अनुमान गरिएको हुन्छ । लोककथामा प्राप्त शकुन, सुस्वप्न, फाप, वरदान र आशीर्वाद र श्रापमुक्तिबाट शुभ लक्षणको अन्दाज गरिएको हुन्छ भने अपशकुन, दुःस्वप्न, अफाप, श्रापबाट खराब लक्षणको अनुमान गरिएको हुन्छ । शारीरिक चिह्न, भाग्य र भविष्यवाणीबाट असल र खराब दुवै लक्षण प्राप्त हुने लोकविश्वास छ । लोककथामा शुभाशुभ सङ्केतको अनुमान गरिएका लोकविश्वास व्यक्त भएका हुन्छन् ।

### ३.३.६ तन्त्रमन्त्रनिष्ठ लोकविश्वास

लोककथामा तन्त्रमन्त्रमा विश्वास गरिएका लोकविश्वासको अभिव्यक्ति हुन्छ । ज्ञानको विस्तार गर्ने तन्त्रशास्त्रबाट मुक्ति प्राप्तिको उपाय प्राप्त हुने लोकविश्वास छ । 'तन्त्र' शब्दले देवीदेवताको उपासना, एकनिष्ठ आराधना र उद्देश्य लाभमा तदारुकता तथा त्यसअनुसार पद्धति प्रतिपादन गर्ने शास्त्रविशेषलाई निर्देश गर्दछ (सुवेदी, २०५५, पृ. ८१) । *तन्त्रशास्त्र*ले देवीदेवताको उपसनाबाट निश्चित उद्देश्य हासिल गरी त्यसलाई व्यावहारिक रूप दिने शास्त्रलाई बुझाउँछ । देवीदेवताको उपासना गरी सिद्धि प्राप्त गर्ने सिद्ध तान्त्रिकले तन्त्रको प्रयोग गरी लोकहितका लागि काम गर्छन् । कृष्णदेव उपाध्याय (सन् १९९१) का अनुसार तन्त्र सिद्धि प्राप्त तान्त्रिकहरूले लोककल्याणार्थ प्रयोग गर्ने भए पनि वामाचार मार्गीहरूले भने सिद्धि प्राप्तिका लागि मद्य, मांस, मैथुन, मत्स्य र मुद्रा सम्पादन गर्ने भएकाले लोकले तान्त्रिकलाई घृणाको दृष्टिले हेर्ने गर्छन् (पृ. ३३१) । मानिसले तान्त्रिक विधिको विश्वास गर्ने भए पनि उनीहरूका खराब क्रियाकलापलाई घृणा गरेको पाइन्छ । हंसपुरे सुवेदी (२०५५) का अनुसार लोकमा तन्त्रले चित्रात्मक विधिविधान, जन्तर, बुटी र सम्पुट आदिलाई ओगट्दै अप्रत्यक्ष रूपमा जीवनयात्रालाई सुखसमृद्ध र आलोकपूर्ण बनाउने साधनवान् कर्मलाई बुझाएको छ (पृ. ८१) । लोकले तन्त्रात्मक विधिमार्फत गरिने औषधोपचारमा विश्वास गरेको हुन्छ ।

मन्त्र देवीदेवतालाई खुसी पार्न गोप्य रूपमा जपिने शब्द वा वाक्य हो । यसमा वेदका ऋचाको प्रधानता हुने भएकाले मन्त्रमा दैवीशक्ति हुने लोकविश्वास छ । लोकले मन्त्रलाई शिवजीबाट उत्पत्ति भएको मानेर देववाणी ठानेर श्रद्धा गर्दछ (उपाध्याय, सन् १९९१,
पृ. ३३१) । मन्त्रमा दैवीशक्ति हुने भएकाले यसले कार्य सिद्धि गर्ने लोकधारणा छ । शुद्ध तनमनले मन्त्र जप गर्दा भूतप्रेत, पिशाच र मसानजस्ता दुष्टात्मा भाग्ने लोकविश्वास रहेको छ । तन्त्रमन्त्रसँगै यन्त्रको पनि प्रयोग गरिएको हुन्छ । यन्त्रको रूप लिखित हुन्छ र यसलाई शत्रुको नाश, कार्य सिद्धि र रोगनाश गर्न तान्त्रिक विधिबाट मन्त्रलाई लेखेर पाखुरा तथा कम्मरमा बाँध्ने, घाँटीमा भिर्ने र घरमा राख्ने गर्दछन् ।

हंसपुरे सुवेदी (२०५५) का अनुसार लौकिक तहमा तन्त्रमन्त्रको गहिराइ र महिमाबोधलाई राम्ररी नबुझेका कारण धामीझाँक्री, झारफुके, बिजुवा र लामालाई तान्त्रिक व्यक्ति मानिएको छ र जानिफकार दैवज्ञ वा वैद्यको कोटिमा पर्छन् (पृ. ८२)। लोककथामा तन्त्रमन्त्रअन्तर्गत लामा, धामीझाँक्री, गुरु, पुरोहित, टुनामुना, झारफुक र जादुको शक्तिसम्बन्धी लोकविश्वास व्यक्त भएका हुन्छन्। यसरी तन्त्रमन्त्रमा विश्वास गर्नु आदिम चेतना हो भने यसमा लोकविश्वास विद्यमान रहेको छ।

## ३.४ शुभाशुभसम्बन्धी लोकविश्वासको अभिव्यक्तिगत प्रक्रिया

शुभाशुभले असल वा खराब विश्वासलाई बुझाउँछ । शुभले कल्याणकारी, हितकारी, भाग्य र पुण्यकार्यलाई बुझाउँछ भने अशुभले अपवित्र, अमङ्लकारी, पापकर्म र दुर्भाग्यलाई बुझाउँछ । प्राचीन समयमा लोकविश्वासलाई शकुन भनिन्थ्यो । शुभाशुभ फल विवेचना गर्ने, शकुनबारे निरूपण गर्ने शास्त्रलाई *शकुनशास्त्र* भनिएको छ (उपाध्याय, सन् १९९१, पृ. १२) । प्राचीन समयदेखि लोकव्यवहारमा शुभाशुभ फलको विवेचना शकुनमार्फत गरिएको छ । शकुन शब्दले सगुन लक्षण वा शुभाशुभलाई बुझाउँछ (आप्टे, सन् १९६६, पृ. ९९६) । लोकसमाजले प्रकृति, व्यक्ति, जीवजन्तु वा कुनै वस्तुको दर्शन, तिनका क्रियाकलाप र सपना आदिलाई शुभ या अशुभका रूपमा मान्दै आएको छ (भट्टराई, २०७९, पृ. ७०९) । लोकव्यवहारमा प्रकृति, मानिस, जीवजन्तु आदिका क्रियाकलाप र सपनामा देखिने दृश्यका आधारमा शुभाशुभ लक्षणको अनुमान गरिएको हुन्छ । मोतीलाल पराजुली (२०७१) का अनुसार कार्यको थालनीमा शुभ शकुनहरू देखिएमा कार्य सिद्धि हुने तथा अपशकुन देखिएमा कार्यमा विघ्नबाधा आइपर्ने वा यात्रा कष्टप्रद हुने विश्वास गरिएको छ (पृ. १९६) । कार्यको सुरुवातमा आकस्मिक रूपमा देखिने शुभाशुभ फलको विचार गरेर उक्त कार्यप्रति मानिस सचेत र सजग रहन्छन् । प्रायः मानिसले अशुभ सङ्केत देखिएमा तत्काल काम रोकेर पुनः सुरु गर्छन् (सुवेदी, २०५५, पृ. ३०) । लोककथामा शकुन र अपशकुन, फाप र अफाप, भाग्य र दुर्भाग्य, असल र खराब, सुस्वप्न र दुःस्वप्न लच्छिन र अलच्छिन, श्राप, श्रापमुक्ति, आशीर्वाद, वरदान, ज्योतिषविद्या, शारीरिक चिह्न र क्रियाकलापका आधारमा शुभाशुभ फलको अनुमान गर्ने लोकविश्वास प्रचलनमा रहेका छन् ।

गण्डकी प्रदेशका लोककथामा सुस्वप्न, अर्तीउपदेशले भाग्य परिवर्तन हुने, कैला आँखा र घुमेका पैताला तथा कुरूप अनुहार अशुभ हुने, वरदानले शुभफल दिने भए पनि कुकर्मीलाई वरदान दिन नहुने, मूल ग्रहमा जन्मने व्यक्ति अशुभ हुने, जोगीको श्राप अपशकुन मानिने, पचभैयाले दिएको वर र पितृले दिएको आशीर्वादबाट शुभफल प्राप्त हुने लोकविश्वास व्यक्त भएका छन् । यी लोकविश्वास लोककथाका तत्त्व कथानक, पात्र, परिवेश र अभिप्रायमार्फत प्रकट भएका छन् । यी लोकविश्वासको प्रयोजन कुनै काम गर्नुपूर्व शुभाशुभ फलको अनुमान गरी त्यस कार्यलाई सचेततापूर्वक सम्पन्न गर्न सजग गराउने रहेको छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित 'अकलामाई', 'अल्छी', 'कालजित', 'खछ्यो झोङ दरबार', 'गोरखनाथ', 'ज्ञान', 'दाहिने बङ्गारो', 'पचभैया', 'भाग्य', 'लामाको शक्ति', 'वृत्रासुर राक्षस' र 'सराद' नेपाली लोककथामा शुभाशुभसम्बन्धी लोकविश्वास रहेकाले तिनको छनोट गरी उद्धरणसहित क्रमशः विश्लेषण गरिएको छ :

'अकलामाई' लोककथामा विधिपूर्वक देवीको पूजा गर्दा शुभ हुने लोकविश्वास प्राप्त भएको छ । यसको कथानकअन्तर्गत काटेको रुख भुइँमा नझर्नु, देवीले मानिसको सपनामा आएर आफ्नो पूजा गर्न

भन्नु र मानिसले विधिपूर्वक देवीको पूजा गर्दा काटेको रुख भुइँमा खस्नु आदि घटनाक्रमबाट लोकले सपनाअनुसार देवीको पूजा गर्दा शुभफल प्राप्त हुने विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा देवी र मानिस सक्रिय पात्र हुन् । कथानकअनुसार सपनामा देवी आएर रुखमा आफू भएको बताएकी छिन्, जसलाई 'अकलामाई' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> "म यहाँ देवी छु । मेरो कुनै किसिमको सम्मान भएन । मेरो शिरमाथिका रुखहरू यसरी काटिँदा मलाई दुःख लायो । तिमीहरू मेरो नजिकै हुँदा पनि मलाई पहिचान गर्न सकेनौँ । त्यो रुखमा म प्रवेश गरेकी छु । रुख काटिँदा पनि भुइँमा झर्न नदिने अवस्था मैले बनाएकी हुँ । तिमीहरूले मेरो पूजन गर, मलाई सम्झिनी काम गर" भन्नी सपनामा परिचय भएका कारणले भोलिपल्ट विधिसाथ देवीको आराधना गरेर उहाँहरू फर्किनुभो । (परिशिष्ट (क), 'अकलामाई')

माथिको उद्धरणमा देवीले सपनामा आएर आफ्ना शिरमाथिका रुख काट्दा दुःख लागेको र आफ्नो कुनै किसिमको सम्मान नभएको बताउँछिन् । मानिसहरूले थान बनाएर विधिपूर्वक देवीको पूजा गर्छन् । यसरी देवीको पूजा गर्दा रुख भुईंमा खसेका कारण शुभफल प्राप्त भएको छ । देवी र मानिसका क्रियाकलापबाट शुभफल प्राप्त भएका कारण लोकले पात्रमार्फत शुभाशुभमा विश्वास गरेको प्रमाणित हुन्छ । घना जङ्गलका बिचमा देवीथान निर्माण गरेर विधिपूर्वक देवीको पूजा गर्दा शुभफल प्राप्त भएको घटनाले परिवेशमार्फत शुभाशुभमा विश्वास गरिने पुष्टि गर्दछ । यसमा देवी र देवीथान अभिप्राय हुन् । देवीले सपनामा दिएको उपदेशअनुसार मानिसले पूजा गरी शुभफल प्राप्त गरेको हुँदा यी अभिप्रायद्वारा शुभाशुभमा विश्वास गरिएको पुष्टि हुन्छ ।

'अल्छी' लोककथामा अर्तीउपदेशले भाग्योदय हुने लोकविश्वास प्राप्त भएको छ । अर्तीउपदेशका नेपाली लोककथाहरूमा कर्तव्यपालना, परोकपकार, सत्य, न्याय, त्याग, सहनशीलता, सन्तोष आदिको भाव र मूल्य प्राथमिकताका साथ प्रस्तुत गरिएको हुन्छ (दिवस, २०७७, पृ.३१) । लोकले मान्यजन वा ठुलाबडा व्यक्तिबाट प्राप्त अर्तीउपदेशले सदाचारको वृद्धि गर्ने हुँदा भाग्योदय हुने विश्वास गर्दछ । 'अल्छी' लोककथामा मितबाले दिएको अर्तीउपदेश अल्छीले मनन गर्नु, अल्छीले जोगीको शव गाड्नु, उसले जोगीका टाउकामा हिराका डल्ला फेला पार्नु, हिरा बेच्न दरबार जाँदा अल्छीलाई राजकुमारीले मन पराउनु आदि घटनाक्रममा अर्तीउपदेशमार्फत शुभफल प्राप्त हुने लोकविश्वास व्यक्त भएको छ । यस लोककथामा मितबा, अल्छी र राजकुमारी क्रियाशील पात्र हुन् । पिताको निधनपछि अल्छीले मितबाबाट अर्तीउपदेश लिएको सन्दर्भलाई 'अल्छी' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "राजा नढाँट्नू, सिनो देखेर नघिनाउनू र आर्काकी छोरी देखेर मन नचुट्काउनू" भनेर मितबाउले अर्ती दिएछन् । (परिशिष्ट (क), 'अल्छी')

माथिको उद्धरणमा अल्छीलाई मितबाले राजालाई ढाँट्न नहुने, सिनो देखेर घिनाउन नहुने र अर्काकी छोरी देखेर मन कल्पाउन नहुने अर्ती दिएका छन् । अल्छीले सिनो देखेर घिनाउन नहुने अर्ती सम्झेर जोगीको लास फाल्दा जोगीको टाउकोमा रहेका हिराका डल्लाका कारण नै अल्छीको भाग्योदय भएको छ । मितबाका अर्ती र अल्छीले अर्तीको पालना गरेका कारण उसको भाग्योदय भएको हुँदा लोकले पात्रमार्फत शुभाशुभमा विश्वास गरेको पुष्टि हुन्छ । यसमा मितबाले अल्छीलाई अर्ती दिनु, अल्छीले नघिनाई जोगीको लास फाल्नु र दरबारमा पुगेर राजकुमारीसँग बिहे गर्ने परिवेशले अर्तीउपदेशले भाग्य परिवर्तन हुने कुरा सिद्ध गरेको छ । यहाँ मितबा, अल्छी र राजकुमारी अभिप्राय हुन् । यिनै तीन पात्रका

कारण अल्छीको भाग्यमा सकारात्मक परिवर्तन भएको हुँदा लोकले अभिप्रायद्वारा शुभाशुभमा विश्वास गरेको प्रस्ट हुन्छ ।

'कालजित' लोककथामा सूर्य र चन्द्रमा भएको राजकुमार शुभ हुने लोकविश्वास प्राप्त भएको छ । सूर्य अग्नि तत्त्वयुक्त अन्धकारको विनाश आकाशीय पिण्ड हो । राजबली पाण्डेय (सन् १९७८) का अनुसार ऋग्वेदको बारहसूक्त सूर्यलाई महत्त्वशाली देवता मानिएकाले सूर्यको दर्शन गर्दा निर्दोष साबित भई पापरहित बन्ने धारणा रहेको छ (पृ. ६७६) । यसरी सूर्यलाई देवता मान्ने लोकधारणा रहेको छ । ऋग्वेदको पुरुषसूक्तमा चन्द्रमालाई विराट् पुरुषको मनबाट उत्पन्न भएको मानी मनको स्वामी भनिएको छ । चन्द्रमाले त्यस पुरुषको ज्ञान, सामर्थ्य, तेजलाई बुझाएको हुन्छ (पाण्डेय, सन् १९७८, पृ. २६०) । यसरी सूर्य र चन्द्रलाई देवता मानिएको हुँदा मानिसको शरीरमा सूर्य र चन्द्रयुक्त चक्र वा खोटी हुनुलाई शुभ मानिने लोकविश्वास छ । नेपाली समाजमा छोराछोरी लगातार मरी सिद्धिदै गए दुवै कान छेडी खोटी बनाइन्छ । यसो गर्दा भूत, प्रेत, डाइनी, बोक्सी आदिको कुदृष्टि पर्दैन र खोटीका कारण देवीदेवताको समेत दृष्टि नपर्ने विश्वास गरिएको छ (सुवेदी, २०५५, पृ. ७६) । 'कालजित' लोककथाको कथानकमा राजालाई सूर्य र चन्द्रको छोरो जन्माउन मन लाग्नु, राजाले अप्सरालाई रानी बनाउनु, कान्छी रानीले सूर्य र चन्द्र भएको सन्तान जन्माउनु, अन्य रानीले राजकुमारलाई पोखरीमा फालिदिनु, त्यहाँ राजकुमारलाई अप्सराहरूले हुर्काउनु, राजकुमार ठुलो हुँदै गएपछि घोडालाई दिनु, अन्त्यमा राजकुमारमा सूर्य र चन्द्रका कारण राजकुमारको भेट बुबाआमासँग हुनु आदि घटनाक्रमबाट लोकले शुभाशुभमा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा राजा, अप्सरा र घोडा क्रियाशील पात्रका हुन् भने राजकुमार गौण पात्र हो । राजाले पोखरीमा बस्ने अप्सरालाई रानी बनाएका छन्, जसलाई 'कालजित' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "ल हुन्छ जाम्, यिनीहरूले गफ गर्दै छन्, जुनलाई भेटिन्च त्यसैलाई छोपम्" भनेर गए । पोखरीको छेउमा गएपछि एउटी झ्याप्पै पानीभित्र पसिन्, एउटीलाई छोपे । (परिशिष्ट (क), 'कालजित')

माथिको उद्धरणमा राजाले पोखरीमा भएकी अप्सरालाई कान्छी रानी बनाएका छन् । तिनै अप्सराले सूर्य र चन्द्रमा भएको राजकुमार जन्माएकी हुँदा राजाको इच्छा पूरा भएको छ । यो कुरा अन्य रानीहरूलाई मन नपरेका कारण उनीहरूले राजकुमारलाई पोखरीमा फालेका छन् । राजकुमारलाई अप्सराहरूले पोखरीभित्र हुर्काएका र ठुलो भएपछि घोडालाई दिएको कुरा 'कालजित' लोककथामा यसरी व्यक्त गरिएको छ :

> बच्चा ठुलो हुँदै गयो । "हाम्लाई गाह्रो भयो, अब यो बच्चा त्यही राजकुमारको गोठमा पालेको घोडालाई लएर दिनुपऱ्यो" भनेर कसैले थाहा नपाउने गरी त्यो बच्चा लएर घोडालाई दिए । बच्चा ठुलो हुँदै गएपछि घोडाले घाँसपानी खान गाह्रो भयो । त्यो घोडाले घाँस उकेलेर बच्चालाई पेटमा राख्ने गर्दा घाँस खान छोड्यो । (परिशिष्ट (क), 'कालजित')

माथिको उद्धरणमा पोखरीमा बस्ने अप्सराहरूले राजकुमारको लालनपालन गरेका छन् । बच्चा हुर्कदै गएपछि अप्सराहरूले घोडालाई दिन्छन् । घोडाले राजकुमारलाई पेटमा राखेर हुर्काउँछ र ठुलो भएपछि अर्कै देशको दरबारमा लगेर संरक्षण गरेको छ । कथानकमा अप्सरा र घोडाका गतिविधिका आधारमा राजकुमारको भेट बुबाआमासँग भएको हुनाले लोकले पात्रमार्फत शुभाशुभमा विश्वास गरेको

प्रस्ट हुन्छ । यस लोककथामा पोखरी र अर्को देशको दरबार परिवेश हुन् । राजकुमार पोखरीमा हुर्किएको छ भने उसले अर्कै देशको दरबारमा संरक्षण पाएको छ । यी परिवेशका कारण राजकुमारको जीवनमा सकारात्मक परिवर्तन भई शुभ भएको हुँदा प्रस्तुत परिवेशमार्फत मानिसले शुभाशुभमा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा सूर्य र चन्द्रमा भएको राजकुमार तथा अप्सराहरू अभिप्राय हुन् । लोकसमाजमा शरीरमा सूर्य र चन्द्रमा आकृति हुनुलाई शुभ मानिने लोकधारणा छ । राजकुमारको शरीरमा सूर्य र चन्द्रमा चिह्न भएकै कारण अप्सराहरूको संरक्षणमा हुर्किएर अन्त्यमा मातापितासँग पुनर्मिलन भएको हुँदा लोकले यी अभिप्रायमार्फत शुभाशुभमा विश्वास गरेको प्रमाणित हुन्छ ।

'खछ्यो भ्फोङ दरबार' लोककथामा सपनामा विश्वास गरी राजा बनाएको लोकविश्वास प्राप्त भएको छ । मुस्ताङ जिल्लामा रहेको खछ्यो भ्फोङ दरबार प्रमुख किल्ला पनि हो । जगमान गुरुङ (२०६७) का अनुसार मुस्ताङको ल्होमान्थाङ क्षेत्रमा तलदेखि माथितिर चुलिँदै गएको डाँडाको टुप्पामा बनेकोले यस किल्लालाई सर्वबुद्धडाकिनी वा आकाशयोगिनी मानेर खच्योए जोङ भनिएको छ । यो दरबार मुस्ताङी राजा अमपालले सन् १४४० तिर निर्माण गरेको देखिन्छ (पृ. ३२६) । यस लोककथाको कथानकमा एक जना वृद्धले सपना देख्नु, सपनामा भिक्षु ल्होमान्थाङ हुँदै तीर्थटनमा आउनु, भिक्षुलाई राजा बनाउनुपर्ने सपना देख्नु, गाउँलेहरूले वृद्धको सपनामा विश्वास गर्नु, गाउँलेहरूले तीर्थाटनमा आएका भिक्षुलाई राजा बन्न अनुरोध गर्नु र भिक्षुले खछ्यो भ्फोङ दरबार बनाएर बसेका घटनाक्रमबाट लोकले शुभाशुभमा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा आएका वृद्ध, गाउँलेहरू र भिक्षु क्रियाशील पात्र हुन् । गाउँलेहरूले वृद्धको सपनामा विश्वास गरेर भिक्षुलाई ल्होमान्थाङको राजा बनाएको प्रसङ्गलाई 'खछ्यो भ्फोङ दरबार' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> नभन्दै त्यस दिन केही व्यक्तिहरूको साथमा त्यहाँ मान्छे आए । एक जना अलिकति खाइलाग्दो मान्छे थियो । ऊसँग गाउँलेहरूले- "हाम्रो ठाउँ धेरै पछाडि परेको छ । तपाईं हाम्रो ठाउँमा शासकको रूपमा बस्दिनुपर्‍यो । हामीहरूको लागि काम गरिदिनुपर्‍यो" भनी अनुनयविनय गरे । (परिशिष्ट (क), 'खछ्यो भ्फोङ दरबार')

माथिको उद्धरणमा गाउँहरूले वृद्धको सपनाअनुसार भिक्षुलाई त्यस क्षेत्रको राजा चयन गर्दछन् । यसरी वृद्ध, गाउँले र भिक्षुका क्रियाकलापले शुभफल प्राप्त भएको पुष्टि हुन्छ । यस लोककथामा वयोवृद्धको सपनाको समय र ल्होमाङथाङ परिवेशका रूपमा आएका छन् । वृद्धको सपनाबमोजिम दरबार निर्माण भएको हुँदा यी परिवेशमार्फत शुभाशुभमा विश्वास गरिएको पुष्टि हुन्छ । यस लोककथामा सपना र भिक्षु अभिप्राय हुन् । सपनाअनुसार नै भिक्षु ल्होमान्थाङको राजा भएकोले लोकले यी अभिप्रायद्वारा शुभाशुभमा विश्वास गरेको प्रमाणित हुन्छ ।

'गोरखनाथ' लोककथामा गोरखनाथले पृथ्वीनारायण शाहलाई वरदान दिएको लोकविश्वास प्राप्त भएको छ । सत्यमोहन जोशी (२०३९) का अनुसार गोरखनाथले नागको साधना गरी बाह्र वर्ष तपस्या गर्दा उपत्यकामा पानीको हाहाकार मच्चिएको र गुरु मत्स्येन्द्रनाथलाई ल्याएपछि उठेकोले नागहरू स्वतन्त्र भई पानी परेको किंवदन्ती छ (पृ. ९३) । 'गोरखनाथ' लोककथाअनुसार गोरखनाथले पृथ्वीनारायण शाहलाई दिएको वरदानका प्रभावले उनले उपत्यका विजय गरेको घटनाबाट मानिसले वरदानको शुभफल प्राप्त हुने कुरामा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा गोरखनाथ र पृथ्वीनारायण शाह क्रियाशील पात्र हुन्

। गोरखनाथले पृथ्वीनारायण शाहलाई वरदान दिएको कुरा 'गोरखनाथ' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "कुनै पनि तरिकाले मल्ल राजालाई हराउनुपर्छ" भनेर सिद्ध गुरु गोरखनाथले पृथ्वीनारायण शाहलाई वरदान दिएर भ्याली कब्जा गरेको इतिहासबाट प्राप्त गर्न सक्चौं । (परिशिष्ट (क), 'गोरखनाथ')

माथिको उद्धरणमा गोरखनाथले दिएको वरदानका प्रभावले पृथ्वीनारायण शाहले काठमाडौं उपत्यका विजय गरी यसैलाई राजधानी बनाएको प्रसङ्ग छ । यस उद्धरणमा वरदानको शुभफल प्राप्त हुने लोकविश्वास व्यक्त भएको छ । यहाँ गोरखनाथ र पृथ्वीनारायण शाहले गरेका कार्यव्यापारबाट शुभफल प्राप्त भएको हुँदा लोकले पात्रमार्फत शुभाशुभमा विश्वास गरेको पुष्टि हुन्छ । गोरखनाथले गोरखामा पृथ्वीनारायण शाहलाई वरदान दिएको र त्यसका प्रभावले उनले उपत्यका जितेका कारण यी परिवेशमार्फत लोकले शुभाशुभमा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा गोरखनाथ अभिप्राय हुन् । यस लोककथाअनुसार गोरखनाथले दिएको वरदानका कारण पृथ्वीनारायण शाहले काठमाडौँमा विजय प्राप्त गरेको हुँदा लोकले अभिप्रायबाट शुभाशुभमा विश्वास गरेको प्रमाणित हुन्छ ।

'ज्ञान' लोककथामा मूल ग्रहमा जन्मेका शिशुले बुबालाई हानि गर्ने लोकविश्वास प्राप्त भएको छ । यसको कथानकमा मूल ग्रहमा जन्मिने शिशुले बुबालाई हानि गर्ने डरले बुबाले घर छोडेको र छोराले रुखको निश्चित हाँगामा चट्याङ पर्छ भनी गरेको भविष्यवाणी मिलेका घटनाक्रमबाट लोकले शुभाशुभमा विश्वास गरेको प्रमाणित हुन्छ । यस लोककथामा बुबा र छोरा क्रियाशील पात्र हुन् । बुबाले मूल ग्रहमा जन्मिएको छोराले आफूलाई पिर्ने भन्दै घर छोडेर हिँडेको छ । यस घटनामा मूल ग्रह अशुभ हुने लोकविश्वास रहेको छ । *ज्योतिषशास्त्र* पढेको छोराले रुखको निश्चित हाँगामा चट्याङ पर्छ भनी गरेको भविष्यवाणी मिलेको घटनामा *ज्योतिषशास्त्र*ले भविष्यको शुभाशुभ फल बताउने लोकविश्वास व्यक्त भएको छ । यसरी बुबाले अशुभ हुने डरले घर छाड्नु र छोराले गरेको भविष्यवाणी मिलेका कारण लोकले यी पात्रमार्फत शुभाशुभमा विश्वास गरेको प्रस्ट हुन्छ । यस लोककथामा छोराले भनेकै रुखको हाँगामा चट्याङ परेको कुरालाई यसरी व्यक्त गरिएको छ :

> छोराले भन्यो- "यो हाँगाको यतापट्टि बस्नुपर्छ । त्यतापट्टि चट्याङ पर्छ, यतापट्टि पर्दैन । यताको साइडमा बसम्" भनेर छोराले भन्यो । उनीहरू जता चट्याङ नपर्ने भनिएको छ त्यतैतिर छेकिएर बसे । पानी पऱ्यो, छोराले जुन हाँगामा पर्छ भनेको थियो त्यही हाँगामा चट्याङ पऱ्यो । (परिशिष्ट (क), 'ज्ञान')

माथिको उद्धरणमा छोराले भनेकै रुखको हाँगामा चट्याङ परेकोले *ज्योतिषशास्त्र*अनुसार गरेको भविष्यवाणी मिल्ने लोकविश्वास व्यक्त भएको छ । यहाँ छोराले भनेकै रुखको हाँगामा चट्याङ परेको परिवेशबाट लोकले शुभाशुभमा विश्वास गरेको पुष्टि हुन्छ । यस लोकथामा मूल ग्रह र भविष्यवाणी अभिप्राय हुन् । कथानकमा मूल ग्रहले अशुभ फल बताउने र भविष्यवाणी मिलेका घटनाबाट लोकले अभिप्रायमार्फत शुभाशुभमा विश्वास गरेको प्रमाणित हुन्छ ।

'दाहिने बङ्गारो' लोककथामा जोगीले दिएको श्राप लाग्ने, लच्छिनले घर सम्पन्न र अलच्छिनले विपन्न हुने लोकविश्वास प्राप्त भएका छन् । सामान्य मानिसहरूले जोगीलाई चमत्कारी औषधी बोकेर हिँड्ने, विशेष मायावी शक्ति भएको तथा डरलाग्दो र अनौठा लुगा लगाएर हिँड्ने व्यक्ति मान्छन् तर

यिनीहरू विद्वान् र चमत्कारी पनि हुन सक्छन् (खतिवडा, २०७४, पृ. ४३५) । 'दाहिने बङ्गारो' लोककथाको कथानकमा मानिस जोगीको श्रापसँग डराउनु, बाँसको पातमा लच्छिन हुनु, दाहिने बङ्गारो दिँदा घरको सह जानु, लच्छिनले गर्दा घरमा नोकरचाकर हुनु, अलच्छिने घरमा दरिद्रपन सुरु हुनु, जोगीबाट दाहिने बङ्गारो फिर्ता ल्याउनु आदि घटनाक्रमबाट त्यो घर पुनः सम्पन्न भएको पाइएको हुँदा लोकले शुभाशुभमा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा घरमा रहेका कुनै वस्तुमा लच्छिन बस्ने कुरालाई यसरी व्यक्त गरिएको छ :

> उल्ले अन्तर्ध्यानले हेर्दाखेरि घरको नजिकै बाँसको गाँजमा रैछ । त्यो बाँसको गाँजमा एउटा पात अलिअलि सुकेको पहेँलो हुन लागेको थियो । त्यो घरको लच्छिन चाहिँ त्यही सुकेको पहेँलो पातमा बसेको रैछ भन्ने कुरा पत्ता लगाएछ । (परिशिष्ट (क), 'दाहिने बङ्गारो')

माथिको उद्धरणमा जोगीले अन्तर्ध्यानले हेर्दा घरपछाडि बाँसको पातमा लच्छिन बसेको देख्छ । यस कथांशमा घरको लच्छिन कुनै कुरामा बसेको हुन्छ भन्ने लोकविश्वास व्यक्त भएको छ । प्रस्तुत लोककथामा आएका जोगी, कुकुर र बिरालो सक्रिय पात्र हुन् । यहाँ जोगीको श्राप अशुभ हुने, कुकुर र बिरालाले दाहिने बङ्गारो फिर्ता ल्याएर घरमा पुनः सहकाल भित्र्याएकोले यिनीहरूले गरेका क्रियाकलापका आधारमा लोकले पात्रमार्फत शुभाशुभमा विश्वास गरेको प्रमाणित हुन्छ । यस लोककथामा लच्छिनले सम्पन्न र अलच्छिनले भताभुङ्ग बनेको घर परिवेशका रूपमा प्रयोग भएको छ । यहाँ लच्छिनले सहकाल र सम्पन्नता तथा अलच्छिनले अनिकाल र दरिद्रपनलाई बुझाएको हुँदा यी परिवेशमार्फत लोकले शुभाशुभमा विश्वास गरेको पुष्टि हुन्छ । प्रस्तुत लोककथामा जोगी अभिप्रायमार्फत अशुभ फल तथा बाँसको पात, दाहिने बङ्गारो र विवेकी कुकुर तथा बिरोलोबाट शुभफल प्राप्त भएका कारण यी अभिप्रायमार्फत लोकले शुभाशुभमा विश्वास गरिएको सिद्ध हुन्छ ।

'पचभैया' लोककथामा पचभैया सेतो लुगा लगाएर, सेतो घोडामा सिट्ठी फुक्दै हिँड्ने र त्यसले मानिसलाई वरदान दिने लोकविश्वास छ । पचभैया पाँचभाइ भूतको सम्प्रदाय हो, लोकले यी पाँचभाइ भूतहरू एकसाथ हिँड्छन् भन्ने विश्वास गरेको छ । भूत पृथ्वीमा नबस्ने, छाया नहुने, धूपको सुगन्धसँग डराउने, कसैको सुई जस्तै पातलो घाँटी हुने, कुनै पूरै सेतो र कुनै पूरै कालो हुने, ताडको वृक्षझैँ लामो, पातलो हुने, मध्यरातिमा घुम्ने र अर्धपक्वान्न भोजन खाने गर्छन् (उपाध्याय, सन् २००९ पृ. २०४-२०५) । यसरी लोकले भूत विभिन्न किसिमका हुने र तिनले अस्वाभाविक कार्य गर्ने विश्वास गर्दछ । 'पचभैया' लोककथाअनुसार पचभैयाले वृद्धलाई वरदान दिएको र त्यस वरदानका कारण बन्दीपुर सम्पन्न बनेको घटनाक्रमबाट लोकले शुभाशुभमा विश्वास गर्ने सिद्ध हुन्छ । यस लोककथामा पचभैया र वृद्ध क्रियाशील पात्र हुन् । यहाँ पचभैयाले दिएको वरदानका कारण बन्दीपुर सम्पन्न भएको हुँदा लोकले पात्रमार्फत शुभाशुभमा विश्वास गरेको प्रमाणित हुन्छ । यस लोककथामा पचभैयाले दिएको वरदानका कारण सम्पन्न बन्दीपुरको परिवेशमार्फत लोकले शुभाशुभमा विश्वास गरेको प्रस्ट हुन्छ । प्रस्तुत लोककथामा पचभैया अभिप्रायका रूपमा आएको छ । यस लोककथामा पचभैयालाई झ्यालबाट चियाउने मानिस चट्याङ लागेर मर्ने अशुभ सङ्केत र पचभैयाले दिएको वरदानले शुभ भएको देखाइएको हुँदा लोकले पचभैया अभिप्रायमार्फत शुभाशुभमा विश्वास गरेको सिद्ध हुन्छ ।

'भाग्य' लोककथामा भाग्यमा भए जसरी पनि प्राप्त हुने लोकविश्वास रहेको छ । मानिसको जीवनमा कतिपय अवस्थामा नराम्रो काम गर्ने मानिस सुखी र राम्रो काम गर्ने मानिस दुःखी हुने हुँदा सुख या दुःख उसको भाग्यमा भर पर्ने सिद्धान्तलाई भाग्यवाद भनिन्छ (शर्मा, सन् २०१३, पृ. ६३७) । मानिसले भाग्यमा भए सुखसुविधा भोग गर्न पाउने लोकधारणा छ । सोमप्रसाद खतिवडा (२०७४) ले कर्मअनुसार बन्ने भाग्य पूर्वजन्मको कर्ममा पनि भर पर्ने बताएका छन् (पृ. ८२७) । 'भाग्य' लोककथाको कथानकमा सत्तलसिंह राजाले सय मुरी तोरी र सय मुरी कोदो छुट्याउनेलाई राजकुमारी दिने घोषणा गर्नु, सत्तलसिंहकी छोरी बिहे गर्न हिँडेको राजकुमारले भाग्यवश बाटोमा जाँदा डोके, नदी जति पिसाब गर्ने मानिस र भँगेरालाई भेट्नु, भँगेराले राजकुमारलाई सय मुरी कोदो र सय मुरी तोरी छुट्याउन सहयोग गर्नु, राजकुमारले सत्तलसिंह राजाकी छोरी विवाह गर्न सफल हुनु र राजकुमारीले चिताउनासाथ हात्ती, गैँडा र घोडा उत्पत्ति हुनु आदि घटनाक्रमबाट लोकले शुभाशुभमा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा राजकुमार, डोके, नदी जति पिसाब गर्ने मानिस, भँगेरा र राजकुमारी क्रियाशील पात्र हुन् । कथानकका घटनाक्रमअनुसार यी पात्रले गरेका कार्यव्यापारका आधारमा राजकुमारको कार्यसिद्धि भएको हुँदा लोकले पात्रमार्फत शुभाशुभमा विश्वास गरेको प्रमाणित हुन्छ । यस लोककथामा पिसाबले आगो निभ्नु, राजकुमारीले चिताउनासाथ हात्ती, गैँडा, घोडा उपस्थित भएको परिवेशबाट शुभाशुभमा विश्वास गरिएको स्पष्ट हुन्छ । यसमा सत्तलसिंह राजा, राजकुमार, पहाडजति सामान अटाउने डोको, नदी जति पिसाब गर्ने मानिस, सय मुरी कोदो र सय मुरी तोरी छुट्याउने भँगेरा अभिप्रायका रूपमा प्रयोग भएका छन् । यी अभिप्रायले राजकुमारको भाग्योदयका लागि महत्त्वपूर्ण भूमिका खेलेका कारण लोकले अभिप्रायबाट शुभ हुने विश्वास गरेको सिद्ध हुन्छ ।

'लामाको शक्ति' लोककथामा कुरूप अनुहार, कैला आँखा र घुमेका पैताला अशुभ हुने लोकविश्वास प्राप्त भएको छ । शकुन या अपशकुन लाक्षणिक भविष्यवाणी हुन् । कार्यको थालनीमा शुभ सङ्केत देखिएमा कार्यसिद्धि हुने र अशुभ सङ्केत देखिएमा कार्यमा विघ्नबाधा आइपर्ने विश्वास गरिन्छ (पराजुली, २०७१, पृ. १९८) । 'लामाको शक्ति' लोककथामा जादुगर्नी बुढी कुरूप हुनु, त्यसका आँखा कैला हुनु, अनुहार दारे पहरो जस्तो हुनु, खुट्टाका पैताला घुमेका हुनु र गाउँहरूमा बुढीले टुनामुना गर्नु आदि घटनाबाट अशुभ सङ्केत गरिएकाले लोकले कथानकमार्फत शुभाशुभमा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा जादुगर्नी बुढीको कुरूप शारीरिक अवस्थालाई यसरी व्यक्त गरिएको छ :

> एकादेशमा एउटी कुरूप बुढी रैचे । त्यसका आँखा बिरालाका जस्ता कुइरा थिए रे । अनुहार दारे पहरो जस्तै नराम्रो रैच । खुट्टाका पैताला माथिपट्टि औँलानेरबाट घुमेका थिए रे । (परिशिष्ट (क), 'लामाको शक्ति')

माथिको उद्धरणमा बुढीको शारीरिक विशेषताका बारेमा वर्णन गरिएको छ । कुरूप अनुहार र नमिलेको शारीरिक संरचना भएका कारणले बुढीलाई गाउँलेहरूले टुनामुना गर्ने बुढी भनेर चिन्छन् । यस लोककथामा बुढीले बिरालालाई आफ्नो सहायक बनाउने, पिपलमा आफ्नो शक्तिको परीक्षण गर्ने, गाउँलेलाई टुनामुना गरेर बहुलाउने बनाउने जस्ता अशुभ घटना घटाएका आधारमा लोकले पात्रमार्फत शुभाशुभमा विश्वास गरेको पुष्टि हुन्छ । यसमा गाउँमा अशुभ घटना घट्ने, जादुगर्नीले रातको समय टुनामुना गर्ने र पिपलको चौतारीमा पूजापाठ गरी शक्तिको परीक्षण गर्ने परिवेशमार्फत लोकले शुभाशुभमा विश्वास गरेको प्रमाणित हुन्छ । यस लोककथामा जादुगर्नी बुढी, बिरालो (बिर) र लामा अभिप्रायका रूपमा

प्रयोग भएका छन् । गण्डकी प्रदेशको समाजमा कैला आँखा, कुरूप अनुहार र घुमेका पैताला अशुभ हुने, बिरालालाई अशुभ प्राणी मानिने र लामाले जादुको नकारात्मक शक्तिलाई रोकी कार्यसिद्धि गराउने लोकमान्यता छ । त्यसैले यी अभिप्रायमार्फत लोकले शुभाशुभमा विश्वास गरेको पुष्टि हुन्छ ।

'वृत्रासुर राक्षस' लोककथामा विधिपूर्वक तपस्या गर्नेले वरदान पाउने, महादेवले दिएको वरदानको शुभफल प्राप्त हुने र कुकर्मीलाई वरदान दिन नहुने लोकविश्वास प्राप्त भएका छन् । वरदानले सकारात्मक भावमार्फत लोकहित र उन्नतिका लागि ठोस कर्म गरी लक्ष्य प्राप्त गराउन अभिप्रेरित गर्दछ । 'वृत्रासुर राक्षस' लोककथामा वृत्रासुर राक्षसले महादेवको तपस्या गर्नु, महादेव खुसी भएर वरदान दिनु, वृत्रासुरले जसको टाउकामा हात राख्छ उही भस्म हुने वरदान पाउनु, त्यसले वरदानको परीक्षण महादेवमाथि गर्न खोज्नु र महादेव भाग्नु आदि घटनाक्रमले वरदानबाट शुभफल प्राप्त हुने पुष्टि भएको छ भने वैकुण्ठमा रहेका विष्णुले मोहनी रूप लिएर वृत्रासुरको बध गरेको घटनाबाट कुकर्मीलाई वरदान दिँदा अशुभ हुने सिद्ध भएको छ । यस लोककथामा महादेव, वृत्रासुर र विष्णु क्रियाशील पात्र हुन् । कथानकअनुसार वृत्रासुरले जसको टाउकामा हात राख्यो त्यही भस्म हुने वरदान प्राप्त गरी वरदाता महादेवलाई नै दुःख दिन्छ । त्यसपछि विष्णुले मोहनी रूप धारण गरी वृत्रासुरको बध गरेको कुरालाई 'वृत्रासुर राक्षस' लोककथामा यसरी व्यक्त गरिएको छ :

> विष्णु एउटा मोहिनीको रूपमा टाउकोमा हात राख्दै नाच्दा वृत्रासुर पनि टाउकोमा हात राखेर भस्म खरानी भएच । त्यो कुरा जमिनमुनि बसेका महादेवकहाँ गएर भन्नुभएच- "हैन महादेव, यो के गर्नु भएको त ? राम्रो मान्छेलाई पो वरदान दिनुपर्छ । कुकर्मीहरूलाई यसरी दिएर हुन्च ?" (परिशिष्ट (क), 'वृत्रासुर राक्षस')

माथिको उद्धरणमा विष्णुले वृत्रासुरको बध गरेपछि महादेवसँग गएर कुकर्मीलाई वरदान दिन नहुने राय व्यक्त गरेका छन् । कुकर्मीले विवेकपूर्ण तरिकाले वरदानको प्रयोग नगर्ने हुँदा त्यस्ता व्यक्तिलाई वरदान दिन नहुने लोकविश्वास छ । यसमा वृत्रासुरले विधिपूर्वक साधना गर्दा महादेवबाट वरदान प्राप्त गर्नु र वृत्रासुरले वरदानको गलत प्रयोग गरेकाले विष्णुले उसको संहार गर्ने कार्यव्यापारका आधारमा लोकले यी पात्रमार्फत शुभाशुभमा विश्वास गरेको पुष्टि हुन्छ । यहाँ वृत्रासुरले विधिपूर्वक पूजा गर्नाले शुभफल प्राप्त गरेको र महादेव लुकेका ढाडखोला, अशुमती ओढार, कुकुर्दी, तीनधारा तथा सिद्ध गुफाका कारण महादेव भस्म हुनबाट जोगिएको हुँदा लोकले यी परिवेशमार्फत शुभाशुभमा विश्वास गरेको प्रमाणित हुन्छ । यस लोककथामा वृत्रासुर, महादेव र विष्णु अभिप्राय रूपमा प्रयोग भएका छन् । यहाँ वृत्रासुरले विधिपूवर्क कार्य गर्दा वरदान प्राप्त गरेको शुभ लक्षण र विष्णुले कुकर्मीको बध गरेको अशुभ घटनाबाट लोकले यी अभिप्रायमार्फत शुभाशुभमा विश्वास गरेको प्रमाणित हुन्छ ।

'सराद' लोककथामा पितृको आशीर्वादले शुभफल मिल्ने लोकविश्वास प्राप्त भएको छ । मृत्यु भइसकेका पुर्खालाई पितृ भनिन्छ । हिन्दुहरूले पितृको स्मरणका लागि श्राद्ध गर्ने चलन छ । आश्विन कृष्ण पक्षलाई पितृपक्ष मानेर ज्ञात, अज्ञात पितृलाई पिण्डदान गरी स्मरण गरिन्छ (शर्मा, सन् २०१३, पृ. ५३५) । पिण्डदान गरेर पितृहरुको स्मरण गर्ने लोकधारणा रहेको छ । श्राद्ध गर्दा पितृहरू तृप्त हुने भएकाले तिनले आफ्ना सन्तानलाई आशीर्वाद दिने विश्वास गरिन्छ (भट्टराई, २०७९, पृ. ७२४) । 'सराद' लोककथामा पितृ भइसकेका ससुराले आफू भोको रहेको बताउने, बुहारीले ससुराको श्राद्ध गरिदिने, ससुराले सपनामा आएर छोराबुहारीलाई आशीर्वाद दिने र आशीर्वादका कारण छोराबुहारीले प्रशस्त धन प्राप्त गर्ने घटनाक्रमबाट

लोकले कथानकमार्फत शुभाशुभमा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा पितृ, छोरा र बुहारी क्रियाशील पात्र हुन् । यस लोककथामा पितृले सुखको बाटो देखाइदिने कुरालाई यसरी अभिव्यक्त गरिएको छ :

> त्याँट ती बुढा, ससुरा सपनामा आर भनेचन्- "बुहारी तिमी धन्य रैचौ । आज पेटभोरि खाएँ, म अघाएँ, सन्तुष्ट छु । तिम्ले दुःख पायौ, दुःख पाएँ भनेर पिर नमान । मैले तिम्लाई बाटो देखाइदिन्चु" भनेर ससुराले भनेचन् । (परिशिष्ट (क), 'सराद')

माथिको उद्धरणमा पितृ भएका ससुरा सपनामा आएर श्राद्धबाट आफू सन्तुष्ट भएको बताएका छन् । यहाँ श्राद्धबाट तृप्त भएका पितृले सुखको बाटो देखाइदिने लोकविश्वास व्यक्त भएको छ । यस लोककथामा परिवेशका रूपमा बुहारीले गाउँमा चामल पैँचो गरेर श्राद्धकर्म गरेको र रातु गाईलाई गाड्न खाल्डो खन्दा जमिनमा सुन र पैसा भेटिएको परिवेशमार्फत कार्यसिद्धि भएको हुँदा लोकले यी परिवेशमार्फत शुभाशुभमा विश्वास गरेको प्रमाणित हुन्छ । यसमा पितृलाई अभिप्रायका रूपमा प्रयोग गरिएको छ । पितृले सपनामा मार्गदर्शन गरेका कारण छोराबुहारीको जीवनमा शुभफल प्राप्त भएको हुँदा लोकले यी अभिप्रायमार्फत शुभाशुभमा विश्वास गरेको सिद्ध हुन्छ ।

गण्डकी प्रदेशका नेपाली लोककथामा सपना, अर्तीउपदेश, शारीरिक चिह्न, वरदान, ज्योतिषशास्त्रले बताउने भविष्यवाणी, श्राप, भाग्य र आशीर्वादबाट हुने शुभाशुभसम्बन्धी लोकविश्वास कथानक, पात्र, परिवेश र अभिप्रायमार्फत व्यक्त भएका छन् । यी लोककथामा सपनामा देवी र पितृ आएर मानिसलाई दुःखबाट छुटकारा दिलाउने भविष्यवाणी गरेअनुसार मानिसको जीवनमा शुभफल प्राप्त भएको छ । मितबाले दिएका अर्तीउपदेशले अल्छीको भाग्य परिवर्तन हुनु र डोके, नदी जति पिसाब गर्ने मानिस तथा भँगेराले सहयोग गर्दा राजकुमारको भाग्योदय भएको लोकविश्वासबाट शुभाशुभमा विश्वास गरिएको स्पष्ट हुन्छ । चन्द्र, सूर्य भएको राजकुमारबाट शारीरिक चिह्नमार्फत शुभ तथा जादुगर्नी बुढीका कैला आँखा, घुमेका पैताला र दारे पहरोजस्तो अनुहारले अशुभ फल बताएका छन् । यी लोककथामा मूल ग्रहमा जन्मेको सन्तानले पितालाई हानि गर्ने लोकविश्वासले *ज्योतिषशास्त्र*मार्फत शुभाशुभमा विश्वास गरिने स्पष्ट हुन्छ । यी लोकविश्वासमा जोगी श्राप दिँदा अशुभ हुने लोकधारणा व्यक्त भएको छ । यी लोककथामा महादेव र पचभैयाले दिएको वरदानको शुभफल प्राप्त हुने लोकविश्वास भए पनि कुकर्मीलाई वरदान दिँदा त्यसको नकारात्मक असर पर्ने लोकमान्यता व्यक्त भएको छ । यहाँ लच्छिनले मानिस सम्पन्न र अलच्छिनले विपन्न भएकोले लच्छिनको शुभ र अलच्छिनको अशुभ फल हुने लोकमान्यता रहेको छ । प्रस्तुत लोककथामा व्यक्त शुभाशुभसम्बन्धी विश्वासले मानिस आफ्नो भविष्यप्रति चिन्तित र शुभाशुभ परिणामको पूर्वानुमान गरी सचेतसमेत रहेको स्पष्ट हुन्छ ।

## ३.५ अतिरञ्जनामूलक लोकविश्वासको अभिव्यक्तिगत प्रक्रिया

अतिरञ्जना भन्नाले बढाइचढाइ गरिएको तिलस्मी किसिमको वर्णन हो । लोककथामा ज्यादा अतिरञ्जना रहेको हुन्छ । संस्कृत साहित्यका आचार्यहरूले कविको कल्पनाबाट प्रस्फुटित कहानीलाई कथा भनेका छन् (दिवस, २०७७, पृ. १५) । प्राचीन कालदेखि नै कथामा अधिक कल्पना हुने विश्वास गरिएको छ । लोककथामा अतिरञ्जित घटनाक्रम, पात्र, परिवेश र अभिप्राय रहेका हुन्छन् । यसरी लोकसाहित्यका

अन्य विधामा भन्दा लोककथामा कल्पनाको आधिक्य रहेको हुन्छ । सामान्यतः जुनसुकै लोककथामा कल्पनाको प्राचुर्य पाइने भए पनि अलौकिक, अद्भुत, रहस्यमय र रोमाञ्चक आदि भएका कथामा झनै बढी काल्पनिकता हुन्छ (शर्मा र लुइटेल, २०६३,
पृ. ३६८) । अलौकिक र अद्भुत लोककथामा अधिक मात्रामा कल्पना रहेको हुन्छ । यस्ता कथामा बहुलोक, परी तथा अप्सरा, नाग, नागकन्या, बोक्सी, जादु, टुनामुना, भूतप्रेत, राक्षस, पशुपक्षी, सरीसृप, वृक्षवनस्पतिलाई पात्र बनाइएका अतिरञ्जित विषयहरू हुन्छन् (पराजुली र गिरी, २०६८, पृ. १९०) । लोककथामा आउने यस्ता अतिरञ्जित पात्रहरूमार्फत लोकविश्वास प्रकट भई ती लोकसमाजमा स्थापित भएका छन् । सबैजसो लोककथामा कहीँ न कहीँ, केही न केही अलौकिक तथा जादुगरीयुक्त वस्तु, कार्य या घटना रहेका हुन्छन् (दिवस, २०७७, पृ. ३८) । लोककथामा आउने यिनै अलौकिक तथा चमत्कारी वस्तु, कार्य र घटनाका माध्यमबाट अतिरञ्जित लोकविश्वास व्यक्त हुन्छन् ।

गण्डकी प्रदेशमा प्रचलित लोककथामा अतिरञ्जनाको प्रयोग भएको छ । यी लोककथामा देवीदेवता, मानव, पशुपक्षी, वृक्षवनस्पति र विभिन्न वस्तुको अतिरञ्जना गरिएको छ । यहाँका लोककथामा देवी, इन्द्र, महादेव, विष्णु, अप्सरा, यक्ष, नाग, राक्षस, राक्षसी, अल्छी, टाउकोमा हिरा फल्ने जोगी, योगी, राजारानी, न्याय राजा, दिलीप राजा, राजकुमार, राजकुमारी, नाककान काट्ने बुढी, बाठो भाइ, बुधलागर कुँवर तथा दाजु र बहिनी आदि मानवीय पात्र, बाच्छो, घोडा, गोरु, गँगटो, पाठो, कुकुर, बिरालो, मुसो, परेवा, भँगेरा आदि पशुपक्षी तथा गोरुको खप्पर, डुङ्गा, गोपीबाँसको मुरली र बाँसको पात जस्ता अतिरञ्जित वस्तुको चित्रण गरिएको छ । माथि उल्लिखित देवीदेवता, मानव, पशुपक्षी, वृक्षवनस्पति र वस्तुको अतिरञ्जना लोककथाका तत्त्व कथानक, पात्र, परिवेश र अभिप्रायमार्फत अतिरञ्जित लोकविश्वास व्यक्त हुन्छन् । यी लोकविश्वासको खास प्रयोजन अतिकल्पनाका माध्यमबाट मनोरञ्जन प्रदान गर्नु, साहस, जुक्ति, बुद्धि र चतुऱ्याइँपूर्वक समस्याको समाधान गर्न उत्प्रेरित गर्नु तथा मानिसलाई कार्यप्रति हौसला र ऊर्जा थप्नु रहेको हुन्छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित ‘अल्छी’, ‘एक चिलिम तमाखु’, ‘कालजित’, ‘गँगटो’, ‘दाहिने बङ्गारो’, ‘बदला’, ‘बुधलागर कुँवर’, ‘भाग्य’, ‘राक्षसभूत’ र ‘सेवा नै धर्म’ नेपाली लोककथामा अतिरञ्जनामूलक लोकविश्वास रहेकाले तिनको छनोट गरी उद्धरणसहित क्रमशः विश्लेषण गरिएको छ ।

‘अल्छी’ लोककथामा मितबाको अर्तीउपदेशले भाग्य परिवर्तन हुने लोकविश्वास प्राप्त भएको छ । यसको कथानकअन्तर्गत अल्छीले दिनभर केही काम नगर्नु, श्रीमतीलाई कुट्नु, बुबाका अर्ती नमानेर बान्नामा खुट्टो झारेर बस्नु, तिलबारीमा दौड्नु, राजाको मयूर चोर्नु, सारा घर जग्गा बेचेर मितबासँग अर्ती किन्नु, मरेको जोगी फाल्दा त्यसका टाउकोमा हिरा भेट्नु, हिरा बेच्न दरबारमा पुग्नु, अल्छीलाई राजकुमारीले मन पराउनु, राजकुमारीसँग बिहे गरेर दरबारमा बस्नु आदि घटनाक्रमले अल्छीको भाग्योदय भएको देखाएको हुँदा लोकले अतिरञ्जनामा विश्वास गरेको सिद्ध हुन्छ । यसमा अल्छी, जोगी र राजकुमारी अतिरञ्जित पात्रका रूपमा आएका छन् । यस लोककथामा जोगीलाई अतिरञ्जित गरिएको घटनाको अभिव्यक्ति यसरी भएको छ :

> गाड्ने बेलामा जोगीका टाउकामा केका डल्ला फलेका रहेछन् । केका डल्ला रहेछन् भनेर टिपेच । एक पाथी जति डल्ला टिपेर रुमालमा पोको पारेच त्यसपछि नुन मुन्तिर राखेर जोगीलाई पुरेछ । (परिशिष्ट (क), ‘अल्छी’)

माथिको उद्धरणमा जोगीको टाउकोमा हिरा फल्ने अतिरञ्जित लोकविश्वास व्यक्त भएको छ । कथानकअनुसार अल्छीले ज्यादै अल्छी गर्नु, घरबारी बेचेर अर्ती किन्नु, जोगीको टाउकोमा हिरा फल्नु, सूर्य र मर्दको मुख नहर्ने राजकुमारीले अल्छीलाई मन पराएर बिहे गर्नु आदि गतिविधिका कारण लोकले पात्रमार्फत अतिरञ्जनामा विश्वास गरेको प्रमाणित हुन्छ । यस लोककथामा अल्छीको घर, सडिसकेको जोगीको लास पुर्ने ठाउँ र राजदरबार परिवेशमार्फत अल्छीको जीवनमा अस्वाभाविक परिवर्तन भएको हुँदा लोकले परिवेशमार्फत अतिरञ्जनामा विश्वास गरेको पुष्टि हुन्छ । यस लोककथामा रहेको हिरा फल्ने जोगी अभिप्राय हो । जोगीको टाउकोमा फलेका हिराका कारण नै अल्छीका जीवनमा परिवर्तन आएको हुँदा लोकले अभिप्रायमार्फत अतिरञ्जनामा विश्वास गरेको प्रमाणित हुन्छ ।

'एक चिलिम तमाखु' लोककथामा अरूको सित्तैमा खाने मानिसको पुनर्जन्म गोरुका रूपमा हुने लोकविश्वास प्राप्त भएको छ । गरुड पुराणमा मानिस मरे पनि उसको आत्मा नमर्ने र पापकर्म गर्ने मनुष्यले अर्को जन्ममा कीटपतङ्ग, पशुपक्षी र जलचर भएर चौरासी लाख योनिमा जन्मनुपर्ने विश्वास छ (वशिष्ठ, २०६६, पृ. ५०-५१) । 'एक चिलिम तमाखु' लोककथामा बुबाले छोरासँग पैँचो मागेर तमाखु खानु, पैँचो नतिर्दै बुबा मर्नु, मरेपछि बाच्छो भएर जन्मनु, जोत्दा जोत्दै बाच्छो मर्नु, त्यसको खप्परलाई लट्ठीमा उनेर धानको बिउ कुर्न राख्नु, रातको समयमा चोरहरू धान चोर्न आउनु, गोरुको खप्परले चोरेर खान नहुने अर्ती दिनु, चोरहरूले खप्परको कुरा मान्नु, कान्लामा राखिएको खप्पर आफ्ना बुबाको रूप भएको थाहा पाएपछि छोराले हाडखोर बटुलेर अन्त्येष्टि गर्नु आदि घटनाक्रमबाट अतिरञ्जनामा विश्वास गरिएको सिद्ध हुन्छ । यस लोककथामा गोरुको खप्परले मानिसलाई अर्ती दिएको अतिरञ्जित घटनालाई यसरी प्रस्तुत गरिएको छ :

> "एक चोली वाचा, दुई चोली वाचा, तीनै चोली वाचा मैले एक चिलिम तमाखु छोरासित पैँचो मागेर खाएँ । म मन्छे थिएँ, मैले पैँचो तिर्न नसकेकाले गाईको गोठमा बाच्छो भएर जन्मिएँ । जोतेँ, छोराले जोताइदियो अनि म मोरेँ । मोरेर जाँदा पनि मैले बिउ कुरेर बसेको हो । तिमोरू यस्तो बाली कसरी खान सक्छौ चोरेर ?" भनेको रैछ अरे त्यो टाउकोले । (परिशिष्ट (क), 'एक चिलिम तमाखु')

माथिको उद्धरणमा छोरासँग तमाखु पैँचो मागेर खाएको बुबा उक्त पैँचो नतिर्दै मर्छ । पैँचो नतिरेकोले उसको पुनर्जन्म गोरुका रूपमा भएको छ । धान चोर्न आएका चोरहरूलाई गोरुको खप्परले चोरेर खान हुँदैन भनी सम्झाउँदा चोरले धान छोराकै घरमा पुऱ्याइदिन्छन् । यस लोककथामा बाच्छो, खप्पर, चोर र छोरो अतिरञ्जित पात्र हुन् । बाच्छो बुबाको पुनर्जन्म हो भने मरिसकेपछि खप्परले मानिसलाई चोर्न नहुने अर्तीउपदेश दिएको छ । चोरले खप्परको कुरामा विश्वास गरी धान छोराको घरमा लगिदिएका छन् । छोराले खेतमा मरेको गोरुको खप्पर आफ्ना बुबाको स्वरूप भएको थाहा पाएपछि हाडखोर बटुलेर अन्तिम संस्कार गरेका क्रियाकलापका आधारमा लोकले पात्रमार्फत अतिरञ्जनामा विश्वास गरेको प्रमाणित हुन्छ । यस लोककथामा छोराले गोरुको खप्परलाई बिउ कुर्न राखेको, रातको समयमा चोर र खप्परको संवाद भएको, चोरले छोराको घरमा धान पुऱ्याइदिएका परिवेशमार्फत लोकले अतिरञ्जनामा विश्वास गरेको पुष्टि हुन्छ । यस लोककथामा मानिसलाई अर्तीउपदेश दिने गोरुको खप्पर अभिप्राय हो । यस अभिप्रायमार्फत खराब कर्म गर्ने मानिसको जन्म पशुका रूपमा हुने अतिरञ्जित लोकविश्वास व्यक्त भएको हुँदा लोकले अभिप्रायमार्फत अतिरञ्जनामा विश्वास गरेको स्पष्ट हुन्छ ।

'कालजित' लोककथामा राजाले पोखरीमा रहेकी अप्सरालाई रानी बनाउने, चन्द्र र सूर्य भएको राजकुमार लच्छिनको हुने, अप्सराले पोखरीमा राजकुमार हुर्काउने र घोडाले पेटभित्र राजकुमारलाई हुर्काउने अतिरञ्जित लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत राजाका छओटी रानीबाट बच्चा नहुनु, राजाले अप्सरालाई कान्छी रानी बनाउनु, तिनले चन्द्र र सूर्य भएको राजकुमार जन्माउनु, राजकुमार जन्मने बेला रानीको मुख चुलाभित्र घुसारिदिनु, अन्य रानीहरूले राजकुमारलाई पोखरीमा फालिदिनु, राजालाई ढिकीको मुसल दिनु, अप्सराहरूले राजकुमारलाई पोखरीभित्र हुर्काउनु, राजकुमार बढ्दै गएपछि घोडालाई दिनु, घोडाले राजकुमारलाई पेटमा राख्नु, खान छोडेपछि दरबारबाट लखेटिएको घोडाले राजकुमारलाई अर्कै देशमा लैजानु, राजकुमार गोठालो बस्नु र राजकुमारीले गोठालोसँग विवाह गर्नु, सूर्य र चन्द्रमा भएका कारण राजकुमारको भेट राजारानीसँग हुनु जस्ता अस्वाभाविक घटनाक्रमबाट अतिरञ्जनामा विश्वास गरिएको सिद्ध हुन्छ । यसमा राजा, रानी, अप्सरा, घोडा, राजकुमार र राजकुमारी क्रियाशील पात्र हुन् । कथानकमा यी पात्रले गरेका अयथार्थ र अप्राकृत क्रियाकलापका आधारमा लोकले पात्रमार्फत अतिरञ्जनामा विश्वास गरेको प्रमाणित हुन्छ । यहाँ पोखरीमा मानिस बस्ने अविश्वसनीय परिवेशमार्फत अतिरञ्जनामा विश्वास गरिएको पुष्टि हुन्छ । यस लोककथामा राजकुमार पोखरी र घोडाको पेटभित्र हुर्किएको कुरालाई यसरी व्यक्त गरिएको छ :

> बच्चा ठुलो हुँदै गयो- "हाम्लाई गाह्रो भयो, अब यो बच्चा त्यही राजकुमारको गोठमा पालेको घोडालाई लएर दिनुपर्‍यो" भनेर कसैले थाहा नपाउने गरी त्यो बच्चा लएर घोडालाई दिए । बच्चा ठुलो हुँदै गएपछि घोडाले घाँसपानी खान गाह्रो भयो । त्यो घोडाले घाँस उकेलेर बच्चालाई पेटमा राख्ने गर्दा घाँस खान छोड्यो । (परिशिष्ट (क), 'कालजित')

माथिको उद्धरणमा राजकुमार बढ्दै जाँदा अप्सराहरूले पोखरीमा राख्न नसकेपछि घोडालाई दिन्छन् । घोडाले राजकुमारलाई पेटमा राखेको हुँदा राजकुमार हुर्कदै गएपछि त्यसले घाँसपानी खान छोड्छ । प्रस्तुत उद्धरणमा राजकुमार अप्सराहरूसँग पोखरीमा र घोडाको पेटभित्र हुर्किएको अयथार्थ परिवेश रहेको छ । यस लोककथामा अप्सरा, राजा, सौतेनी रानीहरू चन्द्र र सूर्य भएको राजकुमार, पेटमा मानिस राख्ने घोडा र गोठालोसँग बिहे गर्ने राजकुमारी अभिप्रायका रूपमा प्रयोग भएका छन् । कथानकअनुसार यी अभिप्रायहरू अतिकाल्पनिक अप्राकृतिक र अविश्वनसीय भएकाले कथा रोचक, रहस्यमय र श्रवणीय बनेको छ । यहाँ राजकुमार काललाई जित्न सफल भएकोले अभिप्रायमार्फत अतिरञ्जनामा विश्वास गरेको पुष्टि हुन्छ ।

'गँगटो' लोककथामा गँगटो मानिस झैँ बोल्नु, गँगटाले बाआमा पाल्ने प्रतिबद्धता गर्नु, गँगटाले गोरु धपाउनु र अदृश्य भई खेत जोत्नु, गँगटाको लच्छिनले बुढाबुढीको भाग्य सप्रनु, राजालाई वाचामा हराउनु, गँगटाले राजकुमारी बिहे गर्नु, गोपीबाँसमा रूप परिवर्तन गर्ने शक्ति हुनु र गँगटो मानिसमा रूपान्तरण हुने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत गँगटो जातोभित्र गएर लुक्नु, गँगटाले आफू छोरो भएकोले नमार्न आग्रह गर्नु, त्यसले बाआमा पाल्ने प्रतिबद्धता जनाउनु, गँगटो खेतमा खाजा छोड्न र खेत जोत्न जानु, गँगटोले जमिनभित्रबाट हलो जोत्नु, गँगटाको लच्छिनले बुढाबुढी सम्पन्नशाली बन्नु, गँगटो राजाकी छोरी माग्न जानु, गँगटो जन्तीसहित राजाकी छोरी बिहे गर्न जाँदा राजाले छोरी नदिनु, गँगटाले राजदरबारका सबै धारा सुकाइदिनु, गँगटाले राजालाई वाचाकबोलमा हराई राजकुमारीसँग बिहे गर्नु, त्यसले रातको बाह्र बजे मुरली बजाउनु, गोपीबाँसको मुरलीले हान्दा गँगटो

मानिसमा रूपान्तरण हुनु, दिदीले गँगटाकी श्रीमतीलाई पुलबाट धकेलेर मारिदिनु, मरिसकेकी श्रीमती रातमा आएर घरायसी काम गर्नु, समुद्रमा राक्षस बस्नु, घन्टी र मालाले राक्षस भगाउन सकिनु, राक्षसले भेडाको सिङ लगाउनु, राक्षससँगै हिँडेकी गँगटाकी श्रीमतीलाई समाउँदा मान्छेमा रूपान्तरण हुनु र आफूलाई धकेलेर मार्ने दिदीलाई बहिनीले आधासम्पत्ति दिनु आदि अविश्वसनीय घटनाक्रमबाट अतिरञ्जनामा विश्वास गरेको सिद्ध हुन्छ ।

'गँगटो' लोककथामा बुढाबुढी, गँगटो, गँगटाकी श्रीमती र दिदी क्रियाशील पात्र हुन् । यी पात्रहरूबाट सम्पन्न माथि उल्लिखित असम्भव गतिविधिका आधारमा लोकले पात्रमार्फत अतिरञ्जनामा विश्वास गरेको प्रमाणित हुन्छ । यहाँ गँगटो पात्र मानवीकरण भएको प्रसङ्गलाई यसरी प्रस्तुत गरिएको छ :

> "बाबु, तिमी कहाँबाट आइकी हौ ?, को हौ ?" भन्दा "हजुरकै छोरा हुम् नि म । खोलाबाट, समुद्रबाट आको हुम् । तपाईंहरूलाई पाल्न आको हुम् । मलाई नमार्नुस्, म ठुलो बन्चु" भनेच अरे । बाउआमा त खुसी भए नि, गँगटो हलो जोत्न पनि गर्छ । (परिशिष्ट (क), 'गँगटो')

प्रस्ततु उद्धरणमा गँगटाले आफू समुद्रबाट आएको छोरो भएको बताउँदै नमार्न आग्रह गरेको छ । गँगटाले बुढालाई खेतमा खाजा लगिदिने, माटामुनि बसेर गोरु जोत्ने, राजाकी छोरी बिहे गर्ने, दिनमा गँगटो र रातमा मान्छे हुने अतिरञ्जित क्रियाकलाप गरेको छ । यसमा गँगटो रातमा मानिस र दिनमा गँगटो बनेको छ । गँगटोले सजिलै रूप परिवर्तन गर्नु मानवेतर प्राणीमा जीवात्मा हुने लोकविश्वासका कारण भएको प्रसङ्गलाई 'गँगटो' लोककथामा यसरी व्यक्त  गरिएको छ :

> "मलाई नसमात, मलाई समात्न हुन्न । म श्रापमा परेर यस्तो भको हुम् । तिमीले म ठ्याक्क निक्लिएको बेलामा गोपीबाँसको मुरली बुझो लगार त्यल्ले ठ्याक्क दुईपट्टि मेरो अन्तरमा हान्देऊ । म मान्छे हुन्चु" भनेछन् अरे । दुई, चार रात बित्यो अनि त्याँट उनी त्यस्तो भका बेलामा गोपीबाँसको मुरली ल्यार ठ्याक्क हान्दिचन् अरे । उनको बुढो त मान्छे भए । (परिशिष्ट (क), 'गँगटो')

माथिको कथांशमा श्रीमतीले गोपीबाँसको मुरलीले हान्दा गँगटो मानिसमा रूपान्तरण भएको छ । प्रस्तुत लोककथामा गँगटो पात्रलाई अतिरञ्जित गरिएको छ । यसमा गँगटो बस्ने बुढाबुढीको घर, जमिनभित्रबाटै जोत्न मिल्ने खेत, पानीका सबै धारा सुक्ने राजदरबार, राक्षस बस्ने समुद्र तथा दिन र रातको समयजस्ता अनपत्यारिला परिवेशमार्फत लोकले अतिरञ्जनामा विश्वास गरेको पुष्टि हुन्छ । यसमा गँगटो, रातको बाह्र बजे, राक्षस, गोपीबाँसको मुरली, राक्षस भगाउने रुद्राक्ष, घन्टी, माला, खरानीका डल्ला, मास र बेसार अभिप्रायका रूपमा प्रयोग भएका छन् । यी अभिप्रायको अस्वाभाविक प्रयोगले कथानक रहस्यमय बनेको हुँदा लोकले अभिप्रायमार्फत अतिरञ्जनामा विश्वास गरेको स्पष्ट हुन्छ ।

'दाहिने बङ्गारो' लोककथामा जोगी अन्तर्यामी हुने, जोगीलाई भिक्षाटनमा मागेकै चिज दिनुपर्ने, बाँसको पातमा लच्छिन बस्ने, कुकुर र बिरालाले घरको लच्छिन गएको थाहा पाउने तथा घरको सह फर्काउन कुकुर र बिरालोले जुक्ति निकाल्ने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत जोगीले भिक्षामा लच्छिन बसेको बाँसको पात माग्नु, पाठाले त्यो पात खाइदिनु, जोगीले पाठो काटेर भए पनि त्यही पात दिन अनुरोध गर्नु, पाठो काटेर मासु खाँदा घर मुलीको दाहिने बङ्गारोमा पातको त्यान्द्रो

अल्झनु, जोगीले बङ्गारो दिन आग्रह गर्नु, उसलाई दाहिने बङ्गारो दिनु, बङ्गारो लगेका दिनदेखि त्यस घरमा दरिद्र अवस्था आउनु, घरको सह गएको कुकुर र बिरालोलाई थाहा हुनु, कुकुर र बिरालो दाहिने बङ्गारो खोज्दै जोगीको कुटीसम्म पुग्नु, तिनीहरूले मुसासँग सहयोग माग्नु, जोगीले बङ्गारो टुप्पीमा बाँधेर सुत्नु, मुसाले टुप्पी काट्न लाग्दा जोगी बिउँझनु, त्यसले बङ्गारो मुखभित्र हालेर सुत्नु, बिरालाले मुसालाई जोगीको नाकभित्र पुच्छर घुसाउन जुक्ति दिनु, कुकुर भुकेकोले बङ्गारो खोलामा खस्नु, मुसालाई पहाड भत्काएर नदीको बाटो परिवर्तन गर्न लगाउनु, बङ्गारो भेटेपछि ढुङ्गामाथि सुकाउँदा चिलले टिपेर लैजानु, मुसालाई ढुङ्गामाथि मरे जस्तो गरी सुत्न लगाएर चिललाई छोप्नु, बङ्गारो प्राप्त गर्नु र बङ्गारो ल्याएको दिनदेखि त्यस घरमा पुनः लच्छिनले बास गर्नु जस्ता अतिकाल्पनिक घटनाक्रमबाट लोकले अतिरञ्जनामा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा जोगीमा अन्तर्दृष्टि हुने र जोगीलाई भिक्षादानमा मागेकै चिज दिनुपर्ने कुरालाई यसरी अभिव्यक्त गरिएको छ :

> “मलाई त्यो बाँसको पात दिए हुन्च । अरू थोक मलाई केही दिन पर्दैन” भनेर भनेछ । त्यही पात जुन पातमा त्यो घरको लच्छिन देखेको थियो, त्यही मागेछ । परिवारले पनि त्यसलाई ठुलो कुरै देखेनन् । (परिशिष्ट (क), ‘दाहिने बङ्गारो’)

माथिको उद्धरणमा जोगीले बाँसको पातमा घरको लच्छिन बसेको ठम्याई भिक्षामा त्यही पात दिन आग्रह गरेको छ । जोगी सदासर्वदा आफ्नो मनले चाहेको कुरा प्राप्त गर्न तल्लीन हुने हुँदा उनीहरू कतिपय कुरामा पारङ्गत तथा योग र साधनाका माध्यमबाट सिद्धि प्राप्त गरेका हुन्छन् (खतिवडा, २०७४, पृ. ४३५) । जोगीले योग र साधनाबाट सिद्धि प्राप्त गर्ने हुँदा अन्तर्दृष्टियुक्त हुने लोकधारणा छ । ‘दाहिने बङ्गारो’ लोककथामा त्यस घरका मानिसले उक्त पातलाई ठुलो कुरा देख्दैनन् र जोगीलाई पात दिई पठाउन खोज्दा पाठाले पात खाइदिन्छ । यसमा पाठामा अन्तर्ज्ञान हुने कुरालाई यसरी व्यक्त गरिएको छ :

> त्यो बाँसको पात टिप्न पऱ्यो भनेर जाँदा त आफ्नो घरको पाठो फुत्केर पात खाइदिएच । “अब के गर्नी त पात त खाइदिइहाल्यो ?” अर्को पात हुँदै होइन, उसले देखेको त्यही पात हो । (परिशिष्ट (क), ‘दाहिने बङ्गारो’)

माथिको कथांशमा जोगीले भिक्षामा मागेको पात घरपरिवारले दिन खोज्दा पाठाले खाइदिन्छ । कथानकअनुसार त्यस पातमा घरको सह बसेको र जोगीले त्यो पात लैजाँदा घरमा अनिष्ट हुने बुझेर पाठाले पात खाइदिएको हो । यस उद्धरणबाट मानवेतर पात्रमा जीवात्मा हुने लोकधारणा व्यक्त भएको छ । लोकधारणाअनुसार घरको लच्छिन कुनै व्यक्ति, वस्तु, पदार्थ, जीव र जमिनमा रहेको हुन्छ । जोगीले उक्त पात लगेपछि त्यस घरमा दरिद्रपन सुरु हुन्छ । यो कुरा बिरालोले थाहा पाउँछ, जसलाई यस लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> त्यो घरको बिरालोलाई यो कुरा सबै थाहा रैछ- “तिमीहरूलाई थाहा छ कि छैन ? केही वर्ष पहिला एउटा जोगी आथ्यो नि ? जोगीले पात माग्यो । पात पाठोले खायो अनि पाठो काटेर खाए । त्यो पातको त्यान्द्रो बुढाको बङ्गारोमा अड्केको थियो । त्यो बङ्गारो नै जोगीलाई दिए । जुन दिनबाट त्यो घटना भयो, त्यही दिनबाट यो घरको सह गयो । यो घरमा दरिद्रता नै त्यहीबाट सुरु भको हो” भनेर बिरालोले कुकुरलाई भनेच । (परिशिष्ट (क), ‘दाहिने बङ्गारो’)

उद्धृत कथांशमा बिरालाले घरमा दरिद्रपन सुरु भएको कुरा कुकुरलाई भन्छ । यस लोककथामा प्रयोग भएका जोगी, पाठो, मुसा, चिल, कुकुर र बिरालो सक्रिय पात्र हुन् । माथि उल्लिखित यी पात्रका

अविश्वसनीय र विस्मयकारी कार्यव्यापारका आधारमा लोकले पात्रमार्फत अतिरञ्जनामा विश्वास गरेको पुष्टि हुन्छ । यसमा सम्पन्न र दरिद्र घर, जोगीको कुटी, मुसाले भत्काएको पहाड र नदी अतिरञ्जित परिवेश हुन् । यी परिवेशको तिलस्मीमय प्रयोगले त्यस घरमा पुनः सहकाल फर्किन मदत पुगेको हुँदा लोकले परिवेशमार्फत अतिरञ्जनामा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा अन्तर्यामी जोगी, विवेकी पाठो, कुकुर, बिरालो र मुसो, लच्छिन बसेको पात र दाहिने बङ्गारो अभिप्रायहरूको प्रयोग भएको छ । यी अतिकाल्पनिक र अस्वाभाविक अभिप्रायबाट लोकले अभिप्रायमार्फत अतिरञ्जनामा विश्वास गरेको पुष्टि हुन्छ ।

'बदला' लोककथामा भाइले बुढीसँग बदला लिनु, बुढीले अर्काको नाककान काट्नु, गङ्गामा भेटी चढाउनु, कुशले जिब्रो पुछ्दा खानाको दोष हटेर जानु, सासू र ज्वाइँ बिचको यौनसम्बन्ध निषेधित हुनु र गङ्गाको पानीले पाप पखालिनु जस्ता लोकविश्वास प्राप्त भएका  छन् । यसको कथानकअन्तर्गत भाइ सधैँ सभामा हिँडेको देखेर दाजुलाई रिस उठ्नु, दाइ बास बसेको ठाउँमा बुढीले नाककान काटिदिनु, बुढीले दाइको नाककान काटेपछि भाइले बदला लिन जानु, भाइले बुढीको छोरालाई बाआमा मरेर गङ्गाजी लगे भनी ढाँट्नु, बाआमालाई छोरो मरेर गङ्गाजी लगे भनिदिनु, छोरो घरमा आएर बाआमाको किरिया बस्नु, बाआमा छोरो खोज्दै गङ्गाजी जानु, बुढीले चलाख भाइलाई एक मुरी तिल छर्न र मृगको सिकार ल्याउन अह्राउनु, भाइले मृगको मासु भनी कुकुरको मासु खुवाउनु, बुढो पाप पखाल्न गङ्गाजी जानु, भाइले बुढीको नाककान काटिदिनु, बुढो सुतेका बेला भाइले सबै रोटी खाइदिनु, भाइले बुढालाई ससुरालीमा ढिँडो खान बाध्य पार्नु, बुढाले रातिमा भण्डारमा चिउरा झिक्नु, ऊ पटुका समात्दै जाँदा सासू सुतेका ठाउँमा पुग्नु र बेइज्जत हुनु आदि अतिकाल्पनिक र अनपत्यारिला घटनाक्रमबाट लोकले अतिरञ्जनामा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा दाजु, बाठो भाइ, नाककान काट्ने बुढी र बुढो, सासू, बन्दुक भिरेपछि पछि लाग्ने कुकुर पात्रका रूपमा आएका छन् । माथि उल्लिखित घटनाक्रममा यी पात्रले गरेका अविश्वसनीय कार्यबाट लोकले पात्रमार्फत अतिरञ्जनामा विश्वास गरेको पुष्टि हुन्छ ।

'बदला' लोककथामा नाककान काट्ने बुढीको घर, रातको समय, जङ्गल, गङ्गा र बुढाको ससुराली घर जस्ता अतिकाल्पनिक परिवेशमार्फत अतिरञ्जनामा विश्वास गरिएको प्रमाणित हुन्छ । यस लोककथामा बटुवाले बुढीका घरमा बास माग्छन् तर बुढीले सर्तसहित बास दिने कुरालाई यसरी व्यक्त गरिएको छ :

> "पाइन्च बास त कि नाककान अर्न पर्च कि उपकथा लाउन पर्च" भनिच बुढीले । (परिशिष्ट (क), 'बदला')

माथिको उद्धरणमा बुढीले पाहुनालाई "कि त उपकथा लाइदेऊ दालभात खाऊ कि नाककान गर" भन्ने सर्त राख्छे । सोझो दाजुले उपकथा भनेको के हो बुझ्दैन । त्यसले सोचविचार नै नगरी नाककान गर्छु भन्छ । बुढीले खाना खान दिन्छे र सर्तबमोजिम उसको नाककान काट्छे । यसमा अनौठो स्वभाव भएकी बुढी, गङ्गा र चलाख भाइ अभिप्रायका रूपमा प्रयोग भएका छन् । यी अभिप्रायका कारण कथानकका घटनाक्रम रहस्यमय र अतिकाल्पनिक बनेको हुँदा लोकले अभिप्रायमार्फत अतिरञ्जनामा विश्वास गरेको प्रमाणित हुन्छ ।

'बुधलागर कुँवर' लोककथामा मानिसले आकाशमा धरहरा बनाउने, घैँटाभित्र फर्सी फलाउने, खरानीको डोरी बाट्ने र जेलभित्र बेलोग्ने बच्चा जन्माउने अतिरञ्जित लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत राजाले न्याय दिनु, तिनले बुधलागरको बुद्धिको परीक्षा गर्नु, बुधलागरले परेवालाई मानिसको बोली सिकाउनु, परेवाले आकाशमा धरहरा बनाउनु, बुधलागरले घैँटोभित्र फर्सी फलाउनु, खरानीको डोरी बाट्नु, बुधलागरले जेलभित्र मालिनको भेष गर्नु र उसले जेलभित्र बेलोग्ने सन्तान जन्माउनु आदि अपत्यारिला घटनाक्रमबाट लोकले अतिरञ्जनामा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा न्याय राजा, बुधलागर कुँवर र परेवा अतिरञ्जित पात्र हुन् । यसमा राजाले बुधलागरको बुद्धिको परीक्षण गर्न उसलाई आकाशमा धरहरा बनाउन लगाउँछन् । बुधलागरलाई त्यस काममा परेवाले सहयोग गर्ने अतिरञ्जित घटनालाई यस लोककथामा यसरी व्यक्त गरिएको छ :

> त्यो चेहरा (परेवा) को खुट्टामा धागो बाँधेर माथि उडाइदियो । त्यो चेहराले के भनेछ भने- "झिकट ल्याऊ, पत्थर ल्याऊ जल्दी जल्दी । झिकट ल्याऊ, पत्थर ल्याऊ जल्दी जल्दी" भनेछ । त्यहाँ टेबुलमाथि टेबुल जोडेको छ । ऊ आकाशमा उड्दै छ । राजाले सामान पुऱ्याउन सकेको छैन । ( परिशिष्ट (क), 'बुधलागर कुँवर')

माथिको उद्धरणमा बुधलागर कुँवरले परेवाको खुट्टामा धागो बाँधेर आकाशतिर उडाइदिन्छ । परेवाले आकाशबाट निर्माण सामग्री माग्छ तर राजाले मागअनुसार सामान दिन नसकेपछि उनको पराजय भएको छ । यसमा राजाले बुधलागर कुँवरको बुद्धि बढेको छ कि घटेको छ भनेर धेरै परीक्षा लिन्छन् । राजाले भनेअनुसार नै बुधलागर कुँवरले घैँटाभित्र फर्सी फलाउँछ । काठको फलेकमा डोरी राखेर जलाई खरानीको डोरी बाट्छ । मालिनको भेष धारण गरेर जेलभित्र बेलोग्ने बच्चा जन्माउँछ, जसलाई 'बुधलागर कुँवर' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "म मालिनको भेष राखेर तपाई कहाँ जान्थ्यो । तपाईँसँग गफसफ हुन्थ्यो, यसरी यो बच्चा भएको हो । मलाई जेलभित्र थुन्नुभयो । मैले एउटा छल गऱ्यो र मालिनको रूप राखेर फूल लिएर हजुरकहाँ जान्थ्यो । हजुर मसँग गफसफ गऱ्यो कि गरेन ? त्यही भएर दुइटा बच्चा भयो" त्यो राजा चङ्खा खायो । (परिशिष्ट (क), 'बुधलागर कुँवर')

माथिको उद्धरणमा बुधलागर कुँवरले आफ्नो चतुऱ्याइँले राजालाई परास्त गरेको छ । राजाले कडा पहरा दिएर जेलमा थुनिराखेको बुधलागर कुँवरले मालिनको भेष धारण गरेर दिनदिनै राजालाई भेट्छ र दुईओटा बच्चा जन्मन्छन् । बुधलागर कुँवरको चलाखीपन देखेर राजा उसलाई जित्न नसकिने निष्कर्षमा पुग्छन् । यसरी प्रस्तुत लोककथामा न्याय राजा, बुधलागर कुँवर र परेवाका असाधारण गतिविधिका आधारमा लोकले पात्रमार्फत अतिरञ्जनामा विश्वास गरेको प्रमाणित हुन्छ । यसमा आकाश र जेल परिवेशका रूपमा आएका छन् । यस लोककथामा टेबुल जोडेर आकाशसम्म पुग्न सकिने अतिरञ्जनालाई यसरी व्यक्त गरिएको छ :

> त्यहाँ टेबुलमाथि टेबुल जोडेको छ । ऊ आकाशमा उड्दै छ । राजाले सामान पुऱ्याउन सकेको छैन । ऊ त, "झिकट ल्याऊ, पत्थर ल्याऊ जल्दी जल्दी" भनेको भन्यै छ । (परिशिष्ट (क), 'बुधलागर कुँवर')

माथिको कथांशमा टेबुलमाथि टेबुल जोडेर आकाशसम्म पुऱ्याउनु र आकाशमा धरहरा निर्माण गर्नु अतिरञ्जित परिवेश हुन् । राजाले बुधलागर कुँवरको बुद्धिको परीक्षण गर्न जेलमा बेलोग्ने बच्चा जन्माउनुपर्ने सर्तअनुसार उसलाई जेलमा राखेका छन् । आकाश र जेलको अतिकाल्पनिक परिवेशबाट लोकले अतिरञ्जनामा विश्वास गरेको पुष्टि हुन्छ । यसमा न्याय राजा, बुद्धलागर कुँवर र परेवा अभिप्रायका रूपमा प्रयोग भएका छन् । यी अभिप्रायमार्फत अतिरञ्जित लोकविश्वास व्यक्त भएकाले लोकले अभिप्रायमार्फत अतिरञ्जनामा विश्वास गर्ने प्रस्ट हुन्छ ।

'भाग्य' लोककथामा राजाले राजकुमारको परीक्षा लिने, राजाले सय मुरी तोरी र सय मुरी कोदो छुट्याउनेलाई छोरी दिने घोषणा गर्ने, डोको वर्ष दिन बुन्दा एकफेरो मात्र सकिने, त्यसमा पहाड जति सामान अट्ने, पिसाबले जङ्गलको आगो निभाउने, भँगेरा राजकुमारले कल्पना गर्नासाथ उपस्थित हुने, भँगेराले सय मुरी तोरी र सय मुरी कोदो छुट्याउने तथा राजकुमारीले चिताउनासाथ हात्ती र गैँडा उत्पत्ति हुने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत सत्तलसिंह राजाले सय मुरी कोदो र सय मुरी तोरी छुट्याउनेलाई मात्र छोरी दिने घोषणा गर्नु, राजकुमारले सत्तलसिंहकी छोरी बिहे गर्न हिँड्नु, बाटामा डोके, नदी जति पिसाब गर्ने मानिस र भँगेरा भेटिनु, मानिसको पिसाबले जङ्गलको आगो निभाउनु, भँगेराले सय मुरी कोदो र सय मुरी तोरी छुट्याइदिनु, डोकोमा पहाड जति गर्दुवा अट्नु र राजकुमारीले कल्पना गर्नासाथ हात्ती, घोडा, गैँडा उत्पत्ति हुनु जस्ता अस्वाभाविक घटनाक्रमबाट लोकले अतिरञ्जनामा विश्वास गरेको सिद्ध हुन्छ । प्रस्तुत लोककथामा सत्तलसिंह राजा, राजकुमार, राजकुमारी, डोके, नदी झैँ पिसाब गर्ने मानिस र भँगेरा अतिरञ्जित पात्र हुन् । यी असाधारण शक्ति भएका मानिस, पक्षी र वस्तुका कारण राजकुमारले सत्तलसिंह राजाकी छोरी विवाह गर्न सफल भएको छ । मानिसले पिसाब गरेर जङ्गलको डढेलो निभाएको प्रसङ्गलाई 'भाग्य' लोककथामा यसरी व्यक्त भएको छ :

> बाटामा जाँदा जाँदै भँगेरा चरीहरू जङ्गलमा थिए । उँधोट आगो दन्केर आयो, दन्केको आगोले चराहरू मर्न लाउँदा त्यो तुरतुर मुत्नीले अलिकति मुतिदियो । आगो निभेर सबै चराचुरुङ्गीहरू बचे, भँगेराहरू बचे । (परिशिष्ट (क), 'भाग्य')

माथिको उद्धरणमा मानिसले पिसाब गरेर जङ्गलमा लागेको डढेलो निभाएको छ । यसरी प्रस्तुत लोककथामा मानिसलाई अतिरञ्जित गरिएको छ । यस लोककथामा मानिसले कल्पना गर्नासाथ भँगेरा उपस्थित हुने अतिरञ्जित घटनालाई यसरी प्रस्तुत गरिएको छ :

> ल यो छुट्याउन पऱ्यो भनेर दुलाहालाई भनेसी दुलाहाले- "लौ मेरी भँगेरी चरी हो" भनेर मनले चितायो । "लौ मेरी चरी हो मलाई आपत् पऱ्यो । सक्नुहुन्च भने आउनुस्" भनेर मनले चिताएको थियो हररर चरीहरू आएर कोदो एकातिर, तोरी एकातिर छर्लक्क छुट्याइदिए । (परिशिष्ट (क), 'भाग्य')

माथिको उद्धरणमा राजकुमारलाई सत्तलसिंह राजाकी छोरी विवाह गर्न सय मुरी कोदो र सय मुरी तोरी छुट्याउनुपर्ने हुन्छ । राजकुमारले कल्पना गर्नासाथ भँगेरा आएर सय मुरी कोदो र तोरी छुट्याइदिन्छन् । यसरी सत्तलसिंह राजा, राजकुमार, राजकुमारी, डोके, नदी झैँ पिसाब गर्ने मानिस र भँगेराले गरेका अविश्वसनीय कार्यका आधारमा लोकले पात्रमार्फत अतिरञ्जनामा विश्वास गरेको पुष्टि हुन्छ । यस लोककथामा सत्तलसिंह राजा, राजकुमार, भँगेरा, डोके, नदी जति पिसाब गर्ने मानिस र

चिताएको पूरा हुने राजकुमारी अभिप्रायका रूपमा प्रयोग भएका छन् । यी अतिकाल्पनिक अभिप्रायबाट राजकुमारको उद्देश्य पूरा भएको हुँदा लोकले अभिप्रायमार्फत अतिरञ्जनामा विश्वास गरेको पुष्टि हुन्छ ।

'राक्षसभूत' लोककथामा राक्षसले मान्छे खाने, राक्षसले बाघको गोरु, खजुरको जुवा र सर्पको हलो जोत्ने अतिकाल्पनिक लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत बहिनीलाई रातको समयमा आगो ननिभाई बस्न लगाउनु, राक्षसले आगो बाल्नु, राक्षसले बाघको गोरु, खजुराको जुवा र सर्पको हलो बनाएर जोत्नु, राक्षसीले केटीलाई खरानी झार्दै जान अह्राउनु, राक्षसले केटीलाई खान लाग्नु, केटीले गुहार माग्नु र दाइहरूले बन्दुकले हानेर राक्षसलाई मार्नु आदि काल्पनिक घटनाक्रमबाट लोकले अतिरञ्जनामा विश्वास गरेको सिद्ध हुन्छ । यसमा अतिरञ्जित पात्रका रूपमा दाजु, बहिनी, राक्षस र राक्षसी आएका छन् । यहाँ राक्षससँग अद्भुत शक्ति हुने भएको हुँदा यसले बाघको गोरु, खजुराको जुवा र सर्पको हलो बनाएर जोत्ने कल्पना छ, जसलाई लोककथामा यसरी व्यक्त गरिएको छ :

> "राक्षस बालाई खाजा पुऱ्याएर आइजा केटी अनि आगो लैजा" भनिचन् । केटीले खाजा लिएर गैचन् । राक्षसबाले बाघको गोरु, खजुराको जुवा र सर्पको हलो बनार जोत्तै रैचन् । माथि डिलमा खाजा राखेर फर्किचन् अरे । (परिशिष्ट (क), 'राक्षसभूत')

माथिको उद्धरणमा राक्षसीसँग आगो माग्न गएकी केटीले राक्षस बालाई खाजा लिएर जान्छे । राक्षस बाले बाघको गोरु, खजुराको जुवा र सर्पको हलो बनाएर जोत्दै गरेको हुन्छ । यस लोककथामा राक्षससँग अद्भुत क्षमता भएकोले तिनले हिंस्रक जनावर बाघ, विषालु कीट खजुरो र सर्पलाई समेत आफ्नो अधीनमा राख्ने अतिकल्पना गरिएको छ । राक्षसले मान्छे खाने कुरालाई यसरी व्यक्त गरिएको छ :

> "ए ! दाइ, मलाई खुट्टासम्मन् खाइसक्को, पेटसम्मन् खाइसक्को, छातीसम्मन् खाइसक्को" भन्दाखेरि सप्पै दाइहेरू आर बन्दुकले ढ्याम्ढुम् हानेचन् अरे । राक्षसलाई मारेर बहिनीलाई निकालेचन् अरे । (परिशिष्ट (क), 'राक्षसभूत')

माथिको उद्धरणमा राक्षसले केटीलाई खान लाग्दा उसले दाइहरूसँग गुहार मागेपछि तिनीहरूले राक्षसलाई बन्दुकले हानेर मार्छन् । यस उद्धरणमा मानिसमा राक्षसलाई जित्ने पराक्रम र साहस रहेको अतिरञ्जित क्षमता व्यक्त भएको छ । यसको कथानकअनुसार दाजु, बहिनी, राक्षस र राक्षसीले गरेका अपत्यारिला र अस्वाभाविक कार्यका आधारमा लोकले पात्रमार्फत अतिरञ्जनामा विश्वास गरेको प्रमाणित हुन्छ । यसमा रातको समय, राक्षस बस्ने ठाउँ र केटीको घर परिवेशका रूपमा प्रयोग भएका छन् । यी परिवेश अतिकाल्पनिक भएकाले लोकले परिवेशमार्फत अतिरञ्जनामा विश्वास गरेको पुष्टि हुन्छ । यस लोककथामा राक्षस, राक्षसी, बाघको गोरु, खजुरोको जुवा र सर्पको हलो अभिप्रायका रूपमा प्रयोग भएका छन् । यी अतिकाल्पनिक अभिप्रायद्वारा मानिसमा राक्षसलाई जित्न सक्ने असाधारण क्षमता हुने लोकधारणा व्यक्त भएको हुँदा लोकले अभिप्रायमार्फत अतिरञ्जनामा विश्वास गरेको सिद्ध हुन्छ ।

'सेवा नै धर्म' लोककथामा राजा न्यायप्रेमी हुने, राजाले बिहान गौसेवा नगरी भोजन ग्रहण नगर्ने, यक्षले सिंहको रूप धारण गरी दिलीप राजाको परीक्षा लिने र यक्षले दिलीप राजालाई सधैँ अमर रहने वरदान दिने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत दिलीप राजाले धर्म र संस्कृतिको पालना गर्नु, बिहान गौसेवा नगरी भोजन ग्रहण नगर्नु, दिलीप राजा गाई चराउन जाँदा यक्षले परीक्षा लिनु, सिंहरूपी यक्षले सुत्केरी गाईलाई झम्टनु, राजाले बरु आफूलाई खान आग्रह गर्नु, यक्षले देवी रूप धारण

गरी राजालाई सधैँ अमर हुने वरदान दिनु जस्ता अतिकाल्पनिक घटनाक्रमबाट लोकले अतिरञ्जनामा विश्वास गरेको सिद्ध हुन्छ । यसमा दिलीप राजा र यक्ष सक्रिय पात्र हुन् । प्रारम्भमा मनुष्यको भलो गर्ने राक्षसलाई यक्ष र यज्ञमा बाधा उत्पन्न गर्नेलाई राक्षस भनिएको पाइन्छ । यक्ष राक्षस निकट हुने भए पनि यसले मानिसलाई हानि नगर्ने धारणा छ (पाण्डेय, सन् १९७८, पृ. ५३०) । माथि उल्लिखित यक्ष र राजाका अविश्वसनीय कार्यका आधारमा लोकले पात्रमार्फत अतिरञ्जनामा विश्वास गरेको पुष्टि हुन्छ ।

'सेवा नै धर्म' लोककथामा सिंहरूपी यक्षले चर्दै गरेको गाईलाई झम्टिएको र दिलीप राजासँग संवाद भएको अतिरञ्जित परिवेश आएका छन् । राजा गाई चराउन गएका समयमा यक्षले गाईलाई झम्टेको परिवेशलाई यस लोककथामा यसरी व्यक्त गरिएको छ :

> "हे ! सिंहराजा यिनी सुत्केरी छन्, यिनको बच्चा घरमा छ । यदि तिम्रो प्राणको रक्षा गर्ने हो भने यी गाईलाई तिम्ले आक्रमण गरिसकेपछि एउटा हैन दुइटाको हत्या हुन्छ । यिनी त त्यसै पनि जानी भइन् तर यिनको बच्चा पनि छ । बच्चाले के खान्छ त्यसकारण अब तिम्ले गाईलाई नछोेऊ" भने । यक्षले भन्यो- "हैन, मेरो प्राणको रक्षा नै मांसभक्षण हो । मैले जसरी पनि आफ्नो पेट गुजाराको निमित्त खानुपर्छ" भन्दा राजाले भने- "त्यसो भए मलाई खाऊ ।" (परिशिष्ट (क), 'सेवा नै धर्म')

माथिको उद्धरणमा सुत्केरी गाईको हत्या गर्दा घरमा रहेको बच्चा भोकै हुने भन्दै राजाले बरु आफ्नो भक्षण गर्न सिंहसँग बिन्ती गरेका छन् । सिंहरूपी यक्षले चरिरहेको गाईलाई झम्टेको जङ्गल र राजासँग संवाद गरेका अतिकाल्पनिक परिवेशमार्फत लोकले अतिरञ्जनामा विश्वास गरेको पुष्टि हुन्छ । यस लोककथामा दिलीप राजा र यक्ष अभिप्राय हुन् । यिनीहरूका अविश्वसनीय क्रियाकलापबाट प्राणीको हित भएको हुँदा लोकले यी अभिप्रायमार्फत अतिरञ्जनामा विश्वास गरेको पुष्टि हुन्छ ।

विवेच्य लोककथाहरूमा देवीदेवता, मानिस, पशुपक्षी, कीटपतङ्ग, विभिन्न वस्तुहरू र प्रकृतिलाई अतिरञ्जित गरी लोककथाका तत्त्वहरू कथानक, पात्र, परिवेश र अभिप्रायका माध्यमबाट लोकविश्वास व्यक्त गरिएको छ । यी लोककथामा कथानकका घटनाक्रमद्वारा सघन रूपमा अतिरञ्जित लोकविश्वास व्यक्त भएका छन् । यस प्रकारका अतिरञ्जित घटनाले लोककथालाई कौतूहलपूर्ण बनाउँदै रहस्यमय तरिकाले अगाडि बढाएका छन् । यी घटनाक्रममा अतिरञ्जित दैवीशक्तियुक्त पात्र महादेव, विष्णु, यक्ष, पितृ र अप्सराहरू छन् । यहाँ अल्छी, जोगी, राजा, सत्तलसिंह राजा, न्याय राजा, दिलीप राजा, रानी, राजकुमार, राजकुमारी, दिदी, गँगटाकी श्रीमती, डोके, नदी जति पिसाब गर्ने मानिस, बाठो भाइ, नाककान काट्ने बुढी, बुधलागर कुँवर, दाजु र बहिनी मानवीय पात्रहरूको अतिरञ्जना गरिएको छ । त्यसै गरी गोरुको खप्पर, घोडा, गँगटो, पाठो, मुसो, बिरालो, कुकुर, चिल, परेवा र भँगेरा अतिरञ्जित मानवेतर पात्रहरू हुन् । विवेच्य लोककथामा देवीदेवता, पशुपक्षी र विभिन्न वस्तुका अद्भुत कार्यले मानवीय पात्रलाई आपत्विपत्बाट मुक्ति दिलाउँदै मानवीय शक्तिलाई झन् बलियो बनाएका छन् । यहाँ राजदरबार, सम्पन्न र विपन्न घर, जङ्गलको डढेलो, पोखरी, ल्होमाङथाङ, गोरखा, बन्दीपुर, गाउँ, रात र हावाहुरी चलेको समय, यज्ञस्थल, तपस्यास्थल र श्राद्धको समय अतिरञ्जित परिवेशका रूपमा आएका छन् । यी अतिकाल्पनिक परिवेशमार्फत अतिरञ्जित लोकविश्वासको अभिव्यक्ति भएको छ । माथि उल्लिखित लोककथाहरूमा महादेव, विष्णु, पितृ, अप्सरा र यक्ष आदि देवीदेवता, वृत्रासुर राक्षस र राक्षसी, जादुगर्नी बुढी, हिरा फल्ने जोगी, राजा, सौतेनी आमा, राजकुमारी, नाककान काट्ने बुढी, बाठो भाइ, न्याय राजा, बुधलागर कुँवर, डोके, नदी जति पिसाब गर्ने मानिस, चिताएको पुग्ने राजकुमार र राजकुमारी मानवीय

पात्र, कैला आँखा र घुमेका पैताला शारीरिक चिह्न, गोरुको खप्पर, घण्टी, रुद्राक्ष, मास, बेसार, गोपीबाँसको मुरली, खरानीका डल्ला, बाँसको पात, दाहिने बङ्गारो, खजुराको जुवा, सर्पको हलो आदि वस्तु, पेटमा राजकुमार राख्ने घोडा, गँगटो, कुकुर, बिरालो, बन्दुक बोकेपछि पछि लग्ने कुकुर, भँगेरा, बाघको गोरुजस्ता जीवजन्तु तथा रातको बाह्र बजेको समय, ल्होमाङथाङ र बन्दीपुर बजार आदि अभिप्रायको प्रयोग भएको छ । अतिरञ्जित देवीदेवता, वस्तु र जनावरले मानिसलाई आपत्‌विपत्‌बाट छुटकारा दिलाएका छन् । यसरी विवेच्य लोककथामा देवीदेवता, अतृप्त आत्मा, मानिस, शारीरिक चिह्न, वस्तु, जनावर, समय र ठाउँका अतिरञ्जित अभिप्रायमार्फत लोकविश्वास व्यक्त भएका छन् ।

## ३.६ धार्मिक अनुष्ठानसम्बन्धी लोकविश्वासको अभिव्यक्तिगत प्रक्रिया

धर्म कुनै पनि व्यक्ति, वस्तु वा प्राणीमा निहित प्राकृतिक गुण वा स्वभाव हो । मानिसले धर्मलाई समाज सञ्चालन गर्ने नियमको रूपमा ग्रहण गरेको हुँदा लोकले सम्पन्न गर्ने हरेक क्रियाकलापमा कुनै न कुनै रूपमा धर्मसँग जोडिएका हुन्छन् (आचार्य, २०६२, पृ. १२४) । समाजमा धर्मलाई नियम मान्ने लोकधारणा छ । परम्परागत अर्थमा वर्ण, जाति, आश्रम, कर्म र सङ्कल्प स्वरूप व्यक्ति र समाजका पाँच धर्म छन् (प्रभात, २०७४, पृ. २२७) । मानवीय जीवनमा धर्मलाई व्यापक मानिएको छ । धार्मिक अर्थमा अज्ञात शक्ति वा ईश्वरप्रतिको भक्तिभाव नै धर्म हो (राई, २०७४, पृ. ४८) । मानिसले पुण्य प्राप्तिका लागि अलौकिक शक्तिप्रति आस्था राख्दछ र धर्म प्राप्तिका लागि स्नान, ध्यान, पाठपूजा, तीर्थ, व्रत, दान र यज्ञ गर्दछन् । शास्त्रहरूले बताएअनुसार आफूले चिताएको कुरा प्राप्त गर्न गरिने धर्मकर्म नै धार्मिक अनुष्ठान हुन् । धार्मिक अनुष्ठानले मानवमनमा रहेको ईश्वर, देवीदेवता, पितृ, अतृप्त आत्मा, यज्ञ, पापपुण्य, तीर्थ, व्रत, पुनर्जन्म आदि लोकआस्थालाई संवहन गर्दछन् (पराजुली, २०७१, पृ. १६९) । धार्मिक अनुष्ठानले लोकमा रहेको धार्मिक आस्था र अनुष्ठित कर्ममा आधारित लोकमान्यतालाई निरन्तरता दिन मदत गरेका छन् । लोकजीवनले धार्मिक कर्मलाई आफ्नो व्यवहारमा सदा निर्वाह गर्न खोजेको छ । नेपाली समाजमा विशेष चाडपर्व, मेला, उत्सवमा गरिने धार्मिक अनुष्ठानसम्बन्धी प्रशस्त लोककथा छन् (दिवस, २०७७, पृ. ४४) । ती लोककथामा धार्मिक कृत्यहरू लोकविश्वासका रूपमा प्रकट हुन्छन् । लोककथामा धार्मिक अनुष्ठानसम्बन्धी देवीदेवता, ऋषि, साधुसन्त, जोगी, यज्ञ, दान, व्रत, तीर्थ, धर्मशास्त्र, अतृप्त आत्मा, लामाधामी र पितृसम्बन्धी लोकविश्वास रहेका छन् ।

गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा देवीदेवता, महादेव, इन्द्र, विष्णु, कुछब तेरङा देवता, अकलामाई, कालिकामाई, ऋषि, सिद्ध पण्डित, साधुसन्त, जोगी, योगी, लामाको अवतार काग, जादुगर्नी, पितृ र राक्षससम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यी लोकविश्वासमा मानिसले आफ्नो अभीष्ट पूरा गर्न नियमपूर्वक आनुष्ठानिक कार्य गर्ने विश्वास छ । आनुष्ठानिक कार्यअन्तर्गत देवीदेवताको उपासना, पूजा, व्रत, भाकल, बलि, तीर्थस्थलको निर्माण तथा संरक्षण र तान्त्रिक अनुष्ठान तथा संस्कार गरिएका छन् । गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा कथानक, पात्र, परिवेश र अभिप्रायमार्फत धार्मिक अनुष्ठानमा आधारित लोकविश्वास व्यक्त भएका छन् । धार्मिक अनुष्ठानसम्बन्धी लोकविश्वासको खास प्रयोजन भने धर्मकर्म र धार्मिक निष्ठामार्फत असल आचरणको विकास गर्ने, परम्परागत आनुष्ठानिक कार्यलाई निरन्तरता दिने, मानवलाई सेवाभावमार्फत लोकहितका कार्यमा अभिप्रेरित गर्ने र धार्मिक क्रियाकलापमार्फत पुण्य प्राप्त भई सुखलाभ हुनेतर्फ विश्वस्त गराउनु रहेको छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित 'अकलामाई', 'ऋषिपञ्चमी', 'काफ्ले पाठो', 'कुछब तेरङा', 'पुण्यशिला', 'मुक्तिक्षेत्र', 'राजकुमार

दिक्पाल', 'लामाको शक्ति' र 'सराद' नेपाली लोककथामा धार्मिक अनुष्ठानसम्बन्धी लोकविश्वास भएकाले तिनको छनोट गरी उद्धरणसहित विश्लेषण गरिएको छ ।

'अकलामाई' लोककथामा देवीको विधिपूर्वक पूजाआजा गर्नुपर्ने लोकविश्वास छ । यसको कथानकअन्तर्गत काटेको रुख भुइँमा नगिर्ने, देवीले सपनामा आएर विधिपूर्वक पूजाआजा गर्न भन्ने र देवीको पूजाआजा गर्दा काटेको रुख भुइँमा झर्ने घटनाक्रमबाट लोकले धार्मिक अनुष्ठानमा विश्वास गर्ने सिद्ध हुन्छ । अकलाको अर्थ सङ्कट या दुःख भए पनि जनविश्वासमा सङ्कट या दुःखको मोचन गर्ने देवीलाई अकलादेवी भनिन्छ (खतिवडा, २०७४, पृ. ७) । जनबोलीमा अकलादेवीलाई नै अकलामाई भन्ने चलन छ । यसरी अकलादेवीको विधिपूर्वक पूजा गर्दा दुःखबाट छुटकारा हुने लोकधारणा रहेको छ । यस लोककथामा देवी र पुर्खा पात्रका रूपमा आएका छन् । देवीले एकजना वृद्धको सपनामा आएर विधिपूर्वक पूजा गरिदिन आग्रह गरेको कुरालाई 'अकलामाई' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "म यहाँ देवी छु । मेरो कुनै किसिमको सम्मान भएन । मेरो शिरमाथिका रुखहरू यसरी काटिँदा मलाई दुःख लायो । तिमीहरू मेरो नजिकै हुँदा पनि मलाई पहिचान गर्न सकेनौँ । त्यो रुखमा म प्रवेश गरेकी छु । रुख काटिँदा पनि भुइँमा झर्न नदिने अवस्था मैले बनाएकी हुँ । तिमीहरूले मेरो पूजन गर, मलाई सम्झिनी काम गर" भन्नी सपनामा परिचय भएका कारणले भोलिपल्ट विधिसाथ देवीको आराधना गरेर उहाँहरू फर्किनुभो । (परिशिष्ट (क), 'अकलामाई')

माथिको उद्धरणमा देवीले सपनामा आएर रुखमा आफू बसेको हुँदा विधिपूर्वक पूजा गर्न आग्रह गरेकी छिन् । मानिसले देवीथान बनाएर विधिपूर्वक पूजा गर्दा काटेको रुख भुइँमा गिरेको छ । देवी र पुर्खाहरूका क्रियाकलापबाट पात्रमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरिएको पुष्टि हुन्छ । यस लोककथामा जङ्गलमा देवीको पूजा गरिएको परिवेशमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरिएको प्रमाणित हुन्छ । यसमा देवीको पूजापाठपछि मात्र काटेको रुख भुइँमा गिरेको घटनाबाट लोकले देवी अभिप्रायमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरेको सिद्ध भएको छ ।

'ऋषिपञ्चमी' लोककथामा महिलाहरूले रजस्वला हुँदाको स्पर्शजन्य दोष निवारणका लागि ऋषिको व्रत बसी पूजा गर्ने लोकविश्वास प्राप्त भएको छ । यसको कथानकमा शौनकादिका अठासी हजार ऋषिले एउटै यज्ञ गर्नु, यज्ञमा सुतजीले ऋषिपञ्चमीको कथा सुनाउनु, वृत्रासुर राक्षसको बध गरेको हुँदा विष्णुलाई ब्रह्महत्याको दोष लाग्ने, उक्त दोषको एक भाग स्त्री रजमा फ्याँकिदिने र ब्रह्महत्याको दोषबाट मुक्त हुन रजस्वला भईसकेका महिलाले ऋषिपञ्चमीको व्रत बस्नुपर्ने घटनाक्रमबाट लोकले धार्मिक अनुष्ठानमा विश्वास गरेको सिद्ध हुन्छ । स्त्रीले ब्रह्महत्याको दोष निवारणका लागि ऋषिपञ्चमीको पूजा गर्नुपर्ने लोकविश्वासलाई 'ऋषिपञ्चमी' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> "स्त्रीजाति रज भएको ब्रह्महत्या लागेको हो । त्यो ब्रह्महत्यालाई साम्य गर्न, शान्त गर्नका निमित्त स्त्रीजातिहरूले ऋषिपञ्चमीको व्रत गर्नुपर्छ । महिलाहरू ब्रह्महत्याको पापबाट मुक्त हुनाका निमित्त ऋषिपञ्चमीको व्रत गर्नी तथा पूजा गर्नी हो । हलोले नजोतेका ठाउँको अन्न खाएर जसले सात वर्षसम्म नित्य ऋषिपञ्चमीको पूजा र भगवान्‌को आराधना गर्छन् भने ती महिला सबै पापबाट मुक्त भएर जान्छन् ।" (परिशिष्ट (क), 'ऋषिपञ्चमी')

माथिको उद्धरणमा स्त्री रज ब्रह्महत्याको दोष भएको उल्लेख छ । स्त्री जातिले त्यसलाई साम्य पार्न ऋषिपञ्चमीको व्रत बस्नुपर्ने हिन्दु संस्कार रहेको छ । रजस्वला भइसकेका महिलाहरूले त्यस समयमा हुने स्पर्शजन्य दोषको प्रायश्चित गर्दछन् (पाण्डेय, सन् १९७८, पृ. १३९) । यस लोककथामा ऋषि, इन्द्र, ब्रह्माका कारण महिलाहरू ऋषिपञ्चमीको व्रत बसेको हुँदा लोकले पात्रमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरेको प्रमाणित हुन्छ । पौराणिक कथाअनुसार इन्द्रले त्वष्टा ऋषिका छोरा विश्वारूपलाई मारेपछि ऋषिले इन्द्रसँग बदला लिन वृत्रासुरको जन्म भएको थियो । वृत्रासुरालाई ब्रह्माले कुनै पनि हतियारबाट नमर्ने वरदान दिएको हुँदा इन्द्रले वृत्रासुरलाई दधिची ऋषिको अस्थिरपन्जरबाट बनेको बज्रले मारेको उल्लेख छ (खतिवडा, २०७४, पृ. ११४८) । इन्द्रले ऋषिपुत्र मारेकाले उनलाई ब्रह्महत्याको दोष लागेको लोकविश्वास छ । यस लोककथामा सुतजीले शौनकादिका अठासी हजार ऋषिलाई ऋषिपञ्चमीको व्रतकथा सुनाएको परिवेशबाट धार्मिक अनुष्ठानमा विश्वास गरिएको सिद्ध हुन्छ । यस लोककथामा अठासी हजार ऋषिले एउटै यज्ञ गर्नु, इन्द्र र वृत्रासुर अभिप्राय हुन् । माथि उल्लिखित घटना शृङ्खलामा यी अभिप्रायका कारण महिलाहरूले व्रत बस्नुपर्ने परिस्थिति बनेको हुँदा लोकले अभिप्रायमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरेको प्रमाणित हुन्छ ।

'काफ्ले पाठो' लोककथामा कालिकालाई बलि चढाएको पाठाको रौँ भए पनि घरमा राख्दा फलिफाप हुने लोकविश्वास छ । यसको कथानकअन्तर्गत रानी पुत्रशोकमा पर्नु, राजाले निराश बनेकी रानीलाई हसाउने उपाय खोज्नु, बलिया काफ्लेलाई लडाउने योजना बनाउनु, कालिकाको मन्दिरमा काफ्ले पाठो काट्नु, त्यसलाई मन्दिर परिक्रमा गराएर चौरमा फ्याँक्नु, काफ्लेहरूले तँछाडमछाड गरेर केही अंश आफ्नो भागमा पार्नु आदि घटनाक्रमबाट धार्मिक अनुष्ठानमा विश्वास गरिएको सिद्ध हुन्छ । यस लोककथामा राजा र काफ्लेहरू सक्रिय पात्रका रूपमा आएका छन् । यहाँ राजा र काफ्लेहरूका क्रियाकलापबाट नै कालिकालाई बलि दिने र मासु प्रसाद स्वरूप लैजाने क्रियाकलाप भएकाले पात्रमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरिएको प्रमाणित हुन्छ । काफ्ले पाठाको केही अंश भए पनि घरमा राख्नाले फलिफाप हुने कुरालाई 'काफ्ले पाठो' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> राजाले आफ्ना पहरेदारहरूलाई बोलाउन पठाएछन् । दसैँको नवमीको दिन एउटा कालरात्रि, एउटा राजखानदान र तेस्रो काफ्ले पाठो काटेर तीनचोटि मन्दिर परिक्रमा गराएर चउरमा फ्याँकिदिएछन् । काफ्लेहरू आफूआफू लडेर थोरै भए पनि घरमा लानी भनेर तँछाडमछाड गरेछन् । (परिशिष्ट (क), 'काफ्ले पाठो')

माथिको उद्धरणमा कालिकालाई बलि दिएपछि काफ्ले पाठोलाई निश्चित चउरमा फ्याँकिन्छ र काफ्लेहरूले त्यस पाठाको थोरै अंश भए पनि आफ्नो भागमा पार्न तँछाडमछाड गर्छन् । यस लोककथाको परिवेश हालको पर्वत जिल्लाको पैँयुकोट दरबार नजिकै रहेको कालिकामाईको थान हो । त्यस मन्दिरमा दसैँको नवमीका दिन राजखानदान, नायक साहेब र काफ्ले पाठो गरी तीनओटा पाठा काट्ने चलन रहेको किंवदन्ती छ । कालिकामाईको मन्दिर र नवमीको दिनजस्ता परिवेशमार्फत लोकले धार्मिक अनुष्ठानमा विश्वास गरेको पुष्टि हुन्छ । यस लोककथामा कालिकामाई र काफ्ले पाठो अभिप्रायका रूपमा प्रयोग भएका छन् । धार्मिक विधिअनुसार कालिकामाईलाई बलि चढाएको काफ्ले पाठाको अंश घरमा राख्दा पुण्य प्राप्ति हुने लोकविश्वासका कारण यी अभिप्रायमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरिएको पुष्टि हुन्छ ।

‘कुछब तेरङा’ लोककथामा लामाले तिब्बतबाट कुछब तेरङा देवता लिएर आउने, पूजा गर्दागर्दै थाली कागले टिपेर उड्ने र कागले देवतालाई लगेर गुम्बाको ढोकामा राखिदिने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकमा तिब्बती राजाले पाल्साङलाई कुछब तेरङा देवता दिनु, टाउको आकारको डाँडामा लगेर राख्न लगाउनु, लामाले पन्नाखोलामा ती देवताको पूजा गर्नु, त्यही समयमा कागले थाली टिपेर उड्नु र तिब्बती लामाले भनेकै स्थानमा लगेर राखिदिनु आदि घटनाक्रमबाट धार्मिक अनुष्ठानमा विश्वास गरिएको सिद्ध हुन्छ । यस लोककथामा पाल्साङ लामा र काग सक्रिय पात्र हुन् । लामाले ती देवतालाई पूजा गरिरहेको समयमा कागले थाली टिपेर लगिदिन्छ, यस विषयको चर्चा गर्दै सावित्री गुरुङ लगायत अन्यले भनेका छन्- “बिहानको नियमित पूजा गर्दा एउटा अचम्मको घटना घट्न पुग्यो । जुन दिन उहाँले तोर्म हाली रहेको समयमा पानी राख्ने तोर ठेब (एक प्रकारको प्लेट) कालो कागले उठाएर लग्यो” (गुरुङ र अन्य, २०६८, पृ. ४५) । बौद्ध धर्म दर्शनमा कागलाई लामाको अवतार मानिएको छ । उक्त कालो काग परम गुरुको औतारी भएर ठाउँ देखाउन आएको कुरा होएसर घाङ पुगेर ठुलो कालो ढुङ्गामाथि कालो तोरठेब देख्दा थाहा भयो (गुरुङ र अन्य, २०६८, पृ. ४६) । ‘कुछब तेरङा’ लोककथाअनुसार लामा र कागका कार्यव्यापारका आधारमा लोकले पात्रमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरेको पुष्टि हुन्छ । यसमा परिवेशअन्तर्गत पन्ना खोलाको किनार र कुछब तेरङा देवता राखिएको गुम्बा रहेका छन् । यी दुवै परिवेशमा लामाले कुछब तेरङा देवताको विधिपूर्वक पूजाआजा गरी गुम्बामा संरक्षण गरेको हुँदा यिनीहरूबाट धार्मिक अनुष्ठानमा विश्वास गरिएको पुष्टि हुन्छ । यहाँ लामा, काग र कुछब तेरङा देवता अभिप्रायले देवताको संरक्षण मदत गरेको हुँदा लोकले अभिप्रायमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरेको सिद्ध हुन्छ ।

‘पुण्यशिला’ लोककथामा मानिसले देवतामा विश्वास गर्ने, सिन्दूर दलिएको ढुङ्गालाई देवता मानेर फूलपाती र पैसा चढाउने, साधुले शिवजीको ध्यान गर्ने र उसले पुण्यशिला देवीको मन्दिर स्थापना गर्ने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत महिलाले दिनदिनै आफूले लगाएर बाँकी रहेको सिन्दूर ढुङ्गामा लगाउनु, बटुवाहरूले सिन्दूर लागेको ढुङ्गालाई देवता मानेर पूजा गर्नु, साधुले त्यस स्थानमा शिवजीको तपस्या गर्नु र पुण्यशिला देवीको स्थापना हुनु आदि घटनाक्रमबाट धार्मिक अनुष्ठानमा विश्वास गरिएको सिद्ध हुन्छ । सिन्दूर दलिएको ढुङ्गामा देवता रहने विश्वासका कारण बटुवाले त्यसमा फूलपाती चढाउँदै जान्छन्, जसलाई ‘पुण्यशिला’ लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> “चौतारी छ, ढुङ्गो पनि छ र सिन्दूर पनि दलिएको छ । यो के होला ? यहाँ त कुनै देउताको थान होला” भनेर आउने बटुवाले फूल चढाउन थालेचन् । (परिशिष्ट (क), ‘पुण्यशिला’)

माथिको कथांशमा सिन्दूर लगाएको ढुङ्गालाई बटुवाले देवताको थान मानेर पैसा र फूलपाती चढाएका छन् । साधुले त्यस ठाउँमा तपस्या गरी पुण्यशिला देवीको मन्दिर स्थापना गर्छ । मानिसले फूलपाती चढाउँदा, पूजापाठ गर्दा देवता खुसी भई पुण्य प्राप्त हुने आदिम चिन्तनका कारण धार्मिक अनुष्ठान गर्छन् । यस लोककथामा महिला, बटुवा र साधु पात्रले गरेका धर्मकर्मसम्बन्धी कार्यका आधारमा लोकले धार्मिक अनुष्ठानमा विश्वास गर्ने प्रमाणित हुन्छ । यहाँ चौतारी र मन्दिर परिवेशका रूपमा आएका छन् । चौतारीमा सिन्दूर दलिएको ढुङ्गोलाई बटुवाहरूले देवता मानेर फूलपाती चढाउने र ढोग्ने तथा साधुले पुण्यशिला देवीको स्थापना गरेका कारण यी परिवेशमार्फत लोकले धार्मिक अनुष्ठानमा विश्वास गरेको पुष्टि हुन्छ । यस लोककथामा सिन्दूर दलिएको ढुङ्गो र भेटी अभिप्रायका रूपमा प्रयोग भएका छन्

। यहाँ बटुवाहरूले सिन्दूर दलिएको ढुङ्गोलाई भगवान् मानेर फूलपाती र भेटी चढाएकाले यी अभिप्रायमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरिएको सिद्ध हुन्छ ।

'मुक्तिक्षेत्र' लोककथामा मुक्तिक्षेत्रको पानी कैलाशबाट ल्याइएको, मुक्तिक्षेत्रको पानी खाँदा र नुहाउनाले पाप नाश हुने, एउटा पोखरीमा पस्दा पाप नाश हुने र अर्को पोखरीमा पस्दा धर्म प्राप्ति हुने, मुक्तिक्षेत्रका रुखभित्र माँसीता आसीताको बसोबास रहेको, मुक्तिनाथका देवता जुम्लाका राजाको कुलदेवता मानिने, देवतालाई स्थानान्तरण गराउँदा नराम्रा घटना घट्ने, रानीको सपनामा भगवान् विष्णुले दर्शन दिने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत माँसीता आसीताले कैलाश पर्वतबाट पानी ल्याएर छोड्नु, मुक्तिक्षेत्रको पानी खाँदा र नुहाउनाले पाप नाश हुनु, मुक्तिक्षेत्रका रुखमा माँसीता आसीता पस्नु, मुक्तिनाथका देवतालाई जुम्ला लैजान खोज्दा नराम्रा घटना घट्नु र रानीको सपनामा भगवान् विष्णुले रानीकुवा बनाउन भन्नु आदि घटनाक्रमबाट लोकले धार्मिक अनुष्ठानमा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा माँसीता आसीता र रानी क्रियाशील पात्र हुन् । माँसीता आसीताले पाप नाश गर्ने पानी स्थापना गर्नु र रानीले सपनामा विष्णु भगवान्लाई देख्ने क्रियाकलापका आधारमा लोकले पात्रमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरेको प्रमाणित हुन्छ । यस लोककथामा मुक्तिक्षेत्रको परिवेश रहेको छ । मुक्तिक्षेत्रको पानी खाँदा र नुहाउनाले पाप जाने, पोखरीमा नुहाउँदा धर्म प्राप्ति हुने, मुक्तिक्षेत्रका रुखमा माँसीता आसीता रहेको, मुक्तिनारायणलाई बौद्ध धर्मावलम्बी नागराजा र हिन्दुहरूले विष्णु भगावान्का रूपमा मान्ने हुँदा यस परिवेशमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरिएको पुष्टि हुन्छ । मुक्तिक्षेत्रमा देवता, किन्नर, गन्धर्व, अप्सराहरू र सिद्धादि देवयोनि तथा जीवात्मा पत्थर, पिपल र अन्य जातका वृक्ष र जलरूपमा रहने विश्वास छ (क्षेत्री, २०४४, पृ. ७२) । देवताहरूको निवासस्थान भएकाले यो क्षेत्र मुक्तिदायक अर्थात् मुक्तिक्षेत्रका रूपमा प्रख्यात छ । यस लोककथामा कैलाश पर्वत, माँसीता आसीता, भगवान् विष्णु, धर्म र पाप तथा देवता अभिप्रायका रूपमा प्रयोग भएका छन् । यी अभिप्रायले मुक्तिक्षेत्रलाई पुण्यस्थलका रूपमा चिनाउन मदत गरेकाले लोकले अभिप्रायमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरेको प्रमाणित हुन्छ ।

'राजकुमार दिक्पाल' लोककथामा जोगीले कालिकामाईको विशेष पूजा गर्ने र सात जनाको नरबलि दिने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत जोगीले निःसन्तान रानीको हातबाट भिक्षा नलिनु, रानीलाई सन्तान हुने बुटी दिनु, राजकुमार दिक्पाल जन्मनु, राजकुमार दिक्पाललाई जोगीले कुटीमा लैजानु, जोगीले राजकुमारलाई पूजा कोठामा छिर्न नदिनु, जोगी नभएको समयमा राजकुमार पूजाकोठामा जानु, भित्तामा झुन्ड्याई राखेका छओटा टाउकाले राजकुमारलाई बाँच्ने उपाय सिकाइदिनु, राजकुमारले ढोग्न सिकाइदिन आग्रह गर्नु, जोगीले कालिकामाईलाई ढोग्न सिकाउँदा राजकुमारले जोगीको हत्या गर्नु र जोगीको खुन भित्तामा झुन्ड्याइएका टाउकामा छर्किदिँदा ती पुनर्जीवित हुनु आदि घटनाक्रमबाट लोकले धार्मिक अनुष्ठानमा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा जोगी र राजकुमार क्रियाशील पात्र रूपमा रहेका छन् । जोगीले कालिकालाई नरबलि दिने भाकल गरी विधिपूर्वक पूजा गरेको प्रसङ्गलाई 'राजकुमार दिक्पाल' लोककथामा यसरी व्यक्त गरिएको छ :

> राजकुमारलाई बिहान उठेर नुवाइधुवाइ गरेर फूल टिप्न लगाम्नी त्यसपछि ऊ छुट्टै कोठामा गएर पूजा गर्दो रैछ । त्यहाँ हेर्न जान नदिँदो रैछ । त्यसो गर्दागर्दै छसात दिन बितेछन् । त्यसले पूजा गर्दाखेरि प्राणहत्या गरेर झुन्ड्याउँदो रैछ । त्यहाँ अरू छओटा टाउका रैछन्,

तेलाई काटेपछि भने सातओटा हुनी रैछन् । त्यो सातओटा पूरा गरेपछि जोगीको भाक्कल पूरा हुनी रैछ । (परिशिष्ट (क), 'राजकुमार दिक्पाल')

प्रस्तुत उद्धृतांशअनुसार जोगीले देवीको भाकल पूरा गर्न राजकुमारको बलि दिन लागेको प्रसङ्ग छ । जोगीले राजकुमारलाई पूजा कोठामा जान प्रतिबन्ध लगाए पनि चलाख राजकुमारले सबै रहस्य पत्ता लगाई अन्त्यमा जोगीको रगत कालिकालाई चढाएर मृत टाउकालाई पुनर्जीवित गराएको छ । यसरी जोगीले विधिपूर्वक पूजा गरी भाकल पूरा गर्ने तथा राजकुमारले जोगीको रगत छर्किदिँदा मृतक पुनजीर्वित हुने क्रियाकलापबाट लोकले पात्रमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरेको स्पष्ट हुन्छ । यहाँ जोगीको कुटी परिवेशका रूपमा आएको छ । कुटीभित्र कालिकामाईको पूजा गर्ने र नरबलि दिने अनुष्ठानिक कार्यले परिवेशमार्फत धार्मिक विश्वास व्यक्त भएको पुष्टि हुन्छ । यस लोककथामा कालिकामाई, नरबलि, जोगी र राजकुमार दिक्पाल अभिप्रायमार्फत दैवीशक्ति, नरबलि र पाठपूजासम्बन्धी लोकविश्वास व्यक्त भएकोले लोकले यी अभिप्रायमार्फत धार्मिक अनुष्ठानमा विश्वास गर्ने प्रमाणित हुन्छ ।

'लामाको शक्ति' लोककथामा जादुगर्नी बुढीले रातको बाह्र बजे पिपलको पूजा गर्ने र लामाले गाउँको समस्या समाधान गर्न तान्त्रिक विधिसहित धार्मिक अनुष्ठान गर्ने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत जादुगर्नी बुढीले रातको बाह्र बजे नाङ्गै भएर पिपलको पूजा गर्नु, लामाले तन्त्रमन्त्रमार्फत गाउँको समस्या समाधान गर्नु र तान्त्रिक विधिअनुसार भुतिनीको भाग दिनु आदि घटनाक्रमबाट धार्मिक अनुष्ठानमा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा जादुगर्नी बुढी र लामा सशक्त भूमिकामा देखिएका छन् । माथि उल्लिखित घटनाक्रममा जादुगर्नी बुढीले गरेको पूजापाठ र लामाले गरेको तान्त्रिक अनुष्ठानले धार्मिक कृत्यलाई बुझाएका हुँदा लोकले पात्रमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरेको पुष्टि हुन्छ । यस लोककथामा रातको बाह्र बजे पिपलको रुखमा पूजा गर्ने र लामाले तान्त्रिक अनुष्ठान गर्ने परिवेशमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरेको प्रमाणित हुन्छ । यस लोककथामा धार्मिक कार्य निश्चित स्थानमा गरिने कुरालाई यसरी अभिव्यक्त गरिएको छ :

> भोलिपल्ट गाउँलेलाई तीन दिनभित्र गाम्मा डुलेको दुष्ट आत्मा खत्तम पारिदिने वाचा दियो तर गाउँलेहरूसँग सर्त पनि गरेच । के सर्त भन्दा रित्तो घर दिन परो अनि मागेका सरसामान दिन परो, गाम्लेले मानेचन् । लामाले रित्तो घरको मूल मझेरीमा आसन जमाएच र मन्त्र पढ्न लागेच । (परिशिष्ट (क), 'लामाको शक्ति')

माथिको कथांशमा गाउँमा दुष्टात्मा डुलेको थाहा पाएपछि लामाले सुनसान घरको मझेरीमा आसन जमाएर आनुष्ठानिक कार्य गरेको परिवेशमार्फत धार्मिक विश्वास व्यक्त भएको पुष्टि हुन्छ । यस लोककथामा जादुगर्नी, रातको बाह्र बजे र लामा अभिप्राय हुन् । जादुगर्नीले रातको बाह्र बजे पिपलको पूजा गर्ने, लामाले जादुगर्नीको नकारात्मक शक्ति रोक्न सुनसान घरको मझेरीमा अनुष्ठान गरेका घटनाक्रमबाट लोकले यी अभिप्रायमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरेको प्रमाणित हुन्छ ।

'सराद' लोककथामा श्राद्ध गर्दा पितृले आशीर्वाद दिने र जीवनमा उन्नति प्रगतिको बाटो देखाइदिने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत बुहारीले पितृलाई सपनामा देख्नु, पितृको श्राद्ध गरिदिनु, ससुराले सपनामा रातु गाई ल्याउन भन्नु, गाई मरेपछि गाड्न अह्राउनु तथा रातु गाई गाड्ने खाल्टो खन्दा पैसा र सुनका थैला भेटिनु जस्ता घटनाक्रमबाट धार्मिक अनुष्ठानमा विश्वास भएको सिद्ध

हुन्छ । छोरा, बुहारी र पितृ यस लोककथाका सक्रिय पात्र हुन् । यस लोककथामा श्राद्धपछि पितृ खुसी भएर आफ्ना छोराबुहारीलाई उन्नतिको बाटो देखाइदिएका छन्, जसलाई 'सराद' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> त्याँट ती बुढा, ससुरा सपनामा आर भनेचन्- "बुहारी ! तिमी धन्य रैचौ । आज पेटभोरि खाएँ, म अघाएँ, सन्तुष्ट छु । तिम्ले दुःख पायौ, दुःख पाएँ भनेर पिर नमान । मैले तिम्लाई बाटो देखाइदिन्चु" भनेर ससुराले भनेचन् । (परिशिष्ट (क), 'सराद')

प्रस्तुत कथांशमा पितृकर्म गर्दा दिइने दान पितृले प्राप्त गर्ने, आफ्ना सन्तानलाई सुखको बाटो देखाइदिने लोकविश्वास छ । पितृको तृप्तिका लागि शास्त्रविहित तरिकाले श्रद्धापूर्वक गरिने धार्मिक कृत्य नै श्राद्ध हो । हिन्दुहरूले दिवंगत आत्माको शान्तिका लागि तर्पण दिने परम्परा छ (शर्मा, सन् २०१३, पृ. ५५३) । समाजमा पितृ सन्तुष्ट हुँदा सन्तानलाई खुसी मिल्ने भएकाले श्राद्ध कर्म गर्नुपर्ने लोकधारणा छ । 'सराद' लोककथामा बुहारीले ससुराको श्राद्ध गरी त्यसको शुभफल प्राप्त गरेको हुँदा लोकले पात्रमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरेको प्रमाणित हुन्छ । यस कथामा परिवेशका रूपमा श्राद्धको समय र रातु गाई गाडेको स्थानको प्रयोग गरिएको छ । श्राद्धकर्म र पितृले भनेअनुसार रातु गाईको अन्त्येष्टि दुवै धार्मिक कार्य भएको हुँदा लोकले यी परिवेशमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरेको पुष्टि हुन्छ । यस कथामा प्रयोग भएका अभिप्राय पितृ, श्राद्ध र रातु गाई हुन् । यिनै अभिप्रायका कारण धार्मिक कृत्य भएको हुँदा लोकले अभिप्रायमार्फत धार्मिक अनुष्ठानमा विश्वास गरेको स्पष्ट हुन्छ ।

विवेच्य लोककथामा धार्मिक अनुष्ठानअन्तर्गत देवी, इन्द्र, विष्णु, ऋषि, अकलामाई, कालिकामाई, कुछब तेरङा देवता र पितृको पूजाअर्चना गरेका लोकविश्वास कथानक, पात्र, परिवेश र अभिप्रायमार्फत व्यक्त भएका छन् । यी लोककथामा पुर्खा, राजारानी, राजकुमार, काफ्ले, लामा, काग, बटुवा, जादुगर्नी, साधु, जोगी, माँसीता आसीता तथा छोराबुहारी पात्रहरूले धार्मिक अनुष्ठान सम्पन्न गरेका छन् । धार्मिक अनुष्ठान मानिसको घर, यज्ञस्थल, जङ्गल, देवीका मन्दिर र थान, कुटी, नदी किनार, चौतारी, निर्जन स्थान र दिन तथा रातको समयमा गरिएको छ । जादुगर्नीले आफ्नो शक्तिको परीक्षण गरी मानिस, पशुपक्षी र प्रकृतिमा प्रतिकूल शक्तिको प्रयोग गर्न पूजापाठ गरेकी छ भने लामाले जादुगर्नीको नकारात्मक शक्ति रोक्न तान्त्रिक यज्ञ गरेको छ । यी लोककथाहरूमा अकलामाई, कालिकामाई, पुण्यशिला नामले देवीको शक्तिमा ज्यादा आस्था राखेको पाइएको छ । देवीलाई भाकल गर्ने र देवी खुसी भएमा आफ्नो मनोकामना पूरा हुने लोकविश्वासका कारण बलि दिइएको छ । देवताअन्तर्गत इन्द्र, कुछब तेरङा र ऋषिको पूजन गर्दा पापबाट मुक्त भइने लोकविश्वास छ । विवेच्य लोककथामा पितृकार्यलाई ज्यादा महत्त्व दिइएको छ । श्राद्धमा गरिने पिण्डदान पितृले प्राप्त गर्ने र उनीहरू खुसी भई सुख, शान्ति र समृद्धिका लागि आशीर्वाद दिने लोकविश्वास छ । तुलनात्मक रूपमा धार्मिक अनुष्ठानसम्बन्धी लोकविश्वास पात्रमार्फत ज्यादा र परिवेशअन्तर्गत न्यून रूपमा व्यक्त भएका छन् । विवेच्य लोककथाहरूमा दैवीशक्तिको पूजा गर्नाले पुण्य प्राप्त भई जीवन सुखद हुने लोकविश्वास रहेको छ ।

## ३.७ शक्तिनिष्ठ लोकविश्वासको अभिव्यक्तिगत प्रक्रिया

शक्तिले बल, क्षमता, तागत र सामर्थ्यलाई बुझाउँछ । मानिसले प्राचीन कालदेखि नै मानिसलगायत अन्य वस्तुमा असाधारण क्षमता हुने विश्वास गरेको छ । शक्ति भन्नाले वस्तुभित्र

ऊर्जातत्त्व, व्यक्तिभित्र सिर्जनातत्त्व र प्रकृतिमा रहने प्रजननतत्त्व हो (प्रभात, २०७४, पृ. ४४०) । यसरी मानिस र अन्य वस्तुमा अन्तर्निहित शक्तिले उत्साह, सिर्जना र उत्पत्तिलाई बुझाउँछ । मानिसले प्राचीन कालदेखि नै आत्मरक्षाका लागि दैवीशक्तिको कल्पना गरी त्यसको पूजा, प्रार्थना गरेको पाइन्छ (उपाध्याय, सन् १९९१, पृ. ४) । मानिसले आदिम युगदेखि नै आफ्नो रक्षार्थ विशेष शक्तिको कल्पना गरेर त्यसैको आराधना गर्दा आफू सुरक्षित भएको महसुस गर्ने पम्परागत लोकधारणा छ । सभ्यता र वैदिक युगमा शक्तिपूजा व्यापक हुँदै जाँदा हिन्दुहरूले शक्तिलाई देवी, माता, जननी र पृथ्वी मानेर मातृशक्तिका रूपमा पूजा गर्ने चलन रहेको पाइन्छ (खतिवडा, २०७४, पृ. ११६१) । मानिसले प्राचीन समयदेखि नै शक्तिलाई दैवीशक्ति र मातृशक्तिका रूपमा पूजा गरेको छ । शक्तिपूजालाई प्रस्ट पार्दै सोमप्रसाद खतिवडाले भनेका छन् :

> शक्ति पूजाको विकास विभिन्न कालमा विभिन्न रूपमा हुन पुग्यो । यसको परिणामस्वरूप हिन्दु र बौद्धलगायत विश्वका प्रायः सबै धर्ममा शक्तिको पूजा, उपासना हुने गरेको छ । कालान्तरमा शक्तिको पूजा तान्त्रिक पद्धतिले गर्न लागियो । यसमा मत्स्य, मध्य, मांस, मुद्रा र मैथुनजस्ता पञ्चमकारलाई तिनको पूजाको माध्यम बनाइयो । (खतिवडा, २०७४, पृ. ११६१)

दैवीशक्तिको पूजा र उपासना धार्मिक विश्वासका कारण मात्र नभएर तान्त्रिक विधिले पनि गर्न थालिएको हो । लोककथामा यिनै देवीदेवताको अलौकिक शक्ति, जीवजन्तु, वृक्षवनस्पति र विविध वस्तुको असाधारण शक्ति, पराक्रमयुक्त मानवीय शक्ति, अतिमानवीय तथा अतृप्त आत्मासम्बन्धी अद्‌भुत शक्तिको चित्रण गरिएको छ । लोककथामा शक्ति लोकविश्वासको रूपमा प्रकट भएको हुन्छ ।

गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा कृष्ण, नारद, योगमाया, शेषनाग, गङ्गा, पितृ, महादेव, विष्णु, कालिकामाई र अकलामाई दैवीशक्तिमा विश्वास गरिएका लोकविश्वास व्यक्त भएका छन् । देवीदेवतामा रहेको अलौकिक शक्तिका कारण मानिसलाई नै फाइदा पुगेको छ । यी लोककथामा जीवजन्तु, वृक्षवनस्पति र विभिन्न वस्तुमा आसाधारण क्षमता रहने लोकविश्वास व्यक्त भएका छन् । धेरैजसो कथामा रुखबिरुवा तथा फूलहरू अन्यायमा परेका र विश्वासघातको सिकार भएका पात्रहरूको सरसल्लाह तथा मदतका लागि आउँछन् (दिवस, २०७७, पृ. ४१) । लोककथामा वृक्षवनस्पतिलाई मानवीकरण गरिएको हुन्छ । गण्डकी प्रदेशमा प्रचलित लोककथामा पनि साहसी, चतुर, पराक्रमी, बलवान् र सामर्थ्यवान् मानवीय पात्रहरूको प्रयोग भएको छ । लोककथामा आउने नायकनायिकाले चतुरताकासाथ लक्ष्य प्राप्त गर्न, असम्भव र कठिन कार्यहरू गर्दै साहस र शौर्य प्रदर्शन गर्दछन् (दिवस, २०७७, पृ. ४२) । लोककथामा आउने मानवीय पात्रमा बुद्धि, विवेक र जुक्तिले सजिलै समस्याबाट पार पाउन सक्ने अद्‌भुत क्षमता रहेको हुन्छ । लोककथामा भूतप्रेत, राक्षस, मसान, पिशाच, किचकन्या, पचभैया र हिममान्छेजस्ता अतिमानवीय पात्रको समेत प्रयोग भएको हुन्छ । मानिसले यस्ता भयावह, डरलाग्दा र नरभक्षी पात्रहरूलाई पनि आफ्नो काबुमा राखेर असम्भव कार्यहरू सम्भव तुल्याउँछन् (दिवस, २०७७, पृ. ३७) । अतिमानवीय पात्रको शक्तिलाई मानवीय पात्रले चतुर्‍याइँपूर्वक आफ्नो वशमा राखेका हुन्छन् । लोककथाका घटनाक्रम, पात्र, परिवेश र अभिप्रायमार्फत शक्तिनिष्ठ लोकविश्वास व्यक्त हुन्छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित ‘गँगटो’, ‘दाहिने बङ्गारो’,

‘पचभैया’, ‘बालन’, ‘बुधलागर कुँवर’, ‘भूत’, ‘राजकुमार दिक्पाल’, ‘सराद’ तथा ‘सिकारी र बाघ’ नेपाली लोककथामा शक्तिनिष्ठ लोकविश्वास व्यक्त गरिएकाले तिनलाई विश्लेषणका लागि छनोट गरिएको छ ।

‘गँगटो’ लोककथामा गँगटो मानिस भैँ बोल्ने, गँगटाले खाजा लगिदिने, खेत जोत्ने, राजालाई वाचाकबुलमा पारेर राजकुमारी बिहे गर्ने, गँगटो मानिस हुने, राक्षस समुद्रमा बस्ने र रातको बाह्र बजे मरेको मानिस आएर बालबच्चाको हेरविचार गर्ने शक्तिमा विश्वास गरिएका लोकविश्वास रहेका छन् । यस लोककथाको कथानकमा गँगटो मानिस भैँ बोल्नु, जमिनमुनि बसेर खेत जोत्नु र राजालाई वाचाकबुल गराई राजकुमारीसँग विवाह गर्नु जस्ता घटनाक्रमबाट लोकले गँगटाको शक्तिमा विश्वास गरेको सिद्ध हुन्छ । यसमा मुख्य पात्र गँगटामा बुद्धि र विवेकपूर्ण तरिकाले काम गर्ने क्षमता छ भने सहायक पात्र गँगटाकी श्रीमतीले मरेर गए पनि रातको बाह्र बजे आएर श्रीमान् तथा बालबच्चाको रेखदेख गर्दछे । यस लोककथामा गँगटो र उसकी श्रीमतीले देखाएका कार्यव्यापारका आधारमा लोकले शक्तिमा विश्वास गरेको प्रमाणित हुन्छ । प्रस्तुत कथामा परिवेशअन्तर्गत बुढाबुढीको घर, काम गर्ने खेत र राक्षस बस्ने समुद्रमार्फत शक्तिमा विश्वास रहने लोकविश्वास व्यक्त भएका छन् । गँगटाले जमिनमुनि बसेर नै खेत जोत्ने, गँगटाका कारण त्यस घरमा लच्छिन आउने र समुद्रमा राक्षसको बसोबास हुने घटनाले परिवेशमार्फत शक्तिमा विश्वास रहने कुरालाई पुष्टि गरेका छन् । प्रस्तुत कथामा अभिप्रायका रूपमा गँगटो, राक्षस र गोपीबाँस अभिप्रायमार्फत लोकले यिनमा असाधारण शक्ति हुने कुरामा विश्वास गरेको सिद्ध हुन्छ ।

‘दाहिने बङ्गारो’ लोककथामा जोगी अन्तर्यामी हुने, जोगीले दिएको श्राप लाग्ने, कुकुर र बिरालालाई घरको अवस्था ज्ञात हुने र तिनीहरूले घरमा लच्छिन फर्काउन सक्ने लोकविश्वास प्राप्त भएका छन् । कथानकअन्तर्गत जोगीले घरलाई सम्पन्नशाली देख्नु, उसले बाँसको पातमा लच्छिन रहेको थाहा पाउनु, उक्त पात नदिए श्राप दिने जिद्दी गर्नु, जोगीको श्राप लाग्ने डरले पात दिन लाग्दा पाठाले खाइदिनु, जोगीकै सल्लाहमा पाठो काटेर खानु, पातको त्यान्द्रो घरमुलीको दाहिने बङ्गारोमा अल्भनु, जोगीले दाहिनो बङ्गारो लैजानु, त्यस घरमा दरिद्रपन आउनु, कुकुर र बिरालोले जुक्ति लगाएर बङ्गारो पुनः घरमा भित्र्याउनु र घरको लच्छिन फर्किनु आदि घटनाक्रमबाट शक्तिमा विश्वास गरिएको प्रमाणित हुन्छ । यस लोककथामा जोगी, पाठो, कुकुर, बिरालो र मुसा शक्तिशाली पात्रका रूपमा आएका छन् । प्रस्तुत कथामा त्यस घरलाई पुनः सम्पन्नशाली बनाउन कुकुर र बिरालो बिच सल्लाह हुँदा कुकुरले फर्काउन सकिने आँट गरेको प्रसङ्गलाई ‘दाहिने बङ्गारो’ लोककथामा यसरी व्यक्त गरिएको छ :

> “हैन सकिन्छ । मसँग सुँघ्ने शक्ति छ, मैले त सुँघेर पनि पत्ता लाउँछु । त्यसको कुटी कहाँ छ ? त्यसले कहाँ राखेको छ ? कसरी राखेको छ ? म त्यो पत्ता लगाउँछु ।” (परिशिष्ट (क), ‘दाहिने बङ्गारो’)

माथिको कथांशमा आफू बस्ने घरको अवस्था सुधार्न कुकुरले आँट गरेको प्रसङ्ग छ । दाहिने बङ्गारो जोगीले लगिदिएपछि कुकुरले सुँघेरै जोगीको कुटी पत्ता लगाउँछ । अनेक जुक्ति लगाएर जोगीबाट फुत्काएको दाहिने बङ्गारो सुरक्षित रूपमा घरमा ल्याउन कुकुर, बिरालो र मुसाले सहकार्य गरेका छन् । यी जनावरहरूको विशेष शक्तिका कारण त्यो घर पुनः सम्पन्नशाली बनेको छ । यी पात्रको कार्यव्यापारबाट लोकले जोगी, पाठो, कुकुर, बिरालो र मुसाको शक्तिमा विश्वास गरेको सिद्ध हुन्छ । प्रस्तुत लोककथामा कुनै वस्तुमा घरको लच्छिन बस्ने, जोगीको श्राप अशुभ हुने, जोगी जङ्गलको एकान्त कुटीमा बस्ने, धनी र सम्पन्नशाली घरमा नोकरचाकर र घरपालुवा जनावर हुने सांस्कृतिक, भौगोलिक, आर्थिक र

सामाजिक परिवेशमार्फत शक्तिमा विश्वास गरिएको छ । यस लोककथामा प्रयुक्त बाँसको पात, दाहिने बङ्गारो र जोगी, अभिप्राय हुन् । बाँसको पात र दाहिने बङ्गारोमा घरको लच्छिन बसेको छ भने जोगीले अन्तर्दृष्टि प्रयोग गरेर बाँसको पातमा बसेको लच्छिन पत्ता लगाएको हुँदा लोकले अभिप्रायमार्फत शक्तिमा विश्वास गरेको प्रमाणित हुन्छ ।

'पचभैया' लोककथामा पचभैयाले दिएको वरदानको शुभफल मिल्ने र पचभैयालाई झ्यालबाट चियाउने मानिस चट्याङ लागेर मर्ने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकमा रहेका पचभैया रातको समयमा सेतो घोडामा सेतै लुगा लगाएर सिठ्ठी फुक्दै हिँडेको र वृद्धले पचभैयाबाट वरदान पाएको हुँदा बन्दीपुर सम्पन्नशाली भएको घटनाक्रमबाट शक्तिमा विश्वास हुने सिद्ध हुन्छ, जसलाई 'पचभैया' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "ओहो बुढा बा ! तपाईंले बहादुरी काम गर्नुभो, के माग्नुहुन्छ ?" भनेर भन्दा "यो बन्दीपुरमा लक्ष्मीको बास होस्" भनेर मागे रे । पचभैयाबाट वरदान पाएको हुनाले यो ठाउँ धनधान्यले भरिपूर्ण भयो रे । (परिशिष्ट (क), 'पचभैया')

माथिको उद्धरणमा वृद्धले साहसपूर्वक पचभैया चढेको घोडाको पुच्छर समातेपछि पचभैयाले वरदान दिएको हुँदा बन्दीपुर धनधान्यले सम्पन्न भएको लोकविश्वास छ । यस लोककथामा वरदान दिने पचभैया र घोडाको पुच्छर समात्ने वृद्ध पात्र हुन्, यी पात्रमार्फत शक्तिमा विश्वास रहेको निश्चित हुन्छ । पचभैया रातको समयमा सक्रिय हुने परिवेशमार्फत शक्तिमा विश्वास रहेको सिद्ध हुन्छ । पचभैयाले वरदान दिएका कारण बन्दीपुर सम्पन्न बनेको हुँदा लोकले अभिप्रायमार्फत शक्तिमा विश्वास गरेको पुष्टि हुन्छ ।

'बालन' लोककथामा देवताको शक्तिमा विश्वास गरिएको छ । यसको कथानकअन्तर्गत बालन खेल्नुपूर्व ऋषिको प्रार्थना गर्नु, योगमायाले देवकीको आठौँ गर्भ कंसको काल भएको अकाशवाणी गर्नु, नारदले कंसको मनमा आशङ्का उत्पन्न गरिदिनु, देवकीको सातौँ गर्भ रोहिणीको गर्भमा जानु, वसुदेवले कृष्णलाई जेलबाट गोकुलमा लैजाँदा जेलका झ्यालढोका आफैँ खुल्नु, शेषनागले कृष्णलाई पानीबाट जोगाउनु, गङ्गा आफैँ सुक्नु, यशोधा मैयाले कृष्णको मुखमा सारा संसार देख्नु, कंसलाई मार्न लाग्दा योगमाया आकाशमा उड्नु, योगमायाले कृष्ण गोकुलमा पुगिसकेको आकाशवाणी गर्नु, कृष्णलाई मार्न पुतना र अक्कासुर राक्षसलाई पठाउनु, राक्षसलाई कृष्णले मारिदिनु आदि घटनाक्रमले शक्तिमा विश्वास गरिएको प्रमाणित हुन्छ । यस लोककथामा कृष्ण, नारद, कंस, वसुदेव, देवकी, पुतना, अक्कासुर, योगमाया, शेषनाग र गङ्गामा विशेष शक्ति रहेको देखाइएको छ । बालक कृष्णले पुतना र अक्कासुर राक्षसलाई बध गर्ने, ढिकीको उर्गेल उखेल्ने, खामो पल्टाउने जस्ता अस्वाभाविक कार्य गरेका छन्, जसलाई 'बालन' लोककथामा यसरी व्यक्त गरिएको छ :

> उहाँले दही चोरेर खाने, यशोधा मैयाँलाई सताउने, जुन खामामा बाँध्यो त्यही खामो पल्टाउने, रुखसमेत पल्टाउने, ढिकीको उर्घलमा बाँधेको उर्गेलसमेत उखेल्दिनी गर्नुहुन्च । (परिशिष्ट (क), 'बालन')

माथिको कथांशमा कृष्णमा दैवीशक्ति भएको हुँदा अद्भुत क्रियाकलाप गर्ने लोकविश्वास व्यक्त भएको छ । यसमा कृष्ण, नारद, कंस, पुतना, अक्कासुर, योगमाया, शेषनाग, वसुदेव र गङ्गाले गरेका अनौठा क्रियाकलापका आधारमा लोकले पात्रमार्फत शक्तिमा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा

मथुराको जेलका ढोका आफैँ खुल्ने, कृष्णलाई गोकुल पुऱ्याउने रातको समय, बालक कृष्णलाई लिएर जाँदा गङ्गा आफैँ सुक्दै जाने परिवेशमार्फत शक्तिमा विश्वास गरिएको पुष्टि हुन्छ । प्रस्तुत लोककथामा पूजा, प्रार्थना, ऋषि, नारद ऋषि, कृष्ण, कंस, योगमाया, शेषनाग, मथुराको जेल र गङ्गा अभिप्रायमा विलक्षण शक्ति रहेको हुँदा लोकले अभिप्रायमार्फत शक्तिमा विश्वास गरेको प्रस्ट हुन्छ ।

'बुधलागर कुँवर' लोककथामा राजाले न्याय दिने, बुधलागरले परेवालाई मानिसको भाषा र व्यवहार सिकाउने, परेवालाई आकाशमा धरहरा बनाउन लगाउने, बुधलागरले घैँटोभित्र फर्सी फलाउने, खरानीको डोरी बाट्ने र मालिनको भेष धारण गर्ने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत बुधलागरको बुद्धिको परीक्षा लिनु, बुधलागरले परेवालाई मानिसको भाषा र व्यवहार सिकाउनु, परेवाले आकाशमा धरहरा बनाउनु, बुधलागरले घैँटाभित्र फर्सी फलाउनु, खरानीको डोरी बाट्नु र मालिनको भेष धारण गरी बच्चा जन्माउनु जस्ता घटनाक्रमबाट मानिस र पक्षीको शक्तिमा विश्वास गरिएको सिद्ध हुन्छ । यस लोककथामा राजा, बुधलागर कुँवर र परेवा सक्रिय पात्र हुन् । राजाले परीक्षामार्फत बुधलागरको चलाखी परीक्षण गर्ने र बुधलागरले परेवालाई आकाशमा पठाएर धरहरा बनाउन सफल भएकाले यी पात्रका आधारमा लोकले शक्तिमा विश्वास गरेको पुष्टि हुन्छ । यस लोककथामा आकाशमा धरहरा बनाउने परिवेशमार्फत शक्तिमा विश्वास गरिएको सिद्ध भएको हुन्छ, जसलाई 'बुधलागर कुँवर' लोककथामा यसरी व्यक्त गरिएको छ :

> त्यो चेहरा (परेवा) को खुट्टामा धागो बाँधेर माथि उडाइदियो । त्यो चेहराले के भनेछ भने- "झिकट ल्याऊ, पत्थर ल्याऊ जल्दी जल्दी । झिकट ल्याऊ, पत्थर ल्याऊ जल्दी जल्दी" भनेछ । त्यहाँ टेबुलमाथि टेबुल जोडेको छ । ऊ आकाशमा उड्दै छ । राजाले सामान पुऱ्याउन सकेको छैन । ऊ त, "झिकट ल्याऊ, पत्थर ल्याऊ जल्दी जल्दी" भनेको भन्यै छ । (परिशिष्ट (क), 'बुधलागर कुँवर')

प्रस्तुत उद्धरणमा परेवा र बुधलागर कुँवरले आकाशमा धरहरा निर्माण गरी राजालाई हराएका छन् । शून्य अन्तरिक्षमा धरहरा निर्माण गर्ने कार्यबाट शक्तिमा विश्वास गरिएको पुष्टि हुन्छ । यसमा परेवा र बुधलागर कुँवर अभिप्राय हुन् । यी अभिप्रायमार्फत लोकले मानवीय र मानवेतर पात्रको शक्तिमा विश्वास गरेको सिद्ध हुन्छ ।

'भूत' लोककथामा खुमलटारी क्षेत्रमा भूत बस्ने, भूतको पल्टन हुने, भूतको घर सुनैसुनले बनेको हुने, भूतसँग नदीमा जाँदा मानिस पानीले नभिज्ने र भूतले मानिसलाई बहुमूल्य धातु उपहार दिने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअनुसार खुमलटारीमा भूत बसोबास गर्ने, भूतले सेरामा फौजको तालिम लिने, भुतिनीले मानिसको सहयोग माग्ने, भूतसँग नदीमा पस्दा मानिस नभिज्ने र भूतले मानिसलाई सुन उपहार दिने घटनाक्रमबाट लोकले शक्तिमा विश्वास गरेको पुष्टि हुन्छ । पुराणहरूमा शिवजी भूत, प्रेत, पिशाच, ब्रह्मराक्षस, बेताल, आयुधान, शालिनी र प्रमथ आठओटा भूतगणका साथ बस्ने उल्लेख छ (शर्मा, सन् २०१३, पृ. ६५०) । शिवजी भूतगणका साथमा बस्ने कल्पना गरिएकाले भूतहरूमा दैवीशक्ति हुने लोकविश्वास छ । यस कथाको सक्रिय पात्र लालबहादुर भूत हो । उसले मानिसलाई सुनैसुनले बनेको पहरोभित्र लगेर बहुमूल्य उपहार दिएको छ । यसरी भूत पात्रले गरेका कार्यव्यापारबाट पात्रमार्फत शक्तिमा विश्वास गरिएको कुरा प्रमाणित हुन्छ । प्रस्तुत लोककथामा खुमलटारी, सेरा, दह र सुनको पहरो शक्तिमा विश्वास गरिएका परिवेश हुन्, जसलाई 'भूत' लोककथामा यसरी अभिव्यक्त गरिएको छ :

> “मैले ठुलो काम गरेर आछु, झन्डै मरिनँ । भनुम् भने राम्रै आछु, मलाई यस्तो यस्तो भो । भुतिनीले यस्तो भनी । भूतसँग म भित्र गएँ । पहरोभित्र जाँदाखेरि सुनले झलल भाको ठाम् रच र उल्ले मलाई एउटा ठुन्को सुन दिएको छ, यही हो माछ्या” भनेर आफ्नी बुढी माउलाई भनेच । (परिशिष्ट (क), ‘भूत’)

माथिको उद्धरणमा भूतले मानिसलाई पहरोभित्र सुनले झलल परेको ठाउँमा लिएर गएको लोकविश्वास व्यक्त भएको छ । अद्‌भुत परिवेशका कारण लोकले भूतमा विशेष शक्ति हुने, भूत ज्यादै सम्पन्नशाली हुने र उनीहरूले बहुमूल्य उपहार दिने कुरामा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा भूत, भुतिनी र सुनैसुनको पहरो अभिप्राय हुन् । भूतसँग नदीमा पस्दा मानिस नभिज्ने, भूत सुनको पहरोमा बस्ने र मानिसलाई सुन उपहार दिएका कारण यी अभिप्रायमार्फत शक्तिमा विश्वास भएको पुष्टि हुन्छ ।

‘राजकुमार दिक्पाल’ लोककथामा निःसन्तानले दिएको भिक्षा लिन नहुने, बुटी खाँदा राजकुमार जन्मने, जोगीले दिएको श्राप लाग्ने र राजकुमार साहसी हुने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअनुसार जोगीले निःसन्तान दम्पतीले दिएको भिक्षा नलिनु, बुटी खाँदा राजकुमार दिक्पालको जन्म हुनु, राजारानीले नक्कली राजकुमार बनाएर जोगीलाई दिनु, जोगीले राजकुमारको साहसको परीक्षा गर्नु, जोगीले कालिकामाईलाई मानिसको बलि दिनु र राजकुमारले जोगीको हत्या गरी मृतकलाई पुनर्जीवित गराउनु आदि घटनाक्रमबाट लोकले राजारानी, जोगी र राजकुमारमा शक्ति रहने कुरामा विश्वास गरेको पुष्टि हुन्छ । यहाँ जोगीले सन्तान हुने बुटी दिने, राजारानीले नक्कली राजकुमार बनाउने र राजकुमार दिक्पालले मरेकालाई बिउँताउने कार्यव्यापारका आधारमा लोकले पात्रमार्फत शक्तिमा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा पूजाकोठा विशेष शक्तियुक्त परिवेशका रूपमा आएको छ । यस पूजाकोठामा जोगीले मानिसको बलि दिएर कालिकामाईको पूजा गर्ने गर्दछ । राजकुमार पूजाकोठामा छिर्दा भित्तामा झुन्ड्याइएका टाउकाहरू हाँस्न थाल्छन् । यसरी पूजाकोठाको परिवेशमार्फत शक्तिमा विश्वास गरिएको पुष्टि हुन्छ । जोगी, जोगीको रगत, बुटी र राजकुमार दिक्पाल यस कथामा व्यक्त अभिप्राय हुन् । कथानकअनुसार जोगी, बुटी, राजकुमार र जोगीको रगतमा अलौकिक शक्ति भएका कारण यी अभिप्रायमार्फत शक्तिनिष्ठ लोकविश्वास व्यक्त भएको प्रमाणित हुन्छ ।

‘सराद’ लोककथामा मानिस मरेपछि पितृ बन्ने, पितृलाई तृप्त पार्न श्राद्ध गर्नुपर्ने, पितृ आफन्तको सपनामा आउने, पितृले असल बाटो देखाइदिने तथा जमिनमुनि सुन र पैसा हुने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत ससुरा मरेपछि पितृ बन्नु, पितृले सपनामा आएर भोकै रहेको बताउनु, पितृलाई तृप्त पार्न श्राद्ध गर्नु र पितृले छोराबुहारीलाई धन प्राप्तिको बाटो देखाइदिएका घटनाक्रममार्फत शक्तिमा विश्वास गरिएको प्रमाणित हुन्छ । यस लोककथाका शक्तिशाली पितृले छोराबुहारीलाई प्रशस्त धन आउने बाटो देखाइदिएका छन् । तृप्त भएका पितृहरूले आफ्ना सन्तानलाई कल्याण हुने आशिष् दिन्छन् भन्ने लोकधारणा छ (भट्टराई, २०७९, पृ. ७२४) । ‘सराद’ लोककथामा पितृले गरेको क्रियाकलापका आधारमा लोकले पात्रको शक्तिमा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा सुन र पैसा भेटिने जमिन शक्तिशाली परिवेशका रूपमा प्रयोग भएको छ । पितृ यस लोककथामा प्रयोग भएको अभिप्राय हो । पितृका कारण छोराबुहारीले धन र सुख प्राप्त गरेका कारण यस अभिप्रायबाट शक्तिमा विश्वास हुने कुरा पुष्टि हुन्छ ।

'सिकारी र बाघ' लोककथामा मानिस र बाघले मितेरी लगाउने, बाघमा जीवात्मा हुने र बाघले मानिसलाई अर्तीउपदेश दिने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकमा मानिस र बाघले मितेरी साइनो गाँस्नु, बाघले मानिसलाई आफ्नो घरमा लैजानु, बाघलाई सिकारीको घरमा घृणा गर्नु, बाघले चित्त दुखाउनु तथा बाघले मितलाई परिस्थितिको विचार गरेर बोल्न सिकाउने घटनाक्रमबाट लोकले मानिस र बाघको विशेष शक्तिमा विश्वास गरेको प्रमाणित हुन्छ । यस लोककथामा बाघले विवेकको प्रयोग गरी कार्य गर्ने कुरा यसरी व्यक्त गरिएको छ :

> "अरू सबै ठिक छ । तपाईंले हिर्काको घाउ त निको भयो तर मितिनीज्यूले छोराछोरीले बाघ आयो भनेपछि खप्परा हिर्काइदे भनेको त्यो बन्चराको घाउ अझै निको भएको छैन ।" ( परिशिष्ट (क), 'सिकारी र बाघ')

माथिको कथांशमा बाघले मितसँग बाहिरी घाउ निको भएको तर मितिनीले लगाएको वचनको घाउ निको नभएको बताएको छ । यहाँ बाघले मानिसलाई परिस्थितिको विचार गरेर बोल्न सिकाएको छ । प्रस्तुत कथामा सक्रिय भूमिकामा रहेका बाघ र मानिसमा विशेष शक्ति रहेको छ । मानिसले हिंस्रक जङ्गली जनावरलाई र बाघले मानिसलाई मित बनाउनु, एकले अर्कालाई विशेष सम्मान र सहयोग गर्नु तथा बाघले मानिसलाई अर्तीउपदेश दिनु जस्ता कार्यव्यापारका आधारमा लोकले बाघ र मानिसको विशेष शक्तिमा विश्वास गरेको पुष्टि हुन्छ । यस लोककथामा डहरको सानो गल्ली, जङ्गल र सिकारीको घर परिवेशका रूपमा आएका छन् । डहरको सानो गल्ली जहाँ एकअर्का फर्किन नमिलेका कारण बाघ र मानिसको मित्रता सम्भव भएको छ भने सिकारीको घरमा बाघले ज्यादै चित्त दुखाएको छ । यी परिवेशले सिकारी र बाघको शक्तिलाई सहयोग पुऱ्याएका छन् । यस लोककथामा बाघ र मानिसको मित्रता र बाघमा जीवात्मा हुने अभिप्राय प्रयोग भएका छन । यी अभिप्रायमार्फत बाघ र मानिसमा विशेष शक्ति रहेको स्पष्ट हुन्छ ।

विवेच्य लोककथामा कथानक, पात्र, परिवेश र अभिप्राय तत्त्वमार्फत मानिसले देवीदेवता, भूत, मानिस, जीवजन्तु र वस्तुमा अद्भुत शक्ति हुने विश्वास गरेको प्रस्ट हुन्छ । यहाँ दैवीशक्तिअन्तर्गत कृष्ण, नारद, ऋषि, योगमाया, पितृ, शेषनाग र गङ्गाको शक्तिमा विश्वास गरिएको छ । अतृप्त आत्मामा भूत, भुतिनी, राक्षस र पचभैयाको शक्तिमा विश्वास गरिएका लोकविश्वास छन् । यी लोककथामा राजा, रानी, राजकुमार, सिकारी, वृद्ध, जोगी, बुधलागर कुँवर, न्याय राजा र कंस आदिको शक्तिमा विश्वास गरिएको छ । जीवजन्तुअन्तर्गत गँगटो, पाठो, बिरालो, कुकुर, मुसो, बाघ र परेवाको शक्तिमा विश्वास गरिएको छ । गोपीबाँसको मुरली, बाँसको पात, दाहिने बङ्गारो, आफैँ खुल्ने झ्यालढोका, सुनको पहरो, बुटी र रगत आदि वस्तुमा विशेष शक्ति रहने लोकविश्वास छ । भूत, राक्षस, पचभैया जस्ता अतृप्त आत्माले मानिसलगायत पशुप्राणीलाई कहिलेकाहीँ दुःख दिए पनि यिनीहरूले दिने वरदानको शुभफल मिल्ने लोकविश्वास छ । यहाँ मानिसको शक्तिमा विश्वास गरिएका लोकविश्वास बढी छन् । मानिसले आफ्नो शक्तिको प्रयोग गरेर नक्कली राजकुमार बनाउने, जोगीको हत्या गर्ने, बाघसँग मित्रता कायम गर्ने, पचभैयाको घोडा समात्ने, जोगीले सन्तान हुने बुटी दिने, जोगीको श्राप लाग्ने, बुधलागरले चलाखीपूर्वक राजालाई हराउने, न्याय राजाले न्याय दिने र कंसले देवकी र वसुदेवलाई जेलमा राखेर उनका सन्तान मार्दै गएका लोकविश्वास रहेका छन् । यी लोकविश्वासमा चलाखीका कारण मानिस ज्यादै शक्तिशाली देखिएका छन् । त्यस्तै गँगटो, पाठो, बिरालो, कुकुर, मुसो, बाघ र परेवाले असाधारण शक्तिको प्रयोग गरी

मानिसलाई सङ्कटबाट छुटकारा दिलाएका छन् । यी लोकविश्वासमा दैवीशक्ति, जीवजन्तु र वस्तुमा निहित शक्तिका कारण मानिसलाई अप्ठ्यारो परिस्थितिमा सहयोग मिलेको छ । शक्तिमा विश्वास गरिएका लोकविश्वास क्रमशः कथानक, पात्र र अभिप्रायमा सघन रूप र परिवेशबाट न्यून मात्रामा व्यक्त भएका छन् ।

## ३.८ जड र चेतनमा आत्मतत्त्वसम्बन्धी लोकविश्वासको अभिव्यक्तिगत प्रक्रिया

जडले चेतनशक्ति नभएका वा निर्जीव वस्तुहरूलाई बुझाउँछ । जडवस्तुहरू चेतनारहित र विवेकशून्य हुने धारणा छ । ईश्वरीय अस्तित्व नमानेर प्रकृति र देहलाई महत्त्व दिने चिन्तन जडवाद हो (प्रभात, २०७४, पृ. १६८) । जडवादीहरूले देहभन्दा अतिरिक्त आत्मा वा ईश्वरीय सत्ता हुँदैन; देह नै सम्पूर्ण हो भन्ने मान्यता राख्दछन् । सजीव, जीवित वा संवेदनशील प्राणी वा आत्मालाई चेतन भनिएको छ (आप्टे, सन् १९६६, पृ. ३८६) । चेतनतत्त्वका कारण नै मानिसले विवेकको प्रयोग गरी कार्य गर्दछन् । चेतनतत्त्वलाई आत्मा पनि भनिएको छ । यो जगतको निर्माण कर्ता उही पुरुषबाट उत्पन्न भएको मानिन्छ जो चेतन छ । आस्तिक दर्शनले चैतन्यलाई आत्माको गुण मान्दछ भने जडवादले शरीर नष्ट हुँदा चैतन्य गुण पनि नष्ट हुने मान्दछ (पाण्डेय, सन् १९७८, पृ. २६७) । सम्पूर्ण जगत्को सार चेतनालाई मानिएको छ । यसको विपरीत आत्मवादले आत्मा अजर, अमर र सबै वस्तुको साक्षी हो तथा चेतन, अपरिवर्तनशील छ; यसले सम्पूर्ण विषयभोग गर्दछ भन्ने मान्दछ (खतिवडा, २०७४, पृ. ७२) । पूर्वीय मिथक तथा अध्यात्मवादीहरू मानिस, जनावर र वनस्पतिमा मात्र नभएर चट्टान तथा पहाड जस्ता अजैविक पदार्थमा समेत चेतना हुने मान्छन् (खरेल, २०७६, पृ. १९) । पूर्वीय आत्मावादी चिन्तनमा आत्मा जड पदार्थमा पनि रहन्छ भन्ने धारणा छ ।

जडवादले निर्जीव वस्तु चेतनारहित र चेष्टारहित हुने मान्यता राखेको भए पनि लोकले भने अतिकल्पनाका माध्यमबाट जड पदार्थमा आत्मा हुने र तिनले मानिसले जस्तै कार्य गर्नेमा विश्वास गरेको छ । लोककथामा पशुपक्षी, वृक्षवनस्पति र पदार्थ आदिले मानिस झैँ बोल्ने, विवेकपूर्ण तरिकाले कार्य गर्ने र संवेदना ग्रहण गर्न सक्छन् भन्ने लोकविश्वास रहेको छ (पराजुली, २०७१, पृ. १९२) । गण्डकी प्रदेशका लोककथामा मानिस, गोरुको खप्पर, घोडा, कुकुर, बिरालो, मुसो, गँगटो, बाघ, नाग, भँगेरा र परेवा आदिमा आत्मा रहने लोकविश्वास पाइएका छन् । जड पदार्थमा भएका जीवात्माले मानवीय पात्रलाई अर्तीउपदेश दिने र आपतकालीन अवस्थाबाट छुटकारा दिलाउन सहयोग गरेका छन् । गण्डकी प्रदेशका लोककथामा कथानक, पात्र, परिवेश र अभिप्रायमार्फत जड र चेतनमा आत्मतत्त्व रहेको लोकविश्वास व्यक्त भएका छन् । यस्ता लोकविश्वासको प्रयोजन जड पदार्थमा पनि आत्मतत्त्व हुने भएकाले मानिसले जीवजन्तु, वनस्पति तथा वस्तुप्रति स्नेहभाव राखी उचित संरक्षण गर्नुपर्ने रहेको छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित 'आत्मा', 'एक चिलिम तमाखु', 'कालजित', 'गँगटो', 'ज्ञानी बाघ', 'डुङ्गा', 'दाजु र बहिनी', 'बुधलागर कुँवर' तथा 'सिकारी र बाघ' नेपाली लोककथामा आत्मासम्बन्धी लोकविश्वास भएकाले तिनको छनोट गरी उद्धरणसहित विश्लेषण गरिएको छ ।

'आत्मा' लोककथामा मानिसमा आत्मा हुने र मानिसले आत्मा बुझाउनुपर्ने लोकविश्वास प्राप्त भएका छन् । आत्मा संसारका लिप्त भएको अवस्था बद्धावस्था, संसारबाट विरक्त भएर मोक्ष उन्मुख रहेको मुमुक्ष र अज्ञानबाट मुक्त भई आफ्नो स्वरूप प्राप्त गर्ने अवस्था मुक्तावस्था हो (शर्मा, सन् २०१३, पृ.

९५) । आत्माले बन्धनयुक्त, मोक्ष उन्मुख र उन्मुक्त अवस्थामा कार्य गर्ने धारणा छ । 'आत्मा' लोककथाको कथानकअन्तर्गत व्यापारीलाई केरा खान मन लाग्नु, केरा बेच्दा बेच्दै सकिनु, व्यापारी चौतारीमा सुत्नु, उसको आत्मा उडेर रुखको डालीमा बस्नु, आत्माले बटुवासँग कुराकानी गर्नु, बटुवाले आत्मालाई केरा खुवाउने वाचा गरेपछि फर्केर आउनु, सुतेको व्यापारी उठ्नु आदि घटनाक्रमबाट लोकले चेतन प्राणीमा आत्मा हुने विश्वास गरेको पुष्टि हुन्छ । यस लोककथामा व्यापारी, आत्मा र बटुवा सक्रिय पात्र हुन् । व्यापारीले खाउँला भन्दा भन्दै केरा नखाएका कारण उसको आत्मा रिसाएर रुखमा गई बस्छ, जसलाई 'आत्मा' लोककथामा यसरी व्यक्त गरिएको छ :

> सबै बिकेर ज्यानले हैरान खाओ आएर चौपारीमा सुतो त्यसपछि उसको पुरुष (आत्मा) उडेर रुखका डालीमा गएर बसो । अर्कै गाउँले चिनेको मान्छे आएर "फलाना, ए ! फलाना" भन्च बौल्दै बोल्दैन । (परिशिष्ट (क), 'आत्मा')

उद्धृत कथांशमा व्यापारीले आफ्नो आत्मा बुझाउन नसक्दा आत्मा उडेर गई रुखमा बसेको छ । यस घटनामा मानिसभित्र आत्मा हुने हुँदा मानिसले आफूलाई बुझ्नुपर्ने सन्देश रहेको छ । मानिसको आत्मा शरीरबाहिर जाने विश्वासलाई यसरी व्यक्त गरिएको छ :

> "हैन यो क्यार्न बोल्दैन ?" भन्दा "त्यसको पुरुष त म हूँ । यल्ले आफ्नो पुरुष पनि बुझाउन नसकेको हुँदा यसको शरीर छोडेर रुखमा आएर बसेको छु । अब यल्लाई छोडेँ" भनेर  भनो । (परिशिष्ट (क), 'आत्मा')

माथिको उद्धरणमा लोभी व्यापारीले आत्माले मागेको चिज नदिँदा त्यसले छोडेर हिँडेको  छ । यस लोककथामा व्यापारी, आत्मा र बटुवाले गरेका कार्यका आधारमा लोकले चेतनमा आत्मा हुने विश्वास गरेको सिद्ध हुन्छ । यहाँ व्यापारी सुतेको चौतारी र त्यसको वरपरका रुखमा आत्मा बसेको परिवेशमार्फत आत्मतत्त्व हुने कुरा पुष्टि हुन्छ । यस लोककथामा आत्मा अभिप्रायद्वारा चेतन प्राणीमा आत्मा हुने कुरामा विश्वास गरेको सिद्ध हुन्छ ।

'एक चिलिम तमाखु' लोककथामा गोरुको खप्परले मानिसलाई चोर्न नहुने उपदेश दिएको लोकविश्वास प्राप्त भएको छ । यसको कथानकअन्तर्गत मृत गोरुको खप्पर हाँस्नु, गोरुको खप्परले धान कुर्नु र खप्परले चोर्न नहुने अर्ती दिनु जस्ता घटनाक्रमबाट लोकले जड पदार्थमा आत्मा हुने विश्वास गरेको सिद्ध हुन्छ । प्राचीन समाजको धारणाअनुसार मृत्युपछि उसको आत्मा जडजगत्को कुनै वस्तुमा गएर बस्छ । मानिसले जड पदार्थमा आरोपित आत्माको पूजा गर्दछन् (शर्मा, २०७५, पृ. १३६) । आदिम मानिसले मृत्युपछि उसको आत्मा अन्य वस्तुमा जाने धारणा विकास गरेको   छ । 'एक चिलिम तमाखु' लोककथामा गोरुको खप्पर सक्रिय पात्रका रूपमा आएको छ । यस लोककथामा बुबा मृत्युपछि गोरु भएर जन्मिएको घटनालाई यसरी व्यक्त गरिएको छ :

> "ह्यात्तेरी ! कस्तो खरायो ? धानको बिउ खायो । यो गोरुको सिङ लगेर त्यो बिउमा गाड्दिन पऱ्यो" भनेर त्यो छोराले भन्यो अरे । अनि त्यो टाउको लौरामा उनेर गाडेसी त्यो बिउ खान छोड्यो अरे । ( परिशिष्ट (क), 'एक चिलिम तमाखु')

प्रस्तुत दृष्टान्तमा खरायोले धानको बिउ खाइदिएपछि छोराले गोरुको खप्परलाई लट्ठीमा उनेर बिउ कुर्न राखेको छ । मरेको गोरुको खप्परलाई बिउ कुर्न राख्ने कार्य त्यसमा आत्मा हुने लोकविश्वासका

कारण गरिएको हो । रातिको समयमा चोरहरूले धान धोक्रोमा हालेर बोक्ने बेलामा त्यो खप्पर खितित्त हाँस्छ र चोरेर खान नहुने उपदेश दिन्छ, जसलाई 'एक चिलिम तमाखु' कथामा यसरी व्यक्त गरिएको छ :

> "एक चोली वाचा, दुई चोली वाचा, तीनै चोली वाचा मैले एक चिलिम तमाखु छोरासित पैँचो मागेर खाएँ । म मन्छे थिएँ, मैले पैँचो तिर्न नसकेकाले गाईको गोठमा बाच्छो भएर जन्मिएँ । जोतेँ, छोराले जोताइदियो अनि म मोरेँ । मोरेर जाँदा पनि मैले बिउ कुरेर बसेको हो । तिमोरू यस्तो बाली कसरी खान सक्छौ चोरेर ?" भनेको रैछ अरे त्यो टाउकोले । (परिशिष्ट (क), 'एक चिलिम तमाखु')

माथिको उद्धरणमा अर्काको कमाइ सित्तैमा खान खोज्दा गोरु भएर जन्मनुपर्ने लोकविश्वास छ । यस लोककथामा खप्परले गरेका गतिविधिका आधारमा लोकले जड पात्रमा आत्मा हुने विश्वास गरेको पुष्टि हुन्छ । यहाँ गोरुको खप्पर र चोरको संवाद भएको रातको समय तथा खेत परिवेशका रूपमा आएका छन् । यहाँ रातको समय र खेतले जडवस्तुमा आत्मा रहने कुरा पुष्टि गरेका छैनन् । यस कथामा गोरुको खप्पर अभिप्राय हो । माथि उल्लिखित खप्परका गतिविधिका आधारमा लोकले अभिप्रायद्वारा जडवस्तुमा आत्मा रहने विश्वास गरेको प्रमाणित हुन्छ ।

'कालजित' लोककथामा घोडामा आत्मा हुने लोकविश्वास व्यक्त भएको छ । प्राचीन कालमा श्यामकर्ण घोडा यज्ञका लागि ज्यादै पवित्र हुने हुँदा यस्तो घोडा ज्यादै दुर्लभ थियो । दक्षिण भारतमा घोडाले निकाल्ने फिँजका कारण दुष्टात्मा त्यस स्थानमा प्रवेश नगर्ने लोकधारणा छ (उपाध्याय, सन् २००९, पृ. ९८) । तसर्थ घोडालाई शुभ तथा पवित्र पशु मानिएको छ । 'कालजित' लोककथाअनुसार पोखरीमा फ्याँकिएको राजकुमार हुर्कदै गएपछि अप्सराहरूले घोडालाई लगेर दिनु, घोडाले राजकुमारलाई आफ्नो पेटमा हुर्काउनु, राजकुमार बढ्दै गएपछि त्यसले घाँसपानी खान छाड्नु, दरबारबाट घोडालाई लेखेटिदिएकोले अर्कै देशमा शरण लिनु र घोडाले राजकुमारको संरक्षण गर्नु आदि घटनाक्रमबाट लोकले मानवेतर प्राणीमा आत्मा हुने कुरामा विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा घोडा सक्रिय पात्र हो । घोडाले राजकुमारलाई संरक्षण गरेको प्रसङ्गलाई 'कालजित' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "मैले बच्चा लिएर आको छु, यस्तो समस्या परो । अब यो बच्चालाई यही घर गोठालो राख्न परो, म पनि यही गोठमा बस्न परो" भनेर त्यो घोडा र राजकुमार त्यही घर बसे । (परिशिष्ट (क), 'कालजित')

उद्धृत कथांशमा घोडाले राजकुमारलाई लिएर अर्कै राजाको दरबारमा शरण मागेको छ । यहाँ घोडाले मानिसको बच्चा हुर्काउनु र संरक्षणका लागि शरण माग्नु प्राणीमा आत्मा भएको कारण हो भन्ने लोकविश्वास व्यक्त भएको छ । उल्लिखित घटनाक्रममा घोडाले गरेका क्रियाकलापबाट लोकले मानवेतर पात्रमा आत्मा हुने विश्वास गरेको पुष्टि हुन्छ । यस लोककथामा राजदरबार, अप्सरा बस्ने पोखरी र घोडा बस्ने दरबार तथा घोडाले राजकुमारलाई लिएर गएको दरबार परिवेशका रूपमा आएका छन् तर यी परिवेशबाट जड र चेतनमा आत्मतत्त्व हुने कुरा पुष्टि भएको देखिँदैन । यहाँ विवेकपूर्ण तरिकाले राजकुमारको संरक्षण गर्ने घोडा अभिप्रायबाट लोकले मानवेतर प्राणीमा आत्मा हुने विश्वास गरेको पुष्टि हुन्छ ।

'गँगटो' लोककथामा गँगटोमा आत्मा हुने लोकविश्वास छ । यसको कथानकअन्तर्गत गँगटो बुढाबुढीको छोरो हुनु, खेतमा खाजा पुऱ्याउनु, हलो जोत्नु, राजालाई वाचाबन्धनमा पार्नु, राजकुमारीसँग

विवाह गर्नु, दिनमा गँगटो र रातमा मानिस बन्नु आदि घटनाक्रमबाट लोकले मानवेतर प्राणीमा आत्मतत्त्व हुने विश्वास गरेको पुष्टि हुन्छ । गँगटो यस कथाको मुख्य र क्रियाशील पात्र हो । राजकुमारी माग्न जाँदा हेला गरेका कारण उसले आफ्नो बिहे जसरी भए पनि राजकुमारीसँग गरिदिन बाध्य बनाएको छ, जसलाई 'गँगटो' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> ब्या लिएर जाँदा त राजाले- "म दिन्नँ छोरी, गँगटालाई नि के छोरी दिनी ? मेरी छोरीले भोलि दुःख पाउँछे" भनेछन् अरे । त्याँटी उनको पालो राजाका घरका पानीका धारा, सुनका धारा सबै सुकाइदिएच अरे । (परिशिष्ट (क), 'गँगटो')

माथिको उद्धरणमा गँगटोलाई राजाले छोरी नदिने भनेपछि उसले दरबारमा आउने सबै पानीका धारा सुकाइदिएको छ । यही कारणले भोजभतेर नै बन्द भएपछि राजाले धारामा गएर सङ्कल्प गर्छन् । गँगटोले धाराभित्रबाट राजालाई वाचाकबोल गराउँछ, जुन कुरा 'गँगटो' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "मैले भनेको कुरो मान्नी कि नमान्नी ?"
> "मान्नी ।"
> "तपाईंकी कान्छी छोरी दिनी कि नदिनी ?"
> "दिनी ।"
> वाचाकबोलमा राजा हार्नुभो । "मैले भनेको मान्नी कि नमान्नी ? एक तोली वाचा, दुई तोली वाचा, तीन तोली वाचा, चार तोली वाचा, पाँच तोली वाचा, सात वाचा" राजा वाचा बन्धनमा हार्नुभो अनि गँगटोलाई राजाकी कान्छी छोरी दिनुभो । (परिशिष्ट (क), 'गँगटो')

प्रस्तुत उद्धरणमा गँगटोले कान्छी छोरी आफूलाई दिने भए मात्र धाराबाट पानी झारिदिने सर्त राखेको छ । यसरी गाँगटोले परिस्थितिको विचार गरेर बुद्धिमत्तापूर्ण तरिकाले राजालाई हराएको छ । यस लोककथामा गँगटोले गरेका क्रियाकलापमा आधारमा लोकले मानवेतर प्राणीमा आत्मतत्त्व हुने विश्वास गरेको प्रमाणित हुन्छ । यसमा गँगटोले आश्रय लिएको बुढाबुढीको घर, गँगटो जमिनमुनि बसेर जोतेको खेत र राजदरबार परिवेश रूपमा आएका छन् तर यी परिवेशले जड र चेतनमा आत्मतत्त्व हुने कुरालाई पुष्टि गर्न सक्दैनन् । यस लोककथामा मानिसले जस्तै विवेकपूर्ण कार्य गर्ने गँगटो अभिप्राय हो । कथानकमा घटनाक्रममा गँगटोले गरेका गतिविधिका आधारमा यो अभिप्रायबाट लोकले मानवेतर प्राणीमा आत्मतत्त्व हुने विश्वास गरेको पुष्टि हुन्छ ।

'ज्ञानी बाघ' लोककथामा बाघ साधु र ज्ञानी हुने लोकविश्वास प्राप्त भएको छ । यसको कथानकअन्तर्गत बाघ मान्छे भएको ठाउँमा बस्नु, बाघ मानिससँग नडराउनु, बाघले सिकारीसँग आफू साधु भएको बताउनु र बाघलाई मानिसले अबिरजात्रा गर्नु जस्ता घटनाक्रमबाट मानवेतर प्राणीमा आत्मतत्त्व हुने लोकविश्वास रहेको पुष्टि हुन्छ । यस लोककथामा बाघ र सिकारी दुवै सक्रिय पात्र हुन् । कथानकअनुसार सिकारीले बन्दुक ताकेपछि बाघले आफू साधु भएको बताउँछ, जसलाई 'ज्ञानी बाघ' लोककथामा यसरी व्यक्त गरिएको छ :

> उल्ले भनेच- "म साधु बाघ हुम्, मैले कसैलाई केही अर्दिनँ । मलाई मार्न खोज्यौ भने तिमीहरू रहँदैनौ । मलाई नमार, म तिमोरूका आँगना गर सुत भने पनि सुत्छु । म त्यस्तो हुँ, मेरो स्वरूप

देखाइदिऊँ भने तिमोरु यसै अतालिन्छौ । त्यसो भकाले मलाई नमार । मलाई यसै छोडिदेऊ" भनेच । (परिशिष्ट (क), 'ज्ञानी बाघ')

प्रस्तुत दृष्टान्तमा बाघले आफू साधु भएकोले कसैलाई दुःख नदिने तर आफूलाई मार्न खोज्नेलाई बाँकी नराख्ने चेतावनी दिएको छ । यस लोककथामा बाघले आफू साधु भएको बताउने  र मानिसले बाघको अबिरजात्रा गरेका कार्यबाट मानवेतर प्राणी र चेतनमा आत्मतत्त्व हुने लोकविश्वास रहेको सिद्ध हुन्छ । प्रस्तुत लोककथा मानिसले बाघको अबिरजात्रा गरेको परिवेशले जडमा आत्मा हुने लोकविश्वास भएको पुष्टि गर्दछ । यस लोककथामा साधु बाघ अभिप्राय हो । साधु बाघले आफूमा विशेष शक्ति भएको बताएकोले यस अभिप्रायमार्फत लोकले मानवेतर प्राणीमा आत्मतत्त्व हुने विश्वास गरेको सिद्ध हुन्छ ।

'डुङ्गा' लोककथामा डुङ्गाले मानिसको निर्देशन बुझ्ने लोकविश्वास प्राप्त भएको छ । यसको कथानकअन्तर्गत युवाहरूले डुङ्गा बनाउन वृद्धसँग सल्लाह लिने र डुङ्गा वृद्धको निर्देशन पालना गरी डाँडैडाँडा नदीमा पुग्ने घटनाक्रमबाट लोकले जडवस्तुमा आत्मा हुने विश्वास गरेको पुष्टि हुन्छ । यसमा वृद्ध र डुङ्गा सक्रिय पात्रका रूपमा प्रयोग भएका छन् । युवाहरूले डुङ्गा तयार गरिसकेपछि ती वृद्धको निर्देशनका आधारमा डुङ्गा डाँडैडाँडा नदीसम्म पुगेको छ, जसलाई 'डुङ्गा' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> त्यहाँबाट त्यसले- "हुगी काठको डुङ्गे र मनचिन्ते काठको बहना डाँडाडाँडै सलल्ल नदीमा जाला" भनेको थियो, डुङ्गा सलल डाँडामा एकैपटक गैदियो । (परिशिष्ट (क), 'डुङ्गा')

प्रस्तुत कथांशमा हुगी काठको डुङ्गा र मन चिन्ते काठको बहना बनाउनुपर्ने प्रसङ्ग छ । पहाडको टाकुरामा बनाएको डुङ्गा वृद्धले निर्देशन गरेपछि डाँडैडाँडा सलल बहेर नदीसम्म पुगेको छ । निर्जीव वस्तु डुङ्गालाई निर्देशन दिने वृद्ध र वृद्धको कुरा बुझेर चल्ने डुङ्गाका क्रियाकलापका आधारमा लोकले जड र चेतनमा आत्मतत्त्व हुने विश्वास गरेको पुष्टि हुन्छ । यस लोककथामा डुङ्गा निर्माण गरिएको जङ्गल, डाँडाकाडा र नदी परिवेश हुन् तर यी परिवेशबाट जड र चेतनमा आत्मतत्त्व हुने विश्वास व्यक्त भएको देखिँदैन । यस लोककथामा अभिप्रायका रूपमा मानिसको निर्देशन बुझ्ने डुङ्गाको प्रयोग भएको छ । डुङ्गाले वृद्धको निर्देशन बुझेर डाँडैडाँडा नदीसम्म पुगेकोले लोकले यस अभिप्रायमार्फत जड र चेतनमा आत्मतत्त्व हुने विश्वास गरेको प्रमाणित हुन्छ ।

'दाजु र बहिनी' लोककथामा नाग र भँगेराले मानिसलाई सहयोग गरेको लोकविश्वास प्राप्त भएको छ । यसको कथानकअन्तर्गत नागले केटीको आलापविलाप बुझ्नु, नाग दाउराको भारीमा डोरी र नाम्लो बनेर बसिदिनु, भारी बिसाएपछि नाग आफैँ फुकेर जानु र भँगेराले धान कुटिदिनु आदि घटनाक्रमबाट लोकले मानवेतर प्राणीमा आत्मतत्त्व हुने विश्वास गरेको प्रमाणित हुन्छ । यस लोककथामा केटी, नाग र भँगेरा सक्रिय पात्रहरू हुन् । प्रस्तुत लोककथामा नागले केटीको मर्म बुझेर सहयोग गरेको कुरालाई यसरी व्यक्त गरिएको छ :

> "मैले दाउरा त खोजेँ तर यो दाउरा मैले कसरी लैजानी ? नलैजानी भने म घर बस्न पाउँदिनँ । लैजानी भने कसरी लैजानी ?" भनेर नागहरूसित रुँदाखेरि दुइटा नागचाहिँ बन्धन बनेर बस्दिनुभयो । एउटा नाग नाम्लो बनेर बस्दिनुभयो । उन्ले दाउराको भारी हालिन्, बोकिन् र   आइन् । हल्का

चालले घर ल्यार भारी बिसाइन् । भारी बिसाएपछि ती नागहरू सररररर निस्केर गए । (परिशिष्ट (क), 'दाजु र बहिनी')

प्रस्तुत उद्धरणमा दाउराको भारीमा नाग बन्धन बनिदिनाले त्यसले सजिलै घरमा दाउरा ल्याउँछे । यहाँ नागमा आत्मतत्त्व हुने भएकोले मानिसका दुःख, मर्म र समस्या बुझ्ने लोकविश्वास व्यक्त भएको छ । लोकमा नागलाई जनावर तथा जलाशयका अधिष्ठाता र कोषागारका रक्षक देवता मानिएको छ (उपाध्याय, सन् २००९, पृ. ११६-११७) । नागमा आत्मतत्त्व हुने लोकमान्यता रहेको छ । 'दाजु र बहिनी' लोककथामा भाउजूहरूले नन्दलाई धान कुट्न पठाउँछन् । ढिकी कुट्ने र धान लगाउने मान्छे कोही नहुँदा केटी आलापविलाप गरेर रुन्छे । केटीको आलापविलाप सुनेर भँगेरा चराहरू आई उसलाई सहयोग गरेको प्रसङ्गलाई प्रस्तुत लोककथामा यसरी व्यक्त गरिएको छ :

> "मैले भँइमा धान छोड्नी बित्तिकै मलाई एउटा गेडो चामल पुगेन भने भाउजूहरूले घर जान दिनुहुन्न, धान गनेर पठाउनुभाछ । गनेको धान पुगेन भने मलाई बस्न दिनुहुन्न" भन्दा "हामी जस्ताको तस्तै तिमीलाई धान कुटार चामल पठाम्चम् नानु" भनेचन् । (परिशिष्ट (क), 'दाजु र बहिनी')

माथिको उद्धरणमा एक गेडो चामल कम भएमा घर बस्न नपाउने डरले केटीले आलापविलाप गरेकी छ । त्यसपछि भँगेरा चराहरूले धान कुटेर केटीलाई चामल दिन्छन् । यसको कथानकअनुसार केटी, नाग र भँगेराले गरेका गतिविधिका आधारमा लोकले चेतन र मानवेतर पात्रमा आत्मा हुने विश्वास गरेको पुष्टि हुन्छ । यहाँ परिवेशका रूपमा घर, जङ्गल र धान कुट्ने स्थान रहेका छन् तर यी परिवेशले जड र चेतनमा आत्मतत्त्व हुने विश्वास व्यक्त गर्न सकेका छैनन् । यस लोककथामा प्रयोग भएका नाग र भँगेरा अभिप्राय हुन् । कथानकमा नाग र भँगेराले केटीको आलापविलाप बुझ्केकाले लोकले यी अभिप्रायबाट जड र चेतनमा आत्मा हुने कुरामा विश्वास गरेको प्रमाणित हुन्छ ।

'बुधलागर कुँवर' लोककथामा परेवाले मानिसले सिकाएको सिक्ने र परेवाले आकाशमा धरहरा बनाउन सहयोग गर्ने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत राजाले बुधलागरको चलाखी जाँच गर्न आकाशमा धरहरा बनाउन लगाउनु, बुधलागरले परेवालाई तालिम दिनु र परेवाले आकाशबाट झिकट र पत्थर माग्नु आदि घटनाक्रमबाट लोकले जड र चेतनमा आत्मतत्त्व हुने विश्वास गरेको सिद्ध हुन्छ । यस लोककथामा बुधलागर कुँवर र परेवा सक्रिय पात्र हुन् । राजाले बुधलागरलाई आकाशमा धरहरा बनाउनुपर्ने चुनौती दिएपछि त्यसले परेवालाई आकाशमा पठाएको छ, जसलाई 'बुधलागर कुँवर' लोककथामा यसरी अभिव्यक्त भएको छ :

> त्यो चेहरा (परेवा) को खुट्टामा धागो बाँधेर माथि उडाइदियो । त्यो चेहराले के भनेछ भने- "झिकट ल्याऊ, पत्थर ल्याऊ जल्दी जल्दी । झिकट ल्याऊ, पत्थर ल्याऊ जल्दी जल्दी" भनेछ । (परिशिष्ट (क), 'बुधलागर कुँवर')

माथिको उद्धरणमा बुधलागर कुँवरले परेवालाई खुट्टामा धागो बाँधेर आकाशमा उडाइदिएको छ । त्यसले आकाशमा उडेर 'झिकट ल्याऊ, पत्थर ल्याऊ जल्दी जल्दी' भन्छ । न्याय राजाले परेवाको मागेअनुसार सामान पुऱ्याउन सक्दैनन् । यसरी परेवा मानिस झैँ बोल्नु र मानिसले अह्राएको काम गर्नु आत्मतत्त्वका कारण भएको हो भन्ने लोकधारणा छ । यस लोककथामा बुधलागर र परेवाले गरेका अप्राकृत

कार्यव्यापारका आधारमा लोकले पात्रमार्फत जड र चेतनमा आत्मतत्त्व हुने विश्वास गरेको पुष्टि हुन्छ । यहाँ धरहरा निर्माण गरिएको आकाश र चउर तथा बुधलागरलाई राखिएको जेल परिवेश हुन् तर यी परिवेशले जड र चेतनमा आत्मतत्त्व हुने कुरा पुष्टि गर्दैनन् । यहाँ परेवा अभिप्रायका रूपमा प्रयोग भएको छ । मानिसको भाषा बुझ्रेर धरहरा निर्माण गर्ने परेवा अभिप्रायबाट लोकले मानवेतर प्राणीमा आत्मा हुने कुरा विश्वास गरेको सिद्ध हुन्छ ।

'सिकारी र बाघ' लोककथामा बाघ र मानिसले मित लगाएको लोकविश्वास प्राप्त भएको छ । यसको कथानकअन्तर्गत सिकारी र बाघले मितेरी लगाउनु, बाघले सिकारीलाई घरमा बोलाएर स्वागतसत्कार गर्नु, बाघलाई सिकारीकी श्रीमतीले वचन लगाउनु, बाघ दुःखी हुनु, बाघले सिकारीलाई बन्चराले आफ्नो थाप्लोमा हान्न लगाउनु, बाघले बाहिरी घाउ निको हुन तर वचनको घाउ कहिल्यै निको नहुनु आदि घटनाक्रमबाट लोकले जड र चेतनमा आत्मतत्त्व हुने कुरा विश्वास गरेको सिद्ध हुन्छ । यसमा सिकारी र बाघ सक्रिय पात्रका रूपमा प्रयोग भएका छन् । सिकारीसँग डराएको बाघले उसित मित्रताको प्रस्ताव गर्छ, जुन कुरा 'सिकारी र बाघ' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> बाघ आफ्नो घर जान आको छ र सिकारी पनि घर जान आको छ, दुइटैको बिचमा भेट भयो । अब कतैबाट पनि जानी ठाम् छैन । सिकारीको हातमा पनि बन्दुक छ । "अब यल्ले हिर्कायो भने म मोर्चु" भन्ने बाघलाई डर लायो र उसले प्रस्ताव राख्यो- "सिकारीजी तपाईं र म मित लाम् ।" ( परिशिष्ट (क), 'सिकारी र बाघ')

उद्धृत कथांशमा बाघले सिकारीसँग बच्ने उपायको खोजी गर्दै उसित मित लगाउने प्रस्ताव राखेको छ । यस उद्धरणमा बाघमा बुद्धि, विवेकले काम गर्ने क्षमता आत्मतत्त्वका कारण भएको हो भन्ने लोकविश्वास छ । बाघ सिकारीको घरमा आउँदा केटाकेटी चिच्याएपछि सिकारीकी बुढीले "बन्चराले थाप्लामा हान्देऊ" भन्छे । यो कुरा सुनेर बाघले ज्यादै चित्त दुखाएको छ । यसको कथानकअनुसार बाघ र मानिसले गरेका कार्यव्यापारका आधारमा लोकले जड र चेतनमा आत्मतत्त्व हुने विश्वास गरेको प्रमाणित हुन्छ । यस लोककथामा डहरको अप्ठ्यारो साँघुरो गल्ली, बाघ र सिकारीको घर तथा जङ्गलको परिवेशमा घटनाक्रम विस्तारित छन् तर यी परिवेशमार्फत जडमा आत्मतत्त्व हुने कुरा पुष्टि हुन सक्दैन । यहाँ बाघ र सिकारी अभिप्राय हुन् । कथानकअनुसार यी अभिप्रायमार्फत जड र चेतनमा आत्मतत्त्व हुने विश्वास व्यक्त भएको सिद्ध हुन्छ ।

विवेच्य लोककथाहरूमा जड र चेतनमा आत्मा हुने लोकविश्वास लोककथाका तत्त्व कथानक, पात्र, परिवेश र अभिप्रायमार्फत प्राप्त भएका छन् । यहाँ जडवस्तुअन्तर्गत गोरुको खप्पर र डुङ्गा तथा मानवेतर प्राणीअन्तर्गत घोडा, गँगटो, बाघ, नाग, भँगेरा र परेवामा आत्मा रहेका लोकविश्वास प्राप्त भएका छन् । चेतनअन्तर्गत व्यापारी, बटुवा मानिस, वृद्ध, बुधलागर कुँवर, सिकारी र सिकारीकी श्रीमतीमा आत्मा रहेको लोकविश्वास रहेका छन् । गोरुको खप्परले मानिसलाई अर्तीउपदेश दिएको छ भने डुङ्गाले मानिसले दिएको निर्देशन पालना गरेको छ । यसरी जडवस्तुमा भएको आत्मा मानिसको भलो चिताएको छ । चेतनमा आत्मतत्त्वअन्तर्गत मानिसले आफ्नो आत्मा बुझ्राउनुपर्ने लोकधारणा रहेको छ । मानवेतर प्राणीमा आत्मतत्त्व भएका कारण तिनले बुद्धिको प्रयोग गरेर मानिसलाई आपतकालीन अवस्थाबाट छुटकारा दिलाएका छन् । विवेच्य कथाहरूमा कथानक, पात्र र अभिप्रायमार्फत सशक्त रूपमा जड र

चेतनमा आत्मतत्त्व भएका लोकविश्वास व्यक्त भएका छन् भने परिवेशमार्फत आत्मतत्त्व रहने कुराको अभिव्यक्ति ज्यादै झिनो रूपमा आएको छ ।

## ३.९ तन्त्रमन्त्रनिष्ठ लोकविश्वासको अभिव्यक्तिगत प्रक्रिया

तन्त्रले देवीदेवताको प्रार्थना गर्ने रहस्यमय शास्त्रलाई बुझाउँछ । भगवान् शिवबाट आविष्कार भएको तन्त्रले ज्ञानको बिस्तार गर्ने र साधकको प्राण रक्षा गर्ने मान्यता छ (शर्मा, सन् २०१३, पृ. ३७६) । लोकमा तन्त्र भगवान्बाट उत्पत्ति भएकोले यसले साधकको रक्षा गर्ने विश्वास छ । तन्त्रशास्त्रमा सृष्टि, लय, मन्त्र, निर्णय, तीर्थ, आश्रमधर्म, कल्प, ज्योतिष, व्रतकथा, शौच र आशौच, स्त्री, पुरुषलक्षण, राजधर्म, दानधर्म, युगधर्म व्यवहार तथा आध्यात्मिक नियमका बारेमा वर्णन गरिएको हुन्छ (पाण्डेय, सन् १९७८, पृ. २९२) । तन्त्रले सृष्टि, स्थिति, धर्म र आचरणका बारेमा ज्ञान दिने हुँदा यसलाई ज्ञानको बिस्तारक मानिएको छ ।

तन्त्रसँग 'मन्त्र' शब्द जोडिएर 'तन्त्रमन्त्र' शब्दको निर्माण भएको छ । पद्यमय कथन, वाक्य, वाक्यखण्ड, शब्द र अक्षरहरू मन्त्र हुन् । देवीदेवताको प्रार्थना गर्ने वैदिक सूक्तलाई पनि मन्त्र मानिएको छ । मन्त्रमार्फत मोहन, वशीकरण वा आवाहन गर्ने गरिन्छ (आप्टे, सन् १९६६, पृ. ७७४) । मन्त्रमार्फत् देवीदेवताको प्रार्थना गरी मानिस र वस्तुलाई वशमा राख्न सकिन्छ भन्ने लोकमान्यता छ । मन्त्र शत्रुलाई आफ्नो अधीनमा पार्ने, आफ्नो शक्ति बढाउने र अरूको शक्ति घटाउने गतिविधिसँग सम्बन्धित छ (खतिवडा, २०७४, पृ. ४६९) । तन्त्रमन्त्रको दीर्घ साधना गरी सिद्धि प्राप्त गरेका व्यक्तिले मन्त्र शक्तिको प्रयोग गरेर शत्रुलाई आफ्नो काबुमा राख्ने लोकविश्वास छ । आजभोलि भने मरण, उच्चाटन र वशीकरण आदिका लागि अनेक प्रकारका सिद्धि प्राप्त गर्न तन्त्रमन्त्र र क्रियाको प्रयोग हुने गर्दछ (पाण्डेय, सन् १९७८, पृ. २९३) । सिद्धि प्राप्त व्यक्तिले तन्त्रमन्त्र शक्तिको प्रयोग गरी चमत्कारी र रहस्यमय कार्य गर्न सक्ने लोकधारणा रहेको छ ।

गण्डकी प्रदेशका लोककथामा तन्त्रमन्त्रसम्बन्धी धामीझाँक्री, लामा, पण्डित, योगी, जोगी र जादुगर्नी बुढीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । टुनामुना, जादु, तन्त्रमन्त्र आदि मान्छेका साधनात्मक ज्ञानका परिणाम हुन् । लोककथामा यिनको चमत्कारी वर्णन र घटनाले अलौकिकता उम्रन्छ, जसले कथालाई आकर्षक र मनोरञ्जक बनाउँछन् (दिवस, २०७७, पृ. ३८) । लोककथामा टुनामुना, जादु आदिमा रहस्यमय र चमत्कृत घटना हुने हुँदा तिनले श्रोतालाई मनोरञ्जन प्रदान गर्छन् । लोककथामा तन्त्रमन्त्रसम्बन्धी लोकविश्वास आश्चर्य लाग्दा घटनाक्रम, अद्भुत पात्र, अनौठो परिवेश र कौतूहलपूर्ण अभिप्रायका माध्यमबाट व्यक्त हुन्छन् । यी लोकविश्वासको प्रयोजन आश्चर्य, अद्भुत र रहस्यमय अवस्थाको सिर्जनाले मनोरञ्जन प्रदान गर्ने, जुक्तिपूर्ण तरिकाले समस्याको समाधान गर्न सिकाउने र मानिसमा साहस तथा शौर्य प्राप्त गर्ने हौसला प्रदान गर्ने रहेको छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित 'नायक साहेब', 'भुते बिरौटो' र 'लामाको शक्ति' लोककथामा तन्त्रमन्त्रनिष्ठ लोकविश्वास भएकाले तिनको छनोट गरी उद्धरणसहित विश्लेषण गरिएको छ ।

'नायक साहेब' लोककथामा नायकले बारुदखानामा आगो लगाई मर्नु, नायक लाग्दा शरीरमा पोलेका जस्ता घाउखटिरा आउने, धामीझाँक्री र पुरोहितले आखत हेरेर नायक लागे नलागेको थाहा पाउने तथा नायक लागेमा फुकफाक गर्दा निको हुने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत

नायक साहेब बारुदखानामा आगो लगाई मर्नु, मानिसले पोलेका जस्ता घाउ, खटिरा आएमा नायक लागेको मान्नु, नायक लाग्दा आखत हेरी फुकफाक गर्नाले निको हुनु र पूजापाठ गरेमा नायकले छोड्ने घटनाक्रमबाट तन्त्रमन्त्रमा विश्वास गरिएको पुष्टि हुन्छ । यस लोककथामा जलेर मरेका नायक लाग्दा मानिस बिरामी हुने र त्यसको निराकरण धामीझाँक्री र पुरोहितले गर्न सक्ने कुरा यसरी प्रस्तुत गरिएको छ :

> केटाकेटीलाई घाउखटिरा भयो भने गाउँ घरको चलनअनुसार धामी, झाँक्रीकहाँ आखत हेराउने, गुरु, पुरोहितकहाँ गएर हेराम्दाखेरि "हैन तिम्लाई त नायक साहेब लाएका हुन् । नायक साहेबको पूजा गर जाऊ । तिनलाई परेवा देऊ । लगेर पूजा गर्देऊ सन्चो हुन्च" भन्ने गर्छन् । परिशिष्ट (क), 'नायक साहेब')

माथिको उद्धरणमा नायक साहेब लाग्दा घाउखटिरा आउने र धामीझाँक्री, गुरु, पुरोहितले आखत हेरी फुकफाक गरेमा नायकले छोड्ने लोकविश्वास व्यक्त भएको छ । धामीझाँक्री, गुरु, पुरोहितले तन्त्रमन्त्रका माध्यमबाट नायक लागेका व्यक्तिलाई फुकफाक गर्ने, पानी पारिदिने र पूजाआजा गराउने क्रियाकलाप गरेको हुँदा यी पात्रमार्फत तन्त्रमन्त्रमा विश्वास गरिएको प्रमाणित हुन्छ । धामीझाँक्रीले झारफुक तथा मन्त्रबाट देवीदेवतालाई खुसी बनाएर मानिसलगायत जीवजन्तुको उपचार गर्दछन् (भट्टराई, २०७९, पृ. ३८८-३८९) । धामीझाँक्रीले मानिस र अन्य प्राणीको उपचार गर्ने लोकमान्यता छ । यस लोककथामा पर्वत जिल्लाको पैंयु क्षेत्र परिवेशमा रूपमा आएको छ । नायक लागेमा धामीझाँक्री र पुरोहितबाट पूजापाठ गर्दा निको हुने सांस्कृतिक परिवेशमार्फत तन्त्रमन्त्रमा विश्वास गरिएको पुष्टि हुन्छ । यहाँ नायक साहेब, धामीझाँक्री र फुकफाक अभिप्रायको प्रयोग भएको छ । नायक साहेब मानिसलाई लाग्ने, धामीझाँक्रीले फुकफाक गरी उपचार गर्ने घटनाबाट लोकले अभिप्रायमार्फत तन्त्रमन्त्रमा विश्वास गरिएको पुष्टि हुन्छ ।

'भुते बिरौटो' लोककथामा भुतिनीले मन्तरेको पानी खाएर बच्चा जन्माउने, लुब्धीखोलामा भूत बस्ने, भूतले मानिसलाई सहयोग गर्ने र भूतले मानिसलाई आश्चर्य लाग्दा उपहार दिने लोकविश्वास प्राप्त भएका छन् । यसको कथानकअन्तर्गत कालु अर्यालले भुतिनीलाई पानी मन्तरेर दिनु, त्यसले सजिलै बच्चा जन्माउनु र भूतले कालु अर्याललाई खेत बनाउन सहयोग गर्ने घटनाबाट तन्त्रमन्त्रमा विश्वास गरिएको सिद्ध हुन्छ । कालु अर्यालसँग तन्त्रमन्त्रको प्रयोग गर्ने क्षमता र ज्ञान भएका कारण उनले भूतलाई भुते बिरौटो निर्माण गर्न लगाएको प्रसङ्गलाई 'भुते बिरौटो' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> "अब के भनम् ?" कालु अर्यालले यसो वरिपरि हेरे । उनले तुरुन्तै काम दिए भूतहरूलाई, "ल यो डाँडोलाई सम्यार खेत बनाउनुपर्‍यो ।" (परिशिष्ट (क), 'भुते बिरौटो')

माथिको कथांशमा कालु अर्यालले भूतलाई डाँडो सम्म्याएर खेत निर्माण गर्न लगाएका छन् । यसरी कालु अर्यालमा विशेष तन्त्रमन्त्र गर्ने शक्ति रहेको हुँदा उनले भूतलाई आफ्नो वशमा पारेको लोकविश्वास व्यक्त भएको छ । तन्त्रमा मारण, मोहन, वशीकरण, उच्चाटन, स्तम्भन र जृम्भण शक्ति हुन्छ (भट्टराई, २०७९, पृ. ३२०) । यसर्थ तन्त्रमन्त्रमा सिद्धि प्राप्त तान्त्रिक व्यक्तिले अरूलाई सजिलै आफ्नो वशमा राख्न सक्ने लोकविश्वास छ । यस कथामा कालु अर्यालले गरेका क्रियाकलापबाट पात्रमार्फत तन्त्रमन्त्रमा विश्वास गरिने कुरा प्रमाणित हुन्छ । यसमा तन्त्रमन्त्रका कारण सजिलै भुते बिरौटो निर्माण

भएको परिवेशमार्फत तन्त्रमन्त्रमा विश्वास गरिएको प्रस्ट हुन्छ । यस लोककथामा तान्त्रिक कालु अर्याल र मन्तरेको पानी अभिप्राय हुन् । मन्तेरको पानीका कारण भुतिनीको ज्यान जोगिएको हुँदा लोकले अभिप्रायमार्फत तन्त्रमन्त्रमा विश्वास गरेको प्रमाणित हुन्छ ।

'लामाको शक्ति' लोककथामा तन्त्रमन्त्रमा जादुमय शक्ति हुने, जादुगर्नी बुढीले कपाल भुइँमा छुवाउँदा मानिस निस्कने, जादुगर्नीले टुनामुनाबाट मानिस बौलाउने, पशुपक्षी मर्ने र पहिरो निम्त्याउने, जादुगर्नीले तन्त्रमन्त्र प्रयोग गरी पिपलको रुख, मानिस, बिरालो आदिलाई आफ्नो अधीनमा राख्ने र लामाले तन्त्रमन्त्रको नकारात्मक शक्तिलाई रोक्ने लोकविश्वास व्यक्त भएका छन् । आदिम भावनामा रहेका तन्त्रमन्त्र, तान्त्रिक बन्धन र मुक्ति, स्तम्भन (गतिरोध, अवरोध), सम्मोहन, टुना, मारण (टुनाद्वारा हत्या), रूपान्तरण, वशीकरण तथा झारफुकसम्बन्धी ज्ञान नै तन्त्रमन्त्र हो (भट्टराई, २०७९, पृ. ३२१) । यसरी तन्त्रमन्त्रको शक्तिले नकारात्मक शक्तिको गतिलाई रोक्न सक्ने लोकधारणा छ । यसको कथानकअन्तर्गत जादुगर्नी बुढीले टुनामुना गर्नु, बुढीले कपाल भुइँमा छुवाउँदा छओटी बुढी निस्कनु, ती बुढीहरूले टुनामुना गरेर मान्छेलाई बिरालो (बिर) बनाउनु, बुढीले टुना गरेको बिरालो जे भन्यो त्यही मान्नु, लामाले सुँघेर गाउँको समस्या पत्ता लगाउनु, लामाले बिरालोलाई बोल्न लगाउनु, बिरालोले बुढीले टुनामुना गरेका नङ, कपाल र कपडाका टुक्रा मानिसको मझेरीमा राखिदिनु, लामाले तन्त्रमन्त्र गरी बुढीलाई आफ्नो अगाडि ल्याउनु, लामाले मान्छेबाट भुतिनीको भाग दिलाइदिनु तथा लामाले भुतिनीलाई छाया र बिरालालाई मानिस बनाउनु जस्ता घटनाक्रमबाट कथानकमार्फत तन्त्रमन्त्रमा विश्वास गरिएको सिद्ध हुन्छ । यसमा जादुगर्नी बुढीहरूले जादुशक्तिमार्फत पिपललाई उठाउँछन्, जसलाई लोककथामा यसरी अभिव्यक्त गरिएको छ :

> तीनओटीले मन्त्र फलाकेचन्, फलक्दाखेरि त पिप्ला रुख सर्लक्क भुइँमा सुतेच । फेरि अर्का तीनओटीले माटो फुकेर पिप्ला रुखाँ छर्केचन्, पिप्ला बुटो सास फेर्दै पहिलाको झैँ उठेच । (परिशिष्ट (क), 'लामाको शक्ति')

माथिको कथांशमा मन्त्रशक्ति जानेका जादुगर्नीले माटोमा मन्त्र गरी पिपलको रुखमा फ्याँक्दा पिपल सुत्ने र उठ्ने गरेको छ । यसरी जादुगर्नीले मन्त्रशक्तिको प्रयोग गरी वृक्षलाई आफ्नो अधीनमा राख्ने लोकविश्वास व्यक्त भएको छ । तन्त्रमन्त्र जानेकी बुढीले जादुको शक्ति फाल्दा मानिस तुरुन्त बिरालोमा रूपान्तरण हुन्छ, जसलाई 'लामाको शक्ति' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> बुढीले त्यो बिरालालाई दिनभर गाउँघर डुलेर आफूसँग रिसाएका मुन्छेको कपाल, नङ, र लुवाको टुकुरो ल्याम्न भनिच । त्यो बिरालोले जे भने पनि खुरुखुरु मान्दो रच । बुढीले ती रिसाका मुन्छेको नङ, कपालमा टुनामुना गर्थी र फेरि बिरालालाई तिनीहरूका घरको मझेरीमा लगेर राख्न लाम्दिरचे । (परिशिष्ट (क), 'लामाको शक्ति')

माथिको उद्धरणमा जादुगर्नी बुढीले टुनामुना गरेकाले बिरालो उसको सहायक भएको छ । बुढीले आफूलाई रिस उठेका मानिसका नङ, कपाल र लुगाका टुक्रा ल्याउन लगाएर त्यसैमा टुनामुना गरेकी छ । कसैलाई मोहनी लगाई कुनै व्यक्ति वा वस्तु हात पार्न, मानिसबिच आकर्षण घटाउन, कुनै रोग नलागोस् वा कुनै भूतप्रेत, मरिमसान, वायु आदिले नसताओस् भन्नका लागि टुनामुना गर्ने प्रचलन छ (भट्टराई, २०७९, पृ. २९०) । लोकसमाजमा लुगाफाटो र व्यक्तिले प्रयोग गर्ने अन्य वस्तु जथाभावी फाल्न नहुने

लोकविश्वास छ । त्यस्तै बुढीको मन्त्र शक्तिले घरमा नराम्रा घटना घट्ने, मानिस बौलाउने, गाइवस्तु मर्ने र पहिरो जाने आदि भएको छ, जसलाई यस कथामा यसरी प्रस्तुत गरिएको छ :

> बिरालाले त खोस्रन सक्ने भयो केरे । सानो प्वाल बनार मझेरीमा राखिदिँदो रच, त्यसपछि ती घरमा त विध्वंस मच्चियो । ओ मान्छे बौलाउनी, गाई, डियाँ मोर्नी र घर पहिरो जानी अनेक हुन लाच । यस्तो भर गाम्लेहरू दिक्क परेचन् । (परिशिष्ट (क), 'लामाको शक्ति')

उद्धृत कथांशमा बुढीले टुनामुना गरेका सामान बिरालाले मानिसका घरमा राखिदिन्छ । त्यसपछि उक्त घरमा नराम्रा घटना घट्ने, मानिस बौलाउने र घरपालुवा गाईवस्तु मर्छन् । नराम्रा घटना घटेपछि हेरकोर गर्दा लामाले जादुगर्नीको कैफियत देखेर मन्त्रशक्तिले नै त्यसलाई नियन्त्रण गर्दछ । यसमा जादुगर्नी, लामा र बिरालाका क्रियाकलापबाट मानिसले पात्रमार्फत तन्त्रमन्त्रको शक्तिमा विश्वास गरेको प्रमाणित हुन्छ । यसमा रातको बाह्र बजे, पिपलको चौतारो, गाउँ र भुतिनीको पूजा गर्ने ढाँड जस्ता परिवेशमार्फत तन्त्रमन्त्रमा विश्वास भएको पुष्टि हुन्छ । यस लोककथामा जादुगर्नीले तन्त्रमन्त्रको नकारात्मक शक्ति र लामाले सकारात्मक शक्ति प्रयोग गर्ने तथा बिरालोले टुनामुना गरेका सामान घरको मझेरीमा राखेका कारण यी अभिप्रायमार्फत लोकले तन्त्रमन्त्रमा विश्वास गर्ने सिद्ध भएको छ ।

विवेच्य लोककथाहरूमा तन्त्रमन्त्रमा विश्वास गरिएका लोकविश्वास लोककथाका तत्त्व कथानक, पात्र, परिवेश र अभिप्रायमार्फत व्यक्त भएका छन् । लोकले धामीझाँक्री, गुरु, पुरोहित, लामा, टुनामुना, जादुमय शक्ति, पूजापाठ आदिमा विश्वास गरेको स्पष्ट हुन्छ । यी लोककथाहरूमा जादु, टुनामुना र तन्त्रमन्त्रको शक्तिमा ज्यादा विश्वास गरिएको छ । विवेच्य तीनवटै लोककथाका घटनाक्रममा तन्त्रमन्त्रमा विश्वास गरिएका लोकविश्वास ज्यादा छन् । यहाँ जादुगर्नी बुढीले तन्त्रमन्त्रको नकारात्मक शक्ति प्रयोग गरेर मानिस, पशुपक्षी, बोटबिरुवा र प्रकृतिलाई आफ्नो अधीनमा राखी विभिन्न किसिमका घटना घटाएको विश्वास गरिएको छ । धामीझाँक्री, गुरु, पुरोहित र लामाले हेरकोर गरी नकारात्मक शक्तिका बारेमा जान्ने र झारफुक गरी तन्त्रमन्त्रको नकारात्मक शक्तिलाई रोक्ने लोकविश्वास रहेको छ । प्रस्तुत लोककथामा नायक साहेब, भूत, भुतिनी, मन्तरेको पानी, जादुगर्नी र जादुगर्नीको बिरालो अभिप्रायमार्फत लोकले तन्त्रमन्त्रमा विश्वास गर्ने सिद्ध भएको छ । यी लोककथाहरूको विश्लेषणबाट लोकले तन्त्रमन्त्रमा सकारात्मक र नकारात्मक दुवै शक्ति रहने कुरामा विश्वास गरेको प्रस्ट हुन्छ । तन्त्रमन्त्रनिष्ठ लोकविश्वास कथानक, पात्र, अभिप्राय र परिवेशमार्फत सघन रूपमा प्रकट भएका छन् । तुलनात्मक रूपमा कथानकका घटनाक्रम र अभिप्रायमार्फत बढी तन्त्रमन्त्रनिष्ठ लोकविश्वास व्यक्त भएका छन् ।

## ३.१० निष्कर्ष

गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथाहरूमा शुभाशुभ, अतिरञ्जना, धार्मिक अनुष्ठानसम्बन्धी, शक्ति, जड र चेतनमा आत्मतत्त्व तथा तन्त्रमन्त्रमा विश्वास गरिएका लोकविश्वास कथानक, पात्र, परिवेश र अभिप्रायमार्फत अभिव्यक्त भएका छन् । गण्डकी प्रदेशका  लोककथामा सपना, अर्तीउपदेश, शारीरिक चिह्न, वरदान, *ज्योतिषशास्त्र*ले बताउने भविष्यवाणी, श्राप, भाग्य र आशीर्वादबाट शुभाशुभसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । सपनामा देवीदेवता आएर कार्य शुभ हुने सङ्केत गर्ने, अर्तीउपदेशले भाग्य परिवर्तन हुने, अन्य मानिस र पशुपक्षीको लच्छिनका कारण भाग्योदय हुने, कैला आँखा, घुमेका पैताला र कुरूप अनुहार अशुभ मानिने, शरीरमा सूर्य र चन्द्रमा चिह्न भए शुभ हुने, मूल ग्रहमा जन्मेको

बच्चाले बुबालाई हानि गर्ने, श्राप र अलच्छिन अशुभ हुने तथा वरदान र लच्छिनको शुभफल हुने शुभाशुभसम्बन्धी लोकविश्वास यी लोककथामा कथानक, पात्र, परिवेश र अभिप्रायमार्फत आएका छन् । यी लोकविश्वासबाट मानिस आफ्नो भविष्यप्रति चिन्तित रहेको र भविष्यमा हुने कार्यको शुभाशुभ फलको अनुमान गरी सचेत रहेको पाइएको छ । प्रस्तुत लोककथामा देवीदेवता, मानिस, जीवजन्तु र विभिन्न वस्तुहरूको अतिरञ्जना गरिएको छ । तुलनात्मक रूपमा परिवेशमा भन्दा कथानक, पात्र र अभिप्रायका माध्यमबाट ज्यादा अतिरञ्जित लोकविश्वास प्रकट भएका छन् । प्रस्तुत लोककथामा मानिस, जनावर र विभिन्न वस्तुहरूको ज्यादा अतिरञ्जना गरिएको छ र त्यस्तो अतिरञ्जित शक्ति मानवीय हितमा प्रयोग भएको छ । गण्डकी प्रदेशका नेपाली लोककथामा देवीदेवता, इन्द्र, विष्णु, ऋषि, अकलामाई, कालिकामाई, कुछब तेरङा देवता र पितृमा आधारित धार्मिक अनुष्ठानसन्बन्धी लोकविश्वास प्राप्त भएका छन् । यिनमा धार्मिक अनुष्ठान गर्नाले देवीदेवता प्रसन्न भई कार्य सफल हुने र पुण्य प्राप्त गरिने लोकविश्वास पाइएको छ । धार्मिक अनुष्ठानसम्बन्धी लोकविश्वास पात्रमार्फत सघन तरिकाले र परिवेशबाट ज्यादै न्यून मात्रामा अभिव्यक्त भएका छन् । देवीदेवता, भूतप्रेत, मानिस, जीवजन्तु तथा वस्तुमा असाधारण शक्ति हुने लोकविश्वास छ । यी लोककथामा मानिसमा नै ज्यादा शक्ति हुने लोकविश्वास पाइएको छ । देवीदेवता, भूतप्रेत, जीवजन्तु र अन्य वस्तुमा रहेको शक्तिले मानिसलाई आपत्विपत्बाट छुटकारा दिलाएको छ । यिनमा शक्तिसम्बन्धी लोकविश्वास कथानक, पात्र र अभिप्रायमा सघन रूपमा र परिवेशबाट न्यून रूपमा आएका छन् ।

गण्डकी प्रदेशका नेपाली लोककथामा जडवस्तुमा गोरुको खप्पर, डुङ्गा तथा मानवेतर प्राणीहरू घोडा, गँगटो, बाघ, नाग, भँगेरा र परेवामा आत्मतत्त्व रहने लोकविश्वास पाइएको छ । जड र मानवेतर प्राणीमा रहेको आत्मतत्त्वले मानिसको कल्याण भएको देखाइएको छ । जड र चेतनमा आत्मतत्त्व रहने लोकविश्वास कथानक, पात्र र अभिप्रायमार्फत सशक्त रूपमा र परिवेशबाट ज्यादै झिनो रूपमा व्यक्त भएका छन् । यहाँका लोककथामा धामीझाँक्री, गुरु, पुरोहित, लामा, टुनामुना, जादुमय शक्ति र पूजापाठमा विश्वास गरिएका तन्त्रमन्त्रनिष्ठ लोकविश्वास पनि रहेका छन् । यी लोककथामा दुष्टात्माले जादुको नकारात्मक शक्ति प्रयोग गरेर मानिस, जीवजन्तु, वनस्पतिलाई दुःख दिने र प्रकृति बिगार गर्ने लोकविश्वास पाइएको छ । यहाँ लामा र धामीझाँक्रीले जादुको सकारात्मक शक्ति प्रयोग गरी जादुको नकारात्मक शक्ति रोक्ने लोकधारणा प्रकट भएको छ । जादु, टुनामुना र तन्त्रमन्त्रको शक्तिसम्बन्धी लोकविश्वास कथानक, पात्र र अभिप्रायमा सशक्त रूपमा र परिवेशमा न्यून मात्रामा अभिव्यक्त भएका छन् । गण्डकी प्रदेशका नेपाली लोककथाका अध्ययनबाट शुभाशुभसम्बन्धी अतिरञ्जनामूलक, धार्मिक अनुष्ठानसम्बन्धी, शक्तिनिष्ठ, जड र चेतनमा आत्मतत्त्वसम्बद्ध तथा तन्त्रमन्त्रसम्बन्धी लोकविश्वास लोककथाका कथानक, पात्र र अभिप्राय जस्ता तत्त्वमार्फत सघन रूपमा र परिवेश तत्त्वमार्फत न्यून रूपमा व्यक्त भएको प्रस्ट हुन्छ ।

## चौथो परिच्छेद

# गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका प्रयोजन

## ४.१ विषयप्रवेश

प्रस्तुत परिच्छेदमा गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा व्यक्त लोकविश्वासका प्रयोजनसम्बन्धी समस्याको समाधान खोजिएको छ । लोककथामा लोकविश्वासको अभिव्यक्ति खास उद्देश्यका लागि भएको हुन्छ । ती लोकविश्वासले मानिसको मानसिक अवस्थाको प्रकटीकरण गर्दै मानवीय क्रियाकलाप र त्यसले निर्माण गर्ने समाज मनोविज्ञानलाई प्रस्तुत गर्ने हुँदा लोकविश्वासको प्रयोजन विश्लेषण गर्नुपूर्व लोकविश्वासको प्रयोजनात्मक अवधारणाको स्वरूप तयार पारिएको छ । यहाँ लोककथामा लोकविश्वासको प्रयोजनको विश्लेषणका लागि लोकमानससम्बद्ध चेतन, अवचेतन र अचेतन तथा लोकसंस्कृतिसम्बद्ध धार्मिक, शैक्षिक, सामाजिक र सांस्कारिक प्रयोजनको अवधारणात्मक स्वरूप तयार गरिएको छ । लोककथामा लोकविश्वासका उद्देश्यको समीक्षाका लागि चेतन, अवचेतन र अचेतन मनोदशाबाट प्रकट हुने र लोकसंस्कृतिलाई बुझाउने धार्मिक, सामाजिक, शैक्षिक र सांस्कारिक लोकविश्वासका प्रयोजनको विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## ४.२ लोकविश्वासको प्रयोजनसम्बन्धी अवधारणा

कुनै कार्य विशेषमा प्रवृत्त हुनाको मूलभूत कारण नै प्रयोजन हो । प्रयोजनले उक्त कार्यको उद्देश्यलाई बुझाउँछ । कुनै कृति किन रचना गरियो र त्यसको सार्थकता के हो भन्ने विषय नै प्रयोजन हो । मौखिक तथा लिखित साहित्यमा कुनै विषय, विचार र भाव व्यक्त गरिनुको खास प्रयोजन हुन्छ । साहित्य सिर्जना गरिनुको प्रयोजनका बारेमा पूर्वीय र पाश्चात्य साहित्य चिन्तकहरूका आआफ्नै धारणा छन् । पूर्वीय मतमा साहित्य सिर्जनाको मुख्य प्रयोजन प्रीति वा आनन्द, रसको अनुभूति, धर्म, अर्थ, मोक्ष, काम, लोकव्यवहार र शिक्षा, कृपापात्रता, देवस्तुति, व्याधि, रक्षा र धनार्जन कीर्ति वा आनन्दानुभूति हुन् (शर्मा, २०५५, पृ. ५५९) । पूर्वीय साहित्यका चिन्तकहरूले धर्म, अर्थ, काम, मोक्ष, आनन्द, रक्षा, व्यवहार ज्ञान, जीवनोपयोगी शिक्षा, लोकोपदेश र मनोरञ्जनलाई सिर्जनाका प्रयोजन मानेका छन् ।

पूर्वीय साहित्य चिन्तकले जस्तै पाश्चात्य साहित्यका विचारकहरूले पनि सिर्जनाको खास प्रयोजन हुने मत व्यक्त गरेका छन् । पाश्चात्य विचारक प्लेटो र टालस्टायले लोकमङ्गल, होमर र कलरिजले आनन्दप्राप्ति, होसियडले शिक्षा तथा उपदेश, अरस्तु र होरेसले नीतिसापेक्ष आनन्दलाई सिर्जनाको प्रयोजन मानेका छन् (शर्मा, २०५५, पृ. ५६२) । पश्चिमी चिन्तकहरूका मतमा लोककल्याण, आनन्दप्राप्ति र नैतिक शिक्षा साहित्य सिर्जनाको प्रयोजन हो । समग्रमा पूर्वीय र पाश्चात्य विचारकका दृष्टिमा साहित्य सिर्जनाका खास प्रयोजन लोककल्याण, लोकव्यवहारको ज्ञान, नैतिक शिक्षा, मनोरञ्जन र आनन्दप्राप्ति नै रहेको प्रस्ट हुन्छ ।

लोकवार्ताको सिर्जना किन हुन्छ र यसको समाजमा के भूमिका रहन्छ भन्ने विषयले लोकवार्ताको प्रयोजनलाई स्पष्ट पार्दछ । विलियम बास्कमले लोकवार्ताको प्रयोजन लोकसंस्कृति झल्काउने, लोकपरम्परालाई बलियो बनाउने, शिक्षा प्रदान गर्ने र समाजलाई नियन्त्रण गर्ने रहेको बताएका छन् (बन्धु, २०५८, पृ. १७) । लोकवार्ताको प्रयोजन लोकसंस्कृतिको संवहन गर्ने, परम्परित संस्कारको नैरन्तर्य,

अर्तीउपदेशमार्फत लोकशिक्षा दिई अनुशासनको विकास गर्नु रहेको छ । चूडामणि बन्धु (२०५८) का अनुसार लोकवार्ताको सामाजिक, सांस्कृतिक, राजनीतिक, मनोवैज्ञानिक र शैक्षिक उद्देश्य हुन्छ (पृ. १७) । लोकको भौतिक र अभौतिक सांस्कृतिक सम्पदाको परिचय दिने, सामाजिक जागरणका रचनाबाट चेतना वृद्धि गर्ने, काल्पनिक संसारको निर्माण गरी मनोरञ्जन प्रदान गर्ने र अर्तीउपदेशमार्फत नैतिक शिक्षा प्रदान गर्नु लोकवार्ताको प्रयोजन रहेको छ । कुलप्रसाद ढुङ्गाना (२०६८) का अनुसार लोकसाहित्यको ऐतिहासिक, सामाजिक, भाषिक, सांस्कृतिक, शैक्षिक र साहित्यिक प्रयोजन हुन्छ (पृ. १२) । लोकसाहित्यमा ऐतिहासिक तथ्य, सामाजिक यथार्थ, भाषिक सिप, सांस्कृतिक सम्पदा र जीवनलाई मार्गनिर्देश गर्ने नैतिक शिक्षा हुने हुँदा यसलाई लोकको अमूल्य सम्पत्ति मानिएको छ । लोकसाहित्यको उद्देश्य लोकसंस्कृतिलाई दिगो बनाउने र लोकजीवनलाई सही दिशानिर्देश गर्ने रहेको छ । लोकसाहित्यको खास प्रयोजन मनोरञ्जन, शिक्षा, उपदेश, लोकमङ्गल र लोकमनको यथार्थ प्रकटीकरण गर्नु हो (लुइटेल, २०६८, पृ. १३) । मनलाई आनन्द प्रदान गर्ने, अर्तीउपदेशमार्फत शिक्षा दिने, लोककल्याणको भावना विकास गर्ने र जीवनका दुःख र सुख तथा अनुभवको यथार्थ चित्रण गर्नु नै लोकसाहित्यको उद्देश्य रहेको छ । षडानन्द पौड्याल (२०७८) का अनुसार लोकविश्वासको सकारात्मक, नकारात्मक, निदानात्मक, धार्मिक, सामाजिक र सांस्कृतिक अर्थ हुन्छ (पृ. ३३-४२) । लोकविश्वासमा समाजका धार्मिक, सामाजिक र सांस्कृतिकजस्ता विविध पक्षसँग सम्बन्धित मूल्यमान्यता र लोकव्यवहारको प्रतिबिम्ब हुने हुँदा यसले लोकसंस्कृतिको संवहन गर्दछ ।

लोककथा लोकवार्ताअन्तर्गत पर्ने मौखिक साहित्यको महत्त्वपूर्ण विधा र समाजको सामूहिक रचना हो । हरेक लोककथाले केही न केही शिक्षा र मनोरञ्जन दिन्छन् । लोककथामा लोकमनको यथार्थ, लोककल्याण, लोकव्यवहारको ज्ञान, लोकोपदेश, आनन्दप्राप्ति, नैतिक शिक्षाको सम्प्रेषण र मनोरञ्जनका लागि लोकविश्वासको प्रयोग गरिएको हुन्छ । लोकविश्वास लोकमानसका आद्य भावनाका प्रतिरूप हुन्, यी मानिसका मानसिक अवस्थाअनुसार व्यक्त हुन्छन् । तिनै लोकभावना लोकव्यवहारमा प्रचलित हुँदै जाँदा लोकसंस्कृतिको निर्माण हुन्छ । संस्कृति लामो परम्पराबाट निर्माण हुने हुँदा त्यसमा लोकव्यवहारले अपनाउँदै आएका विविध संस्कार, सामाजिक व्यवहार, मूल्यमान्यता, मानवीय आचरण, नीति र चेतना रहेका हुन्छन् । लोककथामा लोकविश्वासको अभिव्यक्ति धार्मिक र सांस्कारिक तथा नैतिक ज्ञान दिन, समाजका मूल्यमान्यता र व्यवहार सिकाउन तथा मनोरञ्जन प्रदान गरी आनन्द प्राप्तिका लागि गरिएको हुन्छ । गण्डकी प्रदेशका नेपाली लोककथामा लोकविश्वास व्यक्त गरिनुको खास प्रयोजन लोकमनको यथार्थ अभिव्यक्ति, लोककल्याण, लोकव्यवहारको ज्ञान, आनन्दप्राप्ति, नैतिक शिक्षा र मनोरञ्जन प्रदान गर्नु रहेका छन् । यस परिच्छेदमा लोकविश्वासको अवधारणात्मक स्वरूपभित्र रही क्षेत्रकार्यबाट सङ्कलित र यस शोधका लागि निर्धारित नेपाली लोककथामा व्यक्त लोकमानस र लोकसंस्कृतिसम्बद्ध लोकविश्वासका प्रयोजनको विश्लेषण गरी अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

### ४.२.१ लोकमानससम्बन्धी अवधारणा

लोकमानस शब्द 'लोक' र 'मानस' दुई शब्दको मेलबाट बनेको छ । यहाँ 'लोक' को अर्थ 'मानिस' र 'संसार' तथा 'मानस' को अर्थ 'मन' हुन्छ । त्यसैले लोकमानसले समग्र मानिसको मनको अवस्थालाई बुझाउँछ । लोकसाहित्य लोकको वास्तविक अनुभव सङ्ग्रह हो; यसमा लोकजीवनका भोगाइ वा अनुभवहरू प्रकट हुन्छन् । चूडामणि बन्धु (२०५८) का अनुसार जर्मन विद्वान् विलहेल्म म्याक्स बुन्टले लोकमनको चर्चा तथा फ्रायड र युङ्गले व्यक्तिमनका विषेशताहरूको व्याख्या गरेपछि साहित्यमा

लोकमानसको समीक्षाका लागि मनोविज्ञानसम्बद्ध सिद्धान्तहरूको प्रयोग भएको हो (पृ. ४७) । तिनै व्यक्तिमनका विशेषताका आधारमा लोकसाहित्यमा मनोविज्ञानको समीक्षा गरिएको हुन्छ । खगेन्द्रप्रसाद लुइटेल (२०६८) का अनुसार मनोविज्ञानले मानव मन तथा प्रवृत्तिको अध्ययन गर्ने सिद्धान्त र पद्धति लोकसाहित्यलाई प्रदान गर्दछ (पृ. २९) । लोकजीवन र लोकसाहित्यमा लोकमानसको अध्ययन मनोविश्लेषणका क्षेत्रमा प्रतिपादित सिद्धान्तहरूका आधारमा भएको छ ।

विद्वान्हरूले मानिसमा चेतन, अवचेतन, अचेतन, व्यक्तिगत अचेतन र सामूहिक अचेतन जस्ता मनोदशा हुने राय व्यक्त गरेका छन् । फ्रायडले अवचेतन मनको अनुसन्धान गर्नुपूर्व मनोविज्ञानले मानिस केबल चेतन मनले चल्ने मान्दथ्यो (सत्येन्द्र, सन् १९७१, पृ. ३३) । फ्रेजरले सन् १९२० मा 'लोक' शब्दको प्रयोग गरी लोकमानसमा कार्यकारणको यथार्थ र आफ्ना अनुभवको व्याख्यामा पराप्राकृतिक शक्तिको आश्रय लिने गरेको बताएका छन् (सत्येन्द्र, सन् १९७१, पृ. ३३-३७) । यिनै लक्षणका कारण आदिम मानवले सत्य र स्वप्नलाई उस्तै मान्ने, मृतकलाई सुतेको सम्झने, भूत, प्रेत, जड पदार्थमा आत्मतत्त्व हुने, पुत्ला डढाएर मनुष्यको मृत्यु हुने, जादु, टुनामुना र अनुष्ठानमार्फत सिद्धि प्राप्त हुने कुरामा विश्वास गरेको पाइन्छ (सत्येन्द्र, सन् १९७१, पृ. ४२) । यसरी आदिम मानवले सत्य र यथार्थमा फरक छुट्याउन नसक्ने मान्यता रहेको छ । लोकमानसको अध्ययन गर्नेले मन स्वैरकल्पनामूलक, सर्वात्मावादी, टुनावादी र आनुष्ठानिक चिन्तनबाट प्रभावित भएको मान्दछन् (बन्धु, २०५८, पृ. ४५) । तसर्थ लोकसाहित्यमा लोकमनका स्वैरकाल्पनिक, सर्वात्मावादी, टुनावादी र अनुष्ठानिक चिन्तन रहने लोकधारणा छ ।

फ्रायडले व्यक्तिको मनलाई विभिन्न भागमा बाँडेर अध्ययन गरेका छन् । उनले प्रत्येक व्यक्तिमा विरोधी प्रवृत्तिहरू हुने र तिनका कारण मनमा सधैँ सङ्घर्षको स्थिति सिर्जना हुने भन्दै मनको गत्यात्मक पक्षअन्तर्गत इदम्, अहम् र पराहम् तथा यिनीहरूको कार्यस्थलका रूपमा मनको आकारात्मक पक्षअन्तर्गत चेतन, अवचेतन र अचेतन गरी विभाजन गरेका छन् (घर्ती, २०६७, पृ. १६-१९) । फ्रायडले मनमा हुने सङ्घर्ष र कार्यका आधारमा मनको विभाजन गरेका छन् । मनको चेतन अवस्था वर्तमानसँग सम्बन्धित, सामाजिक संस्कारबाट प्रेरित र निर्देशित हुन्छ । यसको सम्बन्ध पराहम्सँग हुने हुँदा यसले यौन आवेग, आक्रमकता तथा मातृरतिजस्ता समाजद्वारा अस्वीकार्य चाहनाहरूलाई रोक्न अचेतनमा फर्काउँछ (बराल, २०६८, पृ. १७-२३) । मनको चेतन अवस्थामा मानिसले सामाजिक मूल्यमान्यताको ख्याल गर्ने धारणा रहेको छ ।

फ्रायडले अवचेतन मनको अवस्था कुण्ठा र दमित वासनाबाट निर्माण हुने धारणा राख्दछन् । फ्रायडले अवचेतन मनलाई उपार्जित र उत्तराधिकारेय मानसका रूपमा वर्गीकरण गरी उपार्जित अवचेतनलाई बदला लिन कटिबद्ध घायल सर्पसँग तुलना गरेका छन् भने उत्तराधिकारेय अवचेतन ऐतिहासिक, सांस्कारिक र परम्परित हुने बताएका छन् (सत्येन्द्र, सन् १९७१, पृ. ४८) । मनको अवचेतन अवस्था दमित वासना तथा परम्परित संस्कारबाट निर्माण हुने मान्यता रहेको छ । अवचेतन मनले सामञ्जस्य स्थापना गरी मानिसलाई समाजअनुकूल बनाउने हुँदा यसलाई मान्छेभित्रको मान्छे भनिएको छ (शर्मा र लुइटेल, २०६१, पृ. १७४) । अवचेतनको सम्बन्ध अहम्सँग हुने हुँदा यसले चेतन र अचेतनलाई जोड्ने काम गर्दछ ।

व्यक्ति मनको ठुलो भाग अचेतन रूपमा हुने मान्यता छ । फ्रायडका अनुसार व्यक्ति मनको ठुलो अंश अचेतन स्तरमा नै रहन्छ र यो निकै गहिराइमा हुन्छ (बन्धु, २०५८, पृ. ६८) । दुर्गाबहादुर घर्ती (२०६७) का अनुसार अचेतनलाई समाजको यथार्थ, नियम वा अधिकारसँग सरोकार हुँदैन । यो अनन्त, अव्यवस्थित, शैशविक र आदिम प्रकारको हुन्छ (पृ. १९-२०) । मानिसको अचेतन मनोदशा समाजका नीतिनियम र मर्यादाको ख्याल नगर्ने प्रकृतिको हुन्छ । फ्रायडले अचेतनलाई इदम्सँग सम्बन्धित रहने भन्दै मानस शक्तिको मूल स्रोत मानेका छन् । यो सुखको नियमबाट सञ्चालित हुने हुँदा इच्छाहरू उत्पादन गर्ने, दुःख, तनाव झेल्न नसक्ने अतार्किक, अबौद्धिक तथा सामाजिक मर्यादा र आचारसंहिताको बेवास्ता गर्ने किसिमको हुन्छ (घर्ती, २०६७, पृ. १६) । मनको अचेतन अवस्था इच्छाहरूको उत्पादन गर्ने मानस शक्तिको मूल स्रोत रहेको धारणा छ ।

युङ्गले अचेतनलाई पनि व्यक्तिगत र सामूहिक अचेतन भनी व्याख्या गरेका छन् । उनले अचेतन मनका बारेमा व्यापक खोज गरी यसलाई फ्रायडले भने जस्तो दमित वासनाको भण्डार मात्र नभएर अहम्को विचार गर्ने सत्य र मार्मिक अंश मानेका छन् (घर्ती, २०६७, पृ. ३७) । अचेतनका सम्बन्धमा फ्रायड र युङ्गको मतभेद रहेको छ । युङ्गले अचेतनलाई वैयक्तिक र सामूहिक अचेतन भनी वर्गीकरण गरेमा छन् । उनले सामूहिक अचेतनमा युगौँयुगदेखिका अनुभवहरू वंशानुगत रूपमा आउने र ती आद्यबिम्बहरू भएको बताएका छन् (सन् १९६९, पृ. ४२-४३) । युङ्गले सामूहिक अचेतनलाई मन नभनेर चित्त (साइकी) भनेका छन् जुन चित्त आद्यबिम्बहरूको भण्डार हो (बन्धु, २०५८, पृ. ७१) । लोककथामा तिनै आद्यबिम्बहरू नै लोकविश्वासका रूपमा आएका हुन्छन् । आजको सभ्य भनिएको समाज र सभ्यता विरहित आदिम जातिमा समेत लोकतत्त्व रहेको पाइन्छ (सत्येन्द्र, सन् १९७१, पृ. ५०) । तसर्थ लोकमानसको क्षेत्र ज्यादै व्यापक र विस्तृत छ । लोकसाहित्यका क्षेत्रमा लोकमानसको अध्ययन लोककविता, लोककथा, लोकगाथा र भौतिक लोकसंस्कृति आदि विविध विधामा गर्न सकिन्छ । मानवीय मनका चेतन, अवचेतन र अचेतन अवस्थाका कारण विविध लोकविश्वास प्रकट हुने भएकाले यहाँ ती मनोदशाहरूको चर्चा गरिएको छ ।

### ४.२.१.१ चेतन मन

चेतनको अर्थ सजीव हुनु हो । चेतनलाई जीवधारी, सचेत, संवेदनशील र जीवन वा प्राण मानिएको छ (आप्टे, सन् १९६६, पृ. ३८६) । मानिसको चेतन मनमा वर्तमानका संवेदना र अनुभूतिहरू विद्यमान हुन्छन् । मानव मनको सजग र सचेत अवस्था चेतन मन हो तर हरेक चेतन मनको प्रारम्भिक काल भने अचेतन मन नै हुने गर्छ (फ्रायड, सन् १९५५, पृ. ६०७) । तसर्थ चेतन मनको विकास अचेतनकै कारण हुने मान्यता छ । चेतन मनले कुनै कुराको सुरुवात गर्दैन बरु यसले आलोचना, छनोट र नियन्त्रण गर्ने काम गर्दछ (जोन्स, सन् १९६५, पृ. ९१) । यसरी विवेकपूर्ण तरिकाले कार्य गर्ने मनको अवस्था नै चेतन मन हो । चेतन मन बाल्यकालदेखि नै प्रेरणा, प्रेम, न्यानोपन र शिक्षादीक्षाका आधारमा विकसित हुन्छ (रेग्मी, २०४०, पृ. २) । चेतन मनको विकासमा समाजको भूमिका महत्त्वपूर्ण मानिएको छ । जोन्स (सन् १९६५) का अनुसार चेतन मनले विभिन्न सूचनाको स्वीकारोक्ति र रूपान्तरण गर्ने भएकाले यसलाई

पराहम् भनिएको छ (पृ. ९१) । चेतन मनले सूचना ग्रहण गरी त्यसलाई आवश्यकताअनुसार रूपान्तरण गर्ने धारणा छ । युङ्गले चेतन मन विवेक, विचार, तर्क, संवेदना, स्मृति, मनोवृत्ति र भावनाको प्रत्यक्ष ज्ञानबाट निर्मित हुने बताएका छन् (शर्मा र लुइटेल, २०६१, पृ. १७४) । मनको चेतन अवस्था बुद्धि, विवेक र तर्कपूर्ण हुने भएकाले यसले पराहम्सँग सम्बन्ध राख्छ । नैतिक चेतनाको विकास र आत्मनिरीक्षणको भाव पराहम्मा हुन्छ (बराल, २०६८, पृ. २३) । पराहम्ले व्यक्तिलाई सामाजिक आचारसंहिताबाट बाहिर जान दिँदैन । चेतन मनोअवस्था मानवीय सभ्यता, संस्कृति र आचारविचारसँग सम्बद्ध रहेको हुन्छ (शर्मा र लुइटेल, २०६१, पृ. १७३) । चेतन मन सामाजिक संस्कार, नीति र आचरणबाट प्रभावित तथा निर्देशित हुन्छ । तसर्थ चेतन मनका विशेषताहरू विवेकशील, ज्ञानबर्द्धक, धैर्यशील, परिपक्व, समाज केन्द्रित, पश्चात्तापको भावना आदि रहेका छन् ।

### ४.२.१.२ अवचेतन मन

अवचेतन मानवीय मनको त्यस्तो अवस्था हो जुन अवस्थामा मानिस पूर्ण होसमा रहेको हुँदैन । अवचेतन बाह्य चेतनासँग सम्बन्धित नरहेको मानवीय मनको अवस्था हो । फ्रायडले अवचेतनको निर्माण कुण्ठालाई मान्दै यसले मानिसको समस्त व्यक्तित्वलाई प्रेरित र निर्माण गर्ने बताएका छन् (सत्येन्द्र, सन् १९७१, पृ. ३१) । अवचेतन मनले मानिसको समग्र व्यक्तित्वलाई प्रभाव पार्ने धारणा रहेको छ । उपार्जित अवचेतन कुण्ठा र दमित वासनाबाट निर्माण हुने र उत्तराधिकारेय अवचेतन प्रकृति, विविध संस्कार र ऐतिहासिक परम्पराबाट निर्माण हुने हुँदा उत्तराधिकारेय अवचेतन नै लोकमानस हो (सत्येन्द्र, सन् १९७१, पृ. ४३-४८) । उत्तराधिकारेय अवचेतन मनले निरन्तर रूपमा लोकविश्वासको संवहन गर्ने धारणा पाइएको छ ।

अवचेतन मनका सम्बन्धमा युङ्गको धारणा फरक छ । उनले उत्तराधिकारेय अवचेतनलाई सªग्रहीत अवचेतन भनेका छन् (सत्येन्द्र, सन् १९७१, पृ. ४३-४८ । अवचेतन मन चेतन र अचेतन मनोदशा बिचको मानसिक अवस्था भएको हुँदा यसमा आंशिक रूपमा चेतन र अचेतन दुवै मनको अवस्था पाउन सकिन्छ (शर्मा र लुइटेल, २०६१, पृ. १७४) । अवचेतन मनले चेतन र अचेतन दुवैसँग सम्बन्ध स्थापित गर्न सक्ने मान्यता रहेको छ । अवचेतन मनको व्यावहारिक रूपमा चेतन र कार्यगत रूपमा अचेतनसँग सम्बन्ध रहन्छ (बराल, २०६८, पृ. १८) । अवचेतन मनलाई चेतन र अचेतन बिचको मनोदशा मानिएको छ । अवचेतनको सम्बन्ध अहम्सँग हुन्छ । यसले अनुकूल परिस्थितिमा इदम्का इच्छाहरूको तुष्टि गर्ने र प्रतिकूल परिस्थितिमा त्यसका इच्छाहरूलाई रोक्दछ । अवचेतन मनले व्यक्तिका मूल प्रवृत्तिहरू, समाज र भौतिक यथार्थसँग सम्बन्ध स्थापित गरेर व्यक्तिलाई सन्तुष्टि दिलाउने प्रयत्न गर्दछ (घर्ती, २०६७, पृ. १७) । अवचेतनले अनुकूल हुँदा इच्छा पूर्ति र प्रतिकूल अवस्थामा चाहनाहरूलाई रोक्ने काम गर्दछ । अहम्ले मानिसलाई क्रोध, हीनता, निराशा र अनैतिक चाहनाबाट जोगाउन प्रतिरक्षा संयन्त्रको भूमिका खेल्ने फ्रायडको मान्यता छ (बराल, २०६८, पृ. २१) । अवचेतन मनोदशाले मानिसलाई रिस, क्रोध, हीनताबोध, निराशा र अनैतिक चाहनाबाट जोगाउन प्रयत्न गर्ने मान्यता रहेको छ ।

### ४.२.१.३ अचेतन मन

अचेतन मन मानवीय मनको त्यस्तो अवस्था हो जुन होसमा रहेको हुँदैन । अचेतनको अर्थ अबोध वा बोधरहित, अज्ञानी हुन्छ (आप्टे, सन् १९६६, पृ. १२) । सचेत अवस्थामा थाहा नपाइने तर मानवीय

क्रियाकलापलाई निर्दिष्ट गर्ने मन नै अचेतन मन हो । फ्रायड (सन् १९५५) का अनुसार अचेतन मन मानवीय मनको ठुलो परिधि हो भने त्यसभित्र चेतन मनका ससाना परिधिहरू हुन्छन् (पृ. ६०७) । अचेतन मन व्यापक रहने र यो चेतनको प्रारम्भिक अवस्था रहेको धारणा छ । युङ्ग (सन् १९६९) ले अचेतनाका भावनाहरू सुषुप्त, अनैच्छिक, स्वायत्त र चेतनाको तर्कसङ्गत क्रमलाई विचलित गर्ने किसिमका हुने धारणा राख्दछन् (पृ. २७८-२७९) । यसबाट अचेतनको सम्बन्ध चेतनसँग रहने स्पष्ट हुन्छ । अचेतन मनमा इच्छा, विचार र प्रश्नको जादु हुने भएकाले यसमा इन्द्रियजन्य सर्वशक्तिमान विचारहरू हुन्छन् र ती विचारहरू अति सक्रिय रूपमा व्यक्त हुन खोजिरहन्छन् (जोन्स, सन् १९६५, पृ. ९१-९४) । अचेतन इन्द्रियजन्य विचारका आधारमा सक्रिय हुने धारणा रहेको छ ।

मानिसको अचेतन मनोदशा भावना र कल्पनामा आधारित रहने धारणा छ । फ्रायडले अचेतन मनोदशालाई इदम् भनेका छन् जसका कारण मानिसले कल्पना दिवास्वप्न, मनस्तरङ्ग र स्वैरकल्पना आदिबाट सन्तुष्टि लिने कोसिस गर्छ (बराल, २०६८, पृ. १२-२३) । इदम् मनका विशेषताहरू अतिकल्पना, स्वार्थीपन, भय, मनोद्वन्द्व, अस्वाभाविक र असाधारण कार्य गर्ने र सपना देख्ने आदि हुन् । युङ्ग (सन् १९६९) ले अचेतनले आद्यबिम्बको भाषा बनाउने भन्दै यसलाई शाश्वत् भनेका छन् (पृ. ३) । अचेतनले निर्माण गर्ने तिनै आद्यबिम्बहरूसँग लोकविश्वास सम्बन्धित हुने धारणा छ । युङ्ग (सन् १९३३) का अनुसार अचेतन प्रकृतिको नैतिक रूप र सौन्दर्य जान्ने भावना हो; यसमा एकाग्रता, सीमितता र बहिष्कारजस्ता विशेषता हुन्छन् (पृ. १३-१९) । फ्रायडका अनुसार इदम् मूल प्रवृत्तिहरूको भण्डार, मानस शक्तिको मूल स्रोत र सम्पूर्ण इच्छाहरूको जननी हो । यो सन्तुष्टि चाहने, कष्ट र तनाव सहन नसक्ने, संवेगमय, अबौद्धिक, अतार्किक, असामाजिक, स्वार्थी र सुखको नियमबाट प्रेरित हुन्छ (घर्ती, २०६७, पृ. १६) । अचेतन मनोदशाका विशेषताहरू अस्वाभाविक चिन्तन, अतिकल्पना, भय, स्वार्थ, अन्तः प्रेरणा, मनोद्वन्द्व र सपना आदि भएकाले यो लोकविश्वासकको भण्डार मानिएको छ । व्यक्तिले अचेतन मनका कारण नै ईश्वर, धर्म र धार्मिक अनुष्ठान, भूतप्रेत, जादु, तन्त्रमन्त्र, राक्षस, बोक्सी र जीवात्मा आदिमा विश्वास गर्दछन् ।

### ४.२.२ लोकसंस्कृतिको प्रयोजनसम्बन्धी अवधारणा

'लोक' र 'संस्कृति' शब्दको मेलबाट 'लोकसंस्कृति' शब्दको निर्माण भएको छ । यहाँ 'लोक' ले समान सांस्कृतिक भावना, सामाजिक अवस्था र कुनै निश्चित भूगोलमा बस्ने मानिसलाई जनाउँछ । 'संस्कृति' लामो परम्पराबाट निर्माण भएका कला, साहित्य, इतिहास, धर्म, दर्शन, सद्व्यवहार र आचारविचारमा विश्वास आदिको समष्टि रूप हो । त्यसैले लोकसंस्कृति मानवीय सभ्यताको सुरुवातदेखि मान्दै आएका मूल्यमान्यता, रीतिरिवाज, रहनसहन, प्रथा, परम्परा र विश्वासहरू हुन् । पूर्वीय र पाश्चात्य लोकसंस्कृतिको अध्ययनमा 'लोकवार्ता', 'लोकयान' र 'फोकलोर' शब्दहरूको प्रयोग भएको छ । पश्चिममा 'फोकलोर' शब्द नै ज्यादा प्रचलित छ । पूर्वमा भने भारतीय विद्वान् कृष्णदेव उपाध्याय, नेपालका सत्यमोहन जोशी, धर्मराज थापा र कालीभक्त पन्तलगायतका विद्वान्हरूले 'लोकसंस्कृति' शब्दको प्रयोग गरेका छन् ।

लोकसंस्कृति मानिसको जनजीवनसँग गाँसिएको हुँदा यसको क्षेत्र व्यापक छ । मानिसका सोचाइ, विचार, आनीबानी, व्यवहार र जीवन सञ्चालनका लागि प्रयोग गर्ने वस्तुहरू सबै लोकसंस्कृतिका क्षेत्र हुन्

। समाजमा लामो परम्पराबाट निर्मित भौतिक र अभौतिक लोकसंस्कृति रहेका छन् । भौतिक लोकसंस्कृतिभित्र उपकरण, भाँडाकुँडा, भवन, सडक, साँघु, कलात्मक वस्तु, पहिरन, मठ, मन्दिर, गुम्बा, घर, दरबार, पाटीपौवा, चौतारो, धारो, बाटो, भेषभूषा र गरगहना पर्छन् भने अभौतिक लोकसंस्कृतिभित्र लोकका मूल्यमान्यता, कला, साहित्य, दर्शन र नैतिक शिक्षा रहन्छन् (पौडेल, २०७४, पृ. ३२-३३) । तसर्थ लोकसंस्कृतिको अध्ययन प्रत्यक्ष देखिने भौतिक संस्कृति र महसुस गरिने अभौतिक संस्कृतिका रूपमा गर्न सकिन्छ । मौखिक परम्परा र अभिव्यक्ति, अभिनय कला, सामाजिक व्यवहार, अनुष्ठान तथा उत्सवहरू, ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरू र परम्परागत कलाकौशल अमूर्त सांस्कृतिक सम्पदा हुन् ( युनेस्को, २००३, पृ. ९) । यिनै अभौतिक सांस्कृतिक सम्पदाभित्र लोककथा र तिनमा रहेका लोकविश्वास पर्छन् ।

श्रुतिपरम्परामा जीवित लोककथामा परम्परित लौकिक अभ्यास र संस्कार बाँचेका छन् । तिनै लौकिक अभ्यासबाट नै लोकसंस्कृतिको निर्माण हुन्छ । संस्कृति नै समुदाय र व्यक्तिको पहिचानको आधार भएको प्रस्ट पार्दै चूडामणि बन्धुले भनेका छन्- “वर्तमानले आफ्नो पहिचान यिनै माध्यमबाट दिन्छ । यिनै माध्यमबाट ऊ चिनिन्छ र अरूलाई चिनाउँदा यिनै आफ्ना गीत, कथा, कला र शिल्पका सामग्री अघि सार्छ” (बन्धु, २०५८, पृ. १७) । सांस्कृतिक सम्पदाबाट हामीले आफूलाई अरूभन्दा बेग्लै र भिन्नै रहेको पुष्टि गर्दछौँ ।

संस्कृति परिवर्तनशील हुने भएकोले यो समयसापेक्ष परिवर्तित भई नै रहन्छ । संस्कृतिको परिवर्तनशीलतालाई स्पष्ट पार्दै बुलु मुकारुङले भनेका छन्- “संस्कृति गतिशील हुने गर्दछ, प्रगतिशील पनि हुने गर्दछ । जसले गर्दा संस्कृतिको प्राच्य रूपमा फेरबदल आइरहन्छ” (मुकारुङ, २०७३, पृ. २७) । संस्कृतिको परिवर्तनका क्रममा कतिपय चालचलनको स्वरूप परिवर्तन हुने र कतिपय संस्कृति लोप हुन्छन् । कालीभक्त पन्त (२०२८) का अनुसार संस्कृतिमा मानिसका शारीरिक, मानसिक र सामाजिक आदि आवश्यकताहरूको असर पर्ने हुँदा मिल्दोजुल्दो संस्कृतिको प्रभाव अर्को संस्कृतिमा पर्छ (पृ. ६) । यसरी सांस्कृतिक क्रियाकलाप मिल्दा मानिस भावनात्मक रूपमा मिल्दछन् । तसर्थ परम्परागत संस्कृतिबाट नै राष्ट्रिय संस्कृतिको निर्माण हुन्छ । राष्ट्रिय संस्कृतिको निर्माण पुरानो समयदेखि सम्बद्ध एउटै सीमाभित्र रहेका एकै खालका भाषा, लिपि, नाचगान, चालचलन, लवाइखवाइ र रीतिरिवाज आदिका कारण भएको हुन्छ (पन्त, २०२८, पृ. १) । यही परम्परागत संस्कृति नै लोकसंस्कृति हो, यसभित्र लोकविश्वास विद्यमान हुन्छन् । सांस्कृतिक लोकविश्वासअन्तर्गत परम्परागत लौकिक चालचलन, जात्रामात्रा, पर्व, उत्सव र आचारविचार पर्दछन् (सुवेदी, २०५५, पृ. २६-२८) । लोककथामा प्रयुक्त सांस्कृतिक लोकविश्वासको अध्ययनले समाजमा प्रचलित धर्म, संस्कार, रीतिरिवाज, सामाजिक चेतना, लोकव्यवहारका विषयमा बुझ्न सकिन्छ । यस प्रकारको अध्ययनले परम्परागत समाजमा उपयोगी र हितकारी सामाजिक व्यवहारको संरक्षण गर्दै कतिपय संस्कृतिको पुनर्जीवन दिन र लोपोन्मुख संस्कृतिको संरक्षणमा सहयोग पुग्छ । लोकसंस्कृतिभित्र धर्म, सामाजिक व्यवहार, शिक्षा र संस्कार आदि रहने हुँदा तिनको चर्चा तल गरिएको छ

।

### ४.२.२.१ धार्मिक प्रयोजन

धर्मलाई लोककल्याणका लागि अँगालिने कर्म वा कर्तव्य मानिएको छ । व्यक्तिले आफ्नो कर्तव्यको पालना गर्नु र शास्त्रले निर्धारण गरेका समाजोचित आचरणमा बस्नु धर्म हो । धर्मले व्यक्ति र वस्तुमा रहने मूल प्रकृति र पुण्य प्राप्त गर्न गरिने धार्मिक कार्यलाई बुझाउँछ । धर्मले अतिमानवीय, अलौकिक र अदृश्य शक्तिमा विश्वास गर्छ र मानिसले श्रद्धा, भक्ति वा प्रेमपूर्वक त्यही परालौकिक शक्तिमाथि विश्वास गर्छन् ।

विद्वान्हरू धर्मको विकास प्राचीन समयदेखि नै भएको बताउँछन् । मानिसले जादु र टुनाबाट प्रकृतिको नियन्त्रण गर्न नसकेपछि त्यही प्राकृतिक शक्तिलाई दैवीशक्तिको उपमा दिएर श्रद्धापूर्वक आराधना गरेकाले धर्मको स्थापना भएको हो (फ्रेजर, सन् १८९०, पृ. ११-५०) । धर्म अलौकिक शक्तिको कल्पना हो । मानिसले प्रकृतिको नियन्त्रण गर्न नसकेपछि सूर्य, चन्द्र, अग्नि र वायु आदिको उपासना गरी तिनैलाई देवीदेवता स्विकारेको पाइन्छ । पवित्र सामाजिक जीवनमा विश्वास, आचरण, संस्कार र उत्सवहरूबाट समाजको सामूहिक सत्ता उत्पन्न भई धर्मको आधार तयार भएको हुँदा धर्मले समाजको सामाजिक तथ्य र घटना तथा सामूहिक चेतना बोकेको हुन्छ (दुर्खिम, सन् १९९५, पृ. ४०-४१) । फ्रेजर र दुर्खिम दुवैका मान्यताभित्र मानिसले अहिलेसम्म अपनाइरहेका धर्म र अनुष्ठानहरू पर्दछन् । तसर्थ लोकसमाजमा प्रचलित धर्म, धार्मिक भावना र अनुष्ठान आदिम मानसका सूचकहरू हुन् ।

समाजमा धर्मको सम्बन्ध अदृश्य र अलौकिक शक्तिसँग हुने धारणा छ । धर्मको परिचय दिँदै जनकलाल शर्माले भनेका छन्- “यस प्राकृतिक संसारमा मानवलाई आफ्ना इन्द्रियद्वारा रूप, रस, गन्ध, स्पर्श, सङ्ख्या, परिणाम आदिको जुन बोध हुन्छ त्यसभन्दा भिन्न कुनै अलौकिक शक्ति छ भन्ने मानेर त्यससित सम्बन्ध स्थापित गर्ने जुन विचार आउँछ सम्भवतः त्यसैलाई धर्म भनेको पाइन्छ” (शर्मा, २०७५, पृ. १३४) । मानिसले कल्पना गरेको असाधारण शक्ति नै धर्म हो । धर्म भय, श्रद्धा र पवित्रता धारणका लागि अतिमानवीय, अलौकिक र समाज बाह्य शक्तिप्रतिको विश्वास हो (मुकर्जी, सन् १९६१, पृ. ९४) । धर्मलाई अलौकिक शक्तिप्रतिको विश्वास मानिएको छ । मूलतः धर्मलाई कुनै पनि वस्तुको भित्री पहिचान, गुण वा विशेषता, कर्तव्यको पालना र अज्ञात शक्ति, अलौकिक शक्ति वा ईश्वरप्रतिको भक्तिभाव मानिन्छ ( राई, २०७४, पृ. ४८) । परापूर्वकालदेखि नै मानिसले धर्मका नाममा अलौकिक शक्तिमा विश्वास गरी देवीदेवताको उपासना वा पूजा गर्दै आएका छन् ।

परापूर्वकालदेखि नै मानिसले ईश्वर, देवीदेवता, भूतप्रेत, जादु, भविष्यवाणी र निराकार शक्तिमाथि भक्तिभावनाका साथ विश्वास गरेको छ । मानिसले गर्ने अलौकिक शक्तिमाथिको विश्वास नै धार्मिक विश्वास हो । मानवले आफूभित्रको धार्मिक भावनालाई स्नान, ध्यान, तीर्थ, व्रत, दान र यज्ञ आदि अनुष्ठानबाट प्रकट गर्दै आएको छ । ती भावनामा मानिसले कल्पना गरेका ईश्वर, ब्रह्मलोक, स्वर्ग, नरक, पापपुण्य, जादु, टुनामुना, अतृप्त आत्मा र जीवात्मासँग सम्बन्धित लोकविश्वास छन् । लोककथामा आउने धार्मिक लोकविश्वासबाट धर्म र अनुष्ठानमा आधारित मूल्यमान्यता, विधि र प्रक्रिया, अलौकिक शक्तिप्रति मानिसको कल्पना, लोकव्यवहार, संस्कार र संस्कृतिमा आएको परिवर्तन, धार्मिक स्थलका ऐतिहासिक तथ्य, देवीदेवता, विभिन्न प्रथा र तिनका स्वरूप तथा सामाजिक र सांस्कृतिक विकास क्रमका बारेमा अध्ययन गर्न सकिन्छ ।

### ४.२.२.२ शैक्षिक प्रयोजन

शिक्षा मानिसले सुनेर, सिकेर वा अन्य कुनै प्रक्रियाले समाज र प्रकृतिबाट सैद्धान्तिक र व्यावहारिक रूपमा विषयको बोध गर्नु हो । शिक्षालाई वेदका छ अङ्ग (शिक्षा, कल्प, व्याकरण, निरुक्त, ज्योतिष र छन्द) मध्ये पहिलो अङ्ग मान्दै ध्वनि अर्थात् स्वर, व्यञ्जन र वैदिक मन्त्रको सही उच्चारण गर्ने शास्त्र मानिएको छ (पाण्डेय, सन् १९७८, पृ. ६२७) । मानिसले भाषाको उत्पत्ति हुनुभन्दा पहिलेदेखि नै आफ्ना विचारहरू सङ्केतमार्फत आदानप्रदान गर्दथे । दयाराम श्रेष्ठ र मोहनराज शर्मा (२०३४) का अनुसार भाषाको विकास भएपछि लोकसाहित्य मौखिक रूपमा अघि बढेको हो (पृ. १२) । भाषाको विकाससँगै मानिसले आफ्ना अनुभव र कल्पनालाई रोमाञ्चक शैलीमा प्रस्तुत गर्दागर्दै लोककथा व्यक्त भएका हुन् । बुढापाकाले आफ्ना अनुभव अर्तीउपदेशका माध्यमबाट भन्दै जाँदा नयाँ पुस्ताले सिकाइको अवसर प्राप्त गरे । चूडामणि बन्धु (२०५८) का अनुसार लोकवार्ता परम्परादेखि चलिआएको शिक्षापद्धति हो (पृ. १८) । अनुभवी अग्रजले सन्ततिलाई अनुभव हस्तान्तरण गर्नु नै शिक्षा हो । प्राचीन समाजका व्यवहार र मूल्यमान्यता नै शिक्षाका स्रोत भएकाले शिक्षाले संस्कृति, मूल्यमान्यता र सामाजिक आदर्शको संवहन गर्दछ ।

प्राचीन समयमा आश्रम या गुरुकुललाई शिक्षाका मुख्य केन्द्र मानिन्थ्यो । हिन्दुहरूमा छ वर्षदेखि एघार वर्ष उमेर समूहका बालक गुरुको आश्रममा राखेर पच्चिस वर्षसम्म शिक्षा दिने परम्परा पाइन्छ ( शर्मा, सन् २०१३, पृ. २८७) । त्यस समयमा गुरुकुलमा बसेर गुरुको निर्देशनबमोजिम शिक्षार्जन गर्ने परम्परा थियो । प्राचीन समयका कुल गुरुहरू चिन्तन, तप, यज्ञ र ज्ञानगुनको खोजीमा सदा तत्पर रहने ऋषिमुनि तथा विद्वान् व्यक्ति हुन्थे । गुरुकुलको शिक्षा औपचारिक हुँदैनथ्यो (खतिवडा, २०७४, पृ. ३०४) । गुरुले शिष्यलाई धार्मिक ग्रन्थ, संस्कार र नैतिक आचरणका विषयमा ज्ञान दिन्थे । त्यसमा पौराणिक कथा र लोककथाहरूको विशेष भूमिका हुन्थ्यो । विश्वप्रेम अधिकारी (२०५९) का अनुसार लोककथा अपत्यारिला भए पनि यिनले शिक्षा र मनोरञ्जन प्रदान गर्दछन् (पृ. २३) । लोककथामा अपत्यारिला पात्र, घटना, परिवेश हुने भए पनि प्रारम्भिक शिक्षाका मूल स्रोत भने तिनै लोककथालाई मानिएको छ । लोककथामा रहेका मानिसका व्यवहार, विचार र विश्वास नै महत्त्वपूर्ण शैक्षिक सामग्रीहरू हुन् । तिनलाई लोकले सामूहिक सम्पत्तिका रूपमा श्रद्धापूर्वक अनुसरण गर्दछ । सामूहिक व्यवहारलाई प्रस्ट पार्दै पी.डी पाठकले भनेका छन्- “जुन देश वा समाजको समूह मन शक्तिशाली हुन्छ त्यसको उत्ति नै तीव्र विकास हुन्छ” ( पाठक, सन् १९७५, पृ. २८३) । मानिसले निर्माण गरेको शक्तिशाली सामूहिक विचार नै समाज विकासको पहिलो आधार हो । त्यही सामूहिक भावना, चिन्तन, व्यवहारका कारण लोकविश्वास प्राचीनकालदेखि आजसम्म निरन्तर प्रचलित छ । तसर्थ लोककथामा व्यक्त अर्तीउपदेश, निषेध, परिवार, नातागोता, सामाजिक व्यवहार र नीति तथा आचरण भएका लोकविश्वासहरूको उद्देश्य शिक्षा प्रदान गर्नु रहेको छ ।

### ४.२.२.३ सामाजिक प्रयोजन

निश्चित भौगोलिक क्षेत्रमा बसोबास गर्ने, एउटै सांस्कृतिक व्यवस्था, धर्म, रहनसहन, एकताको भावना र अस्तित्व भएका मानिसहरूको समूह नै समाज हो । मानिस समाजमा जन्मन्छ, हुर्कन्छ, जीवन सञ्चालनका लागि विभिन्न किसिमका पेसा र व्यवसाय गर्दछ । समाजले व्यक्तिलाई गति दिने भन्दै राम र मुकेश आहूजाले भनेका छन्- “समाजले व्यक्तिको जीवनमा दिशा तथा अर्थ प्रदान गर्छ” (आहूजा र

आहूजा, सन् २००८, पृ. ८६) । त्यसैले समाजबिना मानिसको जीवन सार्थक नहुने हुँदा मानिसलाई सामाजिक प्राणी भनिएको हो । व्यक्ति र समाजको सम्बन्धलाई स्पष्ट पार्दै रवीन्द्रनाथ मुकर्जीले भनेका छन्- "कुनै पनि व्यक्ति जन्मका आधारमा सामाजिक र समाज विरोधी हुँदैन । मनुष्यभित्रका शारीरिक, मानसिक, प्रवृत्ति र संवेग कच्चा माल हुन् । यस कच्चा माललाई समाजले आफ्नो सामाजिक र सांस्कृतिक आधारमा सामाजिकीकरण गरी सामाजिक प्राणीका रूपमा विकास गर्छ" (मुकर्जी, सन् १९९२, पृ. २१९) । स्वतन्त्र रूपमा जन्मेको बच्चालाई समाजले आफ्नो परम्परा, व्यवहार र चिन्तनले सामाजिक प्राणी बनाउँछ । तसर्थ व्यक्तिका शारीरिक, मानसिक प्रवृत्ति र संवेगलाई समाजका मूल्यमान्यताले परिपक्व बनाउँछन् ।

व्यक्तिले आफ्ना सम्पूर्ण व्यवहार सामाजिक मूल्यमान्यताभित्र रहेर सञ्चालन गर्दछ । समाजका धर्म, संस्कृति, संस्कार, मूल्यमान्यता, चालचलन र व्यवहारले व्यक्तिको सामाजिक मनोवृत्ति तयार गर्दै सामूहिक जीवन निर्माण गर्छ । उक्त सामूहिक मनोवृत्तिलाई मानिसले आफ्नो जीवनमा अमूल्य सम्पत्ति मान्दछ (मुकर्जी, सन् १९६१, पृ. ५१) । ती मूल्यमान्यता, आस्था, विधिव्यवहार र रीतिरिवाज आदि समाजका परम्परा प्रदत्त सम्पत्ति हुन्, त्यस्ता सम्पत्तिमा लोकको आस्था रहेको हुन्छ । परम्परागत रीतिरिवाज र प्रथाले सामाजिक परिवेशलाई प्रभाव पार्दा लोकविश्वासको निर्माण हुन्छ (ज्ञवाली, २०७१, पृ. ५५७) । तसर्थ लोकविश्वासको निर्माणमा सामाजिक परिवेशको भूमिका रहेको हुन्छ ।

समाजशास्त्रीहरूका अनुसार व्यक्तिले वैयक्तिक र सामूहिक जीवन बाँच्दछ । व्यक्ति वैयक्तिक जीवनमा आनन्द प्राप्त नहुँदा सामाजिक जीवनमा प्रवेश गर्छ । प्राचीन समयदेखि नै मानिस समूहमा बस्ने कुरा प्रस्ट पार्दै जनकलाल शर्माले भनेका छन्- "आफ्ना गोत्रचिह्न बन्धुबान्धवका साथ एकत्रित भएका समय सामूहिक आमोदप्रमोद र भेटघाटका साथै सामूहिक विधिविधान पनि हुनु स्वाभाविक कुरा हो" ( शर्मा, २०७५, पृ. १३८) । बन्धुबान्धव भेला भएर समाजमा बस्ने प्रचलन प्राचीनकालदेखि नै रहेको छ । गोल्डनविजरका अनुसार गोत्रको विश्वास, प्रथा र संस्कारको योग टोटमवाद हो (मुकर्जी, सन् १९६१, पृ. ४४३) । गोत्रमा परम्परागत अनुभवहरू पुस्तान्तरण हुन्छन् । युङ्ग (सन् १९६९) ले तिनै परम्पराबाट आर्जित अनुभवलाई सामूहिक अचेतन मान्दै यसमा आद्यबिम्ब हुने बताएका छन् (पृ. ४) । यी भनाइलाई आधार मान्ने हो भने लोकविश्वासको प्रारम्भ सामूहिक जीवनबाट नै भएको हो । टोटमवादभित्र तिनका विविध धर्म, संस्कृति, संस्कार, व्यवहार र मूल्यमान्यता हुन्छन् र ती विश्वास नै लोककथामा व्यक्त हुने लोकविश्वास हुन् । लोकविश्वासको अध्ययनबाट समाजको ऐतिहासिक अवस्था, सामाजिक विधिव्यवहारको ज्ञान, समाजको सामूहिक सोचाइमा आएका परिर्वतन, उक्त समाजले अपनाएका नीतिनियम, मूल्यमान्यता, धर्म र संस्कार आदिका विषयमा जान्न सकिन्छ ।

### ४.२.२.४ सांस्कारिक प्रयोजन

संस्कारले व्यक्ति वा वस्तुलाई सुधार वा परिष्कार गर्दछ । यसले व्यक्ति र वस्तुमा रहेका कमीकमजोरी र अवगुण हटाएर त्यसलाई शुद्ध तथा प्रयोग योग्य बनाउने अर्थ दिन्छ । संस्कृत भाषाको 'संस्कार' शब्दले संस्कृत गर्ने वा पालन गर्ने कुरालाई बुझाउँछ । पुण्यकर्मद्वारा शुद्ध गर्ने, शिक्षा र संस्कारबाट पवित्र गर्ने, धार्मिक कृत्य वा अनुष्ठानलाई नै संस्कार भनिन्छ (आप्टे, सन् १९६६, पृ. १०५१) । संस्कार पुण्यकर्म, शिक्षा र धार्मिक कृत्यहरूको समष्टि मानिएको छ; यिनले मानिसलाई उच्च नैतिकवान् र कर्तव्यपरायण बनाउँछन् । संस्कारले मानव जीवनको शुद्धि र परिष्कार गरी व्यक्तित्व विकासमा मदत

पुऱ्याउँछ । न्याय दर्शनका अनुसार संस्कारका मुख्य तीन गुण वेगाख्य (वेग वा कर्मबाट उत्पन्न हुने), स्थितिस्थापक (अतिन्द्रीय वा स्पन्दनबाट उत्पन्न हुने), भावना (प्रत्यभिज्ञाबाट उत्पन्न हुने) रहेका छन् (पाण्डेय, सन् १९७८, पृ. ६४५) । संस्कारले कर्म, गुण र भावनालाई समेट्छ । शरीर वा वस्तु शुद्ध गर्न गरिने कर्मलाई पनि संस्कार भनिन्छ । हिन्दु धर्ममा गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जातकर्म, नामकरण, निष्क्रमण, अन्नप्राशन, चूडाकरण, कर्णवेध, विद्यारम्भ, उपनयन, वेदारम्भ, केशान्त, समावर्तन, विवाह र अन्त्येष्टि गरी सोह्र संस्कार गर्ने चलन छ (पाण्डेय, सन् १९७८, पृ. ६४५) । हिन्दु धर्ममा सोह्र संस्कारले वस्तु र व्यक्तिलाई शुद्धि गर्ने मान्यता रहेको छ । संस्कारले मानवका भौतिक एवम् आध्यात्मिक महत्त्वाकाङ्क्षालाई गति दिँदै शारीरिक, मानसिक र आत्मिक उन्नति गर्दछ (पन्थी, २०७३, पृ. ३३) । तसर्थ संस्कारले मानवीय इच्छाहरू पूरा गरी मानिस र समाजको चौतर्फी विकासमा सहयोग पुऱ्याएको हुन्छ ।

समाजमा हरेक व्यक्ति निश्चित सम्प्रदाय, धर्म र जातीय संस्कारले बाँधिएका हुन्छन् । संस्कारले उक्त जाति र समुदायको छुट्टै र विशिष्ट पहिचान स्थापित गरेको हुन्छ । मानिसले खास अवसरमा आस्थापूर्वक संस्कारजन्य क्रियाकलापको अनुसरण गर्छन् । प्रेम खत्री (२०७२) ले जेनेपलाई उल्लेख गर्दै बताएअनुसार संस्कारका मुख्य तीन अवधारणा पृथकीकरण, रूपान्तरण र समावेशीकरण हुन् । मृत्युसंस्कारले मानिसलाई मानिसबाट पृथक् भएको बोध गराउने, विवाहले मानिसका बिचको सम्बन्ध रूपान्तरण गर्ने र जात्रा, पर्व, उत्सवले विभिन्न जातजातिका बिच समावेशीकरण गर्न सहयोग गर्छन् (पृ. १०) । संस्कारले मानिसलाई परिष्कृत गर्दै समाजमा मेलमिलाप कायम गरी रूपान्तरण गर्दछ । प्रेम खत्री (२०७२) का अनुसार धर्मको विकास भएपछि संस्कारले धार्मिक स्वरूप ग्रहण गरेका हुन् (पृ. ११) । तसर्थ कतिपय संस्कार धार्मिक अनुष्ठानका रूपमा सम्पन्न हुन्छन् । यी संस्कार लोकमान्यता, सामाजिक व्यवहार र शास्त्रीय मान्यताबाट निर्देशित छन् ।

लौकिक चालचलन, जात्रा, पर्व, उत्सव, सामाजिक संस्थाहरू आदिसँग सम्बन्धित लोकविश्वास संस्कारसँग सम्बन्धित छन् । सांस्कारिक लोकविश्वासको प्रयोजन विश्लेषणबाट समाजमा विद्यमान संस्कार, तीसँग सम्बद्ध शास्त्रीय मान्यता, समयसापेक्ष संस्कारमा आउने परिवर्तन, लोपोन्मुख संस्कार र एक संस्कारले अर्को संस्कारलाई पारेको प्रभावका बारेमा अध्ययन गर्न सकिन्छ । सांस्कारिक लोकविश्वासका खास प्रयोजन सामूहिक क्रियाकलापबाट मानिसमा ऊर्जाको सञ्चरण गरी सामाजिक मेलमिलाप कायम गर्नु रहेको छ ।

## ४.३ लोकमानससम्बद्ध लोकविश्वासको प्रयोजन

लोककथा श्रुतिपरम्परामा हुर्किएको हुँदा यसमा लोकमनको अभिव्यक्ति रहेको हुन्छ । लोककथामा लोकविश्वासको प्रकटीकरण मानवीय मनका चेतन, अवचेतन र अचेतन मनोदशाबाट व्यक्त हुन्छन् । मानवीय मनका विविध तहबाट अभिव्यक्त हुने लोकविश्वासका खास प्रयोजन रहेका छन् । गण्डकी प्रदेशका नेपाली लोककथामा धर्मकर्म गरेमा देवता खुसी भई आशीर्वाद दिने, झारफुकले रोग निको हुने, तन्त्रमन्त्रबाट चमत्कारी कार्य गर्न सकिने, पशुपक्षी, बोटबिरुवा र जड पदार्थमा आत्मा हुने, जोखना हेरेर भाग्यको परीक्षण गर्ने, जोगीले दिएको श्राप लाग्ने तथा मान्यजनहरूले दिएका आशीर्वाद र वरदानको शुभ फल हुने आदि लोकविश्वास मनका विभिन्न अवस्थाका कारण व्यक्त भएका छन् । यी लोकविश्वासका प्रयोजनको विश्लेषणबाट व्यक्तिको मानसिक अवस्था, सामाजिक व्यवहार र सामाजिक सम्बन्ध तथा

सामाजिक मूल्यमान्यताका बारेमा ज्ञानार्जन गर्न सकिन्छ । यहाँ लोकविश्वासको अवधारणात्मक स्वरूपभित्र रहेर गण्डकी प्रदेशका नेपाली लोककथामा चेतन, अवचेतन र अचेतन मनोदशाबाट व्यक्त लोकविश्वासका प्रयोजनको विश्लेषण गरी अन्त्यमा निष्कर्ष निकालिएको छ ।

### ४.३.१ चेतन मनसँग सम्बन्धित लोकविश्वास

चेतन मन मानवीय मनोदशाको पूर्ण होसमा रहने, वर्तमानका संवेदना र अनुभूतिहरूले युक्त मानव मन हो । मनोविश्लेषक फ्रायड (सन् १९५५) ले यसलाई मानव मनको यथार्थ अवस्था भनेका छन् (पृ. ६०७) । चेतन मन वर्तमानका घटनाप्रति सजग र सचेत हुन्छ । बाल्यकालदेखि नै प्रेरणा प्रेम, न्यानोपन र शिक्षादीक्षा आदिका आधारमा चेतन मन विकसित हुन्छ (रेग्मी, २०४०, पृ. २) । चेतन मनको विकासमा उचित पारिवारिक वातावरण, असल संस्कार, उपयुक्त हुर्काइ, शिक्षादीक्षा र सामाजिक व्यवहार तथा मूल्यमान्यताको भूमिका रहेको हुन्छ । यस प्रकारको मनस्थितिको सम्बन्ध पराहम्सँग हुने हुँदा मानिसले आफ्ना व्यवहार विवेक र तर्कपूर्ण तरिकाले गर्दछन् । लोककथा मानवीय मनको अभिव्यक्ति भएको हुँदा यसमा चेतन मनको यथार्थ प्रकट हुन्छ ।

गण्डकी प्रदेशका नेपाली लोककथामा अर्तीउपदेशका माध्यमबाट नैतिक शिक्षा दिने, असाधारण शक्ति, साहस तथा बहादुरीका कथामार्फत विवेकपूर्ण तरिकाले समस्याको समाधान गर्न प्रशिक्षण दिने, अतिकल्पनामार्फत मानिसमा उत्साहको सञ्चरण गरी मनोरञ्जन प्रदान गर्ने, व्यक्तिलाई सिर्जनशील बन्न उत्प्रेरणा दिने, धार्मिक तथा सांस्कृतिक प्रकृतिका कथामार्फत सामाजिक मूल्यमान्यता र संस्कारभित्र रही असल आचरण निर्माणका लागि नैतिक चेतनाको अभिवृद्धि गर्ने तथा शुभाशुभमार्फत भविष्यप्रति सजग र सचेत रहँदै समाजोपयोगी व्यवहार गरी जीवनप्रति आशावादी हुन सिकाउने उद्देश्य रहेका छन् । मानिसको चेतन मन सामाजिक नीति नियम, संस्कार, मूल्यमान्यताबाट प्रभावित र निर्देशित हुने हुँदा विवेकपूर्ण, ज्ञानबर्द्धक, धैर्यशील परिपक्व, समाज केन्द्रित र पश्चात्तापको भावना आदि यसका विशेषताहरू हुन् । चेतन मनोदशाबाट अभिव्यक्त लोकविश्वासका खास प्रयोजन अर्तीउपदेशमार्फत नैतिक शिक्षा दिँदै चेतनाको विकास गरी विवेकपूर्ण तरिकाले दैनन्दिनी व्यवहार, जिम्मेवारी र उत्तरदायित्व पूरा गर्न सक्ने स्वअनुशासित व्यक्तित्व विकास गरेर अन्ततः सभ्य समाजको निर्माण गर्नु रहेका छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित चेतन मनसँग सम्बन्धित लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ४.१ : चेतन मनसँग सम्बन्धित लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अल्छी | बन्नामा खुट्टो झारेर बस्न नहुने, स्वास्नीलाई विश्वास दिन नहुने, तिलबारीमा दौडन नहुने, राजालाई ढाँट्न नहुने, सिनो देखेर घिनाउन नहुने र अर्काकी छोरी देखेर मन कल्पाउन नहुने |
| २ | काफ्ले पाठो | रानीलाई हसाउन काफ्ले पाठो काट्ने |
| ३ | गँगटो | छोराछोरीले बुढेसकालमा बाआमालाई पाल्नुपर्ने |
| ४ | नायक साहेब | नायक साहेबले बारुदखानामा आगो लगाएर आत्महत्या गर्ने |
| ५ | बुद्धिमान बा | धन देखेपछि छोराबुहारीले वृद्ध बाआमाको स्याहार गर्ने |

| | | |
|---|---|---|
| ६ | राक्षसभूत | रातिमा आगो बालेर बस्नुपर्ने र दाजुहरूले बहिनीको संरक्षण गर्नुपर्ने |
| ७ | संसार | शिक्षाआर्जनका लागि घर छाड्नुपर्ने |
| ८ | सासू र बुहारी | वृद्धवृद्धालाई हेला गर्न नहुने र बच्चालाई उचित संस्कार दिनुपर्ने |
| ९ | हिममान्छे | अगुल्टाले हान्दा हिममान्छे भाग्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा अर्तीउपदेश, कर्तव्य, आत्महत्या, धनसम्पत्ति, शिक्षा, सुरक्षा, संस्कार आदि विषयसँग सम्बन्धित चेतन मनमा आधारित लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'अल्छी' लोकथामा अर्तीउपदेशमूलक लोकविश्वास रहेका छन् । यसको कथानकअनुसार अल्छीले कुनै काम नगरी बस्नु, स्वास्नीलाई पिट्नु, बुबाले अल्छीलाई उपदेश दिनु, बुबाले भनेको नमान्दा सर्पले टोक्नु, खुट्टामा ठोसो बिभ्नु र सिपाहीले पक्रने घटनाक्रमको संयोजन गरिएको छ । बुबाले अल्छीलाई अर्ती दिएको प्रसङ्ग यस लोकथामा यसरी प्रस्तुत गरिएको छ :

> त्यसको नामै अल्छी केही काम नगर्नी, गामगामै डुल्नी र खानी, घरमा जानी, स्वास्नीलाई कुट्नी, हप्काउनी र दप्काउनी त्यसलाई बाउले अर्ती दिएछ, कस्तो अर्ती दिएछ भने- "ए बाबु ! साह्रै अल्छी भएर नहिँड् । बान्ना खुट्टो हल्लाएर नबस् । तिलबारीमा नदौडी । स्वास्नीलाई विश्वास नदे बाबु है" भनेर बाउले भनेच । (परिशिष्ट (क), 'अल्छी')

माथिको कथांशमा अल्छीलाई बुबाले बान्नामा खुट्टा झारेर बस्न नहुने, तिलबारीमा दौडन नहुने र स्वास्नीलाई विश्वास दिन नहुने अर्ती दिएका छन् । यी लोकविश्वास बुबाको चेतन मनस्थितिका कारण प्रकट भएका छन् । बान्नामा खुट्टा झारेर बस्दा विषालु जीवले टोक्न सक्ने, तिलबारीमा दौड्दा खुट्टामा ठोसो पस्ने र स्वास्नीलाई विश्वास दिँदा रहस्य बाहिरिने हुँदा बुबाले छोरालाई अर्तीउपदेशमार्फत त्यस्ता कार्य गर्न निषेध गरेका छन् । अल्छी बुबाको निधनपछि मितबासँग अर्तीउपदेश माग्न जान्छ, जसलाई 'अल्छी' लोकथामा यसरी प्रस्तुत गरिएको छ :

> "राजा नढाँट्नू, सिनो देखेर नघिनाउनू र आर्काकी छोरी देखेर मन नचुट्काउनू" भनेर मितबाउले अर्ती दिएछन् । (परिशिष्ट (क), 'अल्छी')

माथिको उद्धरणमा मितबाले अल्छीलाई सही आचारविचार सिकाउन र परिपक्व मानिस बनाउनका लागि राजालाई ढाँट्न नहुने, सिनो देखेर घिनाउन नहुने र अर्काकी छोरी देखेर मन कल्पाउन नहुने अर्ती दिएका छन् । यी लोकविश्वास मितबाको चेतन मनोदशाका कारण व्यक्त भएका छन् । मितबाले दिएका अर्तीका कारण नै अल्छीको भाग्योदय भएको छ । यी लोकविश्वासको प्रयोजन मानिसलाई विवेकसम्मत तरिकाले निर्णय गर्न सिकाउने, समाजप्रति उत्तरदायी बनाउने र असल आनीबानीको विकास गरी सभ्य समाजको निर्माण गर्न उत्प्रेरित गर्नु रहेको छ ।

'काफ्ले पाठो' नेपाली लोककथामा काफ्ले पाठोसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत रानीलाई पुत्र शोक पर्नु, उनी खुसी हुन नसक्नु, शोकमा डुबेकी रानीलाई हसाउने उपाय खोज्नु, राजाले बलिया काफ्लेहरूलाई लडाएर रानीलाई हसाउने जुक्ति निकाल्नु, दसैँको नवमीमा काफ्ले पाठो काट्नु र काफ्लेहरूलाई एकआपसमा भिडाउनु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । बलिया

काफ्लेहरूलाई भिडाएर रानीलाई खुसी बनाउने प्रसङ्ग 'काफ्ले पाठो' लोककथामा यसरी प्रस्तुत भएको छ :

> राजाले आफ्ना पहरेदारहरूलाई बोलाउन पठाएछन् । दसैँको नवमीको दिन एउटा कालरात्रि, एउटा राजखानदान र तेस्रो काफ्ले पाठो काटेर तीनचोटि मन्दिर परिक्रमा गराएर चउरमा फ्याँकिदिएछन् । काफ्लेहरू आफूआफू लडेर थोरै भए पनि घरमा लानी भनेर तँछाडमछाड गरेछन् । (परिशिष्ट (क), 'काफ्ले पाठो')

प्रस्तुत उद्धरणमा बडा दसैँको नवमीका दिन काफ्ले पाठो काट्ने प्रचलन रहेको छ । पाठो काटिसकेपछि निश्चित चउरमा फ्याँकिन्छ र काफ्ले थरका मानिसहरूले तँछाडमछाड गरेर त्यस पाठाको रौँ भए पनि आफ्नो घरमा लैजाने चलन छ । यसरी राजाले परिस्थितिको विचार गरी काफ्लेहरूलाई लडाएर दरबारमा खुसियालीको वातावरण बनाउन खोज्नु चेतन मनोदशाका कारण भएको हो । राजामा रहेको पराहम्का कारण काफ्लेहरूलाई लडाएर भए पनि शोकमा डुबेकी रानीलाई खुसी पार्ने वातावरण बनाइएको छ । यी लोकविश्वासमा विवेकपूर्ण तरिकाले समस्याको समाधान गर्नुपर्ने सन्देशको सम्प्रेषण भएको छ ।

'गँगटो' नेपाली लोककथामा कर्तव्यसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसमा मानिसको घरमा हुर्किएको गँगटोले मानिसलाई पाल्ने अतिकाल्पनिक लोकविश्वास अचेतनका कारण प्रस्तुत भएको हो, जसलाई 'गँगटो' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "ममी, आमा मलाई त नमार्नुस् है" भनेच अरे गँगटाले । "तपाईंलाई पाल्चु । तपाईंका छोराछोरी छैनन् । म त तपाईंको छोरा हो, तपाईंलाई पाल्चु है । तपाईंलाई पाल्न आको हो" भनेच अरे गँगटाले जाँताभित्रबाट अनि बुढी डराइच अरे । (परिशिष्ट (क), 'गँगटो')

प्रस्ततु उद्धरणमा गँगटोले मानिसलाई पाल्ने वाचा गर्नु अतिकाल्पनिक लोकविश्वास हो । यहाँ मानिसबाहेक अन्य प्राणीमा पनि आत्मा हुन्छ भन्ने लोकधारणाका कारण गँगटोले मानिसलाई पाल्ने लोकविश्वास व्यक्त भएको छ । अचेतन मनोदशाका कारण मानिसले जीवजन्तुले आफूलाई पाल्ने कुरामा विश्वास गर्छ । बुढेसकालमा बाआमाको उचित पालनपोषण गर्ने मानवीय कर्तव्य सामाजिक नियम र संस्कारबाट प्रेरित छ । यसरी बुढेसकालमा बाआमालाई पाल्ने वचन दिनु मनको चेतन अवस्था हो ।

'नायक साहेब' नेपाली लोककथामा नायक साहेबको आत्महत्यासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत बहादुर शाह नेपाल एकीकरणका क्रममा पर्वतको पैँयु राज्य पुग्नु, उनले नायक साहेबलाई कि त लडाइँ गर्न कि त आत्मसमर्पण गर्न पत्र लेख्नु, नायक साहेबले भारदारी सभा बोलाउनु, सभाबाट कुनै सहयोग प्राप्त नहुनु र नायक साहेबले बारुदखानामा आगो लगाई आत्महत्या गर्ने घटनाक्रमको संयोजन गरिएको छ । आफ्नो स्वाभिमान जोगाउन नायक साहेबले आत्महत्या गरेको कुरालाई यस लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> "यो लडाइँ लडेर पनि पार नपाइने, आत्मसमर्पण गर्न पनि उचित नहुने भएको हुनाले आफ्नो सम्मानलाई गुम्न नदिन बरु यही उपाय गर्न बेस छ" भन्ने निष्कर्षमा पुगे । उनी आफ्नै दरबारको बारुद कोठामा प्रवेश गरी ढोका लगाएर बारुदमा सलाई कोरेर आगो लगाए । यसरी पैँयुका राजा जलेर मरेका हुन् भन्ने किंवदन्ती छ । (परिशिष्ट (क), 'नायक साहेब')

माथिको कथांशमा नायक साहेबले आफ्नो स्वाभिमान घुम्न नदिन बारुदखानामा आगो लगाई आत्महत्या गरेको प्रसङ्ग छ । यहाँ नायक साहेबले चेतन मनोदशाका कारण आफ्नो आत्मनिरीक्षण गरी आत्मसम्मान गुम्न नदिन त्यसो गरेका हुन् । कथानकअनुसार उनले गोर्खाली फौजसँग लडाइँ पनि नजितिने तथा युद्धमा सहभागी भएर हार भएमा जनताले धिकार्ने परिस्थितिको विचार गरेर आत्महत्या गरेको लोकविश्वास छ । यो लोकविश्वासमा मानिसले चेतन मनस्थितिमा आफ्नो आत्मनिरीक्षण गरी बहादुरी प्रदर्शन गर्ने या पश्चात्ताप गर्ने अवस्थालाई प्रस्ट पारिएको छ ।

'बुद्धिमान बा' नेपाली लोककथामा धनसम्पत्ति र वृद्धवृद्धासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । धन मानिसले जीवननिर्वाहका लागि परिश्रम, पुँजी र समयको लगानी गरी कमाउने जमिन, घर, रुपियाँ र मूल्यवान् पदार्थ आदि हो । प्रस्तुत लोककथाअनुसार बुढाले छोराबुहारीलाई लोभ्याउन गरुङ्गो बाकस आफ्नो सिरानमा राख्छन् तर कोही कसैलाई छुन दिँदैनन् जसलाई 'बुद्धिमान बा' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> "यो बाक्साँ बुढाको केही त पक्कै छ ? सिरानाँ हालेर केही छैन भन्नुहुन्च, छुन पनि दिनुहुन्न, हेर्न नि दिनुहुन्न" भनेर छोराहरू सबै अलि बाक्लो गरी भेट्न आए । त्यसपछि बुहारीहरू पनि आउन थाले । नाति, नातिनी पनि भेट्न आउन लागे । त्यसरी नै जाँदाजाँदा बुढा धेरै समयसम्म बाँचे । (परिशिष्ट (क), 'बुद्धिमान बा')

माथिको उद्धरणमा बुढाले सिरानमा राखेको गरुङ्गो बाकस छोराहरूलाई छुन दिँदैनन् । बुढाले आफूलाई छोराबुहारीले स्याहार नगरेपछि उनीहरूलाई धनको लोभ देखाउने जुक्ति लगाउँछन् । धनको लोभ देखाएपछि आफूलाई छोराबुहारीले उचित रेखदेख गर्ने विचार बुढाको चेतन मनोदशाका कारण भएको हो । यो लोकविश्वासको प्रयोजन मानिसलाई सामाजिक नियम र संस्कारको पालना गर्न लगाएर नैतिक चेतनाको विकास गराउनु रहेको छ ।

'राक्षसभूत' नेपाली लोककथामा आगो र सुरक्षासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअनुसार दाजुहरूले बहिनीलाई रातको समयमा आगो बालेर बस्न भन्नु, आगो निभेपछि बहिनी आगोको खोजीमा जानु, राक्षस, राक्षसीसँग भेट हुनु, राक्षसले त्यसलाई खान खोज्नु र दाइहरूले बचाउनु आदि कथावस्तुगत घटनाक्रमको संयोजन गरिएको छ । रातको समयमा राक्षसले बहिनीलाई आक्रमण गर्दा दाजुहरूले बचाएको कुरा 'राक्षसभूत' लोककथामा यसरी व्यक्त भएको छ :

> "ए ! दाइ, मलाई खुट्टासम्मन् खाइसक्को, पेटसम्मन् खाइसक्को, छातीसम्मन् खाइसक्को" भन्दाखेरि सप्पै दाइहेरू आर बन्दुकले ढ्याम्ढुम् हानेचन् अरे । राक्षसलाई मारेर बहिनीलाई निकालेचन् अरे । (परिशिष्ट (क), 'राक्षसभूत')

माथिको कथांशमा दाजुहरूले राक्षसलाई मारेर बहिनीलाई जोगाएका छन् । बहिनीले आपत्को समयमा गुहार माग्नु र दाजुले बहिनीलाई जोगाउनु दुवै चेतन मनस्थितिका कारण भएको हो । चेतन मनस्थितिमा मानिसले तत्कालीन परिस्थितिको विचार गरेर काम गर्दछ । यद्यपि राक्षससम्बन्धी विश्वास भने अचेतन मनोदशाका कारण व्यक्त भएको हो ।

'संसार' नेपाली लोककथामा शिक्षासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । शिक्षाआर्जन गर्न मानिसलाई गुरुको निर्देशन र उपयुक्त वातावरण चाहिने हुँदा घर छाड्नुपर्ने लोकमान्यता रहेको छ ।

यसको कथानकअनुसार धनाढ्‌य बुबाको एक्लो छोरो पठनपाठन नगरी लफङ्गो बनेपछि शिक्षा आर्जनका लागि योगीको कुटीमा पठाउँछन्, जसलाई 'संसार' लोककथामा यसरी व्यक्त गरिएको छ :

> एउटा मात्रै छोरो भएकाले बाउले- "म छोरालाई पढ्न पठाउँछु" भन्नी कोसिस गऱ्यो । छोरो लफङ्गो हुन थाल्यो । "जाऊ बाबु तिमी पढेर आऊ" भनेर बाउले छोरालाई पढ्न पठायो । छोरो पढ्न भनेर गयो । (परिशिष्ट (क), 'संसार')

माथिको उद्धरणमा बुबाले छोरालाई शिक्षा आर्जनका लागि घरबाट टाढा पठाउँछन् । यसरी चेतन मनका कारण नै सन्तानलाई शिक्षाआर्जनका लागि घरदेखि टाढा पठाएका छन् । चेतन मनका कारण नै छोरालाई पढ्न नपठाए बिग्रने डर बुबालाई भएको छ । यस लोकविश्वासको प्रयोजन बुबाले आफ्ना सन्तानलाई उचित आचरण सिकाउनुपर्ने रहेको छ ।

'सासू र बुहारी' नेपाली लोककथामा संस्कारसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत सासू परम्परागत विचारधाराकी हुनु, बुहारी आधुनिक चालचलनकी हुनु, सासू र बुहारीबिच बेमेल हुनु, घरमा दिनदिनै कलह हुनु, बुहारीले सासूलाई वृद्धाश्रममा छोड्न कर गर्नु, लोग्नेले श्रीमतीको कुरा काट्न नसक्नु, छोराले आमालाई वृद्धाश्रममा लगेर छाड्ने तयारी गर्नु र सबै क्रियाकलाप नियालिरहेको नातिले हजुरआमालाई वृद्धाश्रममा छाडे पनि डोको फिर्ता ल्याउन भन्नु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । यस लोककथामा बालकको चेतन मनोदशालाई यसरी प्रस्तुत गरिएको छ :

> "भोलिपर्सि तपाईं बुढो भएपछि हामीले पनि वृद्धाश्रम लानपर्च । ममीलाई पनि वृद्धाश्रम लानपर्च" भनेच । (परिशिष्ट (क), 'सासू र बुहारी')

माथिको उद्धरणमा बाबुआमाका क्रियाकलाप नियालिरहेको बालकले हजुरआमालाई वृद्धाश्रममा छोडे पनि डोको फिर्ता ल्याउन भनेको छ । उसले आमाबुबाका क्रियाकलापबाट बाआमा वृद्ध भएपछि आश्रममा लैजानुपर्ने रहेछ भन्ने बुझ्छ । यो बालकमा रहेको चेतन मनोदशा हो । यो लोकविश्वासको प्रयोजन बच्चालाई उचित संस्कार दिन नसक्दा त्यसको गलत परिणाम समाजले भोग्नुपर्ने यथार्थ व्यक्त गर्नु रहेको छ ।

'हिममान्छे' नेपाली लोककथामा अगुल्टाले हिममान्छेलाई भगाउने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार मानिसले आगो तापिरहेको ठाउँमा हिममान्छेले पछाडिबाट हात पसारेर घिउ मागेको छ । हिममान्छे भन्ने थाहा पाएपछि खोटो दिएर त्यसलाई अगुल्टाले हानी भगाएको प्रसङ्ग प्रस्तुत लोककथामा यसरी व्यक्त गरिएको छ :

> त्यो खोटो दलेर आगो झोस्देको दिनदेखि त्यो मान्छे त्यहाँ देखा पर्न नै छोडेछ । ( परिशिष्ट (क), 'हिममान्छे')

माथिको उद्धरणमा मानिसले शरीरमा आगो झोसेका दिनदेखि हिममान्छे देखिन छोडेको छ । रातको समयमा आगोको कारण उज्यालो हुने हुँदा मानिसले आफ्नो वरपर आएका जीवजन्तुलाई सजिलै देख्न सक्छन् र सम्भावित आक्रमणबाट बच्ने उपायको खोजी गर्छन् । त्यसैले आगोसँग हिममान्छे डराउने लोकविश्वास मानिसको चेतन मनको प्रतिफल हो । यसको प्रयोजन चेतन मनस्थितिले मानिसलाई समय र परिस्थितिको ख्याल गरेर सुरक्षाका उपायहरू अपनाउन सिकाउनु रहेको छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासको प्रयोजन बुद्धि र विवेकको प्रयोग गरी समस्याको सही समाधान निकाल्नु, अर्तीउपदेशमार्फत व्यक्तिमा असल आचरणको विकास गरी सभ्य समाजको निर्माण गर्न सघाउनु रहेको छ । यसले मानवीय कर्तव्य र सामाजिक नीतिनियम तथा विभिन्न संस्कारभित्र रही जिम्मेवारी पूरा गर्न उत्प्रेरित गर्छ । यी लोकविश्वासको उद्देश्य व्यक्तिलाई स्वमूल्याङ्कनबाट आत्मलोचना गर्न सिकाउँदै नैतिक चेतनाको विकास गरी सभ्य र सुसंस्कृति समाजको निर्माण गराउनु हो । चेतन मनमा आधारित लोकविश्वासको प्रयोजन मानिसलाई सामाजिक आचारसंहिता र कर्तव्य पालनामा गर्न अभिप्रेरित गर्ने रहेको छ ।

### ४.३.२ अवचेतन मनसँग सम्बन्धित लोकविश्वास

चेतन र अचेतन मनोदशाबिचको मानसिक अवस्था अवचेतन मन हो । यसमा आंशिक रूपमा चेतन र अचेतन दुवै मनको अवस्था पाउन सकिन्छ (शर्मा र लुइटेल, २०६१, पृ. १७४) । अवचेतन मनको सम्बन्ध व्यावहारिक रूपमा चेतन र कार्यगत रूपमा अचेतनसँग रहेको हुन्छ (बराल, २०६८, पृ. १८) । अवचेतन मनले कहिले चेतनमा पुगेर त्यसका इच्छाहरू पूरा गर्ने त कहिले अचेतनमा रहेका कलुषित भावनालाई रोक्ने काम गर्दछ । अवचेतन मनोदशाको सम्बन्ध अहम्सँग हुने हुँदा यो बढी यथार्थतिर अर्थात् चेतनतिर ढल्कने किसिमको हुन्छ । यसमा मानिसलाई रिस, क्रोध, हीनता, निराशा र अनैतिक चाहनाबाट जोगाउने, अवसरको अनुकूलता र प्रतिकूलतामा ध्यान दिने, व्यक्तिलाई समाजमा सामञ्जस्य कायम गर्न प्रेरित गर्ने, अनुभूतिहरूको स्मरण गर्ने भएकाले व्यक्तिलाई खतराबाट जोगाउने र दुःखको सामना गर्न सिकाउने विशेषता रहेका हुन्छन् ।

लोककथा लोकाभिव्यक्ति भएको हुँदा यिनमा अवचेतन मनोदशासम्बन्धी लोकविश्वास अभिव्यक्त हुन्छन् । अवचेतन मनोदशा भएका लोकविश्वासको उद्देश्य लोककल्याणभन्दा विपरीतका कार्य हुने नदिने, व्यक्तिलाई खराब र अनैतिक कृत्यबाट रोक्ने, समाजमा मेलमिलाप कायम गर्न सहयोग गर्ने, समाजअनुकूल व्यवहार गर्न उत्प्रेरित गर्ने, समस्यासँग जुध्न सिकाउने र सेवाभावमार्फत लोककल्याण गरी सुखानुभूति प्राप्त गर्न प्रेरित गर्नु हो । धार्मिक, सामाजिक तथा अर्तीउपदेशमूलक लोककथामा अवचेतन मनोदशाबाट प्रकट भएका लोकविश्वास रहेका छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित अवचेतन मनसँग सम्बन्धित लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ४.२ : अवचेतन मनसँग सम्बन्धित लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | एक चिलिम तमाखु | चोरेर खान नहुने |
| २ | खछ्यो भ्फोङ दरबार | मानिसले प्रतिबद्धता पूरा गर्नुपर्ने |
| ३ | दुःख र सुख | आत्मज्ञान हुने मानिसले अरूलाई दुःख नदिने |
| ४ | बदला | दुःख दिनेसँग बदला लिनुपर्ने |
| ५ | मसानघाट | धनी र गरिबको मसानघाट एउटै हुने |
| ६ | माछा | आमा र छोराबिचको यौन सम्बन्ध निषेध गरिएको |
| ७ | मान्छे नमर्ने घर हुँदैन ! | महात्माले मानिसको चित्त बुझाउने |

| | | |
|---|---|---|
| ८ | राजकुमार दिक्पाल | राजकुमार साहसी हुने |
| ९ | सेवा नै धर्म | प्राणीको सेवा गर्नाले सन्तुष्टि मिल्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा प्रवृत्ति, प्रतिबद्धता, आत्मज्ञान, बदला, मसानघाट, यौन निषेध, महात्मा, साहस र सेवासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'एक चिलिम तमाखु' लोककथामा चोर्न नहुने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार चोरले रातको समयमा धान चोर्न जानु, धान उठाएर धोक्रोमा हाल्नु तर त्यस बखतमा गोरुको खप्परले चोर्न नहुने अर्ती दिनु आदि घटनाक्रमको संयोजन गरिएको छ । गोरुको खप्परले अर्ती दिएको प्रसङ्ग 'एक चिलिम तमाखु' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "एक चोली वाचा, दुई चोली वाचा, तीनै चोली वाचा मैले एक चिलिम तमाखु छोरासित पैँचो मागेर खाएँ । म मन्छे थिएँ, मैले पैँचो तिर्न नसकेकाले गाईको गोठमा बाच्छो भए जन्मिएँ । जोतेँ, छोराले जोताइदियो अनि म मोरेँ । मोरेर जाँदा पनि मैले बिउ कुरेर बसेको हो । तिमोरू यस्तो बाली कसरी खान सक्छौ चोरेर ?" भनेको रैछ अरे त्यो टाउकोले । (परिशिष्ट (क), 'एक चिलिम तमाखु')

माथिको उद्धरणमा मरेको गोरुको टाउकाले चोर्न नहुने अर्ती सन्देश दिएको छ । यसरी गोरुको खप्परले मानिसलाई ज्ञान दिने कुरा अचेतन मनोदशाका कारण हुने भए पनि कथानकअनुसार चोरले धान उक्त गोरु जन्मेकै घरमा पुऱ्याइदिनु अवचेतन मनका कारण भएको हो । खप्परले दिएको अर्तीउपदेश मन गरेर र तत्काल चेतन मनले दिएको आदेश मानेर चोरहरू खराब कृत्य गर्नबाट जोगिएका छन् । यस लोकविश्वासको प्रयोजन लोककल्याणभन्दा विपरीतका कार्य हुन नदिनु रहेको छ ।

'खछ्यो भ्होङ दरबार' लोककथामा प्रतिबद्धतासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत वृद्धले तीर्थाटनमा भिक्षु आउने र उनैलाई राजा बनाउनुपर्ने सपना देख्नु, सपनाअनुसार भिक्षाटनमा आएका भिक्षुलाई मानिसले ल्होमान्थाङको राजा बन्न आग्रह गर्नु, राजा र प्रजाबिच दरबार बनाउने मौखिक सहमति हुनु र भिक्षु राजा बन्न तयार हुनु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । गाउँलेहरूको अनुरोधपछि भिक्षुले आफूले भनेअनुसार दरबार बनाउनुपर्ने सर्त राखेका छन्, जसलाई 'खछ्यो भ्होङ दरबार' लोककथामा यसरी व्यक्त गरिएको छ :

> कुराकानीको क्रममा उहाँले भन्नुभयो- "त्यो ढिस्कोमा उपयुक्त र चारैतिर देखिने ठाउँ छ । त्यो ठाउँमा मेरो दरबार तपाईंहरूले बनाइदिनुपर्छ" भन्ने कुरा भएपछि, "हुन्छ ल" भनेर सप्पैले प्रतिबद्धता जाहेर गरे । त्यसरी दरबार बन्न गएको हुनाले नै त्यो दरबारको नाम खछ्यो भ्होङ दरबार रहन गएको हो । (परिशिष्ट (क), 'खछ्यो भ्होङ दरबार')

माथिको उद्धरणमा गाउँलेहरूले आफूले गरेको प्रतिबद्धताअनुसार चारैतिर देखिने ढिस्कोमा राजदरबार निर्माण गरेका छन् । यस कथांशमा मानिसको अवचेतन मनस्थितिका कारण तीर्थालु र गाउँलेहरूका बिचमा समन्वय कायम भएको छ । यसरी गाउँलेहरूले समन्वय कायम गरेर वृद्धले सपना देखेअनुसार इच्छाएको कुरा पूरा गरेका छन् । यो लोकविश्वासको प्रयोजन मानिसले आदर, सम्मान र सहयोग प्राप्त गर्नका लागि वचनमा प्रतिबद्ध हुनुपर्ने सन्देश दिनु रहेको छ ।

'दुःख र सुख' लोककथामा आत्मज्ञानसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत छोराले बुबालाई खोज्दै हिँड्नु, होटलमा बास बस्नु, होटलमा धनाढ्य व्यक्ति आउनु, त्यसले केटो बसेकै कोठा मन पराउनु, केटाले साहुले मागे जति पैसा तिर्न नसक्नु र उसले बाहिर नै रात कटाउनु तथा भोलिपल्ट ती दुई जना बुबा र छोरा भएको रहस्य खुल्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । छोरालाई चिनेपछि बुबाले आफ्नो गल्ती महसुस गर्छ, जसलाई 'दुःख र सुख' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "तिमी मेरो छोरो रहेछौ बाबु । मैले हिजो बेलुका तिमीलाई नराम्रो काम गरेँ । हिजै यस्तो सोधपुछ गर्ने आत्मज्ञान भएको भए बाउछोरा एकै ठाम्मा बसिन्थ्यो होला । तिमी रातभरि बाहिर बस्यौ । म यस्तो खुसी भएर, सोख लिएर भित्र सुतेँ । तिमीलाई मैले यत्रो दुःख दिएँ । मेरो आत्मामा आत्मज्ञान भएन । सबैभन्दा ठुलो आत्मज्ञान हो । मैले हिजो बेलुकै तिमीलाई यी कुरा सोधेको भए बाहिर राख्दैनथेँ । मलाई माफ गर" भनेर बुबाले छोरालाई भने । (परिशिष्ट (क), 'दुःख र सुख')

माथिको कथांशमा केटाले आफू बसेको कोठा धनाढ्य व्यक्तिलाई छोडिदिन्छ तर बिहान परिचय हुँदा त्यो व्यक्ति आफ्नै बुबा भएको थाहा हुन्छ । केटाले होटलमा बस्ने पैसा नहुँदा बाहिर चिसोमा रात बिताउने सङ्घर्ष गरेको छ । मानिसलाई अवचेतन मनोदशाले दुःखको सामना गर्न सहयोग गरेको हुन्छ । भोलिपल्ट आफ्नो छोरो भन्ने थाहा पाएपछि बुबाले रातको घटनाप्रति पश्चात्ताप गर्छ । आफूमा आत्मज्ञान नभएकाले त्यस्तो घटना घटेको भन्दै छोरासँग क्षमा मागेको हुँदा बुबा व्यवहारिक रूपमा परिपक्व देखिएको छ, जुन कार्य बुबामा रहेको अवचेतन मनोदशाका कारण भएको हो । यो लोकविश्वासले आत्मज्ञान हुने मानिसले समाजअनुकूल व्यवहार गर्ने भएकोले मानिस भावनात्मक रूपमा परिपक्व हुनुपर्ने सन्देश दिएको छ ।

'बदला' लोककथामा बदलासम्बन्धी लोकविश्वास व्यक्त भएको छ ।यसको कथानकअ नुसार दाइले भाइ मिटिङमा गएको रिस गर्नु, एक दिन ऊ आफैँ मिटिङमा जानु, बास बसेको ठाउँमा दाजुको नाककान काटिनु, दाजुको नाककान काटिएपछि भाइलाई रिस उठ्नु र त्यसले बुढीसँग बदला लिनु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । भाइले दाजुको नाककान काट्नेसँग बदला लिने प्रसङ्गलाई 'बदला' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "हे त्यहीभर नजाऊ भनेको हो । मेरो काट्टियोथ्यो अहिलेसम्म ? कहाँ हो, लौ भन्नुस्" भनेच दाजुलाई । (परिशिष्ट (क), 'बदला')

माथिको कथांशमा दाजुको नाककान काटिएको घटनाले भाइलाई खुब रिस उठ्छ । भाइको अहम् मनस्थितिले नाककान काट्ने बुढीसँग बदला लिने विचार गर्छ । त्यसपछि भाइले दाजुसँग सोधपुछ गरेर नाककान काट्ने बुढीको घर पत्ता लगाउँछ । यसबाट मानिसमा रहेको अवचेतन मनोदशाका कारण ईर्ष्या र बदलाको भाव जागृत हुने प्रमाणित हुन्छ ।

'मसानघाट' लोककथामा मसानघाटसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत समाजमा दुःखी र धनी बुढा हुनु, दुःखी बुढाले एकआपसमा मिलेर बस्न सिकाउनु, धनीले अरूलाई हेला गर्नु, बिरामी भएर दुवै बुढा मर्नु, दुःखीका मलामी धेरै हुनु, धनीका मलामी कम हुनु र धनीको लास गिद्धले खानु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । दुःखी मानिसहरूका नाइकेले सबैलाई

मिलेर बस्न र बाँडेर खान आह्वान गरेका छन्, जसलाई 'मसानघाट' लोककथामा यसरी व्यक्त गरिएको छ :

> दु:खीले भन्थे अरे- "हामी धेरै दु:खी छम्, हामी दु:खीदु:खी मिल्नुपर्छ । सुखीको अवसरमा लागेर हामीलाई पुग्दो रैनछ । हाम्लाई सहयोग भनेको समाजको चाहिँदो रैछ । मान्छेकै चाहिँदो रछ । हामी महाजनको घरमा काम गर्न जान्छम् । हाम्ले जति हुन्छ मानो, पाथी ल्याम्छम् । धनीको घरमा काम गर्न जाँदाखेरि त बिहान गयो बिहानै खान दिन्छन् । दिनभरि काम गऱ्यो एक पाथी दिन्छन् अनि बेलुका ल्यायो, खोलेफाँडो खाइन्च । त्यसमा पनि एकमुठी उबारेर हामीलाई दु:ख पर्दा उल्लाई पर्दा उल्लाई दिम्ला" भनेर दु:खी बुढाले सन्देश दिन्थे । (परिशिष्ट (क), 'मसानघाट')

माथिको कथांशमा दु:खीहरूका नाइकेले दु:खीदु:खी मिल्नुपर्ने, बाँडेर खानुपर्ने र समस्या पर्दा एकले अर्कालाई सहयोग गर्नुपर्ने ज्ञान दिएका छन् । दु:खी मानिसको अवचेतन मनोदशाका कारण समाजमा सुखद वातावरण बनाउनका लागि दु:खीहरूमा सामञ्जस्य कायम गर्ने भूमिका खेलेका छन् । यस लोकविश्वासको प्रयोजन मानिसको जीवन क्षणिक भएकाले बाँचुञ्जेल धनको घमन्ड नगरी मिलेर बस्नुपर्ने शिक्षा दिनु हो ।

'माछा' लोककथामा यौन सम्बन्ध निषेधसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत एउटा निर्जन गाउँमा आमा र छोरा मात्र हुनु, आमा गर्भवती हुनु, घुम्दै आएको योगीलाई यो कुरा मन नपर्नु, योगीले आमा र छोरालाई कहिल्यै भेट नहुने गरी दुई दिशातिर पठाउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । आमा र छोराबिच यौन निषेध गरिएको प्रसङ्गलाई 'माछा' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "एउटा राम्रो कार्यका लागि भए पनि मैले आमाछोरालाई सँगै राख्नुहुन्न" भन्ने उहाँको विचार आयो । (परिशिष्ट (क), 'माछा')

माथिको कथांशमा योगीले आमा र छोरालाई सँगै राख्न नहुने निष्कर्ष निकाल्छ । यो योगीमा भएको अवचेतन मनोविज्ञान हो । मानिसमा रहेको अवचेतन मनस्थितिले उसलाई अनैतिक सम्बन्धबाट टाढा रहन निर्देशन गर्दछ । लोकसमाजमा आमा र छोराबिच हुने यौनसम्बन्धलाई अनैतिक सम्बन्ध मान्ने लोकधारणा छ । यो लोकविश्वासले आमा र छोराबिचको यौनसम्बन्धका कारण आमा र सन्तानबिचको पवित्र सम्बन्ध तथा पारिवारिक संरचना बिथोलिने भएकाले त्यस प्रकारको यौन सम्बन्ध निषेधित हुने शिक्षा दिएको छ ।

'मान्छे नमर्ने घर हुँदैन !' लोककथामा महात्मासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार स्त्री र पुरुषको प्रेमपछि विवाह हुनु, महिना दिन नपुग्दै लोग्ने मर्नु, स्त्रीले पतिसँगै सती जाने जिद्दी गर्नु, घरपरिवार कसैले सम्झाउन नसक्नु, महात्मालाई बोलाउनु, महात्माले स्त्रीको मन बुझाउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । महात्माले जुक्ति लगाएर ती स्त्रीको मन बुझाएका छन्, जसलाई 'मान्छे नमर्ने घर हुँदैन !' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "त्यसो भए ल जाऊ, तिम्रो गामभोरिमा सोध । कुन घरमा मान्छे नमरेको छ ? नमरेका घरको खरानी लिएर आऊ । म तिम्रो बुढालाई उठाइदिन्चु" भनेसी टाठी भै अरे । (परिशिष्ट (क), 'मान्छे नमर्ने घर हुँदैन')

माथिको उद्धरणमा महात्माले ती स्त्रीलाई गाउँबाट जसको घरमा मान्छे मरेका छैनन्, त्यस घरबाट खरानी ल्याउन भन्छन् । यो महात्मामा रहेको चेतन मनोदशा हो, जसका कारण समस्याको समाधान विवेकपूर्ण तरिकाले गर्न खोजेका छन् । ती स्त्री सबै घरमा पुग्छिन् तर मान्छे नमरेको घर भेट्दिनन् । उनलाई सबै घरमा मानिस मर्दा रहेछन्, सबैले यस प्रकारको पीडा भोग्नुपर्ने रहेछ भन्ने ज्ञान हुन्छ । यति बुझ्निसकेपछि ती स्त्री यो दुःखको सामना गर्न तयार भएकी छिन्, जुन युवतीको अवचेतन मनोदशा हो । यस लोकविश्वासमा महात्माको अर्तीउपदेशले लोककल्याण हुने सन्देशको सम्प्रेषण गरिएको छ ।

'राजकुमार दिक्पाल' लोककथामा राजकुमारको साहससम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत राजारानीसँग भएको सर्तबमोजिम जोगीले राजकुमारलाई लिएर जानु, जोगीले आधा बाटोमा पुगेपछि राजकुमारको परीक्षा गर्नु, राजकुमारले बाघ, भालु लाग्ने छोटोबाटो जान अस्वीकार गर्नु, जोगीले राजकुमार नक्कली भएको थाहा पाउनु, फेरि दरबारमा आएर सक्कली राजकुमार लिई जानु र सक्कली राजकुमारले बाघ, भालु लाग्ने छोटो बाटो जान स्वीकार गर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । निडर राजकुमारले छोटो बाटो जान स्वीकार गर्छ, यसलाई 'राजकुमार दिक्पाल' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "हैन लामो बाटो नजाम् । छोटो भए पनि बाघ, भालु लाग्नी नै बाटो जाम् । हामीसँग त लड्नी क्षमता पनि हुन सक्छ नि ?" भनेर राजकुमारले भन्यो । त्यसो भन्दा- "ए हे ! बल्ल पो मलाई सक्कली राजकुमार दिएछन्" अनि छोटो जङ्गलको बाटो नै लिएर गयो । (परिशिष्ट (क), 'राजकुमार दिक्पाल')

उद्धृत कथांशमा जोगीले राजकुमारको साहसको परीक्षा लिएको छ । यसमा राजकुमारमा रहेको अहम् मनस्थिति व्यक्त भएको छ । उनको अवचेतन मनमा आफू राजकुमार भएकाले निडर हुनुपर्ने विश्वास छ । त्यसैले राजकुमारले बाघभालु लागे पनि छोटो बाटो नै रोजेका छन् । अवचेतन मनोदशाले मानिसलाई डरको नियन्त्रण गरी भयानक परिस्थितिको सामना गर्न सघाउँछ । यस लोकविश्वासको प्रयोजन राजकाजको काम सम्पन्न गर्नुपर्ने राजकुमार सानातिना समस्यासँग डराउनु हुँदैन भन्ने सन्देश दिएर व्यक्तिलाई निडर बनाउनु रहेको छ ।

'सेवा नै धर्म' लोककथामा प्राणीको सेवासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत दिलीप राजाले गौसेवा गर्नु, उनले गौसेवा नगरेसम्म केही नखानु, गाई चराउन जङ्गल जानु, यक्षले सिंहको रूप धारण गरेर गाईलाई आक्रमण गर्नु र राजाले गाईलाई नभएर आफूलाई भक्षण गर्न भन्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । यक्षले दिलीप राजाको धैर्यको परीक्षा लिएको प्रसङ्ग 'सेवा नै धर्म' लोककथामा यसरी व्यक्त गरिएको छ :

> यक्षले भन्यो- "हैन, मेरो प्राणको रक्षा नै मांसभक्षण हो । मैले जसरी पनि आफ्नो पेट गुजाराको निमित्त खानुपर्छ" भन्दा राजाले भने- "त्यसो भए मलाई खाऊ ।" (परिशिष्ट (क), 'राजकुमार दिक्पाल')

माथिको कथांशमा यक्षले आफ्नो प्राणको रक्षाका लगि गाईलाई खाने बताएपछि राजा दिलीपले गाईलाई केही नगर्न बरु आफूलाई खान अनुरोध गरेका छन् । यहाँ यक्ष, यक्षले सिंहको रूप धारण गर्ने,

यक्षले राजाको परीक्षा लिने लोकविश्वास मानवीय मनको अचेतन मनोदशाका कारण व्यक्त भएका छन् । राजाले गाईको सट्टा आफूलाई खान अनुरोध गरेको घटना मानिसमा हुने भावनात्मक परिपक्वता हो, यो मानवीय मनको अवचेतन मनोदशामा प्रकट हुन्छ । यस लोकविश्वासको प्रयोजन मानिसलगायत अन्य जीवजन्तुको सेवा गर्नाले लोककल्याण हुने र सेवा भावले मानिसलाई सुखानुभूति दिने सन्देश व्यक्त गर्नु रहेको छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासमा वस्तुलाई मानवीकरण गरेर मानवीय मनको अवचेतन अवस्था व्यक्त गरिएको छ । मानिसको अवचेतन मनबाट प्रकट हुने लोकविश्वासको मुख्य प्रयोजन मानिसलाई खराब र अनैतिक कर्मबाट रोक्ने, लोककल्याणभन्दा विपरीतका कार्य हुन नदिने, वचनप्रति प्रतिबद्ध हुन उत्प्रेरित गर्ने, भाइचाराको सम्बन्ध बनाउने, अर्तीउपदेशमार्फत नैतिक शिक्षा दिने, भावनात्मक रूपमा परिपक्व बनाउने, डर र भय हटाउने र सेवाभावबाट सुखानुभूति प्राप्त गर्ने शिक्षा दिनु रहेको छ । अवचेतन अवस्थामा प्रकट भएका लोकविश्वासले मानिसलाई साहसी बनाई चेतनपूर्ण व्यवहार गर्न उत्प्रेरित गरेका छन् ।

### ४.३.३ अचेतन मनसँग सम्बन्धित लोकविश्वास

अचेतन मन मानवीय मनको होसरहित अवस्था हो । मानिसले होसपूर्वक गर्ने चेतन अवस्थाका कार्यहरूको उद्‌गमस्थल अचेतन मन हो । फ्रायड (सन् १९५५) का अनुसार हरेक चेतनको प्रारम्भिक काल र मनको यथार्थ अवस्था अचेतन मन हो । यसको धेरै भाग अँध्यारो अवस्थामा रहेको हुन्छ (पृ. ६०७) । अचेतन मनलाई व्यापक र यथार्थ अवस्था भनिएको छ । जोन्स (सन् १९६५) को मतमा अचेतनका विचारहरू ज्यादै शक्तिशाली र जादुमयी हुन्छन्
(पृ. ९४) । अचेतनका यिनै इच्छा, चाहना र विचारहरू नै दर्शन, साहित्य र धर्मशास्त्रसँग सम्बन्धित छन् ( बराल, २०६८, पृ. १३) । अचेतनका विचारहरू शक्तिशाली र रहस्यमय हुने धारणा रहेको छ । मनोविश्लेषक युङ्गका अनुसार अचेतन मन व्यक्तिगत अचेतन र सामूहिक अचेतन गरी दुई प्रकारका हुन्छन् । सामूहिक अचेतन परम्पराबाट निर्मित आद्यबिम्बहरूको सञ्चित भण्डार हो (घर्ती, २०६७, पृ. ३७) । युङ्गले भनेका ती आद्यबिम्बहरू नै लोकसाहित्यमा लोकविश्वासका स्रोत हुन् । अचेतन मनोदशा इदम्‌सँग सम्बन्धित रहने हुनाले मानिसले कल्पना, दिवास्वप्न, मनस्तरङ्ग, स्वैरकल्पना आदिबाट सन्तुष्टि लिने कोसिस गर्छ (बराल, २०६८, पृ. १२-२३) । अचेतन मनोदशामा व्यक्तिले कल्पनाका माध्यमबाट आत्मसन्तोष प्राप्त गर्दछ । अचेतन मन सुखको नियमबाट प्रेरित हुने हुँदा यसले तनाव, दबाब सहन नसक्ने, सामाजिक मूल्यमान्यता र मर्यादाको ख्याल नगर्ने, अतार्किक र स्वार्थी प्रवृत्तिको हुन्छ (घर्ती, २०६७, पृ. १६) । अचेतन मनका विशेषताहरू अस्वाभाविक चिन्तन, अतिकल्पना, भय, स्वार्थ र स्वतः समाधान खोज्ने प्रवृत्ति आदि भएकाले अचेतन मन लोकविश्वासको स्रोत हो । लोककथामा अचेतनमार्फत सपना, आत्मा, भूत, प्रेत, आशीर्वाद, वरदान, डर, चिन्ता, भय र त्यसबाट उत्पन्न हिंसात्मक क्रियाकलाप, तन्त्रमन्त्र, दैवीशक्ति, भाग्य, भविष्यवाणी र आकाशवाणी, असाधारण कार्य र शुभाशुभमा विश्वास गरिएका लोकविश्वास व्यक्त हुन्छन् । अचेतन मनस्थितिबाट व्यक्त भएका लोकविश्वासको खास प्रयोजन अतिकल्पना र अस्वाभाविक क्रियाकलापबाट मानिसमा रहेको भय हटाएर स्वतः समस्याको समाधान खोजी गर्दै मानवीय इच्छापूर्ति गरी अन्ततः आनन्द प्रदान गर्ने रहेको छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित

अचेतन मनसम्बन्धी लोकविश्वास भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ४.३ : अचेतन मनसँग सम्बन्धित लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अकलामाई | देवीले सपनामा आफ्नो पूजा गर्न भन्ने |
| २ | आत्मा | आत्मा उडेर अन्यत्र जाने |
| ३ | खछ्यो भ्कोङ दरबार | सपनाको आधारमा राजा छनोट गर्ने |
| ४ | पचभैया | वरदान दिने र पचभैयाको सम्मुख पर्ने मानिस मर्ने |
| ५ | बालन | देवकीको आठौँ गर्भ कंसको काल बन्ने आकाशवाणीसम्बन्धी |
| ६ | भावी | भावीले मानिसको भाग्य लेख्ने र भाग्य मेट्न नसकिने |
| ७ | भुते बिरौटो | भूत र मानिसको सम्बन्ध हुने, मन्तरेको पानीले बच्चा पैदा हुने, भूतले गुरुको आज्ञापालना गर्ने र भूतले मानिसलाई खाने |
| ८ | मौका | धनसम्पत्ति कमाउन भाग्यमा लेख्नुपर्ने |
| ९ | राक्षसभूत | राक्षसले बाघको गोरु, खजुराको जुवा र सर्पको हलो जोत्ने |
| १० | राजकुमार दिक्पाल | बुटी खाँदा बच्चा जन्मने र जोगीले दिएको श्राप लाग्ने |
| ११ | लामाको खप्पर | लामाले भविष्यका बारेमा बताउने |
| १२ | लामाको शक्ति | मन्त्रशक्तिले अस्वाभाविक कार्य गर्ने तथा कैला आँखा र घुमेका पैताला हुने मानिस अशुभ हुने |
| १३ | सराद | श्राद्ध गरेमा पितृले सुखको बाटो देखाइदिने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथि उल्लेख गरिएका नेपाली लोककथामा दैवीशक्ति, आकाशवाणी, सपना, लामा, पितृ, तन्त्रमन्त्र, राक्षस, भूत, पचभैया, बुटी, श्राप, भाग्य, भविष्य र शारीरिक संरचनासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'अकलामाई' लोककथामा देवी र सपनासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार रुखमा देवीको बास भएको हुँदा काटेको रुख भुइँमा नगिरेको प्रसङ्ग छ, जसलाई 'अकलामाई' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "म यहाँ देवी छु । मेरो कुनै किसिमको सम्मान भएन । मेरो शिरमाथिका रुखहरू यसरी काटिँदा मलाई दुःख लायो । तिमीहरू मेरो नजिकै हुँदा पनि मलाई पहिचान गर्न सकेनौँ । त्यो रुखमा म प्रवेश गरेकी छु । रुख काटिँदा पनि भुइँमा भ्कर्न नदिने अवस्था मैले बनाएकी हुँ । तिमीहरूले मेरो पूजन गर, मलाई सम्भिकनी काम गर" भन्नी सपनामा परिचय भएका कारणले भोलिपल्ट विधिसाथ देवीको आराधना गरेर उहाँहरू फर्किनुभो । (परिशिष्ट (क), 'अकलामाई')

माथिको उद्धरणमा रुखमा देवीको बास हुने लोकविश्वास रहेको छ । रुखमा देवीको बसोबास हुनु र देवीले सपनामा आएर आफ्नो पूजा गर्न भन्नु दुवै अचेतनका कारण भएको हो । मानिसले दैवीशक्ति र सपनामा विश्वास गर्नु अचेतन मनोदशा हो । यो लोकविश्वासबाट मानिसको अचेतनले क्षणिक र स्वतः समस्याको समाधान खोजी गर्ने अवस्थालाई देखाएको छ ।

'आत्मा' लोककथामा आत्मासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत व्यापारीलाई केरा खान मन लाग्नु, उसले बेचेर बाँकी रहेको केरा खाने निधो गर्नु, बेच्दा बेच्दै सबै केरा सकिनु, व्यापारी निराश भएर चौतारीमा सुत्नु, उसको आत्मा उडेर रुखमा गई बस्नु, आत्माले बटुवासँग कुरा गर्नु र फर्केर त्यही व्यापारीको शरीरमा आउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । मानिसले आत्मा बुझाउन नसकेको प्रसङ्गलाई 'आत्मा' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "हैन यो क्यार्न बोल्दैन ?" भन्दा "त्यसको पुरुष त म हूँ । यल्ले आफ्नो पुरुष पनि बुझाउन नसकेको हुँदा यसको शरीर छोडेर रुखमा आएर बसेको छु । अब यल्लाई छोडेँ" भनेर भनो । (परिशिष्ट (क), 'आत्मा')

उद्धृतांशमा व्यापारीको आत्माले शरीर छाडेर रुखमा गई बसेको छ । चौतारीमा सुतेको व्यापारीलाई अर्को बटुवाले बोलाउँछ तर ऊ बोल्दैन । रुखमा बसेको आत्माले उसले आफ्नो पुरुष (आत्मा) नबुझाएकाले छाडेर हिँडेको बताउँछ । यसरी आत्माले शरीरलाई छाड्ने कुरामा विश्वास गर्नु मानिसमा रहेको अचेतन मनोदशाको परिणाम हो । यहाँ मानिसको चेतन र अचेतन मनोदशाका बिचमा द्वन्द्व देखाइएको छ । मानिसले धेरै पैसा कमाउने तृष्णा राख्नु चेतन मनोदशा हो भने आत्मसन्तुष्टि हुनुपर्ने मनोदशा अचेतन मनस्थिति हो । माथिको उद्धरणमा भौतिक सुखसुविधाभन्दा आत्मसन्तुष्टि हुनुपर्ने देखाइएकाले अचेतन मनोदशाको जित भएको छ । यस लोकविश्वासको प्रयोजन मानिसले आफूलाई खुसी र सन्तुष्ट राख्नुपर्ने शिक्षा दिनु रहेको छ ।

'खछ्र्यो झोङ दरबार' लोककथामा सपनामा आधारित लोकविश्वास व्यक्त भएको छ । यस लोककथामा एक जना वृद्धले मुस्ताङ हुँदै तीर्थाटनमा निस्कने भिक्षुलाई राजा बनाउनु भन्ने सपना देख्नु, गाउँलेले वृद्धको सपनामा विश्वास गर्नु, सपनाका आधारमा भिक्षुलाई राजा चुन्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । सपनामा विश्वास गरेर राजा छानिएको प्रसङ्गलाई 'खछ्र्यो झोङ दरबार' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> ऊसँग गाउँलेहरूले- "हाम्रो ठाउँ धेरै पछाडि परेको छ । तपाईं हाम्रो ठाउँमा शासकको रूपमा बस्दिनुपऱ्यो । हामीहरूको लागि काम गरिदिनुपऱ्यो" भनी अनुनयविनय गरे । (परिशिष्ट (क), 'खछ्र्यो झोङ दरबार')

माथिको उद्धरणमा गाउँलेहरूले एक जना वृद्धको सपनाका आधारमा भिक्षुलाई राजा बनिदिन अनुनयविनय गरेका छन् । मानिसमा रहेको अचेतन मनोदशाले समस्याको स्वतः समाधान खोज्ने भएको हुँदा सपनामा विश्वास गरिएको हो । माथिको कथांशमा अचेतन मनस्थितिका कारण सपनाका आधारमा शासक रोज्ने यथार्थ व्यक्त भएको छ ।

'पचभैया' लोककथामा पचभैया र वरदानसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत पचभैया सेता लुगामा सेतै घोडामा गाउँघर डुल्नु, पचभैयाभन्दा अगाडि उसका दूतहरू हिँड्नु, वृद्धले पुच्छरमा समातेर घोडालाई रोक्नु, पचभैयालाई झ्यालबाट हेरे मृत्यु हुने र पचभैयाले वरदान दिनु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । पचभैयाले दिएको वरदानको शुभफल प्राप्त हुने प्रसङ्गलाई यस लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> बन्दीपुर बजारमा पुच्छर समातेर अड्याएपछि पचभैयाले अनुरोध गरेच- “ओहो बुढा बा ! तपाईंले बहादुरी काम गर्नुभो, के माग्नुहुन्छ ?” भनेर भन्दा “यो बन्दीपुरमा लक्ष्मीको बास होस्” भनेर मागे रे । (परिशिष्ट (क), ‘पचभैया’)

प्रस्तुत कथांशमा वृद्धको बहादुरी देखेर पचभैयाले वरदान माग्न आग्रह गरेको छ । बुढाले “बन्दीपुर बजारमा लक्ष्मीको बास होस्” भनी वरदान माग्छन् । पचभैयाले दिएको वरदानको शुभफल मिल्ने अचेतन मनोदशाका कारण बन्दीपुरमा लक्ष्मीले बास गरेको लोकविश्वास छ । पचभैया खुसी हुँदा वरदान दिने भए पनि यो दुस्तत्त्व भएकाले यसको सम्मुख पर्ने मानिस मर्ने लोकविश्वास ‘पचभैया’ लोककथामा यसरी प्रस्तुत भएको छ :

> “जो सम्मुखमा पर्छ त्यो मान्छे मर्छ, जो झ्यालबाट उघारेर हेर्छ, ऊ बिजुली चम्केकोबाट मर्छ र जसले झ्यालबाट सानो प्वाल बनाएर हेर्छ उल्ले यो कथा भन्न सक्छ” भन्ने उक्ति भएको हुनाले एक जनाले हेरिरहेका थिए रे ! (परिशिष्ट (क), ‘पचभैया’)

उद्धृत कथांशमा पचभैयालाई झ्यालबाट हेर्ने मानिस चट्याङ लागेर मर्ने र सानो प्वालबाट हेर्नेले पचभैयाको कथा भन्ने लोकविश्वास रहेका छन् । यी लोकविश्वास मानिसमा रहेको अचेतन मनोदशाका कारण सिर्जित भएका हुन् । अचेतन मनोदशाका कारण मानिस सुखको नियमबाट प्रभावित हुने हुँदा पचभैयाको वरदानमा विश्वास गरिएको छ भने भयका कारण पचभैयाको सम्मुख पर्ने व्यक्ति मर्ने लोकविश्वास प्रचलनमा रहेको छ । यहाँ मानिसले विभिन्न घटनाबाट उत्पन्न भयका कारण दैवीशक्तिमा विश्वास गरेको यथार्थ व्यक्त भएको छ । यी लोकविश्वासले रातको समयमा विभिन्न समस्या आइपर्न सक्ने र तत्काल सहयोग नपाइने भएकाले झ्यालढोका खोलेर बस्न नहुने सन्देश दिएका छन् ।

‘बालन’ लोककथामा आकाशवाणीसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार देवकीको विवाहका दिन कंस दाइजोसहित बाटोसम्म छोड्न जानु, देवकीको आठौँ गर्भ कंसको काल बन्ने आकाशवाणी हुनु र त्यो सुनेर कंसले देवकीलाई मार्न तम्सनु आदि घटनाक्रमको संयोजन गरिएको छ । आकाशवाणी सुनेर कंस भयभीत बन्छ, जसलाई ‘बालन’ लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> “जाँदै छस् तँ पुऱ्याउनकन, स्वयम् जसलाई बहिनी भनी
> मर्लास् अष्टम गर्भबाट उसकै, जन्मन्छ कालै बनी ।”
> (अष्टम गर्भ तेरो काल हुन्छ भनेपछि कंस झस्कन्छ)
> कंसले भन्छ-
> “फेदै काटिदिएपछि कसोरी, बिरुवा फल्ला र फुल्ला अनि
> तसमा देवकीलाई म काट्छु अहिले, हो कालको बोझ भनी ।” (परिशिष्ट (क), ‘बालन’)

माथिको उद्धरणमा कंसजस्तो शक्तिशाली मानिस पनि आकाशवाणी सुनेर डराएको प्रसङ्ग छ । उसलाई मृत्युसँग ज्यादै डर लागेको हुँदा त्यसले देवकीलाई काटिदिने विचार गर्छ । कंसले आकाशवाणीमा विश्वास गर्नु र मृत्युसँग डराउनु दुवै अचेतन मनोदशाका कारण भएको पाइन्छ । कंसमा मृत्युको भयका कारण मनोविकृति सिर्जना भई त्यसले हिंसात्मक रूप लिएको छ । यस लोकविश्वासमा अचेतन मनोदशाका कारण मानिसमा उन्मादको वृद्धि भई हिंसात्मक कार्यमा अग्रसर हुने यथार्थ रहेको छ ।

'भावी' लोककथामा भावी र भाग्यसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअनुसार भावीले राजकुमारको सोह्र वर्षको उमेरमा घर तलको बेलौतीको रुखमा झुन्डिएर मर्ने भाग्य लेखेको छ । राजाले अनेक प्रयत्न गर्दा पनि राजकुमारको मृत्यु भने भावीले भनेअनुसार हुन्छ, जसलाई 'भावी' लोककथामा यसरी व्यक्त गरिएको छ :

> बर्सेनि फाँड्दै जाँदा बाह्रचौध वर्ष भएपछि राजाले राजकाजले बगैँचा फाँड्ने काम भुलेचन् । त्यही वर्ष बेलौतीको रुख त धेरै ठुलो भयो । राजकुमार सोह्र वर्षको उमेरमा त्यही बेलौतीको रुखमा झुन्डिएर मरेछ । (परिशिष्ट (क), 'भावी')

माथिको उद्धरणमा राजाले छोराको असमयको मृत्यु टार्न दरबारका सबै बगैँचा फाँड्न लगाएका छन् । वर्षैपिच्छे फाँड्दा पनि एउटा सानो जरो पलाएर आउँछ । राजा राजकाजतिर भुल्छन् तर पछि त्यही बेलौतीको रुखमा झुन्डिएर राजकुमारको मृत्यु हुन्छ । यसरी मानिस भाग्यको भर पर्ने लोकविश्वास अचेतन मनोदशाका कारण सिर्जना भएको हो । यहाँ मानिसको अचेतन मनस्थितिले दैविक शक्तिमा विश्वास गर्ने भएको हुँदा राजकुमारको मृत्यु भावीले भनेबमोजिम नै भएको देखाइएको छ ।

'भुते बिरौटो' लोककथामा भूतसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत कालु अर्यालले लुधीखोला नजिक भूत भेट्नु, भुतिनीलाई पानी मन्तरेर दिनु, भुतिनीले सजिलै बच्चा जन्माउनु, भूतले कालु अर्याललाई अनौठो पुस्तक दिनु, भूतले गुरुको आज्ञा मानेर भुते बिरौटो खेत बनाउनु र भूतले पण्डितकी बुहारी खानु आदि घटनाक्रमको संयोजन गरिएको छ । पण्डितले भुतिनीलाई सहयोग गर्छन्, जसलाई 'भुते बिरौटो' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> भूतले यथार्थ कुरो भने- "भुतिनीले बच्चा पाउन नसकेर पीडा भैराखेको छ । त्यसकै छटपटाहट हो ।" त्यसपछि कालु अर्यालले पानी मन्तरेर भुतिनीलाई खान दिए । पानी खाएपछि बच्चा सजिलैसित पैदा भयो अनि भूतहरू पनि छक्क परे । (परिशिष्ट (क), 'भुते बिरौटो')

माथिको उद्धरणमा भूतले कालु अर्यालसँग श्रीमती बच्चा पाउन नसकेर छटपटाइरहेको बताउँछ । कालु अर्यालले भुतिनीलाई पानी मन्तरेर खान दिएकाले बच्चा पैदा भएको छ । मानिस र भूतबिच कुराकानी हुनु, मानिसले भुतिनीलाई सहयोग गर्नु र मन्तरेको पानीले बच्चा पैदा हुने लोकविश्वास अचेतन मनोदशाका कारण व्यक्त भएका हुन् । 'भुते बिरौटो' लोककथामा कालु अर्याललाई भूतले एउटा अनौठो पुस्तक दिएका छन्, जुन खोल्ने बित्तिकै भूतहरूको उपस्थिति हुन्छ । एक दिन भूतले गुरु कालु अर्यालसँग आफ्नो वरपर भएको सिकार खाने अनुमति माग्छन्, जसलाई 'भुते बिरौटो' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> "हुन्च तिमीहरूले सिकार खान्चौ भने मेरो के आपत्ति भो ?" भनेर गुरुले अनुमति दिनुभयो । आखिर त्यो गुरुकी बुहारी रैछ र बुहारीको मृत्यु भयो । ती भूतहरूले खाइदिए त्यसैले गुरुलाई तनाव भयो । (परिशिष्ट (क), 'भुते बिरौटो')

माथिको उद्धृतांशमा भूतहरूले गुरुसँग सिकार खाने अनुमति मागेका छन् । उनले सिकार छ भने खाऊ भनेर आज्ञा दिन्छन् । भूतले के गर्ने रहेछन् भनेर रुखमा चढेर हेरेकी कालु अर्यालकी बुहारीलाई खाइदिन्छन् । यसरी भूत नरभक्षी हुने लोकविश्वास मानिसको अचेतन मनका कारण व्यक्त भएको छ ।

'मौका' लोककथामा भाग्यसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत अंशबण्डा गरेका तीन भाइमध्ये कान्छाको उन्नति नहुनु, उसले दाजुहरूसँग गुनासो गर्नु, उनीहरूले खेतबारी र वस्तुभाउ साटिदिनु, त्यति गर्दा पनि कान्छाको खेतीबाली नसप्रनु र उसले भावीलाई पक्रेर आफ्नो भाग्यका बारेमा सोध्नु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । कान्छो भाइले भावीलाई फक्रेर आफ्नो भाग्यका बारेमा सोधेको कुरा 'मौका' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "तेरो भाग्य त विदेशतिर छ, यहाँ छैन" भनेर भावीले भन्यो । भावी अदृश्य भयो र कान्छो फर्केर आयो । ऊ विदेश जान तयार भयो, विदेशमा गएर प्रगति गऱ्यो र धेरै धनसम्पत्ति कमाएर आयो । ( परिशिष्ट (क), 'मौका')

प्रस्तुत दृष्टान्तमा भावीले युवकलाई उसको भाग्य विदेशमा भएको बताएको छ । यसरी मानिसले भाग्य अर्थात् भविष्य लेख्ने भावीलाई पक्रने, भावी र मानिसको कुराकानी हुने तथा भावीले मानिसलाई भाग्यका बारेमा बताइदिने लोकविश्वास अचेतन मनोदशाका परिणाम हुन् ।

'राक्षसभूत' लोककथामा राक्षससम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअनुसार राक्षसले नरभक्षण र अस्वाभाविक कार्य गर्ने उल्लेख छ, जसलाई 'राक्षसभूत' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> "राक्षस बालाई खाजा पुऱ्याएर आइजा केटी अनि आगो लैजा" भनिचन् । केटीले खाजा लिएर गैचन् । राक्षसबाले बाघको गोरु, खजुराको जुवा र सर्पको हलो बनार जोत्तै रैचन् । माथि डिलमा खाजा राखेर फर्किचन् अरे । (परिशिष्ट (क), 'राक्षसभूत')

माथिको उद्धरणमा राक्षसले बाघको गोरु, खजुराको जुवा र सर्पलाई हलो बनाएर जोत्ने अस्वाभाविक लोकविश्वास आएको छ । यसरी राक्षसले बाघ, खजुरो र सर्पलाई आफ्नो अधीनमा लिने भएको हुँदा राक्षस डरलाग्दो, भयङ्कर र दुच्छर हुन्छ भन्ने मानिसको अचेतन मनोविज्ञान रहेको छ । राक्षसमा असाधारण शक्ति हुने र अस्वाभाविक कार्य गर्ने लोकविश्वास मानिसको अचेतन मनस्थितिका कारण व्यक्त भएका छन् ।

'राजकुमार दिक्पाल' लोककथामा बुटी र जोगीसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत जोगीले राजारानीलाई सन्तान हुने बुटी दिने, रानी गर्भवती हुने, राजकुमार दिक्पालको जन्म हुने र जोगीले श्राप दिन डरले राजारानीले राजकुमार दिक्पाललाई दिई पठाउने घटनाक्रमको संयोजन गरिएको छ । बुटी विभिन्न किसिमका जडीबुटीबाट निर्माण गरिने औषधी हो । तान्त्रिक र झारफुक गर्ने मानिसहरूले दुखेको ठाउँमा कुचो वा मुट्ठीले बिस्तारै हान्ने र औषधीका रूपमा जडीबुटी दिएर रहस्यमूलक भेद गर्ने विधि अपनाएका हुन्छन् (शाह, २०७६, पृ. ६२-६३) । जडीबुटीमा असाधारण क्षमता हुने लोकधारणा छ । जोगीमा दैवीशक्ति हुनाले उसले आशीर्वाद र श्राप दिँदा त्यसको शुभाशुभ परिणाम भोग्नुपर्ने लोकविश्वास छ । जोगीले दिएको बुटी खाएपछि बच्चा जन्मने प्रसङ्गलाई 'राजकुमार दिक्पाल' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> "अब के गर्नी त ? हाम्रा सन्तान छैनन्" राजारानीले भने । त्यसपछि राजाले- "केही उपाय छ भने हजुरले बताम्नुस्" भने । त्यसो भनेपछि- "मसँग बुटी छ । यो खाएपछि राजकुमार दिक्पाल जन्मने

> छ । राजकुमार बढ्दै गएर सात वर्षको हुँदा मलाई फिर्ता दिनुपर्ने छ" भनेर जोगीले भन्यो । (परिशिष्ट (क), 'राजकुमार दिक्पाल')

माथिको उद्धरणमा जोगीले आफूसँग भएको बुटी खाएका राजकुमार दिक्पाल जन्मने विश्वास दिलाउँछ । उसले राजकुमार जन्मेको सात वर्षपछि आफूलाई फिर्ता दिनुपर्ने सर्त राख्छ । मानिसको अचेतन मनोदशाका कारण अनेक इच्छा उत्पन्न हुने भएकाले राजारानीले बुटी खाँदा बच्चा जन्मने कुरामा विश्वास गरेका छन् । जोगीले राजारानीलाई सक्कली राजकुमार नदिए श्राप दिने धम्की दिएको कुरालाई 'राजकुमार दिक्पाल' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> उही दरबारमा गएर- "मलाई सक्कली राजकुमार दिनी भए देऊ, नदिनी भए म नक्कली राजकुमार फिर्ता दिन्चु र तिमीहरूलाई सराप दिन्चु" भनेर जोगीले भन्यो । (परिशिष्ट (क), 'राजकुमार दिक्पाल')

माथिको उद्धरणमा जोगीले आफूलाई राजारानीले नक्कली राजकुमार दिएको लोकविश्वास आएको छ । मानिसले नक्कली मानिस बनाउन सक्नु अतिकाल्पनिक लोकविश्वास हो । जोगीले सक्कली राजकुमार नदिए श्राप दिन तयार हुन्छ । राजारानीको अचेतनमा जोगीले दिएको श्राप लाग्ने र त्यसले अनिष्ट उत्पन्न हुने डर रहेको छ । यहाँ श्रापका कारण अमङ्गल हुने लोकविश्वास अचेतन मनोदशाका कारण व्यक्त भएको छ ।

'लामाको खप्पर' लोककथामा भविष्यसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत पेम्बो गुम्बाका लामाले आफू मरेपछि कागबेनीको बगरमा खप्पर उत्पन्न हुने भविष्यवाणी गरेका छन् । लामा मरेर गएको केही वर्षमा उनका चेलाहरूले कागबेनीको बगरमा मानव खप्पर फेला पारेको प्रसङ्ग 'लामाको खप्पर' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> यही काली खोलामा एउटा दच्छ्याउनी दच्छ्याएर उहाँ पूजा गरेर स्वर्ग जानुभयो । स्वर्ग गएको तीन, चार वर्षपछि उहाँका चेलाहरू कागबेनीको बगरमा खोज्न जाँदाखेरि एउटा खप्पर फेला पार्नुभएको रहेछ । (परिशिष्ट (क), 'लामाको खप्पर')

माथिको कथांशअनुसार काली खोलाको किनारमा लामाको मृत्यु भएको छ । लामाले मृत्युपूर्व गरेको भविष्यवाणीअनुसार उनी मरेर गएको केही वर्षपछि चेलाहरूले बगरमा मानव खप्पर फेला पार्छन् । यसमा अचेतन मनोदशाका कारण लामामा दैवीशक्ति हुने र उसले गरेको भविष्यवाणी पूरा हुने लोकविश्वास रहेको छ ।

'लामाको शक्ति' लोककथामा मन्त्रशक्ति र अस्वाभाविक शारीरिक संरचनासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअनुसार जादुगर्नी बुढीले मन्त्रशक्तिको प्रयोग गरी गाउँमा विध्वंस मच्याएकी छ । उसको मन्त्रबलका कारण मानिस बौलाउने र गाईवस्तु मर्ने घटना भएका छन्, जसलाई 'लामाको शक्ति' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> बुढीले ती रिसाका मुन्छेको नङ, कपालमा टुनामुना गर्थी र फेरि बिरालालाई तिनीहरूका घरको मझेरीमा लगेर राख्न लाम्दिरचे । बिरालाले त खोस्रन सक्ने भयो केरे । सानो प्वाल बनार मझेरीमा राखिदिँदो रच, त्यसपछि ती घरमा त विध्वंस मच्चियो । ओ मान्छे बौलाउनी, गाई, डियाँ मोर्नी र

> घर पहिरो जानी अनेक हुन लाच । यस्तो भर गाम्लेहरू दिक्क परेचन् । (परिशिष्ट (क), 'लामाको शक्ति')

माथिको उद्धरणमा जादुगर्नी बुढीले मन्त्रशक्तिले मानिसको नङ, कपाल र लुगामा टुनामुना गरेकाले मानिस बौलाउने, गाईवस्तु मर्ने, पहिरो जाने घटना भएका छन् । यहाँ अचेतन मनोदशाका कारण मानिसले मन्त्रशक्तिले मानिसलाई बौलाहा बनाउनु, गाईवस्तु मर्नु र प्रकृतिमा नै विनाश ल्याउने कुरामा विश्वास गरिएको छ । यी लोकविश्वासबाट मानिसको अचेतनमा मन्त्रबाट अस्वाभाविक कार्य गर्न सक्ने भय रहेको प्रस्ट हुन्छ । 'लामाको शक्ति' लोककथामा कैला आँखा र घुमेका पैताला भएका मानिस कपटी हुने प्रसङ्ग यसरी प्रस्तुत गरिएको छ :

> एकादेशमा एउटी कुरूप बुढी रैचे । त्यसका आँखा बिरालाका जस्ता कुइरा थिए रे । अनुहार दारे पहरोजस्तै नराम्रो रैच । खुट्टाका पैताला माथिपट्टि औँलानेरबाट घुमेका थिए रे । (परिशिष्ट (क), 'लामाको शक्ति')

प्रस्तुत कथांशमा बुढीका कैला आँखा, छ्याके नमिलेको लाम्चो अनुहार र खुट्टाका औँला घुमेका छन् । कथानकअनुसार गाउँलेहरूले कुरूप भएका आधारमा बुढी मान्छे जादुगर्नी, कपटी र खराब भएको अनुमान गरेका छन् । लोकसमाजमा फरक शारीरिक संरचना भएका र असुन्दर मानिसहरू खराब हुने मनोविज्ञान प्रचलित छ । मानिसमा रहेको अचेतन मनोदशाका कारण मनोविकृति निर्माण भई फरक शारीरिक संरचनालाई अस्वाभाविक मानिएको हो । यसरी कुरूप अनुहार, कैला आँखा र घुमेका पैताला हुने मानिस खराब ठान्ने अचेतन मनोदशाको परिणाम हो ।

'सराद' लोककथामा पितृसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । श्राद्ध पितृलाई खुसी तुल्याउन गरिने धार्मिक अनुष्ठान हो । यसको कथानकअन्तर्गत बुहारीले ससुराको श्राद्ध गर्नु, तृप्त भएका पितृ सपनामा आएर सुखको बाटो देखाइदिनु र पितृले भनेबमोजिम कार्य गर्दा छोराबुहारी धनी भएका घटनाक्रमको संयोजन गरिएको छ । सपनामा पितृ आउने प्रसङ्गलाई 'सराद' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> त्याँट ती बुढा, ससुरा सपनामा आर भनेचन्- "बुहारी ! तिमी धन्य रैचौ । आज पेटभोरि खाएँ, म अघाएँ, सन्तुष्ट छु । तिम्ले दुःख पायौ, दुःख पाएँ भनेर पिर नमान । मैले तिम्लाई बाटो देखाइदिन्चु" भनेर ससुराले भनेचन् । (परिशिष्ट (क), 'सराद')

माथिको उद्धरणमा बुहारीले श्राद्ध गरिदिएपछि ससुरा सपनामा आएर आफूले पेटभरि खाएको बताएका छन् । यहाँ मानिसको चेतन मनले समाजमा चलेका सांस्कृतिक क्रियाकलाप गर्न अभिप्रेरित गरेको छ । मानिसमा रहेको पराहम्ले उसलाई सामाजिक नीतिनियम र आचारसंहिताबाट बाहिर जान दिँदैन । ससुराले सपनामा आएर छोराबुहारीलाई सुखको बाटो देखाइदिने अतिकाल्पनिक लोकविश्वास हो । मानिसलाई अचेतन मनले यस किसिमको सुखानुभूतितर्फ आकर्षित गरेको हुन्छ ।

माथिको तालिकामा दैवीशक्ति, आकाशवाणी, सपना, लामा, पितृ, तन्त्रमन्त्र, टुनामुना, राक्षस, भूत, पचभैया, बुटी, श्राप, भाग्य, भविष्य र शारीरिक संरचनासम्बन्धी लोकविश्वास रहेका छन् । यी अचेतन मनोदशाका कारण प्रकट भएका लोकविश्वास अस्वाभाविक, अयथार्थ र अतिकाल्पनिक छन् । प्रस्तुत लोकविश्वासमा मानिसले अचेतन मनोदशाका कारण समस्याको स्वतः समाधान खोज्ने, सुखद भविष्यको

तीव्र चाहना गर्ने, अस्वाभाविक कार्यमा विश्वास गर्ने, इच्छापूर्तिको तीव्र चाहना राख्ने, अचेतनका कारण हिंसात्मक तथा अनैतिक कार्यमा संलग्न हुने र दैवीशक्तिमा विश्वास गर्ने गरेका छन् । लोककथामा अचेतन मनोदशाका लोकविश्वास प्रकट गरिनुको प्रयोजन भय, अस्वाभाविक कार्य, अदृश्य शक्तिमा विश्वास, अतिकल्पना, सपना, भाग्य र भविष्यमा विश्वास गरी अन्ततः इच्छापूर्ति गर्दै सुखको खोजी गर्नु रहेको छ ।

## ४.४ लोकसंस्कृतिसम्बद्ध लोकविश्वासको प्रयोजन

मानिसले जीवननिर्वाह गर्ने क्रममा विभिन्न किसिमका लोकव्यवहार अपनाउँछन् । परापूर्वकालदेखि निरन्तर रूपमा प्रचलित सोचाइ, आनीबानी, खानपान, लवाइखवाइ, चाडपर्व, मेलापात, जात्रामात्रा, धर्म र संस्कार आदिको समष्टिगत रूप नै लोकसंस्कृति हो । यिनै लोकसंस्कृतिबाट लोकविश्वासको निर्माण र विकास हुने हुनाले लोकविश्वासमार्फत लोकसंस्कृतिका बारेमा ज्ञान लिन सकिन्छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित र यस शोधप्रबन्धका लागि निर्धारित लोककथामा रहेका संस्कृतिसम्बद्ध लोकविश्वासको धार्मिक, शैक्षिक, सामाजिक र सांस्कारिक प्रयोजनलाई लोकविश्वासको अवधारणात्मक स्वरूपभित्र रही निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.४.१ लोकविश्वासको धार्मिक प्रयोजन

धर्म कुनै व्यक्ति वा वस्तुमा रहने स्वभाव, गुण, आचरण तथा मूल प्रवृत्ति हो । यसले मानिसले पालना गर्नुपर्ने कर्तव्य, जाति तथा सम्प्रदाय आदिका शास्त्रनिहित आचरणलाई बुझाउँछ (आप्टे, सन् १९६६, पृ. ४८९) । व्यक्तिले आफ्नो कर्तव्य र शास्त्रमा लिखित आचरणहरूको पालना गर्ने कुरा धर्मअन्तर्गत पर्दछ । समाजमा विभिन्न जातजाति, वर्ग, लिङ्ग र धर्म मान्ने मानिसहरूको बसोबास रहेको छ । तिनले आआफ्ना जातीय र सम्प्रदायिक मूल्यमान्यताअनुसार धार्मिक क्रियाकलाप गर्छन् । ऋग्वेदअनुसार धर्म विधि अर्थात् नियम हो भने लोकसमाजले धर्मलाई राज्यको नियमभन्दा भिन्न र समाजबाट स्वीकारिएको परम्परागत नियम मान्दछ (खतिवडा, २०७४, पृ. ५७६) । समाजले श्रद्धापूर्वक धार्मिक विचार र अनुष्ठानिक क्रियाकलापलाई स्विकार गरेको छ । धर्म शास्त्रनिर्देशित असल आचरण विकास गर्ने माध्यम पनि हो । सात्विक भोजन, सदाचारको पालना, कर्तव्यपरायण, निष्ठापूर्वक आत्मज्ञान तथा ब्रह्मज्ञान प्राप्तिका निमित्त गरिने समर्पण भाव नै धर्म हो (सापकोटा, २०७२, पृ. ४२) । धर्मले मानिसलाई शारीरिक र मानसिक रूपमा स्वस्थ राखी असल कर्म गर्ने प्रेरणा दिन्छ ।

गण्डकी प्रदेशका नेपाली लोककथामा धार्मिक उद्देश्य भएका दैवीशक्ति, धार्मिक व्यक्तित्व, बहुलोक, जातीय संस्कार र प्रथा, पाप र पुण्य, दान, यज्ञ, तीर्थ र व्रत, धर्मशास्त्र र तीर्थस्थलसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । षडानन्द पौड्याल (२०७८) का अनुसार धार्मिक लोकविश्वासको केन्द्रमा धार्मिक आस्था प्रकट हुन्छ (पृ. ३७) । मानिसले समाजमा प्रचलित धर्म र धर्मशास्त्रद्वारा निर्दिष्ट मूल्यमान्यतालाई दृढताका साथ लोकव्यवहारमा अपनाएकाले नै धार्मिक लोकविश्वासको उत्पत्ति र विकास भएको हो । धर्म र धार्मिक अनुष्ठानसँग सम्बन्धित लोकविश्वासका उद्देश्य समाजमा प्रचलित धार्मिक मूल्यमान्यताका बारेमा ज्ञान दिनु, पाप र धर्मको डर देखाएर मानिसलाई सदाचारको पालना गर्न उत्प्रेरित गर्नु तथा विभिन्न अनुष्ठानमार्फत प्रकृतिको संरक्षण गरी मानव जीवनलाई सार्थक तुल्याउने रहेका छन् । यहाँ

गण्डकी प्रदेशबाट सङ्कलित धार्मिक प्रयोजन भएका नेपाली लोककथाहरूलाई वर्णानुक्रमअनुसार राखी तिनमा व्यक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ४.४ : धार्मिक प्रयोजनसम्बद्ध लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अकलामाई | अकलामाईको विधिपूर्वक पूजा गर्दा पुण्य हुने |
| २ | अल्छी | तिलबारीमा दौड्न नहुने |
| ३ | ऋषिपञ्चमी | ऋषिपञ्चमीको पूजा गर्नाले महिलाहरू पापबाट मुक्त हुने |
| ४ | काफ्ले पाठो | काफ्ले पाठाको रौँ समेत घरमा राख्दा फलिफाप हुने |
| ५ | कुछब तेरङा | कागले पूजा गर्दागर्दैका देवता टिपेर गुम्बामा राखिदिने र काग लामाको अवतार मानिने |
| ६ | दाजु र बहिनी | नागले मानिसको दुःख बिलौना बुझ्ने |
| ७ | धर्म र पाप | पिपल काट्दा पाप लाग्ने |
| ८ | पुण्यशिला | साधुले धार्मिक स्थलको स्थापना गरी संरक्षण गर्नुपर्ने |
| ९ | बदला | गङ्गामा नुहाउँदा पवित्र भइने र गङ्गालाई भेटी चढाउनुपर्ने |
| १० | बालन | चारै दिशामा भगवान्को बास हुने |
| ११ | बुद्धत्व | श्रद्धाले तुच्छ वस्तुमा पनि भगवान् प्राप्त हुने |
| १२ | भुते बिरौटो | भुते बिरौटो खेतमा खेती गर्नु अगाडि भूतको पूजा गर्ने |
| १३ | मुक्तिक्षेत्र | मुक्तिनाथको दर्शन गर्नाले समस्याबाट पार पाइने र मुक्तिनाथमा रहेका कुण्डमा स्नान गर्नाले पाप नाश भई धर्मको आगमन हुने |
| १४ | लामाको शक्ति | लामाले सुँघेर समस्या पत्ता लगाउने, लामाले तन्त्रमन्त्रबाट अनिष्ट रोक्न सक्ने र भूतको पूजा दोबाटोमा गर्नुपर्ने |
| १५ | सेवा नै धर्म | गाईको सेवा गर्दा पुण्य मिल्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा समाविष्ट लोककथामा देवीदेवता, साधुसन्त, काग, तिल, पिपल, गङ्गा, मुक्तिनाथ, लामा र गौसेवासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'अकलामाई' लोककथामा अकलामाईसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत काटेको रुख भुइँमा नखस्नु, सपनामा देवीले आफ्नो शिरका रुख काट्दा दुःख लागेको बताउनु, देवीथान बनाएर विधिपूर्वक अकलामाईको पूजा गर्नाले काटेको रुख भुइँमा खस्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । अकलामाईको विधिपूर्वक पूजा गर्दा शुभ हुने कुरालाई प्रस्तुत लोककथामा यसरी व्यक्त गरिएको छ :

> अबदेखि हामी नियमित तरिकाले पूजाआजा गरेर देवी माताको सधैँ आराधना गर्ने छौँ" भन्ने गाउँबाट सङ्कल्प भएर आजतक पनि वर्षको दुई पटक कार्तिक र चैत महिनामा देवीको पूजाआजा गर्ने चलन छ । (परिशिष्ट (क), 'अकलामाई')

माथिको उद्धरणमा देवीले मानिसको सपनामा आएर आफ्नो थान बनाई पूजापाठ गर्न आग्रह गरेकी छन् । हाल लमजुङको राउतथोक माथिको जङ्गलमा अकलामाई देवीको थान बनाएर कार्तिक र चैत्र महिनामा वर्षको दुई पटक पूजा गर्ने चलन छ । शक्तिको प्रतीक देवीलाई देख्नु भनेको जस्तोसुकै

समस्या भए पनि त्यसको निराकरण गर्ने शक्ति प्राप्त हुने र मनले चाहेको पूरा गर्न सकिने विश्वास नेपाली समाजमा छ (पौड्याल, २०७८, पृ. ३६६) । देवीको शक्तिको आराधनाबाट इच्छाएको पूरा हुने लोकविश्वास छ । लमजुङको राउतथोकमा अकलामाईको पूजा गर्दा श्रवण शक्ति फर्कने लोकविश्वास रहेको छ । यसको प्रयोजन मानिसलाई देवीको शक्तिप्रति विश्वास दिलाउँदै वनजङ्गलको संरक्षण गर्नु रहेको छ ।

'अल्छी' लोककथामा तिलसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । कथानकअनुसार अल्छीलाई बुबाले तिलबारीमा दौडिन नहुने अर्ती दिएका छन् । तिलबारीमा दौडनाले दुःख आइपर्ने कुरालाई 'अल्छी' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "ए बाबु ! साह्रै अल्छी भएर नहिँड् । बान्ना खुट्टो हल्लाएर नबस् । तिलबारीमा नदौडी । स्वास्नीलाई विश्वास नदे बाबु है" भनेर बाउले भनेच । (परिशिष्ट (क), 'अल्छी')

माथिको उद्धरणमा अल्छीलाई बुबाले बान्नामा खुट्टो हल्लाएर नबस्न, तिलबारीमा नदौडिन र स्वास्नीलाई विश्वास नदिन अर्तीउपदेश दिएका छन् । तिल पितृकार्य र देवकार्यमा चढाइने वस्तु भएको हुँदा कुल्चनु हुँदैन भन्ने लोकविश्वास छ । देवकार्यमा मुख्यतः जौ, तिल, कुश, बत्ती, जल र फलफूल चढाउँछन् । पितृ कार्यमा तिल दान गर्नाले मन, वचन र शरीरले गरेका तीन पाप नाश हुने विश्वास छ ( वशिष्ठ, २०६६, पृ. ९०) । देवकार्यमा चढ्ने भएकोले धार्मिक मान्यताअनुरूप तिलबारीमा कुल्चनसमेत निषेध गरिएको छ ।

'ऋषिपञ्चमी' लोककथामा ऋषिपञ्चमीसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत विष्णुले वृत्रासुर राक्षसलाई मार्नु, उनलाई ब्रह्महत्याको दोष लाग्नु, ब्रह्माजीले उक्त दोष चार ठाउँमा फाल्ने सल्लाह दिनु, विष्णुले एक भाग स्त्री रजमा फ्याँक्नु र रजस्वलाको दोष कटाउन स्त्रीले ऋषिपञ्चमीको व्रत गर्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । ऋषिपञ्चमीको व्रत बस्नाले रजस्वलामा भएको स्पर्शजन्य दोषबाट मुक्त हुने कुरा यस लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> "स्त्रीजाति रज भएको ब्रह्महत्या लागेको हो । त्यो ब्रह्महत्यालाई साम्य गर्न, शान्त गर्नका निमित्त स्त्रीजातिहरूले ऋषिपञ्चमीको व्रत गर्नुपर्छ । महिलाहरू ब्रह्महत्याको पापबाट मुक्त हुनाका निमित्त ऋषिपञ्चमीको व्रत गर्नी तथा पूजा गर्नी हो । हलोले नजोतेका ठाउँको अन्न खाएर जसले सात वर्षसम्म नित्य ऋषिपञ्चमीको पूजा र भगवान्को आराधना गर्छन् भने ती महिला सबै पापबाट मुक्त भएर जान्छन्" भनेर भगवान् विष्णुले सुतजीलाई बताएको कथा शौनकादिका अठासी हजार ऋषिलाई सुतजीले बताइबक्सियो । (परिशिष्ट (क), 'ऋषिपञ्चमी')

माथिको उद्धरणमा स्त्रीजातिले रजस्वलाको दोषबाट मुक्त हुन ऋषिपञ्चमीको व्रत बस्नुपर्ने प्रसङ्ग आएको छ । महिलाहरूले स्नान गरी शुद्ध भई हलोले जोतेको ठाउँको अन्न नखाई, सात वर्षसम्म नित्य ऋषिपञ्चमीको व्रत बस्नाले पापबाट मुक्त हुने धार्मिक मान्यता छ । सत्यमोहन जोशी (२०३९) का अनुसार नेपाली महिलाहरूले ऋषिपञ्चमी व्रतलाई सबैभन्दा ठुलो व्रत मान्छन् (पृ. १०५) । यो व्रत गर्नाले रजस्वलाका समयमा भएका स्पर्शादि दोषबाट मुक्त हुने लोकधारणा छ । यसरी लोकसमाजमा रजस्वलाको समयलाई अपवित्र मानिने मान्यता रहेको छ ।

'काफ्ले पाठो' लोककथामा काफ्ले पाठोसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत रानीलाई पुत्र शोक पर्नु, रानी वर्ष दिनसम्म पनि हाँस्न नसक्नु, राजाले बलिया काफ्लेहरूलाई लडाएर रानीलाई खुसी बनाउने जुक्ति निकाल्नु र काफ्ले पाठो काट्ने चलन सुरु हुनु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । काफ्ले पाठो काट्ने चलन सुरु भएको किंवदन्तीलाई यस लोककथामा यसरी व्यक्त गरिएको छ :

> दसैँको नवमीको दिन एउटा कालरात्रि, एउटा राजखानदान र तेस्रो काफ्ले पाठो काटेर तीन चोटि मन्दिर परिक्रमा गराएर चउरमा फ्याँकिदिएछन् । काफ्लेहरू आफूआफू लडेर थौरै भए पनि घरमा लानी भनेर तँछाडमछाड गरेछन् । (परिशिष्ट (क), 'काफ्ले पाठो')

माथिको उद्धरणमा दसैँको नवमीका दिन कालरात्रि, राजखान्दान र काफ्ले पाठो गरी तीनओटा पाठा काट्ने प्रसङ्ग आएको छ । पाठो काटेर मन्दिर परिक्रमा गराई चौरमा फ्याँकिन्छ र काफ्ले थरका मानिसले आपसमा भिडेर आफ्नो भागमा आएको मासु र रौँसमेत घरमा राख्दा फलिफाप हुने लोकविश्वास छ । मानिसले काफ्ले पाठो काटिसकेपछि कालिकामाईलाई चढाउने हुँदा त्यसलाई देवीको प्रसाद मान्छन् । प्रसादलाई प्रसन्नता अर्थात् भक्तउपर भगवान्को कृपा मानिएको छ (पाण्डेय, सन् १९७८, पृ. ४२६) । प्रसाद भगवान्को कृपा भएका कारणले प्रसाद बाँडेर खानुपर्ने लोकधारणा छ । यसको उद्देश्य मानिसमा दैवीशक्तिप्रति दृढआस्था रहेको कुरा व्यक्त गर्नु रहेको छ ।

'कुछब तेरङा' लोककथामा कागसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत पाल्साङ लामालाई गुरुले कुछब तेरङा देवता दिनु, हात्तीको टाउको आकारको शिरमा ताल भएको डाँडामा राख्न भन्नु, पूजा गर्ने क्रममा कागले थालीका देवता टिपेर उड्नु,  उनले कुछब तेरङा देवतालाई गुरुले बताएअनुसार राख्नु आदि घटनाक्रमको संयोजन गरिएको छ । कागले टिपेर लगेका देवतालाई गुम्बाको ढोकामा राखिदिएको घटनालाई यस लोककथामा यसरी व्यक्त गरिएको छ :

> गुरुले भन्नुभएको गाउँ पनि देख्यो, ताल पनि देख्यो र डाँडा पनि देख्यो, त्यो डाँडोमा पुग्दाखेरि एउटा गुम्बा पनि देख्यो । गुम्बामा पस्नी बेलामा ढोकाको छेउमा कागले टिपेर लगेको प्लेट थियो । त्यो काग ठुलो लामाको औतार रैछ । (परिशिष्ट (क), 'कुछब तेरङा')

माथिको उद्धरणमा पाल्साङ लामाले गुम्बामा पस्ने बेला कागले टिपेर ल्याएका देवता देखेको प्रसङ्ग छ । काग लामाको अवतार भएको हुँदा त्यसले देवता राख्ने स्थान देखाएको लोकविश्वास छ । हिन्दु धर्ममा कागलाई यमराजको दूत मानिएको छ । मानिसहरूले कागलाई देख्ने बित्तिकै सुबोल, सुबोल भन्ने गर्छन् (जोशी, २०३९, पृ. ४१) । कागले शुभाशुभ खबर बोक्ने विश्वास भएको हुँदा कागको पूजा गर्ने चलन छ ।

'दाजु र बहिनी' लोककथामा नागसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । नाग पञ्चमीका दिन ढोका, मठ, मन्दिर र नागका थानमा नागको फोटो टाँसी पूजा गर्ने चलन छ । विष्णु प्रभात (२०७४) का अनुसार तामाङ जातिमा ङ्याम्बु पूजा, थारु जातिले गुडिया पर्वका नामले नागको पूजा गर्छन् (पृ. २३७) । नागलाई लोकदेवता मानिएको हुँदा नागले मानिसलाई सहयोग गर्ने लोकविश्वास छ । यसलाई 'दाजु र बहिनी' लोककथामा व्यक्त भएको तलको सन्दर्भले अझै स्पष्ट गर्दछ :

"बहिनी तिमी किन रोकी हौ ?" भनेर सोध्दाखेरि, "मैले दाउरा त खोजेँ तर यो दाउरा मैले कसरी लैजानी ? नलैजानी भने म घर बस्न पाउँदिनँ । लैजानी भने कसरी लैजानी ?" भनेर नागहरूसित रुँदाखेरि दुइटा नागचाहिँ बन्धन बनेर बस्दिनुभयो । एउटा नाग नाम्लो बनेर बस्दिनुभयो । उन्ले दाउराको भारी हालिन्, बोकिन् र आइन् । हल्का चालले घर ल्यार भारी बिसाइन् । भारी बिसाएपछि ती नागहरू सररररर निस्केर गए । (परिशिष्ट (क), 'दाजु र बहिनी')

प्रस्तत् उद्धरणमा केटीले दाउराको भारी बिसाउनासाथ नाग आफैँ भारीबाट फुकेर गएका छन् । नागले मानिसको पीडा बुझेर सहयोग गर्नु अतिकाल्पनिक लोकविश्वास हो । मानिसले खेतीकिसानी गर्ने ठाउँ, घाँसदाउरा गर्ने जङ्गल र नदी किनार आदि ठाउँमा विभिन्न देवीदेवताको थान बनाएर पूजाआजा गर्दछन् । ती स्थानमा प्रत्येक दिन काम गर्नुपर्ने हुँदा देवीदेवताले आफ्नो रक्षा गर्ने ठानी स्थानीय देवीदेवताको कल्पना गरिएको छ । यसको उद्देश्य देवीदेवताप्रति मानिसमा आस्था जगाउने र कार्य गर्ने ऊर्जा प्राप्त गर्नु रहेको छ ।

'धर्म र पाप' लोककथामा पिपलसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । पिपललाई बुद्ध धर्ममा बोधिवृक्ष र हिन्दु धर्ममा विष्णुको रूप मानिएको छ । पद्मपुराणका अनुसार पार्वतीले दिएका श्रापका कारण विष्णु पिपलको वृक्ष बन्नुपरेको थियो भने भागवत् गीतामा श्रीकृष्णले आफू स्वयम् पिपलको वृक्ष भएको बताएका छन् (शर्मा, सन् २०१३, पृ. ५३७) । धार्मिक मान्यताअनुसार पिपल पवित्र वनस्पति हो । पिपलले धेरै अक्सिजन दिने भएको हुँदा चौतारी, मठमन्दिर वरपर पिपलको बोट लगाउने चलन छ । पिपल काट्नु हुँदैन भन्ने लोकविश्वासलाई यस लोककथामा आएको तलको उद्धरणले अझै स्पष्ट पार्छ :

उहाँले- "ए ! पापी तैँले किन पिपल काटिस् ? तँलाई ढुङ्गाले हानेर झार्छु । किन काटिस् झर्चस् कि झर्दैनस् तल ?" भन्दै ज्यादै गाली गर्नुभएछ । (परिशिष्ट (क), 'धर्म र पाप')

प्रस्तुत कथांशमा महिलाले पिपलको बोट काट्ने मानिसलाई पापी भनेर गाली गरेकी छन् । धार्मिक मान्यतामा पिपलको रुखलाई भगवान्को स्वरूप मानिएकोले पिपल काट्दा पाप लाग्ने लोकधारणा छ । पिपल सर्वाधिक अक्सिजन उत्पादन गर्ने वृक्ष भएकाले यसको संरक्षणका लागि पिपल काट्न नहुने धारणा रहेको छ ।

'पुण्यशिला' लोककथामा साधुसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार साधुले पुण्यशिला देवीको मन्दिर स्थापना गरी उनको महिमा मानिसलाई बुझाएका छन् । साधुले त्यस पीठको संरक्षण गरी जीविका चलाएको सन्दर्भलाई 'पुण्यशिला' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

"को हो त नि यो ?" भन्दा "पुण्यशिला एउटी देवीको नाम हो" भनेपछि भक्तहरूलाई पनि विश्वास लायो । सप्पै आउनी र धुमधामसँग पूजा गर्नी, पैसा चढाउनी, फलफूल चढाउनी अनि सिधासाधा सामानहरू ल्याएर राख्नी, त्यो जोगीले पुण्यशिला नाम गरेको मन्दिरबाट आफ्नो जीवनवृत्ति चलायो । (परिशिष्ट (क), 'पुण्यशिला')

प्रस्तुत कथांशमा एक जना साधुले पुण्यशिला देवीको मन्दिर स्थापना गरेका छन् । पूजापाठमा आउने भक्तजनहरूले चढाएका फलफूल र पैसाबाट साधुको जीवनवृत्ति चलेको छ । मठ, मन्दिर, देवताका थान र चौतारी धार्मिक आस्थाका केन्द्र हुन् । यिनीहरूको निर्माण साधुसन्त र आध्यात्मिक स्वभावका व्यक्तिले गर्छन् । साधु भनेका सन्न्यासी, जोगी, सन्त, वैरागी हुन्, जसको निजी घर, थर र परिवार हुँदैन ।

सोमप्रसाद खतिवडा (२०७४) का अनुसार सन्न्यासीले सम्पूर्ण सम्पत्ति, परिवार, जात, संस्कार छोडेका हुन्छन् र तिनको सम्पूर्ण जीवन जप, तप तथा यज्ञमा बित्ने गर्दछ (पृ. १२५०) । साधु सांसारिक प्रपञ्चबाट टाढा रहने र देवताको चिन्तन गरी जीवन बिताउने व्यक्ति भएको हुँदा यिनीहरूसँग गृहस्थीले जस्तो काम गर्ने समय हुँदैन । तसर्थ यिनीहरू देवालयमा बस्ने, तिनको निर्माण र संरक्षण गर्ने र त्यसैबाट जीविका चलाउने लोकविश्वास छ ।

'बदला' लोककथामा गङ्गासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । भारतवर्षको पवित्र नदी गङ्गा हिमालबाट उत्पत्ति भएर गङ्गासागर हुँदै बङ्गालको समुद्रसम्म पुग्दछ । *भागवतपुराण*का अनुसार कपिलमुनिको श्रापबाट भस्म भएका राजा सगरका साठी हजार पुत्रको उद्धारका लागि भगीरथले गङ्गालाई स्वर्गबाट पृथ्वीमा ल्याएका थिए (शर्मा, सन् २०१३, पृ. २६१-२६२) । मानिसहरूले पृथ्वीमा भएका अन्य जलाशयलाई गङ्गासरह पवित्र मानेर स्नान गर्ने, पूजा गर्ने र भेटी चढाउने गर्छन् । गङ्गामा स्नान गर्दा पाप कटनी हुने धार्मिक मान्यता रहेको छ । यसलाई 'बदला' लोककथामा यसरी व्यक्त गरिएको छ :

> बुढीले रोटी पकाउन थालिच । दुई, तीन थरी रोटी पकाइच अनि भोलिपल्ट बिहान उठेर "लौ हिँड्, सोली बोकेर हिन्, गङ्गाजी नुहाउन जान पऱ्यो" भनेर भनिच । गङ्गाजी नुहाएपछि यो पाप कटनी हुन्छ । (परिशिष्ट (क), 'बदला')

माथिको उद्धरणमा गङ्गामा नुहाउँदा पाप कटनी हुने प्रसङ्ग आएको छ । गङ्गालाई पवित्र स्थान मानिएको हुँदा यहाँ स्नान गर्दा पाप नाश हुने लोकधारणा छ । गङ्गाको पानीमा हिमालयको अज्ञात तत्त्व मिसिएको हुँदा यसमा कीटाणु नपर्ने भएकाले यसमा पापनाशक गुण हुने विश्वास छ (पौड्याल, २०६७, पृ. १४) । तसर्थ गङ्गालाई पाप नाश गर्ने पवित्र नदी मानिएको छ । गङ्गालाई माता र पवित्र तीर्थस्थल मानिने हुँदा गङ्गामा भेटी चढाउने प्रसङ्ग 'बदला' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> "देल देल भन्चु म" भनेच । त्याँट केटो गएच । "ल गङ्गाजीमा चढाउने यसो गुरुभेटी नाक र कान चाहिँ काटेर लानपऱ्यो आम्मै, त्यही भन्नुभछ बाले" भनेच । (परिशिष्ट (क), 'बदला')

माथिको कथांशमा गङ्गामा जाँदा रित्तो हात जान नहुने लोकविश्वास व्यक्त भएको छ । हिन्दुहरूको अन्त्येष्टि नदी तटमा नै गरिने हुँदा नदीको विशेष पूजा गर्ने चलन छ । जीवनको अन्तिम अवस्थामा 'गङ्गा' नाम उच्चारण गर्ने मान्छे सोझै विष्णुलोक जाने हुँदा पुनः पृथ्वीलोकमा जन्म लिनु पर्दैन (जोशी, २०६८, पृ. १८०) । गङ्गालाई जीवनको मुक्ति क्षेत्र मानिएको छ । उल्लिखित लोकविश्वासको उद्देश्य पाप र धर्मको डर देखाएर पानीका स्रोतको संरक्षण गर्नु रहेको छ ।

'बालन' लोककथामा भगवान्सम्बन्धी लोकविश्वास व्यक्त भएको छ । हिन्दु धर्मअनुसार हरेक दिशामा देवता हुने विश्वास गरिएको हुन्छ । उत्तर दिशामा धनका देवता कुवेर, दक्षिणमा मृत्युका देवता यमराज, पूर्वमा सुख र आत्मविश्वासका देवता इन्द्र र पश्चिममा जलतत्त्वका देवता वरुण रहने विश्वास छ (शर्मा, सन् २०१३, पृ. ४१९) । पृथ्वीको चारैतिर देवताको बसोबास रहने लोकधारणा रहेको छ । 'बालन' लोककथामा कश्यप ऋषिको आराधना गरी बालन सुरु गरिएको छ, जसलाई यस लोककथामा यसरी व्यक्त गरिएको छ :

हो ! पूर्वी है दिशाका कश्यप ऋषि[२]
तिम्रो सेवा गरे पो हाम्रो रक्ष होला[२]
हामी खेल्छौ एको पाउ सारी कृष्ण[२] । (परिशिष्ट (क), 'बालन')

प्रस्तुत उद्धरणमा बालन सुरु गर्दा कश्यप ऋषिको प्रार्थना गर्ने चलन रहेको उल्लेख छ । महाभारत र अन्य हिन्दु धार्मिक ग्रन्थहरूका रचयिता मरीचिका ऋषिका छोरा र सृष्टिकर्ता ब्रह्माजीका नाति कश्यप ऋषिलाई कश्यप गोत्रका आरम्भकर्ता मानिएको छ (प्रभात, २०७४, पृ. ९८) । मानिसले कुनै काम सुरु गर्नुपूर्व देवीदेवता र आफ्ना पितापुर्खाको स्मरण गरी कार्य सफलताको कामना गर्दछन् । यसरी धार्मिक अनुष्ठान गर्नुको मुख्य उद्देश्य पूर्वजको स्मरणबाट कार्य सफलताका लागि वरदान मिलोस् भन्ने रहेको छ ।

'बुद्धत्व' लोककथामा श्रद्धाले भगवान् प्राप्ति हुने लोकविश्वास व्यक्त भएको छ । मानिसले एक अदृश्य शक्तिलाई भगवान्का रूपमा मान्दै आएको छ । यो जगत्का ऐश्वर्य धर्म, यश, शोभा, ज्ञान र वैराग्य सबैमा भगवान् रहने धारणा छ (पाण्डेय, सन् १९७८, पृ. ४६७) । भगवान् सर्वव्यापी हुने लोकमान्यता रहेको छ । लोकमा श्रद्धापूर्वक पूजापाठ र प्रार्थना गर्नाले तुच्छ वस्तुमा पनि भगवान् प्राप्त गर्न सकिने जनविश्वास छ, यसलाई 'बुद्धत्व' लोककथामा यसरी व्यक्त गरिएको छ :

> आमाले त्यसलाई एकदम सम्मान स्वरूप घरको पूजा कोठामा लगेर राखिचन् । त्यहाँ उनले बत्ती बालेर प्रार्थना गरिचन् । यसो गर्दा गर्दा छोराले कहाँबाट ल्याएको हड्डी पनि एकदम टल्केर बत्ती बलिराखेको थियो रे । (परिशिष्ट (क), 'बुद्धत्व')

प्रस्तुत उद्धरणमा छोराले उपहार दिएको हड्डीप्रति आमाको ज्यादा स्नेह र श्रद्धा रहेको छ । आमाले त्यसलाई भगवान् मानेर पूजा र प्रार्थना गर्छिन् । उनको भक्तिपूर्ण प्रार्थनाले त्यसमा अनौठो चमक आउँछ । यस लोकविश्वासले विश्वासपूर्वक कार्य गर्ने मानिस सफल हुने सन्देश दिएको छ ।

'भुते बिरौटो' लोककथामा भूतको पूजासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार भूतले कालु अर्यालको आज्ञाबमोजिम डाँडो सम्याएर भुते बिरौटो खेत बनाएका छन् । उक्त खेतमा रोपाइँ गर्नुअघि भूतको पूजा गर्नुपर्ने लोकविश्वास रहेको छ, जसलाई 'भुते बिरौटो' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> ती भूतहरूले बनाएको खेत अहिले पनि छ, त्यसको नाम भुते बिरौटो हो । त्यहाँ रोपाईं गर्नुभन्दा अगाडि भूतलाई पूजाआजा गर्ने चलन छ । (परिशिष्ट (क), 'भुते बिरौटो')

माथिको उद्धरणमा भूतहरूले बनाएको भुते बिरौटो खेतमा रोपाइँ गर्नुपूर्व पूजाआजा गर्नुपर्ने उल्लेख छ । जनविश्वासमा भूतलाई मानिस मरेपछि कसैको शरीरमा प्रवेश नपाएर अशान्त भई भड्किरहेको आत्मा मानिएको छ (ढकाल, २०७६, पृ. ३१) । अशान्त भई भड्किएको आत्माले मानिस, पशुप्राणीलाई दुःख दिने तथा बालीनाली विनाश गर्ने लोकधारणा छ । त्यसैले खेतीपाती गर्नुपूर्व कुनै दुष्टात्माले बालीबिरुवामा असर नपरोस् भनेर पूजा गर्ने चलन रहेको छ । यसको उद्देश्य खेतीबाली नपाक्ने बेलासम्म कुनै प्रकारका विघ्नबाधा नआऊन् भनेर शुभसङ्कल्प गर्नु रहेको छ ।

'मुक्तिक्षेत्र' लोककथामा मुक्तिनाथसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकमा मुक्तिनाथको दर्शन र त्यहाँ रहेका धारामा स्नान गर्नाले पुण्य प्राप्त हुने उल्लेख छ । मुक्तिनाथको महत्त्वलाई प्रस्ट पार्दै नारायणप्रसाद क्षेत्रीले भनेका छन्- "...जुन मनुष्यले ज्येष्ठ दशहराका दिन मुक्तिनाथ क्षेत्रका वरिपरि रहेका कुण्ड र बगेका पवित्र छहरा, नदीहरूमा स्नान गर्दछ भने कोटि जन्मदेखि सञ्चित भएका सबै पापहरूबाट मुक्त हुन्छ" (क्षेत्री, २०४४, पृ. ८०) । मुक्तिनाथ वरपरका कुण्ड र धारामा नुहाउनाले पाप नाश हुने विश्वासलाई मुक्तिक्षेत्र लोककथामा यसरी व्यक्त गरिएको छ :

> माँसीता आसीताले जुन पानी लिएर आउनुभो त्यो जम्मै त्यहाँ रोप्नुभो । त्यसपछि आशीर्वाद दिनुभयो- "भविष्यमा सप्पै मान्छेहरूले यो पानी खायो र नुहायो भने हरेक पाप जाओस् । आफूले जे सोचेको हो त्यो पूरा होस्" भनेर आशीर्वाद दिनुभयो । (परिशिष्ट (क), 'मुक्तिक्षेत्र')

माथिको उद्धरणमा मुक्तिनाथको पानी माँसीता आसीताहरूले सुरुवात गरेका कारण यहाँ नुहाउँदा पाप पखालिने जनविश्वास छ । मुक्तिनाथ मन्दिरलाई हिन्दुहरूले मुक्तिक्षेत्र र बौद्धमार्गीले एक सय र केही जलधारा भएको पवित्र स्थानका रूपमा लिन्छन् । मुक्तिनारायणलाई हिन्दुहरूले भगवान् विष्णु र बौद्धमार्गीहरूले आर्यावलोकितेश्वर मान्दछन् (गुरुङ, २०६१, पृ. ५७) । विष्णु र नागलाई पानीका देवताका रूपमा पुज्ने चलन छ । मुक्तिनाथमा रहेका मुक्तिनारायणले दुःखबाट छुटकारा दिलाउँछन् भनी दैवीशक्तिमा विश्वास गर्नु यस लोकविश्वासको धार्मिक प्रयोजन हो ।

'लामाको शक्ति' लोककथामा लामासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । लामा मानिस र देवीदेवताको बिचमा रहेर सहयोगीको भूमिका निर्वाह गर्ने धार्मिक व्यक्ति हुन् । लामासम्बद्ध मान्यता तान्त्रिक मार्ग अनुसरण गर्ने झाँक्री साधकका रूपमा शेर्पा, गुरुङ, मगर र थारु जातिमा प्रचलित रहेको छ । जुम्लामा ब्राह्मण, क्षत्रीलाई धामी चढ्यो भने लामा भन्ने चलन छ (प्रभात, २०७४, पृ. ३९२-३९३) । लामामा दैविक शक्ति हुने हुँदा देवीदेवतासँग सम्बन्ध स्थापित गर्न सक्छन् भन्ने लोकधारणा छ । लामाले विभिन्न योग, साधना, तन्त्रमन्त्रबाट तान्त्रिक शक्ति प्राप्त गर्छन् । उक्त शक्तिको प्रयोग गरी दुष्टात्माबाट मानिसलाई जोगाउने, घरपालुवा जीवजन्तु, खेतीपाती आदिको रक्षा गर्ने, ईश्वर र मानिसका बिच रहेर काम गर्ने लोकविश्वास रहेको छ । लामाले तान्त्रिक अनुष्ठानबाट समस्याको समाधान खोज्ने कुरालाई 'लामाको शक्ति' लोककथामा यसरी व्यक्त गरिएको छ :

> भोलिपल्ट गाउँलेलाई तीन दिनभित्र गाम्मा डुलेको दुष्ट आत्मा खत्तम पारिदिने वाचा दियो तर गाउँलेहरूसँग सर्त पनि गरेच । के सर्त भन्दा रित्तो घर दिन परो अनि मागेका सरसामान दिन परो, गाम्लेले मानेचन् । लामाले रित्तो घरको मूल मझेरीमा आसन जमाएच र मन्त्र पढ्न लागेच । लामाले मन्त्र पढ्दै जाँदाखेरि कालो बिरालो ढोकाबाट फुत्त भित्र गएच । (परिशिष्ट (क), 'लामाको शक्ति')

माथिको उद्धरणमा लामाले रित्तो घरमा तान्त्रिक अनुष्ठान गरेको छ । यस प्रकारको अनुष्ठानबाट लामाले गाउँको समस्या कालो बिरालो र जादुगर्नी बुढीमा रहेको पत्ता लगाउँछ । लोकमा तान्त्रिक अनुष्ठानबाट अस्वाभाविक कार्य गर्न सकिने विश्वास रहेको छ (भट्टराई, २०७९, पृ. ३२०) । तन्त्रमन्त्रको प्रयोगबाट लामाले दुष्टात्मालाई निर्मूल गर्न सक्छन् भन्ने लोकधारणाका कारण यस प्रकारका धार्मिक अनुष्ठान सम्पन्न भएका छन् । यस लोककथामा भूतको पूजा दोबाटोमा गर्नुपर्ने लोकविश्वास पनि रहेको छ । दुष्टात्मा दोबाटो, खोलाकिनार आदि निर्जन स्थानमा हिँड्ने जनविश्वास भएकाले भूतको पूजा

दोबाटोमा गर्ने लोकविश्वास छ । गाउँघरमा मानिस बिमारी हुँदा झारफुक गरी उपचार गर्ने हुँदा मानिसले लामा र उसको तन्त्रशक्तिमा विश्वास गर्छन् ।

'सेवा नै धर्म' लोककथामा गाईको सेवासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । हिन्दु धर्मावलम्बीले गाईलाई गौमाताका रूपमा पूजा गर्दछन् । गाईको पूजा गर्ने सन्दर्भलाई प्रस्ट पार्दै विष्णु प्रभातले भनेका छन्- "गाईलाई सरल, शुद्ध र शाकाहारी प्राणी मानिन्छ । यसलाई सज्जनताको प्रतीक मानेर गोदान समेत गरिन्छ" (प्रभात, २०७४, पृ. १३७) । गाईलाई सरल, शुद्ध र सज्जन प्राणी मान्ने चलन छ । 'सेवा नै धर्म' लोककथामा दिलीप राजाले गाईको रक्षाका लागि आफ्नो प्राणै दिने वाचा गरेको कुरालाई यसरी व्यक्त गरिएको छ :

> "यो विधिको नियम हो, मनुष्य भएर जन्म लिएपछि प्राणीको रक्षा गर्नुपर्छ । त्यसकारण मैले यो देख्न चाहन्नँ बरु मलाई भक्षण गर" भनेर भने । (परिशिष्ट (क), 'सेवा नै धर्म')

माथिको उद्धरणमा मानिसले प्राणीको सेवा गर्नुपर्ने प्रसङ्ग आएको छ । जङ्गलमा एक्कासि सिंहले गाईलाई झम्टेपछि दिलीप राजाले त्यसलाई भक्षण नगरी आफूलाई खान आग्रह गरेका छन् । सृष्टिकालमा मानिससँगै गाईको उत्पत्ति भएको र यसलाई ईश्वरको प्रत्यक्ष स्वरूप मानिएकाले लोकमा गौसेवालाई महान् धर्म मानिएको छ (पाठक, २०७५) । समाजमा गाईको सेवा गर्दा पुण्य मिल्ने लोकविश्वास भएका कारण यसको पूजा गरी सेवा गर्छन् । गाईको दुध, दही, घिउ, गहुँत र गोबर देवकार्यमा समेत प्रयोग गरिने हुँदा गाईको धार्मिक महत्त्व रहेको छ ।

माथिको तालिकामा समाविष्ट लोकविश्वासको धार्मिक उद्देश्य विधिपूर्वक देवीको पूजा गर्नाले आत्मिक शान्ति प्राप्त हुने, तिल र पिपल बहुगुणी वस्तु भएकाले यिनको संरक्षण गर्नुपर्ने, महिलामा रजस्वलाको समयमा रक्तस्राव हुने भएकाले स्पर्शजन्य व्यवहारबाट जोगिनुपर्ने, प्रसाद जस्तै खानेकुरा खेर फाल्न नहुने, गाई, काग र नाग आदि मानिसको दिनचर्यासँग जोडिएकाले तिनको संरक्षण गर्नुपर्ने, पानीका स्रोतको सरसफाइ र संरक्षण गर्नुपर्ने, लामाले तन्त्रमन्त्र र झारफुकबाट औषधोपचार गर्ने हुँदा तिनको आदरसत्कार गर्नुपर्ने, देवीदेवताको थान र मठमन्दिरको संरक्षण गर्नुपर्ने तथा कुनै कार्य गर्नुपूर्व गरिने पितापुर्खा तथा ऋषि र देवताको प्रार्थनाबाट सकारात्मक ऊर्जा प्राप्त भई कार्य सफल हुने रहेका छन् । यी लोकविश्वासको प्रयोजन जीवजन्तु, पशुपक्षी, वनस्पति, खेतीबाली, पानीका स्रोत र मानिस आदिको सुरक्षा गरी मानवको जीवन सार्थक बनाउनु रहेको छ ।

### ४.४.२ लोकविश्वासको शैक्षिक प्रयोजन

शिक्षाले मानिसलाई सैद्धान्तिक र व्यावहारिक ज्ञानमार्फत विषयवस्तुको बोध गराई चेतना वृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्छ । मानिसले समाज र प्रकृतिबाट ग्रहण गर्ने सैद्धान्तिक र व्यावहारिक विषयको बोध नै शिक्षा हो । यसले व्यक्तिको मानसिक र चारित्रिक विकास गरी सदाचार र सद्‌गुण वृद्धि गर्दछ । शिक्षालाई वेदका छ अङ्गमध्ये मुख्य अङ्ग मानिएको छ, यो वैदिक मन्त्रको उच्चारण प्रक्रियासँग सम्बन्धित रहेको छ (पाण्डेय, सन् १९७८, पृ. ६२७) । मानिसले प्राचीन समयदेखि नै मन्त्रोचारण

प्रक्रियाबाट ज्ञानार्जन गरेको पाइन्छ । त्यसरी आर्जित ज्ञानले व्यक्तिलाई समस्याको समाधान गर्न र समाजमा समायोजन हुन मदत गर्दछ ।

लोकसाहित्य समाजको अभिव्यक्ति भएको हुँदा यसका हरेक विधामा लोकार्जित ज्ञान हुन्छ । लोकसाहित्यमा मानवजीवनका विभिन्न चरणका ज्ञान र अनुभवहरू सुरक्षित हुने भएकाले तिनलाई महत्त्वपूर्ण शैक्षिक सामग्रीहरू मानिएको छ (बन्धु, २०५८, पृ. १८) । समाजमा लोकसाहित्यलाई ज्ञानको भण्डार मानिएको छ । लोकसाहित्यले ज्यादै आकर्षक, रुचिपूर्ण र कुतूहलवर्धक ढङ्गले नैतिक, व्यावहारिक र जीवनोपयोगी कुराहरू सिकाउँदै व्यक्तिलाई सुधारको बाटो देखाएको हुन्छ (लुइटेल, २०६८, पृ. १४) । लोकसाहित्यमा रहेको अनुभवाश्रित ज्ञानले व्यक्तिलाई सही मार्गदर्शन गर्ने धारणा छ । चेतनामूलक लोककथाले श्रोतालाई असत्यबाट सत्यतिर, अज्ञानबाट ज्ञानतिर, असामाजिक चिन्तनबाट सामाजिक चिन्तनतर्फ जान अभिप्रेरित गर्छन् (पराजुली, २०७१, पृ. ३५) । तसर्थ लोककथामा चेतनमूलक ज्ञान हुने हुँदा यिनमा अभिव्यक्त लोकविश्वासको शैक्षिक प्रयोजन हुने स्पष्ट हुन्छ ।

गण्डकी प्रदेशका नेपाली लोककथामा व्यक्त लोकविश्वासले अर्तीउपदेशमूलक शिक्षा, धार्मिक शिक्षा र समाज व्यवहारमूलक शिक्षाका माध्यमबाट सामाजिक चेतनाको वृद्धि गरेका छन् । अर्तीउपदेशमूलक लोकविश्वासमा अल्छी गर्न, लोभ गर्न, धनको घमन्ड गर्न र अनावश्यक रूपमा अरूका कामकाजको चियोचर्यो गर्न नहुने शिक्षा रहेको छ । धार्मिक लोकविश्वासमा दैवीशक्तिको श्रद्धा गरी पाप र पुण्यको ख्याल गर्नाले सदाचारको वृद्धि हुने शिक्षा रहेको छ भने समाज व्यवहारमूलक लोकविश्वासमा व्यक्तिले समाजमा रहँदा बस्दा पालना गर्नुपर्ने सामाजिक मूल्यमान्यता र नीति, नियममार्फत व्यक्तिलाई समाजमा समायोजन हुन सघाउने शिक्षा रहेको छ । अन्ततः लोककथामा प्रयुक्त लोकविश्वासको शैक्षिक प्रयोजन नीति, आचरण, सामाजिक व्यवहार, शुभाशुभसम्बन्धी मान्यताका आधारमा नैतिक शिक्षा, व्यावहारिक र जीवनोपयोगी ज्ञानमार्फत विवेकपूर्ण तरिकाले समस्याको समाधान खोज्ने र समाजोपयोगी लोकव्यवहार सिकाउनु हो । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित शैक्षिक प्रयोजन भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा व्यक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ४.५ : शैक्षिक प्रयोजनसम्बद्ध लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अल्छी | अल्छी गर्न नहुने, सिनो देखेर घिनाउन नहुने, बन्दामा खुट्टा भ्ढारेर बस्न नहुने, अर्काकी छोरी देखेर मन कल्पाउन नहुने, स्वास्नीलाई विश्वास दिन नहुने र राजालाई कहिल्यै टाँढ्न नहुने |
| २ | आत्मा | लोभ गर्न नहुने र आत्मसन्तोषी बन्नुपर्ने |
| ३ | एक चिलिम तमाखु | अरूको श्रम सित्तैमा खान नहुने |
| ४ | गँगटो | शारीरिक रूपमा अशक्त मानिसलाई हिस्सीहेला गर्न नहुने |
| ५ | गोरखनाथ | गुरुलाई देवतासमान मान्नुपर्ने र गुरुले आसनग्रहण नगरी शिष्य बस्न नहुने |
| ६ | ज्ञान | गुरुकुलको अध्ययन दिगो हुने र अल्पज्ञानले हानि पुऱ्याउने |
| ७ | दुख र सुख | आत्मज्ञान नहुनेले अरूलाई दुःख दिने |
| ८ | मसानघाट | धनी र गरिब दुवैको मसानघाट एउटै हुने र खराब मानिस मरेर गए पनि सन्तानले दुःख पाउने |
| ९ | लामाको शक्ति | अरूको चियोचर्चो गर्न नहुने |
| १० | विलासी राजा | राजा विलासी भए राष्ट्रिय सङ्कट आइपर्ने |
| ११ | वृत्रासुर राक्षस | विधि पुऱ्याएर कर्म गर्नाले उचित फल प्राप्त हुने र सबैले आफ्नो कर्तव्य पूरा गर्नुपर्ने |
| १२ | संसार | संसारमा आफ्नो कोही नहुने र विद्याआर्जन गर्न परदेश जानुपर्ने |
| १३ | सिकारी र बाघ | निम्ताको अपमान गर्न नहुने, वचनको घाउ कहिल्यै निको नहुने र असल मित्रता सधैँ अमर हुने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा समाविष्ट लोककथामा अर्तीउपदेश, कर्तव्य, आचरण र नैतिक शिक्षासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'अल्छी' लोककथामा अर्तीउपदेशसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । अल्छीलाई बुबाले अर्ती दिएको प्रसङ्ग यसरी व्यक्त गरिएको छ :

> एकादेशमा एउटा साह्रै नै अल्छी मान्छे थियो । त्यसको नामै अल्छी केही काम नगर्नी, गामगामै डुल्नी र खानी, घरमा जानी, स्वास्नीलाई कुट्नी, हप्काउनी र दप्काउनी त्यसलाई बाउले अर्ती दिएछ, कस्तो अर्ती दिएछ भने- "ए बाबु ! साह्रै अल्छी भएर नहिँड् । बान्ना खुट्टो हल्लाएर नबस् । तिलबारीमा नदौडी । स्वास्नीलाई विश्वास नदे बाबु है" भनेर बाउले भनेच । (परिशिष्ट (क), 'अल्छी')

माथिको उद्धरणमा बुबाले छोरालाई अल्छी नहुनु, बान्नामा खुट्टो हल्लाएर नबस्नु, तिलबारीमा नदौडनु र स्वास्नीलाई विश्वास नदिनु भनेर अर्ती दिएका छन् । यी लोकविश्वासमा अल्छी गर्नाले जीवन निष्क्रिय भई उन्नति गर्न नसकिने, हतारमा दौडिनाले काम राम्रोसँग पूरा नहुने, बन्दामा खुट्टो भ्ढारेर बस्दा विषालु जीवले टोक्ने, तिलबारीमा दौडिदा खुट्टामा ठोसे बिभ्ने र स्वास्नीलाई विश्वास दिँदा आफ्नो

गोप्य कुरा बाहिरिने शिक्षा रहेको छ । 'अल्छी' लोककथामा अल्छी बुबाको निधनपछि मितबासँग अर्ती माग्न गएको प्रसङ्गलाई यसरी प्रस्तुत गरिएको छ :

> "राजा नढाँट्नू, सिनो देखेर नघिनाउनू र आर्काकी छोरी देखेर मन नचुट्काउनू" भनेर मितबाउले अर्ती दिएछन् । (परिशिष्ट (क), 'अल्छी')

माथिको कथांशमा अल्छीलाई मितबाले अर्ती दिएका छन् । यी लोकविश्वासले घिनाउने मानिसका धेरै अवसर छुट्ने, राजालाई ढाँट्दा दुःख भोग्नुपर्ने र अर्काकी छोरी देखेर मन कल्पाउनाले सजायको भागीदार भइने शिक्षा दिएका छन् । यिनको शैक्षिक प्रयोजन व्यक्तिलाई नैतिकवान् र आत्मनिर्भर बनाउनु तथा सामाजिक बेतिथिको अन्त्य गर्नु रहेको छ ।

'आत्मा' लोककथामा लोभ र आत्मसन्तोषसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत केरा व्यापारीले आत्मा बुझाउन नसक्दा त्यसलाई आत्माले छोडेको छ । लोभी मानिस असन्तोषी हुने कुरालाई 'आत्मा' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "हैन यो क्यार्न बोल्दैन ?" भन्दा "त्यसको पुरुष त म हूँ । यल्ले आफ्नो पुरुष पनि बुझाउन नसकेको हुँदा यसको शरीर छोडेर रुखमा आएर बसेको छु । अब यल्लाई छोडें" भनेर भनो । (परिशिष्ट (क), 'आत्मा')

माथिको उद्धरणमा व्यापारीले केरा नखाएकाले आत्मा असन्तुष्ट भएर शरीरबाट निस्की रुखमा गई बसेको छ । यसमा मानिसले आफ्नो आत्मा सन्तुष्ट नराखे आत्मा भड्किने लोकविश्वास छ । यसको शैक्षिक प्रयोजन मानिसले धेरै धन सञ्चय गर्न नहुने र ज्यादा तृष्णाले अशान्ति हुने ज्ञान दिनु रहेको छ ।

'एक चिलिम तमाखु' लोककथामा श्रमसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार छोरासँग तमाखु पैँचो मागेको बुबा उक्त पैँचो नतिर्दै मर्छ । पैँचो नतिरी मरेकाले उसको पुनर्जन्म बाच्छाका रूपमा भएको छ । अरूको श्रम सित्तैमा खाने मानिस जनावरको रूपमा जन्मनुपर्ने अतिकल्पनालाई यस लोककथामा यसरी व्यक्त गरिएको छ :

> "एक चोली वाचा, दुई चोली वाचा, तीनै चोली वाचा मैले एक चिलिम तमाखु छोरासित पैँचो मागेर खाएँ । म मन्छे थिएँ, मैले पैँचो तिर्न नसकेकाले गाईको गोठमा बाच्छो भए जन्मिएँ । जोतें, छोराले जोताइदियो अनि म मोरें । मोरेर जाँदा पनि मैले बिउ कुरेर बसेको हो । तिमोरू यस्तो बाली कसरी खान सक्छौ चोरेर ?" भनेको रैछ अरे त्यो टाउकोले । (परिशिष्ट (क), 'एक चिलिम तमाखु')

माथिको कथांशमा तमाखु पैँचो तिर्न नसकेको हुँदा बुबाको पुनर्जन्म बाच्छोका रूपमा भएको छ । छोराले लामो समय जोतेपछि बाच्छो मर्छ र उसले त्यसको खप्परलाई बिउ कुर्न राखेको छ । खप्परले मानिसलाई चोरेर खान नहुने सन्देश दिन्छ । यसमा अरूको श्रम सित्तैमा खाने मानिस अर्को जन्ममा गोरु भई जन्मनुपर्ने लोकविश्वास रहेको छ । पापकर्म गर्ने मानिस वृक्ष, गुल्म, लता, पर्वत, तृण, पुशपक्षी, माछा, कछुवा भई चौरासी लाख योनिमा जन्मनुपर्ने शास्त्रीय मान्यता छ (वशिष्ठ, २०६६, पृ. ५०-५१) । अर्को जन्ममा दुःख भोग गर्नुपर्ने लोकधारणा भएकाले मानिस पापकर्मसँग डराउँछन् । यस लोकविश्वासको शैक्षिक प्रयोजन श्रमको सम्मान गर्नुपर्ने, श्रमको मूल्य नतिर्ने मानिसले दुःख पाउने र चोर्न नहुने नैतिक ज्ञान दिनु रहेको छ ।

'गँगटो' लोककथामा अशक्तलाई हेला गर्न नहुने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार हातखुट्टा नभएको गँगटो राजाकी छोरी माग्न दरबारमा जान्छ । कान्छी राजकुमारीले गँगटोलाई पतिका रूपमा स्विकार्छिन् तर अन्य राजकुमारीले गँगटालाई हेला गर्ने प्रसङ्गलाई 'गँगटो' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> "लौ मलाई हजुरकी कान्छी छोरी दिनुस्" भनेच अरे । छओटी दिदीबहिनीले "यस्ता जाबा गँगटाले एउटै लगनमा ब्या गर्नी" भनेर हिस्सी, हेलाँ गरेचन् । (परिशिष्ट (क), 'गँगटो')

माथिको उद्धरणमा गँगटो हेर्दा कुरूप र अपाङ्ग भएको हुँदा अन्य दिदीबहिनीले खुब हेला गर्छन् । छओटी दिदीबहिनीको एउटै लगनमा विवाह गर्ने भन्दा उनीहरूले जाबो गँगटो भनेर तुच्छ वचन बोलेका छन् । यो लोकविश्वासमा शारीरिक रूपमा अशक्त पशुप्राणीलाई संरक्षण गर्नुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

'गोरखनाथ' लोककथामा गुरु र शिष्यसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत गोरखनाथले नाग साधना गर्नु, उपत्यकामा पानी नपर्नु, गुभाजु र पुरोहितहरूले थाहा पाउनु, उनीहरूले गोरखनाथको ध्यान भङ्ग गर्ने सल्लाह दिनु, गुरु मस्त्येन्द्रनाथलाई बोलाएर गोरखनाथको ध्यान भङ्ग गराउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । गोरखनाथको ध्यान भङ्ग गर्न कामाख्याबाट उनका गुरु मस्त्येन्द्रनाथलाई ल्याइएको छ, जसलाई 'गोरखनाथ' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "त्यसको गुरु मच्छेन्द्रनाथ हो । कामरुकामाख्याबाट मच्छेन्द्रनाथ ल्याइसकेपछि उनलाई देखेपसी त शिष्य उठ्नपर्च अनि उहाँको तपस्या भङ्ग हुन्च र नागहरू बाहिर आउँचन् अनि पानी पर्च" भने गुभाजुहरूले । त्यो तरिका बताइदिइसकेपछि त्यहीअनुसार मल्ल राजाहरूले काम गरे । (परिशिष्ट (क), 'गोरखनाथ')

माथिको उद्धरणमा गुरुशिष्यको सम्बन्धलाई प्रस्तुत गरिएको छ । यसमा गुभाजुहरूले राजालाई मत्स्येन्द्रनाथ देखेपछि गोरखनाथ उठ्ने, उनको तपस्या भङ्ग हुने, नागहरू फुत्कने र उपत्यकामा पानी पर्ने सल्लाह दिन्छन् । नाथ सम्प्रदायको सुरुवात गर्ने ऋषि आदिनाथका शिष्य मत्येन्द्रनाथ र मस्येन्द्रनाथका शिष्य गोरखनाको हठयोग र साधनाबाट सिद्धि प्राप्त गर्ने लक्ष्य रहेको पाइन्छ (पाण्डेय, सन् १९७८, पृ. २४८-२४९) । गुरुशिष्य परम्परामा शिष्यले सधैँ आफ्ना गुरुलाई मान्नुपर्ने भएकाले गुरुले आसनग्रहण नगर्दासम्म शिष्य बस्न नहुने लोकविश्वास रहेको छ । यी लोकविश्वासमा गुरुबिना ज्ञानार्जन गर्न कठिन हुने भएको हुँदा गुरुलाई आदरसम्मान गर्नुपर्ने शिक्षा सम्प्रेषण गरिएको छ ।

'ज्ञान' लोककथामा गुरुकुल र ज्ञानसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत छोरो मूल परेर जन्मेको थाहा पाएपछि बुबाले घर छोडेर हिँड्नु, आमाले छोरालाई गुरुकुलमा पढाउनु, उसले ज्योतिष विद्याको राम्रो अध्ययन गर्नु, छोरो पिताको खोजीमा निस्कनु, हावाहुरी चलेको समयमा एक जना बटुवा भेटिनु, बटुवाले रुखमा चट्याङ पर्ने जिकिर गर्नु तर युवकले रुखको निश्चित हाँगामा मात्र चट्याङ पर्ने बताउनु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । ज्ञानको गहिराइलाई यस लोककथामा यसरी व्यक्त गरिएको छ :

> उनीहरू जता चट्याङ नपर्ने भनिएको छ त्यतैतिर छेकिएर बसे । पानी पऱ्यो, छोराले जुन हाँगामा पर्छ भनेको थियो त्यही हाँगामा चट्याङ पऱ्यो । बाउले, "बुटामा पर्छ" भनेका थिए तर छोराले हाँगोसमेत बताइदियो । (परिशिष्ट (क), 'ज्ञान')

माथिको उद्धरणमा युवकले चट्याङ पर्ने हाँगोसमेत बताएको छ । केटामा भएको ज्ञानका कारण ती दुईको ज्यान जोगिएको छ । छोराले विषयको गहिराइमा गएर राम्ररी अध्ययन गरेकोले रुखको निश्चित हाँगामा चट्याङ पर्ने कुरा जानेको तर बुबाले राम्ररी अध्ययन नगरेकाले पूरै रुखमा चट्याङ पर्ने बताएको छ । उल्लिखित लोकविश्वासमा अल्पज्ञानले मानिसलाई हानि पुऱ्याउने हुँदा ज्ञान जति गहिराइमा गयो उत्ति नै सार्वजनीन हुने सन्देशको सम्प्रेषण गरिएको छ ।

'दुःख र सुख' लोककथामा आत्मज्ञानसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । आत्मज्ञान भएका मानिसले जीवनका बारेमा बुझेका हुन्छन् । आत्मज्ञान हुने मानिसले दुःखसुखको समानुभूति गर्ने कुरालाई यस लोककथामा यसरी व्यक्त गरिएको छ :

> "तिमी मेरो छोरो रहेछौ बाबु । मैले हिजो बेलुका तिमीलाई नराम्रो काम गरैँ । हिजै यस्तो सोधपुछ गर्ने आत्मज्ञान भएको भए बाउछोरा एकै ठाम्मा बसिन्थ्यो होला । तिमी रातभरि बाहिर बस्यौ । म यस्तो खुसी भएर, सोख लिएर भित्र सुतेँ । तिमीलाई मैले यत्रो दुःख दिएँ । मेरो आत्मामा आत्मज्ञान भएन । सबैभन्दा ठुलो आत्मज्ञान हो । मैले हिजो बेलुकै तिमीलाई यी कुरा सोधेको भए बाहिर राख्दैनथेँ । मलाई माफ गर" भनेर बुबाले छोरालाई भने । (परिशिष्ट (क), 'दुःख र सुख')

माथिको उद्धरणमा बुबाको खोजीमा हिँडेको छोरो पैसा नभएका कारण रातभर बाहिर बसेको छ । होटलमा आएको धनाढ्य व्यक्ति सुखपूर्वक केटाले लिएको कोठामा बस्छ । भोलिपल्ट परिचय हुँदा त्यो व्यक्ति आफ्नै बुबा भएको रहस्य खुल्छ । बुबाले छोरासँग आत्मज्ञान नभएकोले दुःख दिएकोमा माफी माग्छ । यो लोकविश्वासमा आत्मज्ञान नहुने मानिसले अरूलाई दुःख दिने र हेला गर्ने सन्देश रहेको छ ।

'मसानघाट' लोककथामा धनी र गरिबको मसानघाट एउटै हुने लोकविश्वास व्यक्त भएका छन् । यस लोककथामा दुःखीले गरिबको सेवा गरेका कारण मरेपछि उनका मलामी धेरै छन् । सुखी घमन्डी भएका कारण उसका मलामी थोरै भएकाले उसको लास गिद्धले लुछेका छन् । धनको घमन्ड गर्ने र अरूको कुभलो चिताउने मानिस मरे पनि सन्ततिलाई दुःख हुने कुरालाई 'मसानघाट' लोककथामा यसरी प्रस्तुत भएको छ :

> "लास खान आयो गिद्धले, अरू जन्तुले पनि लास खान आए" भनेर जेठो छोराले धपायो अरे । धपाउँदै जाँदा जेठो छोरा मर्स्याङ्दीमा परेर मोरेच । जेठो छोराको लासै भेट्न सकिएन । मलामी कतिखेर आए ? मलामी आउँदाखेरिमा त्यो घमन्डी बाबाको शरीर पुरै जीवजन्तु र गिद्धहरूले खाइसकेका थिए । (परिशिष्ट (क), 'मसानघाट')

माथिको उद्धरणमा धनी मानिसले कसैलाई सहयोग नगरेको हुँदा उसका मलामी थोरै छन् । दाहसंस्कारमा सामेल भएका मलामीसमेत दाउरा खोज्न गएपछि धनीको लास जीवजन्तुले खाएका छन् । यसमा धनको घमन्ड गर्ने र अरूको हित नचिताउने मानिस मरेपछि पनि सन्ततिलाई दुःख हुने लोकविश्वास व्यक्त भएको छ ।

'लामाको शक्ति' लोककथामा आचरणसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसमा अरूको चियोचर्चो गर्दा समयको बर्बाद हुने र अरूको नजरमा नराम्रो भइने ज्ञान रहेको छ । यसको कथानकअनुसार जादुगर्नी बुढीले गाउँघर डुल्ने र अरूको चियोचर्चो गर्ने हुँदा उसलाई नराम्रो दृष्टिले हेर्ने प्रसङ्गलाई 'लामाको शक्ति' लोककथामा यसरी व्यक्त गरिएको छ :

> त्यो नराम्री बुढी माग्दै गाउँमा आएको दुई, तीन वर्ष मात्र भको रैछ । बुढी दिनभर गाउँमा यो घर र त्यो घर गरेर डुलिरहन्थी । धेरै गाउँ डुल्ने भएकाले सबैले डुलुवाई बुढी भनेर हेला गर्थे । (परिशिष्ट (क), 'लामाको शक्ति')

माथिको उद्धरणमा बुढीले गाउँलेहरूको चियोचर्चो गर्ने भएकाले उनीहरूलाई बुढी मन परेको छैन । यो लोकविश्वासको शैक्षिक प्रयोजन अरूको पछि लाग्ने मानिसको निश्चित लक्ष्य नहुने हुँदा उन्नतिमा बाधा पुग्ने सन्देश दिनु रहेको छ ।

'विलासी राजा' लोककथामा विलासी राजासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । विलासले मानिसलाई विभिन्न भौतिक वस्तुको तृष्णा बढाउने हुँदा मानिस आफ्नो मनलाई शान्त र आनन्दित राख्न ऐसआराम र मोजमस्तीमा भुल्छ । यस कथामा राजा ज्यादै विलासी भएका कारण जुलाहाहरूले हिरा, मोती जडेर अयोग्य मानिसले मात्र देख्ने लुगा बनाइदिने वाचा गरेका छन् । राजाले पालैपालो आफ्ना मन्त्रीहरूलाई हेर्न पठाउँछन् तर अयोग्य ठहरिने डरले उनीहरूले लुगा नदेखेको कुरा भन्दैनन् । लुगा तयार भयो भन्ने झ्याली पिटाएर राजालाई नाङ्गै सहर घुमाइन्छ, जसलाई 'विलासी राजा' लोककथामा यसरी व्यक्त गरिएको छ :

> भोलिपल्ट राजालाई सहर घुमाइयो । राजाका भका जति सबै कपडा खोलेर नाङ्गै सहर घुमाइयो । "यो अयोग्यले देख्न नसक्ने लुगा हो" भनेर बहाना पारेर जुलाहाहरूले राजालाई नाङ्गै सहर घुमाए । जुलुसमा जानेहरू कसैले पनि बोल्न सकेनन् तर एउटा सानो बच्चाले- "राजा नाङ्गै छ, राजाले कपडा लगाको छैन । राजा नाङ्गै छ" भनेकाले त्यो सप्पैलाई थाहा भो । (परिशिष्ट (क), 'विलासी राजा')

माथिको उद्धरणमा अयोग्य मानिसले मात्र देख्ने लुगा भनेर जुलाहाहरूले राजालाई नाङ्गै सहर घुमाउँछन् । जुलुसमा जाने मानिसले आफू अयोग्य ठहरिने डरले कसैले पनि राजा नाङ्गै भएको कुरा भन्दैनन् । त्यहाँ एउटा बच्चाले राजा नाङ्गै छ भनेर चिच्याउँदा राजालाई सर्म हुन्छ । यसरी अतिविलासले मानिसको पद, प्रतिष्ठा र शक्ति नष्ट हुने लोकविश्वास छ । माथिको लोकविश्वासमा राजा विलासी हुँदा राष्ट्रको गौरव कमजोर हुने र राष्ट्रिय सङ्कट आउने भएकोले राजा विलासी बन्नु हुँदैन भन्ने सन्देश रहेको छ ।

'वृत्रासुर राक्षस' लोककथामा विधि र कर्तव्यसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत वृत्रासुरले महादेवको तपस्या गर्नु, महादेव खुसी भएर जसको टाउकोमा हात राख्यो उही भस्म हुने वरदान दिनु, वृत्रासुरले वरदानको परीक्षण महादेवमाथि नै गर्न खोज्नु, महादेव विभिन्न स्थानमा भाग्नु, विष्णुले मोहिनी रूप लिएर वृत्रासुरलाई भस्म गराउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । महादेवले विष्णुलाई उचित कर्म गर्नेलाई वरदान दिनुपर्ने कुरा बताएका छन्, जसलाई 'वृत्रासुर राक्षस' लोककथामा यसरी व्यक्त गरिएको छ :

> महादेवले भन्नुभएच- “विधि पुऱ्याएर उल्ले कर्म गरेपछि मैले दिने वरदान हो, दिएँ । यो मेरो जिम्मेवारीको कुरा हो । तपाईंको जिम्मेवारीको कुरा यसको भस्म गराउने भएको हुनाले गर्नुभयो, त्यही कर्मबाट संसारलाई प्रेरणा मिल्नेछ । यही कथाले संसारलाई उपदेश दिने छ” भन्दै कैलाश पर्वतमा विष्णु र महादेवको सवारी भयो । (परिशिष्ट (क), 'वृत्रासुर राक्षस')

प्रस्तुत कथांशमा वृत्रासुर कुकर्मी भए पनि विधिपूर्वक कठोर तपस्या गरेको हुँदा महादेव वरदान दिन बाध्य भएका छन् । यसरी विधिपूर्वक कर्म गर्नेलाई त्यसको उचित फल दिने कर्तव्यबाट महादेव चुकेका छैनन् । यस लोकविश्वासमा कसैले नियमपूर्वक कडा साधना गर्छ भने त्यसले उचित फल प्राप्त गर्ने सन्देश रहेको छ ।

'संसार' लोककथामा संसारमा आफ्नो कोही नहुने र शिक्षार्जनसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत बाबुले छोरोलाई पढ्नका लागि घरदेखि टाढा पठाउनु, युवक धेरै वर्ष कुटीमा बसेर अध्ययन गर्नु, गुरुले संसार चिन्न घर पठाउनु, युवक पद्मासनमा बस्नु, कसैले पनि बिउँझाउन नसक्नु, योगीले बुटी खाए अरू मर्ने युवक बाँच्ने भनी परिवारको परीक्षण गर्नु, बुटी कसैले पनि नखानु र योगीले युवकलाई उठाएर कुटीमै लैजानु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । योगीले चलाखीपूर्वक युवकलाई संसार चिनाउँछ, जसलाई 'संसार' लोककथामा यसरी व्यक्त गरिएको छ :

> “ल हिँड् तेरो संसारमा को रच ? तेरी श्रीमती पनि रहिनच, आमा पनि रहिनच र बाउ पनि रहिनच त्यसैले अब बल्ल तँ मसँग हिँड्” भनेर भनेच । (परिशिष्ट (क), 'संसार')

प्रस्तुत उद्धरणमा संसारमा कोही आफ्ना नहुने प्रसङ्ग रहेको छ । योगीले आफू मरे पनि मर्छु भन्दै बुटी खाएपछि युवक जुरुक्क उठ्छ । यसरी जोगीले युवकलाई संसारमा आमा, बुबा र श्रीमती कोही आफ्नो नभएको शिक्षा दिन्छ । यसमा विद्यार्जन कठोर श्रमबाट मात्र प्राप्त हुने हुँदा यसका लागि एकान्तबास हुनुपर्ने सन्देश रहेको छ । यी लोकविश्वासमा जीवनको सत्य र सार बुझ्न ज्ञानको गहिराइमा जानुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

'सिकारी र बाघ' लोककथामा निम्ताको अपमान गर्न नहुने, वचनको घाउ निको नहुने र असल मित्रता सधैँ अमर रहने लोकविश्वास व्यक्त भएका छन् । यसको कथानकअन्तर्गत मानिस र बाघले मितेरी साइनो गाँस्नु, बाघ सिकारीको घरमा जानु, मितिनीले बाघको अपमान गर्नु, बाघ दुःखी हुनु, बाघले मितलाई वचनको घाउ निको नहुने कुरा सिकाउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । यसमा अरूले लगाएको वचन नबिर्सने कुरालाई यसरी प्रस्तुत गरिएको छ :

> “अरू सबै ठिक छ । तपाईंले हिर्काको घाउ त निको भयो तर मितिनीज्यूले छोराछोरीले बाघ आयो भनेपछि खप्परा हिर्काइदे भनेको त्यो बन्चराको घाउ अझै निको भएको छैन ।” (परिशिष्ट (क), 'सिकारी र बाघ')

माथिको उद्धरणमा बाघले बन्चराले खप्परमा हिर्काइदे भनेको वचन बिर्सन नसकेको उल्लेख छ । यो लोकविश्वासमा शरीरमा लागेको घाउ छिटो निको हुने तर मनमा लागेको चोट कहिल्यै निको नहुने नीतिमूलक शिक्षा रहेको छ । उल्लिखित लोकविश्वासमा अरूको निम्ताको बेवास्ता गर्न नहुने, बोल्दा परिस्थितिको विचार गरेर बोल्नुपर्ने र मित्रतामा सधैँ इमान्दार बन्नुपर्ने सन्देश रहेको छ ।

माथिको तालिकामा समाविष्ट लोककथाहरूमा अर्तीउपदेशमूलक, धार्मिक र समाज व्यवहारमूलक शिक्षाबाट व्यक्तिको आचरण निर्माणमा जोड दिइएका लोकविश्वास व्यक्त भएका छन् । माथि प्रस्तुत 'अल्छी', 'गोरखनाथ', 'मसानघाट', 'लामाको शक्ति', 'संसार तथा 'सिकारी र बाघ' लोककथामा अर्तीउपदेशमार्फत शिक्षा दिने लोकविश्वास छन् । यी लोकविश्वासको खास उद्देश्य अल्छी गर्न नहुने, अरूलाई विश्वास गर्दा रहस्य बाहिरिने भएकाले सचेत रहनुपर्ने, घिनाउने बानीले अवसर छुट्ने, झुटो बोल्न नहुने, गुरुलाई सम्मान गर्नुपर्ने, धनको घमन्ड गर्न नहुने, अरूको चियोचर्चो गर्दा दुःख पाइने, जीवन र जगत्का विषयमा चिन्तनशील हुनुपर्ने, बोल्दा परिस्थितिको विचार गरेर बोल्नुपर्ने र मित्रतामा सधैँ इमान्दार हुनुपर्ने रहेका छन् । यी अर्तीउपदेशमूलक लोकविश्वासको शैक्षिक उद्देश्य व्यक्तिमा असल बानीबेहोरा निर्माण गरी कर्तव्यपरायण व्यक्तिमार्फत सभ्य समाजको निर्माण गर्नु हो । 'आत्मा', 'एक चिलिम तमाखु', 'दुःख र सुख' तथा 'वृत्रासुर राक्षस' लोककथामा रहेका अतिकाल्पनिक लोकविश्वासले धार्मिक शिक्षामार्फत व्यक्तिको असल चरित्र निर्माणमा जोड दिएका छन् । यी लोकविश्वासको मुख्य उद्देश्य आत्मा सन्तुष्ट राख्नुपर्ने, अरूको परिश्रमको मूल्य बुझ्नुपर्ने, चोर्न नहुने, आत्मज्ञान हुने मानिसले कसैको कुभलो नचिताउने, विधि र निष्ठापूर्वक गरिने कामको शुभफल प्राप्त हुने रहेका छन् । धार्मिक शिक्षामा आधारित लोकविश्वासको मुख्य प्रयोजन नै व्यक्तिगत आचरण र व्यवहारमा सुधार गरी समाजलाई शान्त, सुव्यवस्थित र अनुशासित बनाउनु रहेको छ ।

'गँगटो', 'गोरखनाथ', 'ज्ञान', 'मसानघाट', 'विलासी राजा', 'संसार' तथा 'सिकारी र बाघ' लोककथामा व्यक्त लोकविश्वासले समाज व्यवहारमूलक शिक्षामा जोड दिइएका छन् । यी लोकविश्वासका मुख्य उद्देश्य अशक्तलाई माया गर्नुपर्ने, ज्ञान दिने गुरुको आदरसम्मान गर्नुपर्ने, एकान्तमा गरिएको अध्ययनबाट ज्ञानको गहिराइमा पुग्न सकिने, राजा विलासी हुँदा राष्ट्रिय सङ्कट आउने, भोगविलासले शक्ति कमजोर हुने, संसारमा कुनै कुरा सत्य नहुने, अरूको निम्तालाई अपमान गर्न नहुने, बोल्दा परिस्थितिको विचार गरेर बोल्नुपर्ने र मित्रतामा सधैँ इमान्दार हुनुपर्ने रहेका छन् । सामाजिक व्यवहारमा आधारित यी लोकविश्वासको मुख्य उद्देश्य व्यक्तिलाई सामाजिकीकरणमा सहयोग गर्नु रहेको छ । उल्लिखित लोककविश्वासको शैक्षिक प्रयोजन अर्तीउपदेश, धार्मिक र समाज व्यवहारमूलक शिक्षाका माध्यमबाट व्यक्तिलाई नैतिकवान्, आत्मनिर्भर र व्यावहारिक बनाएर असल समाजको निर्माण गर्ने रहेको छ ।

### ४.४.३ लोकविश्वासको सामाजिक प्रयोजन

लोकविश्वासमा समाजका मूल्यमान्यता, चालचलन, विधिविधान र सामाजिक क्रियाकलापहरू रहेका हुन्छन् । परम्परित रूपले जुगौँदेखि प्रचलित सामाजिक मान्यताप्राप्त विश्वासगत लोकचलनहरूको मूल आधार नै समाज हो (सुवेदी, २०५५, पृ. २७) । ती लोकविश्वासमा समाजमा निर्मित परिवार, नातासम्बन्ध, पद, प्रतिष्ठा, विभिन्न सामाजिक संस्थाहरू तथा सामाजिक विधिविधान र जीवनपद्धति आदिका बारेमा व्यक्त विश्वासहरू रहेका हुन्छन् । तसर्थ पुर्ख्यौली लोकचलनको अध्ययनबाट कुनै स्थान विशेष, समुदाय र समाजको यथार्थ र परिवर्तित स्थितिका बारेमा जानकारी प्राप्त हुन्छ ।

गण्डकी प्रदेशका नेपाली लोककथामा लोकव्यवहार सञ्चालनका लागि निर्माण गरेका सामाजिक नीति, नियम, मूल्यमान्यता र चालचलन विश्वासका रूपमा व्यक्त भएका छन् । सामाजिक उद्देश्यमूलक लोकविश्वासमा सामाजिक संस्था, महिला, पुरुष, परिवार, नातागोता र विभिन्न समुदायसम्बन्धी लोकविश्वास रहेका हुन्छन् । गण्डकी प्रदेशका नेपाली लोककथामा परिवार र पारिवारिक साइनो वृद्धवृद्धा, सासू र बुहारी, सौतासौता, दाजुभाइ, दिदीबहिनी, छोराछोरी र हाडानातासम्बन्धी लोकविश्वास रहेका छन् । वैवाहिक प्रचलनअन्तर्गत बहुविवाह र विवाहका निमित्त परीक्षा दिनुपर्ने लोकविश्वास छन् । समाजमा श्रमशोषण गर्न नहुने, गरिबलाई हेयका दृष्टिले व्यवहार गर्न नहुने, छिमेकी जिउँदाको जन्ती र मर्दाको मलामी भएकाले सामाजिक मेलामिलाप कायम गर्नुपर्ने तथा महिला चेतना र विद्रोहका सङ्केत भएका सामाजिक उद्देश्यमूलक लोकविश्वास व्यक्त भएका छन् ।

सामाजिक उद्देश्य भएका लोकविश्वासको खास प्रयोजन समाजमा विभिन्न लिङ्ग, धर्म, वर्ग र जातजातिका मानिसहरूको बसोबास हुने भएकाले व्यक्तिलाई सामाजिक आचरण पालना गर्न उत्प्रेरित गर्ने, परिवारमा स्नेह, जिम्मेवारी र समर्पणको भावना विकास गर्ने, उत्तरदायित्व बहन गर्न सक्ने व्यक्तित्व निर्माण गर्ने र मानवीय संवेगहरूको व्यवस्थापन गर्दै आपसी समन्वयमार्फत सामाजिक मेलमिलाप बढाउँदै लोककल्याण गर्नु रहेको छ । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित सामाजिक प्रयोजन भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ४.६ : सामाजिक प्रयोजनसम्बद्ध लोकविश्वासको सूची**

| **क्र.सं.** | **लोककथा** | **लोकविश्वास** |
|---|---|---|
| १ | एक चिलिम तमाखु | अरूको सित्तैमा खान नहुने |
| २ | कालजित | सौतेनी सम्बन्धमा ईर्ष्या हुने |
| ३ | गँगटो | सुत्केरी छोरीले माइतीको मानो खानुपर्ने |
| ४ | गरिब | सम्पत्ति नहुने मानिसलाई सबैले हेप्ने |
| ५ | बदला | सासू र ज्वाइँबिच यौनसम्बन्ध निषेध गरिएको |
| ६ | बुद्धिमान बा | बुढाबुढी भएपछि आफ्नै सन्तानले हेला गर्ने |
| ७ | भाग्य | सय मुरी कोदो र सय मुरी तोरी छुट्याउनेलाई छोरी दिने |
| ८ | मसानघाट | मर्दापर्दा एकले अर्कालाई सघाउनुपर्ने |
| ९ | माछा | आमा र छोराबिचको यौन निषेध हुने |
| १० | मौका | छोराहरू पैतृक सम्पत्तिका हकदार हुने |
| ११ | राक्षसभूत | दाजुहरूले बहिनीको संरक्षण गर्नुपर्ने |
| १२ | राजकुमार दिक्पाल | मानिसलाई जन्मघर सबैभन्दा प्यारो हुने |
| १३ | लामाको शक्ति | गाउँलेहरूले कचहरी लगाउने |
| १४ | संसार | श्रीमतीले श्रीमान बचाउनका लागि बुटी नखाने |
| १५ | सासू र बुहारी | सासू र बुहारी मिल्न नसक्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा प्रस्तुत लोककथामा ऐँचोपैँचो, सौतेनी सम्बन्ध, यौन निषेध, विवाहका निम्ति परीक्षा, छोरीचेलीको संरक्षण, धनसम्पत्ति, श्रीमान् र श्रीमती, सासू र बुहारी तथा कचहरीजस्ता विविध क्रियाकलापसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'एक चिलिम तमाखु' लोककथामा ऐँचोपैँचोसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । समाजमा अरूको पसिना परेको कुरा सित्तैमा खाँदा पाप लाग्ने र अर्को जन्ममा जनावरका रूपमा जन्मनुपर्ने लोकविश्वास छ, जसलाई 'एक चिलिम तमाखु' लोककथामा यसरी प्रस्तत् गरिएको छ :

> "कहाँबाट आयौँ ? कसरी आयौँ तिमोरू ?" भन्दा "तिम्रो बाउ रैछ । पैँचो मागेर एक चिलिम तमाखु खाको रैछ अनि पैँचो तिर्न नसक्दा नसक्दै मोरेर गयो । त्यहाँपछि गाईको गोठमा गएर बाच्छो बनेर निक्ल्यो । बाच्छो बनेर निक्लेर पनि जोतेर तिम्लेई भ्यारैछौ । मोरेर जाँदा पनि किलो गाडेर टाउको बिउ कुर्न राखेका रैछौ ।" (परिशिष्ट (क), 'एक चिलिम तमाखु')

प्रस्तुत दृष्टान्तमा पैँचो नतिरी मरेकाले बुबाको पुनर्जन्म गोरुका रूपमा भएको छ । अर्काको सित्तैमा खाने मानिसले दण्ड स्वरूप जनावर भएर जन्मनुपर्ने लोकविश्वास रहेको छ । यसको उद्देश्य जिउनका लागि मानिसले परिश्रम गर्नैपर्ने र श्रमशोषण गर्न नहुने कुराप्रति सचेत गराउनु हो ।

'कालजित' लोककथामा सौतासम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार छओटी रानीहरूबाट सन्तान नभएपछि राजाले अप्सरालाई कान्छी रानीका रूपमा दरबार भित्र्याउँछन् । कान्छी रानी गर्भवती हुन्छिन् तर यो कुरा अन्य रानीहरूलाई मन पर्दैन । उनीहरूले राजकुमार जन्मेपछि राजालाई नदिने जाल रच्छन्, जसलाई 'कालजित' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> छओटी रानीहरूले- "कान्छी रानी प्यारी हुनी भै अब क्यारम् ?" भनेर मनमनै जाल रच्न लाए- "अब यिनीबाट जन्मेको बच्चालाई हाम्ले थाउनामा लएर पोखरीमा फालम् । (परिशिष्ट (क), 'कालजित')

माथिको उद्धरणमा छओटी रानीहरूले कान्छी रानी प्यारी हुने भई भनेर अनेक जाल रचेका छन् । कान्छी रानीले सन्तान जन्माएपछि त्यसलाई पोखरीमा फाल्ने र राजालाई ढिकीको मुसल लगेर दिने योजना बनाउँछन् । राजासँग प्रशस्त सम्पत्ति भएर पनि सन्तान नभएका कारण धेरै महिलासँग विवाह गरेका छन् । जैविक अर्थात् वंशगत उत्तराधिकारीको रूपमा सन्तान जन्माउन नसकेका दम्पतीलाई अपुतो र तिनीहरूको सम्पत्तिको हकदार नभएको अवस्थालाई अपुताली परेको भन्ने गरिन्छ (प्रभात, २०७४, पृ. २३) । परम्परागत समाजमा सन्तानहीन व्यक्तिलाई अपुतो ठान्ने र सामाजिक रूपमा बहिष्कार गर्ने लोकविश्वास रहेको हुँदा धेरै महिलासँग विवाह गर्ने चलन रहेको पाइन्छ । एक जनाले धेरै महिलासँग बिहे गर्दा आफ्नो ठाउँ अन्य महिलाले खोसेको कारण स्त्रीमा ईर्ष्या भाव पैदा हुन्छ । उल्लिखित लोकविश्वासमा बहुविवाहले परिवारमा कलह र सामाजिक विकृति निम्त्याउने शिक्षा रहेको छ ।

'गँगटो' लोककथामा सुत्केरी र माइतीसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । सुत्केरी अवस्थामा महिलालाई प्रशस्त आरामको आवश्यकता हुने र नवजात शिशुको हेरविचार गर्नुपर्ने भएकाले माइतीमा लगेर उचित स्याहारसुसार गर्नुपर्ने सन्दर्भलाई 'गँगटो' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "बहिनीलाई ल्याउनी हो, सुत्केरी मानो खान" भनेर दिदी माइत गइचन् अरे । जेठी दिदीले बच्चालाई स्यार र नुवाइधुवाई गर्नी गरिचन् अरे । (परिशिष्ट (क), 'गँगटो')

माथिको उद्धरणमा सुत्केरी छोरीलाई माइतीको मानो खुवाउनुपर्ने उल्लेख छ । सुत्केरी अवस्थामा शारीरिक र मानसिक परिवर्तन आउने भएकाले विशेष रेखदेखको आवश्यकता पर्छ । पहिलेपहिले मानिसहरू खेतीपातीमा मात्र निर्भर हुने हुँदा सुत्केरी भएको केही समयमा नै कामधन्दामा संलग्न हुनुपर्थ्यो । यसले गर्दा सुत्केरी महिलाले काम गर्न नसक्ने र गरुङ्गो भारीले बोक्दा स्वास्थ्य समस्या आउने भएकाले उचित रेखदेखका लागि माइतीमा पठाउने चलन सामाजिक नियम रूपमा चलेको छ ।

‘गरिब’ लोककथामा गरिबलाई हेला गर्ने लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार गरिब सम्पत्ति केही नभएको र अरूको तिरस्कार सहनु परेकोले मर्न हिँडेको छ, जसलाई ‘गरिब’ लोककथामा यसरी व्यक्त गरिएको छ :

> “मेरो परिवार छैन, सम्पत्ति छैन, पृथ्वीमा मेरो कोही पनि छैन, म के खाएर बाँच्नु ? म त मोर्चु ।” भनेर त्यो मोर्न खोज्नी मान्छेले देवदूतसँग प्रश्न गरे । (परिशिष्ट (क), ‘गरिब’)

माथिको उद्धरणमा गरिबलाई आफ्नो मान्छे नभएको र धनसम्पत्ति नभएका कारण पीडाले सताएको छ । ऊ आफू बाँचेर कुनै अर्थ नभएको निष्कर्षमा पुगी मर्न हिँडेको छ । यो लोकविश्वासले समाजमा रहेको वर्गीय विभेदलाई देखाएको छ । यो लोकविश्वासबाट समाजमा गरिबलाई तुच्छ सम्झने खराब प्रवृत्ति रहेको स्पष्ट हुन्छ ।

‘बदला’ लोककथामा यौन निषेधसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार ससुरालीमा गएका ज्वाइँलाई रातको समयमा भोक लाग्नु, चिउरा खोज्दै भण्डार पुग्नु, चलाख भाइले बताएअनुसार पटुका समाप्दै जानु र सासू सुतेको स्थानसम्म पुगेपछि खैलाबैला हुनु आदि घटनाक्रमको संयोजन गरिएको छ । लोकसमाजमा सासू सुतेको स्थानमा ज्वाइँ जानुलाई राम्रो मानिँदैन, जसलाई ‘बदला’ लोककथामा यसरी व्यक्त गरिएको छ :

> “ए ! ज्वाइँ म थिम आए” भनेर सासूले हल्लाखल्ला गरिच । (परिशिष्ट (क), ‘बदला’)

माथिको उद्धरणमा ज्वाइँ सासू सुतेको स्थानका पुगेपछि सासूले हल्लाखल्ला गरेकी छ । ज्वाइँ र सासूबिचको यौन सम्बन्धले सामाजिक संरचनामा असर पर्ने र परिवारका अन्य सदस्यलाई मानसिक तनाव हुने भएकाले हाडनाताबिचको सम्बन्धलाई निषेध गरिएको छ । यस्तो सम्बन्धलाई समाजले वर्जित गरेको छ । हाडनाताबिचको यौनसम्बन्ध निषेध गरिएका लोकविश्वासको प्रयोजन समाजमा विसङ्गति ल्याउने अनुचित कार्य रोक्नु हो ।

‘बुद्धिमान बा’ लोककथामा बुढाबुढी भएपछि सन्तानले हेला गर्ने लोकविश्वास व्यक्त भएको छ । बुबाआमा वृद्ध र काम गर्न नसक्ने भएपछि तिनलाई बोझका रूपमा लिने सामाजिक समस्या हो । छोराबुहारीले सम्पत्ति नभएका कारण बुढालाई हेला गरेको सन्दर्भलाई ‘बुद्धिमान बा’ लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> बुढाबुढीले जेनतेन जीविका गरेका थिए । उनीहरूको वृद्ध अवस्था भयो । बुढी मरेर गइन्, श्रीमती गएपछि बुढाले एक्लो जीवन बिताउनुपऱ्यो । बुढा एक्लै भए, छोराहरू कसैले पनि हेरेनन् । (परिशिष्ट (क), ‘बुद्धिमान बा’)

माथिको कथांशमा बुढासँग धनसम्पत्ति नभएको हुँदा आफ्नै सन्तानले हेला गरेका छन् । बुढाबुढीलाई उचित रेखदेख र सम्मान दिन नसक्ने सामाजिक समस्या दिनप्रतिदिन बढ्दै गएको छ । यो लोकविश्वासबाट मानिस भौतिक वस्तुका पछाडि लागेकाले मानवीय सम्बन्ध बिग्रँदै गइरहेको स्पष्ट हुन्छ । यसको प्रयोजन भौतिक वस्तुभन्दा मानवीय सम्बन्ध उच्च हुने भएकाले वृद्धवृद्धा बाआमालाई उचित स्याहारसुसार गर्नुपर्ने नैतिक ज्ञान दिनु हो ।

'भाग्य' लोककथामा विवाहका लागि परीक्षा दिनुपर्ने लोकविश्वास व्यक्त भएको छ । यसले परम्परागत सामाजिक अवस्थालाई प्रस्तत् गर्दछ, जसलाई 'भाग्य' लोककथामा यसरी व्यक्त गरिएको छ :

> कुनै समयमा एउटा सत्तलसिंह राजा थिए । ती राजाले- "जसले मेरो घरमा आएर सय मुरी कोदो र सय मुरी तोरीलाई बेग्लाबेग्लै छुट्याम्न सक्च त्यसलाई म छोरी दिन्चु, अरूलाई दिन्नँ" भन्नी कबुल गरेका थिए । (परिशिष्ट (क), 'भाग्य')

माथिको उद्धरणमा राजाले सय मुरी कोदो र सय मुरी तोरी छुट्याउनेलाई छोरी दिने वाचाकबोल गरेका छन् । यसले प्रतीकात्मक रूपमा विवाह गर्ने बेलामा केटो कत्तिको धैर्यशील, साहसी र परिपक्व छ भनेर परीक्षा लिने कुरालाई बुझाएको छ । यो लोकविश्वासमा विवाहपछि मानिसलाई घर, परिवार र समाजको जिम्मेवारी थपिने भएकाले व्यावहारिक हुनुपर्ने सन्देशको सम्प्रेषण गरिएको छ ।

'मसानघाट' लोककथामा छिमेकमा सहयोगसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । समाजमा धनी, गरिब, दुःखी, सुखी, विभिन्न जातजाति र धर्ममा आस्था राख्ने मानिसहरूको बसोबास हुन्छ । मानिस दुःख पर्दा छिमेकीको सहयोग पाइने भएकाले समाजमा बस्न रुचाउँछ । मानिसले अरूलाई मदत गर्नुपर्ने सामाजिक सन्दर्भलाई 'मसानघाट' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> दुःखीले भन्थे- "हामी धेरै दुःखी छम्, हामी दुःखीदुःखी मिल्नुपर्छ । सुखीको अवसरमा लागेर हामीलाई पुग्दो रैनछ । हाम्लाई सहयोग भनेको समाजको चाहिँदो रैछ । मान्छेकै चाहिँदो रछ ।" (परिशिष्ट (क), 'मसानघाट')

माथिको कथांशमा मानिसमा मानवीयता हुनुपर्ने र एकले अर्कालाई सहयोग गर्नुपर्ने उल्लेख छ । मानिस समाजमा घर, परिवार, नातागोता, इष्टमित्र, बन्धुबान्धवसँग मिलेर बस्ने सामाजिक प्राणी हो । समाजमा दुःखी, सुखी, धनी र गरिब मानिसहरू हुन्छन् भने आपत्को समयमा मानिसलाई सहयोगको आवश्यकता पर्छ । तसर्थ नेपाली समाजमा छिमेकीलाई 'जिउँदाको जन्ती र मर्दाको मलामी' भन्ने उखान प्रचलित छ । यो लोकविश्वासको प्रयोजन सामाजिक मेलमिलाप कायम गर्नु रहेको छ ।

'माछा' लोककथामा यौन निषेधसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार एउटा निर्जन गाउँमा आमाछोरा मात्र हुनु, आमा गर्भवती हुनु, यसलाई योगीले पाप सम्झनु र आमाछोरालाई अलग गर्न दुईतिर पठाउनु आदि घटनाक्रमको संयोजन गरिएको छ । योगीले आमा र छोराबिचको सम्बन्धलाई महापाप सम्झेर उनीहरूलाई अलग बनाएको सन्दर्भ 'माछा' लोककथामा यसरी व्यक्त भएको छ :

> उहाँलाई के लायो भने- "आमाछोरा मात्रै, महिला पाउने पनि छ । यो त राम्रो कुनै हालतमा भएन । हाम्रो संस्कारमा आमाछोरा भनेपछि जेजस्तो भए पनि चल्ने कुरा भएन । समाज नै यस्तै हुँदै गयो

भने त विश्वमा कुनै राम्रो चिज रहँदैन ।" आमाछोरा बिग्रे भने पहिलापहिला त डाँडै कटाउने चलन थियो रे । (परिशिष्ट (क), 'माछा')

माथिको उद्धरणमा आमा र छोराबिचको यौनसम्बन्धलाई वर्जित गरिएको सामाजिक सन्दर्भ आएको छ । योगीले आमाछोरालाई सँगै राख्दा समाजमा नकारात्मक असर पर्ने भएकाले उनीहरूलाई सँगै राख्न नहुने निर्णय गर्छ । धार्मिक रूपमा हाडनाताबिचको सम्बन्धलाई पाप भनिएको छ । यो लोकविश्वासको उद्देश्य समाजमा हुने विकृत यौनजन्य क्रियाकलापलाई रोक्न सहयोग गर्नु हो ।

'मौका' लोककथामा पैतृक सम्पत्तिसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार तीन दाजुभाइले आफ्नो पैतृक सम्पत्ति बाँडेर लिएका छन् । सगोलको सम्पत्ति अंशियारले बाँडेर लिने सामाजिक प्रचलनलाई 'मौका' लोककथामा यसरी व्यक्त गरिएको छ :

> बाउको देहान्त भयो र बाउको अंश, पैतृक सम्पत्ति छुट्टिभिन्न भयो । छुट्टिदाखेरिमा खेतबारी, गाई, भैँसी, बाखा जेजे छन् घरमा त्यो तीनै जनाले बाँडेचन् । (परिशिष्ट (क), 'मौका')

माथिको उद्धरणमा बुबाको देहावसानपछि उनका छोराहरूले पुर्ख्यौली सम्पत्तिको अंशबण्डा गर्छन् । नेपाली समाजमा बुबाआमाको सम्पत्ति छोराहरूले बाँडेर लिने चलन छ । मुलुकी ऐन १९१० मा विवाह नभई माइतीमा बसेकी छोरीले भाइसरह अंश पाउने, ऐनको एघारौँ संशोधन २०५८ मा विवाहपूर्व छोरीले, छोरासरह अंश पाउने, २०७४ को देवानी संहितामा प्रत्येक अंशियार अंशको हकदार हुने भन्दै पैतृक सम्पत्तिमा छोरीको हक रहने व्यवस्था छ (पाण्डे, २०७३) । नेपालमा अंशबण्डासम्बन्धी कानुन परिवर्तन हुँदै जाँदा छोरीले अंश पाउने कानुनी प्रावधान भए पनि सामाजिक व्यवहार भने कानुनअनुसार भएको पाइँदैन । लोकसमाजमा पैतृक सम्पत्तिको हकदार छोरालाई नै मानिने लोकविश्वास रहेको छ ।

'राक्षसभूत' लोककथामा छोरीचेलीको संरक्षणसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअन्तर्गत दाजुहरूले बहिनीलाई रातको समयमा आगो ननिभाउन भन्नु, आगो निभेपछि बहिनी आगोको खोजीमा निस्कनु, राक्षसीसँग भेट हुनु, राक्षसले खान लाग्नु र दाजुहरूले बहिनीलाई बचाउनु जस्ता घटनाक्रमको संयोजन गरिएको छ । दाजुहरूले बहिनीको सुरक्षा गर्नुपर्ने सामाजिक मान्यतालाई 'राक्षसभूत' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "ए ! दाइ, मलाई खुट्टासम्मन् खाइसक्को, पेटसम्मन् खाइसक्को, छातीसम्मन् खाइसक्को" भन्दाखेरि सप्पै दाइहेरू आर बन्दुकले ढ्याम्ढुम् हानेचन् अरे । राक्षसलाई मारेर बहिनीलाई निकालेचन् अरे । (परिशिष्ट (क), 'राक्षसभूत')

माथिको उद्धरणमा बहिनीलाई राक्षसले दुःख दिएपछि उसले दाजुहरूसँग गुहार मागेकी छ । सिकार खेल्न गएका दाजुहरू आएर राक्षसबाट बहिनीलाई बचाएका छन् । यसमा दाजुभाइले दिदीबहिनीको सुरक्षा गर्नुपर्ने सामाजिक धारणा लोकविश्वासका रूपमा व्यक्त भएको छ ।

'राजकुमार दिक्पाल' लोककथामा जन्मघरसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकमा जोगीको कुटीमा बसेको राजकुमारले मृत्युलाई जितेर मृतक मानिसलाई बचाएर घर फर्केको अतिकाल्पनिक घटना छ । मानिसलाई आफ्नो जन्मघर सबैभन्दा प्यारो हुने सन्दर्भलाई 'राजकुमार दिक्पाल' लोककथामा यसरी व्यक्त गरिएको छ :

> ती सात जनाले- "सबै आफूजस्तै भइयो । तिमी धन्य ! रहेछौ" भनेर सातै जना राजकुमार ढोका लाएर बाहिर निस्के । त्यसपछि आफ्नो जन्म ठाउँ, आफ्नो जन्मघर खोज्दै सबै साथीलाई लिएर राजकुमार घर गए । (परिशिष्ट (क), 'राजकुमार दिक्पाल')

माथिको उद्धरणमा राजकुमारले जोगीको रगत छरेर अन्य छ जनालाई बचाएको उल्लेख छ । लामो समय जोगीको कुटीमा बसेका राजकुमारहरू पुनर्जीवित भएर जन्मघर फर्केका छन् । यो लोकविश्वासमा व्यक्तिलाई आफ्नो परिवार र जन्मस्थान प्यारो हुने सन्देश दिइएको छ ।

'लामाको शक्ति' लोककथामा कचहरीसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यो न्यायनिसाफ गर्नका लागि समाजले निर्माण गरेको प्रक्रिया हो । परम्परागत समाजमा सामूहिक निर्णय गर्नुपर्ने विषय र अन्यायमा परेका मानिसलाई न्याय दिलाउन पञ्च बस्ने, कचहरी लगाउने र गाउँ सभाका नामले न्यायनिसाफ गर्ने चलन थियो । यस प्रसङ्गलाई 'लामाको शक्ति' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> कुनै दिन गाम्मा अलि टाठो मान्छेले भेला बोलाएच । सबै भेला भए तर त्यो कुरूप बुढी आइन । "कसैले पनि यसै भएर हो" भन्ने पत्ता लगाउनै सकेनचन् । त्यो गाउँलेको कचहरीले गाम्मा लामा बोलाउने सल्लाह गरेच । (परिशिष्ट (क), 'लामाको शक्ति')

माथिको उद्धरणमा गाउँको टाठाबाठो मानिसले भेला बोलाएको छ । गाउँमा समस्या आउनुको कारण केही पत्ता नलागेपछि सभाले छलफल गरेर गाउँमा लामा बसाल्ने निर्णय गर्छ । परम्परागत समाजमा समस्याको सामूहिक निदान खोज्न कचहरी वा गाउँभेला गर्ने प्रचलन रहेको पाइन्छ । यो लोकविश्वासमा सामूहिक छलफलबाट समस्याको समाधान खोज्नुपर्ने सन्देश रहेको छ ।

'संसार' लोककथामा श्रीमान् र श्रीमतीसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार योगीले श्रीमतीले बुटी खाएमा श्रीमान् बाँच्ने तर श्रीमती मर्ने सर्त राखेको छ । युवककी श्रीमतीले आफू मरी श्रीमान्लाई बचाएर कुनै अर्थ नहुने धारणा व्यक्त गरेकी छ, जसलाई 'संसार' लोककथामा यसरी प्रस्तुत गरिएको छ :

> प्रस्ताव राख्दा बुहारीले- "म मोरेपछि लोग्ने बाँचेर के नाप्पियो ? म त संसारदेखि अलप भैहालेँ, सिद्धिइहालेँ । यो लोग्नेले आफ्नो रजगज गर्छ, मोजमस्ती गर्छ । म मोरेर के नाप्पिन्छ र ? खुट्टा भए जुत्ता कत्ति" भनेर अम्किछ । (परिशिष्ट (क), 'संसार')

माथिको कथांशमा श्रीमतीले आफू मरेर श्रीमान्लाई बचाउन नचाहेको प्रसङ्ग आएको छ । आफू मरेपछि त आफ्नो संसार समाप्त हुने तर श्रीमान् बाँचे अर्को बिहे गरेर मोजमस्ती गर्ने हुँदा श्रीमतीले आफू नमर्ने निर्णय गरेकी छ । श्रीमान्को मोजमस्तीका लागि आफू नमर्ने नारी विद्रोह यो लोकविश्वासमा आएको छ । यस लोकविश्वासको प्रयोजन नारीहरूमा चेतना र विद्रोह विकास भएको सामाजिक अवस्थालाई प्रस्ट पार्नु रहेको छ ।

'सासू र बुहारी' लोककथामा सासू र बुहारीसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । सासू र बुहारी पारिवारिक नाता हो । नेपाली समाजमा सासू र बुहारी मिल्न सक्दैनन् भन्ने सन्दर्भलाई 'सासू र बुहारी' लोककथामा यसरी व्यक्त गरिएको छ :

> नातिनातिना भनेपछि बाबुआमालाई पनि असाध्यै माया हुन्च । जतिचाहिँ आमाले माया गरे पनि बुहारीले सासूप्रति पटक्कै माया नदेखाउनी रहिछ । उनका छोराछोरीप्रति माया देखाउँदा पनि माया नदेखाउनी त्यसपछि उनीहरूको बहुधा झगडा हुनी रैछ । (परिशिष्ट (क), 'सासू र बुहारी')

प्रस्तुत उद्धरणमा सासूले नातिनातिनालाई जतिसुकै माया गरे पनि बुहारीले अपजस दिई विभिन्न खोट लगाएकाले सासू र बुहारीबिच झगडा हुन्छ । पारिवारिक नातासम्बन्धमा सासूससुरा भनेका घरका मुली मानिस हुन् । उनीहरूले परिवारका अन्य सदस्यलाई अह्राइसिकाइ गर्ने र अर्तीउपदेश दिने चलन छ । यसरी सासूले परिवारमा सबैलाई कामधन्दा लगाउने भएको हुँदा समाजमा 'सासू' नातालाई अलि कठोर सम्बन्धका रूपमा लिइन्छ । यो लोकविश्वासले सासू र बुहारी मिल्न नसक्दा घरमा कलह हुने, त्यसले समाजमा विकृति फैलाउने र भावी पुस्तामा नकारात्मक असर पर्ने हुँदा परिवार मिलेर बस्नुपर्ने शिक्षा दिएको छ ।

माथिको तालिकामा समाविष्ट लोककथामा परिवार र नातागोता, विवाहका लागि परीक्षा, यौन निषेध, नीति, आचरण तथा शिक्षासम्बन्धी विविध लोकविश्वास व्यक्त भएका छन् । यी लोकविश्वासमा अरूको श्रम सित्तैमा खान नहुने, सौतासौताबिचको ईर्ष्याले परिवारमा समस्या हुने, सुत्केरी छोरीलाई माइतीले संरक्षण दिनुपर्ने, गरिबलाई हेला गर्न नहुने, हाडनातामा यौन निषेध, समाजमा छोरालाई ज्यादा महत्त्व दिने, वृद्ध अवस्थामा आफ्नै सन्तानले हेला गर्ने, दाजुभाइले दिदीबहिनीको सुरक्षा गर्नुपर्ने, समस्या समाधानका लागि गाउँमा सभा गर्ने, विवाहका लागि परीक्षा दिनुपर्ने तथा सासू र बुहारीबिच बेमेल हुँदा परिवारिक समस्या झेल्नुपर्ने सामाजिक यथार्थको चित्रण गरिएको छ । यिनको खास प्रयोजन समाज र लोककल्याणका लागि काम गर्ने, परिवारप्रति उत्तरदायी व्यक्तित्वको निर्माण गरी असल समाज बनाउनु रहेको छ । यी लोकविश्वासमा मानवीय सद्भाव, सहकार्य र आत्मीयतामा मात्र समाजको उन्नति हुने सामाजिक यथार्थ रहेको छ ।

### ४.४.४ लोकविश्वासको सांस्कारिक प्रयोजन

संस्कारले सुधार वा परिष्कार गर्ने कुरालाई बुझाउँछ । शुद्धि कार्य, पुनीत कृत्य र धार्मिक कार्य वा अनुष्ठान नै संस्कार हुन् (आप्टे, सन् १९६६, पृ. १०५१) । संस्कार शुद्धीकरणका निमित्त गरिने प्रक्रिया र पुण्य प्राप्तिका लागि गरिने आनुष्ठानिक कृत्य हो । कुनै व्यक्ति वा वस्तुमा रहेका अवगुण, कमीकमजोरी हटाएर पवित्र पार्ने वा चोख्याउने कर्मलाई नै संस्कार भनिन्छ । लोकसमाजमा विभिन्न संस्कार प्रचलनमा रहेका छन् । वेद, ब्राह्मणग्रन्थ वा कर्मकाण्डीय धार्मिक ग्रन्थहरूले प्रकारान्तरबाट संस्कारको वर्णन गरेकाले अनादिकालदेखि नै संस्कारको प्रचलन रहेको छ (पन्थी, २०७३, पृ. २१) । मानवीय सभ्यतामा संस्कारको निर्माण लामो परम्पराबाट भएको छ । सनातन हिन्दु धर्ममा सोह्र संस्कार गर्भाधान, पुंसवन, सीमन्तोनयन, जातकर्म, नामकरण, निस्क्रमण, अन्नप्राशन, चूडाकर्म, कर्णवेध, विद्यारम्भ, उपनयन, वेदारम्भ, केशान्त, समावर्तन, विवाह र अन्त्येष्टि तथा बौद्धमार्गीहरूले कायिक, वाचिक र मानसिक संस्कार गरेको पाइन्छ (प्रभात, २०७४, पृ. ४६१) । लोकसमाजमा मानिस जन्मदेखि मृत्युपर्यन्त विविध संस्कारले आफू र निकटका वस्तुलाई शुद्ध पार्ने चलन छ ।

मानिसले आफ्नो धार्मिक आस्था र जातीय प्रचलनअनुसार जन्मेदेखि मृत्युपर्यन्त विभिन्न संस्कार गरेर व्यक्ति र वस्तुलाई शुद्ध पार्छन् । समयसापेक्ष संस्कारमा आउने परिवर्तनसँगै सांस्कारिक

लोकविश्वासमा समेत परिवर्तन आउँछ । लोककथामा संस्कारगत लोकविश्वास प्रयुक्त हुनुको प्रयोजन भने लोकव्यवहारले अपनाउँदै आएका संस्कारसम्बद्ध धारणा, विधि र प्रक्रियाका बारेमा परम्परा निर्देशित ज्ञान दिनु हो । संस्कारगत लोकविश्वासका कारण विभिन्न समुदायका मौलिक पहिचान बारेमा जान्न सकिन्छ । गण्डकी प्रदेशका नेपाली लोककथामा छैटी, विवाह, मितेरी लगाउने, टीका ग्रहण, अन्त्येष्टि संस्कार तथा दाइजो, बलि र सतीप्रथासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ गण्डकी प्रदेशबाट सङ्कलित सांस्कारिक प्रयोजन भएका नेपाली लोककथालाई वर्णानुक्रमअनुसार राखी तिनमा प्रयुक्त लोकविश्वासलाई तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका सङ्ख्या ४.७ : सांस्कारिक प्रयोजनसम्बद्ध लोकविश्वासको सूची**

| क्र.सं. | लोककथा | लोकविश्वास |
|---|---|---|
| १ | अल्छी | जोगी मर्दा नुनले पुर्नुपर्ने र बुबापछिको स्थान मितबाको हुने |
| २ | एक चिलिम तमाखु | गोरु मरेपछि अन्त्येष्टि गर्नुपर्ने |
| ३ | काफ्ले पाठो | कालिकामाईलाई बलि दिनुपर्ने |
| ४ | टीका | गुरुङले सेतो टीका लगाउने |
| ५ | फागुपूर्णिमा | फागुपूर्णिममा बुद्धको पुनरागमन हुने |
| ६ | बालन | विवाह उचित लगनमा गर्नुपर्ने |
| ७ | भाग्य | विवाहमा छोरीलाई दाइजो दिनुपर्ने र सतीले चिताएको पुग्ने |
| ८ | भावी | भावीले मानिस जन्मेको छ दिनमा भाग्य लेखिदिने र मानिस त्यही भाग्यरेखाअनुसार चल्ने |
| ९ | मुक्तिक्षेत्र | मुक्तिनाथका देवता जुम्लाका राजाको कुलदेवता भएको |
| १० | राजकुमार दिक्पाल | जोगीले नरबलि दिने |
| ११ | सराद | मानिस मरेपछि श्राद्ध गर्नुपर्ने |

स्रोत : शोधकर्ताको क्षेत्रकार्यमा आधारित

माथिको तालिकामा प्रस्तुत लोककथामा छैटी, मितेरी संस्कार, विवाह, सती, कुलपुजन, अन्त्येष्टि, श्राद्ध र बलिसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । यहाँ 'अल्छी' लोककथामा मृत्यु संस्कार र मितेरी साइनोसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । जोगी, योगी र सन्यासीहरूको मृत्यु हुँदा लासलाई खाडलमा गाड्ने र नुनले मृत शरीरलाई छोप्ने चलन रहेको छ । जोगी मर्दा नुन अनिवार्य हुने कुरालाई 'अल्छी' लोककथामा यसरी व्यक्त भएको छ :

> जोगी मर्दाखेरियाँ नुन चाहिन्छ अरे । कि नौ मुरी, कि नौ पाथी, कि नौ माना, कि नौ मुठी जति भए पनि नुन हाल्नपर्च अरे । त्याँट गएछ, उतिखेर नुन पनि सस्तै भयो । नौ पाथी नुन किनेच र खाल्टो खनेच । (परिशिष्ट (क), 'अल्छी')

माथिको उद्धरणमा जोगीको मृत्यु संस्कारमा नौ मुरी, नौ पाथी, नौ माना वा नौ मुठी नुन चाहिने उल्लेख छ । समाधिस्थलमा खाडल बनाएर शवलाई उत्तर शिर गरेर गेरु कपडा, रुद्राक्ष र विगुत लगाई पद्ममाशनमा राख्नुपर्छ । त्यसपछि नौ मुरी, नौ पाथी, नौ माना, नौ मुठी र नसके सम्भव भए जति नुनले

छोपी, अबिर, केशरीले पूजा गरेर पुर्ने चलन छ (बन, २०७३, पृ. १५५-१५६) । जोगी, योगी र सन्न्यासीहरूको मृत शरीरलाई नुनले पुर्ने लोकधारणा रहेको छ ।

'अल्छी' लोककथामा मितेरी संस्कारसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार अल्छीले आफ्ना पिताको निधनपछि मितबासँग अर्ती मागेको छ । मितेरी सम्बन्ध धार्मिक विधिविधानका आधारमा जोडिने लोकपरम्परा छ । यसरी मित लगाउँदा अष्टचिरञ्जीवी र अन्य देवीदेवताको पूजा गर्दछन् । नेपाली समाजमा मित साइनोलाई रगतकै सम्बन्ध जतिकै मानिएको छ । जन्म, विवाह संस्कार, मर्दापर्दा जुठो र सूतक बार्नुपर्ने, श्राद्धमा तर्पण दिनुपर्ने लोकमान्यता छ । रामायणमा राम र सुग्रीवको मित्रताले ऐतिहासिक पक्षलाई झल्काउँछ भने महाभारतमा कृष्ण र सुदामाको मित्रता, दुर्योधन र कर्णको मित्रता, कृष्ण र पाण्डवबिचको मित्रतालाई अनुकरणीय मानिएको छ (भट्टराई, २०७९, पृ. ५९७) । मितेरी साइनो प्राचीन समयदेखि उत्कृष्ट मानिएको छ । यी लोकविश्वासको प्रयोजन विभिन्न नातासम्बन्धमा बस्नाले जीवनमा आइपर्ने व्यावधानबाट छुटकारा पाउन सहयोग प्राप्त गर्नु रहेको छ ।

'एक चिलिम तमाखु' लोककथामा गोरुको अन्त्येष्टि गर्नुपर्ने लोकविश्वास व्यक्त भएको छ । गोरु गोवंशमा पर्ने परम्परागत कृषि प्रणालीको अभिन्न अङ्ग हो । गोरुको सहायताले मानिसले खेतबारी जोतेर अन्न उब्जाउने काम गर्छन् । गोरु र गोवंश मानिसको दैनिक जीवनसँग जोडिएको हुँदा यसको मृत्यु भएपछि विधिपूर्वक अन्त्येष्टि गर्ने चलनलाई 'एक चिलिम तमाखु' लोककथामा यसरी व्यक्त भएको छ :

> "हे बा ! बाउ भनेको भए त मैले किन यस्तो गर्थें होला नि" भनेर गोरुको टाउको सत्गत गरेर भ्यायो । (परिशिष्ट (क), 'एक चिलिम तमाखु')

प्रस्तुत कथांशमा गोरु मरेको धेरै समयपछि गल्न बाँकी रहेको टाउको र हाडखोर लगेर अन्त्येष्टि कर्म गरेको घटना छ । मानिस मरेपछि अन्य जीव, जनावर, रुखबिरुवा आदिमा आत्मा प्रवेश गरी पुनर्जन्म हुने लोकविश्वास छ (वशिष्ठ, २०६६, पृ. ५०-५१) । मानिस मरेपछि जीवजन्तु, बोटबिरुवा र ढुङ्गो आदिमा पुनर्जन्म हुने लोकमान्यता रहेको छ । यस लोककथामा बुबाको आत्मा गोरुमा प्रवेश गरी आफ्नै घरमा पुनर्जन्म भएकाले गोरुको अन्त्येष्टि गरिएको छ । यसरी मानिसको पुनर्जन्म गोरुका रूपमा हुने लोकविश्वास भएकाले गोरुको अन्त्येष्टि गर्ने चलन छ ।

'काफ्ले पाठो' लोककथामा बलिसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । लोकमा देवीदेवतालाई चढाएको वस्तु शुद्ध हुने मान्यता छ । परम्परादेखि नै पशुपक्षी काटेर रगत देवीदेवतालाई चढाउने र मासु प्रसाद ठानेर बाँडी खाने चलन छ । कतिपय मन्दिरमा पञ्चबलि स्वरूप बोका, राँगा, हाँस, भेडा र कुखुरालाई बलि चढाउँछन् भने शाकाहारीहरूले नरिवल, कुभिण्डो आदि बलिका रूपमा चढाउँछन् (वल्लभ, २०७४) । मानिसले जनावर र अन्य वस्तु देवीदेवतालाई चढाउने र बाँकी प्रसाद मानी भोजन गर्ने लोकविश्वास रहेको छ । यस लोककथाअनुसार बडा दसैँको नवमीका दिन कालिकाको मन्दिरमा काफ्ले पाठो काट्ने चलन छ । देवीलाई प्रसाद स्वरूप चढाएको काफ्ले पाठाको अङ्ग घरमा राख्दा फलिफाप हुने विश्वासलाई 'काफ्ले पाठो' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "पाँच सय मिटर बराबरको चउर नकाटिउन्जेली लडेर कति आउँछ त्यो घरमा राख्दा फलिफाप हुन्छ" भन्नी आहान छ । त्यो पाठाको थोरै रौँ भए पनि लगेर मन्दिरको छेउमा राखेर पूजा गर्नी चलन पनि छ । (परिशिष्ट (क), 'काफ्ले पाठो')

माथिको उद्धरणमा काफ्ले पाठो काटेर मन्दिर परिक्रमा गराई चउरमा फ्याँकिन्छ । काफ्ले थरका मानिसहरूले पाठाको केही अङ्ग पाउन तँछाडमछाड गर्छन् । उक्त पाठोको रौँ समेत घरमा राख्दा फलिफाप हुने जनविश्वास रहेको छ । यसरी देवीलाई पशुबलि दिनुको प्रयोजन देवीदेवताको शक्तिप्रति विश्वास गर्नु नै हो ।

'टीका' लोककथामा गुरुङले सेतो टीका लगाउने लोकविश्वास व्यक्त भएको छ । निधारमा लगाइने अबिर, चन्दन, सिन्दूर र तिलक आदि टीका हुन् । विशेष पर्व र उत्सवमा विजयको प्रतीक स्वरूप लगाइने टीकालाई देवीदेवताको प्रसाद तथा अभिभावकको आशीर्वाद मानिएको छ । यातायातको सुविधा र अबिरको चलन हुनुभन्दा पहिले सबै जातिका मानिसले चामलमा दही राखेर सेतै टीका लगाउने गर्दथे (गुरुङ, सन् २०१८) । परम्परागत समाजमा सबै मानिसले सेतो टीका लगाएको पाइन्छ । 'टीका' लोककथामा सम्धीसम्धी हिमालमा भेटेर हिउँको टीका लगाएको प्रसङ्ग यसरी व्यक्त भएको छ :

> "आबो के गरम् त ? म मधेसतिर झरैँ, तपाईं पनि यता आउनुभैच । आबो हामीचाहिँ के गरुम् त भन्दाखेरि यही हिउँ, बरफ टिपेर पालोपालो टीका लाम् । यही नै हाम्रो टीका मानम्" भनेर बरफ टिपेर सम्धीले सम्धीलाई लाइदियो । (परिशिष्ट (क), 'टीका')

प्रस्तुत कथांशमा दसैँको टीका लगाउन गएका सम्धीसम्धी बाटोमा भेटिएपछि हिउँको टीका लगाउँछन् । सेतो टीकाले नेपालको उत्तरी भेगमा अवस्थित हिमाली प्रदेशको हिमाली संस्कतिलाई बुझाउँछ । यो लोकविश्वासबाट रङको आविष्कारभन्दा पनि पहिले टीका लगाउने संस्कृति रहेको प्रस्ट हुन्छ । सेतो टीका मगर, राई, लिम्बु, तामाङ, नेवार आदि जनजातिले लगाउँछन् । यसको खास उद्देश्य जातीय मौलिकपनलाई जोगाउनु रहेको छ ।

'फागुपूर्णिमा' लोककथामा बुद्धसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार ज्ञानको खोजीमा हिँडेका गौतमबुद्ध पुनः दरबार फर्किने खबर फागूपूर्णिमाको समयमा प्राप्त हुन्छ । तसर्थ बौद्ध धर्मावलम्बीले बुद्धको पुनरागमनको खुसीयालीमा फागुपूर्णिमा पर्व मनाउने विश्वासलाई 'फागुपूर्णिमा' लोककथामा यसरी व्यक्त गरिएको छ :

> सबै वातावरणअनुकूल भएको बेलामा उहाँको आगमनको खबर दरबारमा पुगेछ । त्यो वैशाख पूर्णिमाको दिन रहेछ । यो फागुपूर्णिमाको समय बुद्धको आगमनको समय भएको हुनाले सबैले त्यसलाई शुभदिनको रूपमा ग्रहण गरे । (परिशिष्ट (क), 'फागुपूर्णिमा')

माथिको उद्धरणमा फागुपूर्णिमालाई बुद्धको पुनरागमनको खबर प्राप्त भएको शुभ समय मानिएको छ । ज्ञानको खोजीमा हिँडेका बुद्धले फागुपूर्णिमाको समयमा आफू फर्कन लागेको सन्देश पठाउँछन् । तसर्थ थकाली समुदायले फागुपूर्णिलाई शुभसमयका रूपमा मनाउने चलन  छ । यो लोकविश्वासले समाजमा आपसी मेलमिलाप हुनुपर्ने सन्देश सम्प्रेषण गरेको छ ।

'बालन' लोककथामा विवाहका लागि लगनसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । लगन ज्योतिषशास्त्रीय नियमअनुसार ग्रह, नक्षत्र आदिको स्थिति हेरेर तोकिने समय हो । ज्योतिषी वा पण्डितले निकालेको शुभमुहूर्तमा विवाह गर्नाले विवाहित जोडीको दाम्पत्य जीवन सुखी र खुसी हुने लोकमान्यता छ, जुन कुरा 'बालन' लोककथामा यसरी व्यक्त भएको छ :

> "हुन्च त नि" भनेपछि सहदेव जैसीलाई ल्याएर चिना हेराउँछन्, चिना हेरेपछि सहदेव जैसीले देवकी र वसुदेवको विवाहको लगन ठहऱ्याउँछन् । (परिशिष्ट (क), 'बालन')

माथिको उद्धरणमा सहदेव जैसीले दुवैका जन्मकुण्डलीअनुसार देवकी र वसुदेवको विवाहको शुभसमय निकालेका छन् । कंसले देवकी र वासुदेवलाई जेलमा राख्छ, उनीहरूका धेरै सन्तानको हत्या गर्दछ तर अन्त्यमा कृष्णले दुष्ट कंसको विनाश गरेका छन् । यसरी शुभसाइतमा विवाह गर्नाले विभिन्न किसिमका बाधालाई सजिलै पार गर्न सकिने लोकविश्वास छ । हिन्दु धर्ममा दम्पती केबल यस जन्ममा मात्र नभएर जन्मजन्मान्तरपछि पनि उक्त सम्बन्धमा रहने विश्वास छ (पन्थी, २०७४, पृ. ११७) । वैवाहिक सम्बन्धले वंश परम्परा अगाडि बढ्ने र सृष्टिले निरन्तरता पाउने हुँदा उचित लगनमा विवाह गर्दा लोककल्याण हुने धारणा रहेको छ ।

'भाग्य' लोककथामा दाइजो प्रथा र सती नारीले चिताएको पुग्ने लोकविश्वास प्राप्त भएका छन् । दाइजो विवाहमा बेहुलीका पक्षबाट बेहुला वा बेहुलाका परिवारलाई दिने नगद तथा जिन्सी सरसामान हो । यो समाजमा सदियौँदेखि चलेको बाध्यात्मक प्रथा हो (सिंह, २०७३) । लोकसमाजमा विवाहमा बेहुली पक्षले दाइजो दिनै पर्ने चलन रहेको छ । पौराणिक कथामा राजकुमारीका बिहेमा हात्ती, घोडा, सुन, चाँदी, पैसा र सुसारे आदि दाइजो दिएका प्रसङ्ग छन् । 'भाग्य' लोककथामा विवाहमा दाइजो दिने कुरालाई यसरी व्यक्त गरिएको छ :

> विवाह गरेर दिएपछि गर्दुवा टकाऱ्यो । डोकावालाका डोकामा गर्दुवा हाल्चन् । डोको भोरिन्छ, हल्लाएपछि पिँधमा, फेरि भर्चन् हल्लाएपछि फेरि पिँधमा । यसैगरी बल्लबल्ल तीन, चारचोटिमा डोको भोरियो । (परिशिष्ट (क), 'भाग्य')

माथिको कथांशमा राजा सत्तलसिंहले राजकुमारीलाई अनौठो डोकाभरि दाइजो दिएका छन् । त्यो खन्याउँदा पहाड जत्रो थुप्रो लाग्छ । लोकव्यवहारमा दाइजो प्रथाको प्रयोजन मानिसको इज्जत र अभिमानसँग जोडिएको छ । हाल नेपालमा दाइजो माग्ने र दिनेलाई ३ वर्ष कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानुनी व्यवस्था छ (मुलुकी अपराध संहिता ऐन, २०७४, पृ. ६६) । तर समाजमा दाइजो प्रथा दिनप्रतिदिन नयाँ रूपमा विकसित भैरहेको छ । यो लोकविश्वासबाट समाजमा दाइजो प्रथाको गहिरो प्रभाव रहेको स्पष्ट हुन्छ ।

'भाग्य' लोककथामा नै सतीत्वको परीक्षणसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । यसको कथानकअनुसार राजकुमारीले आफ्नो सतीत्वको परीक्षण गरेकी छिन् । उनी सती स्त्री भएका कारण उनले चिताउनासाथ घोडा, गैँडा र हात्ती उत्पत्ति भएको घटनालाई 'भाग्य' लोककथामा यसरी व्यक्त गरिएको छ :

> दुलही पनि शक्तिशाली थिइन् । उल्ले चिताई केरे- "हे ! म साँच्चैकी सती हुम् भने यो गर्दुवा बोक्नी सबै बाहानहरू खडा होऊ" भन्दाखेरिमा घोडा, गैँडा र हात्ती सबै तयार भए । तिनैलाई गर्दुवा बोकाएर घर गएर सम्पन्न भई बसे । (परिशिष्ट (क), 'भाग्य')

माथिको उद्धरणमा राजकुमारी सती नारी भएकाले शक्तिशाली भएको उल्लेख छ । राजकुमारीले कल्पना गर्नासाथ घोडा, गैँडा र हात्ती उत्पत्ति भएका छन् । सती भन्नाले सत्यमा स्थिर रहने तथा अमरता हो भने यसले सहगमन र सहमरणलाई पनि अर्थ्याउँछ । एउटै पतिप्रति विश्वास गरी उसैको निष्ठामा

बस्ने पतिव्रता नारीहरूमा अद्वितीय शक्ति हुने भएकाले सती नारीबाट अन्य मानिसहरू सजिलै पराजित हुने लोकधारणा पाइन्छ (पराजुली, २०७१, पृ. १९०) । लोकसमाजमा सती नारी शक्तिशाली हुने मान्यता रहेको छ । यो लोकविश्वासमा मानिस एक पति वा पत्नीप्रति निष्ठावान् हुनुपर्ने नैतिक शिक्षा दिइएको छ ।

'भावी' लोककथामा छैटी संस्कारसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । हिन्दु धर्ममा सोह्र संस्कारमध्ये छैटी संस्कार पनि एक हो । यसलाई षष्टीमहोत्सव, षष्टीपूजा र छैटी भन्ने चलन छ । छैटीको दिन बच्चाको निधारमा भावीले भाग्य लेखिदिने लोकविश्वास भएकाले षष्टीदेवीको पूजा गरी छैटी संस्कार गर्ने प्रचलन छ (दाहाल, २०७३, पृ. २६२) । छैटीको दिन भाग्य लेखिने भएकाले षष्टीपूजा गर्ने लोकप्रचलन छ । यस दिन बच्चाको सिरानमा कापी, किताब राखिदिने र विशेष पूजापाठ गरी छैटी संस्कार गर्दछन् ( पोखरेल, २०७०, पृ. २१३) । भविष्यमा बच्चा विद्वान् होस् भनेर उसको सिरानमा कापी, किताब राख्ने चलन छ । छैटीको दिन विधाताले भाग्य लेख्ने प्रसङ्ग 'भावी' लोककथामा यसरी व्यक्त गरिएको छ :

> "हैन मेरो छोराको निधारमा के लेखिस् ? त्यो भन् अनि म छाडिदिन्छु" भन्दाभन्दै भावीले नभनीकन राजाले बाहिर जान दिएनछन् अनि उल्ले के भनेच भने- "तेरो छोराको निधारमा सोह्र वर्ष पुगेपछि घरमुन्तिरको बेलौतीको रुखमा झुन्डिएर मरोस् भनेर लेखिदिएँ" भावीले भनेच । (परिशिष्ट (क), 'भावी')

माथिको उद्धरणमा राजकुमार जन्मेको छ दिनमा राजाले भावीको बाटो कुरेर राजकुमारको भाग्यका बारेमा सोध्छन् । भावीले सोह्र वर्षको उमेरमा घरदेखि तलको बेलौतीको रुखमा झुन्डिएर मर्ने लेखेको बताउँछ । यसमा मानिसले जीवनमा दुःख पाएको खण्डमा भाग्यलाई दोष दिने मनोविज्ञान छ । यस लोकविश्वासको प्रयोजन जीवनमा आउने सुख र दुःख समयमा जस र अपजस भावीलाई दिएर जीवनप्रति आशावादी बन्नु वा पीडाको समयमा मनलाई सन्त्वना दिनु रहेको छ ।

'मुक्तिक्षेत्र' लोककथामा कुलपूजनसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । आफ्ना सगोत्रीय वंशका उन्नति, प्रगति, विकास, शान्ति, समृद्धि तथा कल्याणका लागि सनातन परम्पराबाट चल्दै आएको आराध्यदेवको स्तवन नै कुलपूजाको उद्देश्य हो । कुलदेवतालाई सन्तान सुख र समृद्धिका देवता मानिन्छ ( ढकाल, २०७८, पृ. ३८) । कुलदेवताको पूजा पुर्खाहरूको स्मरणमा गरिने पूजा संस्कार हो । यसलाई कुलपूजा, कुलायन पूजा र देवाली पूजा पनि भनिन्छ । मानिसहरूले आफ्ना कुलदेवताको खोजी गर्ने र पूजा गर्ने संस्कार रहेको प्रसङ्ग 'मुक्तिक्षेत्र' लोककथामा यसरी व्यक्त भएको छ :

> मन्दिरभित्र विष्णु भगवान्को मूर्ति छ । विष्णु भगावान्चाहिँ जुम्लाको राजाको मूल देउता भनेर भनिन्छ । एक दिन जुम्लाबाट देउता हरायो । जुम्लाका राजाले देउता पाएनन् । त्यहाँबाट खोज्दाखेरि "मुक्तिनाथमा छ" भन्नी कुरा थाहा पाए । (परिशिष्ट (क), 'मुक्तिक्षेत्र')

प्रस्तुत उद्धरणमा मुक्तिनाथमा रहेका देवता जुम्लाका राजाको मूल देवता भएको उल्लेख छ । यसबाट तत्कालीन समयमा जुम्ला र मुस्ताङ राज्यबिचमा सांस्कृतिक र धार्मिक सम्बन्ध रहेको स्पष्ट हुन्छ । जुम्लामा रहेको लामाविष्णुको पूजा गर्ने प्रचलनले पनि बौद्धमार्गी र खसहरूबिच पारस्परिक समन्वय रहेको प्रस्ट पार्दछ । वासुदेव उपाध्यायले लामाविष्णु देवताका बारेमा स्पष्ट पार्दै भनेका छन्- "जुम्लाको सिञ्जा उपत्यकाको लेकपर गाउँमा लामा-विष्णुको मुख्य स्थान छ । लामा-विष्णुको मष्टो देवतासरह पूजा हुन्छ तर लामा-विष्णुलाई भोग नचढ्ने हुनाले टाटे रोटी, खिर र सातु चढाएर पूजा गरिन्छ" (उपाध्याय,

२०७२, पृ. ७७-८१) । यिनै लामा-विष्णु देवतालाई गण्डकी प्रदेशमा मुक्तिनाथ भनिन्छ (गुरुङ, २०६१, पृ. ५७-६६) । लामाविष्णु परम्पराले दुई भौगोलिक स्थानका मानिसबिच समन्वय र सद्भावलाई कायम गर्न मदत पुगेको छ । कुलदेवताको पूजा गर्नुको प्रयोजन पुर्खाहरूको स्मरण गरी धार्मिक अस्था र मूल्यमान्यतालाई निरन्तरता दिनु हो ।

'राजकुमार दिक्पाल' लोककथामा नरबलिसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । देवीदेवतालाई अर्पिने वस्तु र भोग दिइने पशुपक्षी आदिलाई बलि भनिन्छ । नरबलि मानिसको बलि दिने प्रथा हो । नरबलि प्रथा हिन्दु र इस्लामका धार्मिक कथा, पुराण एवं धर्म ग्रन्थमा उल्लेख छ (प्रभात, २०७४, पृ. २९९) । परम्परागत समाजमा नरबलिसम्बन्धी लोकविश्वास भए पनि आजभोलि यसलाई अपराध मानिन्छ तर कतिपय मन्दिरमा शरीरबाट रगत निकालेर चढाउने गरेका उदाहरण छन् । नेपालको बारा जिल्लाको बरियापुरमा रहेको गढीमाई भगवतीको मन्दिरमा थारु जातिका व्यक्तिको औँलाको रगत चढाई नररक्त निवेदन गर्ने प्रचलन रहेको छ (पौडेल, २०७४, पृ. १९३) । नररक्त चढाउनुलाई नरबलिको प्रमाण मानिएको छ । 'राजकुमार दिक्पाल' लोककथामा कालिकामाईलाई राजकुमार दिक्पालको बलि दिन लागेको घटनालाई यसरी व्यक्त गरिएको छ :

> त्यहाँ अरू छओटा टाउका रैछन्, तेलाई काटेपछि भने सातओटा हुनी रैछन् । त्यो सातओटा पूरा गरेपछि जोगीको भाक्कल पूरा हुनी रैछ । त्यस्तो हुँदा तेलाई मार्नी दिन आउँदै रैछ । (परिशिष्ट (क), 'राजकुमार दिक्पाल')

प्रस्तुत उद्धरणमा जोगीले भाकल पूरा हुने विश्वासका कारण छ जनाको हत्या गरिसकेको छ । त्यसले सात जना पुऱ्याउन राजकुमार दिक्पाललाई बलि दिन लागेको छ । यसरी मानिसले देवीदेवतासँग गरेको प्रतिज्ञा जसरी पनि पूरा गर्ने चाहना राख्दछ । यस लोकविश्वासबाट मानिसमा दैविक शक्तिप्रति दृढआस्था रहेको स्पष्ट हुन्छ ।

'सराद' लोककथामा गाई र मानिसको अन्त्येष्टि संस्कारसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । हिन्दु धर्ममा गाईलाई गौमाता, माता र लक्ष्मी आदि मानिएको छ । कुनै धार्मिक कार्य गर्नु परेमा गाईको दुध, घिउ, गहुँत र गोबर आदि आवश्यक पर्छ (उपाध्याय, सन् २००९, पृ. ८८) । धार्मिक कृत्यमा गाईको ठुलो महिमा रहेको छ । कार्तिक शुक्ल अष्टमीलाई गोपाष्टमी मानेर गाई, बाच्छा, बाच्छी र गोरु आदि गोवंशको पूजा गर्ने प्रचलन छ । 'सराद' लोककथामा गाईको अन्त्येष्टि गर्नुपर्ने प्रसङ्गलाई यसरी व्यक्त गरिएको छ :

> "के बाटो देखाउनुहुन्च त अब ?" भन्दा, "तिम्ले एउटा रातु गाई खोजेर लेऊ । त्यो रातु गाई पाँच दिनका दिन मोर्च अनि त्यल्लाई राम्रो अरेर गाड" भनेर ती ससुराले भनेचन् । (परिशिष्ट (क), 'सराद')

उद्धृतांशमा गाई मरेपछि त्यसलाई खाल्टो खनेर गाँड्नुपर्ने प्रसङ्ग आएको छ । जिउँदो छँदासम्म दुध, पिसाब र गोबरसमेत काम लागेको गाईलाई मरेपछि आमा समान मानेर अन्त्येष्टि कर्म गर्नुपर्ने लोकधारणा रहेको छ ।

'सराद' लोककथामा श्राद्धसम्बन्धी लोकविश्वास व्यक्त भएको छ । लोकसमाजमा मृत व्यक्तिको आत्मा प्रेतका रूपमा भड्किरहने हुँदा श्राद्धकर्म गर्नुपर्ने लोकधारणा छ । शास्त्रविधिअनुसार पितृको तृप्तिका

लागि गरिने धार्मिक कृत्य नै श्राद्ध हो (पाण्डेय, सन् १९७८,
पृ. ६३६) । श्राद्धकर्म गरिदिनाले पितृ तृप्त हुने लोकविश्वास छ । स्वजाति स्त्रीका पुत्रले श्राद्ध दानादि गर्नाले पितृहरूलाई स्वर्ग प्राप्ति हुने विश्वास गरिन्छ (वशिष्ठ, २०६६, पृ. ७३) । मानिसले मृत्युपश्चात् सुख भोग गरोस् भन्ने उद्देश्यले श्राद्धकर्म गर्ने चलन छ । 'सराद' लोककथामा पितृ भइसकेका ससुराले बुहारीको सपनामा आएर आफू तृप्त भएको बताउँछन्, जसलाई यसरी व्यक्त गरिएको छ :

> त्याँट ती बुढा, ससुरा सपनामा आर भनेचन्- "बुहारी तिमी धन्य रैचौ । आज पेटभोरि खाएँ, म अघाएँ, सन्तुष्ट छु । तिम्ले दुःख पायौ, दुःख पाएँ भनेर पीर नमान । मैले तिम्लाई बाटो देखाइदिन्चु" भनेर ससुराले भनेचन् । (परिशिष्ट (क), 'सराद')

माथिको उद्धरणमा श्राद्धकर्म गरिदिएपछि पितृ भइसकेका ससुरा सपनामा आएर आफू तृप्त भएको बताएका छन् । पितृ तृप्त भएपछि सन्तानलाई सुखको बाटो देखाइदिने लोकविश्वास छ । यसमा पितृले सुखको बाटो देखाइदिएका कारण छोराबुहारीले प्रशस्त धन प्राप्ति गरेका छन् । यो लोकविश्वासको प्रयोजन मानिसले आफ्ना पुर्खाहरूको स्मरण गरी संस्कारलाई निरन्तरता दिनु रहेको छ ।

माथिको तालिकामा समाविष्ट लोककथामा छैटी, मितेरी साइनो, टीका ग्रहण, कुलपूजन, विवाह संस्कार, दाइजो र बलिप्रथा, पर्व तथा मृत्युसंस्कारसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । लोककथामा व्यक्त हुने सांस्कारिक लोकविश्वासले विविध संस्कारका मूल्यमान्यता, विधि र प्रक्रियाका बारेमा ज्ञान दिँदै ती परम्परागत संस्कारलाई निरन्तरता दिन सहयोग गरेका छन् । यस्ता लोकविश्वासको खास उद्देश्य मानिसलाई आध्यात्मिक ज्ञान दिई मानिस, जीवजन्तु र प्रकृतिप्रति कृतज्ञ बन्न सिकाउँदै नैतिक शिक्षामार्फत समाजमा आपसी सद्भाव र समन्वय कायम गर्नु रहेको छ ।

## ४.५ निष्कर्ष

लोककथामा प्रयुक्त लोकविश्वासले भिन्नभिन्न उद्देश्यका माध्यमबाट परम्परागत मूल्यमान्यता, चालचलन, रीतिरिवाज र लोकव्यवहारका बारेमा बताइरहेका हुन्छन् । तिनले मानिसलाई अर्तीउपदेश, नैतिक शिक्षा, धार्मिक र सामाजिक ज्ञान तथा मनोरञ्जन प्रदान गर्दछन् । गण्डकी प्रदेशका नेपाली लोककथामा लोकमानससम्बद्ध चेतन, अवचेतन र अचेतन मनस्थितिमा लोकविश्वास प्रकट भएका छन् । चेतन मनस्थितिमा प्रकट भएका लोकविश्वास संस्कार, शिक्षा, लोकव्यवहार, जुक्तिबुद्धि र परीक्षामा आधारित छन् । यी लोकविश्वासको प्रयोजन मानिसलाई विवेकपूर्ण तरिकाले सामाजिक आचारसंहिता तथा कर्तव्यको पालना गर्न प्रेरित गर्ने रहेको छ । अवचेतन मनोदशाबाट प्रकट हुने लोकविश्वासले मानिसलाई लोकल्याण विपरीतका कार्य हुन नदिने, वचनप्रति प्रतिबद्ध हुन उत्प्रेरित गर्ने, समाजमा बन्धुत्वको भावना विकास गराउने, अर्तीउपदेशमार्फत नैतिक शिक्षा दिँदै भावनात्मक रूपमा परिपक्व बनाउने, मनको भय हटाउने तथा सेवा भावको विकास गरी सुखानुभूति प्राप्त गर्ने शिक्षा दिएका छन् । अवचेतन अवस्थामा प्रकट भएका लोकविश्वासले मानिसलाई साहसी बनाई चेतनापूर्ण व्यवहार गर्न उत्प्रेरित गरेका छन् । अचेतन मनोदशाले मानिसलाई क्षणिक सुखानुभूति दिन्छ । दैवीशक्ति, आकाशावाणी, सपना, लामा, पितृ, तन्त्रमन्त्र, टुनामुना, राक्षस, भूत, पचभैया, किचकन्या, बुटी, श्राप, भाग्य र भविष्य, आत्मा र जीवात्मासम्बन्धी लोकविश्वास अचेतन मनबाट प्रकट भएका छन् । यस्ता लोकविश्वास अस्वाभाविक, अयथार्थ र अतिकाल्पनिक हुने हुँदा यिनले मनोरञ्जन प्रदान गरेका छन् । अचेतन मनोदशाबाट प्रकट

भएका लोकविश्वासको प्रयोजन मानिसले भयका कारण दैवीशक्तिमा विश्वास गर्ने, अतिकल्पनाका माध्यमबाट इच्छापूर्ति गर्ने, सुखप्राप्तिका लागि सपना, अदृश्य शक्ति, असाधारण शक्ति, भाग्य र भविष्यप्रति गरिएका विश्वासको अभिव्यक्ति गर्नु रहेको छ ।

गण्डकी प्रदेशका नेपाली लोककथामा लोकसंस्कृतिसम्बद्ध लोकविश्वासका धार्मिक, शैक्षिक, सामाजिक र सांस्कारिक प्रयोजन रहेका छन् । गण्डकी प्रदेशमा प्रचलित लोककथामा अकलामाई, तिल, ऋषिपञ्चमी, काफ्ले पाठो, कुछब तेरङा देवता, नाग, पिपल, मठमन्दिर, गङ्गा, कश्यप ऋषि, मुक्तिनाथ, लामा, तान्त्रिक अनुष्ठान, भूतपूजा र गौसेवासम्बन्धी धार्मिक लोकविश्वास व्यक्त भएका छन् । यी लोकविश्वासको प्रयोजन धार्मिक शिक्षा दिने, धार्मिक कृत्य र अनुष्ठानका विधि तथा प्रक्रियाका बारेमा ज्ञान दिने, पापकर्म गर्न रोकी लोककल्याणको काममा प्रेरित गर्ने तथा प्रकृतिको संरक्षणका लागि व्यक्तिलाई सजग र सचेत गराउने रहेको छ । अतः मानिसलाई जीवजन्तु, पशुपक्षी, वनस्पति, खेतीबाली र पानीका स्रोतको रक्षा गर्दै जीवन र जगत्‌को संरक्षण गर्न उत्प्रेरित गर्ने प्रयोजन धार्मिक लोकविश्वासको रहेको छ ।

शैक्षिक उद्देश्य भएका लोकविश्वासले अर्तीउपदेश, धार्मिक शिक्षा र सामाजिक व्यवहारमूलक शिक्षामा जोड दिएका छन् । अर्तीउपदेशमूलक लोकविश्वासका उद्देश्य अल्छी गर्न नहुने, अरूलाई विश्वास गर्दा रहस्य बाहिरिने भएकोले सचेत रहनुपर्ने, घिनाउने बानीले अवसर छुट्न सक्ने, झुटो बोल्न नहुने, गुरुलाई सम्मान गर्नुपर्ने, धनको घमन्ड गर्न नहुने, अरूको चियोचर्चो गर्दा दुःख पाइने, जीवन र जगत्‌का विषयमा चिन्तनशील हुनुपर्ने तथा बोल्दा परिस्थितिको विचार गरेर बोल्नुपर्ने र मित्रतामा सधैँ इमानदार हुनुपर्ने रहेका छन् । यिनको उद्देश्य मानिसमा असल बानीबेहोराको निर्माण गरी कर्तव्यपरायण व्यक्तिमार्फत सभ्य समाजको निर्माण गर्नु हो । धार्मिक शिक्षा भएका लोकविश्वासमा आत्मालाई सन्तुष्ट राख्नुपर्ने, अरूको परिश्रमको मूल्य बुझ्नुपर्ने, चोर्न नहुने, आत्मज्ञान हुनेले कसैको कुभलो नचिताउने, विधि र निष्ठापूर्वक गरिने कामको शुभफल प्राप्त हुने सन्देश रहेको छ । धार्मिक शिक्षामा आधारित लोकविश्वासका उद्देश्य व्यक्तिगत आचरण र व्यवहारमा सुधार गरी समाजलाई शान्त, सुव्यवस्थित र अनुशासित बनाउनु रहेका छन् । त्यसै गरी समाज व्यवहारमूलक शिक्षामा जोड दिइएका लोकविश्वासका उद्देश्य अशक्तलाई माया गर्नुपर्ने, गुरुको सम्मान गर्नुपर्ने, एकान्त गरिने अध्ययनबाट विषयवस्तुको गहिराइ प्राप्त हुने, राजा विलासी हुँदा राष्ट्रिय सङ्कट आउने र विलासले शक्ति कमजोर हुने, तृष्णा राख्न नहुने, अरूको निम्तालाई अपमान गर्न नहुने, बोल्दा परिस्थितिको विचार गरेर बोल्नुपर्ने र मित्रतामा सधैँ इमानदार हुनुपर्ने रहेका छन् । यिनको उद्देश्य धार्मिक शिक्षा दिई व्यक्तिगत आचरण र व्यवहारमा सुधार गर्दै समाजलाई शान्त, सुव्यविस्थत र अनुशासित बनाउने रहेको छ ।

सामाजिक उद्देश्य भएका लोकविश्वास परिवार र नातागोता, विवाहका लागि परीक्षा, यौनजन्य क्रियाकलाप र नीति, आचरण तथा शिक्षामा आधारित छन् । यी लोकविश्वासको प्रयोजन व्यक्तिलाई परिवार र समाजप्रति उत्तरदायी बनाउने, लोकव्यवहारका बारेमा शिक्षा दिने, सामाजिकीकरणमा मदत गर्ने, मानवीय सद्भाव र सहकार्यको विकासमार्फत समाजको उन्नति हुने शिक्षा दिनुरहेको छ । त्यसै गरी सांस्कारिक लोकविश्वास छैटी, मितेरी साइनो, टीका ग्रहण, कुलपूजन, विवाह, दाइजो र बलिप्रथा, पर्व तथा मृत्युसंस्कारमा आधारित छन् । यी लोकविश्वासको मुख्य उद्देश्य संस्कारगत विधि र प्रक्रियाको जानकारी दिँदै परम्परागत संस्कारलाई निरन्तरता दिनु, जातीय मौलिक पहिचान कायम गर्नु, मानिसलाई जीवजन्तु र

प्रकृतिप्रति कृतज्ञ बनाउनु तथा आपसी सद्भाव र समन्वय कायम गर्नु रहेको छ । समग्रमा हेर्दा गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा व्यक्त लोकविश्वासका खास प्रयोजन चेतन, अवचेतन र अचेतनमार्फत लोकमनको अभिव्यक्ति गर्नु, धर्म, नैतिक शिक्षा, सामाजिक क्रियाकलाप र संस्कारमार्फत व्यक्तिलाई अनुशासित र नैतिकवान् बनाउनु, लोकव्यवहारको ज्ञान दिई सामाजिकीकरणमा मदत गर्नु र अतिकाल्पनिक लोकविश्वासबाट मनोरञ्जनका साथै साहस र ऊर्जा प्रदान गर्नु रहेका छन् ।

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

प्रस्तुत शोधप्रबन्धको पहिलो परिच्छेद शोधपरिचयका रूपमा रहेको छ । यस परिच्छेदमा क्रमशः विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, शोधविधिअन्तर्गत सामग्रीको सङ्कलन विधि र अवधारणात्मक आधार तथा विश्लेषण ढाँचा र शोधप्रबन्धको रूपरेखा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको दोस्रो परिच्छेदमा शोधप्रश्न (१) मा आधारित भएर निर्धारित क्षेत्रमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका विषयवस्तुगत प्रकारको विश्लेषण गरिएको छ । यसअन्तर्गत विषयप्रवेश, लोकविश्वासको विषयवस्तुगत प्रकारको विश्लेषणका लागि लोकविश्वासका वर्गीकृत प्रकारहरूको चर्चा गरिएको छ । यसबाट गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा प्रयुक्त लोकविश्वासलाई धार्मिक मान्यता, सामाजिक व्यवहार, असाधारण शक्ति, शुभाशुभ, जादु र तन्त्रमन्त्र, निषेध र विश्वब्रह्माण्ड गरी मुख्य सात भागमा वर्गीकरण गरेर अध्ययन गर्न सकिने आधार तयार गरिएको छ । क्षेत्रकार्यबाट सङ्कलित र यस शोधप्रबन्धका लागि निर्धारित चवन्नओटा नेपाली लोककथामा प्रयुक्त लोकविश्वासलाई धार्मिक मान्यताअन्तर्गत धर्म र अनुष्ठान, आत्मासम्बन्धी र दैवीशक्तिसम्बन्धी, सामाजिक व्यवहारमा आधारित नीति, आचरण र शिक्षासम्बन्धी, राजा, मन्त्री र कर्मचारीसम्बन्धी, परीक्षा तथा परिवार र नातागोतासम्बन्धी, असाधारण शक्तिमा आधारित मानव, जीवजन्तु, वस्तु र प्रकृतिसम्बन्धी, शुभाशुभमा आधारित भाग्य, भविष्यवाणी, वरदान र आशीर्वाद, शकुन र अपशकुन, सुस्वप्न र दुःस्वप्न, आङ्गिक क्रिया र शारीरिक चिह्न तथा श्राप र श्रापमुक्तिसम्बन्धी, जादु र तन्त्रमन्त्रमा आधारित जादुको शक्ति, तन्त्र, योग र सिद्धि, झारफुक तथा लोकोपचार, मोहिनी (टुनामुना) र जादुका वस्तुसम्बन्धी, निषेधमा आधारित वस्तु र क्रियासम्बन्धी, धर्म र संस्कारसम्बन्धी र सामाजिक सम्बन्ध निषेधसम्बन्धी तथा विश्वब्रह्माण्डमा आधारित पृथ्वी, आकाशीय पिण्ड र प्राकृतिक घटनासम्बन्धी मुख्य शीर्षक र विविध उपशीर्षकमा लोकविश्वासको वर्गीकृत विश्लेषण गरिएको छ । यसअन्तर्गत धार्मिक मान्यतासम्बन्धी सबैभन्दा बढी दुई सय बाउन्नओटा, सामाजिक व्यवहारसम्बन्धी सतहत्तरओटा, असाधारण शक्तिसम्बन्धी पचपन्नओटा, शुभाशुभसम्बन्धी चालिसओटा, जादु र तन्त्रमन्त्रसम्बन्धी अट्ठाइसओटा, निषेधसम्बन्धी सत्रओटा र विश्वब्रह्माण्डसम्बन्धी चौधओटा लोकविश्वास प्राप्त भएका छन् । यस तथ्यका आधारमा गण्डकी क्षेत्रको समाज धर्म र धार्मिक अनुष्ठानमा आस्था राख्ने धार्मिक प्रकृतिको रहेको पाइएको छ । यस अध्ययनबाट गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा प्रशस्त लोकविश्वास रहेको पुष्टि हुन्छ ।

प्रस्तुत शोधप्रबन्धको तेस्रो परिच्छेदमा शोधप्रश्न (२) मा आधारित रहेर गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा लोककथाका संरचक तत्त्वमार्फत लोकविश्वास कसरी अभिव्यक्त हुन्छ भन्ने जिज्ञासाको समाधान खोजिएको छ । यसका लागि लोककथाका संरचक तत्त्व कथानक पात्र, परिवेश र अभिप्रायको अवधारणा प्रस्तुत गरिएको छ भने चिन्तनका आधारमा शुभाशुभ, अतिरञ्जनामूलक, धार्मिक अनुष्ठान, शक्तिनिष्ठ, जड र चेतनमा आत्मतत्त्व तथा तन्त्रमन्त्रनिष्ठ लोकविश्वासको अवधारणा प्रस्तुत गरिएको छ । लोककथाका संरचक तत्त्व र चिन्तनगत आधारमा लोकविश्वासको अवधारणाको निर्माण गरी लोककथाका

संरचक तत्त्वमार्फत व्यक्त लोकविश्वासलाई उपयुक्त साक्ष्यसहित तिनको अभिव्यक्तिगत प्रक्रियाको समीक्षा गरिएको छ । शुभाशुभसम्बन्धी लोकविश्वास 'अकलामाई', 'अल्छी', 'कालजित', 'खछ्र्यो भ्रmोङ दरबार', 'गोरखनाथ', 'ज्ञान', 'दाहिने बङ्गारो', 'पचभैया', 'भाग्य', 'लामाको शक्ति', 'वृत्रासुर राक्षस' र 'सराद' नेपाली लोककथामा व्यक्त भएका छन् । ती लोकविश्वास सपना, अर्तीउपदेश, शारीरिक चिह्न, वरदान, ज्योतिषशास्त्र, भविष्यवाणी, श्राप, भाग्य र आशीर्वादमा आधारित छन् । मानिसले देवीदेवता, पितृ, चन्द्र, सूर्य र लच्छिन आदिका माध्यमबाट भविष्यमा हुने शुभाशुभ फलको पूर्वानुमान गर्ने र आफ्नो कार्यप्रति सचेत रहने पाइएको छ । शुभाशुभसम्बन्धी लोकविश्वास कथानक, पात्र र अभिप्रायमार्फत सघन रूपमा र परिवेशमार्फत न्यून रूपमा व्यक्त भएका छन् । अतिरञ्जनामूलक लोकविश्वास 'अल्छी', 'एक चिलिम तमाखु', 'कालजित', 'गँगटो', 'दाहिने बङ्गारो', 'बदला', 'बुधलागर कुँवर', 'भाग्य', 'राक्षसभूत' र 'सेवा नै धर्म' लोककथामा व्यक्त भएका छन् । यिनमा देवीदेवता, मानिस, पशुपक्षी, कीटपतङ्ग, विभिन्न वस्तुहरू र प्रकृतिलाई अतिरञ्जित गरिएको छ । अतिरञ्जित देवीदेवता, जनावर र वस्तुले मानिसलाई आपत्‌विपत्‌बाट छुटकारा दिलाएका छन् । यहाँ कथानकका घटनाक्रम, पात्र र अभिप्रायबाट सघन र परिवेशमार्फत न्यून रूपमा अतिरञ्जित लोकविश्वासको अभिव्यक्ति भएको छ । धार्मिक अनुष्ठानसम्बन्धी लोकविश्वास 'अकलामाई', 'ऋषिपञ्चमी', 'काफ्ले पाठो', 'कुछब तेरङा', 'पुण्यशिला', 'मुक्तिक्षेत्र', 'राजकुमार दिक्पाल', 'लामाको शक्ति' र 'सराद' नेपाली लोककथामा व्यक्त भएका छन् । देवी, इन्द्र, विष्णु, ऋषि, अकलामाई, कालिकामाई, कुछब तेरङा देवता र पितृको पूजाअर्चना गरेका लोकविश्वास कथानक, पात्र, परिवेश र अभिप्रायमार्फत अभिव्यक्त भएका छन् । यी लोकविश्वास पात्रमार्फत ज्यादा र परिवेशअन्तर्गत न्यून रूपमा प्रकट भएका छन् । शक्तिनिष्ठ लोकविश्वास 'गँगटो', 'दाहिने बङ्गारो', 'पचभैया', 'बालन', 'बुधलागर कुँवर', 'भूत', 'राजकुमार दिक्पाल', 'सराद' तथा 'सिकारी र बाघ' नेपाली लोककथामा व्यक्त भएका छन् । यिनमा देवीदेवता, भूत, मानिस, जीवजन्तु र वस्तुमा अद्भुत शक्ति हुने लोकविश्वास रहेका छन् । यिनमा चलाखीका कारण मानिस ज्यादै शक्तिशाली देखिएका छन् । दैवीशक्ति, जीवजन्तु र वस्तुमा निहित शक्तिका कारण मानिसलाई अप्ठ्यारो परिस्थितिमा सहयोग मिलेको छ । यहाँ कथानक, पात्र र अभिप्रायबाट सघन रूप र परिवेशबाट न्यून मात्रामा शक्तिसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् ।

जड र चेतनमा आत्मतत्त्वसम्बन्धी लोकविश्वास 'आत्मा', 'एक चिलिम तमाखु', 'कालजित', 'गँगटो', 'ज्ञानी बाघ', 'डुङ्गा', 'दाजु र बहिनी', 'बुधलागर कुँवर' तथा 'सिकारी र बाघ' नेपाली लोककथामा व्यक्त भएका छन् । यहाँ जडवस्तुअन्तर्गत गोरुको खप्पर र डुङ्गा तथा मानवेतर प्राणीअन्तर्गत घोडा, गँगटो, बाघ, नाग, भँगेरा र परेवामा आत्मतत्त्व रहेका लोकविश्वास व्यक्त भएका छन् । चेतनअन्तर्गत व्यापारी, बटुवा मानिस, वृद्ध, बुधलागर कुँवर, सिकारी र सिकारीकी श्रीमतीमा आत्मतत्त्व रहेको लोकविश्वास रहेका छन् । उल्लिखित लोककथाहरूमा कथानक, पात्र र अभिप्रायमार्फत सशक्त रूपमा र परिवेशमार्फत ज्यादै झिनो रूपमा जड र चेतनमा आत्मतत्त्व रहने लोकविश्वास व्यक्त भएका छन् । तन्त्रमन्त्रनिष्ठ लोकविश्वास 'नायक साहेब', 'भुते बिरौटो' र 'लामाको शक्ति' लोककथामा व्यक्त भएका छन् । लोकले धामीझाँक्री, गुरु, पुरोहित, लामा, टुनामुना, जादुमय शक्ति, पूजापाठ आदिमा विश्वास गरेको स्पष्ट हुन्छ । यी लोककथाहरूमा जादु, टुनामुना र तन्त्रमन्त्रको शक्तिमा ज्यादा विश्वास गरिएको छ । उल्लिखित लोककथाहरूमा कथानकका घटनाक्रम र अभिप्रायमार्फत ज्यादा तन्त्रमन्त्रनिष्ठ लोकविश्वास व्यक्त भएका छन् । यिनै अध्ययनसहित अन्त्यमा परिच्छेदगत निष्कर्ष प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको चौथो परिच्छेदमा शोधप्रश्न (३) मा आधारित भएर लोककथामा अभिव्यक्त लोकविश्वासका प्रयोजनको मूल्याङ्कन गरिएको छ । यसअन्तर्गत लोकमानस र लोकसंस्कृतिसम्बद्ध लोकविश्वासका प्रयोजनको विवेचना गरिएको छ । यसमा लोकमानससम्बद्ध चेतन, अवचेतन र अचेतन मनसम्बन्धी अवधारणा र लोकसंस्कृतिसम्बन्धी धार्मिक, शैक्षिक, सामाजिक र सांस्कारिक प्रयोजनको अवधारणा निर्माण गरी लोककथाका उपयुक्त साक्ष्यसहित ती  लोकविश्वासका प्रयोजन मूल्याङ्कन गरिएको छ । यहाँ 'अल्छी', 'काफ्ले पाठो', 'गँगटो', 'नायक साहेब', 'बुद्धिमान बा', 'राक्षसभूत', 'संसार', 'सासू र बुहारी' तथा 'हिममान्छे' लोककथामा चेतन मनस्थितिमा आधारित लोकविश्वास व्यक्त भएका छन् । यी लोकविश्वास संस्कार, शिक्षा, लोकव्यवहार, जुक्तिबुद्धि र परीक्षामा आधारित छन् । यिनको प्रयोजन मानिसलाई विवेकपूर्ण तरिकाले सामाजिक आचारसंहिता तथा कर्तव्यको पालना गर्न प्रेरित गर्ने रहेको छ । 'एक चिलिम तमाखु', 'खछ्र्यो भ्रmोङ दरबार', 'दुःख र सुख', 'बदला', 'मसानघाट', 'माछा', 'मान्छे नमर्ने घर हुँदैन !', 'राजकुमार दिक्पाल' र 'सेवा नै धर्म' लोककथामा अवचेतन मनस्थितिमा आधारित लोकविश्वास व्यक्त भएका छन् । यी लोकविश्वासले मानिसलाई लोककल्याण विपरीत कार्य हुन नदिने, वचनप्रति प्रतिबद्ध हुन उत्प्रेरित गर्ने, बन्धुत्वको भावना विकास गराउने, अर्तीउपदेशमार्फत नैतिक शिक्षा दिने तथा र भय हटाई सुखानुभूति प्राप्त गर्न प्रेरित गरेका छन् । यहाँ 'अकलामाई', 'आत्मा', 'खछ्र्यो भ्रmोङ दरबार', 'पचभैया', 'बालन', 'भावी', 'भुते बिरौटो', 'मौका', 'राक्षसभूत', 'राजकुमार दिक्पाल' 'लामाको खप्पर', 'लामाको शक्ति' र 'सराद' लोककथामा अचेतन मनस्थितिका कारण व्यक्त लोकविश्वास छन् । यिनमा दैवीशक्ति, आकाशवाणी, सपना, लामा, पितृ, तन्त्रमन्त्र, टुनामुना, राक्षस, भूत, पचभैया, किचकन्या, बुटी, श्राप, भाग्य र भविष्य, आत्मा र जीवात्मासम्बन्धी लोकविश्वास अभिव्यक्त भएका छन् । यस्ता लोकविश्वास अस्वाभाविक, अयथार्थ र अतिकाल्पनिक हुने हुँदा यिनले मनोरञ्जन प्रदान गरेका छन् ।

गण्डकी प्रदेशका नेपाली लोककथामा लोकसंस्कृतिसम्बद्ध लोकविश्वासका धार्मिक, शैक्षिक, सामाजिक र सांस्कारिक प्रयोजन रहेका छन् । यहाँ 'अकलामाई', 'अल्छी', 'ऋषिपञ्चमी', 'काफ्ले पाठो', 'कुछब तेरङा', 'दाजु र बहिनी', 'धर्म र पाप', 'पुण्यशिला', 'बदला', 'बालन', 'बुद्धत्व', 'भुते बिरौटो', 'मुक्तिक्षेत्र', 'लामाको शक्ति' र 'सेवा नै धर्म' लोककथामा धार्मिक उद्देश्य भएका लोकविश्वास व्यक्त भएका छन् । यिनमा अकलामाई, तिल, ऋषिपञ्चमी, काफ्ले पाठो, कुछब तेरङा देवता, नाग, पिपल, मठमन्दिर, गङ्गा, कश्यप ऋषि, मुक्तिनाथ, लामा, तान्त्रिक अनुष्ठान, भूतपूजा र गौसेवासम्बन्धी धार्मिक लोकविश्वास रहेका छन् । यिनको प्रयोजन धार्मिक शिक्षा दिने, धार्मिक अनुष्ठानका विधि तथा प्रक्रियाका बारेमा ज्ञान दिने, लोककल्याणतर्फ प्रेरित गर्ने तथा प्रकृतिको संरक्षणका लागि सचेत गराउने रहेको छ । शैक्षिक प्रयोजनयुक्त लोकविश्वास 'अल्छी', 'आत्मा', 'एक चिलिम तमाखु', 'गँगटो', 'गोरखनाथ', 'ज्ञान', 'दुःख र सुख', 'मसानघाट', 'लामाको शक्ति', 'विलासी राजा', 'वृत्रासुर राक्षस', 'संसार' तथा 'सिकारी र बाघ' लोककथामा व्यक्त भएका छन् । यिनले अर्तीउपदेश, धार्मिक शिक्षा र सामाजिक व्यवहारमूलक शिक्षामा जोड दिएका छन् । यिनको उद्देश्य व्यक्तिगत आचरण र व्यवहारमा सुधार गर्दै समाजलाई शान्त, सुव्यविस्थत र अनुशासित बनाउने रहेको छ । सामाजिक उद्देश्य भएका लोकविश्वास 'एक चिलिम तमाखु', 'कालजित', 'गँगटो', 'गरिब', 'बदला', 'बुद्धिमान बा', 'भाग्य', 'मसानघाट', 'माछा', 'मौका', 'राक्षसभूत', 'राजकुमार दिक्पाल', 'लामाको शक्ति', 'संसार', 'सासू र बुहारी' लोककथामा व्यक्त भएका छन् । यिनमा परिवार र नातागोता, विवाहका लागि परीक्षा, यौनजन्य क्रियाकलाप तथा नीति, आचरण र शिक्षामा आधारित छन् । यी लोकविश्वासको प्रयोजन लोकव्यवहारका बारेमा शिक्षा दिई व्यक्तिलाई परिवार

र समाजप्रति उत्तरदायी बनाउँदै सहकार्यमार्फत समाजको उन्नति हुने शिक्षा दिनु रहेको छ । सांस्कारिक प्रयोजन भएका लोकविश्वास 'अल्छी', 'एक चिलिम तमाखु', 'काफ्ले पाठो', 'टीका', 'फागुपूर्णिमा', 'बालन', 'भाग्य', 'भावी', 'मुक्तिक्षेत्र', 'राजकुमार दिक्पाल' र 'सराद' लोककथामा व्यक्त भएका छन् । यिनमा छैटी, मितेरी साइनो, टीका ग्रहण, कुलपूजन, विवाह, दाइजो र बलिप्रथा, पर्व तथा मृत्युसंस्कारमा आधारित लोकविश्वास व्यक्त भएका छन् । यिनको मुख्य उद्देश्य परम्परागत संस्कारलाई निरन्तरता दिनु, जातीय मौलिक पहिचान कायम गर्नु, मानिसलाई प्रकृतिप्रति कृतज्ञ र परिवार तथा समाजप्रति जिम्मेवारपूर्ण बनाउने रहेको छ । यस परिच्छेदले लोककथामा लोकमनको अभिव्यक्ति र धार्मिक, शैक्षिक, सामाजिक र सांस्कारिक लोकसंस्कृतिको ज्ञान दिने उद्देश्यका लागि लोकविश्वास अभिव्यक्त भएका हुन्छन् भन्ने कुरालाई प्रस्ट पारेको छ ।

प्रस्तुत शोधप्रबन्धको पाँचौं परिच्छेदमा यस शोधप्रबन्धमा सङ्गठित परिच्छेदहरूको सारांशलाई क्रमैसित प्रस्तुत गरिएको छ । त्यसपछि क्रमशः शोधप्रश्नगत निष्कर्षलाई प्रस्तुत गरी अन्त्यमा सामान्यीकृत निचोडसमेत प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको अन्त्यमा परिशिष्ट दिइएको छ । यो शोधकार्य सम्पन्न गर्नका क्षेत्रकार्यबाट सङ्कलित लोककथाहरूमध्ये प्रस्तुत शोधमा विश्लेषणका लागि चयन गरिएका लोककथाका मूल पाठहरू स्रोतव्यक्तिले भनेका आधारमा परिशिष्ट (क) मा लिपिबद्ध गरिएका छन् । परिशिष्ट (ख) मा प्रस्तुत शोधकार्यका लागि क्षेत्रकार्यबाट सङ्कलित लोककथा र तिनका स्रोतव्यक्तिहरूको सूचना राखिएको छ । परिशिष्ट (ग) मा लोककथा सङ्कलनका लागि निर्धारित अध्ययन क्षेत्रको नक्सा राखिएको छ । यसरी प्रस्तुत शोधप्रबन्ध सुसङ्गठित बनेको छ ।

## ५.२ निष्कर्ष

*गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा लोकविश्वास* शीर्षकको प्रस्तुत शोधकार्यको समस्या गण्डकी प्रदेशका विभिन्न स्थानबाट सङ्कलित र यस शोधका लागि निर्धारित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासको विश्लेषण गर्नु हो । यस शोधकार्यमा प्रस्तुत उद्देश्य प्राप्तिका लागि ती लोककथामा केकस्ता लोकविश्वास अभिव्यक्त हुन्छन् र ती लोकविश्वास कसरी र किन अभिव्यक्त भएका हुन्छन् भन्ने शोधप्रश्नको निर्माणपश्चात् ती शोधप्रश्नसँग सम्बन्धित सामग्रीको विश्लेषण गरी प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ । यहाँ ती शोधप्रश्नको प्राज्ञिक समाधानका रूपमा प्राप्त निष्कर्षलाई क्रमशः प्रस्तुत गरिएको छ :

(१) शोधप्रश्न (१) अनुसार गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका विषयवस्तुगत प्रकारको विश्लेषण गर्दा प्राप्त निष्कर्ष तलका बुँदाहरूमा प्रस्तुत गरिएको छ :

(क) गण्डकी प्रदेशमा प्रचलित र यस शोधप्रबन्धका लागि निर्धारित चवन्नओटा नेपाली लोककथामा चार सय त्रियासीओटा लोकविश्वास व्यक्त भएका छन् । तीमध्ये धार्मिक मान्यतासम्बन्धी दुई सय बाउन्नओटा, सामाजिक व्यवहारसम्बन्धी सतहत्तरओटा, असाधारण शक्तिसम्बन्धी पचपन्नओटा, शुभाशुभसम्बन्धी चालिसओटा, जादु र तन्त्रमन्त्रसम्बन्धी अट्ठाइसओटा, निषेधसम्बन्धी सत्रओटा र विश्वब्रह्माण्डसम्बन्धी चौधओटा लोकविश्वास प्राप्त भएका छन् । यी लोकविश्वासलाई विविध उपशीर्षकमा वर्गीकरण गरेर विश्लेषण गरिएको छ ।

(ख) विश्लेषित लोककथामा सबैभन्दा बढी धार्मिक मान्यतामा आधारित धर्म र अनुष्ठानसम्बन्धी लोकविश्वास प्राप्त भएका छन् । यिनमा धार्मिक व्यक्तित्वलाई ज्यादा महत्त्व दिइएको छ । यहाँ स्वर्गलोक, नरकलोक, बैकुण्ठलोक, वायुलोक र मर्त्यलोक आदि बहुलोक हुने, देवताहरू स्वर्गलोकमा बस्ने, मृत्युपछि जीवित रहँदा गरेको कर्मको फलअनुसार स्वर्गलोक र नरकलोकमा जाने, देवीदेवता, देवदूत, पुजारी, योगी, जोगी, ऋषि, धामीझाँक्री आदिलाई धार्मिक व्यक्तित्व मानिने तथा छैटी, विवाह, अन्त्येष्टि संस्कार, दाइजोप्रथा, बलिप्रथा, यज्ञ, दानदक्षिणा, तीर्थ, व्रत, पूजापाठ आदि गरेमा पुण्य प्राप्ति हुने लोकविश्वास हिन्दु धर्मदर्शनबाट निर्दिष्ट रहेको पाइएको छ ।

(ग) सामाजिक व्यवहारसम्बन्धी लोकविश्वासले नैतिक ज्ञान, धर्मशिक्षा र समाज व्यवहारमूलक शिक्षामार्फत व्यक्तिको आचरणमा सकारात्मक परिवर्तन ल्याई असल चरित्र निर्माण भएको देखाएका छन् । यस क्षेत्रको समाजले लोककथामार्फत अर्तीउपदेश तथा नीति र असल आचरणबाट व्यक्तिलाई नैतिक शिक्षा दिई समाजप्रति उत्तरदायी बनाउने ध्येय लिइएको देखिन्छ ।

(घ) लामाले तान्त्रिक शक्तिका आधारमा असाधारण कार्य गर्ने, आफ्नो मृत्युपछिको अवस्था थाहा पाउने, काग लामाको अवतार हुने, गुरुङले सेतो टीका लगाउने, मुक्तिक्षेत्र ( आर्यवलोकितेश्वर) मा स्नान गर्नाले पापबाट मुक्त भई पुण्य प्राप्ति हुने, गुम्बाहरू बौद्ध धर्मका ज्ञान प्रचारका केन्द्र भएका आदि बौद्ध धर्मदर्शनबाट प्रभावित लोकविश्वास रहेकाले उक्त क्षेत्रको जनजीवन हिन्दु र बौद्ध धर्मबाट प्रभावित रहेको प्रस्ट हुन्छ भने त्यस क्षेत्रका लोककथामा हिन्दु र बौद्ध धर्म दर्शनको ज्यादा प्रभाव परेको पाइएको छ ।

(ङ) उक्त क्षेत्रका बासिन्दाले बहुलोक, धार्मिक व्यक्तित्व, जातीय संस्कार र प्रथा, पाप र पुण्य, धार्मिक अनुष्ठान, धर्मशास्त्र, पुनर्जन्म, मानवेतर प्राणी र वस्तुमा जीवात्मा, अतृप्त आत्मा र देवीदेवताको शक्तिमा ज्यादा विश्वास गरेको बुझिन्छ । यहाँ देवीदेवताको शक्तिभन्दा डरका कारण भूतप्रेत, किचकन्या, पचभैया र हिममान्छे आदि अतृप्त आत्मासम्बन्धी ज्यादा लोकविश्वास निर्माण भएको पाइएको छ ।

(२) शोधप्रश्न (२) अनुसार गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा लोकविश्वासको अभिव्यक्तिगत प्रक्रियाको समीक्षा गर्दा प्राप्त निष्कर्ष तलका बुँदाहरूमा प्रस्तुत गरिएको छ :

(क) अर्तीउपदेशले भाग्य परिवर्तन हुने, अन्य मानिस र पशुपक्षीको लच्छिनका कारण भाग्योदय हुने, मानिसको शरीरमा शुभ र अशुभ शारीरिक चिह्न हुने, वरदानले लच्छिन र श्रापले अलच्छिनको सङ्केत गर्ने लोकविश्वास रहेका छन् । यसरी मानिस आफ्नो भविष्यप्रति चिन्तित रहेको र भविष्यमा हुने शुभाशुभ फलको अनुमान गरी सचेतसमेत रहेको पाइएको छ ।

(ख) यी लोककथामा मानिस, जनावर, विभिन्न वस्तु र प्रकृतिको ज्यादा अतिरञ्जना गरिएको छ र त्यस्तो अतिरञ्जित शक्ति मानवीय हितमा प्रयोग भएको छ ।

(ग) धार्मिक अनुष्ठान गर्नाले देवीदेवता प्रसन्न भई कार्य सफल हुने र पुण्य प्राप्त हुने विश्वास गरिएका लोकविश्वास पाइएको छ ।

(घ) विश्लेषित लोककथामा देवीदेवता, भूतप्रेत, मानिस, जीवजन्तु तथा वस्तुमा असाधारण शक्ति हुने हुँदा अस्वाभाविक र आश्चर्य लाग्दा कार्य गर्न सक्ने लोकविश्वास रहेको छ ।

(ङ) जडवस्तुमा गोरुको खप्पर र डुङ्गा तथा मानवेतर प्राणीहरू घोडा, गँगटो, बाघ, नाग, भँगेरा र परेवामा आत्मतत्त्व रहने लोकविश्वास छ भने मानिसले आफ्नो आत्मा बुझाउनुपर्ने लोकधारणा रहेको छ । जड र मानवेतर प्राणीमा रहेको आत्मतत्त्वले मानिसको कल्याण भएको छ ।

(च) तन्त्रमन्त्रअन्तर्गत दुष्टात्माले जादुको नकारात्मक शक्ति प्रयोग गरेर मानिस, जीवजन्तु, वनस्पति र प्रकृतिलाई समेत दुःख दिने तर लामा र धामीझाँक्रीले जादुको सकारात्मक शक्ति प्रयोग गरी त्यस नकारात्मक शक्ति रोक्ने लोकधारणा रहेको प्रस्ट हुन्छ ।

(छ) शुभाशुभसम्बन्धी, अतिरञ्जनामूलक, धार्मिक अनुष्ठानसम्बन्धी, शक्तिनिष्ठ, जड र चेतनमा आत्मतत्त्वसम्बन्धी तथा तन्त्रमन्त्रनिष्ठ लोकविश्वास कथानक, पात्र र अभिप्रायजस्ता तत्त्वमा सघन रूपमा र परिवेशबाट न्यून रूपमा अभिव्यक्त भएका छन् ।

(३) शोधप्रश्न (३) अनुसार गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा अभिव्यक्त लोकविश्वासका प्रयोजनको मूल्याङ्कन गर्दा प्राप्त निष्कर्ष तलका बुँदाहरूमा प्रस्तुत गरिएको छ :

(क) मानिसको चेतन मनस्थितिका कारण अर्तीउपदेश, नीति, आचरण र शिक्षासम्बन्धी लोकविश्वास प्रकट भएका छन् । यिनको खास उद्देश्य मानिसलाई सामाजिक आचारसंहिता र कर्तव्यको पालना गर्न उत्प्रेरित गर्नु रहेको छ ।

(ख) मानिसको अवचेतन मनोदशाका कारण प्रकट हुने लोकविश्वासको उद्देश्य मानिसबाट लोककल्याण विपरीतका कार्य हुन नदिने, वचनप्रति प्रतिबद्ध हुन उत्प्रेरित गर्ने, आपसी मेलमिलाप र भाइचाराको सम्बन्ध कायम गराउने तथा भय हटाई सुखानुभूति प्राप्त गर्ने शिक्षा दिनु रहेको छ ।

(ग) मानवीय मनको अचेतन अवस्थाका कारण दैवीशक्ति, तन्त्रमन्त्र, राक्षस, भूत, पचभैया, किचकन्या, सपना, भाग्य र भविष्य तथा आत्मासम्बन्धी लोकविश्वास व्यक्त भएका छन् । अचेतन मनोदशामा प्रकट हुने लोकविश्वास अस्वाभाविक, अयथार्थ र अतिरञ्जित रहेका छन् ।

(घ) गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा व्यक्त लोकविश्वासको धार्मिक प्रयोजन विभिन्न धार्मिक अनुष्ठानका विधि र प्रक्रियाको ज्ञान दिनु, जीवजन्तु, पशुपक्षी, वनस्पति, खेतीबाली, पानीका स्रोतलगायत मानिसको समेत सुरक्षा गर्दै सुखसन्तोषबाट मानवीय जीवनलाई सार्थक बनाउन सहयोग गर्नु हो । यहाँ प्रचलित लोककथामा धर्म र अनुष्ठानमा जोड दिइएका लोकविश्वासको अभिव्यक्तिले गण्डकी प्रदेशको समाज धार्मिक प्रकृतिको रहेको पुष्टि हुन्छ ।

(ङ) गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा व्यक्त लोकविश्वासको शैक्षिक प्रयोजन अर्तीउपदेश, धार्मिक शिक्षा र समाज व्यवहारमूलक शिक्षाबाट असल आचरण निर्माण गरी व्यक्तिलाई नैतिकवान्, आत्मनिर्भर र व्यावहारिक बनाएर आदर्श समाजको निर्माण गर्नु रहेको छ ।

(च) गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा व्यक्त लोकविश्वासको सामाजिक प्रयोजन नैतिक शिक्षामार्फत असल आचरण विकास गरी व्यक्तिलाई परिवार र समाजप्रति उत्तरदायी बनाएर असल र सभ्य समाजको निर्माण गर्नु रहेको छ ।

(छ) गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा व्यक्त लोकविश्वासको सांस्कारिक प्रयोजन परम्परागत संस्कारको निरन्तरता र जातीय मौलिकपन कायम राख्दै मानिसलाई आध्यात्मिक चेतनामार्फत जीवजन्तु र प्रकृतिप्रति कृतज्ञ बनाउने तथा नैतिक शिक्षा प्रदान गरी आपसी सद्भाव र समन्वय कायम गर्न अभिप्रेरित गर्नु रहेको छ ।

उपर्युक्त शोधप्रश्नबाट प्राप्त निष्कर्षलाई समग्रमा हेर्दा गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा लोकविश्वासको सबल र सघन अभिव्यक्ति भएको कुरा पुष्टि भएको छ । यी लोककथामा धार्मिक मान्यता, सामाजिक व्यवहार, असाधारण शक्ति, शुभाशुभ, जादु र तन्त्रमन्त्र, निषेध र विश्वब्रह्माण्डसम्बन्धी लोकविश्वास व्यक्त भएका छन् र ती कथानक, पात्र र अभिप्रायजस्ता तत्त्वमार्फत सघन रूपमा र परिवेश तत्त्वमार्फत न्यून रूपमा व्यक्त भएका छन् । यी लोकविश्वासको अध्ययनबाट त्यहाँको लोकसमाजको मनोविज्ञानका साथै धार्मिक, शैक्षिक, सामाजिक र सांस्कृतिक आदि विविध पक्षका बारेको ज्ञान व्यक्त भएको छ । गण्डकी प्रदेशका नेपाली लोककथामा व्यक्त लोकविश्वासबाट यस क्षेत्रको समाज धार्मिक प्रकृतिको, जातीय संस्कार र प्रथामा आस्था राख्ने प्रवृत्तिको देखिन्छ । यहाँको लोकले देवीदेवताको शक्तिप्रति आस्थापूर्वक धार्मिक अनुष्ठान गर्ने भए पनि नकारात्मक शक्ति भूतप्रेत, राक्षसजस्ता अतृप्त आत्मासँग त्रसित पाइएको छ । गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथामा व्यक्त लोकविश्वासको उद्देश्य भने मनोरञ्जन प्रदान गर्नु, परम्परागत चालचलनका बारेमा ज्ञान दिनु, अर्तीउपदेशका माध्यमबाट लोकशिक्षा दिनु, सदाचारको विकास गर्नु र व्यक्तिलाई सामाजिकीकरण गरी सभ्य समाजको निर्माण गर्नु रहेको छ । लोककथाका तत्त्वगत बुनोटभित्र विभिन्न लोकविश्वास रहेका र ती ज्ञानप्रद, शिक्षाप्रद र मनोरञ्जनकारी समेत रहेको कुरा यस शोधबाट सिद्ध भएको छ ।

## परिशिष्ट (क)

# गण्डकी प्रदेशका निर्धारित स्थानबाट सङ्कलित र यस शोधका निम्ति चयन गरिएका लोककथाका पाठहरू

गण्डकी प्रदेशका निर्धारित स्थानबाट सङ्कलित र यस शोधप्रबन्धका निमित्त लोकविश्वासको सघनता र सबलताका आधारमा विश्लेषणका लागि चयन गरिएका लोककथालाई ती लोककथाका शीर्षकको वर्णानुक्रममा निम्नानुसार प्रस्तुत गरिएको छ ।

### १. अकलामाई

परापूर्व कालमा बाउबाजेले यस घना जङ्गलमा काठ कटानी गर्ने प्रसङ्गको अन्दाजी दुई, तीन सय वर्ष पहिलेको घटना हो । “यहाँ देवी हुनुहुन्च” भन्ने केही थाहा नभएको अवस्थामा राम्रा राम्रा रुखहरू भएका कारणले गर्दा रुख कटानी गर्ने प्रसङ्ग चल्यो । एउटा रुख काटिसकेपछि भइँमा नगिर्दै फेरि अर्को रुखमा गएर अल्भियो र विभिन्न उपाय गर्दा पनि त्यो रुखलाई भइँमा भार्न नसकिएपछि हार खाएर उहाँहरू आफ्नो घरमा फर्कनुभयो ।

त्यसै अवस्थामा रुख काट्नी जुन पुर्खाहरू हुनुहुन्थ्यो, उहाँहरूलाई सपनामा परिचय भयो- “म यहाँ देवी छु । मेरो कुनै किसिमको सम्मान भएन । मेरो शिरमाथिका रुखहरू यसरी काटिँदा मलाई दुःख लायो । तिमीहरू मेरो नजिकै हुँदा पनि मलाई पहिचान गर्न सकेनौँ । त्यो रुखमा म प्रवेश गरेकी छु । रुख काटिँदा पनि भुइँमा भर्न नदिने अवस्था मैले बनाएकी हुँ । तिमीहरूले मेरो पूजन गर, मलाई सम्भिनी काम गर” भन्नी सपनामा परिचय भएका कारणले भोलिपल्ट विधिसाथ देवीको आराधना गरेर उहाँहरू फर्किनुभो ।

भनिएको थियो- “पाँच, सात दिनसम्म यो मन्दिरमा कोही पनि नआउनू ।”

त्यस बिचमा बेसीसहरबाट भाचोदुवारसम्म जाँदा मन्दिरको छेउ हुँदै जाने मूल बाटो भएको हुनाले त्यहाँ तलदेखि माथि गर्ने बटुवाहरूले- “हैन त्यहाँ त ठुलो रुख भइँमा ढलिराखेको छ” भन्ने कुरा गाउँमा गएर भन्न थाले ।

“ओहो Û रुख त माथि पो अड्की राख्या थियो तल कसरी भऱ्यो होला ? ल यो कुरा सत्य हो । हामीले चाहिने नजिकैको देवीलाई पूजन गर्नुपर्ने बुझेनम् । अबदेखि हामी नियमित तरिकाले पूजाआजा गरेर देवी माताको सधैँ आराधना गर्नेछौँ” भन्ने गाउँबाट सङ्कल्प भएर आजतक पनि वर्षको दुईपटक कार्तिक र चैत महिनामा देवीको पूजाआजा गर्ने चलन छ ।

स्रोतव्यक्ति - इन्द्रबहादुर राउत<br>
उमेर - ५९ वर्ष<br>
ठेगाना- बेँसीसहर नगरपालिका - ७, राउतथोक<br>
सङ्कलन मिति : २०७७ माघ २ गते

## २. अल्छी

एकादेशमा एउटा साह्रै नै अल्छी मान्छे थियो । त्यसको नामै अल्छी केही काम नगर्नी, गामगामै डुल्नी र खानी, घरमा जानी, स्वास्नीलाई कुट्नी, हप्काउनी र दप्काउनी त्यसलाई बाउले अर्ती दिएछ, कस्तो अर्ती दिएछ भने- “ए बाबु ! साह्रै अल्छी भएर नहिँड् । बान्ना खुट्टो हल्लाएर नबस् । तिलबारीमा नदौडी । स्वास्नीलाई विश्वास नदे बाबु है” भनेर बाउले भनेच ।

उसको पालो पनि “ए ! तेरा अर्ती बकवास” भनेर तिल काटेका ठाममा, तिलबारीमा दौडेछ । ठ्यास्सै तिलको ठोसो खुट्टामा जाकिएछ । त्याँट छ महिना, वर्ष दिन दुःख पाएछ ।

“हाम्रा बाले यसो भन्थे नि मलाई । यो तिलबारीमा दौडनाले ठोसो बिझ्यो । मैले धेरै दुःख पाएँ” भनेच ।

एक दिन- “हाम्रा बाले बान्नामा खुट्टो खसालेर नबस् भनेका छन् कस्तो हुन्च ?” भनेर बान्नामा खुट्टो खसालेर बसेच । भित्र, भित्रबाट सर्प आएर क्याप्पै टोकिदिएच । त्याँट छ महिना, वर्ष दिन दुःख पाएच ।

त्याँट बाउले “स्वास्नीलाई विश्वास नदिनू है” भनेर भनेको छ । उसको पालो गएच र राजाको मजुर चोरेर ल्याएछ । मजुर लगेर तलामा थुनेच । एउटा, दुइटा मजुरको प्वाँख त्यहाँ फालेच । स्वास्नी पँधेरामा गएका बेला कुखुराको भाले ल्याएर काटेच ।

“के काटेका हौ बुढा तिम्ले ?”

मैले- “राजाको मजुर चोरेर ल्यार काटेको छु, अन्त कुरा नगर है ।”

“भन्दिनँ” भनिच स्वास्नीले । बेलुका लोग्नेस्वास्नी मिलेर खाएचन् । भोलिपल्ट बिहान पँधेरामा दाँत घोल्दै गाइच ।

“आज त केको तिहुन खाइथिइस् र जैरी ? दाँत घोल्दै आइछस् ।”

“आ ! के खाइयो, खाइयो बेलुकी ?”

“भन् न भन्, नढाँटीकन भन्, हामी केही भन्दैनम् ।”

“अँ ! तिमोरू अन्त कुरा अर्चौ, भन्चौ । भन्दिनँ ।”

“भन्दैनम् हामी” भनेचन् ।

“बुढाले हिजो राजाको मजुर चोरेर ल्याएचन् । त्यही मजुरको मासु खाको, दाँताँ अड्केर खोलेकी हुँ” भनिच ।

“ए ! त्यसो भए हिजो त मिठै तिहुन खाएचौ तिमोरूले” भनेर भनेचन् ।

ऊ पानी लिएर आई । उनीहरूले गाममा फैलाइदिए । त्यही बेला राजाको मजुर पनि हराच । मजुर खोज्दा पा छैनन् । ल ! यो मजुर कसले लयो भन्दा भन्दै “फलानाले लएको छ रे” भनेचन् । लौ भनेर त्यसलाई समातेर लगेछन् । त्यसले एउटा कामीसँग मित लाथ्यो रे । कामी मित पनि त्यही राजाकोमा जागिर खार बसेको रैछ ।

राजाले भनेचन्- “लौ अब यसलाई फाँसी दिनपर्‍यो ।”

त्यो कामी मितले भनेच- “तपाईंले हुकुम दिए म यसलाई एक्कै चोटमा छिन्दछु ।”
उसको पालो, “सरकार !” भनेच ।
“के भन ?”

“मेरा बाले राजा नढाँट्नू, स्वास्नीलाई विश्वास नदिनू, बान्नामा खुट्टो खसालेर नबस्नू, तिलबारीमा नदौडिनू भन्नुभएको थियो । मैले स्वास्नी कत्तिकी विश्वासिली छ भनेर हजुरको मजुर चोरेर लगेर तलामा थुनेको छु । बेलुका घरको भाले काटेर खाइयो अनि स्वास्नीलाई राजाको मजुर चोरेर ल्याई काटेर खाइयो नभन है भन्दाखेरि स्वास्नीले प्रचार गरी हजुर । स्वास्नीको विश्वास लिनलाई मजुर चोरेर लछु, मजुर ल्याइदिए त म बचुला नि ?” भनेच ।

“ल बच्छस्, जा लिएर आइजा” मजुर लगेपछि ऊ बाँच्यो ।

केही समयपछि बाउ मरेर गइहाल्यो । बाउ मरेपछि त्यसलाई अर्ती दिनी कोही पनि भएनन् । कहाँ जानी होला मैले अर्ती माग्न, कसका जानी होला ? मित बा छन्, मित बाकाँ जान्छु भनेर मित बाकाँ गएच ।

“मित बा, मित बा, मेरा बा बितेर जानुभो । मलाई अर्ती बुद्धि दिने कोही पनि भएनन् । मलाई एउटा अर्ती दिनु न ।”

हेर बाबु, “तँलाई अर्ती दिन मलाई पैसा चाहिन्छ ।”
“कति चाहिन्छ, पैसा ?”

“एउटा अर्तीको सय रुपैँया लिन्छु ।”

त्यसपछि अल्छीले घरमा गएर घरबारी बेचेच । “लौ म अर्ती माग्न पैसा लिएर आको छु” भनेर गएच ।

“राजा नढाँट्नू, सिनो देखेर नघिनाउनू र आर्काकी छोरी देखेर मन नचुट्काउनू” भनेर मितबाउले अर्ती दिएछन् ।

“हस्” भनेर तीन सय रुपैयाँ मित बाउलाई दिएर हिँडेच । सम्पत्ति सबै बेचिहाल्यो । घरबारी पनि छैन । ऊ भिखारीजस्तै भएर हिँडेच । एक ठाममा जोगी मरेको रैछ । जोगीलाई फाल्नी कोही पनि भनचन् ।

“लौ यो जोगी जसले फाल्च, त्यसलाई हामी पचास रुपैयाँ दिन्चम्” भनेचन् ।

मित बाले भन्या छन्, “सिनो देखे नघिनाउनू” यसलाई फाल्दैमा के होला र ?

सबैले भनेचन्- “हामी त फाल्दैनम् ।”
ऊ गएच र भनेच- “पचासले त हुँदैन सय रुपैयाँ दिने भए म फाल्चु ।”
“ल ल सय रुपैयाँ नै भयो फाल” भनेर भनेचन् ।

जोगी मर्दाखेरियाँ नुन चाहिन्छ अरे । कि नौ मुरी, कि नौ पाथी, कि नौ माना, कि नौ मुठी जति भए पनि नुन हाल्नपर्च अरे । त्याँट गएछ, उतिखेर नुन पनि सस्तै भयो । नौ पाथी नुन किनेच र खाल्टो

खनेच । गाड्ने बेलामा जोगीका टाउकामा केका डल्ला फलेका रहेछन् । केका डल्ला रहेछन् भनेर टिपेच । एक पाथी जति डल्ला टिपेर रुमालमा पोको पारेच त्यसपछि नुन मुन्तिर राखेर जोगीलाई पुरेछ । जोगीलाई पुरपार पारेर ठुलो बनियाँको दोकानमा गएच । कपडाको दोकान थियो अरे, त्यहीँ गएछ ।

"ए साहुजी ! ए साहुजी ! मेरो यो समान लिइदिनु न ।"

"के समान हो ? खै देखाऊ ?" भनेच न्यारले ।

"यस्तो समान त हाम्ले लिन काँ सक्चौँ र ? यो त राजाले मात्रै लिन्च । हाम्ले लिन सक्दैनम् ।"

"के हो यो भन्नुस् न त ?"

"तिमी नचिन्ने मान्छेले किन लिएर हिँडेको यस्तो ? हिरा भन्नी यही हो" भन्दिएच रे ।

"ए ! हिरा भन्नी यस्तो पो हुँदो रच" भनेच ।

"राजा कहाँ जाऊ, राजाले लिन सक्छन्, हामीले लिन सक्दैनम् ।"

राजाकी छोरी कस्ती थिइन् रे भने सूर्यको मुख नहेर्नी, मर्दको मुख नहेर्नी । जब त्यसले हिरा लिएर जाँदाखेरी त राजाकी छोरीले पुलुक्क हेरिचन् अरे ।

"यो हिरा लिइदिनुस् न ?"

"ओहो ! कहाँ पायौ यस्तो हिरा ?"

"मेरा मित बाले सिनो देखे नघिनाउनू, राजालाई नढाँट्नू र आर्काकी छोरी देखेर मन नकल्पाउनू भनेर भन्नुहुन्थ्यो । जोगीका लट्टामा फलेको रच, मैले लिएर आको हुम् ।"

"यो त हिरा हो लौ ।"

"ल, यो मेरो हिरा लिइदिनुस् ।" राजाकी छोरीले त्यो केटालाई मन पराइचन् ।

"बुबा बुबा !"

"है ।"

"मलाई त यो केटासँग जाम्-जाम् लायो नि ।"

मित बाले भन्थे- "आर्काकी छोरी देखे मन नकल्पाउनू" यो केटीले मलाई झ्यालबाट क्यार्न खुसखुस हेरेकी छ । उसले पनि एकपल्ट हेरिदिएछ अरे । राजाकी छोरीले पनि मन पराइहालिछ ।

"मलाई यो केटासँग बिहा गर्दिनू है !"

"ह्यातेरी, तिमीलाई कस्ताकस्ता रजौटा, कस्ताकस्ता भुरीमण्डल माग्न आम्दाखेरि तिम्ले मन पराइनौ । अहिले यस्तो जाबो भिखारीसित ब्या गर्चु भन्चेऊ ?"

"हैन बुबा यो भिखारी हैन । यस्तो हिरा लिएर आउने मान्छे पनि भिखारी हुन्च ? यो भिखारी हैन बुबा । यल्ले माल नचिनेर हो" राजाकी छोरीले भनिच ।

"लौ त उसो भए यो हिरा मलाई देऊ, मेरी छोरी ब्या गर । ब्या गर्छौ कि गर्दैनौँ ?"

"गर्चु ।"

"तिम्रो सम्पत्ति कति छ ?"

“मेरो सम्पत्ति केही छैन । अलिअलि जग्गा थियो, यही अर्ती माग्दैमा मित बाउले सबै खाइदिए । मसँग केही पनि सम्पत्ति छैन । मैले यो हिरा पनि “जोगी फाल्ने मान्छे कोही भएनन्, जोगीलाई जसले फाल्च त्यसलाई सय रुपैयाँ दिन्चम्” भनेर भनेका थिए । मैले जोगीलाई लगेर फाल्दा जोगीको लटामा रच र टिपेर ल्याको हुम् । हिरा भन्नी पनि मैले चिनेको थिइनँ सरखार” भनेर भनेच ।

“ल मेरी छोरी पनि तिम्ले नै पायौ । यो हिरा पनि यहीँ रहन्च । तिम्लाई अब भनेजस्तो हुन्च । मेरी छोरी पनि तिम्लाई नै भो ।”

अल्छी राजाकी छोरी ब्या गरेर त्यही बसेच । उनलाई खाएझैँ भयो अरे ।

सुन्नीलाई सुनको माला
भन्नीलाई फूलको माला
यो कथा वैकुण्ठै जाला
भन्दाखेरि सरसर्ती आउला ।

स्रोतव्यक्ति - धर्मसिंह गन्धर्व
उमेर - ८४ वर्ष
ठेगाना- पोखरा महानगरपालिका - ३२, गगनगौँडा, कास्की
सङ्कलन मिति - २०७५ मंसिर २५ गते

**३. आत्मा**

एकादेशमा एउटालाई साह्रै केरा खान मन लाओ तर त्यसको किन्न सक्नी उपाय थिएन । आफ्ना घरमा एउटो पसाओ र “त्यही पाक्च अनि खाम्ला” भनेर बस्योथ्यो । त्यो केरा पाँच, छ महिना भएपछि पाक्यो त्यसपछि तेलाई लोभ लाओ ।

“ओहो ! बेच्न पाए त मैले यति पार्नी थिएँ बेच्दा बेच्दै एक, दुई कोसा बाँकी रहेच भने खाम्ला” भन्यो ।

“एक, दुइटा कोसा रहेको खाम्ला” भन्दा सप्पै बिक्यो । सबै बिकेर ज्यानले हैरान खाओ आएर चौपारीमा सुतो त्यसपछि उसको पुरुष (आत्मा) उडेर रुखका डालीमा गएर बसो । अर्कै गाउँले चिनेको मान्छे आएर “फलाना, ए ! फलाना” भन्च बौल्दै बोल्दैन ।

“हैन यो क्यार्न बोल्दैन ?” भन्दा “त्यसको पुरुष त म हूँ । यल्ले आफ्नो पुरुष पनि बुझाउन नसकेको हुँदा यसको शरीर छोडेर रुखमा आएर बसेको छु । अब यल्लाई छोडेँ” भनेर भनो ।

“भो भो आइजा, मैले तँलाई किनेर ल्याएर पेटभरि खुवाउँछु तर यलाई नछोड्” भनेर त्यो अर्को मान्छेले भन्दाखेरि सुतेको मान्छे जुरुक्क उठो र “ओहो म त निदाएचु” भनेर भन्यो ।

तपईंहरूलाई सुनको माला
मलाई फूलको माला ।

स्रोतव्यक्ति- जमुना गैरे
उमेर - ७५ वर्ष
ठेगाना- देवघाट गाउँपालिका - ५, देवपुर, तनहुँ
सङ्कलन मिति - २०७७ पुस २८ गते

**४. ऋषिपञ्चमी**

कुनै समयमा नैमिषार नाम गरेको क्षेत्रमा शौनकादिका अठासी हजार ऋषिहरूले ठुलो यज्ञ गर्नुभएको थियो । त्यसै यज्ञमा आफ्ना शिष्यले युक्त भएर सुतजी आउनुभयो । सुतजी आएको देखर शौनकादिका अठासी हजार ऋषिले उठेर दण्डवत् प्रणाम गर्नुभयो । उहाँलाई उच्च आसनमा राख्नुभयो अनि शौनकादिका अठासी हजार ऋषिहरूले सुतजीलाई सोध्नुभयो- “हे ! ऋषेश्वर हो, हामी हजुरका शिष्य हौं । हामीलाई एउटा कथा दिनुपर्‍यो । हाम्लाई तिजको ऋषिपञ्चमीको कथाको सारांश बताइदिनुहोस्” भनेर शौनकादिका अठासी हजार ऋषिहरूले सोधे ।

सुतजीले भन्नुहुन्छ- “स्त्री जातिको रज भनेको ब्रह्महत्या हो । अघि वृत्रासुर नाम गरेको राक्षस थियो । त्यो ब्रह्माको वीर्यबाट जन्मेको थियो त्यसलाई इन्द्रजीले मार्नुभयो । ब्राह्मणको वीर्यबाट जन्मेको भएर इन्द्रलाई ब्रह्महत्या लायो । ब्रह्महत्या लागेपछि इन्द्र छटपटिनुभयो र ब्रह्माजीका शरणमा जानुभयो ।”

ब्रह्माजीका शरणमा गएर, “हे ! भगवान् यस्तो भयो” भन्दा ब्रह्माजीले- “लौ त्यसलाई चार भाग लगाउनपर्‍यो” भनेर चार भाग लगाउनुभयो । चार भाग लगाएर चार ठाउँमा फ्याकिदिनी भनेर इन्द्रलाई भनिदिनुभयो- “ल एउटा अग्निको धपप्क बोलेको आगामा, एउटा पानी खस्दा उठेको फिँजमा, एउटा महिलाहरूको रज भएको ठाउँमा र एउटा पर्वतमा फाल्दिनी” भनेर ब्रह्माजीले फाल्दिनुभयो ।

“स्त्रीजाति रज भएको ब्रह्महत्या लागेको हो । त्यो ब्रह्महत्यालाई साम्य गर्न, शान्त गर्नका निमित्त स्त्रीजातिहरूले ऋषिपञ्चमीको व्रत गर्नुपर्छ । महिलाहरू ब्रह्महत्याको पापबाट मुक्त हुनाका निमित्त ऋषिपञ्चमीको व्रत गर्नी तथा पूजा गर्नी हो । हलोले नजोतेका ठाउँको अन्न खाएर जसले सात वर्षसम्म नित्य ऋषिपञ्चमीको पूजा र भगवान्को आराधना गर्छन् भने ती महिला सबै पापबाट मुक्त भएर जान्छन्” भनेर भगवान् विष्णुले सुतजीलाई बताएको कथा शौनकादिका अठासी हजार ऋषिलाई सुतजीले बताइबक्सियो ।

स्रोतव्यक्ति - धर्मराज मरासिनी
उमेर - ८४ वर्ष
ठेगाना- पुतलीबजार नगरपालिका - ३, तिलाहार, स्याङ्जा
सङ्कलन मिति - २०७७ असार १८ गते

## ५. एक चिलिम तमाखु

बुबाले छोरासित एक चिलिम तमाखु पैँचो मागेको रैछ । एक चिलिम तमाखु पैँचो माग्दाखेरि उल्लाई बाउलाई खान त छैन अनि छोरालाई केको पैँचो तिर्नी ? “आज तिर्छु भन्छ” तिर्दैन, “भोलि तिर्छु भन्छ” तिर्दैन रे । त्यसो गरेर उसको जिन्दगी गयो, वृद्ध अवस्था होला केरे मोरेर गयो ।

त्याँट पछि त गाईको गोठमा गएर बाच्छो भएर जन्मेको रैछ । बाच्छो जन्मिसकेसी “यो बाच्छो त राम्रो रैछ, ज्ञानी पनि रैछ । यो घरको बाच्छो घरमै हुर्काउँछु, घरमै जोत्छु । घरमै मोरेनी मोर्छ” भनेर त्यो छोराले भनेको रैछ । बहर दायो, जोत्यो, बुढो भयो मोऱ्यो । खेतबारी बँसी र गाउँमा होला केरे । त्यो बाच्छो खेतबारीमा जोत्दा जोत्दै मोऱ्यो ।

छोराले धानको बिउ राखेको रैछ अरे । त्यो बाली खरायोले कति खायो खायो । “ह्यात्तेरी ! कस्तो खरायो ? धानको बिउ खायो । यो गोरुको सिङ लगेर त्यो बिउमा गाड्दिन पऱ्यो” भनेर त्यो छोराले भन्यो अरे । अनि त्यो टाउको लौरामा उनेर गाडेसी त्यो बिउ खान छोड्यो अरे ।

त्यहाँपछि छोराले धान रोप्यो, पाक्यो । छोराको घर गाउँमा खेत चाहिने बँसीमा रहेछ । धान भित्र्याउने बेलामा सप्पै मुट्ठा पारेर थुप्प्यायो । मुट्ठा पारेर थुप्प्याउँदाखेरि चोर आयो अरे ।

“ल जाम्, फलानो ठाम्मा धान राम्रो छ” भनेर छसात जना भएर गएछन् । खेतमा थुपारेको धान छाटेर भारी बोक्ने बेलामा त त्यो टाउको खितितित हाँस्यो अरे ।

“अनि कसरी त यहाँ टाउको हाँस्यो ? हैन यहाँ के रैछ र टाउको हाँस्नी, हाँस्नी के हो ? हेर्दा केही छैन । यो टाउको भन्दा अरू केही छैन, यो के रैछ यहाँ” भनेर ती चोर्न आउने मन्छेहरू अचम्म परेछन् । तिनीहरूले वाचा बाँधेच, “एक चोली वाचा, दुई चोली वाचा, तीनै चोली वाचा, हामी त चोर्न आको हो । तपाईं हाँस्नुभयो । को मन्छे हो ? घर तपाईंको कहाँ हो ? हामी त्यही ठेगानमा पुऱ्याइदिन्छम्” भने अरे ।

“एक चोली वाचा, दुई चोली वाचा, तीनै चोली वाचा मैले एक चिलिम तमाखु छोरासित पैँचो मागेर खाएँ । म मन्छे थिएँ, मैले पैँचो तिर्न नसकेकाले गाईको गोठमा बाच्छो भए जन्मिएँ । जोतैं, छोराले जोताइदियो अनि म मोरेँ । मोरेर जाँदा पनि मैले बिउ कुरेर बसेको हो । तिमोरू यस्तो बाली कसरी खान सक्छौ चोरेर ?” भनेको रैछ अरे त्यो टाउकोले ।

त्यसरी भन्दाखेरिमा “हामी चोर्न आको हो । सप्पै तिम्रै घरमै पुऱ्याइदिन्छम्” छोराको नाम के हो ? बाउको नाम के थियो ?” भनेचन् ।

“फलानाको घर भन्दै जाऊ, त्यहाँ पुग्छौ” भन्यो अरे । ती चोरहरू कुखुरा हुल्ने बेलामा त त्यही गाउँमै पुगेका अरे ।

“कहाँबाट आयौं ? कसरी आयौं तिमोरू ?” भन्दा “तिम्रो बाउ रैछ । पैँचो मागेर एक चिलिम तमाखु खाको रैछ अनि पैँचो तिर्न नसक्दा नसक्दै मोरेर गयो । त्यहाँपछि गाईको गोठमा गएर बाच्छो बनेर निक्ल्यो । बाच्छो बनेर निक्लेर पनि जोतेर तिम्लेई भ्यारैछौ । मोरेर जाँदा पनि किलो गाडेर टाउको बिउ कुर्न राखेका रैछौ ।”

“हे बा ! बाउ भनेको भए त मैले किन यस्तो गर्थें होला नि” भनेर गोरुको टाउको सत्‌गत गरेर भ्यायो ।

“मेरो बुबा रैछन्, मैले माफ पाम् । मेरो बुबा भन्ने थाहा भको भए यस्तो गर्ने थिइनँ” भन्यो अरे ।

स्रोतव्यक्ति - लरिमाया दरै
उमेर - ५४ वर्ष
ठेगाना- व्यास नगरपालिका - १०, दुम्सी, तनहुँ
सङ्कलन मिति - २०७७ पुस २७ गते

## ६. काफ्ले पाठो

हाम्रा पुर्खाहरू धेरै पहलमान थिए अरे । घरमा बसेको समयमा गाईं, भैंसी पाल्नुहुन्थ्यो रे । रातको समयमा आएर बाघले एउटा गाईको बाच्छालाई आक्रमण गरेछ, त्यसरी आक्रमण गर्दा पुर्खाले देख्नुभएछ । त्यसपछि उठेर एउटा गरालो झिकेर हान्दा बाघ छट्पटिएर मरेछ । बाघ मरेको उहाँलाई थाहा रैनछ, आफू सुत्नुभएछ ।

भोलिपल्ट राजाका पहरेदारहरू आएर डुल्दा मरेको बाघ देखेछन्, “यो कसरी भयो ?” भनेर सोध्दै जाँदाखेरि पहिलाका पुर्खाहरू त सोझा अहिलेजस्तो पढेलेखेका नहुनी ।

“मैले हानेको हो, मैले प्याट्ट हानेको हो, मार्छु भनेर मारेको होइन” भनेर बताउनुभएच । पहरेदारहरूले त्यो कुरा राजालाई भन्नुभएच । त्यसो भनिसकेपछि राजाले- “को होइछ ?” भनेर छानबिन गर्दै जाँदाखेरि हाम्रा पुर्खा पर्नुभएछ ।

राजाका पाँच श्रीमती हुनुहुँदो रैछ । जेठी श्रीमतीलाई पुत्र शोक परेको रैछ । ती कहिल्यै हँसिली नहुने अनि “बरखीपछि के गर्नी ? कसरी हँसाउने हो त ? कसरी रमाइलो गर्ने हो त ?” भन्ने भएछ । पहिला गाउँघरमा पढाइ, लेखाइ थिएन । नाटक, रमाइलो केही थिएन । खाने र बलिया हुने पहलमानको मात्रै समय थियो अरे ।

“कसरी हुन्छ त ?” भनेर सप्पैले सोच्दै जाँदाखेरि काफ्ले बलिया हुन्छन् । काफ्लेहरूलाई मैदानमा ल्याएर लडाउनी, लडाइसकेपछि त्यसैबाट रमाइलो गरेर त्यहाँ खुसियाली बनाउनी भन्ने भएछ ।

राजाले आफ्ना पहरेदारहरूलाई बोलाउन पठाएछन् । दसैंको नवमीको दिन एउटा कालरात्रि, एउटा राजखानदान र तेस्रो काफ्ले पाठो काटेर तीनचोटि मन्दिर परिक्रमा गराएर चउरमा फ्याँकिदिएछन् । काफ्लेहरू आफूआफू लडेर थोरै भए पनि घरमा लानी भनेर तँछाडमछाड गरेछन् ।

“पाँच सय मिटर बराबरको चउर नकाटिउन्जेली लडेर कति आउँछ त्यो घरमा राख्दा फलिफाप हुन्छ” भन्नी आहान छ । त्यो पाठाको थोरै रौं भए पनि लगेर मन्दिरको छेउमा राखेर पूजा गर्नी चलन पनि छ ।

स्रोतव्यक्ति - कमलप्रसाद काफ्ले
उमेर - ४० वर्ष
ठेगाना- पैंयु गाउँपालिका - ४, हातेमालो चोक, पर्वत
सङ्कलन मिति - २०७७ माघ ३० गते

## ७. कालजित

एकादेशमा एउटा राजा थिए अरे ! ती राजाका छओटी श्रीमती हुँदा पनि सन्तान थिएनन् । सन्तान नहुँदा तिनी साह्रै चिन्तित र पिरलिइएका थिए । पिरलिँदा पिरलिँदै सिखार खेल्न गएछन् । मन्त्री र राजा जङ्गलमा सिखार खेल्न जाँदा जाँदै रात परो । जङ्गलको बिचमा चौतारी थियो, ह्वाइँ "बासा बसम्" भन्नी निर्णय गरे ।

बासा बस्दा त्यो चौतारीमुनि एउटा ठुलो पोखरी रैच । राजा र मन्त्री चौतारीमा बसेर हेरिरहेका थिए । त्यो पोखरीबाट एउटी महिला निस्केर वरिपरि लिपेर गइन् अनि फेरि दुइटी महिला निस्केर त्यहाँ बसेर पूजा गरे । पूजा सिद्धिएपछि "दिदी, तिम्रो यत्रो उमेर भयो । तिम्लाई कस्तो बाबु जन्माउन मन लाछ नि ?" भनेर सोधिन् बहिनीले ।

"ए हे ! बहिनी मलाई त कहिल्यै नमर्ने, काललाई जित्ने छोरो पाउन मन लाछ । अब विवाह गर्नी उमेर अवस्था भयो, कसैले कुरोकानी केही गर्दैनन् । हामी पानीमा छम्, पोखरीमा छम्" भनेर भनिन् । त्यसपछि "तिम्लाई कस्तो छोरो पाउन मन लाछ नि ?" भनेर दिदीले बहिनीलाई सोधिन् ।

"ए हे ! मलाई त कहिल्यै पनि नमर्ने काललाई जित्ने छोरो पाउन मन लाछ" भनेको आवाज राजा र मन्त्रीको कानमा पुयो ।

"ए हे ! ह्याँ त यस्ता रानीहरू रैछन्, अब हामीले एउटीलाई छोपेर लैजानपऱ्यो" भनेर राजाको मन लोभियो ।

"ल हुन्छ जाम्, यिनीहरूले गफ गर्दै छन्, जुनलाई भेटिन्च त्यसैलाई छोपम्" भनेर गए । पोखरीको छेउमा गएपछि एउटी झ्याप्पै पानीभित्र पसिन्, एउटीलाई छोपे ।

"ए हे ! तिमी यति राम्री रहिछौ, हिँड हामीसँग जाम्, हामी तिमीलाई रानी बनाउँछम्" भनेर एउटीलाई छोपे । उनी रुनी, कल्लाम्नी गरिन् तर उनलाई छोड्दिएनन्, राजाले लिएरै आए ।

एकछिन उजेलो नहुन्जेल त्यही चौतारीमा गफ गरेर बसे । बिहान उज्यालो भएपछि ती पोखरीमा खेल्नी अप्सरालाई राजाले मन्त्रीसहित राजदरबारमा लिएर आए ।

"छओटी रानीहरू घरमा रहिछन् । यत्रा हुँदा हुँदै मलाई किन लिएर आए ?" भनेर अचम्म मान्दै राजदरबारमा सँगै रहिन् । रहँदा रहँदै उनी पनि गर्भष्टे भइन् ।

"अब अरू रानीका छैनन् । यिनैले जायजन्म बनाइदिए मेरो पनि सन्तान रहने थियो" भनेर राजा दिनदिनै खुसी हुँदै गए ।

"के खान्छ्यौ, के लाउछ्यौ ?" भन्दै एकदम खुसीमा राखे ।

छओटी रानीहरूले- "कान्छी रानी प्यारी हुनी भै अब क्यारम् ?" भनेर मनमनै जाल रच्न लाए- "अब यिनीबाट जन्मेको बच्चालाई हाम्ले थाउनामा लएर पोखरीमा फालम् । राजालाई यही हो रानीले जन्माएको सन्तान भनेर ढिकीको मुसल फुकालेर दिम्" भनेर जाल बनाए । बच्चा जन्माउनी बेलामा ती रानीलाई चुलाको मुखभित्र मुन्टो राखे त्यसपछि बच्चा जन्मियो । के भयो ? कसो भयो ? भन्ने त उनलाई थाहा भएन । त्यो बच्चालाई थाङ्नामा पोको पारेर पोखरीमा लएर फाले । एउटी रानीले- "यही हो" भनेर राजालाई ढिकीको मुसल फुकालेर दिइन् ।

"ए हे ! सूर्जे र चन्द्रमा भएको बाबु जन्माउनी भनेको त यस्तो पो रहेछ ?" भनेर राजा चिन्तित भए । उता पोखरीमा दिदीले त्यो बच्चालाई स्याहारसुसार गरेर हुर्काउँदै, बढाउँदै थिइन् ।

बच्चा ठुलो हुँदै गयो । "हाम्लाई गाह्रो भयो, अब यो बच्चा त्यही राजकुमारको गोठमा पालेको घोडालाई लएर दिनुपऱ्यो" भनेर कसैले थाहा नपाउने गरी त्यो बच्चा लएर घोडालाई दिए । बच्चा ठुलो हुँदै गएपछि घोडाले घाँसपानी खान गाह्रो भयो । त्यो घोडाले घाँस उकेलेर बच्चालाई पेटमा राख्ने गर्दा घाँस खान छोड्यो ।

"यो घोडाले काम गर्न छोड्यो" भनेर घोडा लखेट्दिए । त्यो घोडा भागेर आर्कै देशका राजाका घर गएर बस्यो ।

"मैले बच्चा लिएर आको छु, यस्तो समस्या परो । अब यो बच्चालाई यही घर गोठालो राख्न परो, म पनि यही गोठमा बस्न परो" भनेर त्यो घोडा र राजकुमार त्यही घर बसे ।

त्यस देशमा राजाका घरमा पाँचओटी छोरी रैछन्, छोराहरू रैनछन् । "मेरा यत्रा छोरीहरू भका घर यस्तो राजकुमार राखेर फेरि के होला ? कसो होला ?" भन्दा भन्दै राजकुमार त्यही घरमा गोठालो बसे । छोरीहरूको उमेर बढ्दै गएपछि "ब्या गर्न परो, कुन देशका राजालाई दिने होला ? ल आफैँ कुरा गर" भनेर राजाले भने । जेठी छोरीले एक ठाम्को, माहिलीले आर्को गर्दै अरू देशका राजा रोजे । कान्छी छोरीले त्यही घर गोठालो बसेको केटालाई रोजी ।

"हुन्न छोरी, यो केटासँग हुँदैन । तिमीले अरू नै रोज । मैले तिमीलाई दुई पटकसम्मलाई छुटकारा दिनेछु" भनेर राजाले भने ।

"हैन बाबा मेरो भाग्य, तक्दिर जे छ, जस्तो छ त्यसैमा मैले सन्तोष गर्नेछु । मलाई त यही केटासँग ब्या गर्दिन परो" भनेर ती राजकुमारीले भनिन् । त्यो पनि राजाको छोरा हो भन्ने त उनीहरूलाई थाही थिएन । हुन त राजकुमार सूर्जे, चन्द्रमा भएकै थियो तर सौतेनी आमाहरूले गर्दा त्यो देखिन पाको थिएन । कान्छी राजकुमारीले त्यही बाबुसँगै बिया गरिन् । एउटा घोडामा त्यो राजकुमारी र अर्को घोडामा राजकुमार भएर आफ्नो राजदरबारमा आए ।

बाबाआमा भएको घरमा आए । "ओहो ! हाम्रो राजकुमार हैन, ढिकीको मुसल हो भन्थे । छओटी रानीहरूले यस्तो बैमान गरेका रहेछन्" भनेर त्यो घरमा छोरा र बुहारी भित्र्याए । अरू छओटी रानीलाई "तिमीहरूले यस्तो बैमानी काम गरेछौ" भनेर धपाएपछि अरू रानी बाहिर भए । राजकुमार, राजकुमारीले सुखसित दिन काटेर बसे ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा वैकुण्ठमा जाला
फेरि भन्ने बेलामा मुखमा आउला ।

स्रोतव्यक्ति - तुलसी अधिकारी
उमेर - ५३ वर्ष
ठेगाना- महाशिला गाउँपालिका - ५, लुङ्खु, पर्वत
सङ्कलन मिति - २०७७ माघ २७ गते

**८. किचकन्या**

मुर्कुट्टा, किचकन्या भन्नी हाम्रै यही ठाम्मा छन्, यी हिँडिरहन्च । किचकन्याको पछाडि अङ्ग हुँदैन, अगाडि चाहिने कति राम्री नक्कली देखिन्च । झलल्ल परेर, लुगाफाटो लाकी, कपाल लर्रक्क पारेकी यस्तो देखिन्च ।

ऊ चाहिने काटेको रुख अथवा घरका टौवाहरू र खामाहरू समातेर पनि बस्च । त्यो देखिन्च र एकैछिनमा बिलाउँच । त्यहाँ मान्छेहरू हेलमेल हुँदा ऊ चकमन्न हुन्च, ऊ देखिँदैन बिलाउँच अनि मान्छेहरू गएपछि निस्केर खेल्च, घुम्च, डुल्च । उसको समयसम्मन् त्यो पूरै खेल्नी र चल्नी गर्च । त्यसपछि आफू कहाँ बस्ने गर्ने गरेको छ, त्यो ठाम्मा गएपछि बिलाउँच । त्यो बिलाएको ठाउँमा बत्ती बलेको हुन्च । बत्ती पनि मरेपछि ऊ अब त्यो दिनलाई छैन । भोलिपल्ट, पर्सिपल्ट उसको कुन दिन छ ? फेरि निस्कन्च र पहिले देखेकै ठाउँमा आम्च र त्यहीँ बस्च । त्यसरी समय समयमा उल्ले रूप परिवर्तन गरेर निस्किन्च । मान्छेको सम्मुख पऱ्यो भने उल्ले मान्छे पनि मार्दिन्च । मान्छे त उत्तिखेरै भुक्लुक्क हुन्च र मरी जान्च । त्यसैले मानिस अलि होसियारी नै गरेर बस्नुपर्च र हिँड्नुपर्च ।

सुन्नीलाई सुनको माला
भन्नीलाई फूलको माला
यो कथा सम्पूर्णलाई फैलिएर जाला ।

स्रोतव्यक्ति - नारायणबहादुर कुमाल
उमेर - ७७ वर्ष
ठेगाना- गोरखा नगरपालिका - ३, घलाङ, गोरखा
सङ्कलन मिति - २०७७ पुस १६ गते

## ९. कुछुब तेरङा

कुछुब तेरङा पाँचओटा देउता हुन्, यी देउता तिब्बतबाट ल्याइएका हुन् । पहिले हाम्रो गाउँमा उर्गेल नुङ्गु पाल्साङ भन्ने एउटा लामा हुनुहुन्थ्यो । उहाँ तिब्बतमा स्याङ्बे गुम्बामा लामाको बारेमा ज्ञान सिक्न जानुभएको थियो । सम्पूर्ण ज्ञान सिकिसकेपछि गुरुले उहाँलाई के भन्नुभयो भने- “तिम्ले मलाई धेरै सेवा गऱ्यौ । मसँग कुछब तेरङा देउता छ, त्यो कुछब तेरङा देउतालाई नेपालमा एउटा ठिनी गाउँ छ, त्यसदेखि उता एउटा ढुम्बा ताल छ, यसको रङ निलो छ, त्यसपछि उता एउटा हात्तीको टाउकाको आकारको डाँडा छ, त्यो डाँडामा एउटा गुम्बा छ,  त्यो गुम्बामा लएर राख्नु है” भन्नुभएको थियो ।

उहाँले जिम्मा पाएपछि त्यो देउता बोकेर आउनुभो । पन्ना खोलाको यतापट्टि पूजा गर्नी बेलामा एउटा काग आएर प्लेटमा राखेको देउता ट्याप्प टिपेर लग्यो । उहाँको मनमा एकदम चिसो पस्यो, “किन हो ? पूजै नभ्याउँदाखेरि यसरी कागले प्लेट टिपेर लानी ? मलाई पो नराम्रो हुनी हो कि को हो ?” उहाँ पूजा भ्याएपछि आउनुभो ।

गुरुले भन्नुभएको गाउँ पनि देख्यो, ताल पनि देख्यो र डाँडा पनि देख्यो, त्यो डाँडोमा पुग्दाखेरि एउटा गुम्बा पनि देख्यो । गुम्बामा पस्नी बेलामा ढोकाको छेउमा कागले टिपेर लगेको प्लेट थियो । त्यो काग ठुलो लामाको औतार रैछ । उहाँ गुम्बाभित्र बस्नुभयो । गाउँका मान्छेलाई पनि बोलाउनुभयो र भन्नुभयो- “यो देउता मेरो गुरुले यहाँसम्म पुऱ्याउन पठाको हो । तपाईंले राम्रोसँग जिम्मा लिनुपऱ्यो” भनेर गाउँलेलाई जिम्मा दिनुभयो । त्यसलाई गाउँलेहरूले राम्रोसँग स्याहारसुसार गरेर राख्नुभयो ।

धेरै वर्षपछि उहाँ गुम्बामा नै बस्नुभयो । उमेर ढल्कदै गएपछि उहाँ तीर्थमा जानुभयो । त्यसपछि तिब्बतबाट पाँच जना लामा आएर “हाम्रो देउता हाम्लाई दिनुपऱ्यो” भनेर गुम्बामा अध्ययन गरेर बसे । उनीहरूले पाँचओटा देउतालाई तिब्बत लाने विचार गरे । देउता लिएर गुम्बाको ढोकाबाट बाहिर निस्कने बेलामा उसको पाइतालै चलेन । ज्यानमा पनि अनेक किसिमको अनौठो र नराम्रो घटना घट्यो । अहिले जुन डाँडामा गुम्बा छ, त्यो गुम्बामा पुग्नी बेलासम्म त उल्लाई एकदम गाह्रो भयो । उल्ले गुम्बा नाघ्नी बित्तिकै हल्का हुँदै गयो अनि माथि मुस्ताङसम्म लग्यो ।

मुस्ताङमा लामाले सोधेच- “हाम्रो पाँचओटा देउता ल्याएको राम्रो भएन, सपना पनि राम्रो देखेन, बाटोमा अनेकअनेक घटना पनि घट्यो । के गर्नी होला गुरु ?”

गुरुले भने- “यो देउता तिमीहरूले तिब्बतमा लान हुँदैन । यो तिमार्ले जहाँबाट ल्यायौ, त्यहीँ फर्काएर लानू” भनेपछि उहाँहरू फर्केर आई देउतालाई यहीँ राख्नुभएछ ।

स्रोतव्यक्ति - हिरालाल थकाली<br>
उमेर - ५२ वर्ष<br>
ठेगाना- घरपझोङ गाउँपालिका - ५, ठिनी, मुस्ताङ<br>
सङ्कलन मिति - २०७७ चैत १५ गते

## १०. खछ्र्यो झोङ दरबार

ल्होमान्थाङ आजभन्दा सात सय वर्षअगाडि निकै पछाडि परेको थियो । त्यो क्षेत्र भएर एक जना व्यक्ति तीर्थाटनको सिलसिलामा लुम्बिनी र भारतमा जाँदै छन् भन्ने कुरा एक वयोवृद्धको सपनामा आयो । ती वयोवृद्धले सपनामा आएको कुरालाई आफ्नो गाउँमा भेला गराएर सबैलाई सुनाए ।

उनले सुनाउने क्रममा भने- "त्यो व्यक्ति निकै ठुलो घरानाको व्यक्ति हुनुपर्छ । त्यो फलानो बारमा मुस्ताङको बाटो हुँदै जानेछ र त्यो व्यक्तिलाई हामीले मुस्ताङमा ल्याउनसक्यौं भने हाम्रो गाउँठाउँको विकास हुन्छ । यो विषयमा हामी के गरौं ?" भनेर सल्लाह गरेपछि "हुन्छ त नि जाऊ" भनेर त्यो व्यक्ति आउने दिनमा सबै जना लेकमा जम्मा भएर बसे । नभन्दै त्यस दिन केही व्यक्तिहरूको साथमा त्यहाँ मान्छे आए । एक जना अलिकति खाइलाग्दो मान्छे थियो । ऊसँग गाउँलेहरूले- "हाम्रो ठाउँ धेरै पछाडि परेको छ । तपाईं हाम्रो ठाउँमा शासकको रूपमा बस्दिनुपर्‍यो । हामीहरूको लागि काम गरिदिनुपर्‍यो" भनी अनुनयविनय गरे ।

उहाँले सुरुमा त मान्नुभएन, "मेरो आफ्नो लक्ष्य छ । म तीर्थाटनका लागि लुम्बिनी र भारतका विभिन्न ठाउँहरूमा जाँदै छु । म यो सकार्न सक्दिनँ" भन्नुभयो तर पछि गाउँलेहरूले ज्यादै नै अनुनयविनय गरेपछि "हुन्छ त नि तपाईंहरूको कुरालाई मैले स्वीकार्छु तर मेरो एउटा सर्त छ । त्यो सर्त तपाईंहरूले मान्नुभयो भने म बस्दिम्ला" भन्ने कुरा गर्नुभयो ।

"ल हुन्छ तपाईंले जुन सर्त राखे पनि हामी मान्छम्" भन्नी कुरा भएपछि उहाँ अहिलेको ल्होमान्थाङमा आएर बस्नुभयो ।

कुराकानीको क्रममा उहाँले भन्नुभयो- "त्यो ढिस्कोमा उपयुक्त र चारैतिर देखिने ठाउँ छ । त्यो ठाउँमा मेरो दरबार तपाईंहरूले बनाइदिनुपर्छ" भन्ने कुरा भएपछि, "हुन्छ ल" भनेर सप्पैले प्रतिबद्धता जाहेर गरे । त्यसरी दरबार बन्न गएको हुनाले नै त्यो दरबारको नाम खछ्र्यो झोङ दरबार रहन गएको हो । 'ख' भनेको मुख, वचन र 'छ्र्यो' भनेको प्रतिबद्धता हो । दरबार दुवैतर्फ वचनबद्ध, प्रतिबद्ध भएर बनेको हुनाले त्यसको नाम 'खछ्र्यो झोङ दरबार' रहन गएको हो । अहिले पनि दरबारको भग्नावशेष त्यो ढिस्कोमा देख्न सकिन्छ ।

सुन्नेलाई सुनको माला
भन्नीलाई फूलको माला
यो कथा वैकुण्ठ जाला
भन्ने बेला मुखमा तात्तातै आउँला ।

स्रोतव्यक्ति - चन्द्रबहादुर थकाली
उमेर - ६८ वर्ष
ठेगाना- घरपझोङ गाउँपालिका - ४, जोमसोम, मुस्ताङ
सङ्कलन मिति - २०७७ चैत १७ गते

## ११. गँगटो

एकादेशमा दुइटा बुढाबुढी थिए रे । उनका परिवार कोही पनि थिएनन् अरे । बुढाबुढी जाल खेल्नी, माछा मार्नी, ल्याउनी, आफ्नो परिवार पाल्नी गर्थे अरे । एक दिन बुढी घर बसिच, बुढा मात्रै गएच जाल खेल्न । जाल खेल्दै हिँड्दा त्यल्ले माछा पाएनछ अरे । जाल खेल्दा गँगटो आएछ अरे । उल्ले देख्दा पनि देखेन त्यो गँगटो परेको । माछा पऱ्यो भनेर सोरेर हाल्दाखेरिमा त्यो गँगटो फुर्लङमा लुकेच अरे ।

घर आर "ए ! बुढी केही भाँडा लेऊ त । मैले आज त धेरै माछा पार्न सकिनँ । थाल लेऊ, म माछा खनाम्चु, थोरै छ घराँ खानी" भनेच अरे । भुइँमा खनाम्दाखेरि बुढाले नदेख्नी गरेर खर्रर गँगटो दौडेर जाँताभित्र पसेच अरे । बुढीले आर्का घरबाट कनिका ल्याउनी, धान कुट्न जानी, केही तिहुन तरकारीहरू ल्याउनी गर्थी अरे ।

एक दिन, "खिर्चो खानपऱ्यो बुढी दाल पिस् त" भनेच अरे बुढोले अनि जाताँमा दाल पिस्न गइच अनि त आफैँ खररर जाँतो हिँड्यो अरे ।

"ममी, आमा मलाई त नमार्नुस् है" भनेच अरे गँगटाले । "तपाईंलाई पाल्चु । तपाईंका छोराछोरी छैनन् । म त तपाईंको छोरा हो, तपाईंलाई पाल्चु है । तपाईंलाई पाल्न आको हो" भनेच अरे गँगटाले जाँताभित्रबाट अनि बुढी डराइच अरे ।

"बुढो बुढो, हाम्रा छोरा नि छैन, छोरी नि छैन । मलाई त आमा ! म तपाईंलाई पाल्चु । तपाईंको हलो जोत्छु । तपाईंको काम गर्छु । तपाईंलाई पाल्छु" भनेछ । कल्ले रैछ र बुढो जाँतो कराछ" भनिच अनि बुढो आएछ अरे ।

"फेरि हाम्लाई केही हुनी हो कि बुढी हामी दुइटाले जाँतो उठाएर हेरम्न त के रैछ ?"

"जाँतो त भत्काउनी हैन बुढो । फेरि जाँतो चलाम्न त के भन्दो रैच" दुइटाले गर हाँतो यसरी चलाउन खोज्दाखेरि "बुबा मलाई नमार्नुस् है ! हजुरलाई पाल्न आको हुम्" भनेछ अरे । त्याँट बुढाबुढी भर जाँतो उठाम्दाखेरि त गँगटो खुर्ररर भित्र पसेच अरे ।

"बा, आमा म भोलिदेखि हलो जोत्न जान्चु" भनेच । बाँझो जोत्नी जेठको बेलामा बुढाले हलो र जुवा खेताँ लैदिएच ।

आमाले "बाबु तिमी त स्यानै छौ कसरी जान्चौ र हलो जोत्न ?" भनिचन् । आमाले खाजा लिएर जानुभएच अरे ! बाउचाहिँ घर आएच अरे ! खेताँ अरू मान्छेहरूले जोत्याछन् । उल्ले सियाभित्र, माटाभित्र बसेर गोरु धपाएछ- "हैट, हो र फर्की" भनेच अरे ।

"ओहो ! फलानाका खेताँ त कोही पनि छैनन् । कसले हलो जोत्या छ, गोरु खरर हिँड्या छन्" सप्पै आचन् तर मान्छे देखेका छैनन् । बेलकी भएपछि बाउले हलो, जुवा लिएर आएच । ऊ चाहिँ खररर पछि घर आएच अरे । आमाले खाना पकाएचन्, खाएचन् अरे ।

"बाबु, तिमी कहाँबाट आइकी हौ ?, को हौ ?" भन्दा "हजुरकै छोरा हुम् नि म । खोलाबाट, समुद्रबाट आको हुम् । तपाईंहरूलाई पाल्न आको हुम् । मलाई नमार्नुस्, म ठुलो बन्चु" भनेच अरे ! बाउआमा त खुसी भए नि, गँगटो हलो जोत्न पनि गछ । आजभन्दा भोलि, भोलिभन्दा पर्सि ती दुःखी

आलिआलि (अलिअलि) धनी हुँदै गएचन् अरे । खान पुग्यो अनि अर्काको ढिकी कुट्नी गरेर सिस्नो र फाँडो पकार खान्ते अरे । त्यो गँगटो आएपछि धनी भएचन् अरे ।

फेरि भोलिपल्ट, “बा म हलो जोत्न जान्छु । तपाईं घरै बस्नुस्” भनेच अरे । फेरि बाउले हलो, जुवा लैदिएच अरे । उसैले जोत्यो, बेलुकी घर थाकेर आयो ।

भोलिपल्ट आमाले रुमालाँ पोको पारेर खाजा लिएर गइचन् अरे । खाजा लिएर जाँदाखेरि गोरु फर्काछ, यस्तो गऱ्याछ- “गँगटो मेरो छोरो हो भनेर गाउँमा कोहीलाई पनि नभन्नुस् है ममी” भनेर भनेच अरे । त्यसो गर्दागर्दै पाँच, छ महिना बित्यो ।

ऊ ठुलो भयो अनि, “आमाबा, अब मलाई केटी माग्नी, बिया गर्नी हो” भनेच अरे ।

“तिमी यस्तो गँगटा छौ । तिम्लाई कल्ले छोरी दिन्च र बाबु ? तिमी हिँड्न सक्दैनौ, डुल्न सक्दैनौ । तिम्रो यस्तो हातखुट्टा छ । सप्पैले हिस्सी, हेलाँ गर्लान्” भन्दा “हैन मेरो बिया गर्नी हो । तपाईंहरू समान तयार गर्नुस् । केही गर्न पर्दैन बाआमाले हुन्च मात्रै भन्नुस् । मेरो बिया गर्नी हो” भनेच अरे । बाउआमा खुसी भएचन् । गँगटो छोरो घर आएसी धनी भछन् अरे ।

“राजाकी छोरी माग्न जानी हो । राजाका सातओटी छोरीमा कान्छी छोरी माग्नी हो” भनेच अरे ।

“लौ हुन्च त नि जाम्” भनेचन् । बाउआमा र ऊ भएर गएचन् अरे ।

“लौ मलाई हजुरकी कान्छी छोरी दिनुस्” भनेच अरे । छओटी दिदीबहिनीले “यस्ता जाबा गँगटाले एउटै लगनमा ब्या गर्नी” भनेर हिस्सी, हेलाँ गरेचन् ।

“बाबु, छोरी तिम्लाई गँगटाका बाउआमा माग्न आछन् । गँगटो यस्तो छ, तिम्लाई दिनी कि के गर्नी ?” भनेर बाउआमाले सोधेचन् अरे ।

छोरीले- “मेरा बाआमाले जस्तालाई दिन्चन् त्यस्तैका अघि लार जान्चु” भनिचन् ।

छोरीले त्यति भनेसी त दिनैपऱ्यो अनि त्याँट “लौ त नि” भनेचन् अरे । ए ! छओटी छोरी, सुन, चाँदी हिरा, मोती लाछन् । धनीधनी घर परेका छन् । हात्ती, घोडा, लावा, लस्कर, पञ्चेबाजा बजार ( बजाएर), लिएर गँगटालाई घोडामाथि चढार, बाआमालाई डोलीमा हालेर लिएर गएचन् अरे ।

ब्या लिएर जाँदा त राजाले- “म दिन्नँ छोरी, गँगटालाई नि के छोरी दिनी ? मेरी छोरीले भोलि दुःख पाउँछे” भनेछन् अरे । त्याँटी उनको पालो राजाका घरका पानीका धारा, सुनका धारा सबै सुकाइदिएच अरे । ब्या भोज छ नि त । ऊ त गँगटो, पानीका धारा त च्यापचुप सुकाइदिनी अनि कहीँ धमिलो निकाल्दिनी गरेच । यता भतेर रोकियो ।

राजाले भन्नुभएछ- “कहाँ के हो ? लौ कल्ले कहाँ के गरेको छ भन त ?” भनेचन् अरे ।

पाले, पहरेहरू पानी लिन जाँदा, “यस्तोयस्तो भछ । खै केही गरे पनि पानी आउन्न, सङ्लो पानी आउन्न” भनेचन् अरे ।

राजा आफैँ जानुभएच- “लौ तिमी को छौ ? तिमीले साँचो कुरो बताऊ । हैन भने म श्राप दिन्चु” भन्नुभएच अरे ।

"मैले भनेको कुरो मान्नी कि नमान्नी ?"

"मान्नी ।"

"तपाईंकी कान्छी छोरी दिनी कि नदिनी ?"

"दिनी ।"

वाचाकबोलमा राजा हार्नुभो । "मैले भनेको मान्नी कि नमान्नी ? एक तोली वाचा, दुई तोली वाचा, तीन तोली वाचा, चार तोली वाचा, पाँच तोली वाचा, सात वाचा" राजा वाचा बन्धनमा हार्नुभो अनि गँगटोलाई राजाकी कान्छी छोरी दिनुभो । बाजा बजार (बजाएर) लिएर आए । बुहारी घर लिएर आएसी बाआमा नि खुसी भए । धनी भछन्, गँगटो छोरो घर आएसी जे खान्चु भने पनि पुगेको छ । राति गँगटाका बुढाबुढी एकै ठाममा सुत्या छन् अरे । राति बाह्र बजे गँगटो त्यो खोल बिचबाट खोलिएर मान्छे भर निक्ले अरे । ठ्याक्क खोल फुटेर माझबाट मान्छे निक्लेर मुरली बजाउनी अरे । राम्रोसँग मुरली फिरार बजाउनी अरे अनि रातिमा मान्छे बन्नी दिनाँ गँगटो बन्नी । बुढीले याद गर्दै गइछन् अरे ।

एक दिन त "दिउँसाँ मेरो बुढो गँगटो बन्नुहुन्च । रातिआँ यस्तो बन्नुहुन्च । मैले देख्दा गँगटै हुन्च । के रैच त ? एक दिन निदाएजस्तो गर्चु र चियो गर्चु" भनिचन् अरे बुढीले । त्याँट राति बाह्र, एक बजे फिरिरिरी मुरली फिरार बजाका बेलामा उनले च्याप्पै समातिछन् ।

"मलाई नसमात, मलाई समात्न हुन्न । म श्रापमा परेर यस्तो भको हुम् । तिमीले म ठ्याक्क निक्लिएको बेलामा गोपीबाँसको मुरली बुझ्रो लगार त्यल्ले ठ्याक्क दुईपट्टि मेरो अन्तरमा हान्देऊ । म मान्छे हुन्चु" भनेछन् अरे । दुई, चार रात बित्यो अनि त्याँट उनी त्यस्तो भका बेलामा गोपीबाँसको मुरली ल्यार ठ्याक्क हान्दिचन् अरे । उनको बुढो त मान्छे भए । मान्छे भएपछि बुढाबुढी भएचन् अरे । त्याँट आलि (अलि) दिनपछि ससुराली जानी भनेचन् अरे । अब छओटी दिदीबहिनी त दुःखै दुःखका भए । सर्म पाए नि त उनलाई हिस्सी, हेलाँ गरेको । बहिनी त धनी भइन् ।

"लौ अब बहिनीलाई ल्याउनी हो, सुत्केरी मानो खान" गँगटाकी बुढीले छोरा पाइचन् ।

"बहिनीलाई ल्याउनी हो, सुत्केरी मानो खान" भनेर दिदी माइत गइचन् अरे । जेठी दिदीले बच्चालाई स्यार र नुवाइधुवाई गर्नी गरिचन् अरे ।

"बहिनी पुऱ्याउन जानुपऱ्यो" भनिचन् अरे जेठी दिदीले । जेठी दिदीले बहिनी पुऱ्याउन जाँदाखेरि नुवाइधुवाइ गरिन् । बहिनीका गहना मागेर लाइचन् । बच्चा दिदीले बोकेकी छन् । बहिनी अघिअघि दिदी पछिपछि बच्चा बोकेर गएपछि साँघुको बिच बाटाँ गसी साँघुबाट बहिनीलाई धकेल्दिइच रे । दिदीले बहिनीलाई धकाल्दिएर आफू बहिनी बनेर बच्चा लिएर घर गइच अरे । आफ्नी बुढीले पकाको कस्तो ? आफ्नी बुढीको शीलस्वभाव कस्तो ? थाहा पाम्चन् नि त बुढाले, बच्चा च्या, च्या रोछ अरे । "दुध खुवाउन" भन्दा "खुवाइराकी छु" भन्छिन् अरे । खान्की पनि मिल्या छैन अरे ।

त्याँटी "आज यस्तो खाना यस्तो भछ" भन्चे अरे । ऊ त जेठीसासू भई ।

बहिनी सप्पै सुतेका बेला आउनी अरे मान्छे बनेर- "नरोए बालबच्चा हो, म आछु" भन्दै ऊ मान्छे बनेर राति बाह्र बजे आउनी रे । बुढालाई खान्की बनार सिरानी मास्तिर राख्दिनी अरे । सप्पै

वस्तुभाउलाई घाँस, पराल हाल्नी, हात्ती, घोडा, लावालस्कर जम्मैलाई खान दिएर अनि बच्चालाई दुध खुवाएर उजेलो हुने बेला जाँदिरचिन् अरे । त्यति गर्दागर्दै बुढाले पनि शङ्का गरेचन् अरे ।

"ओहो ! मेरी बुढीको रूप, रङ्ग किन बिग्रिएको छ ? खान्की पनि धेरै फरक परेको छ ? मेरो बच्चा यस्तो थियो यस्तो भछ ? के भछ र यस्तो भछ मेरो घरमा ? धेरै फरक परेको छ" भनेर बुढाले विचार गरेछ । एक दिन त चियो गर्छु भन्दा त आफ्नो बुढी राति सर्लक्क आउनी, रोको बच्चालाई दुध खुवाउनी, सुताउनी, वस्तुहरूलाई पनि थन्कोथर गर्नी, बुढालाई के खान्च ? बनाम्नी गरेर जाँदिरचिन् अरे । चियो गरेर लुकेर पाखुरामा समातेछन् अरे ।

च्याप्प पाखुराँ समाम्दा, "हल पापी नसमात मलाई" भनेर भनिचन् ।

"किन ? को होस् तँ ?" भनेर सोध्दा "म हजुरको श्रीमती हो । मेरो धन सम्पत्तिले लोभिएर दिदीले घरमा पुऱ्याउन जान्चु भनेर बाटा बिचाँ गर खोलाँ धकेलेर मारेकी हो" भनिच ।

श्रीमतीले त्यसो भन्दाखेरि- "अब तिम्लाई के गर्नी ? कसो गर्नी हो ?" भनेच अरे ।

श्रीमतीले भनिच- "मलाई बचाउनी भए समुद्रमा आउनू अनि खरानीको डल्ला बनाउनू । त्याँटी सातओटा तीर बनाम्नू र पाँचओटा घैंटी बनाम्नू । पाँचओटै रुद्राक्षका गेडाका माला बनाम्नू । पाँचओटै रिठ्ठाका माला बनाम्नू र त्यसलाई कम्मरमा लाउनू । नौओटा भिन्जा माला बनाउनू र कम्मरमै लाउनू । त्यहाँ तीनटा भेडाका सिङ कम्मरमा बाँधेर सबभन्दा पहिला राक्षसको राजा निस्किन्छ । मास, खरानी बेसार मोलेर राजालाई फालिदिनू । त्यसका आँखामा खरानीका डल्ला फालिदिनू, त्यसपछि म निस्किन्छु । मलाई च्याप्पै समाउनू तर अरूलाई खरानी फालिदिनू । ती घन्टी र मालाले भाग्चन् त्यहाँबाट म मान्छे बन्चु" भनिचन् अरे । त्यसै गरेचन् अनि मान्छे बनेर घर लिएर आचन् ।

जेठी दिदीलाई चाहिँ, "अब धर्मको दिदी तिमी भयौ । पापको बहिनी म भएँ । मार्न मैले सकिनँ, आधी सम्पत्ति दिन्चु । तिम्रो घराँ गर खाऊ" भनेर भनिचन् अरे ।

सुन्नीलाई सुनको माला
भन्नीलाई फूलको माला
यो कथा वैकुण्ठ जाला
भन्नी बेला खुरखुरु आउला ।

स्रोतव्यक्ति - शान्तिमाया गायक
उमेर - ५९ वर्ष
ठेगाना- पोखरा महानगरपालिका - ३२, गगनगौँडा, कास्की
सङ्कलन मिति - २०७५ मंसिर २६ गते

## १२. गरिब

एकादेशमा एक जना साह्रै गरिब मान्छे बस्थे । उनलाई समाजले पनि हेला गर्नी । तिनको सम्पत्ति र परिवार कोही पनि थिएनन् । उनलाई विरक्त लायो- "म त मोर्चु" भनेर उनी एउटा जङ्गलको भीरमा गएर हाम्फाल्न खोजेका थिए । त्यतिबेला एउटा देवदूत उत्पत्ति हुनुभयो ।

"के गर्ने खोजेको ?" भनेर सोध्नुभयो ।

"के गर्नी हजुर, म त मोर्न खोजेको हो । म त हामफालेर मोर्न खोजेको हो ।"

"किन मोर्चस् तँ ?" भनेर सोध्नुभयो ।

"मेरो परिवार छैन, सम्पत्ति छैन, पृथ्वीमा मेरो कोही पनि छैन, म के खाएर बाँच्नु ? म त मोर्चु ।" भनेर त्यो मोर्न खोज्नी मान्छेले देवदूतसँग प्रश्न गरे ।

"हैन म तिमीलाई उपाय बताइदिन्छु, तिमी त्यो उपाय गर । तिमी धनी हुनेछौ" भनेर देवदूतले सिकाइदिए ।

"के गर्नी त ?" भन्दा "तिमी गाउँमा गएर बस । गाउँमा बसेपछि बिरामीहरू भएको ठाउँमा जाऊ र गोडातिर गएर बस । बस्दाखेरि तिमीले काललाई देख्नेछौ । गोडातिर काल रच भने यो बिरामी बाँच्च भन । यसो मिचेर तिम्रो मयल खुवाइदेऊ, बाँच्च । टाउकातिर काललाई देख्यौ भने मोर्च भन्देऊ, जाऊ । तिमीलाई गाउँले सबैले विश्वास गर्छन् । प्रशस्त धनी हुन्छौ जाऊ" भनेर उत्तर दिए । त्यहीअनुसार ऊ गाउँमा आएर बस्यो । नभन्दै उल्ले करोडौँ रुपियाँ कमायो । ठुलो परिवारको केटीसँग विवाह भयो । छोरा, नाति भए, ऊ सम्पन्न भो । जहाँ जाँदा पनि घोडा चढेर हिँड्नी भयो ।

एक दिन मोर्न त सबैले पर्छ, काल फेरि आयो- "ल तिमी आजभन्दा पचास वर्ष पहिले मोर्न खोजेका थियौ । तिम्रो आयु सकिएको थिएन । अब तिम्रो आयु सकियो । भोलि ठिक बाह्र बजे म यहाँ लिन आउँचु" भनेर कालले भन्दियो अनि उनी काललाई छल्न त्यस ठाउँबाट भागे । जाँदै थिए, धेरै टाढा पुगेका थिए । कालले भोलि बाह्र बजे भनेर समय तोकेको थियो । उनी बाह्र बजे जहाँ पुगेका थिए, त्यही काल आइपुग्यो ।

"ए ! म त तिमीलाई लिन आको, तिमी त यहीँ आइपुगेछौ" भनेर त्यहीँबाट लान्थ्यो अरे । बुढापाकाले भन्थे- "प्रारब्धमा भएको कुरो जसरी पनि भोग्नपर्च ।"

सुन्नेलाई सुनको माला  
भन्नेलाई फूलको माला  
यो कथा वैकुण्ठै जाला  
मलाई चाहिएको बेला खुरुखुरु आउला ।

स्रोतव्यक्ति - ईश्वरीनाथ रिमाल  
उमेर - ७० वर्ष  
ठेगाना- गैँडाकोट नगरपालिका - ४, झपर्दी, नवलपुर  
सङ्कलन मिति - २०७७ फागुन १५ गते

## १३. गोरखनाथ

गुरु गोरखनाथ वनकालीमा तपस्यामा हुनुहुन्थ्यो । तपस्यामा बस्दाखेरि उहाँले नागहरूलाई खिचेर राख्नुहुन्थ्यो । एउटा भनाइ के छ भने 'नागहरू खुसी भए भने पानी पर्छ । नागहरू बेखुस भए भने पानी पर्दैन' भन्ने कथन थियो । धेरै वर्ष भ्याली (उपत्यका) मा पानी नपरेपछि, "यसको कारण के हो ?" भनेर त्यहाँका राजाहरूले आफ्ना पुरोहित गुभाजुहरूलाई हेराउँदाखेरि, "वनकालीमा गोरखनाथ सिद्धको रूपमा नागहरूलाई खिचेर ध्यानमा हुनुहुन्च । त्यो ध्यान भङ्ग गराएर नागहरू बाहिर आए भने पानी पर्न सक्छ ।"

"त्यसको लागि के गर्न सकिन्च ?"

"त्यसको गुरु मच्छेन्द्रनाथ हो । कामरुकामाख्याबाट मच्छेन्द्रनाथ ल्याइसकेपछि उनलाई देखेपसी त शिष्य उठ्नपर्च अनि उहाँको तपस्या भङ्ग हुन्च र नागहरू बाहिर आउँचन् अनि पानी पर्च" भने गुभाजुहरूले । त्यो तरिका बताइदिइसकेपछि त्यहीअनुसार मल्ल राजाहरूले काम गरे ।

गुरु देख्नासाथ गोरखनाथ उठ्नुभो अनि पानी पऱ्यो । पानी परिसकेपछि भ्यालीको एउटा समस्या हल भयो । त्यहाँ षड्यन्त्रपूर्वक गोरखनाथलाई उठाएको कारणले गर्दाखेरि गोरखनाथ गोरखामा आएर बस्नुभयो ।

"कुनै पनि तरिकाले मल्ल राजालाई हराउनुपर्छ" भनेर सिद्ध गुरु गोरखनाथले पृथ्वीनारायण शाहलाई वरदान दिएर भ्याली कब्जा गरेको इतिहासबाट प्राप्त गर्न सक्चौं ।

स्रोतव्यक्ति - पुरुषोत्तम अर्याल
उमेर - ६३ वर्ष
ठेगाना- गोरखा नगरपालिका - ६, दरबारमार्ग, गोरखा
सङ्कलन मिति - २०७७ पुस १३ गते

### १४. ज्ञान

एकादेशमा एउटा अति नै गरिब परिवार रैछ । उनीहरूलाई बिहान बेलुकाको छाक टार्न पनि धौधौ पर्दो रैछ । समय बित्दै जाँदा बच्चा पैदा हुने समय आयो । बाउले आफ्नो कार्य गर्ने र ल्याएर घरपरिवार चलाउने काम भैराखेको थियो । त्यसै बेलामा बच्चा पैदा भयो । हाम्रो संस्कारमा पञ्चाङ्गअनुसार कस्तो मूल वा औंसी, चतुदर्शी पऱ्यो कि ? भनेर हेर्ने चलन छ । उहाँ बाउ अलिकति ज्योतिष पढे, लेखेको, जानेको हुनुहुँदो रैछ । उहाँले आफ्नो छोरा कस्तो नक्षत्र र ग्रहमा पऱ्यो ? भनेर हेर्नुभयो । छोरो त आफैँ बाउको मूल भएर जन्मेको रहेछ । त्यो देखेपछि बाउलाई लाग्यो- "छोरो मेरो मूल पऱ्यो अब मचाहिँ मर्छु" भनेर चटक्क नवोदित बच्चा र सुत्केरी श्रीमतीलाई छोडेर, घर छोडेर हिँड्नुभयो ।

त्यो अवस्थामा छरछिमेकीले सहयोग गरेर सुत्केरी अस्कनुभयो । दिन बित्दै गए, छोरा दिनदिनै बढ्दै गयो । छ महिना बित्यो, वर्ष दिन बित्यो त्यसरी नै दुई, चार वर्ष बित्यो । दिन बित्दै जाँदा उहाँले आफ्नो छोरालाई नजिकको गुरुकुल अथवा सानो स्कुलमा पढ्न पठाउनुभयो । पढ्न जाँदा सबैले- "तिम्रो बाउ खै त ? बाउ नभएको टुहुरो" भन्न थाले ।

उसलाई एक दिन मनमा एकदम गहिरो चोट लाग्यो । उसले आफ्नी आमासँग गएर सोध्यो, आमाले के भन्नुभयो- "तिमी बाबाको मूल परेको भएर बाबा घर छोडेर जानुभयो" यस कुराले छोरालाई मनमा चोट पऱ्यो ।

"किन म कसरी मूल परेँ र ? म जन्मेपछि बाबा घर छोडेर जानुभयो" यही विषयमा म अध्ययन गर्छु भनेर छोराले अध्ययन गर्दै जाँदा एकदमै विज्ञ भयो । ठुलो भइसकेपछि उसले भन्यो- "आमा म अब बाबालाई खोज्न जान्छु" छोरो बाउ खोज्न हिँड्यो । हिँड्दै जाँदा कयौँ दिन बिते, वनमा, पाटीमा बस्दैबस्दै, सोध्दैसोध्दै गयो ।

एक दिनको कुरा हो, एकदम बादल लागेर पानी पर्न आँटेको थियो । त्यस्तै बिचमा अचानक बाटोमा बटुवा त्यो बाबुसँग भेटियो, दुइटा कुरा गर्दै गए ।

"कहाँबाट आको बाबु ?" भन्दा "फलानो ठाउँबाट" आएको हो । बेसरी पानी पर्न थाल्यो । एकदम चट्याङ पर्न थाल्यो अनि उनीहरू एउटा पिपलको रुखमुनि बस्न पुगे ।

बाउले- "चट्याङ पर्छ यहाँ, कता बस्नी ?" भनेर भने । उनीहरू त बाउ, छोरा पो रहेछन् तर चिनिएका थिएनन् ।

छोराले भन्यो- "यो हाँगाको यतापट्टि बस्नुपर्छ । त्यतापट्टि चट्याङ पर्छ, यतापट्टि पर्दैन । यताको साइडमा बसम्" भनेर छोराले भन्यो । उनीहरू जता चट्याङ नपर्ने भनिएको छ त्यतैतिर छेकिएर बसे । पानी पऱ्यो, छोराले जुन हाँगामा पर्छ भनेको थियो त्यही हाँगामा चट्याङ पऱ्यो । बाउले, "बुटामा पर्छ" भनेका थिए तर छोराले हाँगोसमेत बताइदियो । पानी बिदो भयो, अब आफ्नोआफ्नो बाटो लाग्नुपऱ्यो । बाटो लाग्ने बेलामा बल्ल उनीहरूको परिचय भयो ।

"कहाँबाट आएका हौ ? को हौ तिमी ? म भन्दा पनि विज्ञ रहेछौँ त" भनेर बाउले भने ।

"म बाउको मूल परेको भएर बाउले नवसुत्केरी आमालाई छोडेर हिँड्नुभएको बिस,  एकाइस वर्ष भयो । म मेरो पितालाई खोज्दै हिँडेको हुम्" भन्यो ।

"म फलानो गाउँ, फलानो एरिया, फलानो वाडबाट आएको हुम्" भनेपछि बाउले भने- "म नै हुम् तिम्रो बाउ ।" बाउले कुरा खोलिसकेपछि बाउ, छोरा रोए, कराए र अङ्कमाल गरी त्यसपछि घर आएका थिए । बाउलाई मूलको ज्ञान थियो तर, "कति पिर्ने हो ? के हो ?" भन्ने थाहा थिएन । बाउले "बुट्टो" भनेका थिए । छोराले "हाँगो" भनेर पत्ता लगाइदिए । ज्ञान सबैमा हुन्छ, त्यसमा जति गहिराइमा जान सक्यो त्यो नै सर्वविदित हुन्छ ।

भन्नेलाई फूलको माला<br>
सुन्नेलाई सुनको माला<br>
यो कथा वैकुण्ठ जाला<br>
भन्ने बेलामा खुरुखुरु आइजाला ।

स्रोतव्यक्ति - मीना पौडेल<br>
उमेर - ४२ वर्ष<br>
ठेगाना-  अर्जुनचौपारी गाउँपालिका - १, ढाँडा, स्याङ्जा<br>
सङ्कलन मिति - २०७७ असार ११ गते

## १५. ज्ञानी बाघ

एकादेशमा एउटा बाघ रच त्यो कस्तो रच भने असाध्यै ज्ञानी, रिस उठायो भने एकदम बैमानी । त्यो रातभरि सिकार खेल्ने, दिनभरि जङ्गलमा लुकेर नबस्नी । जहाँ बढी मान्छे आम्चन् त्यही बस्नी गर्थ्यो अरे । त्यस्तो गर्दा एक दिन त्यसका अगाडि सिकारी आएचन् ।

"लौ यहाँ त बाघ सुत्यो रच । अब यसलाई चाहिने मार्नपऱ्यो" भनेचन् । त्यसपछि उल्लेचाहिँ ज्यान फुलाएर पर्वतजस्तो देखिएच । उनीहरूले टोटा सोझ्याएको पनि हान्न सकेनचन् । लौ भनेर गुवाहर्गुर गरेर बाहिर दगुरेचन्, फाकटमा निस्के ।

"ह्याँ त जङ्गलमा बाटैमा बाघ छ, हाम्ले हिर्काउन सकेनौं । एउटा मत्रै टोटा छ" भनेर भनेचन् । यताउता गुहार मागेचन् अनि त्याँट सब गएचन् ।

सबै जाँदाखेरिमा त्यो बाघ जहाँ थियो, पहिला त्यही बसेच, ऊ डराएर भागेनच । उल्ले भनेच- "म साधु बाघ हुम्, मैले कसैलाई केही अर्दिनँ । मलाई मार्न खोज्यौ भने तिमीहरू रहँदैनौ । मलाई नमार, म तिमोरूका आँगना गर सुत भने पनि सुत्छु । म त्यस्तो हुँ, मेरो स्वरूप देखाइदिऊँ भने तिमोरु यसै अतालिन्छौ । त्यसो भकाले मलाई नमार । मलाई यसै छोडिदेऊ" भनेच ।

"ओहो ! बाघ पनि यस्तो ज्ञानी हुँदो रच" त्यहाँ जति मान्छे गका थिए तिनीहरू एकदम शिक्षित भएचन् ।

"मान्छे पटमूर्ख नभईकन सिकार खेल्न हिन्दैन । आजदेखि मैले अब यो टोटासोटा चलाउनी अर्नी केही अर्दिनँ । मैले मासु पनि खान्नँ । प्राणी भनेको यस्तो पनि हुँदो रच । बाघ साधु पनि हुँदो रच" भनेर सप्पैले ताली लार बाघलाई अबिर जात्रा गरेर छोडेर आम्ते अरे ।

सुन्नीलाई सुनको माला
भन्नीलाई फूलको माला
यो कथा वैकुण्ठै जाला
भन्नी बेलाँ तुरुन्तै यहीँ आउला ।

स्रोतव्यक्ति - कृष्णप्रसाद अर्याल
उमेर - ७७ वर्ष
ठेगाना - पुतलीबजार नगरपालिका - १० नारानगढ, स्याङ्जा
सङ्कलन मिति - २०७७ असार ०७ गते

**१६. टीका**

पहिला हिमालय पर्वततिर बिया गरेको उतापट्टि सम्धी नाता पऱ्यो । दसैँमा टीका लाउन भनेर यताबाट सम्धी गाको । वहाँबाट पनि सम्धी फेरि मधेसतिर झरेको रैछ । हिँन्दै यताको सम्धी उता गए, उताको सम्धी यता आम्दाखेरि बिचमा भेट भो ।

"ओहो ! सम्धी नमस्कार । आबो म त दसैँको टीका लिन आको हो । हजुर त बाटोमा भेटियो, अब कसो गरूँ ? के गरूँ ?" भन्दाखेरि "हुन्च सम्धी, हाम्रो गुरुङ जात तसीको तमु आतेखेतो तमु" भनेर सम्धीले भनेचन् ।

"आबो के गरम् त ? म मधेसतिर झरेँ, तपाईं पनि यता आउनुभैच । आबो हामीचाहिँ के गरुम् त भन्दाखेरि यही हिउँ, बरफ टिपेर पालोपालो टीका लाम् । यही नै हाम्रो टीका मानम्" भनेर बरफ टिपेर सम्धीले सम्धीलाई लाइदियो । आर्को सम्धीले पनि सम्धीलाई लाइदिएर टीकाटालो भयो रे । त्यसै दिनबाट गुरुङ जाति सबैले सेतो टीका चलाएको हो रे । अहिले पनि तमुहरूले सेतो टीका नै लगाउँछन् । गुरुङले मात्र हैन पूर्व युगमा सबैले सेतो टीका नै प्रयोग गरेको सुनिन्छ ।

सुन्नेलाई सुनको माला
भन्ने बेलामा सरासर आउला
वैकुण्ठ जाला ।

स्रोतव्यक्ति - टेकबहादुर गुरुङ
उमेर - ७२ वर्ष
ठेगाना- गैँडाकोट नगरपालिका - ४, खयरटारी, नवलपुर
सङ्कलन मिति - २०७७ फागुन १५ गते

## १७. डुङ्गा

अघि चाहिने नदीनालामा डुङ्गामा तर्न पर्नी । डुङ्गा कसरी बनाउनी ? के गरी बनाउनी ? कल्ले बनाउनी ? भन्दाखेरिमा एउटा बुढो भेटिएच अरे । त्यो बुढोलाई गएर सोधेच अरे- “यो डुङ्गा भन्नी जात कसरी बनाउनी ? के गर्नी ? के बाट बन्च ?” भनेर सोधेचन् अरे ।

त्यो बुढोले भनेच अरे- “हेर बाबु हो ! हुगी काठको डुङ्गे र मनचिन्ते काठको बहना भन्नी तिर्मोले चिन्या छौ ?”

“चिन्या छैन ।”

“हुगी काठको डुङ्गा र मनचिन्ते काठको बहना बनाउनुपर्च अनि मात्रै हुन्च, लौ जाओ” भनेर वन पठाइदियो ।

“त्यस्तो रुख कहाँ पाउनी ?” वनजङ्गल घुम्दा घुम्दा त्यस्तो रुख फेला पार्न सकेनन् र फेरि त्यही बुढो भका ठाम्मा आएचन् अरे ।

“हैन हाम्ले त त्यस्तो फेला पार्नै सकेनम् ।”

“थुइक्क ! मोरा हो, तिमोरू कस्तो भुत्ते भाको । म देखाइदिन्चु, हेरि ! त्यो ठुलो सिमलको रुख हो । त्यो काटेर त्यसको डुङ्गा बनाऊ । त्यसको टुप्पाको बहना बनाऊ” भनेर भन्दिएच ।

“कसरी बनाउनी ? ल हजुर नै जानुपऱ्यो । नत्र त हाम्लाई त मारिहाल्च नि ।”

“ला तिमोरू नै मोर्चऊ भने म जाइदिम्ला नि” बुढो गइदिएच रे ।

“हेरि यही रुख हो काट र यसको यति हातको बनाउनी भनेर अड्कल गर अनि यो भित्र खोल, त्यहाँ चाहिने मान्छे बस्नी हुन्च । यसको टुप्पाको बहना त्यो पनिम्जस्तो बनाऊ र यो तिमी लिएर जाऊ ।”

“बनाउन त हामी बनाउँचौं । यस्तो काठ हामी कसरी लान सक्चम् त ?”

“लौ त्यो बनाओ मत्रै अनि मलाई बोलाओ” भनेच बुढोले । त्यहाँबाट त्यो बनाए, बनाइसकेपछि बोलाउन आए, उही गएच अरे ।

“ल तिमोरूले चाहिँ राजालाई खबर गर अनि मत्रै म यहाँबाट डुङ्गा चलाइदिन्छु, नत्र म सक्दिनँ” भनेर भनेच । अनि राजाले खबर गरे, “लौ जल्ले लिएर आम्न सक्च, म त्यसलाई चाहिने एउटा बिर्तै दिन्चु ।”

त्यहाँबाट त्यसले- “हुगी काठको डुङ्गे र मनचिन्ते काठको बहना डाँडाडाँडै सलल्ल नदीमा जाला” भनेको थियो, डुङ्गा सलल डाँडामा एकैपटक गैदियो । लर नदीमा स्वाप्प हालेर राजा भा ठाम्मा पुऱ्याइदियो सप्पैलाई । काम गर्निसर्नी सप्पैलाई सलल पुऱ्याइदियो ।

“ल हाम्ले ल्याएम् । त्यो मान्छे कस्तो छ त ? त्यो ह्वाइँ छ” भनेपछि, “लौ म नि जान्चु” भनेर गएचन् ।

"लौ यिनीहरूलाई आपत ला रैच । डुङ्गा मैले बनाइदिएको हो, मैले सिखाइदिएको हो" भनेर भनेच ।

तिनलाई चाहिने "फलानो ठाम्को बिर्ता" (बिर्ता भन्ने ठाउँ गोरखा, चोरकाटेको पुच्छरमा अहिले पनि छ) भनेर पठाएदिए । उसले पाउनीसम्म पुरस्कारहरू दिए । ऊ चाहिने घर आयो ।

यो कथा सबै ठाम्मा चलिराखेको पनि छ । नदीमा घुमी राखेको नि छ ।

सुन्नीलाई सुनको माला
भन्नीलाई फूलको माला
यो सप्पैतिर चलेर जाला ।

स्रोतव्यक्ति - नारायणबहादुर कुमाल
उमेर - ७७ वर्ष
ठेगाना- गोरखा नगरपालिका - ३, घलाङ, गोरखा
सङ्कलन मिति - २०७७ पुस १६ गते

## १८. ढपाडी खोला

बन्दीपुरमा एउटा अनौठो प्राकृतिक वैभव अथवा डरलाग्दो अवस्था सिर्जना भएको थियो । त्यो एउटा किंवदन्तीको रूपमा खडा भएको छ । त्यसको नाम ‘ढपाडी खोला’ हो । ‘ढप’ भनेको माटोको गाग्रो र ‘डी’ भनेको पानी हो । मगर र नेवारले यहाँ मित्रता गाँसेका थिए । एउटा खोलामा पानीको गाग्रोको आकार र त्यसमा भरी पानी देखिएको हुनाले यो खोलाकै नाम ढपाडी राखिएको हो ।

एक दिन दुई जना साथीहरू एउटा बेपारी, एउटा मगर किसान हिँड्दै जाँदाखेरि त्यो खोलामा त्यस्तो दृश्य देखिएको हुनाले उनीहरूको सम्झौताअनुसार यो खोलाको नाम राखिएको हो । यहाँ एउटा डरलाग्दो, अनौठो कहानी छ । धेरै वर्षअगाडि मानिसहरूले साबुनले लुगा धुँदैनथे । त्यो बेला साबुनको आविष्कार पनि भएको थिएन । खरानी र रिठ्ठा राख्दै गाग्रोमा अथवा एउटा बाटा (साधन) मा राखेर उमालेर मुङ्ग्रोले पिट्दै लुगा सफा गर्दथे । त्यो युग अहिले छैन ।

सन्जोगवश एक दिन बन्दीपुरका धेरै आइमाई र केटाकेटीहरू त्यहीँ भात पकाएर खाँदै गरेका रहेछन् । अनायास दिनको बाह्र बजेतिर आकाशमा बादल सिर्जना भो । डढ्याङ्गढुढुङ्ग भयो र त्यसले बेसरी घनावृष्टि भयो । घनावृष्टि भएपछि त्यहाँ भएका आइमाई र केटाकेटी सबै बगाएर लग्यो । उनीहरू पाखामा आउन पाएनन् । यस्तो घनावृष्टि भयो कि त्यस्तो आजसम्म पनि भएको छैन । त्यो कहालीलाग्दो एउटा इतिहास यहाँ खडा भएको छ । त्यो ढपाडी खोलामा बेलाबेलामा दिनको बाह्र बजेतिर बच्चाहरू र आमाहरू रुने गर्छन् । उनीहरू पाखा लागेका र खेतमा पसारो परेका लासहरू ख्याकको रूपमा देखिन्छन् र तर्साउँछन् भन्ने किंवदन्ती छ ।

भन्नेलाई फूलको माला<br>
सुन्नेलाई सुनको माला<br>
यो कथा वैकुण्ठै जाला ।

स्रोतव्यक्ति - मणिकुमार प्रधान<br>
उमेर - ७८ वर्ष<br>
ठेगाना- बन्दीपुर गाउँपालिका - २, चलिन्चा, तनहुँ<br>
सङ्कलन मिति - २०७७ पुस २६ गते

## १९. दाजु र बहिनी

एकादेशमा दुइटा बुढाबुढीका छओटा छोरा, एउटा छोरी हुनुहुँदो रैच । बाबा, ममी बित्नुभयो, बाबा, ममी बितेपछि दाजुभाइ कमाउन इन्डियातिर लाग्नुभयो । छोराहरूले छओटी बुहारीलाई घरमै छोड्नुभयो । एउटी बहिनी पनि घर छोड्नुभयो । उहाँहरू छ जना दाजुभाइ कमाउन भनरे इन्डिया जानुभयो ।

भाउजूहरूको पालो आयो । भाउजूहरूले नन्नलाई- “दाउरा खोज्न जा” भनेर उनी एक्लैलाई पठाउनी, नाम्लो नदिनी, आँसी नदिनी, बन्धन डोराडोरी केही पनि नदिनी गर्थे । उनी रुँदै रुँदै जङ्गल जानी, दाउरा खोज्नी र हुरुङ बनाउँथिन् । भारी हाल्नी बेला भयो कि केही छैन । उनी आलापविलाप गरेर रुन थालिन् । उनी रुन थालेपछि तीनटा नाग सररर आउनुभयो ।

“बहिनी तिमी किन रोकी हौ ?” भनेर सोध्दाखेरि, “मैले दाउरा त खोजें तर यो दाउरा मैले कसरी लैजानी ? नलैजानी भने म घर बस्न पाउँदिनँ । लैजानी भने कसरी लैजानी ?” भनेर नागहरूसित रुँदाखेरि दुइटा नागचाहिँ बन्धन बनेर बस्दिनुभयो । एउटा नाग नाम्लो बनेर बस्दिनुभयो । उन्ले दाउराको भारी हालिन्, बोकिन् र आइन् । हल्का चालले घर ल्यार भारी बिसाइन् । भारी बिसाएपछि ती नागहरू सरररर निस्केर गए ।

भाउजूहरूले फेरि “धान कुट्न जा” भनेर पठाउनुभयो । ढिकी कुट्ने मान्छे छैन । लगाउनी, चलाउनी मान्छे पनि छैन । उनी रुँदैरुँदै बोरा बोकेर गइन् । केही नभएपछि उन्ले आलापविलाप गरेर रुन थालिन् । त्यहाँ पनि भँगेरा चराहरू उडेर आए । उनी भठाँ ती चराहरू आएपछि, “नानी तिमी किन रोयौँ ?” भन्दा “म धान कुट्न आको हो । ढिकी छैन, मेल छैन । अब मैले यसको चामल कसरी बनार लिएर जानी ?”

“नानु तिमीले यो धान भैंइमा फिँजाइदेऊ, हामी धान कुट्दिन्चम्” भने ती भँगेरा चराहरूले ।

“मैले भँइमा धान छोड्नी बित्तिकै मलाई एउटा गेडो चामल पुगेन भने भाउजूहरूले घर जान दिनुहुन्न, धान गनेर पठाउनुभाछ । गनेको धान पुगेन भने मलाई बस्न दिनुहुन्न” भन्दा “हामी जस्ताको तस्तै तिमीलाई धान कुटार चामल पठाम्चम् नानु” भनेचन् । उनले धान फिँजाइन्, चामल बनाइन् । चामल लिएर घर गइन् । एउटी कान्छी भाउजूले चाहिने नङमा लुकार भात दिनी रहिछन् । अरू भाउजूहरूले केही वास्तापास्ता नगर्नी, जतिखेर पनि कामै लगाउनी गर्ने रहेछन् । उनले त्यस्तै गर्दै धेरै कष्टहरू काट्दै गइन् ।

एक दिन अति भयो, उनले सहन सकिनन्- “अब म बनिबासी हुन्चु” भन्ने कुरो सोचिन्, घर छोडिन् । घर छोडेर गएपछि ठुलो घनघोर जङ्गलमा पुगिन् । जङ्गलमा ठुलो एउटा भित्र धोधो भको रुख फेला परेपछि उनी रुखको टुप्पामा पुगिन् । रुखको टुप्पामा पुगेर पाँच, सात दिन कति बसिन्, झर्दै, झरिनन् । दाइहरू इन्डियाबाट फर्किनुभयो । बास बस्नी गाउँ थिएन, घनघोरको जङ्गल मात्र थियो । दाइहरू पनि त्यही रुखमुनि नै आर बास बस्नुभयो र खाना पकाउनुभयो ।

उनको आँसुले त्यो आगो निभ्दै गाछ । उनीहरूले जत्ति बाल्छन् । उनको आँसुले आगो निभ्दै गाछ त्यत्ति गरी गरी खाना पकाउनुभयो । फेरि भाग लाउँदै जाँदा उनीहरूले छ भाग लगाछन्, सात भाग भछ,

छ भाग लगाछन्, सात भाग भछ । पालैपालो छ जना दाजुभाइले भाग लगाछन् सातै भाग भयो । "यहाँ किन यस्तो भयो ?" भनेर रुखाँ चढे दाइहरू । भइँबाट हेर्दा नदेखिएपछि रुखाँ चढेर हेर्दाखेरि बहिनी रचिन् अरे । त्यहाँबाट बहिनीलाई झारेर भइँमा ल्याए, खाना खुवाए र सँगै राखे ।

बिहान उज्यालो भयो । दाजुहरू बहिनीलाई लिएर घर आए । घर आएपछि दाइहरूले छलफल गरे । बहिनीले पनि जस्ताको तस्तै भनिन् । कान्छी भाउजूले नङमा लुकार खान दिनी, अरू भाउजूहरूले कहिल्यै खान नदिनी भनेर दाइसँग अलाप र विलाप गरेर रुन थालिन् । रुँदारुँदै दाइले पाँचओटी भाउजूको नाक र चुल्ठो काटेर घरबाट निकालिदिए । कान्छी भाउजूलाई चाहिँ घरैमा राखे ।

स्रोतव्यक्ति - अम्बिका अर्याल

उमेर - ४४ वर्ष

ठेगाना- गैँडाकोट नगरपालिका - ४, शिवालय, नवलपुर

सङ्कलन मिति - २०७७ फागुन १४ गते

## २०. दाहिने बङ्गारो

कुनै पहाडी गाउँमा एउटा यस्तो परिवार थियो, त्यो घर सबै कुराले सम्पन्न थियो । त्यो घरमा लच्छिनको बास थियो । के थियो त ? भन्दाखेरि त्यहाँ खेतीपाती वस्तु, घरमा माहुरीदेखि लिएर परिवारमा सबै कुराले भरिपूर्ण भको । सबै गाउँलेहरूले पनि त्यो घरलाई एकदम सम्पन्न घरको रूपमा मान्थे ।

एक दिन त्यो घरमा एउटा भिक्षु, जोगी माग्न आएछ । जोगीचाहिँ अलि विशेष क्षमतावान्, अन्तर्यामीजस्तो दैवीशक्ति समेतको ज्ञान भएको रहेछ । जोगीले यसो हेर्दा- “यो घरमा म कति वर्षदेखि आइराछु । यो घर जहिले आउँदा पनि सबै कुराले सुसम्पन्न छ । यहाँका परिवारहरू एकदम सभ्य छन् । यहाँ सबै कुराको परिपूर्ण छ । यो घरमा कहाँ के छ लच्छिन ? यो घरमा लच्छिनले बास गरेको छ । यो घरको लच्छिन कहाँ छ त ?” उल्ले अन्तर्ध्यानले हेर्दाखेरि घरको नजिकै बाँसको गाँजमा रैछ । त्यो बाँसको गाँजमा एउटा पात अलिअलि सुकेको पहेँलो हुन लागेको थियो । त्यो घरको लच्छिनचाहिँ त्यही सुकेको पहेँलो पातमा बसेको रैछ भन्ने कुरा पत्ता लगाएछ ।

जोगीलाई भिक्षादान दिन भनेर जाँदाखेरि चामल, पैसा के दिन लागेका थिए ।

“भिक्षा ! यो मैले लिन्नँ । मैले मागेको चिज दिनुहुन्छ भने लिन्चु” भनेर भनेच ।

“के हो तपाईंले मागेको ? हामीले सम्भव भएसम्म दिन्छौँ” भनेर वाचाकबुल गरेछन् ।

“मलाई त्यो बाँसको पात दिए हुन्च । अरू थोक मलाई केही दिन पर्दैन” भनेर भनेछ । त्यही पात जुन पातमा त्यो घरको लच्छिन देखेको थियो, त्यही मागेछ । परिवारले पनि त्यसलाई ठुलो कुरै देखेनन् ।

“हुन्च त्यो हाम्ले दिन्चम्” भनेर त्यो दिन राजी भए ।

त्यो बाँसको पात टिप्न पऱ्यो भनेर जाँदा त आफ्नो घरको पाठो फुत्केर पात खाइदिएच । “अब के गर्नी त पात त खाइदिइहाल्यो ?” अर्को पात हुँदै होइन, उसले देखेको त्यही पात हो । “हैन, तपाईंहरू वाचाबन्धनमा छिरिसक्नुभो त्यसकारण मैले मागेको चिज त तपाईंहरूले दिनुपर्छ । अब तपाईंहरूले यो पाठो काटेर यसको भुँडीबाट जसरी हुन्च त्यो पातको अंश, त्यान्द्रो भएपनि मलाई दिनुपर्छ ।”

“ठिक छ, हाम्लाई मासु खान मन लाको थियो, यही पाठो काटम्, सबैले खाम् । तपाईंले पनि यही खानू” भनेर उनीहरू राजी भए । त्यो काटियो, काट्दाखेरि पनि पातको केही पत्ता लागेन । मासु भान्सामा पाकेर खानी बेला भयो, सबैले खाना खाए । त्यो घरको मुख्य मान्छे, बुढाको दाहिने बङ्गारोमा गएर पातको त्यान्द्रो अल्झिएछ, त्यो झिक्न सकिएनछ ।

“अब तपाईंले त्यो बङ्गारै फुकाल्नपर्छ । मलाई त जसरी पनि चाहियो” भनेर भेनच । बङ्गारो फुकालेर दिए, जोगीले बङ्गारो लिएर गयो । त्यो घरमा अहिलेसम्म जुन लच्छिन थियो त्यसका भोलिपल्टबाट घरमा अलच्छिन सुरु भयो । प्रत्येक कुराहरू नोक्सान हुने, नसोचेका घटना हुने र बिस्तारै आजभन्दा भोलि, भोलिभन्दा पर्सि घरमा सबै कुराको सह घट्दै गयो । जति फारु हुन्थ्यो, त्यो फारु पनि हुँदैन । केही कुरामा पनि लच्छिन छैन । बिस्तारै केही वर्षमा त्यो घरमा लगभग खानपिनकै समस्या हुन लाग्यो । के खाने ? भन्ने समस्या आयो । त्यहाँ कुकुर र बिराला पनि थिए । तिनीहरूले पनि सल्लाह

गरेछन्- "हैन हाम्रो घरमा पहिले यस्तो थियो हेर, तिम्लाई पनि थाहा छ । अहिले चाहिँ घरका मान्छेले पनि पेटभरि खान पाका छैनन् । हाम्ले पनि भेटभरि खान पाछैनम्, कसरी यस्तो भो ?"

त्यो घरको बिरालोलाई यो कुरा सबै थाहा रैछ- "तिमीहरूलाई थाहा छ कि छैन ? केही वर्ष पहिला एउटा जोगी आथ्यो नि ? जोगीले पात माग्यो । पात पाठोले खायो अनि पाठो काटेर खाए । त्यो पातको त्यान्द्रो बुढाको बङ्गारोमा अड्केको थियो । त्यो बङ्गारो नै जोगीलाई दिए । जुन दिनबाट त्यो घटना भयो, त्यही दिनबाट यो घरको सह गयो । यो घरमा दरिद्रता नै त्यहीबाट सुरु भको हो" भनेर बिरालोले कुकुरलाई भनेच ।

"होइन, त्यो ल्याउन पाए कस्तो हुन्थ्यो होला ? फेरि पहिलाजस्तै हुन्थ्यो होला । अब कहाँ सम्भव छ ? त्यो ल्याउन त सकिँदैन होला हाम्ले ?"

"हैन सकिन्छ । मसँग सुघ्ने शक्ति छ, मैले त सुँघेर पनि पत्ता लाउँछु । त्यसको कुटी कहाँ छ ? त्यसले कहाँ राखेको छ ? कसरी राखेको छ ? म त्यो पत्ता लगाउँछु ।"

"ठिकै छ, त्यसो भए हामी खोज्दै जाम् ।"

"अब कसरी जानी ? खोला तर्न पर्ला, म खोला तर्न सक्दिनँ । खोलाले बगाउला क्यार ! जङ्गलको बाटो कसरी जानी ?"

"जसरी भए पनि जाम्ला, कहीँ म बोक्दै जाम्ला । कुकुर र बिरालो मिलेर दाहिने बङ्गारो खोज्नी" भनेर गएछन् । कुकुरको सुघ्ने क्षमताले खोज्दै जाँदा त्यो जोगीको कुटी फेला पारेछन् । उनीहरूले चिने, जोगीलाई भेटे तर बङ्गारो माग्नी कुरो भएन ।

अब "कसरी ? के गर्नी ?" भन्दा "ल ठिक छ हामी यतै वरिपरि बसम्" भने । तिनीहरूले बाटामा एउटा मुसा पनि साथी बनार लका थिए ।

"दिउँसो गएर खोजेर हाम्लाई फेरि लखट्ला, क्यार्ला थाहा नपाउनी तरिकाले खोज्नपर्‍यो ।"

"कसरी खोज्नी त नि ?"

"ल ठिक छ, हामी कुकुर र बिराला दुई जना बाहिर बसम्, मुसालाई भित्र पठाम् । मुसाले पत्ता लगाउँछ र उसले जसरी पनि ल्याउँछ" भनेर कुकुर र बिराला बाहिर बसेछन् । रात परेपछि जोगी भात खाएर सुत्यो । उसले त्यो पातचाहिँ टुप्पीमा बाँधेर सुतेको रैछ । मुसाले सुघ्दै सुघ्दै जाँदाखेरि त टुप्पीमा बाँधेको भेट्टायो ।

"अब यो टुप्पी त काट्नपर्‍यो । काटेर बङ्गारो निकाल्नपर्‍यो" टुप्पी काट्न लाउनीबित्तिकै त्यो जोगी बिउँझिहाल्यो । बिउँझिएर त्यसले त मुखमा हाल्यो । मुखमा राखेर च्यापेर सुतिदिएछ ।

"अब कसरी निकाल्नी, मुखभित्रको चिज ?"

"ओहो ! यस्तो भयो ? अब क्यार्नी हो मैले ?" भनेर बिरालासँग बाहिर सोध्न आएछ ।

"तिमी त्यो जोगीको नजिकै बस सिरानमा र त्यसको नाकभित्र पुछर यसो घुसार्देऊ । पुछरभित्र पसेपछि त हाँछ्यु आउँछ । हाँछ्यु आका बेला त्यसले बङ्गारो फुत्काउँछ । त्यही बेलामा लिएर बाहिर आउनू" भनेर बिरालाले सिकाएछ । त्यो मुसाले त्यसै गरेछ । सिरानीको नजिक बसेर पुछार नाकभित्र घुसारेको त्यसलाई हाँछ्यु आयो । हाँछ्यु आउँदा बङ्गारो पनि फुत्क्यो । मझेरीतिर खस्यो अनि मुसाले लिएर बाहिर आयो ।

"ल्याउन त ल्यायो, अब यसलाई कसरी ? कहाँ ? राखेर लैजानी त नि । टाढाको बाटो छ, समस्या हुन्छ" भन्दा "कुकुरले मुखमा राख्नी, तिमी फेरि नभुक्नी है । स्याल कराएको सुनेर भुक्दा त निस्किहाल्छ

त्यसकारण तिमी एकदम स्याल कराउँदा अर्दा, केही जन्तुको आवाज आउँदा चुपचाप तरिकाले हिँड्नी । केही आवाज आउँला, मृग कराउला, स्याल कराउला, कराए पनि तिम्ले चाहिँ त्यो बिर्स । तिनीहरूलाई बिर्सेर हिँड" भनेर बिरालाले सिकायो । कुकुरमाथि बिरालो बसेको छ, मुसो पनि त्यही कुकुरमाथि बसेको छ, तिनीहरू हिँड्दै छन् ।

ठ्याक्क खोला तर्नी बेला आरैच, खोलामा पसेर अलिकति तरेका थिए, पारिपट्टि स्याल कराएछ । स्याल कराएपछि कुकुर त, "मैले यसरी राखेको छ, भुक्न हुँदैन" भन्ने कुरा बिर्सिएर भुक्दिएछ । त्यो ठ्याक्क खोलामा पस्यो । रातिको बेला, खोलामा पानी पनि टन्नै थियो । खोलामा पसेपछि कहाँ गयो, कहाँ गयो ?

"अब कसरी खोज्नी ?" सबै फर्केर आएर चौरमा बसे अनि झोक्राउन थाले ।

"बङ्गारो खोलामा पऱ्यो । पानीले बगाएर कहाँ पुऱ्यायो ? कुन ढाँडमा कोचियो ? के भयो ? कसरी पत्ता लाउन सकिन्छ ? बर्बाद भो । तिमीले खत्तम गऱ्यौ, यत्ति दुःखले ल्याको । अब हाम्ले कसरी पत्ता लाएर लान सकिन्छ ? यो सम्भव देख्दिनँ । अब छोड्दिम्, लौ जाम् । जे भओ भओ" भन्दै थिए बिरालो र कुकुरले ।

कुकुर र बिरालाले मुसालाई सम्झाए- "मुसा भाइ । तिमी त जमिन खन्नी जात हो । कत्राकत्रा पहाडलाई समथर जमिन बनाउन सक्छौ । तिम्ले साथीहरू सप्पैलाई खबर गर्नुपऱ्यो । खोलालाई यहाँबाट अलि तल सुरुङ खनेर आर्को बाटोतिर फर्कार पानी जति अन्तै पठाउनपऱ्यो, जति समय लाग्ला । सबै मुसाहरूलाई जम्मा गर । त्यो खोलोलाई सुरुङ खनेर अर्कै बाटो पठाउनपऱ्यो र यहाँ खोज्नपऱ्यो ।"

मुसाले भनेछ- "हुन त कुरा ठिकै हो तर यो काम अलि गारो छ । यत्रो पानी हामी जस्ताले बाटो बनाएर, पन्छाएर फेरि यो कसरी सम्भव होला ?"

"हैन सक्नपऱ्यो नि, आँट्नपऱ्यो, सबैलाई बोलाउनपऱ्यो । अब तिम्रा साथी सबै मुसालाई बोलाऊ यहाँ ?"

कता कता बसेका मुसाहरू जम्मै गरेर, "यहाँ यस्तो चिज छ । तिमोरले हाम्लाई यति सहयोग गर्नपऱ्यो" भएभरका साना मुसा, ठुला मुसादेखि लिएर सबै मिलेर सुरुङ खनेर पानी बाहिरपट्टि निकालेर, त्यहाँ सुख्खा बनार जति दिन लाको थियो गरे । कुकुरले सुघेको छ, बिरालो पनि सुघ्ने जात भयो । सुघ्दै जाँदा एउटा अक्करमा भेटियो ।

"कति दुःख गरेर बल्ल बल्ल पाइयो । बगरमा एकछिन आराम गर्नपऱ्यो" भनेर बङ्गारोलाई एउटा ढुङ्गामाथि राखेचन् ।

आरामले बसेका त माथिबाट चिल उडिराखेको रैछ । चिललाई त्यो मासुको गन्ध भको भयो, खानी चिज भयो । आर चिलले टिपेर लैदिएच, चिलले टिपेर आकाशमा लयो ।

"अब यो त सम्भव छैन, हाम्ले आस मारियो । यल्लाई चाहिँ हाम्ले पूरा गर्न सक्दैनम्, छोड्दिम्" भनेर कुकुर र मुसाले सल्लाह गर्दाखेरि बिरालाले भनेच- "हैन जसरी पनि यो घर पुऱ्याउनैपर्छ । सोचेर एउटा जुक्ति निकाल्नपऱ्यो । म एउटा जुक्ति निकाल्छु" बिरालाले उनीहरूलाई आश्वासन दिँदै थियो, तिनीहरूले त पत्याएका थिएनन् ।

"उडेको चिलसँग हाम्ले कसरी भेट्टाएर त्यो निकाल्न सकिएला त नि ?"

"सकिन्छ ?"

"कसरी निकाल्नी त नि ?"

"ल सुन कुकुर र बिरालो दुई जना हामी ढुङ्गाको अक्करतिर लुकेर बस्छम् । तिमी ढुङ्गामाथि मरेको जस्तो गरेर सुतिदेऊ । चिलले त यस्तो चिज पाएपछि खान आउँछ । त्यही बेलामा हामी दुईतिरबाट आक्रमण गरेर चिललाई झ्याप्पै समाम्चम्, जसरी नि पक्रिन्चम् । तिम्ले यो काम गर्नपऱ्यो ।"

चिल माथि उड्दै थियो । कुकुर र बिराला ढुङ्गाको दुईतिर लुकेर बस्नी, मुसो ढुङ्गामा सुत्नी अनि चिल खान आउँदा झ्याप्प समात्नी योजनाअनुसार मुसो ढुङ्गामा सुत्यो । चिलले माथिबाट देख्यो । आएर च्याप्प झम्टिन लाथ्यो कुकुर र बिरालो आर त्यसलाई झ्याप्पै समाइहाले र त्यसलाई मारेर बङ्गारो भेट्टाए ।

अब ल्याउने तरिका त त्यही हो, कुकुरले भुकेन अब, कुकुरकै मुखमा राखिएको थियो । कुकुर होसियार भयो । सबै होसियार भएर लुक्दै, छिप्दै गाउँ र वनतिरबाट हुँदै आफ्नो घरमा आइपुगे । यो कुरा त्यो घरका परिवारलाई थाहा छैन । एकदम दरिद्र भको सीमै छैन, त्यहाँ असाध्यै अनिकाल छ । सहै नभएपछि जति भए पनि सकिनी नै भयो । सबै सकिएर अन्तिम अवस्थामा पुगिसकेका थिए । सबैले ज्याला मजदुरी गरेर खानी, लगाउनी कपडा पनि त्यस्तै थिए । त्यो घरै होइन, ती मान्छे नै होइनन् भन्ने पुगिसेकका थिए । त्यो कसरी भको भनेर तिनीहरूलाई थाहा हुनी कुरा पनि भएन । जब त्यो बङ्गारो कुकुर र बिरालोले लिएर आए घरका परिवारले थाहा नपाउने गरेर मुसाले घरको कहाँ लुकायो । भोलिपल्टबाट त्यो घरमा पहिलाको अवस्था फेरि सुरु भयो । विस्तार विस्तार एक, दुई, तीन दिन गर्दै, एक वर्ष, दुई वर्ष, तीन वर्ष गर्दै तिनीहरू फेरि पहिलाकै जस्तो सर्व कुराले सम्पन्न भए । त्यस घरमा हाँसीखुसी र सौहार्द वातावरण भयो ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा वैकुण्ठ जाला
भन्ने बेलामा सरसरी आउला ।

स्रोतव्यक्ति - शालिकराम गौतम
उमेर - ५१ वर्ष
ठेगाना- पोखरा महानगरपालिका - ३०, शिशुवा, कास्की ।
सङ्कलन मिति - २०७५ मंसिर २८ गते

## २१. दुःख र सुख

एकादेशमा एक परिवार बस्दो रहेछ, त्यो अति दुःखी परिवार रहेछ । उनको विवाह भयो र विवाहपछि श्रीमान्, श्रीमती भए । "खानलाउनको लागि समान जुटाउनका लागि म परदेश गएर सम्पत्ति जुटाएर ल्याउँछु । हे प्रिय ! तिमी यसै घरमा बसिराख" भनेर आफ्नी श्रीमतीसँग बिदा भएर परदेश गए । घरमा श्रीमती सुत्केरी भइन् । उनको श्रीमान् घर भएनन् अनि उनलाई धेरै दुःख पऱ्यो । उनले एउटा छोरा जन्माइन् । छोरा चाहिने ठुलो भैसके अनि उनलाई शिक्षा दिइन् । खाना, लाउन दिएर उनले हुर्काइन्, बढाइन् ।

"आमा हाम्रो बुबा कहाँ जानुभएको छ ?" उनले प्रश्न गरे ।

आमाले के भन्नुभयो- "बाबु तिमी गर्भमा छँदा तिम्रो बुबा विदेशबाट धनसम्पत्ति कमाएर ल्याउँछु भनेर जानुभएको थियो । अहिले यत्रो समय भैसक्यो । दश महिना वा एक वर्षमा आउँचु भनेको बुबा आजसम्म आउनुभएन, अब तिमी ठुला पनि भयौ । आफ्नो बुबालाई खोज, कहाँ हुनुहुन्छ ? बुबालाई पत्ता लाएर लिएर आऊ" भनेर आमाको निर्देशन भएपछि छोरोले "हस् आमा" भनेर आमालाई दण्डवत् प्रणाम गरेर बालाई खोज्न गए ।

जाँदा जाँदै उनी धेरै टाढा पुगे । विदेश गए । छोरो एउटा होटलमा बास बसेका थिए । ठुलो महाजनले के भन्यो- "बाबु बेलुकाको समयमा यहाँ तिमीभन्दा धेरै पैसा लिएका अतिथिहरू आउँचन्, तिनलाई मैले कोठा दिनुपर्छ । तिमी आर्को ठाउँमा वा आर्को कोठामा गएर बस्नुपर्छ" भन्ने कुरा होटलवालाले भन्यो । त्यसपछि त्यहाँ धेरै मानिसहरू आउन थाले । चानसवश, उसको बाउ पनि त्यही होटलमा आइपुगे । उनका बाउले धेरै धनसम्पत्ति कमाएर ल्याएका थिए ।

साहुले भन्यो- "कोठा हेर्नुस्" भन्दाखेरि उनैको छोरो बसेको ठाउँ उसलाई मन पऱ्यो र उल्ले- "हुन्च साहुजी यही बस्छु" भनेर भन्यो । त्यसपछि छोरोलाई त्यहाँबाट निकाले अनि अर्को कोठामा गयो । अर्को कोठामा पनि त्यस्तै भयो, हुँदाहुँदै उनी रातभरि बाहिर बस्नुपऱ्यो । बाबुले राति मिठामिठा खानेकुरा खानुभयो । छोरालाई पनि होटलवालाले केही खानेकुरा त दियो तर साह्रै दुःख भयो । साह्रै जाडो पनि भयो, उनलाई साह्रै आपत पऱ्यो । उनी बाहिरै बसिराखे ।

भोलिपल्ट बिहान, एकदम थोत्रा लुगा र कामेको केटो देखेर बाउ चाहिँलाई सोध्न मन लागेच- "बाबु तिम्रो घर कहाँ हो ?" भनेर प्रश्न गर्दा छोराले भनेच- "मेरो घर फलानो ठाउँमा हो । मेरो बुबा, आमा गर्भवती हुँदा सुत्केरी खर्चका लागि धनसम्पत्ति कमाउन विदेश जानुभएको रछ । सुत्केरी खर्च लिएर आउँछु भनेर जानुभएको बुबा अहिलेसम्म फर्कनुभएन र म खोज्न आएको हो" भनेर त्यो केटोले भनेछ ।

"अनि ए ! बाबु तिम्रो नाम के हो ? तिम्रो आमाको नाम के हो ?" भन्दा उल्ले आमाको नाम बताइदियो । केटाले सप्पै गाउँ, ठाउँ बतायो । आखिरीमा त्यो त आफ्नै छोरो रहेछ अनि बाउले एकदम पश्चात्ताप गऱ्यो ।

"तिमी मेरो छोरो रहेछौ बाबु । मैले हिजो बेलुका तिमीलाई नराम्रो काम गरेँ । हिजै यस्तो सोधपुछ गर्ने आत्मज्ञान भएको भए बाउछोरा एकै ठाम्मा बसिन्थ्यो होला । तिमी रातभरि बाहिर बस्यौ । म यस्तो खुसी भएर, सोख लिएर भित्र सुतेँ । तिमीलाई मैले यत्रो दुःख दिएँ । मेरो आत्मामा आत्मज्ञान

भएन । सबैभन्दा ठुलो आत्मज्ञान हो । मैले हिजो बेलुकै तिमीलाई यी कुरा सोधेको भए बाहिर राख्दैनथेँ । मलाई माफ गर” भनेर बुबाले छोरालाई भने ।

छोराले पनि भन्यो- “बुबा नजानेर कहिलेकाहीँ यस्तो हुन सक्छ । तपाईंले जे गर्नुभो, बुबाले यस्तो कुरा गर्नुभो भनेर म भन्दिनँ । यो दुःख, सुख भैरहन्छ, म त्यो कुरो सम्झन्नँ” भनेर आखिरीमा बुबा र छोरो मिलेर दुवै आफ्नो घर आए र सबै घरपरिवार भएर बसे ।

स्रोतव्यक्ति - लीलाधर वाग्ले
उमेर - ७२ वर्ष
ठेगाना- गैँडाकोट नगरपालिका - ४, कालीगण्डकी, नवलपुर
सङ्कलन मिति - २०७७ फागुन १७ गते

## २२. धर्म र पाप

एकादेशमा एउटा धर्मात्मी ब्राह्मण हुनुहुन्थ्यो अरे । उहाँ बिहान उठेर नुवाइधुवाइ नगरेसम्म कसैसँग बोल्नुहुँदैनथ्यो अरे । एक दिन उहाँ पानीको कुवामा नुहाउन भनेर जाँदाखेरि एक जना व्यक्तिले पिपलको रुख काटिरहेको देख्नुभएछ । परन्तु उहाँले त्यो मान्छेलाई रोक्न ननुहाएसम्म बोल्नु हुँदैनथ्यो । मनमनै- "यो पापीले रुख काट्यो, नुहाएर बोल्छु, यल्लाई भन्छु" भन्दै उहाँ नुहाउन जानुभयो ।

उहाँको साथसाथै एक जना "जे अगाडि पर्छ त्यो गरेरै छाड्ने हो" भन्नी खालको महिला पनि कुवामा पानी लिन जानुभको रैछ । उहाँले- "ए ! पापी तैँले किन पिपल काटिस् ? तँलाई ढुङ्गाले हानेर झार्छु । किन काटिस् झर्चस् कि झर्दैनस् तल ?" भन्दै ज्यादै गाली गर्नुभएछ । त्यो पिपल काटिरहेको व्यक्ति तल झरेछ ।

उहाँहरूको काल गतिले मृत्यु भयो । मृत्यु भइसकेपछि यमराजका दूतहरूले महिलालाई सोधे- "तपाईंको त्यही पिपल काट्नमा रोकेको मात्रै धर्म छ, जीवनभोरिमा अरू कुनै धर्म छैन । तपाईं स्वर्ग बस्नी कि नर्क बस्नी ?" भनेर सोध्दाखेरि "ह्याँ अगाडि जे पर्छ त्यही भोगेपछि भोगेको भोग्यै हुन्छ, म त स्वर्गै बस्छु । धर्मैको फल भोगिहाल्छु पहिला, पछि जे होला होला" भन्नुभएछ ।

अर्को ननुहाईकन नबोल्ने ब्राह्मणलाई सोध्नुभएछ- "तपाईंको जीवनमा त्यही पिपल काट्नेलाई रोक्न नसकेको एउटा मात्र पाप छ । पापको फल पहिला भोग गर्नी कि धर्मको फल भोग गर्नी ?" भन्दा "मेरो जन्मभरमा एउटा मात्रै पाप रहेछ । त्यो पाप मैले पहिला भोग्छु त्यसपछि त म जीवनभोरि नै स्वर्गलोकमा बस्न पाउनी भएँ" भन्नुभएछ । उहाँलाई तक्षिक नाग बनाएर गङ्गाजीको किनारमा गङ्गाजीको जलमा राखिदिनुभएछ । नागलाई के थाहा ? कामधेनु गाई पानी खान आउनुभएछ । पानी खान कामधेनु गाई आउँदा उहाँले सल्लै बगेर कामधेनु गाईलाई  डस्दिनुभएछ । गाई त्यहाँ तुरुन्तै मरिन् त्यसपछि उहाँलाई गौहत्या लागेछ । उहाँ जीवनभरि नै मर्त्यलोकमा नै हुनुभयो ।

उहाँ जो महिला हुनुहुन्थ्यो । ह्वाँ अगाडि परेको जे पनि गर्नी "जे पर्छ त्यही टर्छ" भन्ने महिला हुनुहुन्थ्यो । उहाँचाहिँ स्वर्गका अप्सराहरूलाई रिजाएर बस्नुभयो । मन्त्रीमण्डलले पनि "उहाँजस्तो सबैथोक बुझेको मान्छे, यहाँ हामीलाई चाहिन्छ" भनेर सिफारिस गरेकाले उहाँ जीवनभरि स्वर्गलोक नै बस्नुभयो । धर्मात्मी, ननुहाएसम्म नखानी, नबोल्नी ब्राह्मण सदासर्वदाको लागि नर्कलोकमा पर्नुभएछ ।

स्रोतव्यक्ति - मोतीलाल न्यौपाने
उमेर - ५५ वर्ष
ठेगाना- पैँयु गाउँपालिका - ४, हटिया, पर्वत
सङ्कलन मिति - २०७७ माघ २५ गते

## २३. नायक साहेब

धेरै पहिला नेपालमा बाइसे र चौबिसे राज्यहरू थिए । ती राज्यहरूमध्ये पैँयु राज्य चौबिसे राज्यअन्तर्गत पर्दथ्यो । पैँयु राज्यको राजधानी अहिलेको पैँयु गाउँपालिकाअन्तर्गत ह्वास हातेमालो चोकदेखि पारिपट्टि नायक साहेबको मन्दिर भएका ठाउँमा थियो । बाइसे, चौबिसे राज्यहरूलाई एकीकरण गरेर एउटा सिङ्गो राज्य निर्माण गर्ने कार्यको थालनी गोरखाका राजा पृथ्वीनारायण शाहले गरेका थिए । उनले नेपाल एकीकरण अभियानको थालनी त गरे तर आफ्नो समयमा ती बाइसे र चौबिसे राज्यहरू एकीकरण गर्न सफल भएनन् । पृथ्वीनारायण शाहको देहान्तपछि उनका उत्तराधिकारीहरूले बाइसे, चौबिसे राज्य एकीकरण गर्ने कार्यलाई निरन्तरता दिए ।

उनकी बुहारी राजेन्द्रलक्ष्मी शाहको शासन कालमा पर्वत, पैँयु, रिसिङघिसिङ र मुस्ताङलगायत बाह्र, तेह्रओटा राज्यहरू नेपालभित्र गाभिएका थिए । जब राजेन्द्रलक्ष्मी शाहको देहान्त भयो, त्यसपछि बहादुर शाहले नायबी लिएर नेपालको शासन सञ्चालन गरे । नेपाल एकीकरणको अभियानलाई गोरखादेखि पश्चिमपट्टिका चौबिसे राज्यहरू र अझ पश्चिम कर्णाली प्रदेशमा रहेका बाइसे राज्यहरू एकीकरण गर्ने क्रममा बहादुर शाह पश्चिमतिर हानिए । बहादुर शाहले नेपाल एकीकरणलाई सफल पार्नका लागि पाल्पासँग सम्झौता गरेका थिए । पाल्पाली सेना र गोरखाली सेनाको संयुक्त सङ्घर्षबाट त्यतिबेला बाइसे र चौबिसे राज्यलाई निस्तेज पार्ने काम गरिएको थियो ।

गोरखाली र पाल्पाली सेना पश्चिमतिर लडाइँ लड्दै आउँदा सेतीबेनीदेखि पारिपट्टि रहेको अर्बेनी भन्ने ठाउँमा क्याम्प बसेच ।

“यता मास्तिरतिर एउटा पैँयु भन्ने राज्य छ । त्यो राज्यलाई नेपाल एकीकरणको अभियानमा संलग्न गराउनुपर्छ” भन्ने सोचले बहादुर शाहले आफ्ना दुई, चार जना सिपाहीहरूलाई पैँयुका राजालाई खबर लिएर पठाम्नी निधो गरेचन् ।

“हामी नेपाल एकीकरण गर्न आइरहेका छौँ । हाम्रो सेना अर्बेनी भन्ने ठाउँमा बसिरहेको छ । हामी यहाँ लडाइँ लड्न आउनुपर्छ वा पर्दैन ? तपाईंले कि त आत्मसमर्पण गर्नुस् कि त हामीले यो राज्यमाथि लडाइँ लड्छौँ” भनेर बहादुर शाहले पठाएका सेनाहरूले पैँयुका राजालाई खबर गरे ।

यो कुरा भनिसकेपछि पैँयुका राजाले आफ्ना भाइभारदारहरूलाई बोलाएर, “ल यस्तो खबर आयो । बहादुर शाहका सेनाहरू यहाँ आइपुगे । अब हामी हाम्रो राज्य बचाउनका लागि लडाइँ लडौँ कि बहादुर शाहसमक्ष गएर आत्मसमर्पण गरौँ ?” भनेर भारदारी सभा बसाले । आफ्ना भाइभारदारहरूले उनलाई उचित सल्लाह दिन सकेनन् ।

“जे गर्नी हो गर, आत्मसमर्पण गरे पनि गर । बहादुर शाहसँग युद्ध लड्न सकिन्छ भने त्यो युद्ध लड्नका लागि योजना बनाए पनि बनाऊ” भनेर निधो नदिई भारदारी सभा उठेच । त्यसपछि पैँयुका राजाले राम्रोसँग विचार गरेछन् । भनिन्छ, पाल्पाका सेनवंशी राजाको सल्लाहअनुसार यहाँका राजाहरूले शासन चलाउँथे । त्यसैले यहाँका राजाहरूलाई नायक साहेब भन्ने गरिन्थ्यो । पाल्पाका सेनवंशी राजाहरूले- “नायक साहेब ल तिमी पर्वतको पैँयु क्षेत्रमा बस र त्यहाँको प्रशासन राम्रोसँग चलाऊ । अन्तबाट कुनै राज्यका शत्रुहरूलाई प्रवेश गर्न नदेऊ” भनेर त्यसरी खटाई पठाएका थिए अरे ।

ती नायक साहेबले भारदारी बैठक बसाले । भारदारी बैठक सकिइसकेपछि भारदारहरूले खासै सल्लाह नदिँदा उनलाई ठुलो समस्या पऱ्यो । अब लडाइँ लड्न जाऊ भने गोरखाली र पाल्पाली सेनासँग लडाइँ लड्ने आफूसँग क्षमता थिएन । न त हतियार थिए, न त पुग्ने सेना नै थिए । लडाइँ लड्न जानी हो भने भएका सेनालाई पनि मार्नु बाहेक अर्को कुनै उपाय थिएन । लडाइँ नलडीकन “ठिकै छ आत्मसमर्पण गर्छु, पैँयु तपाईंको भयो” भनूँ भने आफ्नो बेइज्जत हुने ।

“हिजो राजा भएर शासन चलायौ । राजा हुम् भनेर हिन्यौ, आज शत्रुसँग मुकाबिला गर्न सकेनौ र आत्मसमर्पण गऱ्यौ, हार स्वीकार गऱ्यौ” भनेर जनताले पनि भन्ने भए । “यो लडाइँ लडेर पनि पार नपाइने, आत्मसमर्पण गर्न पनि उचित नहुने भएको हुनाले आफ्नो सम्मानलाई गुम्न नदिन बरु यही उपाय गर्न बेस छ” भन्ने निष्कर्षमा पुगे । उनी आफ्नै दरबारको बारुद कोठामा प्रवेश गरी ढोका लगाएर बारुदमा सलाई कोरेर आगो लगाए । यसरी पैँयुका राजा जलेर मरेका हुन् भन्ने किंवदन्ती छ ।

अहिले पैँयु क्षेत्रमा उनै राजासँग जोडिएको अर्को किंवदन्ती छ । केटाकेटीलाई घाउखटिरा भयो भने गाउँ घरको चलनअनुसार धामी, झाँक्री कहाँ आखत हेराउने, गुरु, पुरोहित कहाँ गएर हेराम्दाखेरि “हैन तिम्लाई त नायक साहेब लाएका हुन् । नायक साहेबको पूजा गर जाऊ । तिनलाई परेवा देऊ । लगेर पूजा गर्देऊ सन्चो हुन्च” भन्ने गर्छन् । नायक साहेबको पूजा गरिसकेपछि जब ती घाउखटिराहरू सन्चो हुन्छन्, यसबाट ती राजामा दैविक शक्ति रहेछ कि भन्ने कुरो पनि अड्कल गर्नुपर्ने हुन्च ।

यस भेगमा पहिलेदेखि नै घाउखटिरा भए भने, “नायक साहेब लाए, परेवा लगेर पूजा गर, किनभन्दा राजा जलेर घाउखटिराका कारण मर्न परेकाले नायक साहेब लाएछन्” भनेर धामी, झाँक्री भन्दछन् ।

सुन्नुभएका जतिलाई सुनको माला र भनेकालाई फूलको माला ।

स्रोतव्यक्ति - शुभबहादुर केसी
उमेर - ६० वर्ष
ठेगाना- महाशिला गाउँपालिका - ५, दारेगौँडा, पर्वत
सङ्कलन मिति - २०७७ माघ २६ गते

## २४. पचभैया

बन्दीपुरको पश्चिमपट्टि एउटा चौतारो छ, त्यस चौतारोबाट पचभैया आउने गर्दथे भन्नी कुरा सुनिन्थ्यो । त्यहाँबाट पचभैया आउँदा पहिला एउटा सानो कुकुर फुन्टुङ फुन्टुङ गर्दै रमाइलो गतिमा घन्टी बजाउँदै आउने गर्दथ्यो । त्यसपछि दुई जना दूतहरू र पचभैया सेतो धोती, सेतो फित्ता लाएको र सेतो घोडामा चढेर चचहुई चचहुई भन्दै सिटी लगाउँदै बानको रूपमा आठ पकडियाहरू राखेर अगाडि बढ्ने गर्दथ्यो । त्यहाँ “जो सम्मुखमा पर्छ त्यो मान्छे मर्छ, जो झ्यालबाट उघारेर हेर्छ, ऊ बिजुली चम्केकोबाट मर्छ र जसले झ्यालबाट सानो प्वाल बनाएर हेर्छ उल्ले यो कथा भन्न सक्छ” भन्ने उक्ति भएको हुनाले एक जनाले हेरिरहेका थिए रे !

“जसले पचभैयाको घोडाको पुच्छर समात्न र रोक्न सक्छ, उसलाई पचभैयाले जे माग्यो त्यही दिन सक्छ” भन्ने भनाइ सुनेको हुनाले एउटा साहसिलो बुढा पछिपछि गएर पुच्छर समातेका थिए रे । बन्दीपुर बजारमा पुच्छर समातेर अड्याएपछि पचभैयाले अनुरोध गरेच- “ओहो बुढा बा ! तपाईंले बहादुरी काम गर्नुभो, के माग्नुहुन्छ ?” भनेर भन्दा “यो बन्दीपुरमा लक्ष्मीको बास होस्” भनेर मागे रे । पचभैयाबाट वरदान पाएको हुनाले यो ठाउँ धनधान्यले भरिपूर्ण भयो रे ।

भन्नेलाई फूलको माला
सुन्नेलाई सुनको माला
यो कथा वैकुण्ठ जाला ।

स्रोतव्यक्ति - मणिकुमार प्रधान
उमेर - ७८ वर्ष
ठेगाना- बन्दीपुर गाउँपालिका - २, चलिन्चा, तनहुँ
सङ्कलन मिति - २०७७ पुस २६ गते

## २५. पुण्यशिला

एकादेशमा एउटा गाउँ थियो, त्यहाँ बाक्लो बस्ती थियो । त्यहाँ पूजाआजा गर्नी, भक्ति भावना गर्नी, मन्दिर धाउनी, भगवान्को सेवा गर्नी आस्तिकवादी मान्छेहरू थुप्रै बस्थे । त्यही गाउँको बिचमा एउटा चौतारी थियो । त्यस चौतारीमा एउटा ढुङ्गो राखिएको थियो । त्यो ढुङ्गोलाई पहिला बुढाहरूले शिलापत्र भन्ने चलन थियो । त्यहाँ चिया पसलको नजिकै एउटा पाटी (धर्मशाला) पनि थियो । त्यस पाटीमा एउटी महिला बस्थिन् । उनी दैनिक त्यही ढुङ्गोको आड लार कपाल कोर्थिन् । ती महिलाले कपाल कोरिन्, आफूले सिन्दूर लाइन् अनि हातमा बढी भको त्यही ढुङ्गोमा लाइदिनी गर्थिन् ।

“चौतारी छ, ढुङ्गो पनि छ र सिन्दूर पनि दलिएको छ । यो के होला ? यहाँ त कुनै देउताको थान होला” भनेर आउने बटुवाले फूल चढाउन थालेचन् । फूल चढाउँदै र ढोग गर्दै जाँदै गर्न लागेचन् । ती महिला पनि दैनिक त्यही आउँचिन्, आफूले सिन्दूर लाउँचिन् अनि बाँकी ढुङ्गोमा दल्चिन् । त्यहाँ बाटो हिँड्नी बटुवाले देउता भनेर पाती पनि चढाका रहिचन् । क्रमशः बाटो हिँड्नी बटुवाले सिक्का चढाउन थालेचन् । एक, दुई रुपियाँ चढाएर ढोग गर्न थालेचन् ।

एउटा साधु कता कताबाट घुम्दै त्यही चौतारीमा आएच । “ए ! यहाँ पैसा पनि रचन् अनि यहाँ पाती पनि चढाउने रचन् । यहाँ पलेटी मारेर बस्यो भने पैसा चढाम्चन्, त्यो पैसा च्याम्मै गोजीमा हाल्छु । नारायण भनेपछि बोल्दैनन् केरे” भनेर शिवजीको ध्यान गरिच उल्ले । घरिघरी “ओम् शिव, ओम् शिव” भन्च । आँखा चिम्लिच, बसिच ।

त्यहाँ बटुवाहरू आए, “यहाँ यति ठुलो शिला छ । अबिर, केसरी चढाको छ । यहाँ पातीका पात पनि छन् । यस्तो साधु बसेको छ भने यहाँ भगवान् छन्” भनेर आउनी मान्छेले कसैले त एक, दुई रुपियाँको सट्टा पाँच, दश रुपियाँ चढाउने थाले अनि कसैले चाहिँ खानी कुरो भेटी चढाउन थाले । कसैले फलफूल ल्याएर दिन थाले । साधुले त मजाले खान थाल्यो अनि तिनै पैसा उठाएर बस्यो । “अब यसरी भएन” भनेर सिन्दूर चढाएको ढुङ्गो मन्दिरमा राखेर त्यही पैसाले मन्दिर बनाएर बस्यो । त्यो मन्दिरको नाम पुण्यशिला रह्यो । “यहाँ पाती चढाएर पूजा गर्नीलाई ठुलो धर्म हुन्च” भनेर बोर्डसोर्ड पनि लाइदिइहाले ।

“को हो त नि यो ?” भन्दा “पुण्यशिला एउटी देवीको नाम हो” भनेपछि भक्तहरूलाई पनि विश्वास लायो । सप्पै आउनी र धुमधामसँग पूजा गर्नी, पैसा चढाउनी, फलफूल चढाउनी अनि सिधासाधा सामानहरू ल्याएर राख्नी, त्यो जोगीले पुण्यशिला नाम गरेको मन्दिरबाट आफ्नो जीवनवृत्ति चलायो ।

स्रोतव्यक्ति - शालिकराम आचार्य
उमेर - ७४ वर्ष
ठेगाना- पोखरा महानगरपालिका - १९, पुरनचौर, कास्की
सङ्कलन मिति - २०७५ मंसिर २७ गते

## २६. फागुपूर्णिमा

फागुपूर्णिमा पर्व भगवान् बुद्ध र बुद्धधर्मसँग सम्बन्धित छ । सिद्धार्थ गौतम मानव जातिको हितका लागि "यो दुःखबाट कसरी पार गर्न सकिन्छ ?" भनेर दरबार त्याग गरेर हिँड्नुभयो । आफ्नो स्यानो छोरा राहुल र श्रीमती यशोधरालाई त्यागेर उहाँ जानुभयो । उहाँले साधनाबाट बुद्धत्व प्राप्त गरी मानवको उद्धार गर्ने ज्ञान प्राप्त गर्नुभयो ।

ज्ञान प्राप्त गरेको छसात वर्षपछि "भगवान् बुद्धलाई दरबारमा बोलाउनुपर्‍यो" भनेर उहाँका पिता शुद्धोधनले नजिकका भारदार र मन्त्रीहरू सबैसँग सरसल्लाह गरी बुद्धलाई लिन पठाउनुभएछ । उहाँलाई जति जना मान्छे लिन गए सबै त्यहाँ हराएछन् । कोही पनि फर्कैरै नआउने, जति जना मान्छे गयो फर्केर आएनन् । त्यसपछि राजा शुद्धोधनको एकदमै विश्वासपात्र मन्त्रीलाई पनि पठाएको रैछ । त्यो मन्त्रीलाई पठाउँदा "जसरी भए पनि तिमीचाहिँ आउनुपर्छ" भनेर राजाले अह्राइपराई गरेर पठाएका रहेछन् ।

उहाँ बुद्ध भएको ठाउँमा पुग्दाखेरि दरबारबाट जति जना मान्छे गए सबै भिक्षु नै भएर बसेका रहेछन् । मन्त्रीले- "राजाले अह्राएको काम गर्न नसक्ने हो कि ?" भनेर सोचेको रैछ । तैपनि उहाँले राजाले पठाएका सप्पै सन्देशहरू सुनाउनुभएको रैछ । सन्देश सुनिसकेपछि बुद्धले- "समयअनुकूल जुन बेला हुन्छ, त्यति बेला नै म फर्कन्छु" भनेर भन्नुभको रैछ । त्यो अनुकूल समय भनेको फागुपूर्णिमा अर्थात् वसन्त ऋतुको आगमनको समय रहेछ । वसन्त ऋतुको समयमा पातपतियारहरू हरियोपरियो हुन्चन् र चराचुरुङ्गीहरू पनि रमाउने अवस्था हुन्च । सबै वातावरणअनुकूल भएको बेलामा उहाँको आगमनको खबर दरबारमा पुगेछ । त्यो वैशाख पूर्णिमाको दिन रहेछ । यो फागुपूर्णिमाको समय बुद्धको आगमनको समय भएको हुनाले सबैले त्यसलाई शुभदिनको रूपमा ग्रहण गरे । "बुद्धको आगमन भएको बेला हो" भनेर त्यसलाई एउटा उत्सवको रूपमा थकालीहरूले मानेका हुन् ।

स्रोतव्यक्ति - वीरेन्द्र हिराचन<br>
उमेर - ७० वर्ष<br>
ठेगाना- घरपझोङ गाउँपालिका - २, मार्फा, मुस्ताङ<br>
सङ्कलन मिति - २०७७ चैत १४ गते

## २७. बदला

एकादेशमा दुइटा दाजुभाइ रैचन् अरे, भाइ एकदम बाठो दाजुचाहिँ लाटो रच । सधैँ दाजुले गोबर फाल्नी, घाँस काट्नी, खेती किसान गर्दो रच । भाइचाहिँ सभा भन्दो रच, हिन्दो रच । एक दिन दाजुलाई साह्रै रिस उठेच- “ल आज मचाहिँ सभामा जान्चु, तँ घर बसेर काम अर” भनेर भाइलाई भनेच ।

भाइले- “हुन्च” भनेच ।

त्याँट दाजुचाहिँ लुगासुगा लगार, दाह्रीसारी फालेर सभामा गएच । दिनभोरि सभामा बस्यो । कुन बेला हिँडे घर पुगिन्च भन्ने केही ज्ञान पनि भएन । त्याँट सभा टुङ्गियो, घरतिर जान भनेर गैराथ्यो, बाटोमा एउटा घर रच । त्यहाँ बुढाबुढी मात्रै बस्दा रचन् । एउटा छोरो लेकगोठतिर बस्दो रच, त्यहीँ गएच- “बास पाइन्च ?” भनेर सोधेच ।

“बास त पाइन्च हजुर, कि त उपकथा लाइदेऊ दाल र भात खाइदेऊ कि नाककान अर” भनेर भनिच बुढीले ।

“हुन्च त नि म नाककान अर्चु, दाल र भात खान्चु” भनेर भनेच । नाककान भनेको के हो ? उपकथा भनेको के हो ? उल्लाई थाहै छैन । त्याँट बुढीले दालभात पकाइच अनि, “ल आऊ” भनिच । आँसी लिएर नाक र कानको टुप्पीटुप्पी काटिच । दालभात खान दिई क्यार्नी नाक पनि दुखेको छ, कान पनि दुखेको छ । रातभोरि दुखेच, त्याँट बिहान उठेर घरतिर भागेच ।

घर गएच- “के भयो दाइ ?” भनेच भाइले ।

“एउटी बुढी कहाँ बास बसेको यस्तो यस्तो भयो । अब नाक पनि काट्दिई, कान पनि काट्दिई । यस्तो हुनी रच, मिटिङमा जान त हुनी रैनच, अब म कहिल्यै जान्नँ” भनेच ।

“हे त्यहीभर नजाऊ भनेको हो । मेरो काट्टियोथ्यो अहिलेसम्म ? कहाँ हो, लौ भन्नुस्” भनेच दाजुलाई ।

दाजुले भनेच- “फलानो ठाँ हो, बुढाबुढी मत्रै बस्दा रचन् । एउटा छोरो लेकगोठ रच” भनेच ।

त्याँट त्यो दिन भाइ गएच, दिनभोरि मिटिङमा बस्यो क्यारे । बेलुका साँझ परेपछि गएच त्यही घर- “हे बाउ, बास पाइन्च ?” भनेर भनेच ।

“पाइन्च बास त कि नाककान अर्न पर्च कि उपकथा लाउन पर्च” भनिच बुढीले ।

“हुन्च म उपकथा लाम्चु, दाल र भात खान्चु” भनेर भनेच उल्ले, बाठो क्यारे !

“लौ हुन्च त” भनेर दाल र भात पकाइच । सागसब्जी जम्मै व्यञ्जन बनाइच । त्याँट उल्लाई खान दिइच, मजासित खाएच ।

“लौ बाबु, उपकथा त खासी लाउनी हो, लौ लाउनुस्” भनेर भनिच ।

“केको खासी लाउनी हो, नखाँदै लत्र्याङ्ङ, खासी सत्र्याङ्ङ, भोलि ब्यान लाउनी हो” भनेर भनेच ।

भोलिपल्ट बिहान उज्यालो नहुँदै उठेच । "त्यसको एउटा छोरो कहाँ छ ?" पत्ता लाउन पऱ्यो, उहाँ गएच- "तेरा बाआमै मोरेर गङ्गाजी लिएर गए । तँ गोठमा छस् भनेर मलाई यहाँ पठाका हुन्, ल हिन् । अब कपालसपाल खौरेर किरिया बस्नपऱ्यो" भनेर लाएच । त्याँट फर्केर आएच- "तिम्रो छोरो मोरेर गङ्गाजी लए, भेट्नी भए उतै जाऊ" भन्दियो । बाउआमा रुँदैरुँदै गङ्गाजीतिर गएचन् । छोरोचाहिँ गोठाँट आएर कपालसपाल खौरेर किरिया बस्यो ।

बुढाबुढी फर्केर आएपछि भनेच- "उपकथा लाइदेऊ, उपकथा लाइदेऊ, यही हो उपकथा देख्यौ ?"

उपाङ्गो उपाङ्गो गर्दा रचन् यिनले- "जाऊ बाबु, यहाँ नबस" बुढीले भनिच ।

"कहाँ म त यहीँ बस्नी हो, अब कहिल्यै जान्नँ" भनेर भनेच ।

"त्यसो भने एक हल गोरु लिएर जाऊ । हलो, जुवा र एक मुरी तिल लिएर जाऊ र एक तिल छर । बेलुका आउँदा गोरुलाई घाँस, एउटा मुठो दाउरा, मृगको सिखार लिएर आऊ" भनिच । त्यसका घर एउटा पाटे कुकुर रच । बन्दुक भिरेपछि ऊ पछि लाइहाल्दो रैच । बन्दुक भिरेच, काधाँ हलो र जुवा जम्मै हालेच । गोरु फुकाएच र खेदेर तिल बोकेर गएच । स्वाइँय एक सियो लाएच । एक मुरी तिल सुइइँय घोप्टाइदिएच र बाँसको एउटा मुठो झापो काटेच त्यसपछि दाउराको सिठो बनाच । अब सिखार चाहियो, ढ्याङ्ग त्यही पाटे कुकुर मारेच । छाला तोडेर फालेच र सिखार लिएर घर गएच । ढ्याम्म दाउरा र घाँसको मुठो फाल्यो । कुकुरको मासु माला उनेर लच ।

बुढाबुढीले मजासित पकाएर "लौ आइजा बाबु खान" भनेचन् ।

"मैले त पोलेर खाएँ, त्यत्रो ठुलो मृग मारेको थिएँ । मलाई अमन्य भछ, राख्दिनुस् भोलि खान्चु" भनेच ।

"हुन्च" भनेर बुढाबुढीले खाचन् । बुढी ढिलो उठ्नी भई । बुढो उठेर आग्नाँ डिलाँ पुगेर "चे पाटे चे" भनेच ।

उसले पनि "पाटेको मासु आफैँले चाटे !" भन्दिएच ।

"लौ बर्बाद पाऱ्यो, कुशले जिउरो पाछम्" भनेर जिउरो पाछेछ ।

"अब दुई, तीन थरी रोटी पकार गङ्गाजीमा जानपऱ्यो र यल्लाई मार्नपऱ्यो । यल्ले "छोडेर जान्नँ" भन्च । यो यस्तो बाठो रच । यल्लाई त मार्नपर्च ।" त्याँसी ऊ सुत्यो । बुढीले रोटी पकाउन थालिच । दुई, तीन थरी रोटी पकाइच अनि भोलिपल्ट बिहान उठेर "लौ हिँड्, सोली बोकेर हिन्, गङ्गाजी नुहाउन जानपऱ्यो" भनेर भनिच । गङ्गाजी नुहाएपछि यो पाप कटनी हुन्छ ।

बुढाले जुत्ता लैजान बिर्सेछ । घरमाथि सल्लाको झाडी जङ्गल रैच । त्याँट "जा बाबु जुत्ता लिएर आइजा" भनेर भनेच ।

"आमाले दिनुहुन्न कि ?" भनेच ।

"देल देल भन्चु म" भनेच । त्याँट केटो गएच । "ल गङ्गाजीमा चढाउने यसो गुरुभेटी नाक र कानचाहिँ काटेर लानपऱ्यो आम्मै, त्यही भन्नुभछ बाले" भनेच ।

नाक र कान काट्नी त बुढीको सोबासै, त्याँट सोधिच- "दिनी हो र ?"

"देल देल, मैले पठाको हुम्" भनेच ।

नाककान काटेच र जुत्ता पनि लिएर गएच । गङ्गाजीमा पुगेचन्, बाटाँ नास्तासास्ता पनि केही खा छैनन् । गङ्गाजीमा पुगेर नुवाइधुवाइ गरेच । अब क्यार्नी त साँझ पर्न लाओ अनि रोटी खाएचन्, मिठामिठा आफूले खाएच, नमिठा बुढालाई दिएच, केही रोटी राति खान मन लाग्यो भने खाउँला भनेर राखेचन् ।

बुढाले- "यत्रो बाटो हिँडेको । म बुढो मान्छे थकाइ लाग्यो, खुट्टा माड्दे" भनेच । गङ्गाजीका तिराँ बालुवामा बस्याछन् । बुढाले खुट्टा पसारेच, उल्ले दाहिने खुट्टो मस्काको मस्काई, मस्काको मस्काई गरेच । बुढाले भो भन्दैन, बुढो निदाएच । उल्ले सोली लगेच र बुढाको खुट्टामुनि घोप्टाइदिएच र आफू बसेको जस्तो बनाएच । आफूले चाहिँ यता रोटी खान थालेच । एकछिनपछि बुढो व्युँझिएछ । दाहिने खुट्टो उचालेछ र भुक्क हिर्काएर, "लौ खा" भनेछ । भन्दाखेरि "जेउरे भ्यार अर्सा खान लाछु" भनेर भनेच ।

"जान बाउ सोली ल्याइदे । अब जे भओ भओ" भनेर बुढाले भनेच ।

उसले गङ्गाजीमा बगेको सोली झिउतिएछ । त्यो बुढाको ससुराली त्यतै रच । ससुराली जाँदा "पहिला भाग मलाई दिन्छौ कि दिँदैनौ ?" बुढा भनेर भनेच ।

बुढाले- "दिन्चु" भनेच ।

"नदिने भए मैले फाल्दिन्चु, दिन्चौ भने म फाल्दिनँ" भनेर भनेच ।

बुढाले फेरि भनेच- "दिन्चु ।"

लौ त भनेर ससुराली गचन्- "तिम्रा ज्वाइँले बेसरी चिसा रोटी खाछन् । तुस परेर बेहाल छ, ढिँडो ओडाल" भनेर लाएच । त्याँसी सासूले- "ज्वाइँलाई ढिँडो के दिनी ? खाजा नि पकाम्चु, ढिँडो पनि ओडाल्चु" भनेर ढिँडो ओडालिच, खाजा पनि पकाइच । अब पहिला त खाजा पस्केर दिई । त्यो केटो तल छ केरे उल्लाई दियो ।

"ए ज्वाइँले त ढिडै खान खोज्नुभको रच" भनेर ढिँडै पस्की, ढिँडै खान दिइच । त्याँट पिँडीमा ओछ्यान लाइदिइच, ऊ सुतेछ । राति भोकले क्याउ क्याउ भच ।

बुढाले- "भोक लाओ" भन्दो रच ।

"भँडारा चिउरा छ, चोरेर खाऊ" भनेर लाच ।

"यस्तो अँधेरा क्यारेर जाम् ?" बुढाले भनेच ।

"ल यो समात्दै जाऊ" भनेर पटुका फुकाएर दिएच । बुढो त्यही पटुका समात्तै गएच । त्यहाँ पुगेपछि चिउरा फुक्दै खाँदै, फुक्दै खाँदै गरेच । पटुकाको टुप्पो लगेर सासू सुतेका खाटका खुट्टामा बान्दिएच । समात्दै जाँदा सासू भएका ठाउँमा पुगेर "भुसैसितका चिउरा पेटभरि खाएँ" भनेर भनेच ।

"ए ! ज्वाइँ म थिम आए" भनेर सासूले हल्लाखल्ला गरिच ।

"तिम्रा ज्वाइँ यस्ता छन्, देख्यौ" भनेर बिजेत गरेर हिँडेथ्यो अरे । त्यस्तो फटाहा थियो अरे त्यसको भाइ ।

भन्नीलाई फूलको माला
सुन्नीलाई सुनको माला
यो कथा वैकुण्ठ जाला
भन्नी बेलाँ तुरुन्तै आउला ।

स्रोतव्यक्ति - कृष्णप्रसाद अर्याल
उमेर - ७७ वर्ष
ठेगाना- पुतलीबजार नगरपालिका - १०, नारानगढ, स्याङ्जा
सङ्कलन मिति - २०७७ असार ०७ गते

## २८. बालन

बालन सुरु गर्दा चारै दिशा र आकाश पातालका देवतालाई पुकार गरी सुरु गरिन्छ ।

हो ! पूर्वी है दिशाका कश्यप ऋषि[२]
तिम्रो सेवा गरे पो हाम्रो रक्ष होला[२]
हामी खेल्छौ एको पाउ सारी कृष्ण[२]

हो ! घर को छ ? घरैका घरबेटी[२]
बाहिर क्या कीर्तन लाग्छ कृष्ण[२]
हो ! निस्कँदा हुँ बालने भाइ हो
हाम्रै हात दिनु, खानु छैन
हो ! हाम्रै हात दिनु, खानु राजस्व चाहियो
हामी माग्छौं गुदरी काम्लो कृष्ण
हो ! तिम्रै हात दिनु, खानु राजस्व चाहियो
हामी माग्छौं फूलकी माला कृष्ण ।

त्यहाँ मथुराका राजा उग्रसेन र गोकुलका राजा क्षेत्रपाल हुन्छन् । उग्रसेनकी छोरी देवकी राजकुमारी हुर्कैर ठूली हुँदै गएकी  हुन्छिन् । उतापट्टि गोकुलका राजा क्षेत्रपालका छोरा वसुदेव पनि हुर्केर ठुलै भएका हुन्छन् । त्यसैले उग्रसेन राजा आफ्नी छोरीका लागि वर खोज्न दरबारबाट बाहिर निस्कन्छन् ।

हो ! देवका चेली त समरथ भइन्
वर खोज्न उग्रसेन लागे कृष्ण
वर खोज्न उग्रसेन लागे ।
हो ! वसुदेव चेला त समरथ भए
कन्या खोज्न क्षेत्रपाल लागे कृष्ण
कन्या खोज्न क्षेत्रपाल लागे ।

उग्रसेन र वसुदेवका पिता क्षेत्रपालको बाटैमा भेट हुन्छ । त्यसपछि राजाहरूले बातचित गर्छन् । मथुराका राजा उग्रसेनले भन्छन्- “ए ! तपाईं कन्या खोज्न हिँड्नुभको हो भने मचाहिँ वर खोज्न हिँडेको हुम् । त्यसो भने हाम्रा छोराछोरीको विवाह गरम्” भनेर प्रस्ताव राख्छन् ।

“हुन्च त नि” भनेपछि सहदेव जैसीलाई ल्याएर चिना हेराउँछन्, चिना हेरेपछि सहदेव जैसीले देवकी र वसुदेवको विवाहको लगन ठहऱ्याउँछन् । क्षेत्रपालले आफ्ना छोरा वसुदेवलाई दुलाहा बनाएर जन्तीका साथ मथुराको दरबारमा विवाह गर्न जान्चन् । वरमाला पहिऱ्याई यज्ञमा काम सकेपछि उग्रसेन राजाले आफ्ना छोरा कंसलाई “ल तिमीले देवकी बहिनीलाई गोकुल सहरसम्म पुऱ्याएर आऊ” भनेर जिम्मा लगाउँछन् । जेठो छोरो कंसले तरबार भिरेर आफ्नी बहिनीलाई दिनुपर्ने सारा धनदौलत रथमा राखेर गोकुलमा लैजाँदै गर्दा बाटोमा आकाशवाणी हुन्छ-

“जाँदै छस् तँ पुऱ्याउनकन, स्वयम् जसलाई बहिनी भनी
मर्लास् अष्टम गर्भबाट उसैकै, जन्मन्छ कालै बनी ।”
(अष्टम गर्भ तेरो काल हुन्छ भनेपछि कंस झस्कन्छ )
कंसले भन्छ-
“फेदै काटिदिएपछि कसोरी, बिरुवा फल्ला र फुल्ला अनि
तसमा देवकीलाई म काट्छु अहिले, हो कालको बोझ भनी ।”

कंसले तरबार झिकेर आफ्नी बहिनी देवकीलाई काट्न खोज्छ । त्यसबखत वसुदेवले छेक्छन् र दुवैथरी विवादमा फस्छन् ।

कंसले- “वसुदेव पनि काट्छु भन्छ” त्यसपछि वासुदेवले भन्छन्- “म सबै गर्भ तपाईंलाई बुझाउँछु” भनेपछि कंस मान्छ ।

कंसले भन्छ- “त्यसो भने जानुस् त नि” भनेर फिर्ता गर्छ । देवकीलाई लिएर जन्तीसहित वसुदेव गोकुल दरबार पुग्छन् ।

पहिलो बच्चा जन्मनासाथ वासुदेवले बच्चा बुझाउन भनेर गोकुलबाट कंसको दरबारमा लान्चन् । कंसको दरबारमा लगिसकेपछि मन्त्री, सेनापति राखेर कंसले छलफल गरेको हुन्च- “हाम्रो काल भनेको त आठौँ गर्भ हो यसलाई फिर्ता पठाइदिऊ” भनेर वसुदेवलाई नै दिन्च । फिर्ता गरेको एक दुई दिनभित्र मथुरा दरबारमा नारद ऋषिको प्रवेश हुन्च । नारदजीले कृष्ण भगवान्को चरित्रको वर्णन गर्दै आफूले लिएको बाजा बजाउँदै हिँडेका हुन्चन् । कंसले ऋषेश्वर भनेर नारदमुनिको एकदम सत्कार गर्छ र सोध्छ- “के हो यस्तो यो ?”

“अहो ! महाराज कंस अब यो त जस्तो पनि हुन सक्छ, तपाईंले अझ राम्रोसँग विचार गर्न सक्नुभएनछ, एकबाट आठ पनि हुनसक्छ, आठबाट एक पनि हुनसक्छ । भगवान्को लीला हो यो भन्न सकिँदैन । त्यसकारणले तपाईंले यो अलिकति गलत गर्नुभयो कि विचार गर्नुस्” भनेर नारद ऋषि हिँड्दिन्चन् । नारद हिँडेपछि कंसको मनमा छटपट्यास हुन्च, उता तेत्रो आकाशवाणी सुनेको छ ।

कंसको मनमा छटपट्यास भयो- “अहो ! त्यसो भने त तुरुन्त वसुदेव र देवकीलाई ल्याउनुपऱ्यो” भनेर आफ्ना सेनालाई खटाउँछ । मन्त्रीसहित गएर देवका र वसुदेवलाई बच्चासहित लिएर आउँछन् । देवकी र वसुदेवलाई जेलमा राख्छ । कंसले छओटा बच्चा मारिदिन्छ । देवकीको सातौँ गर्भ रहन्च । भगवान्को लीलाअनुसार देवकीको सातौँ गर्भ वसुदेवकी पहिली श्रीमती रोहिणीको गर्भमा जान्च र बलरामको जन्मचाहिँ गोकुलमा हुन्च । आठौँ गर्भ त भाद्र महिना, अष्टमी तिथि, रोहिणी नक्षत्र परेको छ । मध्यरातको बाह्र बजे मथुराको जेलभित्रै भगवान् कृष्णको जन्म हुन्च । जन्मदाखेरि भगवान्ले आफ्नो पहिला स्वरूप र चरित्र बाबाआमालाई देखाउनुहुन्च, कृष्ण भगवान्लाई उनले पूजा गर्छन् । उत्तिखेरै भगवान्को स्वरूप बच्चै हुन्च । उत्तिबेलै आकाशवाणी हुन्च- “कृष्ण भगवान्लाई गोकुल पुऱ्याइदेऊ र गोकुलदेखि यशोधा मैयाँबाट जन्मेकी योगमायालाई लिएर आउनुपऱ्यो ।”

जेलका सबै झ्याल, ढोका सारा बन्द छन्, फलामका साङ्ला बाँधिएका छन् । “कसरी लिएर जानी रातमा ?” भन्दाखेरि त्यही मौकामा सारा ढोकाहरू आफैँ उघ्रिन्छन् । कंसका पाले, पहरा निदाका हुन्चन् ।

त्यो मौकामा वसुदेवले भगवान्लाई टोकरीमा राखेर थाप्लामा राखी जानुहुन्च । पानी परेर गङ्गाजी एकदम बढेकी हुन्चिन्, तर्न गाह्रो हुन्च । पानी परे पनि शेषनागले भगवान् कृष्णको शरीरलाई ढाकेका हुन्चन् । केही समयपछि पानी बिदो हुन्च र वसुदेव नदी तरेर गोकुल पुग्चन् ।

गोकुलमा फेरि यशोधा मैयाँका पुत्री योगमायालाई माग्चन् तर उनी गोकुल दरबार पस्दैनन् । ठ्याक्क नन्दबाबासँग उनले कुराकानी गर्चन्, यशोधा मैयाँलाई थाहा हुँदैन । नन्दबाबाले कृष्ण भगवान्लाई भित्र लगेर त्यही राखी योगमायालाई लेर आम्नुहुन्च । त्यो दिएपछि वसुदेवले बोकेर मथुराको जेलमा पस्दाखेरि सारा ढोकाहरू खोलिएका हुन्चन् र भित्र पसेपछि सारा ढोकाहरू आफ्से आफ् बन्द हुन्चन् । सारा पाले, पहरा बिउँझन्छन् । योगमाया च्याँच्याँ गरेर रुन थाल्छिन् । यस्तो वातावरणसँग कृष्ण भगवान्ले जेलमा आठौँ अवतार लिएर पारि जानुभयो । त्यसपछि कृष्ण ठुलो हुँदै जानुहुन्च, बढ्दै जानुहुन्च । उहाँले दही चोरेर खाने, यशोधा मैयाँलाई सताउने, जुन खामामा बाँध्यो त्यही खामो पल्टाउने, रुखसमेत पल्टाउने, ढिकीको उर्घलमा बाँधेको उर्गेलसमेत उखेल्दिनी गर्नुहुन्च ।

एक दिनको कुरा हो, “कृष्णले माटो खाइराखेका छन्” भनेर अरू साथीहरूले यशोधा मैयाँलाई भन्दिन्चन् । यशोधा मैयाँले मुखबाट माटो निकालम् भनेर “खै आँ गर त” भन्दाखेरि यशोधा मैयाँले बालक कृष्णको मुखभित्र पृथ्वीका सारा नदीनाला, भगवान्को लीला र मान्छेहरूको संहार देखेर, “अहो ! यो त भगवान्को स्वरूप पो रछ” भनेर उनी दङ्ग परिन् । उनले सबै कुरा नन्दबाबालाई बताइन् । उता जेलमा योगमाया च्याँच्याँ रोएपछि कंसलाई खबर दिए । खबर दिएपछि देवकीको आठौँ गर्भ जन्मेच भनेर ऊ जेलमा आउँच ।

“खोइ बहिनै देवकी तिम्रो बाला हेरौँ, काखैमा लिएर खेलाऊ ।”

“तीनै दिनकी सुत्केरीलाई छुन हुन्न दाजै, टाढैबाट हेरिबक्सियो, कृष्ण ।”

भनिसकेपछि उसले काखबाट बच्चा खोस्छ- “अहो ! छोरा भनेको त छोरी पो रैछ यल्लाई मार्दिन्छु” भनेर पछार्न खोज्छ । पछार्न खोज्दा योगमाया हातबाट फुत्केर, उडेर जान्चिन् ।

“तँ जाबा कंसले के मार्लास् मलाई, तँलाई मार्ने गोकुलैमा पुग्यो” योगमायाले आकाशबाट भन्छिन् त्यसपछि “अहो ! मैले त ठुलो गल्ती गरेछु” भनेर पल्टन खोज्छ र सेनाहरू आएर कंसलाई लिएर जान्चन् ।

“दरबार लैजानभन्दा पहिला मलाई जेलमा लगिदेऊ” भनेर कंसले भन्च । जेलमा गएपछि उल्ले अहिलेसम्म गरेका क्रियाकलापमा पश्चात्ताप गर्छ तर जेलबाट देवकी र वसुदेवलाई छुटाउन दिँदैन ।

“जे हुनु थियो भैहाल्यो दाजी, अब किन यो दुःख मान्नु छ र ?” भनेर देवकीले भन्चिन् । कंस आफ्नो दरबार फर्कन्छ त्यसपछि कंसले कृष्णलाई मार्न पुतना पठाउँछ तर पुतना मर्छे । फेरि अक्कासुर पठाउँछ, त्यो पनि मोर्च ।

अन्तिममा कंसले कृष्णलाई निम्ता दिँदै भन्च- “तपाईंहरू मथुरामा आउनुस्, मैले यज्ञ गर्न लाको छु” भनेर ढाँट्च । त्यस समयमा धेरै हात्तीहरूले कुल्चाएर मार्नी षड्यन्त्र गर्छ तर भगवान् कृष्णले ती सबैलाई मार्दै मार्दै गएर कंसलाई नै मार्नुहुन्च । कृष्ण र कंसको लडाइँमा कंसको हार हुन्च । सारा देउताहरू खुसी हुन्चन् र पुष्पवृष्टि गर्चन् । उग्रसेन राजालाई पनि कंसले जेलमा लगेर थुनेको थियो ।

कंसले आफ्नो अधिकार लिन उग्रसेनलाई थुनेर श्रीपेच लगाएको थियो । कंसलाई मारेपछि त्यही श्रीपेच कृष्ण भगवान्‌ले उग्रसेनलाई लगाएर त्यस राज्यको कारोबार सुम्पनुहुन्च ।

स्रोतव्यक्ति - माधवप्रसाद पौडेल
उमेर - ६२ वर्ष
ठेगाना- पोखरा महानगरपालिका - १९, पुरनचौर, कास्की
सङ्कलन मिति - २०७५ मंसिर २७ गते

## २९. बुद्धत्व

एउटी बुढी आमा र एउटा छोरा थिए । बुढीआमा एकदम बुद्ध भगवान्प्रति आस्था गर्ने र छोराचाहिँ व्यापारी थियो । घरबाट बाहिर व्यापार गर्न जाने बेलामा आमाले छोरालाई भन्नुभयो- "व्यापार गरेर फर्कने बेलामा बुद्धसम्बन्धी केही न केही चिज लिएर आऊ है ।"

"हुन्च आमा" भन्नी तर आफ्नो व्यापारले गर्दा फर्कने बेलामा जहिले पनि बिर्सनी । छोराले दुई, तीनपटक नै केही ल्याउन बिर्सेछ । अन्तिमपटक घर पुग्दाखेरि याद आएछ- "मेरी आमाले यसो भन्नुभएको थियो । धेरै पटक भयो केही पनि ल्याउन पाइएन । सायद आमा दुःखी हुनुहुन्च" भनेर यताउता खोज्दाखेरि एउटा सानो सिङ भेटाएच ।

"सिङ ढाकेर भए पनि आमालाई लगेर दिनुपऱ्यो" भनेर रुमालमा पोको बनाएछ । पुग्नेबित्तिकै आमाले भनिन्- "ए ! छोरा के ल्यायौ त ?"

"मैले यस्तो ल्याछु" भनेर रुमालको पोको दिएच ।

आमाले त्यसलाई एकदम सम्मान स्वरूप घरको पूजा कोठामा लगेर राखिचन् । त्यहाँ उनले बत्ती बालेर प्रार्थना गरिचन् । यसो गर्दा गर्दा छोराले कहाँबाट ल्याएको हड्डी पनि एकदम टल्केर बत्ती बलिराखेको थियो रे । त्यो देखेर आमा एकदम खुसी हुनुभयो । मान्छेभित्र आस्था भयो भने हड्डीमा पनि भगवान्को बास हुँदो रहिछ ।

स्रोतव्यक्ति - शिवप्रसाद थकाली
उमेर - ५९ वर्ष
ठेगाना- घरपझोङ गाउँपालिका - ३, स्याङ, मुस्ताङ ।
सङ्कलन मिति - २०७७ चैत १५ गते

## ३०. बुद्धिमान बा

एउटा देशमा दुइटा बुढाबुढी रहेछन् । तिनका चार, पाँच भाइ छोराहरू रछन्, तिनीहरू धेरै घरदेखि बाहिर रछन् । बुढाबुढीलाई नहेर्नी, सान्त्वना केही नदिनी, कहिलेकाहीँ आए भने पनि यताउति गर्नी, अलि हेला गर्दा रहेछन् । बुढाबुढीले जेनतेन जीविका गरेका थिए । उनीहरूको वृद्ध अवस्था भयो । बुढी मरेर गइन्, श्रीमती गएपछि बुढाले एक्लो जीवन बिताउनुपऱ्यो । बुढा एक्लै भए, छोराहरू कसैले पनि हेरेनन् ।

बुढाले- “अब मैले केही त गर्नुपऱ्यो” भन्नी सोचे । उनले एउटा बाक्सा किनेर त्यसमा ढुङ्गो हालेचन् । आधा जति ढुङ्गो हालेपछि ताला लाए अनि सिरानाँ राखे ।

छोराहरू भेट्न आउँदा “बुबा यो बाक्साँमा के छ नि ?” भनेर सोध्छन् ।

सबैसँग “केही छैन, मेरो यो बाक्साँ केही छैन” भन्नुहुँदो रैछ । त्यसपछि छोराहरू अलि बाक्लो आउन लागेचन् ।

“यो बाक्साँ बुढाको केही त पक्कै छ ? सिरानाँ हालेर केही छैन भन्नुहुन्च, छुन पनि दिनुहुन्न, हेर्न नि दिनुहुन्न” भनेर छोराहरू सबै अलि बाक्लो गरी भेट्न आए । त्यसपछि बुहारीहरू पनि आउन थाले । नाति, नातिनी पनि भेट्न आउन लागे । त्यसरी नै जाँदाजाँदा बुढा धेरै समयसम्म बाँचे ।

“यो बाक्साँ त पक्कै पनि केही छ” यसो बुढाको छेल पारेर उचाल्न खोज्छन्, गरुङ्गो छ । हल्लाउँदाखेरि बज्च पनि ।

“यो भित्र त पक्कै पनि असर्फी छन् । बुढासित त धेरै नै सम्पत्ति छ, बुढालाई मैले स्याहार गरेँ भने सम्पत्ति मेरा हातमा आउँच” भनेर सबै छोराहरू तँछाडमछाड गरेर खुब स्याहार्न गर्न लाचन् । स्याहार गर्दागर्दै एक दिन बुढाको अन्तिम अवस्था आयो, उनको देहान्त भयो ।

“यसको चाबी कहाँ छ नि बा ?” भन्दाखेरि “यो म मरेपछि बिस्तारा उठाउँदा भेट्टाउँचौ, नभाए भेट्टाउन्नौ” भन्नुभाथ्यो । बुढाको देहान्त भैसकेपछि बुढालाई उठाए, चाबी त्यहीँ छ ।

“यहाँ त एक जना कुरुवा राख्नुपर्छ । यहाँ यत्रा पैसा छन्” भनेर त्यहाँ कुरुवा नै राखेर बुढालाई सत्गत गरे । आएपछि खोतलेर हेरे, चाबी पनि भेट्टाए । दश क्रिया गरे र क्रियामा राम्रोसँग दानदक्षिणा पनि गरे ।

“बुढाका पैसा छँदै छन्, गर्दिनुपर्च” भनेर खुब राम्रोसँग क्रियाकर्म गरे ।

“ल आइजाओ भाइ हो !” भनेर बुढाको चाबी खोजेर बाक्सा खोल्दाखेरि त ढुङ्गै ढुङ्गा पो रैचन् ।

“हाम्रो बुबा धेरै बाठो हुनुहुँदो रैच । हामीहरू भन्दा पनि हाम्रा बुबा धेरै बाठा” भनेर छोराहरू दङ्ग परे ।

यो कथा सुन्नीलाई सुनको माला

भन्नीलाई फूलको माला

सबै वैकुण्ठाँ जाला ।

स्रोतव्यक्ति - हरिलाल सापकोटा

उमेर - ६६ वर्ष

ठेगाना- देवघाट गाउँपालिका - ५, हरिहर, तनहुँ

सङ्कलन मिति - २०७७ पुस २८ गते

### ३१. बुधलागर कुँवर

सतियुगमा लोग्ने र स्वास्नीको झगडा पऱ्यो- "छोराछोरी कसको हो ?"

स्वास्नी भन्नी- "मेरो हो" अनि लोग्ने भन्नी- "मेरो हो ।"

"ल जाऊ अब न्याय राजासँग न्याय खोज्न जाऊ । यो न्याय राजाले कसको भन्छ ? कसको ठहर गर्छ ?" त्यसपछि लोग्नेस्वास्नी न्याय राजा कहाँ गए ।

"तपाईंहरू कहाँ आएको ?" भन्यो त्यो न्याय राजाले ।

"हामी लोग्नेस्वास्नीको झगडा परेको छ । यो छोराछोरी कसको हो ? स्वास्नीको हो कि लोग्नेको हो ?"

न्याय राजाले के भन्दियो- "छोराछोरी त लोग्नेको हुन्छ, स्वास्नीको हुन्न ।"

स्वास्नीले राजालाई भनी- "पक्का लोग्नेको हुन्छ ?"

"हो, लोग्नेको हुन्छ ।"

"ल त्यसो भए मैले कुखुराको भाले पालेको छु । जत्ति मेरो भालेले पोथीसँग बच्चा बनाउँछ त्यो सप्पै मेरो हुन्छ । मैले बाखा पालेको छु, मेरो पाठाले जत्ति बाली गराउँछ । बाखाले जत्ति बच्चा पाउँछ, त्यो जम्मै मेरै हुन्छ । त्यो बाली गराएको त जम्मै मेरो भयो नि, बोकाको हुन्छ त ?"

राजाले बुधलागर कुँवरलाई भने- "बुधलागर तिमी आकाशमा धरोहर बनाउन सक्छौ ?"

"मलाई एक महिनासम्म समय दिनुपर्छ ।"

राजाले एक महिना समय दियो । त्यसले चेहरा (परेवा) पालिराखेको छ, चेहरालाई खुब आफ्नो बोली सिखाएको छ । आफ्नो बोली सिखाएपछि "लौ राजा साहेब आज यो चौरमा सप्पै इँटासिट्टा सिमेन्टी सप्पै ल्याउनुस् है तर जेजे म भन्छ, एकोक्कै मिनेटमा त्यो तपाईंले पुऱ्याउन सक्नुपर्छ, धेरै बेर मान्दैन ।"

त्यो चेहरा (परेवा) को खुट्टामा धागो बाँधेर माथि उडाइदियो । त्यो चेहराले के भनेछ भने- "झिकट ल्याऊ, पत्थर ल्याऊ जल्दी जल्दी । झिकट ल्याऊ, पत्थर ल्याऊ जल्दी जल्दी" भनेछ । त्यहाँ टेबुलमाथि टेबुल जोडेको छ । ऊ आकाशमा उड्दै छ । राजाले सामान पुऱ्याउन सकेको छैन । ऊ त, "झिकट ल्याऊ, पत्थर ल्याऊ जल्दी जल्दी" भनेको भन्यै छ ।

राजाले पुऱ्याउन सकेन अनि फेरि राजाले के भन्यो- "ल, बुधलागर कुँवर तिम्रो जित भयो । म इँट्टा पुऱ्याउन सकेन ।"

राजाले फेरि भन्यो- "हे ! बुधलागर कुँवर तिम्रो बुद्धि बढ्दै छ कि घट्दै छ ?"

"मेरो बुद्धि त बढ्दै छ ।"

"ल, अब तिमीले के गर्नुपर्छ सुन ? सानो कुमालेको घैंटो, गाग्रोभित्र फर्सी फलाऊ त,

सक्छौ ?"

"सक्छु राजा साहेब तर मलाई अलि समय दिनुपर्छ ।"

"लौ समय दिन्छु, एक महिना ।"

उसले फर्सीको बिउ त्यही घैँटोभित्र हाल्यो, घैँटोभित्र फुल्यो । घैँटोभित्र फल्यो, घैँटोभित्र ठुलो भयो अनि उसले घैँटो लयो ।

"ल राजा साहेब, मैले फर्सी फलाएर ल्याइदियो तर मैलेजस्तो भित्र हालेको छ त्यस्तै तपाईं निकाल्नुपर्छ ।"

राजाले झिक्न लायो, सकेन, अब यत्रो मुख छ, वहाँभित्र फलाएको छ । झिक्दाझिक्दा सकेन झिक्न ।

"तपाईंको बुद्धि ठुलो भयो अहिले पनि बुधलागर कुँवर, म यो सकेन ।"

"अझै तपाईंको बुद्धि घट्दै छ कि बढ्दै छ बुधलागर कुँवर ?"

"मेरो बुद्धि स्यानो हुँदैन" भनेर भन्यो ।

"लौ, अब धुलोको रसी बाट त ।"

"हुन्छ म त्यो पनि बाट्छु । भोलिपल्ट बिहान लिएर आउँछु" अनि त्यसले बाटेको रसी घैँटोमा राखेर जलाइदियो । रसी खरानी भयो, सुस्तो सुस्तो त्यो लिएर राजा कहाँ गयो ।

"लौ धूलोको रसी ल्याइदियो राजा साहेब । जसरी म बुधेर राखेको छ त्यसरी उठाउनुस् । म कसरी बाटेको छ सिङ्गै ल्याउनुस् है" भनेर सिङ्गै उठाउन लायो । खरानी फ्यास्सै गयो ।

"मैले कसरी बाट्यो ? तपाईं जम्मै किन यो धूलो गरायो ?"

"हो तपाईंको बुद्धि ठुलो भयो त ? तपाईंको बुद्धि ठुलो, म सकेन ।

फेरि पनि राजाले भन्यो- "ए ! बुधलागर कुँवर तिम्रो बुद्धि घटेको छ कि बढेको छ ?"

"मेरो बुद्धि कहाँ घट्छ ? मेरो बुद्धि बढ्दै छ ।"

"लौ अब तिमीलाई कारगार बनाएर थुन्छु, जेलमा राख्छु तर जेलभित्र बेलोग्नेको दुइटा बच्चा पाउनुपर्छ तिम्ले ।" राजाले थुन्दिए अनि सिपाहीहरूलाई भने- "यल्लाई कत्ति पनि ननिकाल्नुस् है । भित्र खान दिनू, भित्रै दिसापिसाब गर्छ ।"

"लौ, दुइटा बच्चा पाएन भने जीवनभरि जेलभित्रै ज्यान गुमाउनुपर्छ । कति छ तिम्रो बुद्धि ?"

"लौ हुन्छ, म जेलै बस्छु" अनि जेल बस्यो । बेलका बेलका जेलको घरको छेल पारेर निक्लनथाल्यो । अनि के गर्थ्यो ? भन्दा मालिनको भेष गर्थ्यो । एकदम राम्रो टोकरीमा फूल लिएर, शृङ्गार गरेर बेच्न जान्थ्यो । राजाले- "खै मलाई ल्याउनुस् यो फूल" भनेर त्यहीँ बोलाउँथ्यो । राजासँग गफसफ हुन्थ्यो फेरि

त्यो जेलभित्र दुलो थुनेर बस्थ्यो । त्यसो गर्दागर्दा जेलैभित्र एउटा बच्चा भयो । त्यो बच्चा बाहिर निक्लेर खेल्थ्यो । त्यो बच्चा हुर्केपछि फेरि बुधलागर कुँवर मालिनको भेषमा फूल लिएर राजा कहाँ जान्थ्यो ।

"त्यस्तो राम्रो फूल ल्याएको छ यो मालिनले, खै त्यो यता ल्याऊ" राजासँग गफसफ हुन्थ्यो । फेरि त्यो दुलो बन्द गरेर दिनभर जेलमा बस्थ्यो । राति त पुलिसहरूले हेर्ने कुरा आएन । दैलोमा मात्रै डिप्टी हुन्च । त्यसो गर्दा अर्को बच्चा पायो, त्यो पनि हुर्क्यो । यत्रोयत्रो भएर बाटोमा खेल्न लाए ।

एक दिन राजा त्यहीँबाट नुहाउन गयो, सोध्यो- "यो बच्चा कसको हो ? ए ! बुधलागर

कुँवर ।"

"हजुर ।"
"यो बच्चा कसको हो ?"
"यो बच्चा तपाईंको हो ।"
"मेरै हो ? कसरी मेरो हुन्छ ? त जेलभित्र ।"
"यो चाहिँ राजाकै बच्चा हो ।"
"अनि कसरी मेरो भयो ?"

"म मालिनको भेष राखेर तपाईं कहाँ जान्थ्यो । तपाईंसँग गफसफ हुन्थ्यो, यसरी यो बच्चा भएको हो । मलाई जेलभित्र थुन्नुभयो । मैले एउटा छल गर्‍यो र मालिनको रूप राखेर फूल लिएर हजुरकहाँ जान्थ्यो । हजुर मसँग गफसफ गर्‍यो कि गरेन ? त्यही भएर दुइटा बच्चा भयो" त्यो राजा चङ्खा खायो ।

"म तिमीलाई जित्न सक्दैन ।"

सुन्नेको सुनको माला
भन्नेलाई काठको माला
बोलो भाइ राम राम ।

स्रोतव्यक्ति
नाम - शिखाराम महतो
उमेर - ८७ वर्ष
ठेगाना- देवचुली नगरपालिका - १७, छिपेनी, नवलपुर
सङ्कलन मिति - २०७७ फागुन १८ गते

३२. भाग्य

कुनै समयमा एउटा सत्तलसिंह राजा थिए । ती राजाले- “जसले मेरो घरमा आएर सय मुरी कोदो र सय मुरी तोरीलाई बेग्लाबेग्लै छुट्याम्न सक्च त्यसलाई म छोरी दिन्चु, अरूलाई दिन्नँ” भन्नी कबुल गरेका थिए । अर्को देशका राजाका छोराले- “म गर्छु विवाह, म सक्चु” भनेर घमन्डसाथ विवाह गर्न जाँदाखेरि त भाग्यवश उसलाई त्यस्तै मौका मिल्न गयो ।

बाटामा जाँदा जाँदै एउटा जवानले डोको बुनिराखेको थियो । त्यो डोको बन्दा वर्ष दिनमा डोकाको एउटा फेरो मात्र बुनिरहेको थियो । डोको टुङ्गिएर बिट मार्नी बेला हुन लागेको थियो । त्यसै अवस्थामा सत्तलसिंह राजाकी छोरी विवाह गर्न भनेर हिँडेका जन्तीहरू, दुलाहासहित बाटामा भेट भयो- “यो डोको क्यार्न बन्नुभको ?” भन्दाखेरिमा त्यल्ले- “म सत्तलसिंह राजाकी छोरीका विवाहमा गर्दुवा बोक्नी हो” भन्यो ।

“उसो भा त सत्तलसिंह राजाकी छोरी विवाह गर्न म जानी हुम्, ल हिँड” भनेर भन्यो । त्यो डोको बुन्नीलाई पनि लिएर गयो । बाटामा जाँदाजाँदै अलिपर पुगेपछि एउटाले बसेर सुस्तसुस्त पिसाब गरिरहेको थियो । त्यसले पिसाब अर्दाखेरिमा नदी बगेको थियो ।

“ओहो ! तपाईंले त ख्वाल्ल मुत्ने हो भने कस्तो होला ? मुत्नु न” भन्दा, “हैन म त सत्तलसिंह राजाकी छोरीका विवाहमा पिसाब अर्नी हो, अहिले त मैले मुत्दिनँ” भनेर भन्यो ।

“त्यसो भए म विवाह अर्न जान हिँडेको हुँ, ल हिँड्नुस्” फेरि त्यो पनि गयो ।

बाटामा जाँदाजाँदै भँगेरा चरीहरू जङ्गलमा थिए । उँधोट आगो दन्केर आयो, दन्केको आगोले चराहरू मर्न लाउँदा त्यो तुरतुर मुत्नीले अलिकति मुतिदियो । आगो निभेर सबै चराचुरुङ्गीहरू बचे, भँगेराहरू बचे । भँगेराहरूले त्यो राजाकी छोरी विवाह गर्न जानी दुलाहालाई भने- “हेर्नुस् हामीलाई यस्तो आपतबाट ज्यान बचाउनुभयो । तपाईंहरूलाई केही दुःख पर्‍यो भने हामीहरूलाई सम्झनुहोला । हामी त्यो दुःखबाट तपाईंहरूलाई निमुक्त गराउनी छम्” भनेर चराचुरुङ्गीहरूले भनेचन् ।

“हुन्च, म पर्‍यो भने हजुरहरूलाई निम्ता गर्नेछु” भनेर कबुला गरेर गए, राजाका दरबारमा पुगेचन् । सत्तलसिंह राजाको दरबारमा पुगेपछि “जन्ती आए” भनेर पर्से अरे । स्वागत गर्न पर्नी चिज सबै स्वागत गरे ।

राजाले अत्तो थापे- “ल, जल्ले कोदो र तोरी छुट्याउन सक्छ, उसैलाई मत्रै मैले छोरी दिनी कबुल छ ।”

“ल यो छुट्याउन पर्‍यो” भनेर दुलाहालाई भनेसी दुलाहाले- “लौ मेरी भँगेरी चरी हो” भनेर मनले चितायो । “लौ मेरी चरी हो मलाई आपत् पर्‍यो । सक्नुहुन्च भने आउनुस्” भनेर मनले चिताएको थियो हररर चरीहरू आएर कोदो एकातिर, तोरी एकातिर छर्लक्क छुट्याइदिए । सत्तलसिंह राजाले त्यो दुलाहालाई सबै कुरा तयार बनाएर आफ्नी छोरी विवाह गरेर दियो ।

विवाह गरेर दिएपछि गर्दुवा टकार्‍यो । डोकावालाका डोकामा गर्दुवा हाल्चन् । डोको भोरिन्छ, हल्लाएपछि पिँधमा, फेरि भर्चन् हल्लाएपछि फेरि पिँधमा । यसैगरी बल्लबल्ल तीन, चारचोटिमा डोको

भोरियो । दुलाहा, दुलहीलाई बिदाइ गरेर ती सबै भँगेरा चरीहरू, पिसाब गर्नी, डोके सबै फिर्ता भए । आम्दाखेरि सबै आआफ्ना ठाम्मा बसे । चराहरू उही वनमा बसे । पिसाब गर्नी पनि हुइँ बस्यो । डोको, गर्दुवा बोकेर ल्याम्नीले त्यहीँ ल्याएर खनाइदियो । त्यो त पर्वतै सरहको थुप्रो भयो । “अब कसरी लानी ?” जन्तीहरू त अक्नबक्क परे ।

दुलही पनि शक्तिशाली थिइन् । उल्ले चिताई केरे- “हे ! म साँच्चैकी सती हुम् भने यो गर्दुवा बोक्नी सबै बाहानहरू खडा होऊ” भन्दाखेरिमा घोडा, गैँडा र हात्ती सबै तयार भए । तिनैलाई गर्दुवा बोकाएर घर गएर सम्पन्न भई बसे ।

स्रोतव्यक्ति - धर्मराज मरासिनी<br>
उमेर - ८४ वर्ष<br>
ठेगाना- पुतलीबजार नगरपालिका - ३, तिलाहार, स्याङ्जा<br>
सङ्कलन मिति - २०७७ असार १८ गते

## ३३. भावी

हाम्रा घरमा कस्तो कथा छ भने छोरी मान्छे भयो भने पाँचौं दिनसम्म र छोरो मान्छे भयो भने छैटौं दिनसम्म सिरानीमा कलम, कापी र चामल राखिदिनी चलन छ ।

दरबारमा एक दिन राजकुमार जन्मेच । राजकुमारको छैंठिको दिन जब भावी दरबारभित्र पसेको थियो तब राजाले ढोकामा छेकेर बसेचन् । त्यसरी राजाले बाटो छेकेर बसिसकेपछि बिहान उज्यालो हुने बेला भावीले- "म जान्छु, बाटो छोड" भन्दो रैछ ।

"हैन मेरो छोराको निधारमा के लेखिस् ? त्यो भन् अनि म छाडिदिन्छु" भन्दाभन्दै भावीले नभनीकन राजाले बाहिर जान दिएनछन् अनि उल्ले के भनेच भने- "तेरो छोराको निधारमा सोह्र वर्ष पुगेपछि घरमुन्तिरको बेलौतीको रुखमा झुन्डिएर मरोस् भनेर लेखिदिएँ" भावीले भनेच ।

राजालाई नपुग्दो के थियो ? घरमुन्तिरको जम्मै बगैंचा फाँड्न लगाए । कतै केही पनि छाडेका थिएनन् तर एउटा सानो जरा कताबाट बचेछ, त्यो फेरि पलाएर आयो । बर्सेनि फाँड्दै जाँदा बाह्र, चौध वर्ष भएपछि राजाले राजकाजले बगैंचा फाँड्ने काम भुलेचन् । त्यही वर्ष बेलौतीको रुख त धेरै ठुलो भयो । राजकुमार सोह्र वर्षको उमेरमा त्यही बेलौतीको रुखमा झुन्डिएर मरेछ । त्यसैले भावीले छैंठिको दिन निधारमा लेख्छ, त्यो कसै गरे पनि टर्दैन" भन्ने किंवदन्ती छ ।

स्रोतव्यक्ति - उमेशराज पाण्डे
उमेर - ६५ वर्ष
ठेगाना- पालुङ्टार नगरपालिका - १, खोप्लाङ, गोरखा
सङ्कलन मिति - २०७७ पुस १८ गते

## ३४. भूत

अघि भूत र भुतिनी यही दरौंदीको किनारमा खुमलटारी भन्ने जग्गा बस्थे । त्यो ठाउँमा त्यस बखत भुतिनी गर्भिणी रचे । त्यो भुतिनी सुत्केरी हुनी बेला भरच । कुमाल जाल खेल्दै जाँदाखेरिमा त्यहाँ भुतिनीलाई भेटेच । त्यो भुतिनीले भनिच- "ओहो ! तिमी कहाँ जान, क्यार्न आयौ ?" भन्दाखेरिमा "म माछा मार्न आको हो" भनेर भन्यो ।

त्याँट उल्ले के भनिच भने- "हाम्रा मालिक सेरा भन्ने ठाम्मा पल्टन खेलिराखेछन् । त्यहाँ गएर भन्देऊ, लिएर आइदेऊ" भनेर भुतिनीले भनिच अरे ।

"म कसरी चिन्चु र ? अब उहाँ कस्तो हुनुहुन्च ? के हुनुहुन्च ? म के भनेर बोलाउनी ?" भनेर भनेच ।

"ए ! लालबहादुर भनेर बोलाउनू । पाउमा हेर्नु, उनको खुट्टा पछाडि फर्केको छ । बुट जुत्ता लाको पनि पछाडि नै फर्केको छ" भनेर भुतिनीले भनिच ।

"त्यसो भए म जान्चु त ।"

"जालसाल पनि यही राखेर जाऊ" भनिच । जाल हुइँ पाखैमा राखेर सेरा भन्नी ठाउँमा गएच अरे । पल्टनियाहरू त पल्टन खेलिराछन् । त्यो अघिको पल्टन खेल्ने ठाउँ हो । छप्राकी राजाहरू बसेको ठाउँ हो, त्यो सेरा भन्नी ठाउँ । अनि उल्ले- "लालबहादुर भन्नी को होला ?" भनेर भन्दाखेरिमा, "म हो" भनेच ।

"लौ यता आउनपऱ्यो एकछिन । तपाईंको श्रीमतीले खबर पठाउनुभाछ ।"

"कस्तो खबर ? के होला ?" भनेर आफ्नो मालिकसँग सोधेर आएच ।

"किन हो ? के भो ?"

"तपाईंकी श्रीमतीलाई बेथा लागेच, आत्तुरी पऱ्या छ । तपाईं जानपऱ्यो अरे ।"

"ल हिँड्नुस् जाम् । मलाई लिएरै आइजा भनेर भन्नुभाछ" भनेच अरे ।

आफ्नो मालिकलाई भनेर लालबहादुर आयो । त्यसपछि खुमलटारी भन्ने ठाउँमा आइपुगेपछि "मैले लिएर आएँ" भनेर ऊ बाहिरैबाट बोल्यो । त्यसपछि भूतले मान्छेलाई भ्याप्प तानेर पानीमा लग्यो । उल्ले उही पर भुतिनी सुत्केरी हुनी ठाउँमा पुऱ्यायो । भित्र ओभानो, जस्ताको तस्तै झलल परेको ठाम रच । ऊ सुत्केरी भएर बसी ।

"जान्चु अब ।"

"पख पख" भनेपछि एकछिन पर्ख्यो । उसको तहबह मिलाइसक्यो ।

फेरि "ल मलाई निस्कन देऊ, म जान्चु" भनेच अरे ।

"तिमी के लान्छौ त ? के माग्छौ त्यही दिन्छौँ" भनेर भूतका लोग्नेस्वास्नीले भनेचन् ।

"म के माग्छु र ? के लैजान्छु र मैले ? तपाईं सक्ने जे दिनुहुन्छ, दिनुस् ।"

एउटा सुनको ठुन्को दिएच अरे । त्यो सुनको ठुन्को खल्तीमा हालेपछि फुत्त बाहिर निकाल्दियो । पानीबाटै बाहिर निकाल्दा पनि ओभानै जस्ताको तस्तै छ । कत्ति पनि भिज्या छैन । सर्लक्क पाखामा राखिदियो ।

"लौ तिमी जाऊ" भनेर भन्यो ।

"फेरि माछा मार्न जान्चु ।"

उसैले- "आज माछा नमार, तिमी जाऊ" भनेच अरे अनि त्यत्तिकै घरमा आयो ।

"किन रित्तै आको ?" भन्दा, "मैले ठुलो काम गरेर आछु, झन्डै मरिनँ । भनुम् भने राम्रै आछु, मलाई यस्तो यस्तो भो । भुतिनीले यस्तो भनी । भूतसँग म भित्र गएँ । पहरोभित्र जाँदाखेरि सुनले झलल भाको ठाम् रच र उल्ले मलाई एउटा ठुन्को सुन दिएको छ । यही हो माछा" भनेर आफ्नी बुढी माउलाई भनेच ।

यो सुनको किस्सा सप्पै ठाउँमा परिवर्तन भएर जाओस् ।

स्रोतव्यक्ति - नारायणबहादुर कुमाल
उमेर - ७७ वर्ष
ठेगाना- गोरखा नगरपालिका - ३, घलाङ, गोरखा
सङ्कलन मिति - २०७७ पुस १६ गते

## ३५. भुते बिरौटो

गोरखा सदरमुकामबाट करिब चार कोस टाढा बक्राङ भन्ने गाउँ छ । त्यो गाउँमा कालु अर्याल भन्ने व्यक्ति बस्नुहुन्थ्यो । उहाँ गोरखा दरबारमा काम गर्नुहुन्थ्यो । गोरखा दरबारमा पूजापाठ सञ्चालन गर्ने जिम्माचाहिँ कालु अर्यालको नै थियो ।

फूलपातीको दिन कालु अर्यालले फूलपाती सबै चलाएर दरबारबाट घर फर्कदाखेरि अबेला भयो, बाटैमा रात पऱ्यो । उनको घर लुधी खोला तरेर जानुपर्ने थियो । लुधी खोलाको नजिकै एउटा ठुलो आवाज आयो । “यो केको आवाज हो ?” भनेर हेर्दाखेरि भुतिनीचाहिँ बच्चा पाउन छटपटाइराको देखे । त्यही वरिपरि थुप्रै भूतहरू पनि रैछन् ।

कालु अर्यालले सोधे- “के भैराछ ?”

भूतले यथार्थ कुरो भने- “भुतिनीले बच्चा पाउन नसकेर पीडा भैराखेको छ । त्यसकै छटपटाहट हो ।” त्यसपछि कालु अर्यालले पानी मन्तरेर भुतिनीलाई खान दिए । पानी खाएपछि बच्चा सजिलैसित पैदा भयो अनि भूतहरू पनि छक्क परे ।

भूतहरूले भने- “हाम्ले नसोचेको कुरा प्राप्त गऱ्यौं । यसको गुन हामी तपाईंलाई तिर्न चाहन्छौं, हाम्लाई सम्झनोस्” भनेर एउटा किताब दिए । त्यो किताब लिएर कालु अर्याल घर फर्के ।

एक दिन त्यसको परीक्षण गर्नलाई “के हुँदो रैछ त ?” भनेर एकान्त कुनामा गएर किताब पल्टाको त भूतहरू थुप्रो त्यहाँ आइपुगे ।

“किन बोलाउनुभको गुरु ?” भनेर कालु अर्याललाई सोधे ।

“अब के भनम् ?” कालु अर्यालले यसो वरिपरि हेरे । उनले तुरुन्तै काम दिए भूतहरूलाई, “ल यो डाँडोलाई सम्यार खेत बनाउनुपऱ्यो ।”

“ल हुन्च हामी तयार गर्छौं र यो काम हामी गर्दिन्छौं” भनेर भूतहरूले त्यो पखेरोलाई सम्मो खेतको रूपमा त्यहाँ तयार गर्दिए ।

भूतहरू दिनभरि काम गर्थे, बेलकी फर्कन्थे । खाजा लिएर जानपर्ने चलन थियो । कालु अर्यालले चाहिँ एक दिन बुहारीलाई खाजा ल्याउन भने तर भूतको अगाडि त बुहारी पर्न हुँदैनथ्यो । “फलानो ठाउँमा राखिदेऊ र तिमी फर्केर आऊ” भनेर बुहारीलाई बताका थिए ।

बुहारीलाई चाहिँ “यो के गर्दो रैछ ?” भनेर उत्सुकता भयो । उनी घर फर्किनन् । बरु खाजा दिएर एउटा रुखमा चढेर बसिरहिन् । “के गर्दो रैछ खाजा ?” भनेर प्रतीक्षामा रहिन् ।

खाजा सुरु गरे, त्यसमा गुरु कालु अर्याल पनि हुनुहुन्थ्यो । गुरुलाई भूतहरूले- “हाम्लाई एउटा सिकार प्राप्त भाछ गुरु, खाऊँ ?” भनेर सोधे ।

“हुन्च तिमीहरूले सिकार खान्चौ भने मेरो के आपत्ति भो ?” भनेर गुरुले अनुमति दिनुभयो । आखिर त्यो गुरुकी बुहारी रैछ र बुहारीको मृत्यु भयो । ती भूतहरूले खाइदिए त्यसैले गुरुलाई तनाव भयो ।

गुरुले- “यस्तो किताब घरमा राखेर यल्ले खराब काम गर्दो रैच । अब मैले यो किताबलाई नष्ट गर्दिन्चु” भनेर त्यो किताब डढाइदिनुभयो । ती भूतहरूले बनाएको खेत अहिले पनि छ, त्यसको नाम भुते बिरौटो हो । त्यहाँ रोपाईं गर्नुभन्दा अगाडि भूतलाई पूजाआजा गर्ने चलन छ ।

यो कथा भन्नी बेलाँ सरासर आउला ।

स्रोतव्यक्ति - पुरुषोत्तम अर्याल
उमेर - ६३ वर्ष
ठेगाना- गोरखा नगरपालिका - ६, दरबारमार्ग, गोरखा
सङ्कलन मिति - २०७७ पुस १३ गते

**३६. मसानघाट**

एकादेशमा एउटा दुःखी गाउँ रैछ । त्यस गाउँमा साठी प्रतिशत गरिब र चालिस प्रतिशत दुःखी रैछन् । दुःखीमध्ये राम्रो विचार भएको एउटा बुढा रैछन् । सुखीमा एकजना घमन्डी- "म हुने खाने धनी हुँ" भन्नी बुढा रैछन् । एक दिन दुःखी पनि बिरामी भयो र सुखी पनि बिरामी भयो ।

दुःखीले भन्थे- "हामी धेरै दुःखी छम्, हामी दुःखीदुःखी मिल्नुपर्छ । सुखीको अवसरमा लागेर हामीलाई पुग्दो रैनछ । हाम्लाई सहयोग भनेको समाजको चाहिँदो रैछ । मान्छेकै चाहिँदो रछ । हामी महाजनको घरमा काम गर्न जान्छम् । हाम्ले जति हुन्छ मानो, पाथी ल्याम्छम् । धनीको घरमा काम गर्न जाँदाखेरि त बिहान गयो बिहानै खान दिन्छन् । दिनभरि काम गऱ्यो एक पाथी दिन्छन् अनि बेलुका ल्यायो, खोलेफाँडो खाइन्च । त्यसमा पनि एकमुठी उबारेर हामीलाई दुःख पर्दा उल्लाई पर्दा उल्लाई दिम्ला" भनेर दुःखी बुढाले सन्देश दिन्थे । उनले दुःखीलाई बटुलेर साँझ बिहान यस्तै ज्ञान दिन्थे ।

हुनी खानीले- "म हुनी खानी" भन्थे । यस्तै क्रममा ती दुइटै बुढा बिरामी भएचन् । अब ती हुनी खानीका सन्तानहरू देश, परदेश गका रहेचन् । ती दुःखी त कसले सहयोग गर्दिन्च र ? दुःखीहरू कुनै देश, विदेश जान सकेनन् । सप्पै ती दुःखीहरू सुखीको घरमा काम गरी गाउँमै बस्ने भए ।

ती राम्रो अर्ती र अक्कल दिनी दुःखी बुढा मोरेचन् । साथसाथै हुनी खानी घमन्डी बुढा पनि मोरेचन् । दुःखीहरूले सम्झेचन्- "हामी सप्पै दुःखी हौँ । अब दुःखीलाई पर्दाखेरि हामी नै लास उठाउन जाम्" भनेर दुःखीदुःखी मिलेर त्यो लास उठाएचन् । त्यो लास उठाएर राम्रोसँग गाउँसमाज मिलेर फूलमाला गरेर दुःखीलाई दाहसंस्कार गरेर आए ।

सुखीको लास लैजाने थोरै जना भए । मलामी थोरै भएकाले लास लगेर घाटमा बिसाए । त्यो घाटमा दुःखी मोरेर पनि त्यही र सुखी मोरो पनि त्यही घाटमा नै गको छ । दुःखीका त सप्पै थिए, सप्पैले सहयोग गरे । उनीहरूले राम्रोसँग जलाएर घर फर्किए । त्यो धनी बुढालाई जलाउने मान्छे पुगेनचन् । थोरै मलामीले छोराहरूलाई भनेचन्- "तपाईंहरू यो लास कुरेर बस्नुस् । हामी दाउरा खोज्न जान्छम् ।"

जेठो र कान्छो छोरो मसानघाटमा लास कुरेर बसेचन् । लास देखेपछि गिद्ध, अनेक जीवित जन्तुहरू आउँछन् । "लास खान आयो गिद्धले, अरू जन्तुले पनि लास खान आए" भनेर जेठो छोराले धपायो अरे । धपाउँदै जाँदा जेठो छोरा मर्स्याङ्दीमा परेर मोरेच । जेठो छोराको लासै भेट्न सकिएन । मलामी कतिखेर आए ? मलामी आउँदाखेरिमा त्यो घमन्डी बाबाको शरीर पुरै जीवजन्तु र गिद्धहरूले खाइसकेका थिए ।

"दाइ पनि मऱ्यो । लास गिद्धले लुछ्यो । मलाई पनि यिनले लुछ्छन्" भनेर कुर्नी कान्छो छोरो लुकेच अरे । मलामी आउँदाखेरि त त्यो लासको अस्थिपञ्जर मात्र बाँकी थियो । त्यही हड्डी भए पनि बटुलेर दाहसंस्कार गरे ।

दाहसंस्कार गर्दाखेरि कान्छो छोरोले के बुझेच भने- "हाम्रो बाबा घमन्डी र ठुलो पल्टिदाखेरि अहिले सप्पै थोक मैले भोग्नुपऱ्यो, मलाई दुःख, आपत् पऱ्यो । बाबाले जिम्दो छन्जेल पनि कसैलाई राम्रो गर्न सक्नुभएन । मोरेर जाँदाखेरि नि आफू स्वर्ग जान पाउनुभएन । दाइ पनि गुमाएम्, बाबा पनि गुमाएम्

। बुढापाकाले तँलाई गिद्धले लुछोस् भनेर त्यतिकै सराप गरेका होइन रहेछन् । आखिरमा साहु, महाजन र दुःखी जो मरे पनि मसानघाट त एउटै रहेछ ।"

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा वैकुण्ठै जाला
भन्नी बेलाँ सुटुक्क आउला ।

स्रोतव्यक्ति - सीतादेवी पौडेल
उमेर - ५९ वर्ष
ठेगाना- बेसीसहर नगरपालिका - ७, भलुवाटार, लमजुङ
सङ्कलन मिति - २०७७ माघ ३ गते

३७. माछा

आजभन्दा सय वर्षपहिले एउटा ठुलो गाउँमा महामारी आएर मान्छे नभएको अवस्था रैछ । त्यो गाउँमा एक जना जोगी घुम्दै भिख माग्न जाँदा कुनै मान्छे नदेखिपछि उहाँलाई खुल्दुली लागेछ । एउटा घरमा एक जना महिला र एक जना पुरुष मात्र देखेपछि साधुलाई एकदम खुल्दुली लागेछ । "किन यस्तो भयो ? यत्रो गाउँमा मान्छे कोही पनि छैन ।"

त्यो घरमा पुगेपछि उहाँले सोध्नुभएछ- "तपाईंहरू कोको पर्नुहुन्छ ?"

"हामी आमा र छोरा हौँ" भन्नुभएछ ।

आमाछोरा भनिसकेपछि जोगीलाई झनै चासो लाग्यो । ती महिलाचाहिँ गर्भवती रहिछिन्, सुत्केरी हुने बेला भएको रहेछ । उहाँले सोध्नुभयो- "गर्भवती हुनुहुन्छ । आमा र छोरा मात्रै भन्नुहुन्छ ?" उहाँलाई झन् एकदमै चासोको विषय बन्यो ।

"तपाईंहरू आमाछोरै हो त ?" भनेर फेरि पनि सोध्नुभयो ।

"हामी आमाछोरा नै हौँ ।"

उहाँलाई के लायो भने- "आमाछोरा मात्रै, महिला पाउने पनि छ । यो त राम्रो कुनै हालतमा भएन । हाम्रो संस्कारमा आमाछोरा भनेपछि जेजस्तो भए पनि चल्ने कुरा भएन । समाज नै यस्तै हुँदै गयो भने त विश्वमा कुनै राम्रो चिज रहँदैन ।" आमाछोरा बिग्रे भने पहिलापहिला त डाँडै कटाउने चलन थियो रे ।

"एउटा राम्रो कार्यका लागि भए पनि मैले आमाछोरालाई सँगै राख्नुहुन्न" भन्ने उहाँको विचार आयो ।

उहाँले भन्नुभयो- "तपाईं आमाछोरा हो भने यसरी बस्न भएन । अब तपाईंहरू संसारमा बाँचुन्जेल भेट हुन भएन" भन्ने कुरा उहाँले राख्नुभयो ।

"के गरेर जाने त ?" भन्ने कुरा आयो ।

उहाँले भन्नुभयो- "तपाईंहरू पनि मजस्तै साधु बनेर हिँड्नुपर्छ ।"

"ठिक छ त्यसो भए ।"

जोगीले छोरा मान्छेलाई पूर्व र छोरी मान्छेलाई पश्चिम लगाइदिनुभयो । घुम्दाघुम्दा फेरि धेरै वर्षपछि कुनै दिन एउटा कुटीमा बास बस्दाखेरि आमाछोरा भेट हुनुभएछ । त्यहाँ खानपिन भयो ।

"तपाईं कहाँबाट आउनुभो ?" भनेपछि "मेरो घर यस्तो ठाउँमा थियो ।"

"फेरि अर्कोले पनि मेरो घर त्यही हो" भनेर भन्नुभयो ।

"हामी त आमाछोरा रैछौँ । पहिले भेट नहुनु भन्नुभाथ्यो, फेरि भेट भयो र फेरि पनि भेट भइन्च । अब हामी यो जगत्मा बाँचेर काम रैनच, फेरि त्यस्तै भयो भने त राम्रो हुन्न" भनेर दुवै जना एउटा खोलामा हाम् फाल्नुभयो र उहाँहरू माछा हुनुभयो । त्यसैले माछा 'आमाछोरा' हो भनेर माछा खान हुन्न भनिन्छ ।

स्रोतव्यक्ति - मानबहादुर दरै
उमेर - ७० वर्ष
ठेगाना- व्यास नगरपालिका - १०, दुम्सी, तनहुँ
सङ्कलन मिति - २०७७ पुस २७ गते

### ३८. मान्छे नमर्ने घर हुँदैन !

एकादेशमा कुनै बुढाबुढीका छोरोको विवाह गर्ने बेला भएको रैछ । “विवाह गर्नपऱ्यो अब छोरोको” भने ।

उल्ले भन्यो- “अरे मैले लभ गरेको छु । म उसैसँग नभई अन्त बिया गर्दिनँ” भनेच ।

आखिरीमा चाहिँ “लौ हामीले केटीको बन्दोबस्त गरिसक्याथ्यौँ । तिम्ले आफैँ लभ गऱ्या रचौ, त्यसो भए अब ठिक छ । तिमीले लभ गरेकीलाई नै बिया गर्दिनपऱ्यो” अनि धुमधामसँग विवाह गर्दिए अरे ।

छोराबुहारी अत्यन्तै मिलाउ गरेर राम्रोसँग बसे, पढेलेखेका रचन् । हुँदाहुँदा त एकै महिनामा उसको बुढो बित्यो । भर्खर बिया भको एक महिना भछ, उसको बुढो बित्यो । उसको प्रारब्ध नै त्यही रछ । बुढो बितेपछि केटीले साह्रै बिलौना गरी, “अब म सती जान्छु, म पनि जलेर मर्छु” भनेर धुन्नाम गरिछ ।

बुबाले भन्नुभयो- “हैन यल्लाई चित्त बुझाउन सकिएन । त्यहाँ एकजना सिद्ध महात्मा हुनुहुन्च । उहाँलाई डाकेर ल्याउनुपऱ्यो” भनेर डाक्न पठाए । डाकेर लिएर पनि आए ।

“लौ न सम्झाउनपऱ्यो, बुहारी त साह्रै नै बिलौना गरिन्, ज्यानै फाल्न लागिन् । के गर्नी हो ?” भनेछन् । महात्माले भन्नुभयो- “अरे, नानी मेरा कुरा सुन । अब सती जान्चु, जलेर मोर्चु यहीसँग भन्च्यौ, अहिले त्यो चलन छैन । त्यसो गर्न पनि हुन्न । कालले त कसैलाई पनि छोड्दैन । एकफेर सप्पै जानुपर्च । तिमी पनि जान्च्यौ, म पनि जान्चु । उसको प्रारब्ध भोग भयो, सकियो, गयो । अब चित्त बुझाएर बस्नुपर्च” भनेर भन्दा पनि मानिनन् ।

“त्यसो भए ल जाऊ, तिम्रो गामभोरिमा सोध । कुन घरमा मान्छे नमरेको छ ? नमरेका घरको खरानी लिएर आऊ । म तिम्रो बुढालाई उठाइदिन्चु” भनेसी टाठी भै अरे ।

“हँ ! क्यारेर उठाउनुहुन्च ?” भनेर गाममा एकएक गरेर सोधी अरे । मान्छे नमरेको घर छैन हजुर भनेर भनेचन् ।

जाहीँतहीँ सोधिचन्- “छैन ।”

जम्मै गाम सकिसकिन् मान्छे नमरेको घर छैन, हार खाएर आइथिन् अरे ।

“काहीँ पनि पाइनँ ।”
“अनि मान्छे नमोरेको ठाम् रच छ त, नानी ?”
“रहिनछ काहीँ पनि ।”
“तिमी पनि मोर्चेऊ, म पनि मोर्चु, सबै मोर्चन् । अब चित्त बुझ्यो ?”
“बुझ्यो ।”
“कसरी बुझ्यो त ?”

“जहाँ पनि मान्छे मोर्दो रच । मैले खरानी पा भा त मेरा बुढा बाँच्ते कि ? तर मान्छे नमरेको ठावै रैनच ।”

सुन्नीलाई सुनको माला
भन्नीलाई फूलको माला

स्रोतव्यक्ति - सन्तबहादुर घिमिरे
उमेर - ८१ वर्ष
ठेगाना- बेसीसहर नगरपालिका - ७, सुयलथोक, लमजुङ
सङ्कलन मिति - २०७७ माघ ६ गते

### ३९. मुक्तिक्षेत्र

माँसीता आसीता इन्डियाबाट माउ कैलाश जानुभो । माउ कैलाशबाट पानी ल्याएर मुक्तिक्षेत्र आउनुभो । माँसीताले तपस्या गर्दाखेरि यहाँ आर्कै किसिमको ठाउँ रैछ । "हामी सबै यहीँ बसौँ न" भनेर उहाँहरू बिच छलफल भएछ ।

माँसीता आसीताले जुन पानी लिएर आउनुभो त्यो जम्मै त्यहाँ रोप्नुभो । त्यसपछि आशीर्वाद दिनुभयो- "भविष्यमा सप्पै मान्छेहरूले यो पानी खायो र नुहायो भने हरेक पापहरू जाओस् । आफूले जे सोचेको हो त्यो पूरा होस्" भनेर आशीर्वाद दिनुभयो । यसरी त्यहाँ पानी रोपिएको थियो त्यसकारण मुक्तिनाथमा एक सय आठ धारामा पानी आइरहेको छ । मन्दिरको अगाडिपट्टि तल दुइटा पोखरी छन्, एउटा पोखरीमा पस्यो भने पाप जाने र आर्को पोखरीमा पसेपछि धर्म प्राप्ति हुन्छ भनिएको छ । ती दुइटा पोखरीमा पस्नुको ठुलो अर्थ छ किनभने एक सय आठ धारामा नुहाउँदा कुनै धारामा छुट्न सक्छ त्यसैले पोखरीमा पसेपछि धाराको पानी छुटेको हुँदैन ।

आर्को कुरा यहाँ ठुलठुला एक सय रुखहरू छन् भनिएको छ । माँसीता आउँदाखेरि लौरो टेकेर आउनुभयो । "हामी सबै यतै बसौँ न, यो त आर्कै किसिमको ठाउँ रैछ" भन्दाखेरि त्यो लट्ठी गाडेर आफू स्वयम् त्यस लट्ठीमा पस्नुभो । त्यसकारण यहाँ जे जति रुखहरू छन् ती सबै माँसीता मानेर दर्शन गरेर जान्छन् ।

मन्दिरभित्र विष्णु भगवान्को मूर्ति छ । विष्णु भगावान्चाहिँ जुम्लाको राजाको मूल देउता भनेर भनिन्छ । एक दिन जुम्लाबाट देउता हरायो । जुम्लाका राजाले देउता पाएनन् । त्यहाँबाट खोज्दाखेरि "मुक्तिनाथमा छ" भन्नी कुरा थाहा पाए । केही पछि जुम्लाकै आर्मीहरू आएर त्यो देउता लिएर गए । खिङ्गाको अलिमाथि एउटा बिर (मसान) छ, त्यहाँ पुग्दाखेरि आसिना झर्‍यो, पानी पर्‍यो र त्यहाँदेखि उता देउतालाई लान सकेनन् ।

फेरि राजालाई जाहेर गरे, "देउता त भेट्यो तर हाम्ले यहाँदेखि ल्याउन सकेन, के गर्नी ?" अनि राजाले के भन्यो भन्दाखेरि, "पहिला जहाँ थियो, त्यहीँ नै राख्नू" भनेर आदेश दिएकाले मुक्तिनाथमा भगवान् विष्णुको मूर्ति राखेको हो । यसलाई जुम्लाका राजाको मूल देवता मानिँदै आइएको छ ।

यस क्षेत्रमा राजा रणबहादुर शाहकी रानी दर्शन गर्न आउँदाखेरि रानी कुवा भन्ने ठाउँमा उहाँ सुत्नुभएको थियो । उहाँको सपनामा विष्णु भगवान् आउनुभयो- "नानी मलाई पनि एउटा मन्दिर बनाऊ, यहाँ एउटा रानीकुवा बनाऊ" भनेर विष्णु भगवान्ले भन्नुभयो । यो कुरा रानीले राजासँग जाहेर गरिन्- "मेरो सपनामा विष्णु भगवान् आएर मन्दिर र कुवा बनाउन भन्नुभयो । अब के गर्नी ?"

"त्यसो भए बनाऊ" अनि मुक्तिनाथ मन्दिर काठमाडौँबाट डिजाइन (नमुना) लगेर बनाइयो, त्यहाँ रानीकुवा पनि बनाइयो ।

बुद्धिस्टहरूले मुक्तिनाथ मन्दिरलाई नागराजाको रूपमा मान्छन् । "उहाँको दर्शन गर्‍यो भने सप्पै समस्या समाधान हुन्छ" भनेर बुद्धिस्ट र हिन्दु दुवैबाट ठुलो मान्यता दिँदै आइएको छ ।

स्रोतव्यक्ति - हिराबहादुर ठकुरी

उमेर - ६५ वर्ष
ठेगाना- बाह्रगाउँ मुक्तिक्षेत्र गाउँपालिका- ७, मुक्तिनाथ, मुस्ताङ
सङ्कलन मिति - २०७७ चैत १९ गते

## ४०. मौका

एउटा गाउँमा पञ्च भलाद्मी बसेछ । गाउँकै एउटा बुढाले भनेछ- “मौका छोप्न नसक्नी मान्छे काम लाग्दैन । मौका छोप्न सक्यो भने त्यो महान् बन्छ” भनेर बुढाले भनेछन् । अरूले त बुझेनन्, “कसरी मौका छोप्नी ? के गर्नी ?” भनेर त्यहाँ जम्मा भएका मान्छेले सोधेचन् । अब उनीहरूलाई बुझाउनका लागि भनेर बुढाले एउटा लोककथा भनेचन् ।

हेर बाबु हो ! एउटा गाउँमा कुनै मान्छेका तीन भाइ छोरा रैचन् । तीन भाइ छोराहरूमध्ये तीनै जना आफ्आफ्नो ठाम्मा त्यस्तै त्यस्तै किसिमका रचन् । एउटाचाहिँ असाध्यै चलाख रैच । बाउको देहान्त भयो र बाउको अंश, पैतृक सम्पत्ति छुट्टिभिन्न भयो । छुट्टिदाखेरिमा खेतबारी, गाई, भैँसी, बाखा जेजे छन् घरमा त्यो तीनै जनाले बाँडेचन् । जेठोलाई परेको भागमा लाए, माइलोलाई पनि भाग लाए र कान्छोलाई पनि भाग लाए । त्यो कान्छालाई भाग लाको ठाममा केही पनि राम्रो भएनच । जेठाको गाई पनि ब्यायो, भैँसी ब्यायो र बाखा पनि ब्यायो । खेतमा धान र बारीमा मकै पनि बेसरी भयो । माहिलाको पनि भयो तर कान्छाको धान पनि भएनच, मकै पनि राम्रो भएनच । गाई, भैँसी जम्मै थारो भएचन् ।

दुई, तीन वर्ष त्यसरी बिताएपछि, “हैन मलाई कमसलकमसल पऱ्यो । असलअसल साटम्” भनेर फेरि झगडा गरेचन् र साटेचन् । जेठालाई भको माइलालाई, माइलालाई भको कान्छालाई पारेचन् । त्यसो गर्दाखेरि पनि कान्छा कहाँ नब्याएको भैँसी जेठो र माइलो कहाँ गएर ब्याएच, बाखो र गाई पनि ब्याएचन् । खेतमा धान र मकै पनि भएच तर त्यो कान्छाको भागमा परेनच ।

एक दिन कान्छो “धान किन भएन ?” भन्दै धान खेतमा गएच । धानखेतको कुलामा गएर “कसले मेरो के गर्दो रच ?” भनेर कुरेर बस्दा एक जना मान्छे आएच । त्यो मान्छे कुलाकुलै आएर उसको खेतमा आउने पानीको मुहान थुनेच । अनि कान्छोले गएर त्यस मान्छेलाई झ्याप्पै समातेछ, त्यो आउने भावी रैछ । अदृश्य किसिमबाट आको रैछ । उल्ले मुहान थुन्न लाग्दाखेरि झ्याप्पै समातेच, समातेपछि “तँ को होस् ?” भनेर उल्ले फ्याट्ट सोध्न भ्याएच ।

“म भावी हुँ, तेरो भाग्य यहाँ छैन” भनिदिएच ।

“त्यसो भए मेरो भाग्य कहाँ छ त ?”

“तेरो भाग्य त विदेशतिर छ, यहाँ छैन” भनेर भावीले भन्यो । भावी अदृश्य भयो र कान्छो फर्केर आयो । ऊ विदेश जान तयार भयो, विदेशमा गएर प्रगति गऱ्यो र धेरै धनसम्पत्ति कमाएर आयो । त्यसैले मान्छेले मौकामा बोल्न र मौका छोप्न सक्नुपर्च ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा वैकुण्ठ जाला
फेरि फेरि पनि यसमा परिवर्तन हुँदै आउला ।

स्रोतव्यक्ति - गोवर्धन भट्टराई
उमेर - ७० वर्ष
ठेगाना- बन्दीपुर नगरपालिका - ४, तीनधार, तनहुँ
सङ्कलन मिति - २०७७ पुस २३ गते

## ४१. राक्षसभूत

एकादेशमा दाइ र बहिनी थिए अरे । दाइहरू सिखार खेल्न गचन्, अनि बहिनी घरमा बसिचन् । त्यसरी बस्ताखेरि, “यो आगो ननिभाईकन बसेस् है बहिनी” भनेर छोड्नुभ रैछ । आगो निभेच, ती नानी सुतिचन् अरे ।

“अब कसो गर्नी ?” आगो निभेच ।

“दाइहरूले नमार्नी भन्नुभको थियो । अब कसो गर्नी ?” भनेर बाहिर निस्केर हेरिचन् । हेर्दाखेरि पारि एकादेशमा धिपिधिपी आगो बलेको रैच अरे । त्यो आगो हेर्दै हेर्दै नानी गैचन् । जाँदा राक्षसी बुढीले आगो फुकेकी रचिन् ।

“आगो दिनु न आमा” भनिचन् अरे ।

“राक्षस बालाई खाजा पुऱ्याएर आइजा केटी अनि आगो लैजा” भनिचन् । केटीले खाजा लिएर गैचन् । राक्षसबाले बाघको गोरु, खजुराको जुवा र सर्पको हलो बनार जोत्तै रैचन् । माथि डिलमा खाजा राखेर फर्किचन् अरे ।

“खाजा दिइस्” भनेर राक्षसी आमाले भन्दा, “अँ आमा दिएँ” भनेर आगो लिएर गैचन् अरे ।

“यो खरानी झार्दै झार्दै गएस् नानी” भनेर भनिचन् अरे राक्षसी आमाले । खरानी झार्दै झार्दै ढोकासम्मन् गइचन् अरे ।

राक्षसबाले “केटी खोइ ?” भन्दाखेरि “यसरी यसरी आर आगो लिएर गैछ । खरानी झार्दै झार्दै जा भनिछु । त्यो खरानी हेर्दै हेर्दै जानुस् बुढा” भनेर भनिचन् । खरानी हेर्दै हेर्दै बुढो ढोकासम्मन् पुगेच अरे ।

नानी आगो सल्कार ढोका लार सुतेकी थिइन् ।

“ढोका खोल, ढोका खोल” भन्दाखेरि नखोलेर, लात्ताले हानेर राक्षसबाले ढोका खोलेर गचन् । नानी खाटामुनि लुकेकी रचिन् । राक्षसबाले नभेट्टार खुर्सानी चुलामा हाल्दिएचन् अरे । त्यसपछि आछ्छिम गर्दै निस्किचन् नानी, निस्किँदाखेरि भेटे ।

“तलट खाम् कि माथिट खाम्, केटी तँलाई ?” भनेचन् अरे ।

भन्दाखेरि “तलट खाऊ राक्षसबा” भनेर भनिचन् ।

“ए ! दाइ, मलाई खुट्टासम्मन् खाइसक्को, पेटसम्मन् खाइसक्को, छातीसम्मन् खाइसक्को” भन्दाखेरि सप्पै दाइहेरू आर बन्दुकले ढ्याम्ढुम् हानेचन् अरे । राक्षसलाई मारेर बहिनीलाई निकालेचन् अरे ।

सुन्नीलाई सुनको माला<br>
भन्नीलाई फूलको माला ।

स्रोतव्यक्ति<br>
नाम - जुनाकली क्षत्री<br>
उमेर - ७० वर्ष<br>
ठेगाना- फेदीखोला गाउँपालिका -४, मट्टिखान, स्याङ्जा<br>
सङ्कलन मिति - २०७७ असार १२ गते

## ४२. राजकुमार दिक्पाल

एकादेशमा एउटा राजा थिए तर ती राजाका छोराछोरी थिएनन् । एक दिन घुम्दै दरबारमा एउटा जोगी आएको थियो । त्यो जोगीले- "सन्तान नभएको महिलासँग मैले भिक्षा लिन्नँ" भन्यो ।

"अब के गर्नी त ? हाम्रा सन्तान छैनन्" राजारानीले भने । त्यसपछि राजाले- "केही उपाय छ भने हजुरले बताम्नुस्" भने । त्यसो भनेपछि- "मसँग बुटी छ । यो खाएपछि राजकुमार दिक्पाल जन्मनेछ । राजकुमार बढ्दै गएर सात वर्षको हुँदा मलाई फिर्ता दिनुपर्नेछ" भनेर जोगीले भन्यो ।

जोगीले त्यसो भनेपछि राजारानी दुवैले- "हुन्छ, हामी यो औषधी खान्छम्" भने । उनीहरू दुवैको सल्लाह मिल्यो, त्यो औषधी खाएर रानी गर्भस्टे भइन् । दश महिनामा राजकुमार दिक्पाल जन्मे । जोगी दिनदिनै आउँदै, विचार गर्दै जाँदै गऱ्यो । सात वर्षको भएपछि राजकुमार दिने दिन पनि झ्याप्पै आयो ।

"राजकुमार कसरी दिने ? नक्कली राजकुमार बनाएर दिम् । यस्तो दुःख कष्ट गरेर जन्मेको एउटा राजकुमार कसरी जोगीलाई दिने ? यो हुन सक्दैन" भनेर राजारानीले सल्लाह गरे । उनीहरूले जोगीलाई नक्कली राजकुमार दिए । जोगीले नक्कली राजकुमार लिएर गयो ।

"यो नक्कली राजकुमार हो कि सक्कली राजकुमार हो, मैले कसरी छुट्याउनी ?" भनेर जोगीले दुइटा बाटा भएको ठाम्मा लिएर गयो । त्यो नक्कली र सक्कली छुट्याउने जोगीको तरिका रैछ । त्यहाँ लगेर जोगीले- "ए ! बाबु, हाम्रो कुटीमा जान दुइटा बाटाहरू छन् । एउटा बाटो जाँदा लामो छ र अर्को बाटो जाँदा छोटो छ । छोटो बाटो जाँदा बाघ र भालुको डर छ । लामो बाटो जाँदा बाटो फेरो छ, धेरै टाइम लाग्छ । हामी कुन बाटो जाम् ?"

"छोटो बाटो जाँदा बिचमा बाघ, भालुको डर छ भने हामी बिचैमा मोरिन्च । त्यसो हुँदा हामी लामो बाटो जाम्" भनेर त्यो राजकुमार दिक्पालले भन्यो ।

"ए हे ! यो त नक्कली राजकुमार रैछ । सक्कली राजकुमार भए त बाघ, भालुको डर हुन्थेन । त्यो डराम्नी थिएन, नक्कली हुनाले डरायो" भनेर फिर्ता लिएर गयो ।

उही दरबारमा गएर- "मलाई सक्कली राजकुमार दिनी भए देऊ, नदिनी भए म नक्कली राजकुमार फिर्ता दिन्चु र तिमीहरूलाई सराप दिन्चु" भनेर जोगीले भन्यो ।

"यस्तो गरेर सराप खान भन्दा सक्कली राजकुमार नै दिनुपऱ्यो" भनेर फेरि रोइकराई गरेर सक्कली राजकुमार दिए ।

जोगीले त्यही बाटोमा ल्याएर सोध्यो । अघिकै झैँ मलाई फेरि पनि झुक्याए कि भनेर "हैन बाबु ! तिमी त सक्कली हौ कि नक्कली राजकुमार मैले विचार गर्नपर्छ" भनेर जोगीले भनेच ।

"ए ! बाबु कुन बाटो जाम् ? लामो बाटो जाँदा हाम्लाई टाइम धेरै लाउँच । छोटो बाटो जाँदा बाघ, भालुको डर छ" भनेर सोधेच ।

"हैन लामो बाटो नजाम् । छोटो भए पनि बाघ, भालु लाग्नी नै बाटो जाम् । हामीसँग त लड्नी क्षमता पनि हुन सक्छ नि ?" भनेर राजकुमारले भन्यो । त्यसो भन्दा- "ए हे ! बल्ल पो मलाई सक्कली राजकुमार दिएछन्" अनि छोटो जङ्गलको बाटो नै लिएर गयो ।

“बाबु तिमी राजदरबारमा बसेका थियौ । अहिले त मेरो कुटीमा आयौ, कुचो लाऊ । माकुराको जालोसालो सबै सफा गर” भनेर राजकुमारलाई देखायो । राजकुमारले कुचो लायो । झाडुले यताउता सफा गर्‍यो । अब खानी के हो ? केही छैन । जङ्गलबाट कन्तमूल खोजेर त्यही खान लाए ।

“हे ! म यो उमेर अवस्थासम्म बाआमाको काखमा बसेर अहिले म जोगीको आश्रममा आएर बस्नपर्‍यो, मलाई के लेखेको रैछ । धन्य ! म राजकुमार हुँ, मैले हिक्मत हार्दिनँ” तेले यताउता जतासुकै हेर्‍यो । जोगीले कन्तमूल खोजेर ल्याको थियो, त्यो दियो । भिक्षा उठार ल्याको चामल थियो, त्यही पकाउनी खानी गरे ।

जोगीले पूजा गर्नी छुट्टै कोठा रैछ । पूजा गर्नी कोठामा तेले त्यो राजकुमारलाई जान नदिनी रैछ । राजकुमारलाई बिहान उठेर नुवाइधुवाइ गरेर फूल टिप्न लगाम्नी त्यसपछि ऊ छुट्टै कोठामा गएर पूजा गर्दो रैछ । त्यहाँ हेर्न जान नदिँदो रैछ । त्यसो गर्दागर्दै छसात दिन बितेछन् । त्यसले पूजा गर्दाखेरि प्राणहत्या गरेर झुन्ड्याउँदो रैछ । त्यहाँ अरू छओटा टाउका रैछन्, तेलाई काटेपछि भने सातओटा हुनी रैछन् । त्यो सातओटा पूरा गरेपछि जोगीको भाक्कल पूरा हुनी रैछ । त्यस्तो हुँदा तेलाई मार्नी दिन आउँदै रैछ ।

अघिल्लै दिन- “यले साँचो कहाँ राख्छ ? यले केके काम गर्छ ? यो जोगी अब भिक्षा लिन गको बेला मैले कोठा हेर्नपर्‍यो” भनेर त्यो राजकुमारले सोच्यो ।

जोगी खाना खाएर, “ल तिमी कन्तमूल खोजेर खाऊ । यहीँ बस । कतै नजाऊ” भनेर जोगी भिक्षा माग्न गयो ।

हिजो अस्ति आउनी टाइम नहुँदै तेले पूजा गर्नी कोठाको ढोका खोलेर भित्र गएर हेर्‍यो । हेर्दा छओटा टाउका झुन्डिएका रैछन् । ती खितितित्त हाँसेचन्, “किन हाँस्यौ बाबु हो ? के भर तिमीहरू यसरी झुन्डिएर बसेका हौ ? मलाई बताऊ” भनेर राजकुमारले भनेच ।

“हाम्ले यस्तो गर्नपर्नी रैच, जानिएन । जोगीले ल्याएर पूजा गर्नी कोठामा राखेर हाम्लाई यसरी झुन्ड्यायो । तिमी सिपालु रैछौ । यति गर्नी हाम्रो अक्किल आएन । जोगीले भोलि बिहान तिम्लाई नुवाइधुवाइ गरेर पूजा गर्न भन्छ । त्यसपछि घोप्टी परेर तिमी यसरी सुत भनेर सुत्न लाउँछ र खड्गले काट्छ त्यसपछि तिमी पनि हामीजस्तै हुनी छौ भनेर हासेम् ।”

“त्यसो भए तरिका के छ ? मलाई बताऊ । म पनि बाँच्छु र तिमीहरूलाई पनि बचाउँछु” भनेर त्यो राजकुमारले भन्यो ।

“त्यसो भए भोलि जोगीले ल घोप्टी पर बाबु भनेर सिकाएको बेला हजुरले पहिला सिकाम्नुस् अनि बल्ल मैले गर्छु नत्र मैले गर्दिनँ भन्नुस् । त्यसो भन्दा त्यो जोगी घोप्टी परेर कालिकामाईलाई ढोग गर्न लाउँदा मुनि राखेको खड्ग छ । त्यसले त्यो जोगीलाई काटेर खुन पहिला कालिकामाईलाई चढाउनू र हाम्लाई छर्किदिएपछि हामी पनि तिमीजस्तै बालक हुनेछौँ” भनेर अघिल्लै दिन सिकाए ।

“भोलि मैले यस्तो यस्तो आइडिया गर्नेछु” भनेर मनमनै आराधना गरी कालिकामाईलाई नमस्कार गरेर ढोका लार राजकुमार फर्के । साँचो जस्ताको तस्तै गरेर अइपछि झैँ गरेर बसे ।

बेलका जोगी आयो । भिक्षा उठाएर ल्याएको चिजबिज सबै बनाम्नी, खानी कार्यक्रम भयो । भोलि बिहानको सल्लाह बेलकै गर्छन् कि जोगीले भनेको गरेनन् । बिहान उठेपछि त्यो जोगीले पनि नुवाइधुवाइ गर्‍यो । राजकुमारलाई पनि नुवाइधुवाइ गर्न लगायो । त्यसपछि, “ल अब पूजा गर्नपर्‍यो । पहिला मैले एकछिन पूजा गर्छु त्यसपछि तिमी आऊ है” भनेर पूजा गर्नी कोठामा गयो ।

“अब कति बेला मलाई बोलाउँछ र के हुनी होला ?” भनेर राजकुमार दिक्पालको मुटुमा झड्का हान्नलायो, “म मर्द हुम्, छोरो । म अहिले डराम्दिनँ, जे पर्लापर्ला” भनेर हिक्मत ठोकेर कोठाभित्र गयो ।

“ल बाबु कालिकामाईलाई ढोग गर” भनेर जोगीले भन्यो । भन्दाखेरि, “मैले जानेको छैन, म राजकुमार हुम् । पहिला हजुरले सिकाम्नुस् त्यसपछि मैले ढोग्छु ।”

ऊ कन्ना पछाडि हात लगेर लम्पसार परेर ढोग गर्न लाउँदा उल्ले खड्ग झिकेर जोगीलाई काटिदिए । त्यो खुन पहिला कालिकामाईलाई चढाए अनि पर्जा खोलेर त्यहाँ झुन्डाएका पूरै टाउकामा छर्किदिएपछि सबै आफूजस्तै राजकुमार भएछन् । ती छ जना पनि आफूजस्तै भएपछि पहिलाको राजकुमारसित सात जना भए ।

ती सात जनाले- “सबै आफूजस्तै भइयो । तिमी धन्य ! रहेछौ” भनेर सातै जना राजकुमार ढोका लाएर बाहिर निस्के । त्यसपछि आफ्नो जन्म ठाउँ, आफ्नो जन्मघर खोज्दै सबै साथीलाई लिएर राजकुमार घर गए ।

“बाबा, आमा म धन्य रहेछु । मैले मेरा छ जना साथीहरूलाई पनि बचाएँ, म पनि बाँचें र जोगीलाई अन्त्य गरेर आएँ” भनेछन् । त्यसपछि सबै जना राजकुमार आफ्नाआफ्ना घर गए । सबैका बाआमाले राजकुमार दिक्पाललाई भने- “तिमी धन्य रैछौ बाबु । तिम्ले हाम्रा छोरालाई पनि बचायौ । तिमी पनि बाँचेर आयौ” सबै कुरा राम्रो भयो ।

सुन्नेलाई सुनको माला
यो कथा वैकुण्ठाँ जाला
फेरि भन्ने बेलाँ मुखैमा आउला ।

स्रोतव्यक्ति - तुलसी अधिकारी
उमेर - ५३ वर्ष
ठेगाना- महाशिला गाउँपालिका -५, लुङ्खु, पर्वत
सङ्कलन मिति - २०७७ माघ २७ गते

**४३. लामाको खप्पर**

धेरै वर्षअगाडि पेम्बो गुम्बामा एक जना लामा हुनुहुन्थ्यो रे । उहाँका पनि चेलाहरू रैछन् । उहाँले- “म मरेर गए पनि मेरो चिनो उत्पन्न हुन्छ । त्यो चाहिँ तपाईंहरूले कागबेनीको बगरमा खोज्नू है” भन्नुभको रैछ । यही काली खोलामा एउटा दच्छ्याउनी दच्छ्याएर उहाँ पूजा गरेर स्वर्ग जानुभयो । स्वर्ग गएको तीन, चार वर्षपछि उहाँका चेलाहरू कागबेनीको बगरमा खोज्न जाँदाखेरि एउटा खप्पर फेला पार्नुभएको रहेछ ।

त्यो पहिलाको लामाको खप्पर रहेछ । त्यस खप्परमा के छ भने तिब्बतको एउटा ‘अ’ छ, अर्को ‘निर्गु’ भन्ने ‘मनी’ र ‘छिरु’ भन्ने ‘आयु’को सङ्केत छ ।

“बुद्ध धर्ममा विश्वास गर्नुपर्छ है” भनेर यसको एकदम महत्त्व छ । अहिलेको लाई मत्रै होइन पछिको लागि एकदम इम्पोटेन छ भनेर तिब्बटको ‘अ’ उत्पन्न भएछ ।

“हाम्ले बुद्ध धर्म मान्नुपर्छ है” भनेर खप्परमा ‘अ’ उत्पन्न भको छ । त्यसपछि एउटा ‘निर्गु’ भन्ने छ त्यसले धनलाई बुझाउँछ । धर्म गर्न पनि धन चाहियो त्यसकारण ‘निर्गु’ उत्पन्न भएछ । मान्छे जन्मेर मात्र हुँदैन, उसको आयु पनि लामो चाहियो भनेर ‘छिर्गु’ भन्ने एउटा स्यानो डल्लो उत्पन्न भयो ।

स्रोतव्यक्ति - हिरालाल थकाली
उमेर - ५२ वर्ष
ठेगाना- घरपझोङ गाउँपालिका -५, ठिनी, मुस्ताङ
सङ्कलन मिति - २०७७ चैत १२ गते

## ४४. लामाको शक्ति

एकादेशमा एउटी कुरूप बुढी रैचे । त्यसका आँखा बिरालाका जस्ता कुइरा थिए रे । अनुहार दारे पहरोजस्तै नराम्रो रैच । खुट्टाका पैताला माथिपट्टि औंलानेरबाट घुमेका थिए रे । त्यो नराम्री बुढी माग्दै गाउँमा आएको दुई, तीन वर्षमात्र भको रैछ । बुढी दिनभर गाउँमा यो घर र त्यो घर गरेर डुलिरहन्थी । धेरै गाउँ डुल्ने भएकाले सबैले डुलुवाई बुढी भनेर हेला गर्थे । बुढीमा साँच्चिकैको मन्त्र, टुनामुना गर्ने शक्ति रच अरे ।

बुढी रातको बाह्र बजे घरदेखि परको दोबाटोमा जाँदी रैचे । त्यो बाटो माथिको टङ्कीमा पानी लाउन गको मुन्छेले लुकेर हेरेच अरे । बुढी चौतारोभन्दा आल्लि वरको ढिस्कोमा लुगा फुकालेर चरनाम नाङ्गै पिप्ला चौपारीमा पुगिचे र बत्ती बालेर मन्त्र फलाकिचे । आफ्नो कपाल पुरै भुइँभोरि छुवाउँदै फिजारिचे अरे । त्यसपछि त एकपछि अर्की गर्दै छओटी बुढी त्यहाँ भेला भचन् र जम्मैले एकसाथ पूजा गरेचन् । तिनीहरूसँग जादुशक्ति रैच । बुढीले बिस्तारै हात हावामा फैलाइचे । तिनीहरूले इन्द्रजाल जानेका रैचन् केरे । आफ्नो जादुले काम गर्च कि गर्दैन भनेर पहिला त्यही पिप्लाका रुखमा काम गरेचन् । तीनओटीले मन्त्र फलाकेचन्, फलक्दाखेरि त पिप्ला रुख सर्लक्क भुइँमा सुतेच । फेरि अर्का तीनओटीले माटो फुकेर पिप्ला रुखाँ छर्केचन्, पिप्ला बुटो सास फेर्दै पहिलाको झैँ उठेच । तिनीहरूलाई आफ्नो शक्ति अझै हेर्न मन लाएच । त्यो बुढी नाइकेसँग सप्पैले एकमुख लार सोधेचन्- "वरपर जे छ त्यसलाई हामी बिर बनाम्चम् ।"

नाइके बुढीले- "हुन्च हुन्च बना, चियोचर्चो गर्नेको दहोलो काड्" भनेर भनिच अरे । त्यो मान्छे टङ्की पछाडिबाट तेर्सो बाटो भाग्दै थियो । त्यसका अगाडि एउटा कालो खप्पर डङ्ग्रङ्ङ पछारिएच, त्यसको सातो गयो । त्यो थचक्क बसेच ।

खप्परले भन्यो- "भाग्छस् ?"

मुन्छे झनै डराच- "अहँ भागिदनँ भागिदनँ ।" त्यसपछि ती बुढीले जादुको शक्ति फालेचन्, त्यो मुन्छे तुरुन्तै कालो बिरालो बनेच । बुढीले त्यसलाई टुनामुना गरी ।

"आजदेखि त मेरो काम गर्छस्, बुझिस्, सक्छस् ?"

बिरालोले सानो स्वराँ भनेच- "सक्छु, जे भने पनि गर्चु तर मलाई मुन्छे बनाइदेऊ ।"

"अर्काको चियोचर्चो गर्दै हिँडेको फल भोग अनि मुन्छे हुने उपाय बताम्ला । मैले भनेको मानिस् भने मजस्तै बनाम्चु, बुझिस्" बिरालो चुप लागेर बसेच ।

रातको एक बजेतिर तिनीहरूले पूजा सकेचन् । बत्ती निभ्नासाथ अरू छओटी बुढी कता गए कता । बिरालो र त्यो नाइके बुढी लुसुक्क घरभित्र पसेचन् । बिरालो अगेनाँको छेउमा सुतेच । बुढी आफ्नै ओछ्यानाँ सुती ।

भोलिपल्ट त्यो मुन्छेको खोजी भएच । त्यसकी स्वास्नीले रोइकराई गरी तर त्यो मुन्छे कतै भेटिएन । त्यो बुढी गाम्मा आएको धेरै भको थिएन । गाम्लेले बुढीलाई नराम्रो तरिकाले शङ्का अरेचन्- "बुढीकै कसुर त होइन ?" भन्ने पनि भच । त्यस्तो सुनेसी बुढीलाई पनि गाउँलेसँग रिस उठेच ।

बुढीले त्यो बिरालालाई दिनभर गाउँघर डुलेर आफूसँग रिसाएका मुन्छेको कपाल, नङ, र लुवाको टुकुरो ल्याम्न भनिच । त्यो बिरालोले जे भने पनि खुरुखुरु मान्दो रच । बुढीले ती रिसाका मुन्छेको नङ, कपालमा टुनामुना गर्थी र फेरि बिरालालाई तिनीहरूका घरको मझेरीमा लगेर राख्न लाम्दिरचे । अब, बिरालाले त खोस्रन सक्ने भयो केरे । सानो प्वाल बनार मझेरीमा राखिदिँदो रच, त्यसपछि ती घरमा त विध्वंस मच्चियो । ओ मान्छे बौलाउनी, गाई, डियाँ मोर्नी र घर पहिरो जानी अनेक हुन लाच । यस्तो भर गाम्लेहरू दिक्क परेचन् ।

कुनै दिन गाम्मा अलि टाठो मान्छेले भेला बोलाएच । सबै भेला भए तर त्यो कुरूप बुढी आइन । "कसैले पनि यसै भएर हो" भन्ने पत्ता लगाउनै सकेनचन् । त्यो गाउँलेको कचहरीले गाम्मा लामा बोलाउने सल्लाह गरेच । चौतारीको डिलको ढिस्कोमाथि बसेको बिरालाले यो कुरा सुनिरहेको थियो । मानिस सप्पै हिँडेपछि बिरालो पनि घर गयो ।

बुढीले सोधी- "केही भेटिस् त ?"

"छैन, आज त्यस्तो केही पनि पाइएन" बिरालोले गाउँलेले लामालाई बोलाम्न लागेको कुरो बुढीलाई भन्दै भनेन ।

भोलिपल्ट अग्लो, गाला स्याप्प परेको, टुप्पी पालेको, नाक चुच्चे, मैलो सेतो कछाड बेरेको सियोडी लामा गाउँमा आएच । त्यही नाइकेका घर खायो, सुत्यो । रातभर गाम्मा के भको होला भनी योग, ध्यान बसेर सुँघेच । सुँघ्दा, सुँघ्दै त्यो कुरूप बुढी त हावामा पुतलीझैँ नाच्तै नाच्तै लामाको छेउ आइच । त्यसको पछिपछि त्यो कालो बिरालो पनि आरैच । लामाले "गाउँमा महामारी भको किन ?" भनेर जानेच । भोलिपल्ट गाउँलेलाई तीन दिनभित्र गाम्मा डुलेको दुष्ट आत्मा खत्तम पारिदिने वाचा दियो तर गाउँलेहरूसँग सर्त पनि गरेच । के सर्त भन्दा रित्तो घर दिन परो अनि मागेका सरसामान दिन परो, गाम्लेले मानेचन् । लामाले रित्तो घरको मूल मझेरीमा आसन जमाएच र मन्त्र पढ्न लागेच । लामाले मन्त्र पढ्दै जाँदाखेरि कालो बिरालो ढोकाबाट फुत्त भित्र गएच । लामाले त्यसलाई आफ्नो अगाडि राखेर सोध्यो-

"मुन्छे बन्चस् ?"

"बन्चु तर अब कसरी म मुन्छे बन्चु त ?"

"उपाय अरम्ला, मैले भनेको मान् । उसो भए तैँले जुन जुन घराँ मझेरीमा नङ र कपाल गाडेको छस्, रातको बाह्र बज्दै तुरुन्त निकाली हाल" बिरालो गामतिर गयो । लामाले जादुमन्त्र लगाएर बुढीलाई पनि आफ्नो अगाडि ल्यायो- "गाउँलेलाई दुःख दिइस् ? तँ को होस् ? किन यस्तो गरिस् ?" अब लामाले त जादुमन्त्रले त्यसलाई बाँधिसकेको रैच । त्यसले भनी- "म भुतिनी थिएँ । गाम्लेले मेरो भाग दिएनन् अनि म भोकै भर मान्छे बन्दै गाम डुल्न लाकी हुम् ।"

"ए ! म तेरो भाग दिलाइदिम्ला, गाम्लेलाई दुःख दिन छोडेस् ।"

"तिमीहरूले सधैँ दिन्चु भन्चौ तर कहिल्यै दिन्नौ" बुढीले भनिच । लामाले त्यसलाई थर्कायो- "दिन्चु भनेसी दिन्चु, छोड्छेस् कि छोड्दिनस् ? नत्र म तेरो काल बनाइदिन्चु" बुढी डरले काम्न थालिच । त्यही बेला बिरालो फुत्त भित्र पसो । लामाले त्यत्ति बेलै कालो मास, खरानी र चामल मन्तरेर बुढी र

बिरालोलाई छर्किदियो । बुढी कालो छाया बनी । बिरालो मुन्छे बनेच । हेर्दा हेर्दै छाया त्यहाँबाट बिलायो । लामा र त्यो मुन्छे भएर ढाँडमा पुगी भुतिनीको भाग दिएचन्, त्याँट गाम्मा शान्ति भच ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा वैकुण्ठै जाला
भन्नी बेलाँ सुरुक्क आउला ।

स्रोतव्यक्ति - बोधराज रेग्मी
उमेर - ६४ वर्ष
ठेगाना- पुतलीबजार नगरपालिका -५, सिम्ले, स्याङ्जा
सङ्कलन मिति - २०७७ जेठ १६ गते

### ४५. विचार महान्

राजाका छोरा त कति थिए कति थिए । सप्पै छोरालाई, "क्याचौं बाबु हो ? मैले भनेको मान्चौ कि मान्दैनौ ?" भनेचन् । कान्छो छोरोले- "मान्दिनँ म" भनेच अरे । अरू छोरा सबैले "मान्चम्" भनेचन् अरे । एउटा छोराले- "म भनेको मान्दिनँ" भनेच अरे ।

"भनेको नमान्ने भएदेखि जा तँ निस्केर" भनेर राजाले निकाल्दिएचन् अरे ।

ऊ निस्केर गयो । एउटा मन्त्रीको छोरो साथी रहिच । ती साथेसाथे निस्केर गए अरे । अर्को एउटा महाजनको छोरो पनि निस्केर गयो अरे ।

"ल हामी जाम्" भनेर घुम्दै घुम्दै हिँडेचन् अरे । ती त सबै विचार महान् भएका रचन् अरे । सप्पै एउटाएउटा लक्षण जान्नी रहेचन् । ती सबै एउटा राजा कहाँ पुगेचन् अरे ।

त्यहाँ लगेर सोधेचन्- "तँ केको विचार पाउँचस् ?"

"म खानाको विचार पाउँचु ।"

"तँ केको विचार पाउँचस् ?"

"म केटीको विचार पाउँचु ।"

"तँ केको विचार पाउँचस् ?"

"म बिस्तारको विचार पाउँचु" भनेच अरे ।

चौरासी व्यञ्जन ल्याएर राखिदिएचन् । ठ्याक्क खान लाग्दा- "ओहो ! गन्हायो मलाई त यो" भन्यो अरे राजाको छोराले । "के गन्हायो तँलाई ?" भनेर भन्दाखेरिमा "यो धान मुर्दाघाटको कुलोको पानी लाको धान रच । यसमा मुर्दा मुर्दा गन्हायो" भन्यो अरे । "हो कि होइन ?" भनेर सबै बुझ्रेचन् । "यो धान काँट ल्याया हो ? कस्तो हो ?" भनेर बुझ्रेचन् । त्यो मुर्दाघाटको घरबाटै कुलोमा पानी लाएको धान रच अरे । "धन्यवाद ! वहाँको कुलोको पानी ल्याएर खेताँ लाको । कुटेको धानको गन्ध पनि पत्ता लायो । ठिक हो यो कुरो । कुलो त्यहींको लाको हो" भने अरे ।

"अर्काले म बिस्तारको गन्ध पत्ता लाउँचु" भनेर भन्यो अरे । डल्लप ओछ्याएर ठुलो चाङ लगाए, तन्नासन्ना कसेर, "ल सुत" भनेको त सुत्नेबित्तिकै, "ऐया !" भन्यो अरे ।

"के भो ?" भनेर भनेचन् ।

"मलाई बिझायो" भन्यो ।

"के बिझायो ?"

"यहाँ दुई पत्रामुनि एउटा कपालको रौँ छ त्यो बिझायो" बिस्तारा फर्काएर हेरेको त नभन्दै एउटा कपालको रौँ रैच अरे । "ओहो ! धन्यवाद तँलाई पनि विचार पाउने रचस्" भनेर भने अरे ।

अर्काले चाहिने- "म केटीको विचार पाउँचु" भनेर भनेको थियो, केटी ल्याएर देखाए अरे ! यसो केटीको अनुहार हेरेर- "ओहो ! यो केटीकी मामाघरकी हजुरआमाले बाख्राको दुध खार हुर्केकी रचे" भनेच

अरे ! त्याँटी “त्यो गन्ध हो कि होइन ?” भनेर सोधपुछ अर्दै जान्थे अरे ! नभन्दै नि उल्ले बाखाको दुध खाएर हुर्केकी रैचे अरे । ती तीन जनालाई विचारमा महान् रैचौ भनेर तीन ठाँ राज्य दिए अरे ! तीन गाम दिएर राज्य चलार बसेका थिए अरे !

सुन्नेलाई सुनको माला
भन्नीलाई फूलको माला
यो वैकुण्ठ जाला ।

स्रोतव्यक्ति - दुर्गाबहादुर थापा
उमेर - ८२ वर्ष
ठेगाना- बेसीसहर नगरपालिका -७, सुयलथोक, लमजुङ
सङ्कलन मिति - २०७७ माघ ५ गते

## ४६. विलासी राजा

एकादेशमा एक जना राजा थिए । उनी साह्रै विलासी थिए । जहिले पनि राजकाज छोडेर आफ्नो ड्रेसिङ रुममा बसेर शृङ्गार मात्र गरिराख्दथे । त्यसले गर्दा जनताहरू ज्यादै राजाबाट दु:खित थिए । "त्यो देशको राजा विलासी छ रे ! त्यसले खाली नयाँनयाँ ड्रेसहरू मात्रै लाउन चाहान्च" भन्नी कुरो जुलाहाहरूले थाहा पाए ।

उनीहरू राजदरबारमा आएर के भने भने- "हामी यस्ता कपडा बुन्चम् । त्यसमा धागो, सुन, हिरा, मोतीको जडान हुन्च तर त्यो कपडा उसको पदमा अयोग्य मान्छेले मात्रै देख्दैन अरूले देख्चन् । हामी यस्तो किसिमको कपडा बुन्चम्" ती जुलाहाहरूले राजालाई भने । राजा ज्यादै नयाँनयाँ लुगाको सौखिन थिए त्यसकारण राजाले त्यो कुरा स्वीकार गरे । "कति समय चाहिन्च ?" भनेर राजाले सोध्दाखेरि, "हाम्लाई एक महिना चाहिन्चे सरकार" भनेर भने ।

"ल चाहिने समान माग" भनेर राजाले उनीहरूलाई आदेश दिए र प्रधानमन्त्रीलाई भने- "यिनीहरूले कपडा बुन्चन् अरे नयाँनयाँ । यिनीहरूलाई चाहिने समान दिनू" भनेर राजाबाट आदेश भयो ।

राज्यको ढुकुटीबाट उनीहरूले सुन, हिरा, मोती, जुहारत सारा चिज सबै लए । मन्त्रीहरू हेर्न जान्चन् । उनीहरूको एउटा मात्र बहाना थियो, "यो अयोग्यले देख्न नसक्ने किसिमको हुन्च" भनेर जुलाहाहरूले गएका मन्त्रीहरूलाई भन्दिन्चन् । मन्त्रीहरू देख्तैनन् अनि नदेखे पनि "आफ्नो पदमा अयोग्य हुन्चम्" भनेर देखिनम् भनेनन् । सबैले "देखेम्" भनेर आए तर त्यहाँ चिज केही पनि थिएन ।

एक दिन "भोलि त हामीले सहर घुमाउनी हो महाराज" भनेर जुलाहाहरूले राजालाई खबर पठाए । त्यसपछि राजाले सबैभन्दा इमानदार मन्त्रीलाई पठाए । मन्त्रीले गएर हेरे, देख्तैनन् । अब राजाले पठाए इमान्दार मन्त्री भनेर, "यहाँ चिज केही पनि देख्तिनँ म । म मेरो पदमा अयोग्य छु" भनेर नदेखीकन आयो । राजालाई केही पनि उत्तर दिन सकेन ।

भोलिपल्ट राजालाई सहर घुमाइयो । राजाका भका जति सबै कपडा खोलेर नाङ्गै सहर घुमाइयो । "यो अयोग्यले देख्न नसक्ने लुगा हो" भनेर बहाना पारेर जुलाहाहरूले राजालाई नाङ्गै सहर घुमाए । जुलुसमा जानेहरू कसैले पनि बोल्न सकेनन् तर एउटा सानो बच्चाले- "राजा नाङ्गै छ, राजाले कपडा लगाको छैन । राजा नाङ्गै छ" भनेकाले त्यो सप्पैलाई थाहा भो । यो कथाले राजा विलासी हुनाले राष्ट्रको बेइज्जत हुँदो रच भन्ने सन्देश दिन्च ।

स्रोतव्यक्ति - ईश्वरीनाथ रिमाल
उमेर - ७० वर्ष
ठेगाना- गैँडाकोट नगरपालिका - ४, झपर्दी, नवलपुर
सङ्कलन मिति - २०७७ फागुन १५ गते

## ४७. वृत्रासुर राक्षस

सत्ययुगमा वृत्रासुर राक्षसले तपस्या गरेछ । तपस्या गर्दा, "म चक्रवर्ती हुन पाम्" भन्ने महादेवसँग वरदान मागेछ । महादेवले खुसी भएर तपस्या सफल भएको कारणले "तथास्तु" भनेर उनले जसको टाउकोमा छोयो त्यो भस्म खरानी हुने वरदान दिएछन् । त्यसले महादेवमाथि नै परीक्षण गर्नका लागि आफ्नो हात महादेवको टाउकोतिर लाँदा महादेव डराई भागेचन् ।

महादेव भाग्दा भाग्दा ढाडखोलामा लुक्नुभएच । यो बन्दीपुरको दखिखन भागमा छ, त्यहाँ पनि देखेच । त्यहाँबाट भागेर अशुमती ओढारमा लुक्नुभएच । त्यहाँ पनि देखेपछि पुरानो कोतधारामा ठुलो जङ्गल रहेछ, महादेव त्यहाँ लुक्नुभएच । त्यहाँ पनि खोज्दै आएपछि तान्द्राङ्गतुन्द्रुङ्ग भएको ठाम्मा लुक्नुभएछ, त्यहाँ पनि देखेच । "ओहो ! यहाँ त नागहरू रहेछ" भन्दै रुखहरू उखाल्दै उदाङ्ग पारिदिएच । अगर, त्यहाँ "यही लुक्याछ" भनेर ढुङ्गोले हान्दा झ्याँक्री लुक्ने ठाउँ रहेछ । त्यो झ्याँक्री भागेर कुकुर्दीबाट निस्केच । त्यहाँबाट भागेर आएपछि एक पाइला बजार माझमा परेच । त्यहाँ एउटा मन्दिर बनेको छ । त्यहाँबाट तीनधारमा गएचन् ।

हैरान भएपछि महादेवलाई तिर्खा लागेच । "पानी पिउनुपऱ्यो" भनेर त्रिशूल हान्नुभएच, पानीको तीनटा धारा निस्केच । एउटा धाराबाट पानी पिउनुभएच । महादेवले जुन धाराको पानी पिए त्यो धाराको पानी एकदम मिठो छ । अरू धाराको पानी मिठो छैन । जाडो महिनामा त्यो पानी न्यानो हुन्च र दिउँसो शीतल हुन्च । त्यहाँ एउटा मन्दिर पनि बनेको छ । त्यहाँबाट टुँडिखेलको भिरभिर भागेर सिद्ध गुफामा पुग्नुभएच, त्यहाँ पनि देखेच । अब "जाऊँ सिद्ध गुफामा अगाडि ऊ छ, नजाऊँ के गर्ने ?" महादेवलाई दोधार भएच । त्यसपछि आफ्नो टाउको माथि प्वाल गराएर भाग्नुभएच र पातालद्वारमा गएर बस्नुभएच । पातालमुनि भएको हुनाले त्यो वृत्रासुर राक्षसले देख्न सकेन ।

वैकुण्ठबासमा विष्णुले- "आच्या ! महादेव धेरै दिन भयो भेट भएन । के भयो ?" भनेर ध्यान दृष्टिले विचार गर्दा महादेवलाई वृत्रासुरले लखेट्दै लगेको चित्र देखेचन् । विष्णु भगवान् एउटा मोहिनी रूप लिएर नाच्दै आउनुभएच । वृत्रासुर अचम्म मानेर हेरिरहेको रहेछ । त्यो विभिन्न आकृति, नाच र शैली हरेकले आकर्षित भएर ऊ पनि नाच्न थालेछ । विष्णु एउटा मोहिनीको रूपमा टाउकोमा हात राख्दै नाच्दा वृत्रासुर पनि टाउकोमा हात राखेर भस्म खरानी भएच । त्यो कुरा जमिनमुनि बसेका महादेवकहाँ गएर भन्नुभएच- "हैन महादेव, यो के गर्नु भएको त ? राम्रो मान्छेलाई पो वरदान दिनुपर्छ । कुकर्मीहरूलाई यसरी दिएर हुन्च ?"

महादेवले भन्नुभएच, "विधि पुऱ्याएर उल्ले कर्म गरेपछि मैले दिने वरदान हो, दिएँ । यो मेरो जिम्मेवारीको कुरा हो । तपाईंको जिम्मेवारीको कुरा यसको भस्म गराउने भएको हुनाले गर्नुभयो, त्यही कर्मबाट संसारलाई प्रेरणा मिल्नेछ । यही कथाले संसारलाई उपदेश दिनेछ" भन्दै कैलाश पर्वतमा विष्णु र महादेवको सवारी भयो ।

सुन्नेलाई सुनको माला<br>
भन्नेलाई फूलको माला<br>
यो कथा वैकुण्ठ जाला ।

स्रोतव्यक्ति - मणिकुमार प्रधान<br>
उमेर - ७८ वर्ष<br>
ठेगाना- बन्दीपुर गाउँपालिका -२, चलिन्चा, तनहुँ<br>
सङ्कलन मिति - २०७७ पुस २६ गते

## ४८. संसार

एउटा धनाढ्य मानिस रछ, उसको एउटा मात्रै छोरो थियो । एउटा मात्रै छोरो भएकाले बाउले- "म छोरालाई पढ्न पठाउँछु" भन्नी कोसिस गऱ्यो । छोरो लफङ्गो हुन थाल्यो । "जाऊ बाबु तिमी पढेर आऊ" भनेर बाउले छोरालाई पढ्न पठायो । छोरो पढ्न भनेर गयो । जाँदाजाँदा जङ्गलको एउटा कुटीमा पुगेछ । त्यो केटो जङ्गलको कुटीमा एउटा योगीसँग बसेछ । योगीसँग बस्दैबस्दै त्यहाँ धेरै कुरा सिकेछ । आठौँ, दशौँ वर्ष बस्यो र सिक्यो ।

केटाले योगीसँग, "मलाई यहाँ बस्न मन लाग्यो मन्त्र दिनुस्" भन्दो रच ।

"अहो ! तँलाई त यो मन्त्र मैले दिएर हुँदैन बाबु । तैँले आफैँले पहिला तँ कस्तो होस् ? भन्ने संसार चिन्नुपर्छ" भन्यो ।

"संसार कसरी चिन्ने त नि ?"

"त्यसो भने तँ घर जा । तँलाई संसार चिनाउने कुरा म जान्दचु" योगीले केटालाई घर पठाइदिएच ।

"म पद्मासन बस्छु, यसरी बस्दा म मोरेको बाँचेको थाहा हुँदैन । त्यस्तो आसन गरेर तँ बस्न सक्छस् ?" भन्दा "सक्छु" भनेछ ।

"त्यसो भए जा तँ घर जा" भनेर योगीले त्यो केटालाई घर पठाइदिएच ।

त्यो त घरको एक्लो छोरो थियो । बिहाबारी गरेर गको थियो । परदेशमा पढ्न भनेर गको थियो । घरमा श्रीमती र बाआमा थिए । धनी मान्छेको छोरा घर फर्केर आएपछि सारा मान्छे जुटे । "अहो ! विद्वान् भर, पढेर आहोला भन्ने ठाने" तर त्यो त "संसार के हो ?" भनेर चिन्न पो घर आको थियो । बेल्का खानासाना खाएर सबै सुते । त्यो लम्पट भएर योगासन गरेर सुतिदिएछ । मोरे बाँचेको थाही भएन । भोलिपल्ट उठ्दा त छोराले सास फेरे, नफेरेको थाही छैन ।

"मोरे होला" जस्तो लाइसक्यो । कसैले फुक्दाखेरिमा पनि उपचार हुँदैन । डाक्टरलाई देखाउँदा पनि उपचार हुँदैन । दुई, तीन दिनसम्म त्यसरी रहेपछि बाआमा रुन थाले, श्रीमती रुन थालिन् र गाउँलेहरू पनि रुन थाले ।

त्यो बखतमा एउटा योगी आइपुगेच । उसले भनेच- "ल ठिक छ, तपाईंहरूले यल्लाई बचाउन खोज्नुभएको होइन ?"

"बचाउन त खोजेका हुम् तर भएन यस्तो भयो ।"
"त्यसो भए मैले एउटा क्रियाकलाप गर्चु, तपाईंहरू मान्नुहुन्च ?"
"मान्दचम्" भनेर भनेचन् ।

"यो बच्चा बचाउने हो भने एक पाथी कैली गाईको दुध ल्याउनुस्" भनेर मागेच । "यसलाई नुहाइदिनुपर्च दुध ल्याउनुस्" भनेर लाच । कपडै लाएर सुते पनि त्यसलाई दुधले नुहाइदिएच, नुहाइदिएपछि त्यो अझ सुत्यो ।

"यदि तपाईंहरू घरपरिवारमा यो बच्चा बचाउने चाहाना छ भने यसको सट्टामा एउटा बलिदान दिनुपर्‍यो । आमाले दिए पनि हुन्च, बाउले दिए पनि हुन्च र श्रीमतीले दिए पनि हुन्च ।"

उसले गाईको दुधले धोएर बुटी बनाएर राखेको थियो । "गाईको दुधले धोएर राखेको बुटी छ । यो बुटी जसले खाए पनि मर्छ तर यो बच्चा अर्थात् पढेको विद्वान् उठ्छ । त्यसकारण तपाईंहरूमध्ये कसैले खाइदिनुस् । आमाले खानुहुन्च भने छोरो बिउँतिन्छ, बाउले खाए पनि बिउँझिन्छ र श्रीमतीले खाए पनि बिउँझिन्छ" भनेर योगीले प्रस्ताव राखेच ।

प्रस्ताव राख्दा बुहारीले- "म मोरेपछि लोग्ने बाँचेर के नाप्पियो ? म त संसारदेखि अलप भैहालेँ, सिद्धिइहालेँ । यो लोग्नेले आफ्नो रजगज गर्छ, मोजमस्ती गर्छ । म मोरेर के नाप्पिन्छ र ? खुट्टा भए जुत्ता कत्ति" भनेर अम्किछ ।

आमाले भन्ठानिछ- "जन्म दिएको एउटा छोरो मै मोरिहाले भने यल्ले के गर्छ ? के गर्छ ? म त मोर्दिनँ" आमा पनि त्यही भनिन् । बाउ त झन्- "यत्रो सम्पत्तिको राज गरेर बसेको सारा हरुवाचरुवा राखेर बसेको मान्छे, म नि खान्नँ" भनेच । बुटी कसैले पनि खानचन् अनि बाहिरकाले कसैले खानी कुरै भएन ।

परिवारका तीनटैले नखाएपछि योगीले सोधेच- "तपाईंहरूले खानुहुन्न ?"

कसैले पनि "खान्नम्" भनेचन् ।

कसैले पनि नखाएपछि योगीले भनेच- "त्यसो भए ठिक छ । उल्लाई त संसार कस्तो छ ? भनेर चिनाउनु थियो ।" कोसैले पनि नखाएपछि योगीले भनेछ- "यो बुटी मै खान्छु । म जे भए नि हुन्चु तर यल्लाई मैले लिएर जान्चु ।"

त्यो बुटी योगीले खाइदिएच । योगी त साधु थियो, "म यसलाई सबै पच्न गर्न सक्छु" भनेर भन्यो । त्यसपछि छोरालाई जुरुक्क उठाइदिएच ।

"ल हिँड् तेरो संसारमा को रच ? तेरी श्रीमती पनि रहिनच, आमा पनि रहिनच र बाउ पनि रहिनच त्यसैले अब बल्ल तँ मसँग हिँड्" भनेर भनेच ।

"अब तँलाई म योगी बनाउँछु" भनेर बालकलाई फेरि कुटीमा लगेर योगी बनाएको थियो ।

स्रोतव्यक्ति

नाम - माधवप्रसाद पौडेल

उमेर - ६२ वर्ष

ठेगाना- पोखरा महानगरपालिका - १९, पुरनचौर, कास्की

सङ्कलन मिति - २०७५ मंसिर २७ गते

## ४९. सराद

एकादेशमा दुइटा बुढाबुढी रैचन् । ती बुढाबुढी एकदम दुःख पाउनी रैचन् । बुढीले धान कुट्न जाँदै कनिका ल्याउँदै घैंटो भर्दै अर्न खोजेकी रैचन् । बुढाले एक दिन घैटाँ कनिका देखेर- "ए ! बुढी आज त भात पकाउन पेटभोरी खाम्" भनेचन् । बुढीले- "ए ! बुढा, यो घैंटो नभोरी त भात खानी हैन । घैंटो भोरेसि खाम्ला" भनिछन् । बुढीले त्यसो भनेपछि "किन बुढी ? क्यार्नी हो ? भन्दा घैंटो भोरेसी छोराको विवाह गर्नी हो" भनिचन् बुढीले । त्यो घैंटो भोरेपछि एक दिन भात पकाएर टन्न बुढालाई खान दिइचन् । आज त टन्न खाइयो, "बुढी अब क्यार्नी हो त त्यो घैंटाका कनिका भनेचन्" बुढाले ।

"बेचेर छोराको बिहे अर्नी" भनिचन् बुढीले । त्यो घैंटाको कनिका बेचेर छोराको बिहे अरेचन् । बिहे अरेको तीन, चार वर्षपछि दुइटै बुढाबुढी मोरेचन् ।

छोराबुहारी एकदम दुःख पाउनी, घराँ केही नभएका भए । अघिको पनि भएन, पछिको पनि केही भएन । तिनले बाउको सराद गर्न पनि सकेनचन् । त्यो बुहारीले- "ए बुढा आज सपनाँ बालाई देखैं । सराद अरम् न हाम्ले, सराद पनि अरेनम् कहिल्यै, सराद अर्न पऱ्यो" बुहारीले भनिच । छोराले- "के छ र ? केल्ले सराद अर्नी हो ? सराद अर्नी हैन, केल्ले अर्नी हो र ?" भन्दा "म माग्न जान्चु । चार घर माग्न गएँ भने एक मानो चामल हुन्च । एक माना चामल भसी सराद हुन्च, सराद त अरम् बुढा" भनिचन् । त्याँट चारघर माग्दाखेरि चारमाना चामल जम्मा भएच । चारमाना चामल दिएपछि आर सराद अरेचन् । ओ, सबै इष्टमित्र बोलार, भोजभतेर खुवार राम्रो अरेर सराद अरेचन् । त्याँट ती बुढा, ससुरा सपनामा आर भनेचन्- "बुहारी तिमी धन्य रैचौ । आज पेटभोरि खाएँ, म अघाएँ, सन्तुष्ट छु । तिम्ले दुःख पायौ, दुःख पाएँ भनेर पीर नमान । मैले तिम्लाई बाटो देखाइदिन्चु" भनेर ससुराले भनेचन् ।

"के बाटो देखाउनुहुन्च त अब ?" भन्दा, "तिम्ले एउटा रातु गाई खोजेर लेऊ । त्यो रातु गाई पाँच दिनका दिन मोर्च अनि त्यल्लाई राम्रो अरेर गाड" भनेर ती ससुराले भनेचन् । बुहारीले छोरालाई नभनीकन गाई खोज्न हिँडिचन् । गाई खोज्न हिँड्दाहिँड्दा रातु गाई भेट्टार, ल्यार पाँच दिनका दिन ती गाई तिनकै घर मोरिचन् । मोरेसी त गाड्न परो । "गाई मोरो गाडम् बुढा, खाल्टो खन" भन्दाखेरि, "म त सक्दिनँ । खान ल्याकी राँडी लौ खन । तैंलेई गाड्" भनेर खन्न लाको छोराले खन्ने उता फालेर बसेच ।

"हजुरले सक्नुभएन, म खन्चु बस्नुस्" भनेर बुहारीले भनिचन् । खन्दै जाँदाखेरि त्यहाँ एउटा पातीको गाँज निस्किएच । त्यो पातीको गाँज बुहारीले उखालिचन् । उखाल्दाखेरि त पैसा र सुनको थैलैथैला भेटिचन् । "ए ! बुढा के यस्तो भओ ? हेर्नु त पैसाका थैलैथैला" भनिचन् । अनि त्यो छोरालाई त रहर लाएच अरे- "खै तैंले सकिनस्, तँ बस्, म खन्चु" भनेर थैलैथैला निकाल्दै अरेचन् । ती थैला निकालेपछि तिनलाई सन्च बसिबसी कति वर्ष सुतिसुती खान पुगेच । ती अलख्खै धनी भएर त्यसरी बसे । ती ससुरा पितृले बाटो देखाइदिए तिनलाई । तिनले सराद अर्नपर्नी रैच भन्नी त्यहाँदेखि बल्ल जाने ।

सुन्नीलाई सुनको माला
भन्नीलाई फूलको माला
यो कथा वैकुण्ठै जाला ।

स्रोतव्यक्ति - निलकुमारी शर्मा
उमेर - ६४ वर्ष
ठेगाना- पुतलीबजार नगरपालिका - ३, गुडिखोला, स्याङ्जा
सङ्कलन मिति - २०७५ जेठ ६ गते

## ५०. सासू र बुहारी

हाम्रो समाजमा सासू र बुहारी कहीँ मिलरे बस्नी प्रचलन छ तर कहीँ भने बहुधा झगडा गर्नी प्रचलन छ । अहिले पढेलेखेका मानिसको युग हो । अब बुहारी असल धेरै पढेकी । सासू पुरानो धर्म, संस्कार र परम्परामा विश्वास गर्ने अनि बुहारी आधुनिकतामा विश्वास गर्नी । उनीहरूलाई कामको फुर्सद हुँदैन । जागिर खानी यताउता हिँड्नी अनि सासू घरै बसिरहन्थी । उनीहरूका केटकेटी हुर्काइदिनी, पढाउनी बेलामा उनीहरूले वातावरण बनाए पनि गुहुमूत सोहोर्ने बेलामा बाआमालाई असाध्यै माया गर्छन् । नातिनातिना भनेपछि बाबुआमालाई पनि असाध्यै माया हुन्च । जतिचाहिँ आमाले माया गरे पनि बुहारीले सासूप्रति पटक्कै माया नदेखाउनी रहिछ । उनका छोराछोरीप्रति माया देखाउँदा पनि माया नदेखाउनी त्यसपछि उनीहरूको बहुधा झगडा हुनी रैछ ।

बुहारीले श्रीमान्‌लाई कुरा लाउँथिन् । सासू भन्थिन्- “मेरै छोरो हो । मेरो मुटुको टुकुरा, मैले कति गुहुमूत सोहोरेर हुर्काएको, पढाएको” भन्नी उनलाई हुन्थ्यो । बुढीमाउलाई आफ्नो श्रीमान् घर भइन्जेल उस्तो चिन्ता थिएन । श्रीमान् बितेर गएपछि झन् सासू र बुहारीको कटाक्ष बढ्न थाल्यो, मिलनबिन्दु भएन । नातिनातिनाहरू पनि वाक्कदिक्क हुन्थे । “किन झगडा गर्छन् हाम्रा आमा र ममी ? किन यस्तो झगडा गरे होलान् ?” केटाकेटीलाई लाग्थ्यो । झगडा भएपछि बुहारीले श्रीमान्‌लाई कुरा लाउँछिन्- “तपाईंकी आमाचाहिँ किचकिचे छन्, वास्ता गर्दिनन् । यी केटाकेटीलाई माया पनि दिन्नन् । सधैँ बहुधा झगडा गर्नी” श्रीमान्‌लाई कुरा लाम्नी गर्थिन् ।

“कि वृद्धाआश्रममा लगेर छोड्देऊ कि त अन्तै लगेर राख ? म तिम्री आमासँग बस्न सक्दिनँ” भनेपछि उल्लाई बडो अप्ठ्यारो पऱ्यो । आमालाई दिन पर्नी माया आफ्नै ठाम्मा छ, श्रीमतीले गर्नी माया आफ्नै ठाम्मा छ । उल्लाई बडो असजिलो पऱ्यो । उल्ले मिलाउन खोज्छ मिल्दैनन् । नमिलेपछि श्रीमतीले- “तिम्री आमालाई जहाँ लानपर्च लैजाऊ, यहाँ नराख” भनेपछि एक दिन छोराले एउटा डोको खोजेछ । “आमालाई वृद्धाश्रम लैजान्चु अब” भनेर वृद्धाश्रममा लानी बेला डोकामा राखेच । डोको काटेर, पिठ्युँ मिलार चट्ट बोक्नी बनार बोकेर जानी बेलामा नातिले भनेच- “बा ! हजुर आमालाई वृद्धाश्रममा छोडे पनि यो डोकोचाहिँ नछोड्नुहोला है । लिएर आउनुहोला ।’

“किन बाबु ?”

“भोलिपर्सि तपाईं बुढो भएपछि हामीले पनि वृद्धाश्रम लानपर्च । ममीलाई पनि वृद्धाश्रम लानपर्च” भनेच । हामीले संस्कार, परम्परा मानेम्, केटाकेटीलाई संस्कारी बनाएम्, भने हामीले पनि संस्कार पाइन्छ तर दिएनम् भने संस्कारविहीन हुन्च, संस्कारी बनौँ ।

सुन्नीलाई सुनको माला
भन्नीलाई फूलको माला
यो कथा वैकुण्ठ जाला ।

स्रोतव्यक्ति
नाम - हरिप्रसाद अधिकारी
उमेर - ६४ वर्ष
ठेगाना- चन्द्रेश्वर गाउँपालिका - ३, दुराडाँडा, लमजुङ
सङ्कलन मिति - २०७७ माघ ४ गते

### ५१. सिकारी र बाघ

एउटा सिकारी हरेक दिन जङ्गलमा जान्थ्यो । सधैँ सिकार खेल्दै आफ्ना घरपरिवारलाई पाल्ने गर्दथ्यो । एक दिन ऊ घर फर्कन लाग्दाखेरि डहरमा अचानक बाघसँग भेट भयो । बाघ आफ्नो घर जान आको छ र सिकारी पनि घर जान आको छ, दुइटैको बिचमा भेट भयो । अब कतैबाट पनि जानी ठाम् छैन । सिकारीको हातमा पनि बन्दुक छ । "अब यल्ले हिर्कायो भने म मोर्चु" भन्ने बाघलाई डर लायो र उसले प्रस्ताव राख्यो- "सिकारीजी तपाईं र म मित लाम् ।"

सिकारीलाई शङ्का लाग्यो, तैपनि यो पशुको भर त हुँदैन । "अब के गर्नी मलाई पनि बाँच्नु छ, झम्टिहाल्यो भने म पनि सिद्धिन्चु" भनेर ऊ डरायो । दुइटाले मित लाउने कुरा स्वीकार गरे । बाघले भन्यो- "मितज्यू तपाईं यता फर्कनुस्, म फर्कन सक्दिनँ । त्यसैले तपाई अगाडि हिँड्नुस् । आज मेरो घर जाम्" भनेर भन्यो । त्यसपछि सिकारी फर्कियो । सिकारी अघिअघि लायो, बाघ पछिपछि लायो र बाघको घरमा सिकारी पुग्यो ।

बाघको घरमा सिकारी पुगेसी बाघका छाउराहरूले- "आज त मान्छेको मासु खान पाइयो" भनेर बहुत खुसी भए, उत्तेजित भए । त्यसपछि बाघले भन्यो- "नकराओ तिमारू । आज मैले मित बालाई लेर आको हो । तिमारूले मितबालाई खानी होइन । मितबालाई मिठोमिठो खानेकुरा खुवाउनपर्छ" भन्यो । ती बाघका छावाहरूले पनि बडो सत्कार गरेर सिकारीलाई खानपिन गराए । सिकारी त्यो रात त्यही बाघको घरमा बस्यो । भोलिपल्ट बिहान ऊ आफ्नो घरमा फर्कियो । उल्ले फर्कने बेलामा बाघलाई निम्ता गर्‍यो- "मितज्यू ! तपाईं पनि मेरो घरमा आउनुस् है कुनै दिन, म पनि तपाईंलाई स्वागत सत्कार गर्चु" भनेपछि बाघले- "हुन्छ" भन्यो ।

बाघ एक दिन सरासर मितज्यूको घर खोज्दै पुग्यो । गाउँको घरमा ठुलो आँगन थियो । त्यो आँगनमा गर बाघ चट्ट खुट्टा अगाडि पसारेर बस्यो । घरमा केटकेटी थिए, उसले केही पनि गरेन तर केटकेटी आत्तिए । सिकारी घरमा थिएन । आमा तल बारीमा थिइन् । कोलाहल गरेर केटाकेटी कराए ।

"आमा ! आमा ! बाघ आयो" भनेर उनोरू कराए । आमाले बच्चाहरूलाई भनिन्- "भित्र बन्चरो छ, ल्याएर खप्परमा हिर्काओ न" भनेर आदेश दिइन् । बच्चाहरूले न त गर्न सक्थे न त उनीहरूको हैसियत थियो । त्यसपछि आमाभन्दा पहिला घरमा सिकारी आइपुग्यो । सिकारी आएपछि बडो खुसी भए- "आज मितज्यू मलाई भेट्न आउनुभाछ । तिमोरू चाहिँ बाघसँग डराउनु पर्दैन । तिमोरको मितबा हुनुहुन्च" भनेर भने । त्यसपछि घरकी गृहिणी आइन् । गृहिणी आएपछि उनोरू बेलुका बातचित गरे । मिठो खानेकुरा बाघलाई ल्याएर दिए । बाघले त्यो खाने कुरो खाँदै खाएन । "किन मितज्यू, तपाईं आज रिसाउनुभयो मसँग ? हजुरलाई के भयो ? मैले तपाईंलाई टक्र्याएको स्वादिष्ट भोजन भएन कि ?" उल्ले मासु नै ल्याएर दिएको थियो तर बाघले खाएन । उल्ले बडो खिन्न भएर थोरै लियो । भोलिपल्ट बाघ आफ्नो बाटो लायो ।

फेरि कुनै दिन मितज्यू र बाघको चाहिँ भेट हुन्छ । भेटेसी, "के छ ? कसो छ ?" खबर सोध्चन् । बाघले भन्च- "मितज्यू ! मलाई एकपटक बन्चराले यहाँ हिर्काइदिनुस्, मेरो टाउकोमा, थाप्लोमा ।"

"किन ?" उल्ले मान्दै मानेन । बाघले- "हिर्काउनुस्" भनेर एकदम अनुरोध गऱ्यो । उल्ले बिस्तारै हिर्काइदियो । टाउकोमा थोरै छाला मात्रै गयो, त्यसपछि ऊ खुसी भयो । फेरि उनीहरूको बिछोड भयो ।

केही दिनपछि फेरि उनीहरूको जङ्गलमा भेट भयो । अनि, "के छ मितज्यू हालखबर" भनेर सोध्छन् ।

"अरू सबै ठिक छ । तपाईंले हिर्काको घाउ त निको भयो तर मितिनीज्यूले छोराछोरीले बाघ आयो भनेपछि खप्परा हिर्काइदे भनेको त्यो बन्चराको घाउ अझै निको भएको छैन ।" त्यसो हुनाले वचनको घाउ कहिल्यै पनि निको हुँदैन । मित्रता भनेको सधैँ रहिरहन्छ तर बोल्दा विचार अर्नपर्छ भन्ने सन्देश यो कथाले दिन्छ ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा वैकुण्ठै जाला
भन्नी बेलाँ तात्तातै आइजाला ।

स्रोतव्यक्ति - हरिप्रसाद अधिकारी
उमेर - ६४ वर्ष
ठेगाना- चन्द्रेश्वर गाउँपालिका - ३, दुराडाँडा, लमजुङ
सङ्कलन मिति - २०७७ माघ ४ गते

## ५२. सेवा नै धर्म

एकादेशमा एउटा राजा थिए । ती राजा अत्यन्तै दयालु, कृपालु थिए । उनको राज्यमा कुनै प्राणीले दुःख पाउनु पर्दैनथ्यो । उनले दया, धर्म र संस्कृति सम्पूर्णको पालना गरी बसिरहेका थिए । मन्वन्तरको पालामा गाईको सेवा नगरेसम्म कुनै पनि पदार्थहरू सेवन गर्दैनथे । त्यस्तो किसिमका दिलीप नाम गरेका राजा थिए । तिनै राजाले गौसेवा गर्ने लक्ष्य लिएर प्राणीको दयाको निमित्त गाईको रक्षा गर्थे । गाई पाल्दै जाँदा गाईको बाच्छी माउ बन्न पुग्यो । राजालाई बिहान गाईको सेवा नगरी हुँदैनथ्यो । उनले गाईको सेवा गरिसकेपछि मात्र आफूले जलपान गर्दथे । "प्राणीको रक्षा गर्नुपर्छ, प्राणीको हितमा लाग्नुपर्छ, प्राणी नै सारा संसार हो । मनुष्य जन्म लिइसकेपछि प्राणीको रक्षा गर्नुपर्छ" भनेर उनले एउटा गाईलाई बिहान फुकाउँथे तर फर्काउन जान्दैनथे ।

त्यो गाई चर्थ्यो र बेलुका आफैँ फर्केर आउँथ्यो । त्यसको बच्चा पनि भयो । एक दिन, दुई दिन, तीन दिन गर्दागर्दै सातौँ दिन बिते । पन्ध्रौँ, सत्रौँ दिन पनि बिते । एक्काइसौँ दिनका दिनमा दिलीप राजाले गाई चराउन लिएर गए । सुत्केरी अवस्थाको गाइको बाच्छो भने घरमा थियो । गाई चर्दै गएको अवस्थामा "मन्वन्तर वंशका राजा दिलीप कस्ता रहेछ त नि ? दिलीपको राज्य कस्तो रहेछ ? जनताले कस्तो सुख पाएका रहेछन् ?" भनेर आकाशवाणीबाट यक्षले परीक्षा गर्नको निमित्त सिंहको स्वरूप लिएर जङ्गलमा आइपुगेछन् ।

राजाको अगाडि गाई चर्दै थियो । सिंहले गाईको शिरमा झम्टेर घाँटीमाथि आक्रमण गर्न थालेछ । त्यस बेलामा राजाले झट्ट एउटा कविता भन्न लागेछन् :

"व्रतायतेनानुचरेण धेनु र्न्यासेधिसेषोऽप्यनुयायीवर्ग
नचान्य तस्तस्य शरीर रक्षा स्ववीर्य गुप्ता हि मनोः प्रसूति ।"

"हे ! सिंहराजा यिनी सुत्केरी छन्, यिनको बच्चा घरमा छ । यदि तिम्रो प्राणको रक्षा गर्ने हो भने यी गाईलाई तिम्ले आक्रमण गरिसकेपछि एउटा हैन दुइटाको हत्या हुन्छ । यिनी त त्यसै पनि जानी भइन् तर यिनको बच्चा पनि छ । बच्चाले के खान्छ ? त्यसकारण अब तिम्ले गाईलाई नछोऊ" भने । यक्षले भन्यो- "हैन, मेरो प्राणको रक्षा नै मांसभक्षण हो । मैले जसरी पनि आफ्नो पेट गुजाराको निमित्त खानुपर्छ" भन्दा राजाले भने- "त्यसो भए मलाई खाऊ ।"

"यो विधिको नियम हो, मनुष्य भएर जन्म लिएपछि प्राणीको रक्षा गर्नुपर्छ । त्यसकारण मैले यो देख्न चाहन्नँ बरु मलाई भक्षण गर" भनेर भने । ती दिलीप नाम गरेका राजाले मन्वन्तर वंशमा भारत वर्षमा जन्म लिएका थिए । उनी दया र धर्ममा आश्रित थिए, ज्ञानी थिए र बुद्धिजीवी पनि थिए । त्यसकारण मनुष्य चोला भनेको के रहेछ ? भन्दा प्राणीको हितको निमित्त जन्म लिनुपर्दो रहेछ । मनुष्य चोला भनेको ठूलो दया र धर्मबिना प्राप्त हुँदैन । मानिस भएर जन्म लिइसकेपछि प्राणीको हितको निमित्त काम गर्नुपर्दो रैछ । दिलीप राजाले प्राणीको रक्षा गर्नका निमित्त आफ्नो प्राण सिंहलाई आहुति दिन लागेका थिए । एक्काइस दिनकी सुत्केरी गाई बाघको आक्रमणबाट बचेर घरमा आएपछि बाच्छाले स्तनपान गर्दा जसरी गाईका स्तनबाट दुधका धाराहरू बहे त्यसरी नै ती राजाका आँखाबाट हर्षका आँसु बगे ।

त्यो यक्षले त्यति बेला के भनेको थियो भन्दा, "हैन म सिंह होइन । तिमीबाट म प्रसन्न भएँ । तिमी धर्मात्मा रहछौ । तिम्रो राज्यमा कोही पनि प्राणीले दुःख पाउनुपर्दो रैनछ । अब तिम्ले के माग्छौ माग" भन्दा दिलीप राजाले- "मैले सधैँ सेवा गर्न पाम्, गौको रक्षा गर्न पाम् र आफ्नो परम्परा, रीतिरिवाज तथा धर्मलाई थाम्न पाम्" भनेछन् ।

"ठिक छ। तिम्ले कुनै पनि वर माग्ने चाहना गरेनौ तर यो देह त भौतिक शरीर हो, भोलि ढल्न पनि सक्छ। तिमी सदासर्वदा अमर रहे" भनेर देवीको स्वरूप लिएका यक्ष दिलीप राजाको अगाडि खडा भए। जसरी दिलीप राजाले आफ्नो शासनकालमा प्राणीहरूको रक्षा गरेका थिए त्यसरी हामीहरूले पनि प्राणीको रक्षा गर्नुपर्दो रहेछ। प्राणी सेवा गरेर जन्मको सार्थकता अपनाउनुपर्दो रहेछ।

सुन्नेलाई सुनको माला
भन्नेलाई फूलको माला
यो कथा वैकुण्ठमा जाला।

स्रोतव्यक्ति - टीकाराम शर्मा
उमेर - ७० वर्ष
ठेगाना- महाशिला गाउँपालिका - ४, पाखापानी, पर्वत
सङ्कलन मिति - २०७७ माघ २६ गते

## ५३. स्यालको बिहे

उः बेलाँ स्यालको बियामा जन्ती जाँदाखेरि रिमरिमे अँध्यारो, सिमसिमे पानी, कहिलेको घाम र कहिलेको पानी हुन्थ्यो अरे । स्यालहरू ब्याउली भका ठाम्मा जन्ती लिएर जाँदाखेरि सिमसिमे पानी र अँध्यारो हुँदै असिना पर्थ्यो अरे ! फेरि ब्याउलाको घरमा आउँदाखेरि एकदमै छर्लङ्ग उज्यालो हुन्थ्यो अरे । "ब्याउलीको घरमा जाँदाखेरि अलच्छिन लाएको हो कि क्या हो ? फेरि ब्याउलाको घरमा आइसकेपछि लच्छिन लाएको हो कि क्या हो ? यो केटी स्याल एकदम अलच्छिन रैछ, यसरी त घर हुँदैन कि क्या हो ?" भन्नी भयो अरे । ब्याउली लिएर आउँदाखेरि त्यो घर त्यति राम्रो भएन अरे । स्यालहरू सप्पै रुवाबासी गरेर गाजाबाजा फालेर आफ्नो घरतर्फ भागे अरे ।

स्यालको जस्तै कथा मानिसहरूमा पनि जोडिन गयो । "ए तेरो बिया त कस्तो स्यालको बियाजस्तो रैच हे । स्यालको बियाजस्तो हुन्च कि क्या हो, तिमोरको बिया पनि ? कहिल्यै पनि घर हुन्न कि क्या हो ?" भन्नी भनाइ मान्छेमा पनि जोडिन गयो अरे ।

मानिस विवाहमा जन्ती लिएर ब्याउली लिन जाँदाखेरि त्यस्तै घामपानी, वर्षा र एकदम अँध्यारो भयो अरे । ब्याउलीलाई डोलीमा हालेर लिएर आउँदा ब्याउली नै खस्ने गरेर कहिले उज्यालो, कहिले अँध्यारो हुँदै र असिना पानी बर्सिंदै ब्याउलाको घरमा ल्याइपुऱ्याउनुभयो अरे- "यो केटी लच्छिनकी छैन कि क्या हो ? घर त राम्रो हुन्न क्या हो ? घर सप्रन्न क्या हो ?" भनेर सप्पै जन्तीले आपसमा कुरा गरे । ब्याउलाको घरमा ल्याएर भित्र्याउँदाखेरि घरै उज्यालो भयो अरे । दुरान नफर्काउँदासम्म त सबै ठिकै थियो अरे । दुरान फर्काएर आएपछि त्यो घरमा दिनदिनै घटना घट्दैघट्दै गए । केही काम नबन्नी, काम सम्पन्न नहुनी, घटना घट्दै जानी, केही चिज मोर्नी र कुनै कुराहरू पनि राम्रो नहुनी हुँदै गयो अरे ।

घरका परिवार एकमुख लागे- "ए तैँले ल्याएकी दुलही राम्री रैनचे, अब यल्ले घर हुनी भएन । तैँले अर्को विवाह गर्नपर्ला जस्तो छ । यो केटीलाई आफ्नो जन्मस्थल पठाइदिए कसो होला ?" भनेर घरपरिवार, सासूआमा र बाबाले भन्नुभयो अरे । उः बेलाका मान्छेहरू उतिसारो नबोल्नी, उहाँ टोलाउन थाल्नुभयो- "यस्तो के हुन गयो ? कतै हाम्रो घरपरिवार सबै सखाप त हुन्न ? निः सन्तान त हुन्न ? यसलाई ल्याइसकेपछि केही पनि राम्रो भएन । जीवन नै निःसन्तान भर जान्च कि त" भनेर आपसी कुरा भयो । आपसी कुरा हुँदा हुँदै- "ल बुहारी, तिमी केही समयसम्म आफ्नो जन्मघर जाऊ, छोरो यही रहन्च । त्यो बिचमा हाम्रो घर के कस्तो हुन्च ? यो घर राम्रै हुन्च कि तिमी छँदा जस्तै हुन्च ? केही समय माइत गएर बस त्यसपछि लिन आउँला" भनेर भन्नुभयो अरे । उनलाई घरपरिवारले माइत लएर छोड्दिए ।

घरपरिवार किन सप्रन्थ्यो ? सप्रिएन अरे- "छोड्दे छोरा, त्यसको पछि लार हिन्नी होइन, अर्को विवाह गरम्" भनेर केटीलाई थाहा नदिइकन अर्को विवाह गराइदिनुभयो । अर्को विवाह गरेर ल्याउँदाखेरि पनि जस्तो अगाडि भएको थियो त्यस्तै घटना दोहोरियो । घरका सप्पैले भन्न थाले- "तेरो बिया त स्यालकै बियाको चाल भयो । यो ल्यार पनि भएन, त्यो ल्यार पनि भएन । तैं नै उस्तै रैचस्" भनेर छोरालाई लखेट्नुभयो अरे । आखिरीमा त्यो पहिला विवाह गरेको केटीलाई जसरी माइती घर पठाउनुभाथ्यो त्यसरी "तैं नै उस्तो रैचस् । केटीको कुनै गल्ती छैन । तेरो विवाह स्यालको विवाहजस्तो भयो" भनेर छोरालाई

घरबाट निकाल्दिनुभयो अरे । त्यसलाई घरबाट निकाल्दिएपछि सन्तान त निरै भयो । छोरो निस्किेर गएपछि त्यो घर निःसन्तान भएरै गयो ।

भन्नीलाई फूलको माला

सुन्नीलाई सुनको माला ।

स्रोतव्यक्ति - कृष्णमाया पोखेल
उमेर - ४६ वर्ष
ठेगाना- गैँडाकोट नगरपालिका -३, ढोडेनी, नवलपुर
सङ्कलन मिति - २०७७ फागुन १६ गते

## ५४. हिममान्छे

लेकगोठतिर चम्री गोठमा बस्नेले चम्री चराउने र भैँडाको गोठमा बस्नेले भैँडा चराउने अनि बेल्का भएपछि गोठमा आएर सबै वस्तुहरूलाई थान्कोमन्को गर्छन् । बेल्काखेर खानासाना पकायो । लेकमा धेरै जाडो हुने भएकाले दाउराको आगो फुकेर आगो ताप्दा अलिकति घिउ हातमा लिएर हात सेकाउनी गर्ने रैछन् । एकपटक आगो तापेर बसिराखेको बेलामा थाही नपाउने गरेर पछाडिबाट एउटा लामो हातले घिउ थापेको रैछ । मान्छे बसिरहेको ठाउँमा अर्को एउटा छुट्टै हात घिउ थाप्न आउँदाखेरि त्यो गोठालोचाहिँ झस्केछ- “यो के रैछ ?” भनेर यसो हात हेरेको त रौँवै रौँ भएको पुरै, त्यो त रौँ भएको हात पो रैछ । ऊ डराएर केही भन्नै सकेन । भोलिपल्ट पनि “त्यही मान्छे आउँला कि ?” भनेर अरू मान्छेहरूलाई पनि घटनाका बारेमा सुनाएको रैछ ।

उनीहरूले के भनेका रैछन् भने- “त्यो मान्छे आयो भने तिम्ले यो घिउको सट्टामा सल्लाको खोटो दिनू” भनेका रैछन् । उसले सल्लाको खोटो तयार गरेर राखेको रैछ । भोलिपल्ट साँझतिर आगो तापिरहेको बेलामा रौँवै रौँ भएको मान्छेचाहिँ फेरि हात थाप्न आइपुगेको रैछ । पछाडितिर यसो फर्केर हेरको त जम्मै रौँ भएको मान्छे पो त्यहाँ देखिएछ । उल्ले पनि त्यसलाई सल्लाको खोटो दिएछ । त्यसले घिउ जसरी पुरै आफ्नो शरीरमा खोटो दलेछ । त्यही बेलामा उल्ले आगोको अगुल्टो निकालेर त्यसलाई झोसिदिएको रहेछ, खोटामा त आगो लागिहाल्यो । उसको शरीर आगैआगो भएर पुरै जलेछ अरे । त्यस दिन “त्यो मान्छे को होला ? के होला ?” भन्ने कुरा भयो । बेलाबेलामा हिममान्छेहरू त्यस्तै गरेर आउँछन् भन्ने कुरा पनि चर्चा भएछ । त्यो खोटो दलेर आगो झोस्देको दिनदेखि त्यो मान्छे त्यहाँ देखा पर्न नै छोडेछ ।

स्रोतव्यक्ति - वीरेन्द्र हिराचन
उमेर - ७० वर्ष
ठेगाना- घरपझोङ गाउँपालिका - २, मार्फा, मुस्ताङ
सङ्कलन मिति - २०७७ चैत १४ गते

## परिशिष्ट (ख)

# गण्डकी प्रदेशमा प्रचलित नेपाली लोककथाका स्रोतव्यक्तिहरूको सूची

गण्डकी प्रदेशका निर्धारित स्थानबाट सङ्कलित लोककथा र तिनका स्रोतव्यक्तिहरूको सूची क्रमशः जिल्लाको नामको वर्णानुक्रम र ती प्रत्येक जिल्लाअन्तर्गत स्रोतव्यक्तिहरूको नामको वर्णानुक्रम तथा ती प्रत्येक व्यक्तिबाट प्राप्त कथाका शीर्षकको वर्णानुक्रममा निम्नानुसार राखिएको छ :

| क्र.सं. | स्रोतव्यक्तिको नाम | लिङ्ग | उमेर | स्थायी ठेगाना | लोककथाका शीर्षक | सङ्कलन मिति |
|---|---|---|---|---|---|---|
| **कास्की** | | | | | | |
| १. | एकप्रसाद गुरुङ | पु. | ५५ | मादी गापा. - १, सिक्लेस | भाइमारा | २०७७।१२।०६ |
| २. | धर्मसिंह गर्न्धव | पु. | ८४ | पोमपा. - ३२, गगनगौँडा | अल्छी<br>भोटी माछो | २०७५।०८।२५ |
| ३. | पूर्णबहादुर गुरुङ | पु. | ८४ | मादी गापा. - १, सिक्लेस | स्याल | २०७७।१२।०६ |
| ४. | मनमाया गुरुङ | म. | ७१ | मादी गापा - १, सिक्लेस | घमन्डी खरायो | २०७७।१२।०७ |
| ५. | माधवप्रसाद पौडेल | पु. | ६२ | पोमपा. - १९, पुरनचौर | बालन<br>भक्त<br>संसार | २०७५।०८।२७ |
| ६. | मेनुका गौतम | म. | ७५ | पोमपा. - १९, पुरनचौर | जीवनदाता<br>दिदी र बहिनी | २०७५।०८।२७ |
| ७. | शान्तिमाया गायक | म. | ५९ | पोमपा. - ३२, गगनगौँडा | आमा र बच्चा<br>गँगटो | २०७५।०८।२६ |
| ८. | शालिकराम आचार्य | पु. | ७४ | पोमपा. - १९, पुरनचौर | काम<br>पुण्यशिला<br>मूर्ख पण्डित | २०७५।०८।२७ |
| ९. | शालिकराम गौतम | पु. | ५१ | पोमपा. - ३०, शिशुवा | खरानीको डोरी<br>जुक्ति<br>दाहिने बङ्गारो | २०७५।०८।२८ |
| **गोरखा** | | | | | | |
| १०. | उमेशराज पाण्डे | पु. | ६५ | पालुङ्टार नपा. - १, खोप्लाङ | काल<br>कालु र भेडा<br>ठुलो के हो ?<br>भावी | २०७७।०९।१८ |
| ११. | चन्द्रबहादुर कुमाल | पु. | ७३ | गोरखा नपा.- ३, बेनीखोला | भूतको कथा | २०७७।०९।१७ |
| १२. | धर्मबहादुर कुमाल | पु. | ७४ | गोरखा नपा.- ३, बेनीखोला | पिनाशको कथा | २०७७।०९।१७ |
| १३. | नारायणबहादुर कुमाल | पु. | ७७ | गोरखा नपा. - ३, घलाङ | किचकन्या<br>डुङ्गा<br>भूत | २०७७।०९।१६ |
| १४. | पुरुषोत्तम अर्याल | पु. | ६३ | गोरखा नपा. - ६, | गोरखनाथ | २०७७।०९।१३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | दरबारमार्ग | दहीको कथा<br>धुँवा बिर्ता<br>पृथ्वीनारायण शाह<br>बिसे नगर्ची<br>भुते बिरौटो | |
| १५. | प्रदीपनाथ योगी | पु. | ७३ | गोरखा नपा. - ६, दरबारमार्ग | ददीवर | २०७७०९।१४ |
| १६. | शान्ता बस्नेत (कडरिया) | म. | ५० | गोरखा नपा.- ३, बेनीखोला | किसान | २०७७०९।१६ |
| **तनहुँ** | | | | | | |
| १७. | गोबर्धन भट्टराई | पु. | ७० | बन्दीपुर गापा. - ४, तीनधारा | जिज्ञासा<br>मौका<br>मौकामा हिरा फोर्नु | २०७७०९।२३ |
| १८. | जमुना गैर | म. | ७५ | देवघाट गापा. - ५, देवपुर | आत्मा<br>हेला | २०७७०९।२८ |
| १९. | नबराज पाण्डे | पु. | ५६ | देवघाट गापा. - ५, हरिहर | केही केही<br>सुनका असर्फी | २०७७०९।२८ |
| २०. | मणिकुमार प्रधान | पु. | ७८ | बन्दिपुर गापा. - २, चलिन्चा | ढपाडी खोला<br>पचभैया<br>वृत्रासुर राक्षस | २०७७०९।२६ |
| २१. | मानबहादुर दरै | पु. | ५० | व्यास नपा. - १०, दुम्सी | चोर<br>माछा | २०७७०९।२७ |
| २२. | लरिमाया दरै | म. | ५४ | व्यास नपा. - १०, दुम्सी | एक चिलिम तमाखु | २०७७०९।२७ |
| २३. | वामदेव भट्टराई | पु. | ६८ | बन्दीपुर गापा. - ४, तीनधारा | बुबा र छोरा<br>वीरबल र अकबर | २०७७०९।२४ |
| २४. | हरिलाल सापकोटा | पु. | ६६ | देवघाट गापा.- ५, देवपुर | बुद्धिमान बा | २०७७०९।२८ |
| **नवलपुर** | | | | | | |
| २५. | अम्बिका अधिकारी | म. | ४४ | गैंडाकोट नपा. - ४, शिवालय | दाजु र बहिनी | २०७७११।१४ |
| २६. | ईश्वरीनाथ रिमाल | पु. | ७० | गैंडाकोट नपा. - ४, झपर्दी | गरिब<br>प्रश्न<br>राजा जनक<br>लठ्यौरा<br>विलासी राजा | २०७७११।१५ |
| २७. | कृष्णमाया पोखरेल | म. | ४६ | गैंडाकोट नपा. - ३, ढोडेनी | स्यालको बिहे | २०७७११।१६ |
| २८. | जयन्ती वाग्ले | म. | ६७ | गैंडाकोट नपा. - ४, कालीगण्डकी | बुढो | २०७७११।१७ |
| २९. | टेकबहादुर गुरुङ | पु. | ७२ | गैंडाकोट नपा. - ४, खयरटारी | आमा र छोरा<br>टीका<br>लोभी बुढाबुढी | २०७७११।१५ |
| ३०. | भीमबहादुर | पु. | ६२ | देवचुली नपा. - | हितु र | २०७७११।१८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | महतो | | | १७, छिपेनी | हसाउतकाना | |
| ३१. | लीलाधर वाग्ले | पु. | ७२ | गैँडाकोट नपा. - ४, कालीगण्डकी | गोही र बाँदर दु:ख र सुख | २०७७।११।१७ |
| ३२. | विष्णुप्रसाद रिमाल | पु. | ७४ | गैँडाकोट नपा. - ३, ढोडेनी | एकता सौतेनी आमा | २०७७।११।१६ |
| ३३. | शिखाराम महतो | पु. | ८७ | देवचुली नपा. - १७, छिपेनी | बाठो बुधलागर कुँवर | २०७७।११।१८ |
| **पर्वत** | | | | | | |
| ३४. | अमृतप्रसाद सुवेदी | पु. | ५८ | महाशिला गापा. - ४, पाखापानी | महाशिला | २०७७।१०।२६ |
| ३५. | कमलप्रसाद काफ्ले | पु. | ३६ | पैंयु गापा. - ४, हातेमालो | काफ्ले पाठो | २०७७।१०।३० |
| ३६. | टीकाराम अधिकारी | पु. | ६० | महाशिला गापा. - ५, लुड्खु | गंगाधर गुफा | २०७७।१०।२७ |
| ३७. | टीकाराम पौडेल | पु. | ७० | महाशिला गापा. - ४, पाखापानी | आयु वृद्धि सेवा नै धर्म | २०७७।१०।२६ |
| ३८. | तुलसी अधिकारी | म. | ५३ | महाशिला गापा. - ५, लुड्खु | कालजित छट्टु जङ्गलको राजा राजकुमार दिक्पाल सुनाइ | २०७७।१०।२७ |
| ३९. | मोतीलाल न्यौपाने | पु. | ५५ | पैंयु गापा. - ४, हटिया | धर्म र पाप | २०७७।१०।२५ |
| ४०. | लक्ष्मी शर्मा | म. | ४७ | महाशिला गापा. - ५, लुड्खु | अर्ती-उपदेश | २०७७।१०।२९ |
| ४१. | ललितप्रताप सेन | पु. | ६३ | पैंयु गापा. - ४, धर्मपानी | चारपाला राज्य | २०७७।१०।२४ |
| ४२. | शुभबहादुर केसी | पु. | ६० | महाशिला गापा. - ४, दारेगौंडा | नायक साहेब भाग्यमानी | २०७७।१०।२६ |
| **मुस्ताङ** | | | | | | |
| ४३. | चन्द्रबहादुर थकाली | पु. | ६८ | घरपझोङ गापा. - ४, जोमसोम | खछ्यो झोङ दरबार | २०७७।१२।१७ |
| ४४. | छिरिङदावा गुरुङ | पु. | १९ | बाह्रगाउँ मुक्तिक्षेत्र गापा. - ४, कागबेनी | महाँकाल | २०७७।१२।२० |
| ४५. | बालकृष्ण सुवेदी | पु. | ५० | सिपारी गापा. - ६, रूपन्देही | कागबेनी दामोदर कुण्ड मुक्तिनाथ शालिग्राम | २०७७।१२।२२ |
| ४६. | वीरेन्द्रकुमार हिराचन | पु. | ७० | घरपझोङ गापा. - २, मार्फा | किचकन्या फागूपूर्णिमा हिममान्छे | २०७७।१२।१४ |
| ४७. | हिराबहादुर ठकुरी | पु. | ६५ | बाह्रगाउँ मुक्तिक्षेत्र गापा. - १, | मुक्तिक्षेत्र | २०७७।१२।१९ |


| | | | | | | |
|---|---|---|---|---|---|---|
| | वाङ्गेलामा | | | मुक्तिनाथ | | |
| ४८. | हिरालाल थकाली | पु. | ५२ | घरपझोङ गापा. - ५, ठिनी | कुछब तेरङा लामाको खप्पर | २०७७।१२।१५ |
| ४९. | शिवप्रसाद थकाली | पु. | ५९ | घरपझोङ गापा. - ३, स्याङ | बुद्धत्व | २०७७।१२।१५ |
| **लमजुङ** | | | | | | |
| ५०. | इन्द्रबहादुर राउत | पु. | ५९ | बेसीसहर नपा. - १०, राउतथोक | अकलामाई | २०७७।१०।०२ |
| ५१. | दुर्गाबहादुर थापा | पु. | ८२ | बेसीसहर नपा. - ७, सुयालथोक | वीरबल र अकबर (क)<br>वीरबल र अकबर (ख)<br>विचार महान् सत्य कर्म | २०७७।१०।०५ |
| ५२. | यमबहादुर थापा | पु. | ६९ | बेसीसहर नपा. - ७, सुयालथोक | निसाफ | २०७७।१०।०६ |
| ५३. | वसन्त अधिकारी | पु. | ५४ | बेसीसहर नपा. - ७, सातबिसे | आफैँलाई बिर्सदा हार | २०७७।१०।०३ |
| ५४. | विष्णुबहादुर गुरुङ | पु. | ६७ | सुन्दरबजार नपा. - ९, भोटेओडार | आमाको माया चलाख साने | २०७७।१०।०७ |
| ५५. | सन्तबहादुर घिमिरे | पु. | ८१ | बेसीसहर नपा. - ७, सुयालथोक | मान्छे नमर्ने घर-हुँदैन !<br>रिस | २०७७।१०।०६ |
| ५६. | सीता पौडेल | म. | ५९ | बेसीसहर नपा. - ७, भलुवाटार | मसानघाट | २०७७।१०।०३ |
| ५७. | हरिप्रसाद अधिकारी | पु. | ६४ | चन्द्रेश्वर गापा. - ३, दुराडाँडा | लाटोकोसेरो र हात्ती<br>सासु र बुहारी<br>सिकारी र बाघ | २०७७।१०।०४ |
| **स्याङ्जा** | | | | | | |
| ५८. | अनन्तराज अर्याल | पु. | ५४ | वालिङ नपा. - १४, तमादी | सम्पत्ति<br>सुधार | २०७६।०६।०१ |
| ५९. | कृष्णप्रसाद अर्याल | पु. | ७५ | पुतलीबजार नपा. - १०, नारानगढ | अग्लो भूत<br>चतुर<br>ज्ञानी बाघ<br>दोष<br>फट्याङ्ग्रे<br>बदला<br>मूर्ख विद्वान् | २०७७।०३।०७ |
| ६०. | खेमकर्ण डुम्रे | पु. | ५५ | वालिङ नपा. - १४, वैरे | भ्यागुता र हात्ती | २०७६।०६।०३ |
| ६१. | गोबर्धन श्रेष्ठ | पु. | ७१ | पुतलीबजार नपा. - १, स्याङ्जा बजार | हिर्काबे र गुर्काबे | २०७७।०२।१० |
| ६२. | जुनाकली छेत्री | म. | ७० | फेदिखोला गापा. - | राक्षसभूत | २०७७।०३।१२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | ४, मट्टीखान | | |
| ६३. | धर्मराज मरासिनी | पु. | ८४ | पुतलीबजार नपा. - ३, तिलाहार | ऋषिपञ्चमी<br>ध्यान<br>बलभन्दा बुद्धि ठुलो<br>भाग्य | २०७७।०३।१८ |
| ६४. | निलकुमारी शर्मा | म. | ६४ | पुतलीबजार नपा. - ३, गुडिखोला | अपमान<br>ऋण<br>सराद | २०७७।०२।०६ |
| ६५. | प्रेम सुवेदी | पु. | ४५ | वालिङ नपा - १०, पिडीखोला | कुरौटे | २०७६।०६।०४ |
| ६६. | बोधराज रेग्मी | पु. | ६४ | पुतलीबजार नपा. - ५, सिम्ले | लामाको शक्ति | २०७७।०२।१६ |
| ६७. | मिना पौडेल | म. | ४० | अर्जुनचौपारी गापा. - १, ढाँडा | ज्ञान<br>भान | २०७७।०३।११ |
| ६८. | विश्वप्रेम अधिकारी | पु. | ७८ | पुतलीबजार नपा. - १२, राङखोला | इन्कार<br>दाम्पत्य जीवन | २०७७।०३।०८ |
| ६९. | सावित्री शर्मा | म. | ६५ | पुतलीबजार नापा. - ३, गुडिखोला | मुक्ति<br>लोभको परिणाम | २०७७।०२।१३ |

## परिशिष्ट (ग)

# लोककथा सङ्कलनका लागि निर्धारित अध्ययन क्षेत्रको नक्सा

प्रस्तुत शोधका निम्ति लोककथा सङ्कलनका लागि निर्धारित अध्ययन क्षेत्रको नक्सा यसप्रकार रहेको छ :




● लोककथा सङ्कलन गरिएका क्षेत्रहरू

स्रोत : नापी विभाग, २०७९

## सन्दर्भ सामग्रीसूची


अधिकारी, विश्वप्रेम (२०५९), *आँधीखोले लोकसाहित्य : प्रस्तुति र विश्लेषण,* स्याङ्जा : विजयकुमार अधिकारी ।

अमोघसिद्धि, (२०६४), *सम्मोहन विज्ञान* (भाग-१), काठमाडौँ : सुवि प्रकाशन प्रा. लि. ।

आचार्य, गोविन्द (२०६२), *लोकगीतको विश्लेषण,* काठमाडौँ : पैरवी प्रकाशन ।

आप्टे, वामन शिवराम (सन् १९६६), *संस्कृत-हिन्दी-शब्दकोश,* वारणासी : मोतीलाल बनारसीदास ।

आहूजा, राम र आहूजा, मुकेश (सन् २००८), *समाजशास्त्र विवेचना और परिप्रेक्ष्य,* जयपुर : रावत पब्लिकेसन्स ।

उपाध्याय, कृष्णदेव (सन् १९५७), *लोक-साहित्य की भूमिका,* इलाहाबाद : साहित्यभवन प्रा. लि. । https://archive.org/details/in.ernet.dli.2015.400359

उपाध्याय, कृष्णदेव (सन् १९९१), *भारतीय लोक-विश्वास,* इलाहाबाद : हिन्दुस्तानी एकेडेमी । https://archive.org/details/in.ernet.dli.2015.481171/page/n409/mode/2up

उपाध्याय, कृष्णदेव (सन् २००९), *लोक-संस्कृतिकी रूपरेखा,* इलाहाबाद : लोकभारती प्रकाशन ।

उपाध्याय, वासुदेव (२०७२, साउन), 'सांस्कृतिक समन्वयको प्रतीक लामा-विष्णु : एक अध्ययन', *मिलनबिन्दु,* काठमाडौँ : नेपाल संस्कृत विश्वविद्यालय, राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र, ३(३), पृ. ७७-८१ ।

कैनी, प्रभादेवी (२०७०), 'दराईजातिको सामाजिक संस्कार', *नेपालका जातीय संस्कार* (खण्ड एक), प्रेम खत्री (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. १६३-१८२ ।

कोइराला, कुलप्रसाद (२०५६), *नेपाली र मैथिली भाषाका उखानहरूको तुलनात्मक अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय ।

क्षेत्री, नारायणप्रसाद (२०४४), *मुस्ताङ दिग्दर्शन,* काठमाडौँ : साझा प्रकाशन ।

खतिवडा, सोमप्रसाद (२०७४), *नेपाली संस्कृति विश्वकोश,* काठमाडौँ : जनता प्रसारण तथा प्रकाशन लिमिटेड ।

खत्री, प्रेम (२०७२), *नेपालका जातीय संस्कारहरू* (भाग-३), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

खत्री, प्रेम (२०७५), 'लोक उपचार पद्धतिभित्रको दर्शन', *नेपाली लोकवार्ता* (भाग-५), मधुसूदन गिरी ( सम्पा.), काठमाडौँ : नेपाली लोकवार्ता परिषद्, पृ. ३९३-३९७ ।

खत्री, प्रेम (२०७७), 'विश्वसंस्कृतिमा नागपूजा परम्परा र नेपालको सन्दर्भ', *नेपाली लोकवार्ता* (भाग-९), बमकुमारी बुढा मगर (सम्पा.), काठमाडौँ : नेपाली लोकवार्ता परिषद्, पृ. १६७-१७३ ।

खप्तडबाबा (२०६९), *नारीधर्म तथा पुरुषधर्म,* काठमाडौँ : खप्तड आश्रम ।

खरेल, मोहन (२०७६), *चेतनाको संसार र पुनर्जन्म,* देवेन्द्र गौतम (अनु.), काठमाडौँ : मधुवन प्रकाशन ।

गिरी, शीतल (२०७३), 'तन्त्र साधना', *ज्ञानबिन्दु,* काठमाडौँ : दण्डपाणि अर्ज्याल स्मृतिकेन्द्र, १०(१०). पृ. १०-१३ ।

गिरी, शीतल (२०७७), 'लोकविश्वासमा टुनामुना र मोहिनी', *नेपाली लोकवार्ता* (भाग-७), ध्रुवप्रसाद भट्टराई (सम्पा.), काठमाडौँ : लोकवार्ता परिषद् नेपाल, पृ. ४७५-४८० ।

गुरुङ, जगमान (२०६१), *नेपालको राष्ट्रिय समीकरणको परिप्रेक्ष्यमा गण्डकीप्रस्रवणक्षेत्रका तीर्थस्थलहरूको विश्लेषणात्मक अध्ययन,* काठमाडौँ : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

गुरुङ, जगमान (२०६७), *गण्डकीप्रस्रवण क्षेत्रको सांस्कृतिक सम्पदा,* काठमाडौँ : पश्चिमाञ्चल विकास मञ्च ।

गुरुङ, जगमान (सन् २०१८), 'जनजातिले रातो टीका नलाउनु संस्कृतिको अपव्याख्या', *तितोपाटी डटकम,* Retrieved Augest 8, 2020 From https://titopati.com/2018/10/18/7261/

गुरुङ, सावित्री, थकाली, छिरिङ प्रसाद र थकाली, राम बहादुर (२०६८), *ह्यूल्कोसोमपेम्ही तीन गाउँले थकाली जातिको चिनारी,* ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

गौतम, कुलचन्द्र (सम्पा.) (२०७७), *अमरकोश* (दोस्रो संस्क.), (मू.ले.अमरसिंह), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गौतम, रामचन्द्र (२०७१), 'गर्भाधानदेखि मृत्युसम्मका संस्कारको सन्दर्भमा सामाजिक सुधार र सांस्कृतिक रूपान्तरणको प्रश्न', *संस्कार,* खगेन्द्र संग्रौला (सम्पा.), काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि., पृ. १३१-१४५ ।

घर्ती, दुर्गाबहादुर (२०६७), *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान,* ललितपुर : साझा प्रकाशन ।

छोटा, प्रेम (२०७०), *धवलागिरिको सांस्कृतिक सम्पदा,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

जोशी, रामप्रसाद (२०६८), *हिन्दु संस्कृतिमा षोडश संस्कारको महत्त्व र यसको वैज्ञानिक पक्ष,* काठमाडौँ : निर्मला जोशी ।

जोशी, सत्यमोहन (२०३५), 'केही नेपाली लोक-देउताहरूको भूमिका', *नेपाली लोक-संस्कृति-संगोष्ठी,* तुलसी दिवस (सम्पा.), काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, पृ. १२७- १३३ ।

जोशी, सत्यमोहन (२०३९), *नेपाली चाडपर्व,* काठमाडौँ : साझा प्रकाशन ।

ज्ञवाली, हिरण्यलाल (२०७१), 'लुम्बिनी अञ्चलका लोकगीत र लोकमन्त्र', *नेपाली लोकवार्ता* (भाग-१), जयराज पन्त (सम्पा.), काठमाडौँ : भृकुटी एकेडेमी पब्लिकेसन्स, पृ. ५५७-५७० ।

ढकाल, प्रमोद (२०७६), *पूर्वीय दर्शनको पुनर्व्याख्या,* काठमाडौँ : बिग फ्यामिलि भेन्चर्स् ।

ढकाल, बद्रीप्रसाद (२०७८), *कुलपूजा संस्कृति र परम्परा,* काठमाडौँ : ओरिएन्टल प्रकाशन गृह ।

ढकाल, बद्रीप्रसाद (२०८०), *संस्कृतिमा के छ ?,* काठमाडौँ : अनुसन्धान विमर्श नेपाल ।

ढुङ्गाना, कुलप्रसाद (२०६८), *नेपाली लोकसाहित्य सिद्धान्त र प्रयोग,* काठमाडौँ : सुकुन्दा पुस्तक भवन ।

ढुङ्गाना, शारदा (२०७३), *गण्डकी अञ्चलका लोककथाको लोकतात्त्विक अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय ।

त्रिपाठी, वासुदेव (२०२६), 'लोककथाका मूल्यहरूलाई औँल्याउन खोज्दा', *हाम्रो संस्कृति,* काठमाडौँ : श्री ५ को सरकार सूचना तथा प्रसार मन्त्रालय, संस्कृति विभाग, ३(३), पृ. २७-३१ ।

दास, पार्थसार्थ रामानुज (२०७६), *वेदाङ्ग तन्त्र-मन्त्र-जन्त्र,* (दोस्रो संस्क.), काठमाडौँ : पार्थसार्थ रामानुज दास ।

दाहाल, कमला (२०७३), 'मारवाडी जातिका सामाजिक संस्कार', *नेपालका जातीय सामाजिक संस्कार* (खण्ड चार), प्रेम खत्री (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. २५८-२७५ ।

दिवस, तुलसी (२०३३), *नेपाली लोककथा : केही अध्ययन,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

दिवस, तुलसी (२०३५), 'परी तथा अप्सराका नेपाली लोककथाहरू', *नेपाली लोक-संस्कृति-संगोष्ठी,* तुलसी दिवस (सम्पा.), काठमाडौँ : नेपाली राजकीय प्रज्ञा-प्रतिष्ठान ।

दिवस, तुलसी (२०३६), *धिमाल लोकधर्म र संस्कृति,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

दिवस, तुलसी (२०७७), *नेपाली लोककथा : केही अध्ययन,* काठमाडौँ : बुक-हिल पब्लिकेसन ।

दीप, धुव्रकृष्ण (२०५२), *हाम्रो संस्कृति : हाम्रो ढुकुटी,* काठमाडौँ : साझा प्रकाशन ।

द्विवेदी, वीरेन्द्रनाथ (सन् १९९१), *आधुनिक हिन्दी कवितामे लोकतत्त्व,* कानपुर : विद्या प्रकाशन ।

धर्म महारस (२०६५), *गतिशील चिकित्सा विज्ञान,* काठमाडौँ : ऋषिमुनि सेवाश्रम ।

नाथ, वासुदेव (२०७४), 'के हो नाथ परम्परा ? नाथ परम्पराको परिचय', *न्युज कोसेली डटकम,* Retrieved September 25, 2021, From http://newskoseli.com/archives/42393

नेपाल सरकार (२०७४), *मुलुकी अपराध संहिता ऐन,* काठमाडौँ : नेपाल कानून आयोग ।

न्यौपाने, कृष्णप्रसाद (२०७५), 'तन्त्रमन्त्र र लोक उपचार', *प्रज्ञा लोकवार्ता विवेचना,* भवेश्वर पंगेनी (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. ८२-९८ ।

न्यौपाने, गोविन्द (२०७३), 'मितेरी साइनोको मूल्य', *अन्नपूर्ण पोष्ट* Retrieved October 7, 2021 From https://annapurnapost.com/news/58672

पन्त, कालीभक्त (२०२८), *हाम्रो सांस्कृतिक इतिहास,* काठमाडौँ : लेखक स्वयम् ।

पन्थी, लक्ष्मीकान्त (२०७३), *हिन्दु संस्कार परिचय र विमर्श,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

पराजुली, उत्तरकुमार (२०७५), *लोकविश्वास* (तेस्रो संस्क.), काठमाडौँ : डिकुरा पब्लिकेसन ।

पराजुली, मोतीलाल (२०५४), *नेपाली लोककथाका अभिप्रायहरूको अध्ययन,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय ।

पराजुली, मोतीलाल (२०७१), *नेपाली लोककथा : सिद्धान्त र विश्लेषण,* काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

पराजुली, मोतीलाल र गिरी, जीवेन्द्रदेव (२०६८), *नेपाली लोक साहित्यको रूपरेखा,* काठमाडौँ : साझा प्रकाशन ।

पाठक, टी.आर. (२०७५), 'गौ : महिमा, *जनसरोकार पोष्ट*', Retrieved December 19, 2021 From https://www.janasarokarpost.com/news-details/961/index.php

पाठक, पी.डी. (सन् १९७५), *शिक्षा मनोविज्ञान,* आगरा : विनोद पुस्तक मन्दिर । https://ia601502.us.archive.org/31/items/in.ernet.dli.2015.481573/2015.48153.education-psychology_text.pdf

पाण्डे, बिन्दा (२०७६), 'अंशमा छोरीको हक' *गोरखापत्र,* Retrieved April 28, 2023 From https://beta.gorkhapatraonline.com/opinion/2020-02-13-8613

पाण्डेय, राजबली (सम्पा.) (सन् १९७८), *हिन्दु धर्मकोश,* लखनऊ : उत्तर प्रदेश हिन्दी संस्थान ।

पोखरेल, विनोद (२०७०), ब्राह्मणजातिको संस्कारपद्धति. *नेपालका जातीय संस्कार* (खण्ड एक), प्रेम खत्री (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. २१०-२३० ।

पौडेल, द्रोणकुमार (२०७४), *लोकवार्ता सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौँ : नेपाल प्रज्ञा- प्रतिष्ठान ।

पौड्याल, वीणा (२०६७), *वेदपुराणका केही रत्नहरू* (दोस्रो भाग), काठमाडौँ : साझा प्रकाशन ।

पौड्याल, षडानन्द (२०७८), *नेपाली लोकविश्वास,* काडमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

प्रभात, विष्णु (२०७४), *प्रज्ञा संस्कृति कोश,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

बन, ज्योतिलाल (२०७३), 'दशनामी सन्न्यास कर्मको विकास र संस्कार', *नेपालका जातीय सामाजिक संस्कार* (खण्ड चार), प्रेम खत्री (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. १३६-१६६ ।

बन्धु, चूडामणि (२०५८), *नेपाली लोकसाहित्य,* काठमाडौँ : एकता बुक्स ।

बराल, कृष्णहरि (२०६८), *मनोविश्लेषण र साहित्य,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा. लि. ।

बुढामगर, हर्षबहादुर (२०७०), *'मगरहरूका सामाजिक संस्कार',* नेपालका जातीय संस्कार (खण्ड एक), प्रेम खत्री, (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. २३१-२५८ ।

*बृहत् स्वस्थानी-व्रत-कथा* (२०५८), वाराणसी : दुर्गा साहित्य भण्डार ।

भट्ट (उपाध्याय), विद्यानाथ (२०६२), *तन्त्रविद्यालोक.* काठमाडौँ : अन्नपूर्णा उपाध्याय, भट्ट ।

भट्टराई, उद्धवप्रसाद (२०७५), 'जीवनको उच्चतम् चिन्तन योग', *अमूर्त संस्कृति,* काठमाडौँ : नेपाल सरकार संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, २(२), पृ. ५३-५७ ।

भट्टराई, केशवप्रसाद (२०७५), 'यस कारण हिन्दु राष्ट्र र हिन्दु राजा !', *देशसञ्चार,* Retrieved March 27, 2022, From https://deshsanchar.com/2018/12/06/130358/

भट्टराई, घटराज (२०६७), *नेपालका धार्मिक स्थलहरू,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, ध्रुवप्रसाद (सम्पा.) (२०७९), *नेपाली लोकवार्ताकोश,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भट्टराई, भरतकुमार (२०७७), 'मुनामदनमा लोकतत्त्व', *नेपाली लोकवार्ता* (भाग-८), भक्त राई ( सम्पा.), काठमाडौँ : लोकवार्ता परिषद् नेपाल, पृ. २३३-२३८ ।

भट्टराई, लोककृष्ण (२०७३), *नेपाली सभ्यता : विगत र वर्तमान लोकतान्त्रिक आन्दोलन र विकास मोडल,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

महर्जन, कर्णबहादुर (२०७०), 'कीर्तिपुर भेकका ज्यापू जातिका सामाजिक संस्कार', *नेपालका जातीय संस्कार* (खण्ड एक), प्रेम खत्री (सम्पा.), काडमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान. पृ. १५-४४ ।

मित्तल, महेन्द्र, (सम्पा.) (१९९९), *चाणक्य नीति,* (मू.ले. आचार्य चाणक्य), दिल्ली : राजा पाँकेट बुक्स ।

मुकर्जी, रवीन्द्रनाथ (सन् १९६१), *सामाजिक मानवशास्त्र की रूपरेखा,* मसूरी : सरस्वती सदन । https://archive.org/details/in.ernet.dli.2015.403989

मुकर्जी, रवीन्द्रनाथ (सन् १९८८), *सामाजिक मनोविज्ञान की रूपरेखा,* इलाहाबाद : किताब महल । https://archive.org/details/in.ernet.dli.2015.403916

मुकारुङ, बुलु (२०७३), *लोपोन्मुख लाप्चा जातिको सांस्कृतिक अध्ययन,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

मेचे, सन्तलाल (२०७०), 'मेचे जातिको संस्कार परिचय', *नेपालका जातीय संस्कार* (खण्ड एक), प्रेम खत्री (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, पृ. २५९-२८२ ।

युनेस्को (सन् २००३), *अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि.* राम प्रसाद भट्टराई ( अनु.), काठमाडौँ : युनेस्को ।

राई, भक्त (२०७४). *पूर्वीय दर्शन.* काठमाडौँ : नेपाल प्राज्ञिक अनुसन्धान केन्द्र ।

राजवंशी, दीपककुमार (२०७०), 'राजवंशी जातिका सामाजिक संस्कारहरू', *नेपालका जातीय संस्कार* ( खण्ड एक), प्रेम खत्री (सम्पा.), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान. पृ. २८३-३११ ।

रेग्मी, मुरारीप्रसाद (२०४०), *मनोविश्लेषणात्मक समालोचना,* (उपन्यास खण्ड), काठमाडौँ : साझा प्रकाशन ।

लामिछाने, कपिलदेव (२०७१, असार), 'भानुभक्तको रामायणमा लोकतत्त्व' *भानु मासिक,* ५०(१७५), पृ. ७९-९५ ।

लामिछाने, कपिलदेव (२०७७), *लोकसाहित्य सिद्धान्त,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लामिछाने, माधवप्रसाद (२०७३), *नेपाली समाजमा तन्त्रपरम्परा,* काठमाडौँ : नेपाल प्रज्ञा- प्रतिष्ठान ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६८), *लोकसाहित्य परिचय,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

वल्लभ, चैतन्यदास (२०७४), बलिप्रथा वास्तवमा के हो त ?, *भ्वाइस अफ नेपाल,* Retrieved September 9, 2021 From https://www.voiceofnepal.tv/2017/09/3201

वशिष्ठ, गौरीशङ्कर (सम्पा.) (२०६६), *गरुड पुराणम्.* वाराणसी : दुर्गा साहित्य भण्डार ।

विष्ट, डोरबहादुर (२०३०), *सबै जातको फूलबारी,* काठमाडौँ : साझा प्रकाशन ।

शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज : एक अध्ययन,* ललितपुर : साझा प्रकाशन ।

शर्मा, जनकलाल (२०७५), *हाम्रो समाज : एक अध्ययन,* (पाँचौँ संस्क.), काठमाडौँ : मञ्जरी पब्लिकेसन ।

शर्मा, धरणीकान्त देव (सन् २०१६), *कामरूप-कामाख्या,* (पन्ध्रौँ संस्क.), गुवाहाटी : महामाया प्रकाशन ।

शर्मा, मोहनराज (२०५५), *समकालीन समालोचना सिद्धान्त र प्रयोग,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६३), *लोकवार्ताविज्ञान र लोकसाहित्य,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, लीलाधर (सन् २०१३), *भारतीय संस्कृति कोश,* दिल्ली : राजपाल एण्ड सन्स ।

शर्मा, श्रीराम (सन् १९९२), *लोकसाहित्य : सिद्धान्त और प्रयोग,* (तेस्रो संस्क.), आगरा : विनोद पुस्तक मन्दिर ।

शर्मा, हरद्वारी लाल (सन् १९९०), *लोकवार्ता विज्ञान* (खण्ड एक), लखनऊ : उत्तर प्रदेश हिन्दी संस्थान ।

शाह, अविलाल (२०७६), 'लोकोपचारको एउटा साधन लोकमन्त्र : प्रसङ्ग र विधि', *नेपाली लोकवार्ता* ( भाग-६), कुलराज निरौला (सम्पा.), काठमाडौँ : लोकवार्ता परिषद्, पृ. ४९- ६३ ।

श्रेष्ठ, तुलसीमान (२०७१, असार), 'भानुभक्तका कृतित्वमा लोकतत्त्वको अभिव्यक्ति' *भानु मासिक,* ५०( १७५), पृ. ९१-१०८ ।

श्रेष्ठ, दयाराम र शर्मा, मोहनराज (२०३४), *नेपाली साहित्यको संक्षिप्त इतिहास,* ललितपुर : साझा प्रकाशन ।

*सङ्क्षिप्त स्कन्दपुराण* (२०७७), (एकतिसौँ संस्क.) गोरखपुर : गीताप्रेस ।

सत्येन्द्र (सन् १९७१), *लोकसाहित्य विज्ञान,* आगरा : शिवलाल अग्रलाल एण्ड कम्पनी ।

सापकोटा, लीलाप्रसाद (२०७२), *विश्वका प्रमुख धर्म,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

सापकोटा, श्रीदेव (२०४१), *घरेलु ज्योतिष,* काठमाडौँ : सरस्वती सापकोटा ।

सापकोटा, सन्दीप (सम्पा.) (२०७९), *नेपाली धामी-झाँक्री संस्कृति र परम्परागत उपचार पद्धति,* झापा : नेपाल राष्ट्रिय धामी-वैद्य संघ, पृ. ११९-१४६ ।

सिंह, सिके (२०७३), समाजमा दाइजोको त्रास, *नागरिक,* Retrieved April 7, 2023 From https://nagariknews.nagariknetwork.com/opinion/116497 1486961640.html?click_from=trending

सिग्देल, फणिनारायण (२०७०), *निर्णय संग्रह,* लेखनाथ : श्री राधाकृष्ण मन्दिर शान्ति आश्रम ।

सुवेदी, हंसपुरे (२०५५), *नेपाली लोकजीवन र लोकविश्वास,* काठमाडौँ : साझा प्रकाशन ।

स्वामी चन्द्रेश (२०७४), *पतञ्जली योगसूत्र,* काठमाडौँ : बूढानीलकण्ठ आश्रम ।

स्वामी प्रपन्नाचार्य (२०५०), *वेदमा के छ ?,* ललितपुर : साझा प्रकाशन ।

Bennett, G. (1985). *Aspects of Supernatural Belief, Memorate and Legend in Contemporary Urban Environment.* Ph.D Thesis, Department of English Language University of Sheffield. https://etheses.whiterose.ac.uk/1891/

Burne, C. S. (1914). *The Handbook of Folklore*. London : Folk-lore Society, Sidgwich And Jackson.

Degh, L. (2001). *Legend and Belief: Dialectics of a Folklore Genre*. Bloomington and Indianapolis, Indiana University Press.

Dundas, A. (1965). *The Study of Folklore.* Englewood Cliffs N. J. : Prentice-Hall International, INC.

Durkheim, E. (1995). Karen E. Fields (Ed.). *The Elementary Froms of Religious Life.* New York : The Free Press. https://monoskop.org/images/a/a2/Durkheim_Emile_The_Elementary_Forms_of_Religious_life_1995.pdf

Frazer, Sir J. G. (1890). *The Golden Bough. A Study of Magic and Religion.* London : Temple of Earth Publishing. https://www.templeofearth.com/books/goldenbough.pdf

Freud, S. (1955). J. Strachey (Ed.). *The Interpretation of Dreams.* New York : Basic Book. sigmund-freud-the-interpretation-of-dreams-1.pdf

Gilmore, G. W. (1915). *Animism or Thought Currents of Primitive People.* Boston : Morshall Jones Company Mdcccxix.

Hutton, J. H. (1942). Nature and Sources of Folk- Belief. *Folklore.* 53(2). 82-94. https://doi.org/10.1080/0015587X.1942.9718297

Jones, E. (1965). 'Psychoanalysis and Folklore'. Alean D. (Ed.). *The Study of Folklore.* Englewood Cliffs, N. J. : Prentice-Hall. International, INC. Pg. 88-102.

Jung, C. G. (1933). *Morden Man in Search of a Soul.* Kegan Paul, Trench, Trubner & Co. LTD.

Jung, C. G. (1969). *The Archetypes and the Collective Unconscious* (2nd). R.F.C. Hull (trans.). Princeton : Princeton University Press.

Leach, M. (Ed.) (1949). *Standared Dictionary of Folklore, Mythology, Legend*. New York : Funk and Wagnalls Company.

Sever, M. (2011, April). *Religion and Folk Beliefs (Vol-3)*. https://www.researchgate.net/publication/277576568_Religion_and_Folk_Beliefs

Thompson, S. (1946). *The FolkTale*. New York : Dryden Press. http://folkmasa.org/yashpeh/The_Folktale.pdf

Tyalor, E. B. (1871). *Primitive Culture: Researcher into The Development of Mythilogy, Philosophy, Religion, Art and Custom (VOl-1).* London : John Murray, Albemarle Street.

Yoder, D. (1974). Toward a Definition of Folk Religion. *Western Folklore*. *33*(1), 2–15. https://doi.org/10.2307/1498248